
साहित्य-दर्पण

श्रीविश्वनाथ कविराज प्रणीत



कोमलनाथ अधिकारी

श्रीः

श्री विश्वनाथ कविराज प्रणीत

साहित्यदर्पण

(अनुवाद)

अनुवादक
कोमलनाथ




प्रकाशक
रायल नेपाल एकेडमी,
काठमाण्डू, नेपाल ।

मुद्रक
विश्वनाथ भार्गव
मनोहर प्रेस,
जतनवर, वाराणसी ।



श्री ५ महाराजाधिराज, चान्सलर
रायल नेपाल एकेडेमी

श्री:



ROYAL PALACE.
Kathmandu, Nepal
Date- बि. सं. २०१५

हिमवत्खण्डले साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि दिंइ आएको विशेष योग-दानको महत्वलाई सबैले बुझेकै छन् —
ऐतिहासिक कारणहरूले गर्दा त्यस परम्परामा बीचमा पर्ने आएका व्यवधानलाई अब पन्छाएर नेपाल एकेडेमी देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ —
यसको प्रयत्नले देशका आवश्यकताहरूको क्रमशः पूर्ति गर्नेछ, र साथै देशान्तरमा पनि हाम्रो जीवनको परिचय दिनेछ भन्ने आशा गर्दछु —

[signature]

श्री ५ महाराजाधिराज,
चान्सलर,
नेपाल एकेडेमी.


प्रकाशकीय

विश्वनाथ महापात्र इतिहासप्रसिद्ध कान्यकुब्जेश्वर जयचन्दका दरबारी पण्डित थिए भन्ने धेरैजसो इतिहासकारको मत छ। संस्कृत वाङ्‌मयमा लक्षण-ग्रन्थहरूको ज्यादै लामू परम्परा भए तापनि कुनै सिद्धान्तविशेषको मात्र प्रतिपादन नगरी सबैजसो पूर्वाचार्यहरूका प्रसिद्ध मान्यताहरूलाई स्पष्ट र संक्षिप्त किसिमले बुझाएको हुनाले विश्वनाथ महापात्रको "साहित्यदर्पण" साहित्यका अध्येताहरूका लागि विशेष उपयोगी सिद्ध भइआएको छ। हाम्रा परीक्षार्थी र सामान्य अध्येताहरूको लाभको पनि विचार गरी पण्डित कोमलनाथ अधिकारीलाई यस महत्त्वपूर्ण ग्रन्थको नेपाली अनुवाद गरिदिने आग्रह गरेको थिएँ। लक्षण-ग्रन्थको र उही पनि समश्लोकी अनुवाद गर्नु ज्यादै कठिन कुरो भए तापनि अनुवाद-कार्यमा अभ्यस्त अधिकारीज्यूले बड़ा उत्साहसाथ यो काम अपेक्षाकृत साह्रै थोरै समयमै पूरा गरिदिनुभयो। परन्तु, दुःखको कुरो हो—ग्रन्थका केही प्रारम्भिक फर्मा मुद्रित रूपमा देख्न पाउँदा-नपाउँदै यसका यशस्वी अनुवादकको स्वर्गवास भइहाल्यो। अब उहांका कृतिहरूको सम्मान गर्नु नै उहांको उत्साहपूर्ण सुदीर्घ भाषा-सेवा र साहित्य-साधनाको सम्मान गर्नु हुनगएको छ।

"साहित्यदर्पण"-को यो नेपाली अनुवाद आफ्ना तरुण रचनाकार, भावुक, भावक एवं छात्र-वर्गलाई सुम्पँदै यसबाट उहाँहरूलाई आर्यावर्त्तीय साहित्य-परम्पराको ज्ञान गर्न पर्याप्त सुविधा होला भन्ने आशा गर्दछु।

—बालचन्द्र शर्मा
भाइस-चान्सलर
रायल नेपाल एकेडेमी

कान्तिपुर
मकर-संक्रान्ति, २०२३ वि०



पं० कोमलनाथ अधिकारी

श्रीः

समर्पण

लंजु प्रान्त-दुराडाँडा-स्वाँरा-वासी, सुधी, द्विज ।
श्री देवीदासको पुत्र, गङ्गादेवी-सुकुक्षिजं, ।।

(१)

नम्र, कोमल-ले लेखी छाया 'साहित्यदर्पण' ।
श्रीमन् महेन्द्र नृपमा गर्छु सादर अर्पण ।।

(२)

राष्ट्रका बन्धु-भगिनो लिउन् यस्बाट फायदा ।
भनी यो प्रार्थना गर्छ बन्धु कोमल सर्वदा ।।

(३)

भूलचूक जतो यस्मा शोध होस् बुद्धिपूर्वक ।
अशुद्धको शुद्धि गर्न सबको छ सदा हक ।।

(४)

दुई-हज्जार अट्ठार-साल फाल्गुन-सातमा ।
यो लेखेर सकेको हुँ श्रीवाग्देवी-प्रसादमा ।।

(५)

विनीत—

कोमलनाथ

साहित्यदर्पण प्रथमपरिच्छेददेखी दशमपरिच्छेदान्त तकको विषयानुक्रमणिका

श्री विश्वनाथ-कविराज-प्रणीत

साहित्यदर्पण

(अनुवाद)

प्रथम परिच्छेद

—:०:—

ग्रन्थकार ग्रन्थारम्भभन्दा पहिले निर्विघ्न-पूर्वक समाप्तिको इच्छाले वाङ्मयकी अधिष्ठात्री सरस्वतीको आराधना गर्दछन्—

शरदिन्दु झैं उजेली, यो मेरा चित्तमा वाणी।
अज्ञान हटाइ सदा सारा अर्थ[1] प्रकाश गरून्॥ १॥

यो ग्रन्थ काव्याङ्ग हुनाले काव्यफलबाट नै सफल हुँदा काव्यफलहरू बताउँछन्—

चतुर्वर्ग-फल-प्राप्ति हुन्छ लौ अज्ञको पनि।
काव्यबाटै, यसैले यो त्यस्को रूप बताउँछु॥ २॥

काव्यबाट चतुर्वर्ग (धर्म-अर्थ-काम-मोक्ष)को प्राप्ति, रामादिको झैं पिताका आज्ञा-पालनादि धर्मकार्यहरूमा प्रवृत्ति हुनुपर्दछ र रावणादिहरूको झैं परस्त्री-हरणादि अधर्मकार्यहरूमा प्रवृत्ति हुनुहुँदैन इत्यादि रीतिले कर्तव्य(शास्त्रविहित कर्महरू)मा प्रवृत्ति र अकर्तव्य(शास्त्रनिषिद्ध कर्महरू)मा निवृत्तिको उपदेशद्वारा सुप्रसिद्ध नै छ।

यो भनिएको पनि छ—

'धर्मार्थकाममोक्षैमा, कलामा पनि चातुरी।
कीर्ति, प्रीति पनी दिन्छ श्रेष्ठ काव्याऽवलोकले॥'

काव्यबाट धर्मको प्राप्ति, भगवान् नारायणका चरणारविन्दको स्तुतिद्वारा प्रसिद्धै छ। 'एउटामात्र शब्द पनि रसको व्यञ्जक बनाएर राम्रो रीतिले प्रयोग गर्न सकियो वा राम्रोसँग जान्न सकियो भने यस लोक र परलोकमा समेत मनोरथ पूर्ण गर्ने हुन्छ–' इत्यादि अर्थका वेदवाक्यहरूबाट पनि काव्यद्वारा धर्मको प्राप्ति सुप्रसिद्ध नै छ। काव्यद्वारा नै काव्य बनाउनेहरूले राजाहरूबाट धन पाएको प्रत्यक्ष-सिद्ध

---

१. वाच्य, लक्ष्य, तात्पर्य, व्यंग्यरूप अर्थहरू।

नै छ । काम-सुखको प्राप्ति धनद्वारा प्रत्यक्ष नै छ । काव्यबाट उत्पन्न भएका धर्मफल-हरूलाई परित्याग गर्नाले मोक्षको प्राप्ति पनि काव्यद्वारा नै हुन सक्तछ । अथवा मोक्षोपयोगी उपनिषदादि वाक्यहरूमा व्युत्पत्ति पैदा गराइदिनाले काव्यलाई मोक्षको कारण संझनुपर्दछ । दुर्बोध हुनाले वेदशास्त्रादिहरूबाट चतुर्वर्गको प्राप्ति दुःख(कष्ट)-सित हुन्छ र त्यो पनि परिपक्व बुद्धि भएकाहरूलाईमात्र हुन्छ, सबलाई हुँदैन । परमानन्दसमूह(रसास्वाद)को उत्पादक हुनाले सुकुमार बुद्धि हुनेहरूलाई पनि सजिलैसँग त्यस्को प्राप्ति यदि कुनैबाट हुन सक्तछ भने त्यो काव्यबाट नै हुन्छ ।

प्रश्न—त्यसो हो भने परिपक्वबुद्धि पुरुषहरूले वेदशास्त्रादि छँदाछँदै किन काव्यमा परिश्रम गर्नु ? तिनीहरू काव्यमा लाग्नुपर्ने सुकुमारमति र मन्दमति त होइनन् ।

उत्तर—यस्तो भन्नु उचित होइन । किनभने तीतो-टर्रो औषधीको प्रयोगले शान्त हुने कुनै रोग, यदि कुनै मीठो गुलियोले शान्त हुन्छ भने कुन रोगीले चिनी खान रोजोइन ?

यो बाहेक काव्यको ग्राह्यता अग्निपुराणमा पनि भनिएको छ—

'नरत्व दुर्लभै हुन्छ, त्यस्मा विद्या छ दुर्लभ ।
कवित्व दुर्लभै त्यस्मा, त्यस्मा शक्ति छ दुर्लभ ।।'

'त्रिवर्ग साध्ने हो नाट्य (दृश्यकाव्य)'–इत्यादि ।

त्यस्तै विष्णुपुराणमा पनि—

'काव्यालापहरू[१] त्यस्तै सारा गीतहरू पनि ।
शब्दमूर्ति लिने साक्षात् विष्णुका अवतार हुन् ।।'

यसैले चतुर्वर्गको साधक हुँदा काव्यको स्वरूप निरूपण गरिन्छ । 'चतुर्वर्ग-फलप्राप्ति-' इत्यादि श्लोकले विषय, सम्बन्ध र प्रयोजन पनि देखाइसकिएको छ । त्यसो भए 'काव्यको लक्षण के हो ?' यस्तो जिज्ञासाको पूर्तिलाई कोही (काव्य-प्रकाशकार) भन्दछन्—

'शब्दार्थ अदोष, सगुण, हो अलंकार नभए पनी, काव्य ।'

तर यो विचारणीय (दूषणीय) छ । किनभने यदि दोष नभएकोलाई नै काव्य मान्ने हो भने—

'धिक्कारै यहि हो मलाइ, अरि छन्, उन्मा तपस्वी छ यो,
त्यो नै राक्षस-वंश मार्छ यहिँ, हा !! बाँच्तो छ यो रावण ।

१. रसव्यञ्जक शब्दार्थहरू ।

धिक्काछूँ म त इन्द्रजित्‌कन, हुने के कुम्भकर्ण उठी ?
स्वर्ग-ग्राम-ससानु-लूट्‌न-वृथा-फुल्ने भुजा काम के ? ॥'

यो श्लोकमा विधेयाविमर्ष[1] दोष छ, यदि निर्दोषलाई नै काव्य मान्ने हो भने यो काव्य ठहरोइन। परन्तु झन् उल्टो उनैले ध्वनि हुनाले यसलाई उत्तम-काव्य मानेका छन्। यसैले अव्याप्ति नामक लक्षणदोष हुन गयो।

प्रश्न—यो श्लोकमा जहाँ विधेयाविमर्ष दोष छ, त्यही दूषित छ, सब त छैन। यसैले जुन अंशमा दोष छ, त्यो अकाव्य बनोस्, परन्तु जहाँ ध्वनि छ, त्यो भाग उत्तम काव्य किन नहुने ?

उत्तर—यी दुई विरुद्ध अंशहरूले तानातान हुँदा अलपत्र परी यो श्लोक काव्य वा अकाव्य केही पनि भन्न नसकिने होला। फेरी श्रुतिदुष्टत्व, विधेयाविमर्षआदि दोषले काव्यको कुनै अंशलाईमात्र दूषित गर्दछन् भन्ने कुरा होइन, सम्पूर्ण काव्यलाई नै दूषित बनाउँछन् भन्ने सिद्धान्त छ। किनकि काव्यहरूको आत्मस्थानापन्न रसमा हीनता गराउँदैन भने त्यहाँ श्रुतिदुष्टत्वादिलाई दोष मानिंदैन। यसैले यहाँ नित्यदोष र अनित्यदोषहरूको व्यवस्था नै हुनसक्नेछैन। ध्वनिकारले भनेका छन्—

'श्रुतिदुष्टादि[2] ती दोष जो अनित्य बताइए।
ध्वन्यात्म श्रृङ्गारमहाँ मात्र हेय[3] ठहर्दछन् ॥'

सदोषलाई काव्यै नमान्नाले कित काव्यका लक्षणको विषय (उदाहरण) बहुतै कम पाइने होला, या त असम्भव नै हुनजाला, किनभने कुनै पनि काव्य सर्वथा निर्दोष हुनु अत्यन्तै असम्भव छ।

प्रश्न—त्यसोभए 'अदोष'को 'नञ्'लाई ईषत् (थोरै) भन्ने अर्थको मानौंला ?

उत्तर—त्यस्तो अर्थ गरेमा 'थोरै दोषको शब्द र अर्थ भएको काव्य हो-' यस्तो अर्थ भएर निपुण कविको बिलकूल दोष नभएको रचना पनि काव्य हुन सक्तोइन। त्यही लक्षणमा दोषहरूको संभावना भएमा थोरै दोष रहेका शब्द र अर्थ काव्य हुन्छन्, धेरै दोष भएका काव्य हुँदैनन् भन्न पनि उचित हुँदैन, किनभने काव्यका लक्षणमा नत यो (अदोष) विशेषणको कुनै आवश्यकता छ, न यो निवेश(रहनु)को।

जस्तो रत्नको लक्षणमा कीटानुवेध(कीरा लागेको)को परिहार गरिंदैन, त्यस्तै काव्यको लक्षणमा दोषको परिहार अनावश्यक छ। जस्तो कीरो लाग्नाले रत्नको रत्नत्व हट्‌तैन, खाली उस्को इज्जत व्यवहारमा कमबेसी गर्नेमात्र हुन्छ, त्यस्तै गरी श्रुतिदुष्टत्वादि दोषले पनि काव्यको काव्यत्व(काव्यपना)लाई हटाउन सक्तैनन्। खाली त्यस्को उत्कर्षमा केही कमी गराउनमात्र सक्तछन्। भनेको पनि छ—

१. सप्तम परिच्छेदमा कहिने अविमृष्टविधेयांश दोष यही हो। 'धिक्कारै यहि' यहाँ उल्टापाल्टा (उद्देश्य पछाड़ि र विधेय अगाड़ि)को पददोष र 'वृथा-फुल्ने' यहाँ विधेय 'वृथा' यो पद समासमा गुणीभूत हुनाले पददोष छ।

२. वाक्यार्थबलले अश्लील अर्थ बुझाउने। ३. त्याग गर्न योग्य।

'कीरोले छेडिने रत्न-सरी नै काव्यता यहाँ ।
दोषीमा पनि मानिन्छ रसादि स्पष्ट छन् भने ॥'

फेरी 'शब्दार्थ' यस्को 'सगुण' यो विशेषण पनि युक्तिसंगत छैन। कारण 'गुण केवल रसमा नै रहन्छन्, शब्द र अर्थमा रहन्नन्' यो कुरा (आठौं उल्लासमा गुणहरूको वर्णन गर्दै) उनै काव्यप्रकाशकारले भनेका छन्—

'रसका अङ्ग हुन् धर्म आत्माका शूरतादि झैं ।'

शब्द र अर्थ रसका व्यञ्जक हुन्छन्, यसैले परम्परा सम्बन्धबाट यिनमा पनि गुण रहन सक्छन् भन्नु पनि ठिक हुँदैन। कारण जुन शब्द र अर्थहरूलाई काव्य भनी संज्ञिने हो, तिनमा रस रहन्छ या रहन्न ? यदि छैन त गुण पनि रहन सक्तैनन्, किनभने गुण त रसका अन्वयव्यतिरेकको पछि लाग्दछन् (रस रहे तिनी रहन्छन्, नरहे तिनी पनि रहन्नन्) तिनमा रस भए 'रसवान्' यस्तो विशेषण किन दिइएन ? यदि भनौं गुणहरू रसविना रहन सक्तैनन् र 'सगुण' कहनाले नै 'सरस' भन्ने कुरा अर्थैबाट सिद्ध हुन जान्यैछ, तर यस अवस्थामा पनि 'सरस' यही दिनु योग्य छ, न त 'सगुण'। किनभने 'प्राणी भएको देश छ-' यस वाक्यको ठाउँमा 'शूरता भएको देश छ' यो वाक्य कोही पनि बोल्दैन।

प्रश्न—'शब्दार्थ सगुण' यस्को अभिप्राय गुणहरूका अभिव्यञ्जक शब्दहरू र अर्थहरूको काव्यमा प्रयोग गर्नुपर्छ भन्ने हो। तर यो पनि ठिक भएन। किनभने गुणहरूका अभिव्यञ्जक शब्द र अर्थले काव्यमा केवल उत्कर्ष पैदा गर्दछन्, तिनीहरू स्वरूप खड़ा गर्ने हुँदैनन्। यसैले भनिएको छ—शब्द र अर्थ काव्यका शरीर हुन् र रसादि आत्मा हो। माधुर्यादि गुण शौर्यादि जस्तै, श्रुतिकटुत्वादि दोष काणत्वादि जस्तै, वैदर्भी आदि रीतिहरू अङ्गरचनाहरू जस्तै, उपमादि अलंकारहरू बाजू-मुन्द्रीहरू जस्तै, हुन्। यो काव्यपुरुषको रूपकबाट पहिलेको लक्षणमा कहिएको-'अलंकार नहुने पनी काव्य' भन्ने अंश पनि खण्डन हुन गयो। यो अंशको यही तात्पर्य हो कि सब ठाउँमा अलंकार-युक्त शब्द-अर्थ हुनुपर्दछ, किन्तु यदि कहीँ अलंकारहरू स्पष्ट नहोउन् त पनि त्यहाँ काव्यत्व नै रहन्छ। परन्तु उक्त रूपकमा अलंकारहरूलाई कटककुण्डल तुल्य कहनाले ती उत्कर्षकारी हुन्छन्, स्वरूपको नाश गर्ने हुँदैनन्। यसैले—

'हो काव्य-प्राण वक्रोक्ति[1] ।'

भन्ने वक्रोक्तिजीवितकारको भनाई पनि खण्डित हुन गयो। किनभने वक्रोक्ति त एउटा अलंकार हो, (अलंकार स्वरूपमा अन्तर्गत हुँदैनन्, शोभा बढ़ाउनेमात्र हुन्)। काव्यप्रकाशकारले अस्फुटालंकारको जो यो उदाहरण दिएका छन्—

'कौमारीत्व[2] हटाउने वर उही, रात्री तिनै चैत्रका,
ती छन् पुष्पित मालती सुरभिणी[3], प्रौढै[4] कदम्बानिल ।

१. विचित्र उक्ति ।
२. कुमारीपना । ३. सुवास आउने । ४. उत्कट (स्वकार्यमा समर्थ) ।

त्यै मै छू त पनी त्यही सुरतको व्यापार गर्दामहाँ
रेवाको तट बेतको रुख मनी चाहन्छ यो चित्त त ॥'

यो उदाहरण चिन्त्य (दूषणीय) छ। यहाँ विभावना र विशेषोक्तिबाट उत्थापित सन्देहसंकरालंकार स्पष्ट छ। यो पूर्वोक्त प्रमाणबाट—

'अदोषी, सगुणी, त्यस्तै अलंकार-अलंकृत।
रसयुक्त रची काव्य कविका कीर्ति-प्रीति छन् ॥'

इत्यादि काव्यका लक्षणहरू पनि खण्डन हुन गए। किनभने दोष र गुणहरूको स्वरूपमा प्रवेश हुन सक्तैन। ध्वनिकारले—

'आत्मा हो काव्यको ध्वनि।'

जो भनेका छन्, त्यसमा प्रश्न यो छ कि, वस्तु-अलंकार-रसादि यी सबैको ध्वनिलाई काव्यको आत्मा मान्ने हो कि? केवल रसादिको ध्वनिलाई मात्र? यिनमा पहिलो पक्ष ठिक छैन, किनभने 'पहेली' आदिमा जहाँ वस्तु ध्वनित हुन्छ—काव्यको लक्षण अतिव्याप्त हुनजानेछ। दोस्रो पक्ष मान्ने हो भने रसादि ध्वनिलाई काव्यात्मा मान्ने हुँदा हामीलाई पनि स्वीकारै छ।

प्रश्न—केवल रसादिरूप ध्वनिलाई मात्र काव्यात्मा मान्ने हो भने त निम्न श्लोकमा काव्यको लक्षण जान सकोइन—

'सासू यहाँ सुत्तछिन्, यहाँ म सुत्छू, दिनमै हेर।
राति नदेख्ने बटुवा! ठोकिन्छौ की बिछ्यौनामा? ॥'

इत्यादिमा जहाँ वस्तु (कुरा) मात्र व्यंग्य छ, काव्यत्वको व्यवहार कसरी होला?

उत्तर—यहाँ पनि रसाभासको कारणले नै हामीहरू काव्यत्व मान्दछौं (यहाँ आगन्तुक परपुरुषमा स्वयं दूतीको अनुराग प्रतीत हुनाले श्रृंगाराभास छ)। यदि कुरामात्र व्यंग्य हुँदामा पनि काव्यत्व मान्ने हो भने त—'देवदत्त गाउँमा जान्छ—' यस वाक्यमा पनि देवदत्तको नोकर पछि-पछि जानु व्यंग्य छ। यदि यो पनि काव्य नै हो भन्छौ त यो कुरा ठिक भएन। कारण सरस वाक्य नै काव्य मानिन्छ, अरू मानिंदैन। हेर, प्राचीन आचार्यहरूले पनि रसास्वादरूप मीठा-मीठा कुराहरूद्वारा कठोर वेदशास्त्रादिमा विमुख, सुकुमारबुद्धि, शिक्षणीय, राजपुत्रादिहरूका प्रति रामादिको जस्तो प्रवृत्त हुनुपर्दछ, रावणादिको जस्तो प्रवृत्त हुन हुँदैन इत्यादि कर्तव्यमा प्रवृत्ति र अकर्तव्यबाट निवृत्तिको उपदेशलाई नै काव्यको प्रयोजन बताएका छन्। (यसैले रसास्वाद हुने वाक्य नै काव्य हुन्छन्, नीरस हुँदैनन्)।

त्यस्तै अग्निपुराणमा पनि भनिएको छ—

'वाक्-चातुरी मुख्य छ लौ, रसै हो काव्य-जीवन।'

---

१. सहृदहरूको मनलाई आह्लाद गराउने।

व्यक्तिविवेककार(महिमभट्ट)ले पनि भनेका छन्—

'काव्यका खासै अङ्गी रसादिमा छैन कसैको कलह ।'

ध्वनिकारले पनि भनेका छन्—

'कविले इतिहास लेखि त्यसलाइ काव्यपद-लाभ हुँदैन ।'

'पुराना कथाहरूको ज्ञान हुनु काव्यको प्रयोजन होइन, त्यो त पुराण इतिहास-हरूबाट पनि हुन सक्तछ—' इत्यादि ।

प्रश्न—यदि सरस वाक्यहरू नै काव्य हुने हुन् भने (रघुवंशादि) प्रबन्धहरू-का अन्तर्गत जो नीरस पदहरू छन् ती काव्य कसरी होलान् ?

उत्तर—यस्तो हुन सक्तैन । जस्तै सरस पद्यका केही नीरस पदहरू त्यही पद्यको रसबाट रसवान् (रसिला) संझिन्छन्, त्यस्तै प्रबन्धका रसबाट नीरस पद्यहरूमा पनि रसवत्ता मानिन्छ । (यहाँ पद्य शब्द गद्यको पनि उपलक्षण हो) । गुणहरूका व्यञ्जक वर्णहरू र अलंकारहरूको हुनु एवं दोषहरूको नहुनुले नीरस वाक्यमा पनि जो काव्यत्व व्यवहार देखिन्छ, त्यो सरस काव्यका रचनाको समता हुनाले गरिएको गौण (लाक्षणिक) प्रयोग संझनुपर्दछ । काव्य शब्दको मुख्य प्रयोग सरस काव्यहरूमा नै हुन्छ ।

जो वामन(अलंकारसूत्रकार श्रीवामनाचार्य)ले भनेका छन्—

'काव्यको रीति आत्मा हो'

यो पनि ठिक होइन । किनभने रीति त संघटना (रचना) रूप हो, औ संघटना शरीरको अङ्गविन्यासकै तुल्य हुन्छ, त्यो आत्मा हुन सक्तैन, आत्मा शरीरभन्दा भिन्न हुन्छ ।

ध्वनिकारले जो यो भनेका छन्—

'अर्थ सहृदय-श्लाघ्य काव्यात्मा छ व्यवस्थित ।
वाच्य[1], प्रतीयमानै[2] यी त्यसका भेद छन् दुई ॥'

यो कारिकामा वाच्यार्थलाई काव्यको आत्मा बताउनु उनैको—

'आत्मा हो काव्यको ध्वनि[3] ।'

भन्ने आफनै भनाईबाट नै विरुद्ध हुनाले खण्डन भएको संझनु पर्दछ ।

अब त्यसो हो भने काव्यको निर्दोष लक्षण के हो ? यस्तो जिज्ञासापूर्तिको निमित्त स्वसम्मत लक्षण बताउँछन्—

रसात्मा वाक्य हो काव्य

रसका स्वरूपको निरूपण तेस्रो परिच्छेदमा गरिनेछ । सबभन्दा प्रधान सार

१. अभिधाशक्तिबाट बुझाइने । २. व्यंग्यले बुझिने । ३. आफुभित्र रहेको पदले बुझाइने अतिशयित अर्थ, राम्रो तवरसँग प्रकट गर्ने शक्ति ।

हुनाले रस नै जस्को जीवनरूप-आत्मा छ, त्यो वाक्य 'रसात्मा' कहलाउँछ। रस-बिना काव्यत्व हुन सक्तैन, यो कुरा पहिले नै भनिसकिएको छ। यहाँ 'रस' शब्दको रूढ़ अर्थ (शृङ्गार आदि रस) विवक्षित छैन, 'रस्यते इति रसः' यो योगार्थद्वारा जो आस्वादित छ त्यो सब रस कहिन्छ। यसबाट रस, रसाभास; भाव, भावाभास, इत्यादि पनि गृहीत हुन्छन्।

तिनका मध्यमा रसको उदाहरण जस्तै—

'कोठा साम्सुम[1] देखि सुस्त उठदी, शय्यामहाँ कामुकी,
भुट्टो नीद लिने मयालु पतिको हेरी मुखै राम्ररी।
चूम्दी निर्धक भै, कपोलहरूमा[2] रोमाञ्च देख्ती, यिनी
लज्जाले नुहुदी, प्रिया त पतिले हाँस्तै अती चूमिइन ॥'

यहाँ सम्भोगशृङ्गार नामक रस छ।

भावको उदाहरण जस्तै महापात्र राघवानन्द सन्धिविग्रहिकको—

'कत्लो-भित्र छिप्यो समुद्र जसको, यो विश्व नै पीठमा,
भू दाह्रा-बिच, दैत्यराज[3] नङमा, आकाश-भू पाउमा।
क्षत्री-रावण-वीर रीस-शरमा, प्रालम्ब[4] नै बाहुमा,
विश्वै ध्यानमहाँ, अधर्मि असिमा[5], जो हुन् उनैमा नमः[6] ॥'

यहाँ भगवान् विषयको रतिभाव व्यंग्य छ। (देवादिविषयक रति र सञ्चारी भाव व्यञ्जित छन् भने त्यसलाई 'भाव' भन्दछन्)।

रसाभासको उदाहरण जस्तै—

'भौंरा पियारीसँग फूल यौटै-प्याला गरेरै मधु पान गर्थ्यो।
स्व-शृङ्गले स्पर्श-निमीलिताक्षी[7] मृगीकनै त्यो मृगले कनायो ॥'

यहाँ शृङ्गाराभास छ। अनौचित्यसँग प्रवृत्त र पशु-पक्षी विषयक शृङ्गारलाई शृङ्गाराभास भन्दछन्। यसै गरी अरू रसहरू र भावहरूका उदाहरण जान्नु।

काव्यको लक्षणमा दोषहरू रहनु मानिएको छैन त पनि तिनको ज्ञानका निमित्त आकांक्षा गर्दछन्—'दोषहरूको स्वरूप के हो ?'—

रसनाशक दोष हुन् ॥

---

१. सँगिनी, सुसारे इत्यादिको आउनु, जानु नभएको। २. गालाहरूमा।
३. हिरण्यकशिपु। ४. प्रलम्बासुर। ५. तरवारमा।
६. 'मत्स्यः कूर्मो वराहश्च नरसिंहोऽथ वामनः।
रामो रामश्च रामश्च बौद्धः कल्की च ते दश ॥' } दशावतार-स्तुतिः।
७. स्पर्श हुनाले आँखा चिम्लेकी।

जस्तो काणत्व, खञ्जत्वादि दोषहरूले शरीरलाई दूषित गर्दै त्यसद्वारा त्यसमा रहने आत्माको हीनता प्रकट गर्दछन्, त्यस्तै काव्यको शरीररूप शब्दमा श्रुति-दुष्टत्वादि र अर्थमा अपुष्टार्थत्वादि दोषहरूले पनि पहिले शब्द-अर्थलाई दूषित गरेर त्यसद्वारा काव्यको आत्मभूत रसको अपकर्ष (हीनता) सूचित गर्दछन्। मूर्खत्वादि दोषहरूले प्रत्यक्ष नै आत्माको अपकर्ष सूचित गरे झैं निर्वेद, व्रीडादि व्यभिचारी भावहरूका स्वशब्दवाच्यत्वादि अनेकन दोषहरूले काव्यको आत्मा(रस)को साक्षात् नाश गरिदिन्छन्। यिनीबाट काव्यको अपकर्ष बोधित हुन्छ। यी दोषहरूका विशेष उदाहरणहरू सप्तम परिच्छेदमा बताइनेछन्।

अब गुणहरूको लक्षण गर्दछन्—

उत्कर्ष-हेतु[1] मानिन्छन् गुणा,-ऽलंकार, रीति नै ॥ ३ ॥

जस्तै शौर्यादि गुण, कटक-कुण्डलादि अलंकार र अङ्गरचनादिहरूले मनुष्यका शरीरको उत्कर्ष सूचना गर्दै त्यस्का आत्माको उत्कर्ष सूचित गर्दछन्, त्यस्तै काव्यमा पनि माधुर्यादि गुण, उपमादि अलंकार र वैदर्भी आदि रीतिहरूले शरीरस्थानीय शब्द र अर्थको उत्कर्ष सूचना गर्दै आत्मस्थानीय रसको उत्कर्ष सूचित गर्छन् र यसैले काव्यका उत्कर्षक मानिन्छन्।

यद्यपि गुण रसका धर्म हुन्—रसविना तिनीहरू रहन्नन्, तथापि यहाँ गुणशब्दले लक्षणाबाट गुणहरूका अभिव्यञ्जक शब्द र अर्थहरूलाई बताउँदछ। यसैले 'गुणाभिव्यञ्जक शब्दार्थ रसका उत्कर्षक हुन्छन्—' यो कुरा 'सगुण' पदको आलोचना गर्दै पहिलै नै कहिएको छ। गुणहरूका विशेष उदाहरणहरू अष्टम परिच्छेदमा बताइनेछन्।

इति श्रीमन्नारायणचरणारविन्दमधुव्रत - साहित्यार्णव-कर्णधार -
ध्वनिप्रस्थापनपरमाचार्य-कविसूक्तिरत्नाकर-अष्टादश-
भाषावारविलासिनीभुजङ्ग-सान्धि-विग्रहिक-
महापात्र-श्रीविश्वनाथकविराजको
कृति 'साहित्यदर्पण'को
अनुवादमा
काव्यस्वरूप निरूपण
नामक
प्रथम परिच्छेद।

१. श्रेष्ठताको कारण।

द्वितीय परिच्छेद

—:०:—

अब प्रसङ्गप्राप्त वाक्यको लक्षण कहिन्छ—

वाक्य हो योग्यता, -ऽऽकांक्षा, -ऽऽसत्तिको[१] पद-संग्रह[२] ॥

एक पदार्थको अर्को पदार्थसँग सम्बन्ध गर्दा बाधित (रोकावट) नहुनु योग्यता हो। योग्यता नभईकन पनि वाक्यसमुदायलाई वाक्य मानेमा 'आगोले सेचन गर्छ' यो पनि वाक्य हुन जानेछ। (योग्यतालाई कारण मान्नाले सेचन क्रियामा आगोको साधनता बाधित छ। आगो पोलनाको साधन हो, सेचनको होइन र यहाँ वाक्यको लक्षण जाँदैन)।

वाक्यार्थको पूर्तिका निमित्त पदार्थको जिज्ञासा भइरहनु आकांक्षा हो। 'राम गाउँमा' यत्ति कहनाले 'जान्छ' भन्ने इत्यादि क्रियाको आकांक्षा रहन्छ, त्यो नभई वाक्यार्थ-ज्ञानको पर्यवसान (समाप्ति वा पूर्ति) हुँदैन। यो आकांक्षा भावरूप हुनाले जिज्ञासाका अभावको अभाव पनि प्रतीतिरूप (भावरूप) नै हुन्छ। आकांक्षा-रहित पदसमूहलाई वाक्य मानेमा 'गोरु, घोड़ा, मानिस, हात्ती' इत्यादि निराकांक्ष पद-समुदाय पनि वाक्य हुन जानेछ।

बुद्धि(प्रकरणमा उपयोगी पदार्थहरूको उपस्थिति)को व्यवधान नहुनु आसत्ति हो। बुद्धि-विच्छेद भएमा पनि वाक्यत्व स्वीकार गरियो भने आज बोलिएको 'देवदत्त' पदको दुई-चार घड़ीपछि वा भोली पल्ट बोलिएको 'जान्छ' भन्ने पदसँग सम्बन्ध हुन जानेछ। हुनत पूर्वोक्त जिज्ञासा इच्छारूप हुनाले आत्मामा रहने हो र योग्यता पदार्थहरूमा नै रहन सक्तछ, तथापि यी दुवै उपचार (परम्परा-सम्बन्ध)ले पदसमुदायमा रहन्छन्।

वाक्योच्चय 'महावाक्य'

योग्यता-आकांक्षा-आसत्तिले युक्त वाक्यहरूको समूहलाई महावाक्य भन्दछन्।

यो वाक्य छ दुई-थरी ॥ १ ॥

यसरी वाक्यका 'वाक्य' र 'महावाक्य'को भेदले दुई प्रकार छन्। भनेको पनि छ—

'स्वार्थ-बोध[३] गरी वाक्य अङ्गाङ्गी- भावले फिर।
अरू वाक्य सँगै मिल्दा एकवाक्यत्व बन्दछ ॥'

---

१. योग्यता, आकांक्षा, आसत्ति (बुद्धि विच्छिन्न नहुनु)ले युक्त भएको।

२. पदहरूको समूह।

३. आफ्नू अर्थको बोधन।

तिनमा वाक्यको उदाहरण जस्तै—'कोठा साम्सुम देखि'—इत्यादि। महावाक्यको उदाहरण जस्तै—रामायण-महाभारत-रघुवंशादि।

'पद-संग्रह वाक्य हो' यो कुरा भनिसकिएको छ। त्यसमा पदको आकांक्षा हुँदा पदको लक्षण गरिन्छ—

प्रयोगार्हाऽनन्वितैकार्थबोधी[1] वर्ण हुन् 'पद' ॥

जस्तै—घटः। (यो वर्णसमुदाय व्याकरणादिवाट शुद्ध हुनाले वाक्यमा प्रयोग हुन सक्तछ र अरू पदार्थसँग असम्बद्ध, एक अर्थ(घड़ा)को बोधक छ। यसैले यो पद हो)। यस लक्षणमा 'प्रयोगार्ह' कहनाले प्रातिपदिक(निर्विभक्तिक)को निवृत्ति हुन्छ, किनभने निर्विभक्तिक प्रयोगको योग्य हुँदैन। 'अनन्वित' कहनाले वाक्य र महावाक्यको निवृत्ति हुन्छ, किनभने यिनीहरूबाट अन्वित अर्थको बोध हुन्छ। 'एक' कहनाले साकांक्ष, अनेक पद र अनेक वाक्यहरूको निवृत्ति हुन्छ। 'अर्थबोधी' कहनाले क, च, ट, त, प, इत्यादि वर्णहरूको निवृत्ति हुन्छ। यहाँ वर्णहरू भन्ने बहुवचन अविवक्षित छ, कारण एक वा दुई वर्णका पनि अनेक पदहरू हुन्छन्।

अर्थ ता तीन मानिन्छन् वाच्य, लक्ष्य र व्यंग्यले ॥ २ ॥

यिनको क्रमैले लक्षण—

अभिधाबाट 'वाच्यार्थ' लक्षणाबाट 'लक्ष्य' र ॥
व्यञ्जनाबाट 'व्यंग्यार्थ' सूच्छन् यी शब्द-शक्ति हुन् ॥ ३ ॥

यी (अभिधा, लक्षणा, व्यञ्जना, तीन) शब्दका शक्तिहरू हुन्।

प्रधान अर्थको बोध गर्छ जो 'अभिधा' उ हो ॥

कुनै ठुलो मानिसले नोकरलाई 'गाम् आनय' (गाई ले) भनेको वाक्य सुनेर ली आएको देखदा यी पदका अर्थ नजानेको बालकले 'गाई ले' यस समुदायको तात्पर्य 'यही घाँटीमा माला भएको चिज ली आउनु रहेछ' भन्ने पहिले संझन्छ (ज्ञान गर्छ)। त्यसपछि 'गाई बाँध, घोड़ा ल्याउ' इत्यादि वाक्य सुन्दामा गरिएको कामलाई देखेर अन्वय-व्यतिरेकको द्वारा–'गाई बाँध, ल्याऊ' इत्यादि प्रत्येक पदका संकेत(शक्ति)लाई जहाँ 'गाई' पद बोलिएको छ, त्यहाँ 'घाँटीमा माला भएको त्यै जीव हो' भन्ने संझन्छ। यसै गरी 'ल्याउनु' इत्यादि क्रियाको पनि अर्थ निश्चय गर्दछ। यस प्रकारको व्यवहारले शक्तिग्रह हुन्छ।

कहीं प्रसिद्ध (अघिदेखि जानिएको) पदको साहचर्यले पनि शक्तिग्रह हुन्छ, जस्तै—'फुलेको कमलभित्र मधुकरले मह पिउँछ'—यहाँ 'मधुकर'को अर्थ मह बनाउने मौरी हो वा भमरा ? यो शंका कमल पद साथमा रहनाले कमलमा भमराको नै मधुपानसँग तात्पर्य हुँदा मौरी हट्न गै 'मधुकर'को ज्ञान हुन्छ।

कहीँ आप्त(प्रामाणिक पुरुष)को उपदेशवाट पनि शक्तिग्रह हुन्छ। जस्तै कुनै बालकलाई उसका पिता-माताले 'यो घोड़ा हो' भनिदिँदा त्यसलाई 'घोड़ा' पदको शक्ति त्यस जीवमा गृहीत हुन जान्छ।

---

१. प्रयोग गर्न योग्य, अन्वय हुन सक्ने, एक अर्थको बोधन गर्ने।

यी उपायहरूले जानिएको, मुख्य अर्थलाई बुझाउने, दोस्रो शक्तिले अव्यवहित, शब्दको सबभन्दा पहिलो शक्ति अभिधा हो।

शक्तिग्रहका विषयहरू—

संकेत मान्दछन् जाति गुण-द्रव्य-क्रियादिमा ॥ ४ ॥

'गौ' आदि व्यक्तिहरूमा 'गोत्व' आदि जाति (धर्म) रहन्छ। पदार्थमा विशेषता उत्पन्न गर्नलाई पहिलेदेखि नै सिद्ध भएको धर्म गुण हो। 'शुक्लत्वादि' गुणहरूले 'गौ' आदिलाई उस्का सजातीय 'कृष्णा गौः' आदिबाट हटाइदिन्छन्, यसैले यिनलाई 'सिद्ध वस्तुधर्म' भन्दछन्।

केवल एक व्यक्तिका वाचक हरि, हर, डित्थ, डवित्थ इत्यादि शब्दहरूलाई द्रव्यशब्द या यदृच्छाशब्द भन्दछन्।

वस्तुका 'साध्य' धर्म (पाकादि) क्रिया कहलाउँछन्। यी साध्यरूप वस्तुधर्महरूमा अधिश्रयण अर्थात् चामल हालेको कसौंडीलाई चूल्होमा राख्नुदेखि लिएर, अवश्रयण पाकिसकेपछि भैंमा उतार्नु पर्यन्त जे जती काम गर्न पर्दछन्, ती सबको नाम 'पाक' हुन्छ (आगो बाल्नु, पन्यूले चलाउनु, चामल निकालेर हेर्नु, पानी थप्नु वा झिक्नु, इत्यादि सब क्रियाहरू मिलेर पाक सिद्ध हुने क्रियालाई साध्यरूप वस्तुधर्म भन्दछन्, यिनलाई निमित्त मानी प्रवृत्त हुने शब्द क्रियाशब्द हुन्, जस्तैं—पाचक, पाठक इत्यादि। यिनै चार उपाधिहरूमा शब्दहरूको संकेत ग्रहण गरिएको हुन्छ। व्यक्तिमा शक्तिग्रह हुँदैन, किनभने यस्तो मान्नाले आनन्त्य र व्यभिचार दोष आउँदछ (प्रत्येक व्यक्तिमा भिन्न-भिन्न शक्तिग्रह मानेमा अनन्तशक्ति हुनाले आनन्त्य दोष र एक व्यक्तिमा शक्तिग्रह मानेमा विनाशक्तिज्ञानका अरू व्यक्तिहरू पनि त्यसभित्र पर्न आउँदा व्यभिचार दोष हुन्छ)।

लक्षणाशक्तिको निरूपण—

मुख्यार्थ-बाध भै त्यस्को सम्बन्ध्यर्थ बुझाउने।
रूढ़ि, प्रयोजनैले वा हुन्छ जो 'लक्षणा' उ हो ॥ ५ ॥

'कलिङ्गः साहसिकः' (कलिङ्ग साहसी छ) इत्यादि वाक्यमा देशादिका वाचक कलिङ्गादि शब्द आफ्नो मुख्य अर्थद्वारा अन्वयमा अनुपपन्न भएर जुन शब्दशक्तिले गर्दा आफ्नो अर्थ(देश)सँग सम्बन्ध हुने पुरुषादिको प्रतीति गराउँदछ, अथवा 'गंगायां घोषः' (गंगामा गोठ छ) इत्यादि वाक्यमा जलप्रवाहको वाचक 'गंगा' शब्द अन्वयमा अनुपपन्न भएर सामीप्यादि सम्बन्धबाट आफ्नू अर्थको सम्बन्धी तीर आदिको जुन शक्तिले बोधन गर्दछ, त्यहाँ अर्पित (कल्पित), अस्वाभाविक, वा ईश्वरबाट अरचित, शब्दको शक्ति, लक्षणा हो।

यी उदाहरणका मध्यमा पहिलोमा रूढ़ि (प्रसिद्धि) लक्षणाको हेतु छ। कारण कलिङ्गादि शब्द ती ती देशवासीमा प्रसिद्ध छन्। दोस्रोमा लक्षणाको हेतु प्रयोजन छ। 'गंगाका किनारमा गोठ छ' यस वाक्यबाट जुन शीतता र पवित्रताको अतिशय भन्ने अर्थ बोधित हुँदैन, त्यो कुरा 'गंगामा गोठ छ' यस वाक्यमा लक्षणा भएपछि व्यञ्जनाबाट बोधित हुन्छ। यही अतिशय बोधन यहाँ लक्षणाको प्रयोजन (काम)

हो। हेतु नरहँदामा पनि जुनसुकै सम्बन्धीको बोधन गरी धेरै ठाउँमा अतिव्याप्ति हुन जाने हुनाले 'रूढि, प्रयोजनैले वा' भनी लक्षणमा हेतुको निर्देश गरिएको हो।

कुनै(काव्यप्रकाशकार)ले त 'कर्मणि कुशलः' (काममा चतुर छ) यसलाई रूढ़िको उदाहरण दिएका छन्। उनको आशय यो हो—'कुशल पदको व्युत्पत्ति गर्नाले त्यस्को अर्थ 'कुश लिने मानिस' भन्ने हुन्छ। किन्तु उक्त उदाहरणमा यस व्युत्पत्तिबाट प्राप्त हुने कुशग्राहकरूप अर्थको सन्बन्ध हुनु असम्भव छ। यसैले यो पदले विवेचकत्वादि साधर्म्य-सम्बन्धबाट आफ्नू सम्बन्धी चतुररूप अर्थको लक्षणाद्वारा बोधन गर्दछ'। किन्तु यो कुरा अरूले मान्दैनन्। कुशल पदको व्युत्पत्तिबाट हुनत कुशग्राहकरूप अर्थ प्राप्त हुन्छ, तथापि त्यस्को मुख्यार्थ चतुररूप नै हो, कुशग्राहक होइन। शब्दहरूका व्युत्पत्तिको निमित्त अर्कै हुन्छ र प्रवृत्तिको निमित्त अर्कै हुन्छ। व्युत्पत्तिबाट प्राप्त हुने अर्थलाई नै मुख्य मान्ने हो भने 'गौः शेते' (गाई सुत्छ) यस वाक्यमा लक्षणा मान्नुपर्लो। गमनार्थक 'गम्' धातुबाट 'गमेर्डोः' (उणादि २।६७) यो सूत्रले 'डो' प्रत्यय गरेर व्युत्पन्न गरिएको 'गौः' शब्दको शयनकालमा प्रयोग अनुपपन्न छ।

लक्षणाका भेदहरू—

वाक्यार्थमा मेल-निंति तानी मुख्यार्थले अरू ॥
लिने आफ्नो अर्थ पनि हो 'उपादान लक्षणा' ॥ ६ ॥

रूढ़िमा उपादानलक्षणा जस्तै—'श्वेतो धावति' (सेतो दौड़न्छ), प्रयोजनमा उपादानलक्षणा जस्तै—'कुन्ताः प्रविशन्ति' (भालाहरू पस्छन्) यी उदाहरणहरूमा 'श्वेत' वर्ण र 'कुन्त' भाला जड़ हुनाले दौड़नु र पस्नु क्रियामा कर्ता भएर अन्वित हुन सक्तैनन्। यसैले वाक्यार्थमा आफ्नू अन्वयसिद्धिका निमित्त श्वेतशब्दले सेतोरङ्ग भएको घोड़ा इत्यादिको र कुन्तशब्दले भालालिने पुरुषहरूको आक्षेप गराउँछन्। पहिलो उदाहरण श्वेतमा लक्षणाको केही काम नहुनाले रूढ़ि नै त्यसको निमित्त छ। दोस्रोमा भालाहरूको अतिगहनता व्यञ्जित गर्नु प्रयोजन छ र यो उपादानलक्षणामा मुख्यार्थका आफ्ना स्वरूपको पनि लक्ष्यार्थका साथ उपादान (ग्रहण) रहन्छ। लक्षणलक्षणामा त मुख्यार्थ लक्ष्यार्थको उपलक्षण मात्र रहन्छ, स्वयं भासित हुँदैन। यही नै यी दुईको भिन्नता छ। यही लक्षणालाई 'अजहत्स्वार्था वृत्ति' पनि भन्दछन्, कारण यसमा स्वार्थ(मुख्यार्थ)को त्याग हुँदैन।

वाक्यार्थमा पराईको अर्थ-निंति निजार्पण[1] ॥
उपलक्षण-भै गर्ने हुन्छ 'लक्षण-लक्षणा' ॥ ७ ॥

लक्षणलक्षणाको रूढ़ि र प्रयोजनमा क्रमैले उदाहरण जस्तै—'कलिङ्गः साहसिकः' 'गंगायां घोषः'। यी उदाहरणहरूमा क्रमैसंग पुरुष र तीरको अन्यवयलाई सिद्ध गर्नाका निमित्त 'कलिङ्ग' र 'गंगा' शब्दले आफ्नू स्वरूपको समर्पण गर्दछन् (आफ्नू मुख्यार्थलाई छोड़िदिन्छन्)।

१. आफ्नू अर्थको त्याग।

अथवा जस्तै—

'गरनुभो उपकार म के भनौं ? सुजनता[1] सँगिले फिँजियो अति ।
अब यसै गरि बस्नु सदा सखे ! सुख-सितै अरु वर्ष सयौं तक ॥'

यहाँ वाक्यार्थमा अपकार (विगार) आदिको अन्यवय सिद्ध गर्नाका निमित्त 'उपकार' 'सुजनता' आदि शब्दले आफ्नो स्वरूपको समर्पण गर्दछन्, अपकारीका उपर उपकारी आदिको कथनले मुख्यार्थको वाध छ। फेरी मुख्यार्थसित लक्ष्यार्थको वैपरीत्यरूप सम्वन्ध छ, एवं अपकारका अधिकताको बोधन गर्नु यस लक्षणाको प्रयोजन छ। यही लक्षणलक्षणालाई 'जहत्स्वार्था वृत्ति' पनि भन्दछन्।

प्रत्येक ती द्विधा[2] हुन्छन् आरोपा,-ऽध्यवसानले ॥

पूर्वोक्त चार प्रकारका लक्षणा आरोप र अध्यवसानले फेरी दुई भेद हुन्छन्।
लक्षणाका अरू भेद—

विषयी-भित्र न रही अरूमा त्यै बुझाउने ॥ ८ ॥
'सारोपा', भित्र रहने हुन्छ 'अध्यवसानिका' ॥

जस्को स्वरूप अप्रकृत उपमानभूत विषयी(चन्द्रादि)ले निगीर्ण (छिपाइएको) छैन, त्यस्तो प्रकृत वर्ण्यमान विषय(मुखादि)को चन्द्रादिसँग तादात्म्य (एक-रूपता) प्रतीति गराउने सारोपा भनिन्छ। यही सारोपा लक्षणा रूपक अलंकारको बीज हो। रूढ़िमा सारोपा उपादानलक्षणा जस्तै—'अश्वः श्वेतो धावति' (सेतो घोड़ा दौड़न्छ) यहाँ 'अश्व' अनिगीर्ण स्वरूप छ र आफुमा समवाय सम्बन्धले रहने श्वेत वर्णसँग अभेद प्रतीति हुनाले आरोप छ, श्वेतको श्वेतगुणविशिष्टमा प्रसिद्धि हुनाले रूढ़ि छ, श्वेतगुण आफ्नू स्वरूपलाई पनि लक्ष्यार्थसँगै बोधित गर्दछ र उपादानलक्षणा हो। प्रयोजनमा जस्तै—'एते कुन्ताः प्रविशन्ति' (यी भाला पस्तछन्) यहाँ 'एतद्' सर्वनामबाट कुन्तधारी पुरुषहरूको निर्देश गरिएको छ, कुन्तसँग तिनी(लक्ष्यार्थ)को अभेद प्रतीति हुनाले उपादान छ, कुन्तहरूको अतिगहनत्व सूचन गर्नु प्रयोजन छ र यो प्रयोजनवती सारोपा उपादानलक्षणा हो। रूढ़िमा सारोपा लक्षणलक्षणा जस्तै—'कलिङ्गः पुरुषो युध्यते' यहाँ 'कलिङ्ग' शब्द कलिङ्गदेशवासीको उपलक्षण हुनाले लक्षण-लक्षणा छ, पृथक् निर्दिष्ट पुरुषका साथ अभेद प्रतीति हुनाले सारोपा र प्रयोजनाभाव तथा प्रसिद्धि हुनाले रूढ़ि हो। पुरुष र कलिङ्ग देशको आधाराधेयभाव सम्बन्ध छ। प्रयोजनमा सारोपा लक्षणलक्षणा जस्तै—'आयुर्घृतम्' (आयु घिउ हो) घिउ आयुको कारण त हो, तर आयु होइन। तथापि कार्यकारणभाव सम्बन्धले अभिन्न प्रतीत हुँदा सारोप छ, आयुशब्दले कारणलाई उपलक्षित गर्नाले लक्षणलक्षणा हो। यस्तै अरू चीजले भन्दा घिउले विलक्षण रीतिबाट आयु बढ़ाउने कुरा बुझाउनु प्रयोजन हुनाले प्रयोजनवती लक्षणा हो।

शक्यार्थका साथ अनेक प्रकारका सम्बन्धहरू लक्षणाका प्रयोजक हुन्छन् जस्तै—राजाको कुनै ठुलो मानिस जाँदामा पनि 'राजा असौ गच्छति' (यी राजा

१. सौजन्य। २. दुई प्रकारका।

जान्छन्) यस्तो प्रयोग हुन्छ । यो सारोपा प्रयोजनवती लक्षणा हो । यहाँ स्वस्वामिभाव सम्बन्ध लक्षणाको प्रयोजक छ । अथवा जस्तै—हातको केवल अग्रभागलाई 'हस्तः अयम्' (यो हात हो) यस्तो भनिन्छ । यो रूढ़िमा सारोपा लक्षणलक्षणा हो । यहाँ अवयवावयविभाव सम्बन्ध छ । अरू सम्बन्धमा जस्तै—सिकर्मीको कामगर्ने बाहुनलाई पनि 'तक्षा असौ' (यो सिकर्मी हो) भनिन्छ । यो प्रयोजनवती सारोपा लक्षणलक्षणा हो । यहाँ तात्कर्म्य सम्बन्ध छ । अर्को जस्तै—यज्ञमा इन्द्रका निमित्त गाड़िएका 'स्थूणा' (खम्बा)हरूलाई 'अमी इन्द्राः' (यी इन्द्र हुन्) भनिन्छ । यो प्रयोजनवती सारोपा लक्षणलक्षणा हो । यहाँ इन्द्रजत्तिकै पूज्यत्व द्योतन गर्नु प्रयोजन र तादर्थ्य सम्बन्ध छ । यसै गरी अरू उदाहरण पनि जान्नू ।

निगीर्ण (पूर्वोक्त) विषयको अन्य(विषयी)सँग अभेद ज्ञान गराउने लक्षणा 'साध्यवसाना' कहिन्छ । यसका ती चार भेदहरूका उदाहरणहरू पहिले नै दिइसकिएका छन् । अरू भेदहरू—

सादृश्यभिन्न-सम्बन्धी तिनी हुन् 'शुद्धलक्षणा' ॥ ६ ॥
सादृश्यले हुने 'गौणी', जम्मा सोन्ह-प्रकार छन् ॥

तिनी पूर्वोक्त आठ प्रकार (चार सारोपा, चार साध्यवसाना) लक्षणाहरू सादृश्यभन्दा भिन्न कुनै सम्बन्धद्वारा सिद्ध हुन्छन् भने 'शुद्धा' र सादृश्य सम्बन्ध नै यिनको प्रयोजक हुन्छ भने 'गौणी' लक्षणा भन्दछन् । सादृश्य बाहेक कार्यकारण-भावादि सम्बन्ध भएका शुद्ध लक्षणाका उदाहरणहरू 'अश्वः श्वेतो धावति' इत्यादि दिइसकिएका छन् । रूढ़िमा उपादानलक्षणा सारोपा गौणी जस्तै—'एतानि तैलानि हेमन्ते सुखानि' (यी तेलहरू हेमन्तमा सुखदिने हुन्छन्) यहाँ 'तैल' शब्द तिलबाट उत्पन्न भएको चिल्लोरूप मुख्य अर्थको उपादान (ग्रहण) गरेर नै तोरी आदिका तेलको बोधन गर्ने हुनाले उपादानलक्षणा हो । प्रयोजनमा जस्तै—राजकुमारहरू र उनै जस्ता अरू कुमारहरू सँगै जाँदा 'एते राजकुमारा गच्छन्ति' (यी राजकुमारहरू जान्छन्) यस्तो प्रयोग हुन्छ । यहाँ अरू कुमारहरू राजकुमार सरह आदरणीय हुनु प्रयोजन र सादृश्य सम्बन्ध हुनाले यो प्रयोजनवती सारोपा गौणी उपादानलक्षणा हो ।

यी पूर्वोक्त दुई उदाहरणहरूमा विषयवाचक 'एतानि, एते' पद नराखदा—रूढ़िमा उपादानलक्षणा साध्यवसाना गौणी जस्तै—'तैलानि हेमन्ते सुखानि' र प्रयोजनमा जस्तै—'राजकुमारा गच्छन्ति' यस्तो हुन्छ ।

रूढ़िमा सारोपा लक्षणलक्षणा गौणी जस्तै—'राजा गौडेन्द्रं कण्टकं शोधयति' (राजाले गौडदेशको राजा काँढ़ोलाई हटाउँछन्) यहाँ कण्टक शब्दको अर्थ 'काँढ़ो' को 'गौडेन्द्र'(राजा)सँग सामानाधिकरण्यबाट सम्बन्ध अनुपपन्न छ, यसैले कण्टक-शब्द सादृश्य सम्बन्धले काँढ़ाजस्तै दुःख दिने क्षुद्रशत्रुको उपलक्षण हो—यहाँ मुख्य अर्थको उपादान छैन । गौडेन्द्रशब्दबाट विषयको पृथक् निर्देश हुनाले आरोप र कण्टकशब्दको क्षुद्रशत्रुमा प्रसिद्धि हुनाले रूढ़ि पनि छ ।

प्रयोजनमा जस्तै—'गौर्वाहीकः' (पञ्जावी गोरु हो) पञ्जाबमा बस्ने कुनै मानिसको मूर्खतापूर्ण काम देखदा कसैले भनेको हो । यहाँ 'गौ' शब्दले सादृश्य

सम्बन्धबाट देशवासीलाई लक्षित गर्छ र यो गौणी लक्षणा हो। बाहीकमा मूर्खता प्रकट गर्नु प्रयोजन छ।

उक्त दुई उदाहरणमा 'गौडेन्द्र' र 'बाहीक' नराखदा साध्यवसानाका उदाहरण हुन्छन्। रूढ़िमा लक्षणलक्षणा साध्यवसाना गौणी जस्तै—'राजा कण्टकं शोधयति।' प्रयोजनमा जस्तै—'गौर्जल्पति' (गोरु बोल्दछ) यहाँ 'जल्प' धातुको अर्थ स्पष्टवाणी बोल्नु हो, त्यसमा कर्तृत्वरूपबाट गोरुको सम्बन्ध हुन सक्तैन र लक्षणा हुन्छ।

'गौर्वाहीकः' यो वाक्यका अर्थज्ञानको विषयमा कुनै भन्दछन्—'बाहीक गोरु हो' यो सुनेपछि गौशब्दबाट गोरुको ज्ञान र बाहीक शब्दबाट पञ्जावी मानिसको ज्ञान अभिधाशक्तिद्वारा हुन्छ ता पनि यी दुईको सामानाधिकरण्यबाट अन्वय हुन नसक्नाले गोशब्दले आफूमा रहेको जड़त्व-मन्दत्वादि गुणलाई लक्षणाबाट बुझाए-पछि तिनै गुणहरू गोशब्दबाट अभिधाद्वारा बाहीकरूप अर्थ बोध गर्नामा निमित्त (प्रवृत्ति निमित्त) हुन्छन्।' तर यो भन्नु ठिक छैन। किनभने एक त गौशब्दको संकेत (शक्ति) बाहीकमा गृहीत छैन र अभिधान गर्ने नसकिने छ—विनाशक्तिज्ञानको कुनै शब्दले कुनै अर्थको अभिधान गर्दैन, दोस्रो यहाँ गौशब्दले आफ्नो पशुरूप अर्थलाई अभिधाशक्तिद्वारा पहिले नै बोधन गरिसकेको हुनाले त्यस्को शक्ति थन्किसकेको छ, 'थन्किसकेका शक्तिको दोस्रो पटक उत्थान हुन सक्तैन' भन्ने हुँदा यस्को फेरी अभिधाशक्ति जागृत भएर 'बाहीक' भन्ने अर्थ आउनसक्तैन।

फेरी अरूको मत छ—'गौशब्दबाट अभिधाशक्तिद्वारा बाहीकरूप अर्थको बोध हुँदैन, तथापि गोशब्द आफ्नो अर्थ पशुमा रहने गुणहरूको सदृश हुनाले बाहीकमा रहेका जाड्यादि गुणहरूको नै लक्षणाबाट बोधन गर्दछ।' किन्तु यो कुरा अरूले मान्दैनन्। किनभने यहाँ तिम्रो मतमा गौशब्दबाट बाहीकरूप अर्थको प्रतीति हुन्छ वा हुँदैन ? हुन्छ भने गौशब्दैबाट हुन्छ की ? गौशब्दबाट लक्षित गुणहरूबाट अविनाभावद्वारा ? यिनमा पहिलो मत गौशब्दको बाहीकमा संकेतग्रह नहुनाले ठिक छैन। दोस्रो मत पनि जुन अर्थ अविनाभावद्वारा प्राप्त हुन्छ त्यस्को शाब्दबोधमा प्रवेश हुन नसक्नाले ठिक छैन। कारण 'शब्दसम्बन्धी आकांक्षा शब्दबाट नै पूर्ण हुन्छ' यो नियम छ। यदि गौशब्दबाट बाहीकको प्रतीति हुँदैन भने गोपदार्थसँग बाहीकको सामानाधिकरण्य नै असंगत हुन जानेछ।

उपचार भनेको—अत्यन्त नै भिन्न-भिन्न प्रतीतिका विषय, परस्परमा अत्यन्तै निराकांक्ष, दुई पदार्थको सादृश्यातिशय हुनाले भेद ज्ञान तिरोहित हुनु (अभेद हुन जानु) नै हो। जस्तै—'अग्निर्माणवकः' (बालक आगो छ) यहाँ बालक र आगो यी दुई भिन्न-भिन्न पदार्थको बोधन गर्दछन्, परस्पर सामानाधिकरण्य हुन सक्तैन। साकांक्ष छैनन्, तथापि 'तेजी' आदि समान गुणद्वारा सादृश्य हुनाले भिन्नताको प्रतीति यहाँ छिप्न गएको छ। भेदप्रतीति-स्थगनलाई नै उपचार भन्दछन्। उपचार-बाट हुने लक्षणा गौणी लक्षणा हो। 'शुक्लः पटः' (सेतो कपड़ा) इत्यादिमा हुनत शुक्ल गुण र पटरूप द्रव्य भिन्न-भिन्न छन्, परन्तु तिनीहरू आगो र बालकजस्तो अत्यन्त भिन्न छैनन्, यसैले यहाँ उपचार छैन। यस्ता प्रयोगमा 'शुद्धा लक्षणा' नै जान्नुपर्दछ।

फलमूलक व्यंग्यका भेद—

गूढा,ऽगूढ हुँदा व्यंग्य फललक्षण सोन्ह छन् ॥ १० ॥

प्रयोजन (फल) मूलक जो आठ प्रकारका लक्षणाहरू देखाइए ती प्रयोजनरूप व्यंग्य गूढ र अगूढ हुँदा तिनका सोन्ह भेद हुन्छन्। ती दुईमध्ये गूढ व्यंग्य चाहीँ वाक्यार्थको विचारमा सूक्ष्मार्थदर्शनसामर्थ्यबाट नै जान्न सकिन्छ, साधारण बुद्धिले जान्नसकिने हुँदैन। जस्तै—'गरनुभो उपकार म के भनौं ?' इत्यादि। अगूढ व्यंग्य अत्यन्त स्पष्ट हुनाले सबैले संझन सकिने हुन्छ। जस्तै—

'श्री-परिचय भै जड पनि हुन्छन् विदग्ध-चरित्रका ज्ञाता।
सूचदछ कामिनीको यौवन-मद नै विलासहरू ॥

यहाँ लक्षणाले उपदेश(सूचन)को अर्थ 'प्रकट गर्नु' भन्ने हुन्छ। प्रकटको अतिशय, जो यहाँ व्यंग्य प्रयोजन छ त्यो अभिधेय अर्थ जस्तै स्पष्टरूपसँग प्रकाशित हुन्छ।

धर्मिमा, धर्ममा बस्ता फलभेद छ बत्तिस ॥

यी पूर्वोक्त सोन्ह-थरीका लक्षणाफल(व्यंजनागम्य प्रयोजन)का धर्मिमा र धर्ममा समेत रहने हुनाले फेरी प्रत्येक दुई भई बत्तिस प्रकार हुन जान्छन्।

केही दिग्दर्शन जस्तै—

'स्निग्ध-श्यामल[1] छन् अकाश, बकुला छन् साथमा मेघका,
छन् हावा पनि ठण्डि, छन् मुजुरका आनन्ददायी स्वर।
होउन् लौ सब ती, कडा हृदयको हूँ राम सारा सहेँ,
वैदेही[2] त हुनिन् कसो ? अहह हो !! हे देवि ! धीरा बन ॥'

यहाँ अत्यन्त दुःखसहिष्णुरूप राम धर्मी लक्ष्य छ र उनैको अतिशय, व्यंजनाद्वारा बोधित फल (प्रयोजन) छ। 'गंगामा गोठ छ' यस उदाहरणमा शीतत्व-पावनत्वरूप धर्मको अतिशय व्यंजनाद्वारा बोधित हुन्छ, त्यो धर्ममा रहन्छ र धर्मगत फलको उदाहरण हो।

यसरी लक्षणा-भेद मान्छन् चालिस विज्ञले ॥ ११ ॥

पूर्वोक्त प्रकारले रूढ़िमा आठ र प्रयोजनमा बत्तिस भेद हुनाले सबै मिलेर लक्षणाका चालिस भेद हुन्छन्।

अरू भेदहरू—

पद वा वाक्यमा बस्ता तिनी प्रत्येक छन् द्विधा ॥

यी सब अहिले कहिएका चालिस प्रकारका लक्षणाहरू पद र वाक्यमा समेत रहने हुनाले प्रत्येक नै दुई-दुई प्रकार हुन्छन्। तिनमा पदगतको उदाहरण 'गंगायां घोष' इत्यादि हुन्। वाक्यगतमा 'गरनुभो उपकार म के भनौं ?' इत्यादि हुन्। यसरी सबै मिलेर लक्षणा 'असी' प्रकारको छ।

---

१. चिल्लो-नीलो। २. सीता।

व्यञ्जना वृत्तिको निरूपण—

अभिधादि हटी शब्द, अर्थ इत्यादिको पनि ॥ १२ ॥
जस्ले अर्को अर्थ सूच्छ 'व्यञ्जना वृत्ति' हो त्यही ॥

'शब्द, बुद्धि, कर्महरूको विराम (विश्रान्ति) भैसकेपछि फेरि व्यापार हुँदैन' यस नियमले अभिधा, लक्षणा र तात्पर्य नामक शब्दका तीन वृत्ति(व्यापार)हरू क्षीण भएपछि जुन द्वारा अर्थ बोधित हुन्छ त्यो शब्दनिष्ठ, अर्थनिष्ठ, प्रकृतिनिष्ठ, उपसर्गादिनिष्ठ, शक्ति व्यञ्जना हो। त्यही व्यञ्जना, ध्वनन, गमन, प्रत्यायन, आदि नामहरूबाट पनि व्यवहार हुन्छ। (तीन शक्तिहरूले अभिधेय, लक्ष्य, तात्पर्यार्थ बुझाई थक्किसकेपछि प्रतीत हुन आउने अर्थलाई बोधन गर्ना निमित्त कुनै चारौं वृत्ति मान्नु पर्दछ, त्यसैलाई 'व्यंजना' भन्दछन्)।

तिनमा—

अभिधालक्षणा-मूल व्यञ्जना शाब्द[1] छन् द्विधा ॥ १३ ॥

शब्दको व्यञ्जना अभिधामूलक र लक्षणामूलक यी दुईको मध्यमा अभिधामूलकको स्वरूप—

बहूर्थ-शब्दको एक अर्थमा टुङ्गिदा पनि ॥
योगादिले अरू सूच्ने 'अभिधा व्यञ्जना' उ हो ॥ १४ ॥

यस कारिकामा 'आदि' शब्दले 'विप्रयोगादि'को ग्रहण हुन्छ।

भनिएको पनि छ—

'संयोग वा विप्रयोग, साहचर्य, विरोधिता,।
अर्थ, लिङ्ग, प्रकरण, सामीप्य अरु शब्दको,॥
सामर्थ्य, योग्यता, देश, काल, व्यक्ति स्वरादि नै।
शब्दार्थ-ज्ञान गर्दामा विशेष स्मृतिहेतु[2] छन्॥'

संयोगादिका उदाहरणरू जस्तै—

'हरि' शब्दका इन्द्रादि धेरै अर्थ छन् 'सशंखचक्रो हरिः' (शंख चक्र लिएको हरि) यस्तो बोलदा 'शंखचक्र'को योगले गर्दा 'हरि' पदले 'विष्णु'को नै बोधन गर्दछ। वियोग=छुट्टिनु हो। 'अशंखचक्रो हरिः' बोलदा पनि 'हरि' पदले विष्णुलाई नै कहन्छ। साहचर्य=साथ रहनु हो। भीम=भयंकर, अर्जुन=खरीवृक्ष हो त पनि 'भीमार्जुन' कहँदा पाण्डव—भीमसेन र अर्जुनको नै बोध हुन्छ। विरोधिता=प्रसिद्ध वैरभाव हो, 'कर्णार्जुन' कहँदा 'कर्ण' शब्दबाट महावीर कर्णको बोध हुन्छ, कानको हुँदैन। अर्थ=चतुर्थी आदि विभक्तिबाट ज्ञान हुने प्रयोजन हो, 'स्थाणुं वन्दे भवच्छिदे'

---

१. शब्द-सम्बन्धले हुने। २. पदार्थको उपस्थितिरूपमा कारण।

बोलदा 'स्थाणु'ले ठुटो र शिवलाई कहन्छ त पनि संसारोच्छेदरूप अर्थ शिवबाटै हुन्छ, ठुटोबाट हुँदैन र शिवको नै बोध हुन्छ। प्रकरण = वक्ता र श्रोताको बुद्धिस्थता हो, 'सर्वं जानाति देवः' यहाँ देव पदको अर्थ प्रकरणगत राजा नै हो, देवता होइन। लिङ्ग = यौटैमा रहने चिन्ह हो, 'कुपितो मकरध्वजः' यस्तो बोलदा मकरध्वजले समुद्रलाई कहन्छ त पनि कोपरूप चिन्ह समुद्रमा नरहनाले कामदेव नै बुझिन्छ, समुद्रको बोध हुँदैन। देवपदको अर्थ जुनसुकै देवता भए पनि 'देवः पुरारिः' बोलदा 'पुरारि' पदको सामीप्यबाट त्रिपुरासुरका शत्रु 'शिव'को बोध हुन्छ, अरु देवताको हुँदैन। सामर्थ्य = शक्ति हो, 'मधु' पदले दैत्य-वसन्त, मद्यलाई कहन्छ तपनि 'मधुना मत्तः पिकः' यहाँ कोइलीलाई मस्त गरने सामर्थ्य वसन्तमा नै हुनाले अरु बुझिन्नन् वसन्तको न बोध हुन्छ। औचित्य = अनुकूलता हो, प्यारी रिसाएर खिन्न पुरुषका प्रति 'पातु वो दयितामुखम्' यहाँ औचित्यले गर्दा रक्षाको योग्यता संमुखतामा नै हुनाले मुखशब्दबाट संमुखता बुझिन्छ खाने मुख बुझिंदैन। 'चन्द्र'को अर्थ कपूर इत्यादि पनि छ, परन्तु 'विभाति गगने चन्द्रः' यहाँ चन्द्रमाको नै बोध हुन्छ, कपूरको हुँदैन कारण आकाशदेशमा उही शोभमान छ। 'निशि चित्रभानु' यहाँ चित्रभानु शब्दको सूर्य पनि अर्थ छ तापनि समयले गर्दा चित्रभानु पदले अग्निको बोध हुन्छ, सूर्यको हुँदैन। व्यक्तिको अर्थ = स्त्रीलिङ्ग, पुंलिङ्ग इत्यादि हो, 'भाति रथाङ्गम्' यहाँ 'नपुंसक लिङ्ग' हुनाले चक्र(रथको पांग्रो)को नै ग्रहण हुन्छ, चरोको हुँदैन। 'स्वर' उदात्तादि स्वर हुन्, ती वेदमा नै विशेष अर्थलाई निर्णय गर्ने हुन्छन्, परन्तु काव्यमा यसबाट अर्थको निर्णय हुँदैन र यहाँ त्यो (उदात्तादिको) उदाहरण दिइएको छैन।

कुनै त यो कुरालाई नसहेर भन्दछन्—'काकु आदि कण्ठस्वर काव्यमा विशेष अर्थलाई बुझाउने हुन्छ र उदात्तादि स्वरले पनि भरतमुनिको कथनानुसार शृङ्गारादि रसको बोधन गराउने नै हुन्छ। यसैले यिनीहरूको पनि उदाहरण दिनु नै उचित छ।' तर यो कुरा ठिक छैन। किनभने काकु आदि अथवा भरतोक्त उदात्तादि स्वरले केवल व्यंग्य अर्थको नै विशेषता बताउँछन्। यस प्रकरणमा कहिएका अनेकार्थक शब्दको कुनै एक अर्थलाई निर्णय गर्नु यिनको काम होइन। के त भने पूर्वोक्त प्रकरणादिको नियम नरहनाले जहाँ अनेकार्थक शब्दहरूका दुई वा बढ़ी अर्थ अनियन्त्रित (अनिवारित) रूपले प्रकट हुन्छन्, त्यहाँ अनुकूल स्वरले गर्दा एउटै अर्थको उपस्थिति मानेमा त श्लेषलाई छोड्नु पर्नेछ। परन्तु यस्तो हुन सक्तैन, स्वरभेद भएमा पनि श्लेष मानिन्छ। यसैले श्लेषालङ्कार निरूपणको अवसरमा यो भनिएको छ—'काव्यमार्गमा स्वरको वास्ता गरिंदैन—'। यस निमित्त उपजीव्य (आधारस्वरूप) मान्य जनहरूले गरिएको पूर्वोक्त व्याख्याउपर कटाक्षपात गर्नु उचित छैन।

'काल, व्यक्ति, स्वरादि नै' यहाँको आदि पदले हात आदिका चेष्टाहरू लिइन्छन्। यसैले 'एतावन्मात्रस्तनी' इत्यादिमा हातका चेष्टाहरूले स्तनादिको आकार कमलका कोपिला इत्यादिको बोधन गर्ने हुन्छ।

यस प्रकारसँग अभिधाद्वारा एक अर्थको नियन्त्रित भएमा पनि शब्दका अरू अर्थको ज्ञानमा कारण जुन शक्ति छ, त्यसलाई 'अभिधामूलक व्यञ्जना' भन्दछन्।

यसको उदाहरणमा ग्रन्थकारका पिता, महापात्र, चतुर्दशभाषाविलासिनी-भुजंग, महाकवीश्वर, श्रीचन्द्रशेखरको जस्तै—

'दुर्गालङ्घित-विग्रह, स्मरकनै जित्नै पनि तेजले,
उद्यत्-राजकला हुने, अतिठुला, घेरीलिने भोगिले ।
नक्षत्रैश-कृतेक्षणौ, गिरिगुरूमा प्रेम राख्ने अति,
गौ ढाकेर विभूति-शोभित, थिनी शुभ्छन् उमावल्लभ'[1] ॥

यहाँ प्रकरणबाट 'उमावल्लभ' शब्दको 'उमा नामक महारानीका पति भानुदेव राजा' यो अभिधेय अर्थ निश्चित भएमा पनि व्यंजनाकै द्वारा 'गौरीवल्लभ' (शंकर) रूप अर्को अर्थ बोधित हुन्छ । यसै गरी अरू उदाहरण पनि जान्नू ।

लक्षणामूलक व्यञ्जनाको निरूपण—

लक्षणा लिइने हुन्छ जे-को निंति त्यही कुरा ॥
जस्ले बुझाइने हुन्छ 'लक्षणा व्यञ्जना' उ हो ॥ १५ ॥

'गंगायां घोषः' इत्यादि वाक्यमा अभिधाशक्तिद्वारा गंगा पदबाट जलमय (प्रवाह) रूप मुख्य अर्थलाई बुझाएर अभिधाशक्ति थकिएपछि फेरि तटादिरूप लक्ष्यार्थलाई बोधन गरेर लक्षणाशक्ति पनि चुप लागेपछि शीतलत्व र पावनत्वको अधिकता जुन शक्तिद्वारा प्रतीत हुन्छ, त्यसलाई 'लक्षणामूलक व्यञ्जना' भन्दछन् ।

यसरी शब्दगत व्यञ्जना निरूपण गरेर अब अर्थमूलक व्यञ्जनाको निरूपण गरिन्छ—

'वक्तृ-बोद्धव्य वाक्यैको, अन्य सन्निधि वाच्यको ॥
प्रस्ताव[2] देश-कालैको, काकु[3], चेष्टादिको पनि ॥ १६ ॥
वैशिष्ट्यले[4] अरू अर्थ सूच्ने हो 'अर्थ व्यञ्जना' ॥

वक्ता, वाक्य, प्रकरण, देश र समयको विशेषताले उत्पन्न भएका व्यञ्जनाको उदाहरण, जस्तै ग्रन्थकर्ताको—

---

१. राजा तर्फको अर्थ—किल्लाहरूले रोक्न नसकिने संग्राम गर्ने, कामदेवभन्दा राम्रो, बढ़ेको राजसमूहलाई वश गर्ने, गौरवशाली, उपभुक्त पुरुषहरूले चारैतिर घेरिएको, ठुलठुला क्षत्रिय राजाहरूले हेर्नै नसकिएको, शिवमा प्रेम राख्ने, पराक्रमले पृथ्वी ढाकेर ऐश्वर्यले शोभित, उमा महारानीका पति (भानुदेव) । शिव तर्फको व्यंग्य अर्थ :—पार्वतीले आधा भएर शरीर आक्रमण गरिएका, कामदेवलाई तृतीय नेत्रले भस्म गर्ने, उज्यालो चन्द्रकला धारण गर्ने, गौरवयुक्त शरीर भएका, चारैतिर सर्पहरूले वेह्रिएका, चन्द्रमाले हेरिएका वा चन्द्र आँखा गरेका, हिमालय ससुरामा प्रेम गर्ने, वृषभ चढ़ेर विभूतिले शरीर सिङ्गारिएका, उमा(पार्वती)का पति (शिव) । २. प्रकरण । ३. स्वरविकार । ४. विलक्षण ज्ञानले ।

'कालै वसन्त छ, रिसाउँछ यो अनङ्ग[१],
हावा बहन्छ रति-खेद-हटालु[२] सुस्त।
केली-वनी[३] पनि छ बञ्जुलकुञ्ज-शोभी[४]
छन् स्वामि दूर, भन, के छ सुकृत्य[५] आज ? ॥'

यस श्लोकमा नायिकाले आफ्नी सँगिनीसँग 'यहाँ चाँडो नै तिमीले गुप्त कामुकलाई पठाऊ' यो कुरा व्यञ्जनाद्वारा सूचित गरिएको छ।

बोद्धव्यका विशेषताको उदाहरण जस्तै—

'लेशै-चन्दनको[६] छ त्यो स्तनतटी[७], निम्नोष्ठ[८] रातो न छ,
टाढै-गाजल-शून्य[९] नेत्र, दुबलो मूर्ती[१०] छ रोमाञ्चित[११]।
सङ्गीको अतिकष्ट याद नलिने, हे दूति[१२], झुट्टी[१३] ! तिमी
स्नानै गर्न तलाउ-तर्फ गइछौ, गैनौ उ धूर्त-तिर ॥'*

---

१. कामदेव। २. रतिको थकाई मेट्ने। ३. खेलवाड़ गरिने वन। ४. अशोकका फेदको लतागृहले मनोहर। ५. राम्रो काम। ६. चन्दन शेष नरहेको। ७. स्तनको छेऊ। ८. तल्लो ओठ। ९. टाढैमा गाजल नरहेका। १०. शरीर। ११. जुरुङ्ग काँढ़ा उम्रेको। १२. सङ्गिनीले गर्नुपर्ने काम नगरी दूतीको काम गर्ने। १३. म गएर धेरै संझाउदा पनि आएनन् भनी झुट्टो बोलने। * नायकलाई लिन पठाइएकी, तर उसैसँग संभोग गरेर आएकी, सँगिनीप्रति स्नानकार्यको प्रकाशनद्वारा संभोग प्रकाशन गर्ने चतुरी उत्तम-नायिकाको यो उक्ति हो। जस्तै—सँगिनीलाई अतिपीड़ा भएको कुरा ख्याल नराखी त्यो धूर्ततर्फ नगईकन पनि 'गई संझाएँ आएनन्' भनी सँगिनीलाई झूठो कुरा गरी ठग्ने दूती जस्ती सँगिनी ! तिमी न्वाउन तलाउतिर गइछौ किनभने—न्वाउँदा पानीले स्तनको चन्दन पुछिएको छ, ओठमा लाली छैन, टाढै गाजल नदेखिने आँखा छन्, जाड़ोले पातलो (दुब्लो) शरीर काँपिरहेको छ। यो अभिधाशक्तिबाट बुझिने साधारण अर्थ हो।

न्वाउँदा सारा अङ्गको चन्दन पानीले पखालिनु पर्दथ्यो तर स्तनका एक छेऊको मात्र चन्दन खसेकोले चोरी कर्मको डर सहितको संभोग हुँदा पूरा स्तन मर्दन हुन नपाई हतारले एक छेऊमात्र मर्दन भएर केहि चन्दन खसेको, तलाउमा घोप्टो परी न्वाउँदा माथिल्लो र तल्लो दुवै ओठको लाली पानीले पखालिने थियो तर उत्तानु परी संभोग भएकोले चूमदा तल्लो ओठको लालीमात्र नरहेको र माथिल्लो ओठको रहेको, न्वाउँदा आँखाका सबै भागको गाजल पखालिनु पर्दथ्यो तर कामशास्त्रानुसार आँखाका छेऊमात्र चूमिएकोले तहाँ गाजल नरहेको र मध्यभागमा रहेको, न्वाउँदा जाड़ोले भएको रोमाञ्च बाटोको हिँड़ाईले हटिसक्नु-पर्दथ्यो तर त्यहाँ संभोग हुँदा अनुभव भएका अद्भुत रसको संझना हुनाले अहिलेसम्म रोमाञ्च रहेको र संभोगको श्रमले शरीर दुब्लो देखिएकोले पनि छलकारा तिमी त्यस धूर्तकै नगीच रमण गर्न गएकी होऊ न्वाउन गएकी होइनौ भन्ने विपरीत-लक्षणाद्वारा लक्षित भएका अर्थको व्यंग्यार्थ हो।

यस श्लोकमा 'गैनौ उ धूर्त-तिर' यस अंशबाट विपरीत-लक्षणाद्वारा 'त्यस्कै नजिक गएकी थियौ' यो अर्थ लक्षित हुन्छ र त्यस्को 'रमण गर्न' भन्ने यो अर्थ व्यंग्य छ, जो प्रतिपाद्य दूतीका विशेष दशाले बोधित हुन्छ।

अन्यसन्निधि विशेषताको उदाहरण जस्तै—

'हेर, निश्चल-निस्पन्दा[1] कमलिनी-पत्रमा शुभ्छ बकुल्ली।
स्वच्छ मरकत-पात्रमा[2] रहने त्यो शंख-शुक्ति[3] सरी॥'

यहाँ बकुल्लीलाई शंख (जड पदार्थ) जस्तै 'निस्पन्द' कहनाले त्यस्को विश्वस्तता द्योतित हुन्छ। 'बकुल्ली निःशंक बसेकोले निर्जन छ र निर्जनताले संकेतस्थान हो' यो कुरा कुनै नायिकाले नगिचको कुनै कामुकलाई व्यञ्जनाद्वारा भन्दछे। यस श्लोकमा व्यंग्यार्थ(संकेतस्थान)को निर्जनत्वरूप विशेषता नै यहाँ प्रयोजन छ।

'कण्ठध्वनि[4] बदल्नू नै 'काकु' हो धीर भन्दछन्।'

यस श्लोकमा कहिएका काकुका भेद आकरग्रन्थ(नाट्यशास्त्रादि)बाट जान्नु पर्दछ। काकुका विशेषताको उदाहरण जस्तै—

'गुरु-परतन्त्र[5] हुनाले खेद छ टाढा जान उनी लागे।
भ्रमर-कोकिल-सुन्दर, वसन्तमा नआउलान् उ सखी!॥'

सँगिनीसँग नायिकाको यस्तो उक्तिमा सँगिनीले यही श्लोक आफ्नो गलाको दोस्रै ध्वनिले पढ़िदिँदा यस्को 'नत्र त जान्यै थिएनन्, अवश्य नै आउलान्' भन्ने यस्तो अर्थ काकुले व्यक्त हुन्छ।

चेष्टा वैशिष्ट्यको उदाहरण जस्तै—

'संकेत-काल चाहेको गुण्डो देख्ती छटेलले।
प्रफुल्ल[6] नेत्रमा सूच्तै लीला-कमल छोपियो[7]॥'

यहाँ कमल छोपिदिनाले कुनै नायिकाले यो सूचना गरी—'सन्ध्या (कमल मुकुलित हुन्छ) संकेतको समय हो'। यसै गरी वक्ता आदिका विशेषताहरूका पृथक् पृथक् र मिलेका उदाहरणहरू जान्नू।

अर्थको त्रिवित्धवैले नै प्रत्येक त्रिविधा छ यो॥ १७॥

अर्थ वाच्य, लक्ष्य र व्यंग्य तीन रूपको हुनाले पूर्वोक्त अर्थमूलक व्यंजनाहरू पनि तीन प्रकारका नै हुन्छन्। तीमध्ये वाच्यार्थको व्यंजना जस्तै—'कालै वसन्त छ'—इत्यादि। लक्ष्यार्थको व्यंजना विपरीतार्थद्वारा जस्तै—'लेशै चन्दन छैन'—इत्यादि।

---

१. हिंड़ाई र अङ्गहरू हल्लनु नभएकी। २. नीलमणिको भाँड़ोमा। ३. शंखाकारको सिपी। ४. शोक, हर्ष, भय इत्यादिले गलोको आवाज। ५. बाबुको पराधीन। ६. खुलेको। ७. ढाकेर राखियो।

व्यंग्यार्थको व्यंजना जस्तै—'हेर, निश्चल'—इत्यादि । प्रकृति, प्रत्ययादिका व्यंजनाको विस्तार पछि गरिनेछ ।

शब्द-बोध्य छ लौ अर्थ, अर्थ-बोध्य छ शब्द नै ॥
गर्दा प्रकट यौटोले अर्को हुन्छ सहायक ॥ १८ ॥

शब्दले अर्थको र अर्थले शब्दको अपेक्षा व्यंजनमा गर्ने हुनाले यौटाको व्यंजकत्वमा दोस्रोको सहकारिता अवश्य नै मान्नु पर्दछ ।

अभिधादि-त्रयोपाधि-वैशिष्टचैले तिनै-थरी ॥
शब्दै पनी वाचक र हुन्छ लक्षक, व्यंजक ॥ १९ ॥

अभिधाशक्ति उपाधि (व्यापार) हुने वाचक, लक्षणाशक्ति उपाधिको लक्षक, व्यंजनाशक्ति उपाधिको व्यञ्जक, शब्द कहलाउँछ ।


परन्तु—

पदार्थान्वय-बोधैमा 'वृत्ति तात्पर्य' मान्दछन् ॥
'तात्पर्यार्थ' तदर्थै र 'वाक्य' तद्-बोधि नै पनि ॥ २० ॥

अभिधाशक्ति एक-एक पदार्थलाई भिन्न-भिन्न बोधन गरेर थन्किएपछि ती छरिएका पदार्थहरूलाई परस्पर सम्बद्ध गरी वाक्यार्थको स्वरूप दिने तात्पर्यनामक वृत्ति (शक्ति) छ । त्यस वृत्तिको प्रतिपाद्य अर्थ नै तात्पर्यार्थ हो र त्यसको बोधक वाक्य हो । यो अभिहितान्वयवादी प्राचीन नैयायिक र कुमारिलभट्ट आदिको मत हो । धेरैजसो आचार्यहरू यही मतका पक्षपाती छन् ।

इति साहित्यदर्पण-अनुवादमा वाक्यस्वरूप-निरूपण नामक

द्वितीय परिच्छेद ।



तृतीय परिच्छेद

—:०:—

प्रकरण-प्राप्त रसको निरूपण—

विभाव, अनुभावैले व्यक्त सञ्चारिले पनि ।
रस बन्दछ रत्यादि स्थायिभाव सचेतको[1] ॥ १ ॥

विभाव अनुभाव आदिका लक्षण पछि बताइनेछन्। प्राचीन कारिकाहरूमा विभावादिका साथै सात्विकादि(स्तम्भ, स्वेदादि)लाई पनि रसको व्यञ्जक मानेका छन्, परन्तु तिनीहरू पनि अनुभावहरूमै अन्तर्गत छन् र तिनलाई यहाँ भिन्नै कहिएको छैन। यो कारिकामा दूधबाट दही आदि जस्तै दोस्रो रूपमा परिणत हुनु 'व्यक्त' पदको अर्थ हुनाले रति आदि स्थायीभाव, ज्ञानका विषय हुँदामा मात्र रस कहलाउँछन्, अरू बखतमा हुँदैनन्। यहाँ दीयोले घट प्रकाशित भए झैं पहिलेदेखि रहेको रस व्यक्त हुने होइन।

त्यही कुरा लोचनकार(श्री अभिनवगुप्तपादाचार्य)ले भनेका छन्। 'रसाः प्रतीयन्ते' (रस प्रतीत हुन्छन्) भन्नु त 'भात पकाउँछन्' भने जस्तो व्यवहार मात्र हो। किनभने पाकिसकेपछि मात्र 'भात' भन्ने नाम हुन्छ, न पाकदै त चामल नै रहन्छन्। प्रतीतिबाट नै रस निष्पन्न हुने हो र प्रतीयमान नै रस हो। प्रतीतिभन्दा पहिले रसको स्थिति नहुने हुनाले दीप-घटको दृष्टान्त यहाँ ठिक छैन, दहीको सादृश्य नै सुसंगत छ।

रति आदि स्थायी भाव नै हुन्, अरू केही त होइनन्, तिनीहरूको नाम मात्र कहिदिनाले पनि स्थायित्व बोध हुन सकन्यै थियो, तथापि उक्त कारिकामा स्थायी (सदाकाल रहने) पदको निर्देश गरिएकोले यो सूचना हुन्छ—जो रति आदि, एक रसका स्थायी छन् तिनीहरू नै अर्को रसमा गएर अस्थायी हुन जान्छन्, यसैले हास, क्रोधादि हास्य र रौद्रादि रसहरूका स्थायी भएमा शृङ्गार, वीर आदि रसहरू सञ्चारी (अस्थायी) हुन जान्छन्।

भनेको पनि छ—

'रसरूप हुने भाव स्थायीको पद पाउँछ' ॥

रसका स्वरूपको निरूपण र उसका आस्वादनको प्रकार—

सत्व बढ्दा अखण्ड स्व-प्रकाशानन्द चिद्घन ।
ज्ञानान्तरस्पर्श-शून्य, ब्रह्मास्वाद-सहोदर, ॥ २ ॥

---

१. चैतन्ययुक्त समाजको ।

अलौकिक चमत्कार-पूर्ण, यो रस विज्ञले।
स्वाकार झैं अभिन्नत्वरूपले अनुभूत छ॥ ३ ॥

'जो रजस्तमले स्पृष्ट छैन त्यो मन सत्व हो' ॥

यो पूर्वाचार्यहरूको उक्ति अनुसार बाहिरी विषयहरूबाट चित्तवृत्तिहरूलाई हटाउने कुनै अन्तस्करणको धर्म सत्व कहलाउँछ, त्यस्का रज र तमोगुणलाई दबाई कार्यमा असमर्थ बनाएर प्रकाशित हुनु 'उद्रेक' (बढ्नु) पदको अर्थ हो। कुनै मार्मिक कविबाट निर्मित अलौकिक काव्यको अर्थ(विभाव अनुभाव आदि)को भावना (परिशीलन) यो सत्वोद्रेकको कारण हुन्छ।

'अखण्ड'को अभिप्राय यो हो कि विभावादि र रत्यादिको प्रकाश, एवं सुख र चमत्कार यिनीहरू सबैसँग अभिन्न- एतद्आत्मा-रस एउटै हो।

प्रश्न—विभाव आदि अनेक पदार्थहरू रसका अन्तर्गत छन् भने यो एक अथवा अखण्ड कसरी हुन सक्तछ ?

उत्तर—यस विषयमा हेतु (समूहालम्बनात्मक-ज्ञानस्वरूपत्व) पछि बताइनेछ। स्वप्रकाशत्वादि पनि पछि बताइने रीतिले जान्नू।

'चिन्मय' यो शब्दमा स्वरूप अर्थमा 'मयट्' प्रत्यय भएको छ। विस्मय नामको चित्तको विस्तार(विकाश)लाई चमत्कार भन्दछन्। रसमा यही चमत्कार प्राणरूप हुन्छ। यस कुरामा मेरा वृद्ध प्रपितामह श्री नारायणले पनि भन्नु भएको थियो। त्यही कुरा धर्मदत्तले आफ्नो ग्रन्थमा भनेका छन्—

'सर्वत्र रसमा सार चमत्कारै त वेद्य[1] छ ॥
चमत्कारै सार हुँदा मानिन्छ रस अद्भुत ॥
त्यस्ले नारायण कृती रस अद्भुत[2] मान्दछन् ॥'

विशिष्ट योगीहरूले ब्रह्मको साक्षात्कार गरे झैं कुनै कुनै पुण्यवान्(वासनाख्य संस्कारले युक्त सहृदय पुरुष)हरूले रसको आस्वाद लिन्छन्। सबलाई रसको साक्षात्कार हुँदैन। भनेको पनि छ—

'पुण्यवान्ले स्वाद[3] लिन्छन् रसको योगितुल्य भै ॥'

हुन त 'काव्यार्थको भावनाद्वारा आत्मानन्दको आस्वाद हुन्छ' यस कथनको अनुसार रस आस्वादरूप नै हो। आस्वादभन्दा बेग्लै कुनै आस्वाद्य वस्तु रस होइन। तथापि 'रसः स्वाद्यते' (रस स्वाद लिइन्छ) इत्यादि प्रयोग कल्पित भेद मानेर गरिएको संझनु पर्दछ। अथवा यिनलाई कर्मकर्ताको प्रयोग 'रसः स्वयमेव आस्वाद्यते' (रस आफूबाट अभिन्न आस्वादको विषय हो) भन्ने संझनु पर्दछ। यही कुरा भनेको पनि छ—'रसमा रस्यमानता नै साररूप हुन्छ, यसैले रस, प्रकाश शरीर (ज्ञानरूप)

---

१. अनुभव गर्न योग्य। २. अनिर्वचनीय। ३. पूर्ण अनुभव।

भन्दा अर्को होइन। यसै गरी यस्ता अरू स्थानहरूमा पनि उपचारबाट गरिएको गौण प्रयोग जान्नू।

प्रश्न—यस कथनको अनुसार रसलाई ज्ञानस्वरूप नै मान्ने हो भने त त्यो अज्ञेय भयो, ज्ञानको विषय भएन। किनभने ज्ञान र विषय सदा नै भिन्न हुन्छ, यसैले प्रकाश (ज्ञान) स्वरूप रस पनि आस्वाद र प्रकाशको विषय हुन सक्तैन। फेरि व्यञ्जनाशक्तिद्वारा उत्पन्न भएको प्रतीति पनि ज्ञान-विशेष नै हुन्छ र पूर्वोक्त रीतिले रस पनि ज्ञान-विशेष नै सिद्ध भएकोले यसरी रस, व्यञ्जनास्वरूप नै सिद्ध हुँदा व्यञ्जनाबाट उत्पन्न ज्ञानको विषय सिद्ध हुन सकेन भने रसलाई व्यञ्जनाजन्यबोध विषय भनी सिद्धान्त गरिएको कसरी ठीक होला ? त्यसपछि—

आफ्नो प्रकाशले अर्को सिद्ध वस्तु प्रकाशने।
दीप सानो व्यञ्जक हो अतः कारक[1] भिन्न छ॥

यस उक्तिले घट र दीपकको जस्तै व्यंग्य र व्यञ्जकको भिन्नता सिद्ध हुन्छ, व्यंग्य (घटादि) व्यञ्जक(दीपकादि)बाट अभिन्न कहिल्यै हुन सकने छैनन्। पूर्व-कथनानुसार रसलाई व्यञ्जनास्वरूप मानेमा रस व्यंग्य कसरी हुन जाला ?

उत्तर—कुरा त ठिकै हो, तर यही आशंकाले श्रीअभिनवगुप्त पादाचार्यले भनेका छन्—'कारक र ज्ञापक हेतुहरूको कृति र ज्ञप्तिभन्दा विलक्षण एक अनिर्वचनीय स्वादन नामक व्यापार छ, जसले रसको साक्षात्कार गराउँछ'। यसैले यस विषयमा रसन, आस्वादन, चमत्करण आदि शब्दहरूको व्यवहार पनि विलक्षण नै हुन्छ, कृति र ज्ञप्ति शब्दबाट व्यवहार हुँदैन। जुन मानिस (नैयायिक आदि) अभिधा र लक्षणा बाहेक कुनै शब्दशक्तिलाई स्वीकार गर्दैनन् ती प्रति, अभिधा लक्षणा र तात्पर्य नामक वृत्तिहरू भन्दा विलक्षण पनि कुनै शब्द व्यापार (वृत्ति) छ भनी यसको साधनमा सयत्न हामीहरू रसलाई व्यंग्य भन्दछौं। तिनीहरूले मानेका वृत्ति अभिधा आदिबाट रसोद्बोध हुन सक्तैन र त्यो बाहेक अर्को वृत्ति अवश्य नै मान्नु पर्ला। प्रदीप घटको जस्तै रसलाई आस्वाद अथवा व्यञ्जनाबाट भिन्नै सिद्ध गर्नाको त्यहाँ तात्पर्य छैन। यसैले आस्वादलाई व्यञ्जनाको स्वरूपविशेष मान्नामा वा त्यसभन्दा विलक्षण मान्नामा पनि कुनै क्षति हुँदैन।

प्रश्न—आनन्दमयलाई रस मान्ने हो भने करुण वीभत्स आदि रस कहलाउने छैनन्, किनभने यिनीहरू त दुःखमय छन् ? यसको समाधान भनिन्छ—

रस ती करुणादीमा पनी जो सुख आउँछ॥ ४॥
सचेतको अनुभव-मात्रै त्यसमा प्रमाण छ॥

यस कारिकामा आदि पदबाट वीभत्स भयानक आदि रसहरूको ग्रहण हुन्छ। जो सचेत (सहृदय) छैनन् तिनको मुख-मुद्रणका निमित्त अर्को पक्ष पनि भन्दछु।

१, जनक

जब तिन्मा दुःख ठाने न लाग्दो हो कुनै पनि ॥ ५ ॥

किनभने कुनै पनि समझदार मानिस आफ्नो दुःखका निमित्त लागि पर्दैन, परन्तु करुणरसका काव्यहरूको दर्शन श्रवणमा सबै मानिस आग्रह-पूर्वक प्रवृत्त हुन्छन्", यसैले ती रस पनि सुखमय नै छन्।

फेरि अर्को प्रमाण—

नत्र रामायणादीको बनला दुःख-हेतुता[1] ॥

करुणरसलाई दुःखको हेतु मान्ने हो भने त करुणरस प्रधान भएका रामायण आदि ग्रन्थ पनि दुःखका नै हेतु मान्नु पर्नेछन्।

प्रश्न—पिता-पुत्रको वियोग, राज्य त्याग, वनवास इत्यादि सब दुःखका कारणहरू करुणरसमा रहेका छन् तिनबाट सुखको उत्पत्ति कसरी होला ?

यसको उत्तर—

लोकका शोक-हर्षादी-को यहाँ हेतुता रहोस् ॥ ६ ॥
लौकिकाचारका शोक हर्षादी लौ हउन् पनि ॥
काव्य-संश्रयले[2] प्राप्त, अलौकिक विभाव भै ॥ ७ ॥
अलौकिक सुख प्राप्त हुनामा हुन्छ के क्षति ? ॥

लोकमा जुन वनवासादि दुःखका कारण कहिन्छन् ती काव्य र नाटकमा निबद्ध गरिए भने ता कारण शब्दले व्यवहार गरिँदैनन्, किन्तु 'अलौकिक विभाव आदि' शब्दबाटै व्यवहार गरिन्छन्। कारण—काव्यादिमा राखिएपछि तिनै कारण-हरूमा 'विभावन' आदि नामक एक अलौकिक व्यापार उत्पन्न हुन जान्छ। विभावनको वर्णन अब केही पछि गरिनेछ।

जस्तो लड़ाईं झगड़ाहरूमा दन्तावात, नखक्षत इत्यादि दुःखका नै कारण प्रसिद्ध छन्, परन्तु सुरतमा तिनीहरूबाट सुख नै हुन्छ। यस्तै वनवासादि पनि काव्य नाट्यमा सुख नै उत्पन्न गर्ने हुन्छन्। यस निमित्त शोकका कारणहरूबाट शोक उत्पन्न हुनु र हर्षका कारणहरूबाट हर्ष उत्पन्न हुनुको नियम लोकमा नै केही हदसम्म हुन सक्तछ। काव्यसमर्पित अलौकिक विभावहरूमा हुँदैन। काव्यमा त चाहे लौकिक दुःखको कारण होस् चाहे सुखको, त्यो सबबाट सुख नै हुन्छ, यो नियम मान्नामा कुनै दोष छैन।

प्रश्न—सबबाट सुख नै हुने हो भने हरिश्चन्द्र आदिका करुणरसमय चरितलाई काव्यनाटकमा देख्दा सुन्दा आँसु झर्नु आदि दुःखका कार्य किन देखा पर्दछन् त ?

उत्तर—

अश्रुपातादि ता हुन्छन् चित्त पग्लेर लोकका ॥ ८ ॥

---

१. दुःखको कारण। २. काव्यमा रहनाले।

प्रश्न—त्यसो भए काव्यबाट सबलाई त्यसै गरी रसको अभिव्यक्ति (प्रकाश) किन हुँदैन त ?

समाधान—

हुँदैन त्यस्को आस्वाद विना रत्यादि-वासना ॥

त्यस वासना(संस्कार विशेष)ले यो जन्म र पूर्व जन्म दुवैको मिलेर रसास्वाद गराउँछ। तिनमा पहिलो (यो) जन्मको वासना कारण नमानौं भने रुक्ष हृदय वेदपाठीहरू र शुष्कहृदय मीमांसकहरूलाई पनि रसास्वाद हुनै पर्दथ्यो। औ दोस्रो (अघिल्लो) जन्मको वासना कारण नभए आजकल धेरै रागीहरूलाई पनि रसास्वाद देखा पर्दैन यस्तो नहुनुपर्ने हो।

धर्मदत्तले पनि भनेका छन्—

'वासनायुक्त[1] सभ्यैले रसको स्वाद पाउँछन्।
निर्वासनी त रङ्गमा काठ ढुङ्गो समान छन् ॥'

प्रश्न—काव्यादिमा सीता आदिको चरित्र-वर्णन तथा अभिनय गरिन्छ र सीता आदि पात्रहरू रामचन्द्रादिको रति(अनुराग)का कारण हुन सक्तछन्। तिनीहरूबाट सामाजिक (द्रष्टा श्रोता) का रतिको उद्बोध कसरी हुन्छ ?

उत्तर—

विभावादिकको कार्य हुन्छ साधारणी[2] कृति ॥ ९ ॥
त्यस्कै प्रभावले द्रष्टा समुद्रप्लवनादिक ॥
आफैंले गर्दछू संझी अभिन्न पनि मान्दछ ॥ १० ॥

प्रश्न—अल्पशक्ति भएको मनुष्यलाई समुद्र नाघनुजस्ता दुष्कर कार्यमा कसरी उत्साह हुन्छ र ?

उत्तर—

अभेदज्ञानले गर्दा समुद्र-प्लवनादिक
उत्साहका कार्य तर्फ लोकैको हुन्छ साहस ॥ ११ ॥

श्रृङ्गारादि रसहरूका स्थायी भाव रतिआदि पनि काव्य-नाट्यमा सामान्यरूपबाट प्रतीत हुन्छन्। रामको सीतामा अनुराग र मेरो फलानीमा अनुराग छ इत्यादि विशेषरूपबाट प्रतीत हुँदैनन्। यही भनिन्छ—

सामान्य भइ रत्यादि पनी तद्वत् समान छ ॥

रङ्गस्थलमा बसेका सभ्यहरूलाई आफूमा विशेषरूपबाट रत्यादिको ज्ञान भएमा लज्जा भय आदि उत्पन्न हुनजाला र रामादि अन्य पुरुष-गत रति आदिको विशेष-

१. जन्मान्तरको संस्कार भएका। २. नायक र समाज दुवैमा सम्बन्ध राख्ने।

रूपले ज्ञान भएमा लोकमा अरुको रहस्य-दर्शन अरस्य हुन्छ, त्यस्तै काव्य-नाटयका रस पनि अरस्य हुनजालान्। यस निमित्त रत्यादि साधारणताले नै प्रतीत हुन्छन्।

विभावादि पनि पहिले सामान्यरूपले नै प्रतीत हुन्छन्—

अरुको वा नअरुको, मेरो, मेरो न, यो पनि ॥ १२ ॥
विभावादिकको स्वाद लिँदामा छैन भिन्नता ॥

प्रश्न – तथापि राम, सीता, चन्द्रोदय आदि लोकसिद्ध विभावादिहरूको अलौकिकता कसरी हुन्छ ? यसमा भनिन्छ—

विभावनादि-व्यापार अलौकिक मिले पछि ॥ १३ ॥
अलौकिकत्व यिनको भूषणै हो न दूषण ॥

यस कारिकामा आदि पदले अनुभावन र सञ्चारणको ग्रहण हुन्छ। रत्यादि-हरूलाई आस्वादोत्पत्ति(रसोद्बोध)का योग्य अङ्कुरित बनाउनु 'विभावन' हो। विभावनद्वारा आस्वादोत्पत्तिका योग्य भएका रत्यादिलाई तुरुन्त नै रसरूपमा परिणत गरिदिने व्यापारको नाम 'अनुभावन' हो। यस प्रकारले सुसंपन्न रत्यादिलाई राम्रो-सँग सञ्चारित गरिदिनेको नाम 'सञ्चारण' हो। यही क्रमले विभाव, अनुभाव र सञ्चारी भावहरूका व्यापार हुन्छन्।

प्रश्न—लोकमा सीता आदि विभाव रामादिका रतिको कारण हुन्छन् र भ्रूविक्षेप आदि त्यस रतिका कार्य हुन्छन्, एवं हास्य, लज्जा आदि रतिका सहकारीमात्र हुन्छन्; परन्तु रसोद्बोधमा यी तीनोटैलाई कारण किन मानियो ? यसको उत्तर—

कार्य-कारण-सञ्चारी यी विभावादि मेल भै ॥ १४ ॥
रसोद्बोध हुँदा खास कारणै हुन आउँछन् ॥

प्रश्न—त्यसो हो भने ती सब विभावादिहरूको एक प्रतिभास (एक रसको रूपमा परिणाम) कसरी हुन्छ ? भिन्न-भिन्न कारणहरूबाट त भिन्न-भिन्न नै कार्य हुनु पर्दछ ? यसको समाधान—

प्रतीयमान पहिले प्रत्येकै हुन्छ कारण ॥ १५ ॥
सबै मिले पछी त्यो नै विभावादि सचेतको ॥
प्रयाणक-रस न्यायात् अखण्ड रस बन्दछ ॥१६॥

जस्तै शर्बतमा सक्कर, मरीच, जीरा, सुकमेल, हिङ, बिरेनून, पुदिना, कागती, अमिली, बेल, भाँग आदिको सम्मेलनबाट एक अपूर्व (ती सबैको भिन्न-भिन्नै स्वाद-भन्दा विलक्षण) आस्वाद पैदा हुन्छ, त्यस्तै विभावादिको सम्मेलनबाट एक अपूर्व रसास्वाद पैदा हुन्छ जो कि विभावादिहरूका भिन्न-भिन्नै आस्वादभन्दा विलक्षणै हुन्छ।

प्रश्न—विभाव, अनुभाव र सञ्चारी यी तीनोटै मिल्दामा नै रसास्वाद हुने हो भने जहाँ एक अथवा दुईको नैं वर्णन छ त्यहाँ त्यो कसरी होला ? यसको उत्तर—

विभावादि दुई-एक मात्रको स्थितिमा पनि ॥
झट्टै अर्को आइ परी त्यस्मा दोष रहन्न लौ ॥ १७ ॥

अर्को झट्टै बुझिनु पनि प्रकरणादिको कारणले हुन आउँछ ।

जस्तै—

'लामा नेत्र, शरत्-शशी सरि मुखै, कन्धा-नुहेका भुजा,
छाती उच्च घनस्तनै छ जुटने, कोखा लिपे झैं छ लौ;
कट्टी मुट्ठिभरी र जाँघ छ ठुलो, उच्चाङ्गुली पाउ छन्,
इच्छा नर्तक[1] कामको सरि छ यिन्को देहको सिर्जना ॥'

यस श्लोकमा मालविकाउपर अनुरक्त राजा अग्निमित्रले गरिएको केवल आलम्बन विभाव(मालविका)को नै बयान हो; तथापि अनुरागीको उक्ति हुनाले औत्सुक्य आदि सञ्चारी भाव तथा नयन-विस्फार आदि अनुभावहरूको औचित्यबाट नै आक्षेप हुन जान्छ । जस्तो यहाँ अनुभाव र सञ्चारीको आक्षेप भएको छ, यसै गरी अरु(विभावादि)को आक्षेपमा पनि सबैबाट मिलेर नै रसको सिद्धि जान्नू ।

जुन मानिस रसलाई अनुकरणीय (रामादि) निष्ठ मान्दछन् तिनको प्रतिवाद—

पारिमित्यै लौकिक र सान्तराय हुँदा पनि ॥
रत्यादि अनुकार्यैको[2] बोध ता रस हुन्न लौ ॥ १८ ॥

सीता आदिका दर्शनले उत्पन्न रामादिका रतिको उद्बोध परिमित हुन्छ (केवल रामादिमा मात्र रहन्छ)। रस अनेक द्रष्टा र श्रोताहरूमा एकै समयमा समानरूपबाट रहनाले अपरिमित हुन्छ। रामादिनिष्ठ रति लौकिक हुन्छ र रस पछि कहिने रीतिले अलौकिक हुन्छ । यसरी उक्त रति, काव्य र नाट्य-दर्शनादिमा प्रतिकूल हुन्छ । किनकि अन्यदीय रहस्य-दर्शन सभ्यहरूलाई अरस्य हुन्छ र रस तिनको अनुकूल हुन्छ, यसैले यी तीन धर्महरूबाट विलक्षण रसको रूपमा रामादिनिष्ठ रति कसरी परिणत हुन सक्तछ ।

रस अनुकर्त्ता(नटादि)मा रहन्छ भन्ने कुराको पनि निराकरण—

शिक्षाऽभ्यासादिले खाली रामादिको सरूपता ॥
देखाउने नाटकी ता रसास्वादी न बन्दछ ॥ १९ ॥

---

१. नट्टुवा । २. नायकको ।

के त भने—

काव्यार्थ-भावनाले यो पनी सभ्य कहाउँछ ॥

नट पनि काव्यार्थको भावनासाथै आफूमा रामादिको स्वरूपता देखाउँछ भने त त्यो पनि रसास्वादक हुनाले सभ्यहरूका मध्यमा गनिने हुन्छ।

अज्ञाप्य रस, सत्तामा प्रतीत्यव्यभिचारले (छ) ॥ २० ॥

जो घटादि ज्ञाप्य छ अर्थात् पूर्वोक्त ज्ञापक हेतु दीपादिबाट प्रकाश्य छ, त्यो कहिलेकाहिं भएमा पनि प्रतीत हुँदैन। जस्तो कि छोपिएको घट। परन्तु रस यस्तो छैन, किनभने प्रतीति नभए रस नै रहँदैन।

रस यो छ विभावादि-समूहा-ऽऽलम्बनादिक ॥
तस्मात् न 'कार्य'

यदि रस कार्य हुँदो हो त त्यसको कारण विभावादिज्ञान नै हुँदो हो, किनभने विभावादिज्ञान भएपछि नै रस-निष्पत्ति हुन्छ। यस्तो भएमा रसको प्रतीतिको समयमा विभावादि प्रतीत नहुने गर्लान्, किनकि कारणको ज्ञान र त्यसका कार्यको ज्ञान एकै समयमा कहीं देखा पर्दैन। चन्दनका स्पर्शको ज्ञान र चन्दन-स्पर्शबाट उत्पन्न सुखको ज्ञान एकै कालमा हुन सक्तैन, परन्तु रसको प्रतीति कालमा विभावादिको समेत प्रतीति हुन्छ। विभावादिको समूहालम्बनात्मक ज्ञानरूपबाट नै रस प्रतीत हुन्छ, यसैले विभावादिज्ञान रसको कारण होइन र यो बाहेक अरु कुनैको कारणता संभव छैन, यसैले रस कुनैको कार्य हुन सक्तैन।

वा नित्य पूर्वसंवेदनोज्झित[१] ॥
असंवेदन-कालैमा यस्को सत्ता पनी न छ ॥ २१ ॥

यस्तो पनि होइन कि नित्यवस्तु (आत्मा आकाश आदि) आफनो ज्ञानकै समयमा रहने र अरू समयमा नाशिने होस्, परन्तु रस यस्तै छ। त्यो ज्ञानकालमा नै रहन्छ, अरू कालमा छैन, यसैले नित्य पनि हुन सक्तैन।

भावि न हो त्यो साक्षात् आनन्दरूप प्रकाश हुँदा ॥
न त त्यो छ वर्तमान कार्य-ज्ञाप्य-विचित्र भाव भई ॥ २२ ॥
विभावादिकले ग्राह्य विषयै भै सचेतको ॥
संवेद्यत्व-परानन्द-मयत्वैले छ त्यो स्फुट ॥ २३ ॥
त्यो निर्विकल्पक[२] ज्ञान उस्को ग्राहक हुन्न लौ ॥
त्यस्तै वचनको योग-योग्यत्व न हुँदा पनि ॥ २४ ॥
सविकल्पक-संवेद्य (हो)

---

१. विभावादिको ज्ञानभन्दा पहिले ज्ञान नहुने। २. नाम-रूप-जात्यादिले शून्य।

सविकल्पक ज्ञानका विषय घट-पटादि सब शब्दद्वारा प्रकाशित गर्न सकिन्छन्; परन्तु रसमा वचन प्रयोगको योग्यता छैन, अर्थात् रसलाई शब्दबाट बताउन सकिँदैन। त्यो अनिर्वचनीय छ।

साक्षात्कार हुँदा न हो॥
तत्प्रकाश परोक्षै र, अपरोक्ष त शब्द भै॥ २५॥

नित्य, अनित्य, ज्ञाप्य आदि संसारका देखे-सुनेका सब चीजहरूभन्दा विलक्षण त्यस रसको तत्व (स्वरूप) के हो? जस्को निरूपण प्रकार अदृष्ट र अश्रुत छ, यस्तो प्रश्नमा भनिन्छ—

हो अलौकिक साची नै विद्वान्ले वेद्य हो रस॥

रस यस प्रकारले अलौकिक हो र त्यसको ज्ञान पनि सबलाई हुँदैन भने त्यसको सत्ता (छ) भन्नामा नै के प्रमाण छ? प्रश्नमा उत्तर—

विद्वान्को मत-यस्मा स्वाऽभिन्न[1] स्वादै प्रमाण छ॥ २६॥

यसमा प्रमाण आस्वादानुभव हो र त्यसको स्वरूप पहिले बताइएको 'काव्यार्थको भावनाद्वारा आत्मानन्दको आस्वाद हुन्छ' भन्ने लक्षणानुसार जान्नू।

प्रश्न—यदि रस कार्य होइन त भरतमुनिले 'विभाव, अनुभाव, सञ्चारीका संयोगबाट रसको उत्पत्ति हुन्छ' भनेर कसरी लक्षणमा लेखे? उत्पत्ति हुने त कार्य नै हो?

चर्वणाको छ उत्पत्ति, रसमा उपचारले॥

वास्तविक रसदेखि अभिन्न हुनाले चर्वणा पनि कार्य होइन, परन्तु त्यो कहिले-कहिले हुन्छ, सदाकाल रहँदैन र कार्य पनि अनित्य हुनाले सदा रहँदैनन्। यही एक साधारण धर्मका सम्बन्धले चर्वणामा पनि उपचारबाट 'कार्य' शब्दको लाक्षणिक प्रयोग भएको हो। उपचरित कार्यत्वद्वारा रसमा पनि कार्यत्व उपचरित हुन्छ। चर्वणासित अभिन्न हुँदा चर्वणामा उपचरित कार्यत्वको, रसमा पनि उपचारले गौण प्रयोग भएको हो।

अवाच्यत्वादि रसको व्यञ्जनामा बताउँला॥ २७॥

आदि पदबाट अलक्ष्यत्वको ग्रहण हुन्छ। रस न त अभिधाशक्तिद्वारा वाच्य हुन्छ न त लक्षणाद्वारा लक्ष्य हुन्छ। त्यो केवल व्यञ्जनाबाट व्यंग्य हुन्छ।

प्रश्न—रत्यादि मिलेर रस हुन्छन् भने रसको स्वप्रकाशत्व र अखण्डत्व कसरी सिद्ध होला? किनकि स्वप्रकाशता त ज्ञानमा नै हुन्छ। रत्यादिमा त्यो असम्भव छ र रत्यादि संमिश्रित रहनाले रसमा सखण्डता पनि स्पष्टै छ। उत्तर—

रत्यादिज्ञान-तादात्म्यैबाट उब्जन्छ यो रस॥
तस्मात् यस्को स्वप्रकाश-अखण्डत्व पनी छ लौ॥ २८॥

---

१. चर्वणास्वरूप।

रत्यादिलाई प्रकाश-शरीर(ज्ञानस्वरूप)भन्दा बेग्लै मानियो भने ता रसको स्वप्रकाशता र अखण्डता सिद्ध हुन सक्दैन। परन्तु यहाँ यस्तो छैन। किनकि रसका सम्पादक रत्यादिहरूको ज्ञानसँग तादात्म्य (अभेद) मानिएको छ। यसमा प्रमाण—हुन त रससँग अभिन्न हुनाले चर्वणा पनि कार्य होइन, तथापि त्यो कहिले-काहीँ हुने हुँदा लक्षणाबाट उसमा कार्यपदको प्रयोग हुन्छ र त्यस चर्वणासँग अभिन्न (एकात्मा) तथा अनादि वासनाको परिणाम-स्वरूप रत्यादि भावमा पनि कार्य-पदको लक्षणाबाट व्यवहार हुन्छ। यस प्रकारले रत्यादि भाव चर्वणासँग अभिन्न र चर्वणा रससँग अभिन्न भन्ने कुरा सिद्ध भयो।

अब रसलाई सुख र चमत्कारसँग अभेद मानेर हामी(आलंकारिक)हरूको सिद्धान्तरूप (रस अलौकिक छ, उसमा ज्ञानस्वरूपता-आनन्दमयता-चमत्कारप्राणता आदि छन् भन्ने) शय्याको आश्रय लिई देवताहरूका हजार वर्षसम्म सुखपूर्वक निदाउनुहोस्।

यद्यपि रस आत्माको स्वरूपसँग अभिन्न छ, चिन्मय छ; तथापि अनादि वासनाद्वारा ज्ञानमा प्रतिभासित रत्यादिका साथ अभिन्नरूप(तादात्म्य)ले गृहीत हुन्छ। परन्तु नैयायिकहरू ज्ञानलाई स्वयंप्रकाश मान्दैनन् र अनुव्यवसायबाट ज्ञानको प्रकाश मान्दछन्, तिनका उपर वेदान्तीहरूले नै डण्डा मार्नेछन्, किनकि ज्ञानको ज्ञान अनुव्यवसायबाट मान्दा त्यसका निमित्त तेस्रो ज्ञान चाहिन्छ, उसका निमित्त अर्को, यसरी अनन्त परम्परा हुनाले अनवस्था दोष आउनेछ। यसैले प्रथम ज्ञानलाई नै स्वतःप्रकाश मान्नु पर्दछ। ज्ञानसँग तादात्म्य हुनाले रस अखण्ड छ।

पहिले रत्यादिहरू भिन्न-भिन्नै प्रतीत हुन्छन् र पछि सबै भावनाका बलले सहृदयहरूका हृदयमा देख्ता-देख्तै एकाकार भएर रसरूपमा परिणत हुनजान्छन्। यही कुरा भनेको पनि छ—

'विभाव, अनुभावै र सात्विक, व्यभिचारि त।
पैल्हे भिन्नै बोध भई पछी पुग्छन् अखण्डमा ॥'

अरू पनि भनिएको छ—'वास्तवमा रस, वेदान्त-प्रसिद्ध ब्रह्मतत्व झैं अखण्ड नै छ।'

इति रसनिरूपण

रसको निरूपणमा विभाव, अनुभाव, व्यभिचारी भावहरूको चर्चा बारंबार भएकोले तिनका लक्षणको प्रश्न देखाई पहिले विभावको स्वरूप बताउँछन्—

रत्यादि[1] सृच्ने बोलिन्छन् 'विभाव'[2] काव्य-नाट्यमा ॥

---

१. शृङ्गार-रसमा रति र वीरादि-रसमा उत्साहादि।
२. 'बहवोऽर्था विभाव्यन्ते वागङ्गाभिनयात्मकाः।
अनेन यस्मात्तेनायं विभाव इति कीर्तितः ॥'

लोकमा सीता आदि जुन रामचन्द्रादिका रति आदिको उद्बोधक प्रसिद्ध छन्, तिनी नै काव्य र नाटयमा राखिए भने 'विभाव' कहिन्छन्, किनभने तिनीहरूले सहृदय द्रष्टा र श्रोताहरूका रत्यादि भावहरूलाई विभावित गर्दछन् (तिनीहरूलाई रसास्त्रादको उत्पत्तिका योग्य बनाउँछन्) सीता आदिको दर्शन या श्रवणले नै सहृदयहरूका हृदयमा वासनारूपले रहेका रत्यादि भाव रसरूपमा परिणत हुन्छन्। यही 'विभाव' शब्दको अर्थ हो।

भर्तृहरिले यही भनेका छन्—

'शब्दले रूप पाएका, बुद्धिको विषयै हुने।
कंसादिलाई प्रत्यक्षै-सरी मानिन्छ[1] साधन॥'

विभावका भेद—

आलम्बनोद्दीपन यी त्यस्का भेद त छन् दुई॥

अर्थ स्पष्टै छ।

तीमध्ये आलम्बन—

आलम्बनै नायकादि त्यो लिई रस आउँछ॥ २९॥

यहाँ आलम्बन विभाव श्रीरामचन्द्रादि हुन्छन्, शृङ्गार रसमा सीता आदि नायिकाहरू र वीर रसमा रावणादि प्रतिनायकहरू लिइन्छन्। जुन-जुन रसको जो-जो विभाव छ, त्यो त्यही रसको वर्णनमा आउनेछ।

नायक—

त्यागी, कृती, कुलीन, धनी, राम्रो, जवान, उत्साही॥
चतुर, लोकप्रिय, तेजी, विदग्ध, सद्वृत्तको, त 'नायक' हो॥ ३०॥

पूर्वोक्त गुणहरूले युक्त भएको पुरुष काव्यहरूमा नायक हुन्छ।

नायकका भेद -

धीरोदात्त, धीरोद्धत, तथा धीरललित अनि॥
धीरप्रशान्त पहिले मानिन्छ नेता चार थरी॥ ३१॥

धीरोदात्त—

नसराउने, सहिष्णु, अतिगम्भीर वा समप्रकृति॥
स्थिर औ निरहङ्कारी धीरोदात्त दृढव्रती हुन्छ॥ ३२॥

आफ्नो प्रशंसा नगरने, हर्ष-शोकादिबाट आफ्नो स्वभावलाई नबदलने,

१. लोकले संज्ञिन्छ।

विनयबाट गर्वलाई छिपाउने, आफ्नू वचनको प्रतिपालन गर्ने इत्यादि पूर्वोक्त गुणले युक्त पुरुष धीरोदात्त कहिन्छ। जस्तै—श्रीरामचन्द्र र महाराज युधिष्ठिरादि।

धीरोद्धत—

मायापर, प्रचण्ड, चञ्चल, अहंकार-सेखि लिने ॥
आफ्नो तारिफ गर्ने, धीरोद्धत नेता उ मानिन्छ ॥ ३३ ॥

जस्तै—भीमसेनादि।

धीरललित—

निश्चिन्त र नरम सदा कलाप्रेमी धीरललित हो ॥

कला नृत्य-गीतादि हो। जस्तै—रत्नावली नाटिकामा वत्सराज।

धीरप्रशान्त—

सामान्यगुण धेरको, द्विजादि नै धीरशान्त उ हो ॥ ३४ ॥

त्यागी, कृती इत्यादि कहिएका नायकका सामान्यगुणहरू धेर भएको पुरुष धीरप्रशान्त हो। जस्तै—मालती माधवमा माधव।

यिन्को छ दक्षिण, धृष्ट, अनुकूल, शठ, रूपले सोह्र थरी ॥

यी पूर्वोक्त चार नायक प्रत्येकका दक्षिण, धृष्ट, अनुकूल, शठ, यी चार भेदले गर्दा नायकका भेद सोह्र हुन्छन्।

यिन्मा अनेक महिलाहरूमा सराग दक्षिण हो ॥ ३५ ॥

दुई-तीन-चार इत्यादि धेरै नायिकाहरूमा समानै अनुराग (प्रेम) गर्ने दक्षिणनायक हो।

जस्तै—

'स्नाता[1] नै छन् नृप ! कुन्तलेश्वर-सुता, हो वार अङ्गेशकी
बैनीको, कमला जितिन् रजनि यो, देवी[2] मनौती पनि।
यो अन्तःपुरसुन्दरी प्रति बुझी मैले गरें विन्ति र
श्रीराजा अकमक्क ती दुइ-तिनै घण्टा रहे चूप भै ॥'

दोषी भै पनि निःशंकी, दप्के पनि न लज्जित ॥
दोष देख्ता पनी झुट्टो बोल्ने हो धृष्टनायक ॥ ३६ ॥

---

१. ऋतुस्नान गरेकी। २. पटरानी।

जस्तै मेरो—

'रातो स्त्री-मुख देखि चूमन भनी सामू पुगेथें, अनी
तिन्ले लात्ति दिइन्, तुरुन्त पद त्यो पक्रेर हाँस्तै रहें ।
त्यस्मा केहि चलेन जोड र रुने ती सुन्दरीकी सखे !
रोसै होस् त पनी अहो ! समझदा पार्दैछ उत्कण्ठित ।।'

एक-रत हो 'अनुकूल'

एउटी मात्र नायिकामा अनुरक्त रह्ने अनुकूलनायक हो ।

जस्तै—

'मेरा हे सखि ! वस्त्र सुन्दर न छन्, माला पनी उज्जल,
ढल्की-ढल्कि हिँडाइ, उद्धत हँसी, त्यस्तै जवानी-मद ।
यस्तैमा पनि भन्दछन् जनहरू—'राम्रा यिनीका पति
राख्छन् दृष्टि न अर्कीमा'—छ कि जगत् धोखामहाँ ? ठान्दछु ।।'

शठ हो यौटीमहाँ धरी प्रेम ॥
प्रीति बाहिरि देखाई अरुमा गुप्ती प्रेम गरने ॥ ३७ ॥

जो अर्की नायिकामा अनुरक्त छ, प्रकृत नायिकामा पनि बाहिरी अनुराग देखाउँदछ र गुप्ती चालसँग उसको अप्रिय गर्दछ, त्यो शठनायक हो ।

जस्तै—

'पियारीको काञ्ची-मणि-रव सुनी हे शठ ! झट
अँगाल्ने बाहूको कठिन पनि गाँठो खुकुलियो ।
कहूँ यो कस्लाई ? घिउ-मह-समाने वचनको
विषैले मूर्छा भै न कुछ सगिनीले पनि सुनिन् ।।'

उत्तम-मध्यम-अधम यिनका भेद हुँदा तीन-थरी ॥
बन्छन् नायक-भेद यहाँ त अठचालिसै खास ॥ ३८ ॥

पूर्वोक्त सोह्र भेद प्रत्येकका उत्तम-मध्यम-अधम भेद बन्दा अठचालिस हुन्छन् ।

प्रसङ्गप्राप्त, नायकका सहायकहरूको निरूपण—

त्यस्का जो अतिधेरै प्रासङ्गिक र कर्तव्य-कर्ममा जो ॥
उसभन्दा कम गुणको, सहायक हो पीठमर्द उ त ॥ ३९ ॥

त्यस नायकका अतिटाढासम्म पुगेका प्रसङ्गप्राप्त चरित्रमा नायकका

सामान्य गुणहरूभन्दा केही कम्ती गुणहरू भएको, नायकको सहायक पीठमर्द कहलाउँछ। जस्तै—श्रीरामचन्द्रादिका सुग्रीवादिहरू।

श्रृङ्गारका सहायक—

श्रृङ्गारमा त सहाय विट, चेट, विदूषकादिक, हुन्छन् ॥
भक्त र हँसिमा निपुण, कुपितवधू-मान तोड्ने, शुद्ध ॥ ४० ॥

यस कारिकामा आदिशब्दबाट माली, धोबी, पानवरही, अत्तरवाला, इत्यादि-को ग्रहण हुन्छ।

विट—

भोग गरी धन सकने, विट हुन्छ धूर्त र कम कला जान्ने ॥
भेष बदल्न सिपालु, बोलैया, सरल, गोष्ठिमा मान्य, ॥ ४१ ॥

चेट (दास) हो, प्रसिद्ध नै छ।

कुसुम-वसन्तादि-नाम, वेश-भाषा-देहचेष्टा-कारी ॥
हँसि गर्ने, झगडालु, स्वकर्म जान्ने, विदूषक हो ॥ ४२ ॥

स्वकर्म(खानपीनको कुरा)मा कहिल्यै नचूकने भन्ने अर्थ हो।

अर्थचिन्तनमा सहायक—

हो मन्त्री अर्थ-विषय-विचारमा

आफनो राज्यको चिन्ता र शत्रु आदिका राज्यको चिन्तामा मन्त्री राजाको सहायक हुन्छ। सहायकहरूको निरूपण गर्दाको अवसरमा कोही(दशरूपककार)-ले—'मन्त्री, स्वयं, वा दोटै छन् अर्थचिन्तनमा सखा'। 'नायकको अर्थचिन्तनमा मन्त्री यद्वा स्वयं राजा अथवा दुवै सहायक हुन्छन्'— भनेका छन्, यो कुरा राजाका अर्थचिन्तनोपायको लक्षण गर्दा भन्नु पर्दथ्यो, सहायकहरूको कथन गर्दा होइन। 'अर्थचिन्तनमा मन्त्री नायकको सहायक हुन्छ'— यत्ति मात्र भनेमा पनि नायक (राजा) स्वयंसिद्ध छ। त्यसमा भनिएको छ—'धीरललितका अर्थको चिन्ता मन्त्रीले नै गर्दछ, उसका राज्यको भार मन्त्रीहरूमा नै रहन्छन्'—यसैले धीरललितको लक्षण-बाट नै यो गतार्थ छ। औ धीरललितको मन्त्री उसको अर्थचिन्तनमा (राष्ट्रचिन्तामा) सहायक हुँदैन; खुद आफैं सब कार्यहरूको संपादक हुन्छ, किनभने धीरललित स्वयं त कुनै अर्थचिन्तनादि गर्दैगर्दैन।

अन्तःपुरका सहायक—

छ अन्त पुरमा ॥
वामन, षण्ढ, किरात, म्लेच्छ, आभीर, शकार, कुब्जादि ॥ ४३ ॥
मत्त, मूर्ख र अभिमानी, अकुलीन, ऐश्वर्य-सम्पन्न ॥
अविवाहिताको भाई, सालो नृपको, शकार कहलिन्छ ॥ ४४ ॥

यहाँ आदिशब्दबाट लाटो इत्यादि ग्रहण हुन्छन्। षण्ढ आदिको उदाहरण जस्तै रत्नावलीमा—

'भाग्छन् क्लीव[1] नभै मनुष्य-गणना लज्जा हटाईकन
बाउन्ने डरले पस्यो कवचमा त्यो कञ्चुकीको अनि ।
छेऊछाउ बसी किरातहरुले नाऊँ त साथैँ गरे
देख्छन् की ? भनि शङ्कि भैकन कुजा विस्तार जान्छन् तलै ।।'

शकार मृच्छकटादि प्रकरणहरूमा प्रसिद्ध छ । यसै गरी म्लेच्छादि पनि जान्नू।

दण्डका सहायक—

हुन् दण्डमा कुमार, आटविक, सुहृत्, सामन्त, सैनिक, यी ॥

दुष्टहरूलाई दमन गर्नु दण्ड हो । अर्थ स्पष्टै छ ।

धर्मकार्यमा सहायक—

ऋत्विक्, प्रोहित, तपसी, ब्रह्मज्ञानी त धर्ममा हुन्छन् ॥ ४५ ॥

ब्रह्म (वेद वा आत्मा) जान्ने भन्ने अर्थ हो ।

यिनका मध्यमा—

पीठमर्दादि हुन् श्रेष्ठ

आदिशब्दबाट मन्त्रि-पुरोहितादि ग्रहण हुन्छन् ।

मध्य विट-विदूषक ॥

त्यस्तै शकार-चेटादि-लाई अधम मान्दछन् ॥ ४६ ॥

आदिशब्दले पानबरही, अत्तर बेचने इत्यादि ग्रहण हुन्छन् ।

दूतहरूको लक्षण र तिनको कार्यविभाग—

कार्यका निंति भेज्दामा निसृष्टार्थ, मितार्थ र ॥
सन्देशहारी, तिन छन् दूत, दूती, दुवै-थरी ॥४७॥

काममा पठाइने दूतको लक्षण र बाँकी उसको विभाग हो ।

तिनका मध्यमा—

दुवैको भाव .जानेर स्वयं भन्दछ उत्तर ॥
मिलाई कार्य जो गर्छ निसृष्टार्थ कहिन्छ त्यो ॥४८॥

यहाँ दुवैको भनेको—जस्ले पठायो र जसको नगीच पठाएको छ भन्ने हो ।

---

१. नपुंसक ।

मितार्थ बोलने त्यस्तै कार्य साध्ने मितार्थ हो ॥
बोले जती सबै भन्ने हो त्यो सन्देश-हारक ॥४९॥

नायकका सात्विक गुण—

शोभा, विलास, माधुर्य, धैर्य, गाम्भीर्य, तेज, र ॥
ललितौदार्य हुन् आठ पौरुषी गुण सात्विक ॥५०॥

तिनका मध्यमा—

शूरता, दक्षता, सत्य, उत्साह, अनुरागिता ॥
दया-स्पर्धा, सानु-ठूलोमा दया भनि मान्दछन् ॥५१॥

तिनमा अनुरागिता जस्तै—

'नृपको म छु खूब मानित' यहि भन्थ्यो दुनियाँ सबै-सित ।
न थियो यिनको कुनै अरि नद-नालीहरु अब्धिकै-सरी[1] ॥'

यस्तै शूरता आदिका उदाहरण पनि जान्नू ।

विलास—

दृष्टि गाढा, चित्र गति, हँसी-बोली, विलास हो ॥

जस्तै—

'दृष्टि तिनै जगतको बल नाश गर्छ
धीरोद्धतै गति नुहाँउछ की धरा नै ? ।
कौमारमा पनि पहाड-सरी गुरू[2] यो
हो वीरनामक रसै, कि त हो घमण्ड ? ॥'

चाञ्चल्यमा पनी धैर्य माधुर्य कहलाउँछ ॥५२॥

उदाहरण तर्क गर्नू ।

गाम्भीर्य हो निर्विकार भी, शोक, क्रोध, हर्षले ॥

जस्तै—

'अभिषेकार्थ डाक्ता र वन जान पठाइँदा ।
उन्को देखिन लौ मैले चेहरामा पृथक्पना ॥'

कार्यबाट नडग्नू नै धैर्य हो विघ्नमा पनि ॥५३॥

१. समुद्रको जस्तै । २. गह्रौं (डिग नचल्ने) ।

जस्तै—

'त्यही क्षणौमा[1] गित अप्सराको
सुने पनी शम्भु समाधि लिन्थे ।
विघ्नादि आत्मेश्वरका[2] कदापि
समाधि[3] तोड्ने असमर्थ हुन्छन् ॥'

आक्षेप, अपमानादि अर्कोबाट प्रयुक्तको ॥
प्राणै गए पनी सह्य नहुनू तेज भन्दछन् ॥५४॥
वाक्-भेषमा 'मधुरता' हो त्यो शृङ्गार-चेष्टितै 'ललित' ॥
'दान' छ सप्रिय-भाषण, 'उदारता' शत्रु-मित्रमा समता ॥५५॥

यिनका उदाहरणहरू तर्क गर्नू ।

नायिका

नायिका छन् तिन भेद स्वीया, अन्या र साधारणी स्त्री हुन् ॥
नायक-सामान्य गुण यथासंभव हुन पनि सक्छन् ॥५६॥

नायिका पनि नायकका सामान्य गुण 'त्यागी, कृती' इत्यादिले युक्त हुन्छे । त्यो स्वस्त्री, परस्त्री, साधारणस्त्री (वेश्या) हुँदा तीन प्रकार छ ।

स्वस्त्री—

विनय-ऋजुता-युक्त, गृहकर्म गर्ने, सती त स्वीया हो ॥

जस्तै—

'लज्जार्थ वस्त्र धरने, पराइ-पतिमा चाहा न लिने, ।
अविनयलाइ पखाल्ने, कलत्र[4] छन् धन्यका घरमा ॥'

त्यो पनि छ तिन भेद मुग्धा, मध्या, प्रगल्भा, भै ॥५७॥

तिनका मध्यमा—

चढ्दो यौवनकी अनि मदनविकारिणी र रतिमा वामा ॥
मान लिनामा नरमी, हो मुग्धा त्यो अधिक लजालु ॥५८॥

प्रथमावतीर्णयौवना, जस्तै पिताजीको—

'जंघा ल्याउँछ कट्टिको पृथुलता[5], त्यो कार्श्य[6] वक्षोजको[7]
भागी पुग्दछ पेटमा, रउँ घुमी आँखा-तिरै धाउँछन् ।

१. वसन्तादि आएको बेलामा । २. मन रोक्न सक्नेहरूका । ३. चित्तवृत्ति-निरोध । ४. स्त्री । ५. मोटोपन । ६. दुब्लोपना । ७. स्तनको ।

देख्ता कामकनै नयाँ मनमहाराज्यैमहाँ[1] सिञ्चित
झट्टै अङ्ग परस्परै लुटदछन् की ? सुन्दरीका अब ।।'

प्रथमावतीर्ण-मदनविकारा, जस्तै—मेरो प्रभावती-परिणयमा—

'विस्तारै पद टेक्तछे जमिनमा, निस्कन्न कोठा त्यजी,
खित्का छोड्दिन, झट्ट आकुलपना लज्जालु भै गर्दछे ।
केही भाव-गभीर बक्रिम[2] गरी थोरै पनी बोल्दछे,
प्यारोका प्रति बोलदी सगिनिमा आँखा तरी हेर्दछे ।।'

रतिमा वामाको उदाहरण, जस्तै—

'घोस्सिन्छे, उ त हेरदा, कुछ भनी बोलाउँदा बोल्दिन,
बस्छे तल्पमहाँ फिरेर, हठले अङ्गालदा काँप्तछे ।
कोठाबाट सँगीहरू निकलदा त्यो निस्कनै खोज्दछे,
मेरी ता दुलही नयाँ रति-विषे उल्टी पनी प्यारि छे ।।'

मानमा मृदुको उदाहरण, जस्तै—

'प्यारोले प्रथमाऽपराध[3] गरदा शिक्षा सँगीको विना
केही जान्दिन नेत्रचालन अनी बक्रोक्ति-संसूचन ।
बाला चञ्चल पारि नेत्र र सफा गालामहाँ तर्कने
आँसू ती अलकावली-मिलितका झारेर रुन्छे अति ।।'

अधिक लज्जालुको उदाहरण, जस्तै—

'विस्तारै पद टेक्तछे' यही पूर्वोक्त श्लोक जान्नू ।

अधिक लज्जा हुनाले रतिमा वामता पनि अवश्य हुन्छ, चमत्कारविशेषले गदा यी दुई नायिकाहरूलाई भिन्न भिन्नै कहिएको हो ।

मध्याका भेद—

गर्ने विचित्र सुरत, चढदी स्मर-यौवन ॥
केही धृष्ट भई बोल्ने, मध्या हो मध्य-लाजकी ॥५६॥

विचित्र सुरता, जस्तै—

'हे प्यारि ! उद्धत-मनोभव[4], सुन्दरीले
क्रीडा-विषे चतुरता पनि जो प्रकाशिन् ।

---

१. मनरूपी चक्रवर्ती राज्यमा। २. बाङ्गो (व्यंग्य)। ३. परस्त्रीसँग संगम ।
४. अत्यन्तै कामदेव बढेकी ।

तिन्को त्यही भणितको[1] अनुवाद गर्दै
धेरै कपोतहरु[2] शिष्य बनेर घोक्थे ॥'

प्ररूढस्मराको उदाहरण यही श्लोकबाट जान्नू ।

प्ररूढयौवना, जस्तै मेरो—

'गाँज्छन् खञ्जनलाइ[3] नेत्र, कमलै जित्ने छ पाणिद्वय,
फेरी छन् करिकुम्भकै भ्रम दिने, अत्युच्च, ठूला स्तन ।
कान्ती चम्पकको छ लौ प्रतिनिधी, वाणी सुधा-तुल्य छ,
फुल्लेन्दीवर-माल्यै[4] झैं छ तिनको राम्रो कटाक्षच्छटा[5] ॥'

यसै गरी अरू उदाहरणहरू पनि ऊहित गर्नू ।

प्रगल्भाका भेद—

कामान्ध, पूर्ण तरुणी, समग्र रति जानने ॥
भावोन्नत, अलज्जालु, प्रगल्भा हो पतिप्रिया ॥६०॥

कामान्धा, जस्तै—

'छौ धन्य, जो कहदछ्यौ प्रिय छोइँदामा,
क्रीडा-बिचै पनि शयौं प्रिय-वाक्य बोल्छु ।
सारीमहाँ पतिजिको कर पौंचदा त
हे सङ्गिनी ! शपथ लिन्छु कुनै म संझौं ॥'

पूर्ण तरुणी, जस्तै—

'छाती छ उच्च कुचको, छन नेत्र लामा,
छन् बाङ्गिदा भुइँहरू अनि बोलि उस्तै ।
कट्टी झिनू छ अति, खूब ठुलो पुठा छ,
फेरी छ मन्द-गति, अद्भुत-यौवनाको ॥'

समग्ररत-कोविदा, जस्तै—

'कतै पानै लाग्ने, कहिँ अगरु-चिन्है छ मलिन,
कतै चूर्णै उड्ने, कहिँ छ रहने माहुर-चिनो ।
बलीका भङ्गीले, पतित अलकैका कुसुमले,
यहाँ त्यो तन्नाले युवती-रतिको सूच्तछ सब ॥'

---

१. रतिका शब्दको । २. परेवाहरू । ३. नीलपक्षीलाई । ४. फुलेका नीलकमलको माला । ५. कटाक्षको धारा ।

भावोन्नता, जस्तै—

'मृदु-वचनले, सभ्रूभङ्गी सहाङ्गुलि तान्कुले,
हृडवडि लिने अङ्गादी ती महोत्सव-बन्धुले[१] ।
हरघडि अतीलामा लामा कटाक्ष गराइले,
भुवन-जयमा ती कामैको सहाय हुने भइन् ॥'

स्वल्पव्रीडा, जस्तै—

'छौ धन्य, जो कहदछचौ' इत्यादि पूर्वोक्त नै हो ।

आक्रान्तनायका, जस्तै—

'प्यारा ! यो अलकै घुमाइ दिनुहोस् , टीका दिनोस् भालमा,
हारै टुट्न गएछ यी स्तनमहाँ फेरी उ गाँसी दिनोस् ।
क्रीडाकै पछि यत्ति बात कहँदी, सम्पूर्ण-चन्द्रानना
उस्ले छोइदिँदा जुरुङ्ग गरदी फेरी परिन् मोहमा[२] ॥'

मध्या र प्रगल्भाका अरु भेदहरू—

ती छन् धीरा, अधीरा र धीराधीरा त षड्विध[३] ॥

ती शब्दबाट मध्या र प्रगल्भा जान्नू ।

ती तीनमा—

रीस पोख्छे मध्यधीरा पतिमा हास्य-उक्तिले ॥ ६१ ॥
धीराधीरा रुवाईले, अधीरा परुषोक्तिले ॥

मध्या धीरा, जस्तै—

'सच कहनुभयो त्यो छौ तिमी प्यारि मेरी
प्रियजन पहिरेको धोति फेरेर जो यो ।
यहि घर फिरनूभो कामिको ठाँट-शोभा
सफल छ पनि खासै प्रेमिका देख्न पाई ॥'

मध्या धीराधीरा, जस्तै—

'बाले !, नाथ !, हटाउ मानिनि ! रिस, त्यो रोषले के गरेँ ?,
पीडा दिन्छ ममा, छ दोष र तहाँ, छन् दोष सारा ममा ।
त्यस्तै हो यदि सुँक्कसुँक्क किन यो ?, कस्को अघी रुन्छु र ?,
मेरा नै तव को म हूँ हजुरकी ?, प्यारी, नभै रुन्छु म ॥'

---

१. कामोत्सवका जनकले । २. सुरतसुखादि ज्ञानमा । ३. छः किसिमका ।

मध्या अधीरा, जस्तै—

'साथै मनोरथ सयौं गरि धूर्त ! प्यारी
त्यो नै छ खास मनमा छलभाव धर्दी ।
हामीकहाँ त रहदैन सुयोग्य वास,
तस्मात् पुग्यो चरणपात-विडम्बनाले[1] ।।'

प्रगल्भा धीर छ भने कोपाकृति छिपाउँछे ॥ ६२ ॥
रतिमा छे उदासीन देखाई बाह्य आदर ॥

जस्तै—

'यौटै आसनमा बसाइ हरियो[2] देखेर टाढै उठी,
पानै ल्याउनको निहूँ गरि अनी अङ्गालनू रोकियो ।
कामै निति अह्राइ नोकरकनै बोली टुट्यो आपुस,
बाठीले पतिको समादर गरी क्रोधै गरिन् सार्थक ।।'

धीराधीरा त घोचाई बोलीले दिक्क पार्दछे ॥ ६३ ॥

आफ्नो पतिलाई भन्ने अर्थ जान्नू ।

जस्तै मेरो—

'गहना नलाइ सुन्दर ! मेरो मनलाइ हर्छौ ता ।
उस्का नङ्का खतले सिंगारिदा झन् अहिले के छ ? ।।'

त्रास्छे ताड्छे अधीराले

अधीरा जस्तै—'रातो स्त्री-मुख देखि' यही हो। यहाँका सब श्लोकमा ६१ श्लोकबाट रिसको अनुवृत्ति हुन्छ।

प्रत्येकै ती दुई-थरी ॥
धेरै-थोरै रूपबाट पतिको प्रेमका प्रति ॥ ६४ ॥

ती पदबाट पहिले कहिएका छः किसिमका नायिकाहरू भन्ने अर्थ हो।

जस्तै—

'देखी आसन एकमै प्रियतमालाई पछाडी पुगी,
आँखा एउटिको त छोपि छलले प्रेमै गरे झैं गरी ।
बङ्गाएर गलो, बनी सपुलका; लल्चाउँदी; अर्कि नै
भित्री हास्य गरी कपोल फुलनेलाई छली चूम्दछ ।।'

१. पाउ पर्ने देखावटीले । २. हटाइयो ।

भेद मध्या, प्रगल्भाका त्यस्तै बान्ह बताउँछन् ॥
मुग्धा त एउटी नै छे त्यसैले भेद तेन्ह छन् ॥ ६५ ॥
पराधीना दुई हुन्छन् विवाहित र कन्यका ॥

ती दुईमा—

यात्रादि जाने, निर्लज्ज, अन्योढा[१] हो डुलन्ति त ॥ ६६ ॥

उदाहरण जस्तै—

'स्वामी श्वास लिए पनी रिस लिने, सौता मनै सूँङ्ने,
सासू इङ्गित जानने, नयनका भावज्ञ द्यौरानि छन् ।
टाढ़ैबाट छ विन्ति, गर्छ अब के दृग्भङ्गि तिम्रो यहाँ ?
वैदग्धीमधुर-प्रबन्धरसिक ! व्यर्थै छ यस्मा श्रम ॥'

यस श्लोकमा पतिलाई 'स्वामी' कहनाले यो तात्पर्य छ—त्यो खानलाउन दिने हुनाले खाली मालिक मात्र हो, प्यारो होइन। तिमी त कामकलाहरूमा चतुर र रतिप्रबन्धहरूमा रसिक हुनाले पनि अत्यन्तै प्यारा छौ। इत्यादि व्यंग्यार्थका कुराहरूले यसको परपुरुषमा रति प्रतीत हुन्छ।

अविवाहित हो कन्या लजालू, नवयौवना ॥

यो पिता आदिको वशमा हुनाले परकीया कहिन्छे। जस्तै—'मालतीमाधव'-मा मालती।

धीरा[२] कला-प्रगल्भा[३] हो वेश्या सामान्य-नायिका ॥ ६७ ॥
न दोस्छे निर्गुणीलाई गुणीमा छे न रागिणी ॥
धनमात्रै विचारेर प्रेम गर्छे उ बाहिरी ॥ ६८ ॥
ज्यादै प्रेमी पनि जन निर्धनीलाइ तेसले ॥
आमा द्वारा निकालिन्छ फेरी अर्को जुटाउन ॥ ६९ ॥
चोर, पण्डक औ मूर्ख, सुखैले धन पाउने, ॥
जोगी र गुप्तिमारा नै प्रायः यिन्का पियार छन् ॥ ७० ॥
कुनै सत्यानुरागीमा यो कामाधीन बन्दछे ॥
त्यो रक्ता वा विरक्तामा रत ता हुन्छ दुर्लभ ॥ ७१ ॥

'पण्डक' शब्दको अर्थ वायु-अग्नि सम्बन्धी दोपले नपुंसक भन्ने हो। 'छन्न-

१. विवाह भैसकेकी। २. रतिपण्डिता। ३. गीत-वादन-नृत्यादि ६४ कलामा कुशल।

काम' भनेको गुप्तिमारा हो। रागहीना (विरक्ता) जस्तै—लटकमेलकादिमा मदन-मञ्जरी आदि। अनुरक्ता जस्त—मृच्छकटिकादिमा वसन्तसेना आदि।

अरु भेद पनि—

अवस्थाले आठ हुन्छन् यिनै सोन्ह-प्रकारका ॥
स्वाधीनभर्तृका त्यस्तै खण्डिता, अभिसारिका, ॥ ७२ ॥
कलहान्तरिता, विप्र-लब्धा, प्रोषितभर्तृका, ॥
अनी वासकसज्जा र विरहोत्कण्ठिता पनि ॥ ७३ ॥

ती मध्ये—

जस्को रतिगुणाकृष्ट पति छोड्दैन पार्श्व नै ॥
नानाविलास-आसक्ता, यो हो स्वाधीनभर्तृका ॥ ७४ ॥

जस्तै—'मेरा हे सखि ! वस्त्र सुन्दर न छन्' इत्यादि।

प्रिय आउँछ जस्को त अन्य-संभोग-चिह्नित ॥
ईर्ष्याले धमिलो बन्ने, खण्डिता त्यो कहाउँछे ॥ ७५ ॥

जस्तै—'सच कहनुभयो त्यो' इत्यादि।

कामको वशमा पर्दा प्यारो खोज्न पठाउने ॥
स्वयं वा खोजनेलाई भन्दछन् अभिसारिका ॥ ७६ ॥

क्रमैले उदाहरण—

'समञ्जिन्न जे गरि हलौं म पनी करुणा जसोरि गरलान् उ ममा।
सिपले त्यसोरि गएर भने यति दूतिलाइ कुनले भनिथिन् ॥'

सारें माथि दुवै चुरा र बलियो पारी कसें मेखली,
पारें कोसिस-साथ खूब बजने मञ्जीरको मूकता।
मैले हड्बडिले सुरू गरि लिंदा क्रीडाभिसारोत्सव[1],
पापात्मा अब चन्द्र हर्छ तमको कालो पछ्यौरा सखी ! ॥'

खुंच्याएर सबै अङ्ग, गहना न बजाउदी, ॥
घुम्लुङ्ग कपडा ओढ्छे कुलीन अभिसारिका ॥ ७७ ॥
रङ्गी-विरङ्गी पैन्हेर चुरा कल्ली बजाउँदी ॥
हर्षले हँसिली बन्ने हो वेश्या अभिसारिका ॥ ७८ ॥

---

१. रति निंति जाने कामको उत्सव।

मदले बोलि रुक्ती र राम्रा आँखा नचाउँदी ॥
उद्धत्याइँ गरी हिँड्ने, हो त्यो प्रेष्याऽभिसारिका ॥ ७९ ॥

ती मध्ये पहिलोको जस्तै—'सारेँ माथि दुवै चुरा' इत्यादि हो। अरु २ को उदाहरण ऊह गर्नू।

प्रसङ्गप्राप्त अभिसारका स्थानहरू कहिन्छन्—

खेत, बारी, जीर्ण पौवा, दूती-गृह, तथा वन, ॥
श्मशान, सुन्सान घर, नदी-खोला-किनार, हुन् ॥ ८० ॥
कृताभिसारिणी वेश्याहरूका रति-खातिर ॥
आठ ठाऊँहरू हुन्छन् अँध्यारो ठाउँमा कहीँ ॥ ८१ ॥
प्यार गर्ने पनी प्यारोलाई छोडेर रीसले ॥
पश्चात्ताप लिने जो हो कलहान्तरिता उ हो ॥ ८२ ॥

जस्तै—मेरा पिताजीको—

'प्यारो बोलि सुनें न ता नजरले हेरें न ता हार नै
प्याराका प्रिय-हेतुका सगिनिका बोली न वास्ता गरें।
पाऊमा परदै त्यही समयमा हिंड्दा उ त्यो मूढले
रोक्तै हात पसारि झट्ट किन हा! घाँटीमहाँ राखिन ॥'

सूचना दी पनी प्यारो आउदैन नगीचमा ॥
विप्रलब्धा भनिन्छे त्यो बहुतै अपमानिता ॥ ८३ ॥

जस्तै—

'उठ हे दूति ! जाऊँ, याम गयो ती तथापि आएनन्।
जो यस्पछि पनि बाँच्ली, त्यसकै बनुन् तिनी प्राण-पियारा ॥'

अनेक-कार्यले गर्दा जस्को दूर गयो पति ॥
त्यो मनोभव-दुःखार्ता हुन्छे प्रोषितभर्तृका ॥ ८४ ॥

जस्तै—

'टाढा बन्दा सहचर म नै चक्रवाकी-सरीकी,
थोरै बोल्दी, तिनिकन बुझे प्यारि हुन् यो जुनीकी।
धेरै लम्बे दिन बिति गए शोग मानेर बौरी,
भिन्नै छन् की ? शिशिर-ऋतुकी पद्मिनी झैं निदौरी ॥'

सखी सिँगार्छे जस्लाई सजेको वास-गेहमा ॥
त्यो नै वासकसज्जा हो प्रिय-संगम जानने ॥ ८५ ॥

जस्तै—राघवानन्द-नाटकमा—

'हटाऊ यी बाजू, कर-युगलमा रत्न-जडित
चुरी, घाँटीमा यो तिलहरि छ के काम यसले ? ।
नयाँ यौटा सिक्री फगत तिमिले लाउनु ममा,
न शृङ्गारै पथ्यै छ पनि अति, कामोत्सव हुँदा ॥'

इच्छा छ आउने, किन्तु आएन पति दैवले ॥
तदनागम-दुःखार्ता विरहोत्कण्ठिता उ हो ॥ ८६ ॥

जस्तै—

'प्यारीले उनि रोकिए कि ? अथवा भड्काइ यै सङ्गिले ?,
किंवा कारण नै ठुलो छ ? अझ लौ प्यारा न ता आउँछन् ।
यो शोचेर सुवासिनी करमहाँ राखेर वक्त्राम्बुज,
सुस्केरा लिइ, धेर रोइ, फुलका माला पनी फेंक्तथिन् ॥'

यी अट्ठाइस बढि सय उत्तम, मध्य, अधम, स्वरूपैले ॥
चौरासि बढि तीन-सय गुन्दा छन् नायिका-भेद ॥ ८७ ॥

यहाँ परकीया (कन्या र विवाहिता) संकेत भन्दा पहिले विरहोत्कण्ठिता रहन्छन्, त्यसपछि विदूषकादिसँग अभिसरण गर्नाले अभिसारिका हुन्छन्, कुनै कारणले संकेतस्थानमा नायक आएन भने विप्रलब्धा हुन्छन्। खाली यी तीन अवस्था मात्र यिनका हुन सक्तछन्। अस्वाधीनपतिका हुनाले अरू पाँच अवस्था यिनका हुँदैनन् भनी कोही भन्दछन्।

कहीँ अन्योन्य सांकर्य यिन्को देखिन्छ लक्ष्यमा ॥

जस्तै—

❀ 'न त म छु यसको[1] प्रदान-योग्य पिउँछ[2] बचाउँछ[3] गुप्त[4] यो[5] तिमीमा ।

---

* पुष्पपल्लव सहित वृक्षको हाँगा प्यारीलाई दिन लागेको नायक प्रति नायिकाको उक्ति हो ।

१. विटपको। २. चुम्बन गर्छे। ३. मदनानल-सन्तापबाट बचाउँछे। ४. एकान्तमा। ५. तिम्री प्यारी ।

विट[1] ! विटप[2] यही दिनू उसैमा अनि छ हुने समको[3] अतीव[4] योग ॥'
'अब कितव ! छ ल्याउनू वृथा नै रुखहरुका फुल-पात कर्णपूर ।
अयि ! जन-विदितै झुटो कुराले अतिशय पूरित नै छ कान दोटै ॥'
'दिनदिन अलिले[5] हिसी गरेकी किन कलिका[6] तिमिले ममा दिंदैछौ ?
वसति-बिच पुगेर खास उस्को शठ ! कलि[7] आज दियौ ठुलो तिमीले ॥'
'यति भनिकन रीसले कुनैले स्फुरित-मनोरम-पक्ष्म-केसरैका,[8] ।
श्रवण-बिच निरुद्ध[9], नीलपद्म-नयन-सँगै गरि कान्तलाइ हानिन् ॥'

यस नायिकामा वक्रोक्तिले धीरामध्याको, परुष (खस्रो टर्रो) वचन बोलनाले अधीरामध्याको र कर्णोत्पलले हान्नाले अधीराप्रगल्भाको लक्षण मिल्दछ। यसै गरी अरु उदाहरणहरू पनि जान्नू।

नायिकाका अरू भेद कहिन्नन् अनगिन्ति भै ॥ ८८ ॥

इति नायिकाभेद

अब नायिकाका अलङ्कार—

सत्वजात अलंकार तिन्का हुन्छन् जवानिमा ॥
अट्ठाइस भाव-हाव-हेला अङ्गज हुन् तिन ॥ ८९ ॥
शोभा, कान्ति, अनी दीप्ति, माधुर्य र प्रगल्भता ॥
उदारता, धीरता, यी सात हुन्छन् अयत्नज ॥ ९० ॥
लीला, विलास, विच्छित्ति, विव्वोक, किलकिञ्चित ॥
मोहायित, कुट्टमित, मद, ललित, विभ्रम ॥ ९१ ॥
विहृत, ताप वा मौग्ध्य, विक्षेप र कुतूहल ॥
हासनू, छक्क पर्नू र केलि अट्ठार यत्नज ॥ ९२ ॥
स्वभावजात भावादि पुमान्का पनि छन् दश ॥

पूर्वोक्त भावदेखि धैर्य पर्यन्तका दश अलंकारहरू पुरुषहरूमा पनि हुन सक्छन्, परन्तु यी सबैले स्त्रीहरूमा नै विशेष चमत्कार देखाउँछन्।

ती मध्ये भाव—

निर्विकारात्म चित्तैमा पैल्हो विकृति भाव हौ ॥ ९३ ॥

---

१. चुत्थो कामुक। २. विटलाई चूमने र अरूबाट बचाउने पल्लव। ३. विटप र विटपाको (गुण्डा-गुण्डीको)। ४. धेरै कालसम्म। ५. भमराले। ६. सानु कली र कलह। ७. कलह। ८. उज्ज्वल राम्रा परेलारूप केसर भएका। अन्यत्र केसर जस्ता परेला भएका। ९. कानमा रोकिएका वा लगाइएका।

जन्मनूदेखि लिएर निर्विकार रहेको मनमा अङ्कुराएको कामविकार नै भाव हो।

जस्तै—

'त्यही राम्रो समय छ, त्यही छ मलयानिल।
तिनै छिन् अबला; किन्तु मन अर्कै-सरी छ लौ॥'

हाव—

'भ्रू-नेत्रादि विकारैले संभोगेच्छा प्रकाशने॥
अलीकती विकृतिको भाव नै हाव भन्दछन्॥ ९४॥

जस्तै—

'श्रीपार्वती बालकदम्ब-तुल्य निजाङ्गले भाव प्रकाश गर्दै।
श्रीशम्भुमा नेत्र लगाइ टेढो, अतीव राम्रो मुख पारि बस्थिन्॥'

हेला—

विकार-स्पष्टको भाव-लाई हेला बताउँछन्॥

जस्तै—

'त्यसरि ती नव-वधूका झट्ट भए सर्वाङ्ग-विभ्रम सकल,।
बालक सन्दिग्धपना जसरि भएथ्यो सखीहरूको॥'

शोभा—

रूप, यौवन, लालित्य, भोगादीले छ अङ्गको॥ ९५॥
शुभ्नु 'शोभा'

यौवनशोभा, जस्तै—

'रक्सी बिना माद गराउने, त्यो, शरीरको भूषण धेर गर्नै।
अनङ्गको पुष्प विना, सुशस्त्र, तिन्ले लिइन् बाल्य-परै उमेर॥'

यस्तै अरु उदाहरण पनि जान्नू।

कान्ति—

छ त्यै कान्ति कामबाट बढाइनु॥

कामदेवको विलासले बढेको शोभालाई नै कान्ति भन्दछन्।

जस्तै—'गाँज्छन् खञ्जनलाइ नेत्र' इत्यादि।

दीप्ति—

कान्ति नै अति-विस्तीर्ण-लाई दीप्ति बताउँछन्॥ ९६॥

जस्त मेरो चन्द्रकला नाटिकामा चन्द्रकला-वर्णन—

'तारुण्यको विलास, अधिक लावण्य-सम्पदको हास ।
हो भूमिको आभरण, युवजन-मनको वशीकरण ।।'

माधुर्य—

सर्वावस्थामहाँ राम्रो हुनू माधुर्य भन्दछन् ॥

जस्तै—

'कमल सिँवलिले नै बेह्रियोस् हुन्छ राम्रो,
मलिन पनि शशीको चिन्ह्ले फिँज्छ शोभा, ।
यिनि पनि अतिराम्री वल्कलैले पनी छन्
कुन छ र गहना नै ? माधुरी आकृतीको ।।'

प्रगल्भता—

नहड्बडी हो प्रागल्भ्य

जस्तै—

'अङ्गालेमा अङ्गाल्नूले, चूमिए चूमने गरी ।
डसिए डसनूले, स्त्री दास गर्छन् पतोकन ।।'

उदारता—

नम्रता हो उदारता ॥ ९७ ॥

जस्तै—

'रुक्खो बोलि न बोल्दछे, न त दुवै भौँ टेढिनू गर्दछे,
फेँक्छे फूल न कानदेखि भुइँमा, मेरो ठुलै दोषमा ।
बस्तै भित्र गवाक्षको विवरमा आँखा दिने सङ्गिको
वक्त्रै तर्फ लगाइ आँसु-झरने आँखा, प्रिया हेर्दछे ।।'

धैर्य—

अचञ्चल, मनोवृत्ति, आत्मश्लाघा त धैर्य हो ॥

जस्तै—

'दनदन बलोस् राती आकाशमा सकला शशी,
स्मर दहन पारोस् वा, मृत्यू भलै उ गराउला ।
तर दयित छन् नामी, आमा र बाबा कुलीन छन्,
कुल अमल हो, मै या जीवन न छौं स्थिर ।।'

लीला—

अङ्ग, वेष, अलंकार, मीठा वचनले पनि ॥ ९८ ॥
प्रेम ली पतिया, ढाँचा-गर्नू लीला बताउँछन् ॥

जस्तै—

'मृणाल-सर्प बालो र वेणीबन्ध-कपर्दकी ।
शिव ढाँचा लिने गौरी लीलाले लोक पालुन ॥'

विलास—

मान-स्थानाऽऽसनादी र मुख-नेत्रादि-कर्मको ॥ ९९ ॥
विशेष नै हो विलास प्रिय सन्दर्शनादिले ॥

जस्तै—

'यै-बीचमा तिनि मनोहर लोचनाको
वैचित्र्यको, अकथनीय, विलास-पूर्ण,
स्वेदादि सात्विक-विकार हुने, अधीर,
कन्दर्प-कौशल, अलौकिक, देखिदोभो ॥'

विच्छित्ति—

विच्छित्ति हो अल्पभूषा शोभालाई बढाउने ॥

जस्तै—

'पानीले खलमल पारिने शुभाङ्ग,
पानैको रङ-सरि लाल ओठ त्यस्तै ।
वस्त्रै स्वच्छ र मिहिँ यै विलासिनीका
हुन् भूषा, यदि कुसुमेषु साथमा छ ॥'

विव्वोक—

विव्वोक हो घमण्डैले अनास्था इष्ट-वस्तुमा ॥ १०० ॥

जस्तै—

'जस्को चाह गुणैमहाँ भइ पनी दोषादिकै बोलि छ,
जो प्राणै पनि छाड्दछन्, न पतिमा सोझो गरी हेर्दछन् ।
अत्यन्तै रुचि वस्तुमा पनि कुरा जस्को निषेधात्म छ,
ती त्रैलोक्यमहाँ जुदा प्रकृतिका स्त्री हुन् खुसी प्रेमिमा ॥'

किलकिञ्चित—

स्मित, शुष्क रुदित, हसित, त्रास, क्रोध, श्रमादीको ॥
मिलाप हो किलकिञ्चित इच्छित चिज पाउँदा खुसिले ॥ १०१ ॥

जस्तै—

'हात रोक्नु अविरोध जनाई, मन्द-हास गरदै हपकाई ।
कामुक प्रति गरिन् रमणीले सौख्यमा पनि त शुष्क रुवाई ॥'

मोट्टायित—

तद्भाव-भावी मन भै पति-तर्फ कुरा हुँदा ।
कनाउनू नाक-कान मोट्टायित भनिन्छ यो ॥ १०२ ॥

जस्तै—

'तिम्रो कुरा हुँदा पट्टा ! कान तर्फ कनाँउँदी ।
हाईहाई मुख गरी त्यो स्त्रीले आङ भाँच्तछे ॥'

कुट्टमित—

केश-स्तनाऽधरादीमा पक्रदा हर्षमा पनि ॥
हड्बडाई शिर-कर चाल्नू कुट्टमितं छ यो ॥ १०३ ॥

जस्तै—

'पालुवा सदृश त्यो अतिलाल ओठमा पतिजिले डसँदामा ।
पट्टिको चुरि हुने करले त शब्द झन्झन् गर्‍यो रिसले झैँ ॥'

विभ्रम—

प्रियागमनमा हर्ष-प्रेम भै हड्बडाइले ॥
ठाउँ साटी अलंकार गर्नू विभ्रम भन्दछन् ॥ १०४ ॥

जस्तै—

'स्त्रीले नसक्तै शृङ्गार पति आए भनी सुनी ।
निधार, आँखा-गालामा काली-लाली-टिका गरिन् ॥'

ललित—

सुकुमार गरी अङ्ग राख्नू ललित भन्दछन् ॥

जस्तै—

'अतिगुरु कल नूपुरै बजाई, सुललित वाम चलाइ पाद-पद्म ।
पद इतर त चाल सुस्त गर्दै, अनि उनि मन्मथले ढिलो हिँडीथिन् ॥'

मद—

सौभाग्य-यौवनादीको घमण्डीपन हो मद ॥ १०५ ॥

जस्तै—

'सेखी नलेउ तिमि शोभित छन् कपोल
श्रीस्वामिबाट लिखितै यिनि पत्रिकाले ।
अर्को पनी हुँदिन पात्र कि यो कुराको ?
वैरी नहोस् त यदि कम्प त्यही घडीमा ॥'

विहृत —

बोल्नू पर्दा पनी लज्जा-ले न बोल्नू छ विहृत ॥

जस्तै—

'दूरागत भै मैले सोद्धा कुशल केहि भनिनन् तिन्ले ।
नयनले आँसू झारी तिन्को सारा कुरा बोले ॥'

तपन—

कामवेगोत्थ चेष्टा हो तपनं पति-छूटमा ॥ १०६ ॥

जस्तै—

'सुस्काछें अनि भूमिमा गिरदछे, हेर्छे उ तिम्रै पथ,
रुन्छे खूब अनी यताउति दुवै दुब्ला भुजा फेंक्तछे, ।
के लौ, प्राणसमान ! भेट सपनामै होस् भही इच्छु भै
निद्रा चाहँदछे, दिंदैन उ पनी त्यो दग्ध दुर्दैवले ॥'

मौग्ध्य —

नजाने झैं गरी, खासै-जानेका पनि चीजको ॥
पियारोको अगाडीमा सोधनू मौग्ध्य भन्दछन् ॥ १०७ ॥

जस्तै —

'कुन हुन् रुख ती, गाउँ कहाँ, कोबाट रोपिए ?
नाथ ! यो चुरिमा जस्का फल मोती, जडाउ छन् ॥'

विक्षेप—

आधी शृङ्गार गरनू, हेर्नू झुट्टै जतातते ॥
प्यारो साथै गोप्य वार्ता थोरै, विक्षेप हुन्छ यो ॥ १०८ ॥

जस्तै—

'वाट्तिछ आधि चुल्ठी, त्यस्तै टीका पनि छ असम्पूर्ण ।
केहि रहस्य पनि भन्छे, हेर्छे यताउति चकित भै बाला ।।'

कुतूहल—

चीज राम्रो देख्नलाई हो चाञ्चल्य, कुतूहल ॥

जस्तै—

'कुनै त लौ माहुर लाउँदैको तानेर पाऊ नगिनी-भुजाको ।
गइन् दगुर्दै त्यहि खिड्कि-सम्म बाटो-भरी नै गरि छाप टम्म ।।'

हसित—

व्यर्थै हाँसो हसित हो जवानी चढदा हुने ॥ १०९ ॥

जस्तै—

'एक्कासी नै पातली यो हास्य गर्थी बराबर ।
अवश्यै कामले यस्मा जमाएछ स्वराज नै ।।'

चकित—

चकितं हो स्वामि-सामु क्यैदेखी डर्नु-तर्सनु ॥

जस्तै—

'तर्सेकी चल-शफरी भिडी उरूमा
वामोरू अतिशय चक्कराइ-हालिन् ।
बेकारै पनि तरुणी गरी बहाना
डर्छन् ता झन परि कारणै भनौं के ? ।।'

केलि—

विहारमा स्वामि-साथ खेलवाड त केलि हो ॥ ११० ॥

जस्तै—

'फुकेर आँखा-बिच फूलको धुलो नफेंक्न-सक्ने पतिलाई देखदी ।
सुपुष्ट-उच्च-स्तनकी कुनै प्रिया पयोधरैले उरतर्फ ठोक्तथिन् ।।'

अब मुग्धा र कन्याहरूका अनुराग-चेष्टाहरू भनिन्छन्—

हेरेमा मान्दछे लाज, सामने पनि हेर्दिन ॥
उस्ले नदेख्ता, घुम्दा वा टाढैमा हेर्दछे पति ॥ १११ ॥

सोधदामा घेर-पल्ट, न्यूरदी मन्दमन्द भै।
गद्गद्-स्वरले थोरै पतिमा प्राय बोल्दछे॥ ११२॥
अरुले पतिको वार्ता गरेमा सावधान भै।
आँखा अन्तै दिई सुन्छे बालिका अनुरागिणी॥ ११३॥

अब सब नायिकाहरूका अनुराग चेष्टाहरू—

प्यारोको नगिचै बस्न अति नै मन गर्दछे॥
न पैन्ही गहना उस्को दृष्टिमा पनि पर्दिन॥ ११४॥
कुनै केश, पछ्यौराको सँभाल्ने निहुँले गरी॥
कखौता, स्तन वा नाभि स्पष्टै देखाउँछै पनि॥ ११५॥
स्वामीका सेवकैलाई बोलीले खुसि राख्तछे॥
विश्वास गर्छे उसका मित्रमा, मान गर्दछे॥ ११६॥
सखीका माझमा भन्छे गुण, दिन्छे धनै पनि॥
सुते सुत्छे, दुःख पर्दा छे दुःखी, सुखमा सुखी॥ ११७॥
देखिने ठाउँमा बस्तै प्यारोले हेरदा उ त॥
बोल्छे नोकरका साथ स्मरविकृति-पूर्वक,॥ ११८॥
जेसुकै पनि देखेमा व्यर्थैको हास्य गर्दछे,॥
कान कोप्याउनू गर्छे, चुल्ठो बाट्छे, फुकाउँछे॥ ११९॥
हाई गर्छे, आँग भाँच्छे, चूम्छे बाल अँगालदै,॥
टीका लगाउँछे आफ्नी सगिनीको निधारमा,॥ १२०॥
कोर्दछे भइँ औंठोले, कटाक्ष गरि हेर्दछे,॥
टोक्तछे आफनू ओठ, निहुरी प्यार बोल्दछे॥ १२१॥
छाड्दै छाड्दिन त्यो ठाउँ जस्बाटै देख्तछे पति॥
आउँछे घरमा उस्को काममा क्यै निहूँ गरी,॥ १२२॥
केही दिएमा प्यारोले पैन्ही हेर्छे बराबर,॥
खुसाउँछे त्यो-भेटेमा, छुटे छे मलिनी, कृश,॥ १२३॥
उस्को शील ठुलो ठान्छे, मान्छे प्रिय पनी प्रिय॥
थोरै मोल हुने माग्छे, शय्यामा फर्कि सुत्तिन॥ १२४॥
विकार सात्विकहरु उस्को संमुख पाउँछे॥
बोल्दछे मसिनू, प्यारो अनुरक्ता सुवासिनी॥ ११५॥

यिन्मा ज्यादै लाज मान्ने चेष्टा नववधूमहाँ ॥
मध्यामा मध्यमै हुन्छन्, मान-लाज नमानने ॥ १२६ ॥
परकीया, प्रगल्भा र वेश्याका पनि छन् सदा ॥

केही चेष्टाको दिग्दर्शन जस्तै, मेरो—

'नगिचको पनि मलाई देखेर पनि नदेखे-सरि हाई ।
आलो नखक्षत-युक्त देखाउँदछिन् भुजामूल ॥'

त्यस्तै—

चिट्ठी भेज्नू, प्रेम साथ हेर्नू, मधुर बोलनू ॥ १२७ ॥
दूती पठाउनूबाट स्त्रीको भाव बुझाउँछ ॥

दूतीहरू—

दूती हुन्छन्—सखी, दासी, नटी, धाई, छिमेकिनी ॥ १२८ ॥
बालिका, जोगिनी, कारू, शिल्पिनी आदि वा स्वयम् ॥

कारू शब्दबाट धोबिनी आदि । शिल्पिनी शब्दबाट चित्रकारिणी आदि । श्लोकको आदिपदबाट पानबरहिनी, अत्तर बेचनेवाली इत्यादि जान्नू ।

ती मध्ये सखी जस्तै—'मुस्कार्छे अनि भूमिमा' इत्यादि ।

स्वयं दूती जस्तै मेरो—

'बटुवा ! तिरखाए[१] झैं देखिन्छौ जान्छौ किन अन्यत्र ?
छैन रोक यहाँ कुनै, घरमा छ घनरसै[२] पिउ[३] लौ ॥'

यिनै पूर्वोक्त स्त्रीहरू नायिकाहरूका प्रति नायकको तर्फबाट पनि दूती हुन्छन् ।

दूतीका गुणहरू—

कला-कौशल, उत्साह, भक्ति, चित्तज्ञता, स्मृति ॥ १२९ ॥
माधुर्य, प्रेम-विज्ञान, वाग्मिता, दूतिका-गुण ॥
औचित्यले यी पनी छन् उत्तमा,ऽधम-मध्यम ॥ १३० ॥

प्रतिनायक—

प्रतिनायक हो धीरोद्धत, पापी र कुल्लती ॥

जस्तै—श्रीरामचन्द्रको रावण ।

---

१. जलतृष्णा भएको वा संभोगेच्छा भएको । २. जल वा अधर, संभोगसुख । ३. अनुभव गर ।

उद्दीपन विभावहरू—

जो वृद्धि गर्छन् रसको, उद्दीपन-विभाव हुन् ॥ १३१ ॥
ती आलम्बनका चेष्टा-देश-कालादि छन् पनि ॥

यहाँ चेष्टादि पदबाट रूप, भूषण इत्यादि र कालादि पदबाट चन्द्रमा, चन्दन, कोइलीको बोली, भमराहरूको घुन्घुनाहट, इत्यादि जान्नू।

ती मध्ये चन्द्रोदय जस्तै मेरो—

'उदय गिरि-वर-स्तनाग्रमा नै कर धरि, त्यो तम-वस्त्र फँकिएको, ।
विकसित-कुसुमेक्षणै भएको, सुरपतिदिक्-मुख चूम्छ आज चन्द्र ॥'

जो जुन रसको उद्दीपन-विभाव छ, त्यो त्यसको स्वरूप-वर्णनमा बताइनेछ।

अनुभावको लक्षण—

स्व-कारणैले उत्पन्न, बाह्यभाव प्रकाशने ॥ १३२ ॥
अनुभावै कार्यरूप हुन्छ लौ काव्य-नाट्यमा ॥

सीता आदि आलम्बन र चन्द्रादि उद्दीपन कारणहरूले रामादिका हृदयमा उद्बुद्ध रत्यादिलाई बाहिर प्रकाशित गरिदिने, लोकमा जो रतिको कार्य कहिन्छ, त्यो नै काव्य र नाट्यमा अनुभाव भनिन्छ।

त्यो कार्य कुन हो ? प्रश्नमा —

उक्त स्त्रीका अलंकार स्वभावज र अङ्गज ॥ १३३ ॥
भाव सात्विक औ चेष्टा इत्यादि अनुभाव[१] हुन् ।

जो जुन रसको अनुभाव हो, त्यसलाई त्यसैको वर्णनमा कहिनेछ।

सात्विक भाव —

विकार सत्त्व-संभूत भनिन्छन् सब सात्विक ॥ १३४ ॥

'सत्व' भनेको आत्मामा विश्राम गरी रहेका रसको प्रकाश गरिदिने अन्तः-करणको विशेष धर्म हो।

सत्वोद्भव तिनी भिन्नै छन् पनी अनुभावमा ॥

'गो-बलीवर्द न्याय'ले तिनीहरू अरू अनुभावहरूदेखि भिन्न पनि हुन सक्छन्।

---

१. अनुभाव :—

'वागङ्गसत्वाभिनयैर्यस्मादर्थो विभाव्यते ।
वागङ्गोपाङ्गसंयुक्तः सोऽनुभाव इति स्मृतः ॥'

ती सात्विकादि कुन हुन् भन्ने प्रश्नमा—

स्तम्भ, स्वेद र रोमाञ्च, स्वर-विकृति, कम्प र, ॥ १३५ ॥
वैवर्ण्य, अश्रु, प्रलय, आठ छन् भाव सात्विक ॥

ती मध्यमा—

चेष्टा रोकिनु हो स्तम्भ भय-हर्षा-ऽऽमयादिले ॥ १३६ ॥
पसिना हुनु हो स्वेद रति-धर्म-श्रमादिले ॥
रोमाञ्च हो रऊँ उठ्नु हर्षा-ऽद्भुत-भयादिले ॥ १३७ ॥
हो हर्ष-मद-पीडादिबाट विस्वर गद्गद ॥
प्रेम-द्वेष-श्रमादीले देह-कम्प छ वेपथु ॥ १३८ ॥
विषाद-मद-कोपैले रूपान्य छ विवर्णता ॥
अश्रु हो नेत्रको पानि क्रोध, दुःख र हर्षले ॥ १३९ ॥
प्रलय ज्ञान-चेष्टादि नहुनू सुख-दुःखले ॥

जस्तै मेरो—

'छुँदा देहै यिन्को नजर दुइ छन् हा ! चिमलने,
भई रोमाञ्चै यो सकल जिउ नै बन्दछ जड ।
पसीना छन् गाला-बिच, मन पनी सबै छोडि विषय
छिटै ब्रह्मानन्द ध्रुव परम साक्षात् छ गरने ॥'

यो रोमाञ्च, स्वेद, प्रलयको उदाहरण हो । यस्तै अरू पनि जान्नू ।

व्यभिचारी भावहरू—

व्यभिचारीहरू सोझै रसमा बनि सम्मुख ॥
स्थायीमा देखिने-लुक्ने हुन्छन्, तेत्तिस भेद छन् ॥ १४० ॥

स्थिरतासँग रहेका रत्यादि स्थायीभावमा आविर्भूत र तिरोभूत भएर निर्वेदादि भाव अनुकूलतासँग सम्मुख हुने हुनाले यिनलाई व्यभिचारी भन्दछन् ।

ती कुन हुन् भन्ने प्रश्नमा—

निर्वेदा, ऽऽवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, बोध,
स्वप्ना, ऽपस्मार, सेखी, मरण, अलसता, रोष, निद्रा, ऽवहित्थ ।
औत्सुक्यो, न्माद, शंका, स्मृति, मति, अनि छन् व्याधि, सन्त्रास, लज्जा,
हर्षा, ऽसूया, विषादादि र धृति, चलता, ग्लानि, चिन्ता, वितर्क, ॥१४१॥

निर्वेद—

'निर्वेद' हो स्वाऽवमान ज्ञान, आपत्ति, रीसले ॥
दैन्य- चिन्ता- अश्रु- श्वास- वैवर्ण्योच्छ्वास-गर्दछ ॥ १४२ ॥

तत्त्वज्ञानबाट उत्पन्न निर्वेद, जस्तै—

'मृत्तिका-घटको बालू-प्वाल टालन खोजने ।
मैले यो दक्षिणावर्त शंख पारेँ धुलो अहो !''

आवेग—

'आवेग' हो हड्बडिनू अङ्ग खुम्चिन्छ हर्षमा ॥
उत्पातमा अङ्ग गल्छ, धूम-वैकल्य अग्निमा ॥ १४३ ॥
शत्रु-राजाहरूबाट शस्त्र-अस्त्रादि जुट्नुले ॥
गजादिको स्तम्भ-कम्प, वायुको धूलि उड्नुले ॥ १४४ ॥
हुन्छन् इष्टा-ऽनिष्टजन्य, हर्ष-शोक अरू पनि ॥

शत्रुबाट उत्पन्न, जस्तै—

'अर्घ्य-अर्घ्य कहने नृपालमा दृष्टि मोडिकन बाल राममा ।
नानि माथि गरि नेत्र ताकियो क्षत्रिका प्रति हुताग्नि बालियो ॥'

यसै गरी अरू पनि जान्नू ।

दैन्य—

दरिद्रतादिले तेज घट्ने मालिन्य 'दैन्य' हो ॥ १४५ ॥

जस्तै—

बूढ़ा यी पति खाटमै परि-गए, ठूटो छ बाँकी घर,
वर्षा काल छ, पुत्रका कुशलको आउन्न चिट्ठी पनि ।
साँचेको पनि तैलको घट फुट्यो, भन्दै भई व्याकुल
सासू, गर्भवती वधू नगिचमा देखेर रुन्छिन् अति ॥'

श्रम—

रति-मार्गादिको खेद श्वास-निद्रादि-कृत् 'श्रम' (हो) ॥

जस्तै—

केही पुरी-पर पुगेपछि कोमलाङ्गी
सीता गएर तिन-चार चलाक फड्का ।

जानू कती छ ? भनि तारनतार सोद्धी
रामाश्रुको गरदथिन् पहिलो निकासी ॥'

मद—

संमोहा,-ऽऽनन्द गरने 'मद' हो मद्य-पानको ॥ १४६ ॥
यस्ले उत्तम ता सुत्छ, मझौला हाँस्छ - गाउँछ ॥
नीचा-ऽधम-प्रकृति ता गालि गर्दछ - रुन्छ या ॥ १४७ ॥

जस्तै—

'चातुरी त्रिसरकै[1] पिइ धर्ने चालुभो युवतिको हँसि-ठट्टा ।
बक्र वाक्य रचना गरि राम्रो गुप्ति चाल सित गोप्य जनाई ॥'

जडता—

अक्समकिनू 'जडता' हो इष्टानिष्ट-दर्शन-श्रुतिले ॥
त्यस्मा आँखा नचिमलि हेर्नू , चुप्प हुनू सब हुन्छन् ॥ १४८ ॥

जस्तै मेरो कुवलयाश्वचरित प्राकृतकाव्यमा—

'केवल त्यो तरुण जोडि परस्परमा गर्दै नेत्र-भरी आँसु ।
तसविरमा लिखित सरी तहाँ क्षणै-भर साथ छुट्टिई बस्थ्यो ॥'

उग्रता—

शौर्याऽपराधले बन्ने हो प्रचण्डत्व 'उग्रता' ॥
त्यस्मा स्वेद, शिरःकम्प, तर्जना, ताडनादि छन् ॥ १४९ ॥

जस्तै—

'प्रणयि सखी-सलीलपरिहास-रसादि - युत[2],
ललित शिरीषपुष्पहतिले[3] पनि गल्दछ जो
तनु उहि मार्न-निति शर हान्न खडा जनको[4]
शिर बिच यो अकाल-यमदण्ड समै भुज होस् ॥'

मोह—

हो 'मोह' वैचित्य भय-दुःख-चिन्तादिले हुने ॥
मूर्छा- अज्ञान- पतन- नदेख्नू- भ्रान्ति गर्दछ ॥ १५० ॥

---

१. तीन पटक पिइएको मदिरा । २. प्यारी सगिनीका लीलापूर्वक हँसिठट्टाका रसले युक्त भएको । ३. सुन्दर शिरीसका फूलको हनाईले । ४. राक्षस तेरो ।

जस्तै—

'त्यो शोकले इन्द्रियवृत्ति सारा बाँध्ने ठुलो मोह[1] हुँदा रती त ।
स्व-भर्तृको मृत्यु छिनै नसंझी कृतोपकारा-सरि नै बनीथिन् ॥'

विबोध—

निद्रा हट्ने चीजबाट चेतना हो 'विबोध' यो ॥
हाई गर्छ, अङ्ग भाँच्छ, आँखा मिच्तछ, हेर्दछ ॥ १५१ ॥

जस्तै—

'अति गरि रति, थाकी गाढ निद्रा परेको
प्रिय जन पछि सुत्ने, ब्यूँझने ती अगाडी ।
चलमल नगराई देह नै मस्त-पट्ठी
खुकुलिन त दिँदैनन् हातको अङ्कमाल ॥'

स्वप्न—

निदाउनेमा विषयाऽनुभवै हुनु 'स्वप्न' हो ॥
कोपा, ऽऽवेग, भय, ग्लानि, सुख, दुःखादि गर्छ यो ॥ १५२ ॥

जस्तै—

स्वप्नावस्था-बिच तिमि मिली खोजदै अङ्कमाल
मेरो बढ्ने नभ-तिर दुबै हातको देखि चाल ।
माथीमाथी ललित-कलिमा ती स्थली-देवताका
मोती-जत्रा नयन-जलका विन्दु छन् लौ झरेका ॥'

अपस्मार—

हो 'अपस्मार' मनको विक्षेप ग्रह-आदिले ।
भू-पात, कम्प, पसिना, फीँज, राल गराउँछ ॥१५३॥

जस्तै—

'श्रीकृष्णले भूमिमहाँ लडेर चिच्याउने, बाहु-तरङ्ग फेंक्तै ।
काढेर फींजै रहने, समुद्र-लाई अपस्मारि भनेर ठाने ॥'

गर्व—

'गर्व' हो त्यो प्रभाव-श्री-विद्या-सत्कुलले मद ॥
हेलाँ-अनम्रता-अङ्ग नचाई हेर्नु गर्दछ ॥१५४॥

---

१. वेहोश ।

जस्तै—

'मैले शस्त्र लिए सम्म गर्छन् के अरू शस्त्रले ।
जो मेरो शस्त्रले हुन्न केले त्यो साध्य गर्दछ ॥'

मरण—

शरादिले ज्यान जानू 'मरणं' देह ढाल्दछ ॥

जस्तै—

'राम-काम-शर[1] भित्र[2] नै परी तेसबाट जलदी[3] निशाचरी[4] ।
गन्धवत्-रुधिर-लेपले[5] भिजी जीवितेश-गृहमा[6] पुगी निजी ॥'

आलस्य—

'आलस्य' श्रम-गर्भादि-जाड्य हो, हाइ, बस्नु छ ॥१५५॥

जस्तै—

'न सिँगार्छिन् अङ्गलाई, न त बोल्छिन् सखी-सित ।
गर्भ भै, वसदी बाला हाइ-गर्छिन् बराबर ॥

अमर्ष—

निन्दा, ऽऽक्षेपा, ऽपमानैको फाल्ने जोस 'अमर्ष' हो ॥
नेत्र-राग शिरःकम्प, भ्रू-भङ्गी, ताक्नु, गर्दछ ॥१५६॥

जस्तै—

'मान्यका अपमानैको प्रायश्चित म गर्दछु ।
किन्तु दोषी गराउन्न शस्त्रग्रह-महाव्रत ॥'

निद्रा—

चित्त-निश्चाल हो 'निद्रा' श्रम-क्लम-मदादिले ॥
हाई, चिम्लनु वा स्वाँस्वाँ, आङ भाच्नु गराउँछ ॥१५७॥

जस्तै—

'काम-बेकामका बोली बोल्दी गम्भीर अक्षर ।
निद्राले आधि चिम्लेकी लेखे-झैं छिन् ति चित्तमा ॥'

---

१. राम्रो कामदेवको वाण र रामरूपी कामदेवको वाण । २. मनमा र छातीमा । ३. भत्भती पोल्दी र डढ्दी । ४. अभिसारिका स्त्री र राक्षसी (ताडका) । ५. सुगन्धि रक्त-चन्दनको लेपनले र गन्हाउने रगतको लेपले । ६. पतिको घरमा र यमराजको घरमा ।

अवहित्था—

भय, गौरव, लज्जाले हर्षाकार छिपाउनु 'अवहित्था' ॥
अरु काम-तिरै लाग्नु, अरु कुरा गरनु र हेरनु गर्छ ॥१५८॥

जस्तै—

'देवर्षिले यो बोलेमा पिता-नगिच न्यूरदी !
लीलाकमलका पत्र गन्दथिन् पनि पार्वती !!'

औत्सुक्य—

'औत्सुक्य' इष्ट नमिली कालक्षेप असह्य हो ॥
चित्त-ताप, त्वरा, स्वेद, दीर्घश्वासादि गर्दछ ॥१५९॥

जस्तै – 'कौमारीत्व हटाउने वर उही' इत्यादि ।

यो श्लोकमा काव्यप्रकाशकारले जो रसको प्राधान्य बताएका छन् त्यो रसन-धर्म-सम्बन्धी हुनाले व्यभिचारी भावको पनि 'रस' शब्दबाट व्यवहार हुँदा गतार्थ जान्नू ।

उन्माद—

हो चित्त-मोह 'उन्माद' काम, शोक, भयादिले ॥
बेकाम हाँस्छ या रुन्छ, बर्बराउँछ, गाउँछ ॥१६०॥

जस्तै मेरो—

'भाई द्विरेफ ! सब तर्फ घुमी तिमीले
प्राणप्रिया त कहिं देखि-लियौ कि मेरी ?

[झंकार सुनी खुसी हुँदै]

बोल्छौ कि हो भनि ? सखे ! झट नै बताऊ ।
के गर्दछिन्, अनि कहाँ रहि, कस्ति छन् तो ? ॥'

शङ्का—

अनर्थ-तर्क हो 'शङ्का' परक्रोध-स्व-दोषले ॥
मुख सुका, पार्श्व हेर्नु, स्वर-वैवर्ण्य, कम्प छन् ॥१६१॥

जस्तै मेरो—

'प्याराको नै नङ-खत परी अङ्गमा लौ बिहानै
शङ्का मानी घसनु गरदी चन्दनालेपनादि ।

लाली दल्छिन् पनि अधरमा दन्तको घाउ पर्दा
क्षामाङ्गी छन् छक परि सबै-तर्फ आँखा दिएकी ।।'

स्मृति—

'स्मृति' पूर्वानुभूतार्थ-विषय-ज्ञान' भन्दछन् ॥
सदृश-ज्ञान-चिन्तादि-ले भौं आदि उठाउँछ ॥ १६२ ॥

जस्तै मेरो—

'म सकपटै काहीँ केही विलोकन गर्दथें
अलिक नजरै बन्दा तेर्छा प्रकाशित-तारका ।
स्मित गरदी सँगी देख्ता सलज्ज नुहाइने
कमलनयनीको हाँस्तो संझदैछु म आनन ।।'

मति—

नीतिमार्ग पछी लागी अर्थ-निर्णय हो 'मति' ॥
स्मेरता, धृति, सन्तोष, आत्मसम्मान छन् यहाँ ॥ १६३ ॥

जस्तै—

'अवश्य यी क्षत्रि-विवाह-योग्य हुन्
पवित्र मेरो मन जान्छ ती-तिर ।
ठिकै छ सन्देह हुने पदार्थमा
प्रमाण छन् साधु-मन:प्रवृत्ति नै ।।'

व्याधि—

वातादिले ज्वरादी हो 'व्याधि' भूपात-कम्प-कृत् ॥

त्यसमा पित्तप्रधान व्याधिमा भैंमा पल्टने इच्छा र कफप्रधानमा कम्प आदि हुन्छन् । उदाहरण स्पष्टै छ ।

त्रास—

विद्युत्-गर्जन-उल्काले 'त्रास' कम्पादि गर्दछ ॥ १६४ ॥

जस्तै—

चलेर तिग्रा तिर मत्स्य टाँसिदा डराइ सारै चलदृष्टि पारने ।
भुजा कँपाएर सुराङ्गनाहरू सखीहरूले पनि हेरिने भए ।।'

---

१. पहिले अनुभव गरिएका विषयहरूको संझना ।

व्रीडा—

हो धृष्ट न हुनू 'व्रीडा' दुराचारले मुख लुकाउँदछ ॥

जस्तै—'म सकपटै काहीँ केही' इत्यादि ।

हर्ष—

इष्ट-प्राप्ति छ 'हर्ष' मनःप्रसाद, आयु, गद्‌गद, पार्छ ॥ १६५ ॥

जस्तै—

'ढिलो, पिता देखि सुपुत्रको मुख, गरीबले खानि मिले-सरी गरी ।
प्रमोदले देह अती बढाउँथे पयोधि चन्द्रोदयमा बढे-सरी ॥'

असूया—

'असूया' अरुको सम्पत्-गुण देख्ता असह्य हो ॥
दोष बक्नु, भुईं-खुम्चा, हेलाँ, लालै गराउँछ ॥ १६६ ॥

जस्तै—

'अनि गरे पाण्डु-सुतले त्यो सदस-बिच मान कृष्णको ।
त्यो, नसहदछ चेदिपति, परवृद्धि-मत्सरि मनै छ मानिको ॥'

विषाद—

उपाय नहुँदा बन्नू अपौरुष 'विषाद' हो ॥
उच्छ्वास, मनमा पोल्नु, सहायादिक खोज्नु, छ ॥ १६७ ॥

जस्तै मेरो—

'बंग्याएर घनू यो अलक बाँधदा त तिम्रो चुलठीले ।
मेरो हृदय हार्दछ डस्छ लोहयष्टि-कालसर्पिणी-ले झैं ॥'

धृति—

ज्ञान, इष्टप्राप्तिबाट इच्छाको पूर्ण हो 'धृति' ॥
भलो वचन, उल्लास, स्मित, बुद्धि गराउँछ ॥ १६८ ॥

जस्तै मेरो—

'गर्दै दुःखि निचोरनू, स्वजनमा वाक्-युद्ध मच्चाउनू,
हेर्नू केहि न, पारलौलिक ठुला धेरै पनी यातना ।
थुप्र्याएँ धन धेर वृद्धपनको निंती भनी, जो अब
खाली जङ्गलि-धानले पनि अहो ! यो देह सन्तुष्ट छ ॥'

चपलता—

'चापल्य' हो रीस, राग, द्वेषले डग्मगाउनू ।।
त्यसमा भर्त्सन, पारुष्य, स्वच्छन्दाचार आदि छ ।। १६९ ।।

जस्तै—

'हे भृङ्ग ! अर्कि थिचमोच-सहालु तर्फ
त्यो चञ्चले मन रमाउ, भली-लतामा ।
सानी, अजात-रज[1], यी कलिका, अकालै
पिर्छौ वृथा किन हरे ! नवमल्लिकाको ।।'

ग्लानि—

रतिश्रम-मनस्ताप-क्षुत्- पिपासादि- जन्य हो ।।
'ग्लानि', निर्बलता-कम्प-अनुत्साहादि गर्दछ ।। १७० ।।

जस्तै—

'हृदय-कुसुम सोस्ने, यो कडा, दीर्घ-शोक
किसलय-सरि सानू डाँठदेखी छुटेको ।
कृश, अतिशय फीका, देह गाल्दोछ यिन्को;
शरद-गरम जस्तै केतकीपत्रलाई ।।'

चिन्ता—

अनिष्ट ध्यान हो 'चिन्ता' शून्यता, श्वास, ताप छ ।।

जस्तै मेरो—

'विकसित हुने कमलले विरोधि शशिबिम्बलाइ मेल गराई ।
करतलमा मुख राखी के विचार्छ्यौ सुमुखि ! मन-भित्र ।।'

वितर्क—

शंकामा शोच हो 'तर्क' भौं-माथा-औंलि नाचने ।।१७१।।

जस्तै—'प्यारीले तिनी रोकिए कि ?' इत्यादि ।

पहिले कहिएका जो तेत्तिस व्यभिचारी भावहरू छन् ती उपलक्षण मात्र हुन् । यी बाहेक अरू पनि व्यभिचारी हुन्छन् ।

रत्यादि नै अनियत रसमा व्यभिचारि छन् ।।

---

१. केसर नआएकी वा रजस्वला नभएकी ।

जस्तै कि, शृङ्गाररसमा अन्त्यसम्म अविच्छिन्नरूपले रहिरहने हुनाले रति नै स्थायी भाव कहलाउँछ। परन्तु हास चाहीं विचमा उत्पन्न र विलीन हुनाले सञ्चारी हुन्छ। किनभने त्यसमा सञ्चारीको लक्षण घट्तछ। यो भनेको पनि छ—

'रसावस्था तकै पुग्ने भाव नै स्थायिभाव हो।'

कुन कुन स्थायी, कुन कुन रसमा सञ्चारी हुन्छन्? भन्ने प्रश्नमा भनिन्छ—

शृङ्गार-वीरमा हास, वीरमा क्रोध मान्य छ ॥१७२॥
जुगुप्सा शान्तमा हुन्छ व्यभिचारी स्वरूपले ॥
अरू यस्तै सिद्ध गर्नू बुद्धिमान् जनले सदा ॥१७३॥

स्थायिभाव—

अविरोधी, विरोधीले सक्तैनन् जो छिपाउन ॥
आस्वादको मूल-भूत, भाव त्यो स्थायिभाव हो ॥१७४॥

भनिएको पनि छ—

'स्रक्-सूत्र न्यायले अर्कैभावको पछि-लागने।
स्थायी उस्ले छिपाइन्न उस्ले झन् पुष्ट पार्दछ ॥'

स्थायिभावका भेद—

रति, हास, तथा शोक, क्रोध, उत्साह औ भय ॥
जुगुप्सा, विस्मय, शम, स्थायीका आठ भेद छन् ॥१७५॥

तिनका लक्षण—

मनोनुकूल चिजमा मन लाग्नु हो 'रति' ॥
वाक्-आदिको विकृतिले चित्त फक्रनु 'हास' हो ॥१७६॥
इष्ट-नाशादिले चित्त-विकार हुनु 'शोक' हो ॥
वैरीहरूको बारेमा गर्माई 'क्रोध' भन्दछन् ॥१७७॥
'उत्साह' हो स्थिर ठुलो-हडबडी कार्यगर्नमा ॥
कुनै ठुलो शक्तिबाद चित्त-वैक्लव्य हो 'भय' ॥१७८॥
'जुगुप्सा' हो दोष देख्ता छक्क मानी घिनाउनू ॥
लोकसीमा नाघने ती नानाथरि पदार्थमा ॥१७९॥
चित्त-विस्तारलाई नै भन्दछन् 'विस्मय' विज्ञले ॥
'शम' हो त्यो निरीहामा स्वान्तविश्रान्तिको सुख ॥१८०॥

उदाहरण जस्तै—मालतीमाधवमा रति प्रधान छ। लटकमेलकमा हास,

रामायणमा शोक, महाभारतमा शम, प्रधान छ। यस्तै अरू पनि जान्नू। यी उक्त ग्रन्थहरूमा यी पूर्वोक्त भावहरू आफ्नू बीचमा आएका अरू विरुद्ध र अविरुद्ध भावहरूले उच्छिने हुँदैनन्, झन् धेरै नै परिपुष्ट हुन्छन्, यो कुरा सहृदय पुरुषहरूको अनुभवबाट नै सिद्ध छ।

के त भने—

नानाऽभिनय-सम्बन्धी, रसलाई बढाउँदा ॥
कहिन्छन् यी 'भाव' भनी स्थायि-सञ्चारि-सात्विक ॥१८१॥

भनेको पनि छ—

सुख-दुःखादि भावले रसकारी त भाव हो ॥'

रसका भेदहरू—

शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, ॥
वीभत्स, अद्भुत अनी शान्त, यी आठ छन् रस ॥१८२॥

शृङ्गार—

शृङ्ग हो काम उठनू तदागमन-कारण ॥
प्रायः उच्च प्रकृतिको रस 'शृङ्गार' मान्दछन् ॥१८३॥
परस्त्री, प्रेमले शून्य वेश्यालाई त्यजी, यहाँ ॥
आलम्बनै नायिका हुन् दक्षिणादि त नायक ॥१८४॥
चन्द्र-चन्दन-भौंराको घन्का-'उद्दीपनै' छ यो ॥
भ्रूविक्षेप-कटाक्षादि 'अनुभाव' बताउछन् ॥१८५॥
छोडी औग्र्यालस्य-मृत्यु-जुगुप्सा, व्यभिचारि छन् ॥
रति स्थायी भाव हुन्छ, श्यामलो, विष्णुदैवत ॥१८६॥

जस्तै—'कोठा साम्सुम देखि' इत्यादि। यसमा पूर्वोक्त पति र पत्नी आलम्वन विभाव तथा कोठा साम्सुम उद्दीपन-विभाव हो। चुम्वन अनुभाव हो। लज्जा र हास सञ्चारी भाव हुन्। यी सबैले अभिव्यक्त भएर रतिभाव शृङ्गाररसको रूपमा परिणत हुन्छ।

शृङ्गारका भेद—

विप्रलम्भ र सम्भोग हुँदा यो छ दुई-थरी ॥१८६॥

दुई मध्ये—

जहाँ छ अनुराग धेर, प्रिय-सङ्गम नभए विप्रलम्भै त्यो।

प्रिय शब्दले नायक वा नायिका दुवै हुन्।

उ छ पूर्वराग, मान, प्रवास, करुण, स्वरूपले चार-थरी ॥१८७॥

ती चार मध्ये—

सुन्नु वा देख्नुले गर्दा अन्योन्य अनुरागिको ॥
न पाई जो दशा हुन्छ त्यही नै 'पूर्वराग' हो ॥१८८॥
त्यसमा-दूत-सखी-बन्दी-मुखबाट सुनिन्छ र ॥
इन्द्रजाल, स्वप्न, चित्र, साक्षात् वा हुन्छ दर्शन ॥१८९॥

अभिलाष, चिन्ता, स्मरण, गुणकथन, उद्वेग, प्रलाप, अनी ॥
उन्माद, व्याधि, जाड्य, मरण, यी हुन् दश कामदशा ॥१९०॥
'अभिलाष' स्पृहा, 'चिन्ता' प्राप्त्युपायादि शोच हो ॥
चेतनाऽचेतनै-माथी 'उन्माद' अविवेक हो ॥१९१॥
चित्त-भ्रान्ति हुँदा एक्लै कुरा-गर्नु 'प्रलाप' हो ॥
'व्याधि' ता दीर्घ-निःश्वास, पाण्डुता, कृशतादि हुन् ॥१९२॥
'जडता' हो अङ्गको र मनको हीन-चेष्टता ॥

बाँकी (मरण-मर्नु) स्पष्टै छ ।

क्रमैसँग उदाहरणहरू—

'प्रेमैले रसिला, भला, परिचयैले प्रेम उब्जाउने,
प्यारीका मृदु ती स्वभाव-मधुरा चेष्टा ममा हुन् सदा ।
संझेमा पनि तत्क्षणै त जुनमा त्यो भित्रिया चित्तको
बाहीडा मनवृत्ति लीन हुन गै अत्यन्त आनन्द छ ॥'

यस श्लोकमा मालतीलाई देखेर उसमा अनुरक्त माधवको 'अभिलाष' सूचित हुन्छ ।

'लक्ष्मी अनङ्गकी साक्षात् ती प्यारी देख्नु के गरी ?
यस्तो चिन्ता लिने प्यारो निद्रा पाउन्न रात्रिमा ॥'

यस श्लोकमा कुनै नायिकालाई इन्द्रजालमा देखेर अनुराग जमेको नायकको 'चिन्ता' बुझिन्छ । मेरो 'म सकपटै काहीँ' पूर्वोक्त श्लोकमा नायकको 'स्मृति' प्रतीत हुन्छ । 'गाँच्छन् खञ्जनलाइ नेत्र-' इत्यादिमा गुणकथन छ । 'मुस्कार्छे अनि भूमिमा' इत्यादिमा 'उद्वेग' छ ।

'त्रि भाग बाँकी रहने निशामहाँ झिमिक्क आँखा गरि झट्ट उठ्तछिन् ।
'कहाँ महादेव ! गयौ ?' प्रलापदी असत्य घाँटी-बिच ती अँगालदी ॥'

यहाँ 'प्रलाप' छ ।

'भाई द्विरेफ ! सब तर्फ घुमी' इत्यादिमा 'उन्माद' आएको छ ।

'फीका दुब्लो वदन, तिम्रो हृदय रसिलो र अल्सि छ देह ।
यस्ले सूच्तछ सगिनी ! क्षेत्रियरोग[1] छ हृदय-भित्र ।।'

यसमा 'व्याधि' छ ।

'कमलपत्री शयनमा राखिएको छ सब निश्चल अङ्ग ।
लामू यो श्वासले त सूच्तछ यी बाँच्तछिन् धेर ।।

यो मेरो हो । यसमा 'जडता' छ ।

रस-विच्छेदमा हेतु हुँदा 'मरण' भन्दिन ।।१६३।
मृत्यु-तुल्य अवस्था र चित्ताकांक्षित हो भने ।।
बताइन्छ पनी, फेरी बाँच्ने होस् नगीचमा ।।१९४।।

दुई मध्ये मृत्युतुल्य अवस्था, जस्तै—

'शेफालिकाकन सुपुष्पित देखि तन्वी
यी प्राण धान्न पनि मुस्किल सङ्ग सक्थिन ।
ऐल्हे सुनेर कुखुराहरुको कराई
कस्तो हुनिन् ? अब म जान्दिन बेचरी ती ।।'

चित्ताकांक्षित मरण जस्तै—

'भौंराले गरि घुन्घुनाहट पुरुन् सारा दिशा यी दश,
विस्तारै त बहोस चन्दनवनीमा उब्जने त्यो हवा ।
ती उन्मत्त मुजूर आँप-रुखमा बोलुन् स्वरै पंचम,
मेरा प्राण फलाम-झैं अतिकडा लौ जाइजाउन् अब ।।'

यी पूर्वोक्त दुवै मेरा हुन् ।

तेस्रो मरण (तुरुन्त बाँचनु) को जस्तै—'कादम्वरीमा महाश्वेता र पुण्डरीकको वृत्तान्तमा मरण र जीवन देखाइएको छ । यो भेद करुणविप्रलम्भको हुनाले पछी बताइने छ ।

कोही आचार्यहरू त—

'पैह्लो नयनानुराग' 'दोस्रो 'चित्तासक्ति', र 'संकल्प', ।
'निद्रा नहुनू', 'कृशता', 'विषय-निवृत्ति', र 'त्रपानाश', ।

---

१. यस शरीरले औषधी गर्न नसकिने ।

'उन्माद', 'मूर्च्छा', 'मरण' यी दश नै कामदशा हुन्छन् ।।'

यस्तो भन्दछन् ।

त्यसमा पनि—

पैह्ला स्त्रीको राग भन्नू पुमान्को स्त्री-जनाउले ।।

इङ्गित (जनाउ) पहिले भनिसकिएका छन् । जस्तै रत्नावली नाटिकामा सागरिका र वत्सराजको अनुराग । हुन त पुरुषानुराग पनि पहिले हुन सक्तछ, परन्तु उक्त प्रकारले वर्णन ज्यादा नै हृदयंगम हुन्छ ।

नीली, कुसुम्भ, मञ्जिष्ठा पूर्वराग त तीन छन् ।। १९५ ।।

ती मध्ये—

मन-भित्र हुने राग जो नबढ्दछ-घट्तछ ।।
नीलीराग त्यही हुन्छ जस्तो सीता र रामको ।। १९६ ।।
कुसुम्भराग हो त्यो नै जो सुहाएर हट्तछ ।।
मञ्जिष्ठाराग नै त्यै हो न घटी जो-सुहाउँछ ।। १९७ ।।

मानको लक्षण—

'मान' हो कोप, दुइ छ प्रेमले, रिसले पनि ।।
दुवैको प्रेमको मान हुन्छ आनन्द-हर्षमा ।। १९८ ।।
प्रेमको वक्रगति भै विनाकारण कोप छ ।।

दुवैको भनेको नायकको र नायिकाको अथवा दुवैको प्रणयमान वर्णन योग्य छ ।

नायकको प्रणयमान जस्तै—

'झुट्टै सुति आँखा चिम्लने, सुन्दर ! देउ मलाई पनि ठाउँ ।
गाला चूम्दा जुर्जुर गर्छौ न फेरि म ढिलाइ गरनेछु ।।'

नायिकाको मान जस्तै—कुमारसंभवमा संध्यावर्णनको अवसरमा ।

दुवैको जस्तै—

'प्रेम गरि रिसाएका, झुट्टै सुतेका, अभिमानी ।
निश्चल गरि सास थुनि कान दिने, दुइमा छ को मल्ल[2] ? ।।'

यदि यो मान अनुनय (खुसामद या मनौति)को समयसम्म ठहर्न सक्तैन त यसलाई विप्रलम्भ शृंगार नसंझनू । परन्तु संभोग सञ्चारी नामक भाव जान्नू ।

---

१. अनुराग (प्रेम) । २. बहादूर ।

जस्तै—

'भ्रूभङ्गै पनि पारदा नजरले सोत्कण्ठ भै हेर्दछ,
रोकेमा पनि बोलि, खिस्स गरदै डढ्ने मुखै चल्दछ।
चित्तै निष्ठुर पारदा पनि तनू रोमाञ्च नै धर्दछ,
देख्ता त्यो जन मानको त कसरो निर्वाह होला ? सखी !'

अथवा—

'शय्या एकमहाँ पराङ्मुख बनी, चुप्पै रही पीरिने,
दोटैको मन अर्थि[1] भैकन पनी राख्ने निजी गौरव।
जोडीकै अनि दृष्टि-कोण चलदा आँखा जुधाई भई
टूटचो मान-कली र हास्य गरदै झट्टै अँगालो पऱ्यो ॥'

पतिको अरुमा सङ्ग देख्ने, सुन्ने र तर्क भै ॥ १९९ ॥
स्त्रीमा ईर्ष्यामान हुन्छ, त्यसमा तर्क तिनै-थरी ॥
स्वप्न-वाक्य, भोग-चिह्न, झुकिई नाम-बोल्नु, हो ॥ २०० ॥

तीमध्ये देखेमा जस्तै—

'युवती-नयनको परागलाई[2] प्रिय पतिले फुकदै हटाइएमा।
अपर-युवतिको तुरुन्त आँखा दुइ बिच रोष-परागले भरेथ्यो ॥'

संभोग चिह्नले अनुमित जस्तै—

'नव-नखपद अङ्गै छोप्तछौ चादरैले
निज-कर दिइ ढाक्छौ ओठ त्यो दन्त-दष्ट।
सब-तिर अपर-स्त्री-सङ्ग सूच्ने उडेको
नव-मिलन सुगन्धै[3] सक्छ छोपेर केले ? ॥'

यस्तै अन्यत्र पनि जान्नू।

साम, भेद, दान, नति, उपेक्षा वा रसान्तर ॥
मानभङ्गार्थ पतिले छ-उपायहरू गरोस् ॥ २०१ ॥
प्यारो वचन हो 'साम', 'भेद' सङ्गी जुटाउनु ॥
निहूँले गहना 'दान', पाउमा परनू 'नति' ॥ २०२ ॥

१. याचक। २. धुलोलाई। ३. नवसंभोग हुँदा टाँसिएको कुंकुमादिको सुवास।

सामादि नचलेमा त 'उपेक्षा' चुप्प भैदिनु ॥
हड्बडी, त्रास, हर्षैले कोप छोड्नु 'रसान्तर' ॥ २०३ ॥

जस्तै—'प्यारो बोलि सुने नता' इत्यादि। यो श्लोकमा सामादि पाँच उदाहरण देखाइएका छन्। रसान्तरको अन्त कहीँ ऊहा गर्नू।

प्रवास —

कार्य वा शाप, भयले पर्देशिनु 'प्रवास' हो ॥
त्यसमा वस्त्राङ्ग-मालिन्य, एकचुल्ठी कपाल र ॥ २०४ ॥
निःश्वास, हिक्का, रुनु, छन् भुइँमा ढल्नू नै पनि ॥

के त भने —

अङ्ग-मालिन्य, सन्ताप, पाण्डुता, कृशता,-ऽरुचि ॥ २०५ ॥
अधीरता, अनालम्ब, तन्मयो,न्माद, मूर्च्छना ॥
मृति, यस्मा क्रमैले ती हुन्छन् स्मरदशा दश ॥ २०६ ॥
हो असौष्ठव 'मालिन्य' विरहज्वर 'ताप' हो ॥
वस्तु वैराग्य 'अरुचि' हो 'अधैर्य' अरागिता ॥ २०७ ॥
मनको शून्यता नै हो 'अनालम्बनता' अनि ॥
हो 'तन्मय' त्यही देख्नू भित्र-बाहिरमा पनि ॥

बाँकी उन्माद आदि स्पष्ट नै छन्।

यिनका मध्यमा केही दशाका उदाहरण जस्तै—आफ्ना पूज्यपिताको—

'चिन्ताले मन शून्य भो, करमहाँ गाला पनी लीन भो,
प्रातर्को शशि झैं फिक्का मुख भयो श्वासाहतै ओठ भो।
पानी-शीतल पद्मिनी-किसलयैले छैन तापै कम,
को हो प्रार्थित-दुर्लभै ? छ सँहदो यो दुःखिनीको दशा ॥'

त्यस्मा भावि-भवत्-भूत-को छ कार्यज नै तिन ॥ २०८ ॥

कार्य, विचार-पूर्वक गरिने हुनाले तिनै कालमा हुन सक्तछ।

भावी प्रवास जस्तै—मेरो—

'जाऊँ सुन्दरि !, जाउ पान्थ !, न गरे शोच्नू वृथा हे प्रिये !,
जाँदामा तिमि शोक के छ र ममा ?, के काम रुन्छौ त यो, ।
जान्नन् भट्ट भनी, पठाउन तिमी गर्छ्यौं छिटचाईं किन ?
मेरो यो तिमि-साथ जान कसिने हो ज्यानको हड्बडी ॥'

वर्तमान प्रवास, जस्तै—

'चूरा तो अघिनै हिँडे, प्रिय-सखी ती आँसु हर्दं झरे,
धैर्य त्यो छिन नै रहेन, मन यो जानू-अघी नै चल्यो, ।
प्याराको गमनै सुनिश्चित हुँदा सारा चले साथमै
जान्यै हो यदि जीवित प्रिय-सुहृत् सङ्गी उ छाड्नू किन ? ॥'

भूतकालको वियोग, जस्तै—'चिन्ताले मन शून्य भो' इत्यादि । शापबाट वियोग जस्तै—'टाढा बन्दा सहचर म नै' इत्यादि । प्रवासको हड्बडी देवता-मनुष्य-बिजुलीका शब्द इत्यादि अनेक उत्पातहरूबाट हुन्छ । जस्तै—विक्रमोर्वशीमा उर्वशी र पुरूरवाको ।

यहाँ पूर्वरागमा कहिएका अभिलाष, चिन्ता इत्यादि र यहाँ कहिएका अङ्ग-मालिन्य इत्यादि कामदशाहरू दुवै ठाउँ(पूर्वराग र प्रवास)मा हुन सक्छन्, तथापि प्राचीनहरूको अनुसार पृथक् लेखिएका छन् ।

करुण विप्रलम्भ—

दम्पतिमा एक जना आउने गरि परलोकमा जाँदा ॥
जब शोच्तछ एक जना तब कहिन्छ करुण विप्रलम्भ भनी ॥ २०९ ॥

जस्तै—कादम्बरीमा पुण्डरीक र महाश्वेताको वृत्तान्तमा ।

फेरि भेट हुने आशा टुटेमा वा जन्मान्तरमा भेट हुने आशा रहेमा त करुणरस नै हुन्छ ।

यसमा अर्को मत—यहाँ पुण्डरीकको मरणपछि आकाशवाणीद्वारा फेरि त्यो-सँग भेट हुने आशा भएमा रति अङ्कुरित हुनाले श्रृङ्गार रस हुन्छ । आकाशवाणी हुनु-भन्दा पहिले करुणरस नै छ, किनभने त्यहाँसम्म त शोक प्रधान छ, रति छैन—यो कुरा प्रामाणिकहरू मान्दछन् ।

यहाँ अरु कुनै भन्दथे—समागम हुने आशा भएपछि त यहाँ पनि विप्रलम्भ श्रृङ्गाररसको प्रवास नामक भेद नै छ; तर अरू यो कुरा मान्दैनन्, किन कि यहाँ मरणरूप विशेष दशा हुनाले यो प्रवासभन्दा भिन्नै छ भन्ने मानेर ।

संभोग—

दर्शन-स्पर्शनादी नै गर्दछन् ती विलासिले ॥
जहाँ अन्योन्य चाहन्छन् त्यो 'संभोग' कहाउँछ ॥ २१० ॥

आदिशब्दबाट परस्परको अधर-पान, चुम्बनादि हुन् । जस्तै—'कोठा साम्सुम देखि' इत्यादि ।

गिन्ति गरि नसकिनाले चुम्बन, आलिङ्गन, बहुभेद हुँदा ॥
विज्ञहरूले यहि एक कहियो संभोग श्रृङ्गार ॥ २११ ॥
त्यसमा हुन्छन्– छ-ऋतु, चन्द्र, सूर्य, उदय, अस्तहरू, ॥
जल-केलि, वन-विहार, प्रभात, मधुपान, रात्रि इत्यादि ॥ २१२ ॥
अनुलेपन, भूषादि, सफा अरू चिज पनी लिइने ॥

यही कुरा भरतमुनिले पनि भनेका छन्—'लोकमा जे जति स्वच्छ, उज्ज्वल पवित्र, राम्रा चिजहरू छन्, ती सबको वर्णन श्रृङ्गाररसमा हुन्छ'—।

श्रृङ्गारका भेद असंख्य छन् त पनि—

कहियो चारथरी यो पूर्वरागादि आनन्तर्य हुँदा ॥ २१३ ॥

भनेको पनि छ—

'हुन्न संभोगको पुष्टि विप्रलम्भ नभैकन ।
कषायित हुँदा वस्त्र रङ्ग चढ्दछ बेसरी ॥'

पूर्वराग भएपछि संभोगको उदाहरण जस्तै—कुमारसंभवमा शिव-पार्वतीको । प्रवासको पछि संभोग जस्तै—मेरा पिताजीको—

'आरामै छ कि सुन्दराक्षि !, कृश यो क्षेमै छ अङ्गै दृढ,
भो दुब्लो किन के भई ?, हजुरको त्यो देह मोटो हुँदा, ।
केले पुष्ट भएँ प्रिये !, प्रणयिनीका देहको मेलले,
मेरी छैन तिमी विना, तब त यो क्षेमै वृथा सोध्नुभो ॥'

यस्तै ईर्ष्यादिका उदाहरणहरू पनि ऊहा गर्नू ।

हास्य—

नाट्यको विकृताकार, वाक्, चेष्टा, भेषले छ यो ॥
'हास्य' हासस्थायिभाव, सेतो, प्रमथ-दैवत ॥ २१४ ॥
जस्को आकार, वाक्, चेष्टा देखदा जन हाँस्तछ ॥
हो त्यो आलम्बन यहाँ, चेष्टा उद्दीपनै त हुन् ॥ २१५ ॥
आँखा खुच्याउनू, च्यात्नू मुख, यी अनुभाव छन् ॥
निद्रा, आलस्या, ऽवहित्था, इत्यादि व्यभिचारि हुन् ॥ २१६ ॥
उत्तमको स्मित-हसित, मध्यमको विहसित-अवहसित हुन्छ ॥
अधमको अपहसित र अतिहसित हुँदा हुन्छ 'हास्य'-छ-थरी ॥२१७॥

आँखा केहि खुला गर्नु ओठ चाल्नु त हो 'स्मित' ॥
दाँत देखाउनू केही विद्वान् 'हसित' मान्दछन् ॥ २१८ ॥
मधुरस्वर हो 'विहसित', काँध-शिर कँपाउनू हो 'अवहसित' ॥
'अपहसित' हो आँसु हुनु, 'अतिहसित' हो अङ्ग सब फेँक्नु ॥२१९॥

जस्तै—

'विद्या गुरुका दिन पाँच पढ्ने, वेदान्तशास्त्रै दिन तीन सम्म ।
फेरी सुङ्रै पनि तर्कशास्त्र, आए यिनी कुक्कुटमिश्र मान्य ॥'

हास्यरसको परिपुष्टि लटकमेलक आदिमा हेर्नू ।

यसमा—

जस्को हास्य छ त्यो साक्षात् नाट्यमा हुन्न ता पनि ॥
यो विभावादि-सामर्थ्यबाट पाइन्छ वास्तव ॥ २२० ॥
अभेदले विभावादि साधारण्य हुँदै घुसी ॥
अनी समाजले हास्यरस यो अनुभूत छ ॥ २२१ ॥

यस्तै अरु रसहरूमा पनि जान्नुपर्दछ ।

करुण—

इष्ट-नाश, अनिष्टाप्ति हुँदा 'करुण' हो रस ॥
कपोत-वर्ण, औ यो छ यम-दैवत भन्दछन् ॥ २२२ ॥
यस्मा शोक स्थायिभाव, आलम्बन त शोच्य हो ॥
दाहादिक अवस्था नै छ उद्दीपन नै यहाँ ॥ २२३ ॥
अनुभाव दैव-निन्दा, भूपात, क्रन्दनादि र ॥
वैवर्ण्योच्छ्वाश, निःश्वास, स्तम्भ, प्रलपनादि हुन् ॥ २२४ ॥
निर्वेद, मोहा,ऽपस्मार, व्याधि, ग्लानि, स्मृति, श्रम ॥
विषादोन्माद, जडता, चिन्तादि, व्यभिचारि छन् ॥ २२५ ॥

विनष्ट बन्धु आदि शोच्य हुन् ।

जस्तै मेरो राघवविलासमा—

'वनमा धरनू जटा कहाँ तनु तिम्रो छ कहाँ मनोहर ? ।
दुइको घटना त दैवको ठिक काट्नू छ शिरीष खड्गले ॥'

यस श्लोकमा राम-वनवासको शोकले व्याकुल राजा दशरथले गरेको

दैवनिन्दा हो। यस्तै बन्धुवियोग र धननाशादिका पनि उदाहरण जान्नू। यसको विशेष पुष्टि त महाभारतको स्त्रीपर्वमा हेर्नू।

यसको करुणविप्रलम्भभन्दा भिन्नता—

शोक स्थायी हुँदा भिन्न हो विप्रलम्भदेखि यो ॥
विप्रलम्भमहाँ स्थायी रति संयोग-हेतु छ ॥ २२६ ॥

रौद्र—

'रौद्र' क्रोधस्थायिभाव, रातो, हो रुद्र-दैवत ॥
त्यसमा आलम्बन अरि, उद्दीपन छ चेष्टित ॥ २२७ ॥
मुक्का हान्नु र लोटनु, नराम्ररी-काट्नु र ओदानु नै ॥
हडबडाउनू रणमा, यसको उद्दीपन गरने हुन्छ ॥ २२८ ॥
आँखा तर्नु, ओठ टोक्नु, ताली ठोक्नु र डाँट्नु ॥
म यस्तो हूँ धाक गर्नू, शस्त्रादिक उठाउनू ॥ २२९ ॥
आवेग, उग्रता, कम्प, रोमाञ्च, पसिना, मद ॥
अनुभाव छ; आक्षेप, रिसले हेर्नुनै, अनि ॥ २३० ॥
अमर्ष, मोह, इत्यादि यसमा सञ्चारिभाव हुन् ॥

जस्तै—

'अहहह गऱ्यौ, देख्यौ, मान्यौ त यो गुरु-पातक,
मनुज-पशु औ निर्मर्यादी तिमी हतियारिले।
नरक-रिपु कृष्णैको साथै ति भीम-किरीटिको
रगत, अनि बोसो, मासूले म गर्छु दिशा-बली ॥'

यसको युद्धवीरभन्दा भिन्नता—

यो लाल मुख आँखा भै भिन्न हो युद्धवीरको ॥ २३१ ॥

वीर—

'वीर' श्रेष्ठ-प्रकृति हो उत्साह स्थायिभाव को ॥
सुनौला रङ्गको, इन्द्र-देवताको कहिन्छ यो ॥ २३२ ॥
यसमा जितिने सारा आलम्बन विभाव हुन् ॥
जितिनेका सबै चेष्टा उद्दीपन विभाव छन् ॥
सहाय खोजनू इत्यादि यसमा अनुभाव हुन् ॥ २३३ ॥

सञ्चारिभाव हुन्छन् धृति, मति, गर्व, स्मृति, तर्क, रोमाञ्च ॥
त्यो दान, धर्म, युद्ध, दयाले गरी हुन्छ चार-थरी ॥ २३४ ॥

त्यो वीर पनि दानवीर, धर्मवीर, दयावीर र युद्धवीर समेत चार किसिमको हुन्छ ।

तीमध्ये दानवीर, जस्तै परशुराम—

'जस्को त्याग समुद्र-वेष्टित-मही-निर्विघ्न-सीमा रह्यो'

यहाँ त्यागमा परशुरामको उत्साह स्थायिभाव छ, त्यो (स्थायी) दानपात्र ब्राह्मणरूप आलम्वन विभावले त्यस्तै तिनको सत्वगुणपरायणता आदि उद्दीपन विभावहरूले विभावित (विवृद्ध) भएर, सर्वस्वत्याग आदि अनुभावहरूले अनुभावित भै, हर्ष धैर्य आदि सञ्चारी भावहरूले परिपुष्ट हुँदै दानवीररसको स्वरूपमा परिणत हुन्छ ।

धर्मवीर, जस्तै युधिष्ठिर—

'राज्य, सम्पत्ति, यो देह, स्त्री, भाई, पुत्र, यी अनि ।
मेरो अधीनमा जे छ त्यो धर्मार्थ निवेद्य छ ॥'

युद्धवीर, जस्तै श्रीरामचन्द्र—

'हे लङ्केश्वर ! देउ लौ जनकजा, राम स्वयं माग्दछ,
तिम्रो बुद्धि कता गयो ?, नय गुने, विग्रन्न केही अझै ।
नाहीं ता खर, दूषण, त्रिशिरको घाँटी छिनी लाल यो
बाणैले सहने त छैन धनुमा ताँदो चढेको हुँदा ॥'

दयावीर, जस्तै जीमूतवाहन—

'नसा-मुखैबाट छ रक्त बग्दै अझै पनी यो जिउमा छ मासु ।
तिमी अघाए-सरि देखिँदैनौ, हे तार्क्ष्य ! हट्छौ किन खानुबाट ? ॥'

यी उदाहरणहरूमा पनि विभावादिहरूको पूर्ववत् ऊहा गर्नू ।

भयानक—

'भयानक' भयस्थायि-भाव, काल छ दैवत ॥
कालो, स्त्री-नीच नै पात्र, यस्लाई विज्ञ मान्दछन् ॥ २३५ ॥
जेबाट भय उब्जन्छ आलम्बन यहाँ छ त्यो ॥
त्यस्का भयङ्करी चेष्टा यस्का उद्दीपनै त छन् ॥ २३६ ॥
अनुभाव त वैवर्ण्य, गद्गद स्वर-भाषण ॥
प्रलय, स्वेद, रोमाञ्च, कम्प, दिक्-प्रेक्षणादि हुन् ॥ २३७ ॥

घृणा, आवेग, संमोह, सन्त्रास, ग्लानि, दीनता ॥
शंका,ऽपस्मार, संभ्रान्ति, मृत्यु, नै व्यभिचारि छन् ॥ २३८ ॥

जस्तै—'भाग्छन् क्लीव नभै मनुष्य-गणना' इत्यादि ।

वीभत्स—

जुगुप्सास्थायिभावैको 'वीभत्स' रस मान्दछन् ॥
नीलवर्ण, महाकाल देवसम्बन्धि नै छ यो ॥ २३९ ॥
दुर्गन्ध, मासु, रगत, बोसो, आलम्बनै त छन् ॥
त्यस्मा कीरा आदि पर्नू उद्दीपन छ मानित ॥ २४० ॥
मुख फर्कनु, वा थुक्नु, आँखा चिम्लनु आदि नै ॥
अनुभाव त्यहाँ हुन्छन्, अनी ती व्यभिचारि त ॥ २४१ ॥
मोहा, ऽऽवेग, अपस्मार, व्याधि औ मरणादि हुन् ॥

जस्तै—

'छाला लुछ्तै र चुँड्दै प्रथम, अनि अती फूलने मांस सारा
काँधो-पुट्ठा-पिठ्यूँ यी अवयवहरूका उग्रगन्धी निलेर ।
रोई, दाह्रा निकाली, नजर गरि खुला, प्रेतकङ्काल यो त
काखैको हड्डिभित्रै लिसपिस पनि लौ खान्छ मासू खुसी भै ॥'

अद्भुत—

'अद्भुत' विस्मयस्थायि-भाव, गन्धर्व-दैवत ॥ २४२ ॥
पीतवर्ण छ आश्चर्य-वस्तु आलम्बनै यहाँ ॥
गुणको महिमा त्यस्को, उद्दीपन यहाँ छ लौ ॥ २४३ ॥
स्तम्भ, स्वेद र रोमाञ्च, गद्गदस्वर, संभ्रम ॥
तथा नेत्र-विकासादि अनुभावहरू त छन् ॥ २४४ ॥
वितर्का,-ऽऽवेग, संभ्रान्ति, हर्षादि व्यभिचारि हुन् ॥

जस्तै—

'बाहूमा लिइ चन्द्रशेखर-धनू बंग्याउँदा निस्कने,
टङ्कार-ध्वनि, आर्य-बाल-चरित-प्रख्यातिको डिण्डिम ।
झट्टै माथि पुगी बनेर ढकना ब्रह्माण्ड-भाँडोमहाँ
घुम्दै सीमित चण्डिमा[1] पनि अहो ! अद्यापि घन्कन्छ, यो ॥'

---

१. प्रचण्डपना ।

शान्त—

'शान्त' शमस्थायिभाव, श्रेष्ठ-प्रकृति, हो रस ॥ २४५ ॥
कुन्देन्दु-सुन्दराकार, श्रीनारायण-दैवत ॥
अनित्यत्वादिले सारा वस्तु निःसारता अनि ॥ २४६ ॥
परमात्मस्वरूपत्व, यस्को आलम्बनै छ लौ ॥
पुण्याश्रम, हरिक्षेत्र, तीर्थ, रम्यवनादि र ॥ २४७ ॥
महापुरुष-सङ्गादि त्यस्का उद्दीपनै त छन् ॥
अनुभाव त रोमाञ्च आदि हुन्, व्यभिचारि त । २४८ ॥
निर्वेद, हर्ष, स्मरण, मति, भूतदयादि हुन् ॥

जस्तै—

'बाटो-छेउ घुमेर जीर्ण-कपडा केही धरो पैह्रने,
सत्रासै अतिकौतुकै र सदयैले हेरिने लोकले।
आनन्दी बनि चित्सुधारस पिई निद्रालु, मेरा अब
निःशङ्की भइ कागले अँजुलिको भिक्षा कदा लूटला ॥'

यस रसको पुष्टि महाभारतादिमा हेर्नू ।

निरहङ्काररूपी भै दयावीरादि हुन्न यो ॥ २४९ ॥

नागानन्द नाटकमा दयावीर जीमूतवाहनको हृदयमा त्यस वेलासम्म पनि मलयवतीका उपर प्रेम रहेको छ र आखिरमा विद्याधरका साम्राज्यको प्राप्ति देखिनाले उनको देहाभिमान शान्त भएको देखिदैन। शान्त त्यही हुन्छ जस्को देहादि अभिमान विलकुलै निर्मल रहेको हुन्छ। यसैले शान्तरसको वीररसमा अन्तर्भाव हुन सक्तैन। यस कुरावाट नागानन्दादिलाई शान्तरसप्रधान भन्ने कुरा खण्डित भयो।

प्रश्न—

'जहाँ न हुन्छन् सुख, दुःख, चिन्ता,
न द्वेष, रागादि, न केहि इच्छा।
समप्रमाणै सब भावमा जो
मुनीन्द्रले त्यो रस शान्त मान्छन् ॥'

यसको अनुसार त परमात्मस्वरूप मुक्तिदशामा नै यथार्थ शान्तरस हुन सक्तछ। परन्तु त्यस वखत ती सञ्चारी आदि भावहरूको रहनु संभव छैन भने काव्यादिमा विभाव, अनुभाव, सञ्चारी आदिवाट शान्तरसको निष्पत्ति कसरी हुन सकला ?

उत्तर—

युक्त-वियुक्त दशामा रहने, शम जो हो उहि शम, जसले ॥
पाउँछ रसता यसमा, न छ सञ्चार्यादिको स्थितिमा हानि ॥ २५० ॥

शान्तदशामा सुखको अभाव हुन्छ भन्नाको तात्पर्य यो हो—त्यस वखत कुनै प्रकारको सुख हुँदै हुँदैन भन्ने होइन, विषयजन्य सुख हुँदैन भन्ने हुनाले विरोध केही छैन।

भनेको पनि छ—

'लोकमा जो काम-सुख, स्वर्गमा जो महान् सुख।
तृष्णाक्षय सुखैका यी पाउन्नन् सोह्र अंश नै ॥'
'सर्वाकार अहङ्कार-रहितत्व त छन् भने।
यहीँ अन्तर्भाव हुन्छन् दयावीरादि ती सब ॥'

यहाँ आदिपदले धर्मवीर, दानवीर, देवताविषयक रति इत्यादिको ग्रहण हुन्छ।

देवता विषयक रति, जस्तै—

'म कैल्हे काशीमा सुरधुनि-किनारै-निर बसी
लँगोटी पैह्रेरै स्व-शिर-बिच बाँधेर अँजुली।
'प्रभो, गौरीनाथ, त्रिपुरहर, शंभो, त्रिनयन!
प्रसन्नै हौ'-भन्दै क्षण-सरि गुजार्नेछु दिवस ॥'

मुनीन्द्र-सम्मत वत्सल रस—

स्पष्टै चमत्कारि हुँदा रस वत्सल नाम छ ॥
स्थायी वत्सलता-स्नेह, पुत्राद्यालम्बनै छ यो ॥ २५१ ॥
उद्दीपनहरू चेष्टा, विद्या, शौर्य, दयादि, हुन् ॥
अँगाल्नु औ अङ्ग छुनु, शिर चुम्नु र हेर्नु ॥ २५२ ॥
रोमाञ्च, हर्षका आँसु, इत्यादि अनुभाव छन् ॥
सञ्चारी कुभलो शंका, हर्ष, गर्वादि बन्दछन् ॥ २५३ ॥
छ वर्ण पद्मको जस्तो, देवता लोकमातृ हुन् ॥

जस्तै—

'यिनी कहन्थे जुन बोलि धाइले, हिंडे उसैका अँगुठा-समाइले।
भए नुहेका नति-शिक्षणादिले, पिता थिए खूस सुचाल बालले ॥'

पूर्वोक्त रसहरूको परस्परमा विरोध--

पैह्लो करुण, बीभत्स, रौद्र, वीर भयानले ॥ २५४ ॥
भयानक, करुणले पनि हास्य विरोधि छन् ॥
हास्य, श्रृङ्गार रसले करुणै त विरोधि छ ॥ २५५ ॥
रौद्र हो हास्य, श्रृङ्गार, भयानकहरू सित ॥
त्यस्तै वीर विरोधी छ भयानक र शान्तले ॥ २५६ ॥
भयान वीर, श्रृङ्गार, रौद्र, औ हास्य, शान्तले ॥
शान्त हो वीर, श्रृङ्गार, रौद्र, हास्य, भयानले ॥ २५७ ॥
श्रृङ्गार सङ्ग बीभत्स, यी कहिन्छन् विरोधिमा ॥

पैह्लो भनेको श्रृङ्गार हो। यी विरोधी रसहरू साथसाथै रहने प्रकार पनि पछि वताइनेछन्।

केही कारणले काहीं स्थिरतामा पुगे पनि ॥ २५८ ॥
उन्मादादि स्थायि हुन्न, पात्रमा स्थिर छैन त्यो ॥

जस्तै--विक्रमोर्वशीको चतुर्थ अङ्कमा (उर्वशी लतारूप हुँदा) पुरूरवाको उन्माद।

रस, भाव, तदाभास, भावका प्रशमोदय, ॥ २५९ ॥
सन्धि, त्यस्तै शवलता, 'छन् सबै 'रसनात् रस' ॥

भावादिमा पनि आस्वादनरूप रसनधर्मको सम्वन्ध हुनाले रसपदको लक्षणवाट प्रयोग हुन्छ भन्ने तात्पर्य हो।

भावहरूका स्वरूप—

प्रधान सञ्चारि तथा देवादि-विषयी रति ॥ २६० ॥
उद्बुद्धमात्र स्थायीले 'भाव' यो नाम पाउँछन् ॥

'भावहीन रसै छैन, रसशून्य न भाव छ।
अन्योन्यले गरी सिद्धि हुन्छ यी रस-भावको ॥'

हुन त यस कथनको अनुसार सूक्ष्मदृष्टिले विचार गर्ने हो भने भावहरूको स्थिति परमविश्रान्तिधाम प्रधानरसकै साथ प्रतीत हुनेछ, तथापि जस्तै—मन्त्री आदिको विवाहमा राजा अध्यक्ष भए तापनि दुलहाको पछि पछि नै जान्छन्, त्यस्तै कहीं कहीं सञ्चारी भाव पनि रसभन्दा आपाततः प्रधान प्रतीत हुन्छन् भने त्यो पद्य वा काव्य 'भावप्रधान' र त्यस्ता व्यभिचारीलाई 'भाव' भन्दछन्।

यस्तै—देवता, मुनि, गुरु, राजा आदि विषयक रति (अनुराग) पनि मुख्य भएर प्रतीत हुँदामा 'भाव' हुन्छ। औ उद्बुद्धमात्र विभावादि (सामग्रीको) अभाव भै परिपुष्टि नहुँदा रसरूपमा पुग्न नपाएका हास, क्रोधादि पनि 'भाव' नै कहिन्छन्। तिनमा व्यभिचारी जस्तै—'देवर्षिले यो बोलेमा' इत्यादि। यहाँ अवहित्था छ।

देवविषयक रति जस्तै मुकुन्दमालामा—

'सुरलोक र नर्क वा धरामा हुन जाओस् कहिं वास कृष्ण ! मेरो।
कमलै जितने त्वदीय पाउ मरदामा पनि संझना गरौं म ॥'

मुनिविषयक रति जस्तै—

'तपाइँको दर्शनले पनी मुनी ! हटाउँदा पाप कृतार्थ नै म छू।
भलो कुरा सुन्न तथापि चाह छ, ठिकै छ, कल्याण-विषे छ तृप्त को ? ।'

राजविषक रति जस्तै मेरो—

'त्वद्वाजिराजि-निर्धूत-धूलीपटल-पङ्किल।
गङ्गा नधर्छन् शिरले भारको भयले शिव ॥'

यस्तै अरु उदाहरण जान्नू।

उद्बुद्धमात्र स्थायिभाव, जस्तै—

'उदाउँदा चन्द्र समुद्र झैं ती महेश केही मन हड्बडाई।
बिंबी-सरी ओठ हुने, उमाको मुखैमहाँ लाउँदथे स्व-नेत्र ॥'

यहाँ पार्वतीविषयक भगवान शिवको रति छ।

प्रश्न—पहिले यो भनिएको छ कि प्रपाणक रस जस्तै, शृङ्गारादि रसमा विभावादिहरूको मेल भएर एक आस्वाद हुन्छ। जब सञ्चारी भाव भिन्न नै रहँदैन भने त्यस्को प्राधान्यबाट प्रतीति कसरी हुन सकला ?

उत्तर—

जस्तै मरीच इत्यादि मिल्ने सर्वत-एकमा ॥ २६१ ॥
कुनै केही-बढी हुन्छ त्यस्तै सञ्चारिको पनि ॥

रसाभास र भावाभास—

हो अनौचित्यले लाग्नु 'आभास' रस-भावको ॥ २६२ ॥

'अनौचित्य' पदलाई यहाँ एकदेशयोगित्वको उपलक्षण जान्नू, अर्थात् यो पद यहाँ लक्षणाले 'एकदेशसम्बन्ध'को बोधक छ। जहाँ भरत आदिले निर्मित रस-भावादिको लक्षण पूर्णरूपसँग सम्बन्ध हुँदैन, विभावादि सामग्रीको न्यूनताले गर्दा

कुनै एक अंशसित नै सम्वन्ध राख्तछ भने त त्यहाँ रस र भावको अनौचित्य संझनू। वालबोधको निमित्त त्यो अनौचित्यको केही अंश देखाइन्छ—

उपनायक रहदा वा मुनि-गुरु-पत्नी हुँदा फेरी ॥
बहुनायक-विषय हुँदा, दुइ-मध्ये एक रहदामा ॥ २६३ ॥
प्रतिनायक वा नीचमा, पशु आदिमा पनि अनुराग ॥
शृङ्गारमा उचित हुन्न, रौद्रमा गुर्वादिको रिसमा, ॥ २६४ ॥
हीननिष्ठा शान्तमा, गुर्वाद्यालम्बन हास्यमा ॥
उत्साहमा ब्रह्मवधादि, अधमपात्र हुँदा वीरमा र ॥ २६५ ॥
उत्तमपात्र हुँदा त्यो भयानकमा र अन्त पनी जान्नू ॥

ती मध्ये उपनायकनिष्ठ रतिको जस्तै मेरो—

'स्वामी मूढ अती, वनै घन छ यो, एक्ली म छू बालिका,
पृथ्वी छोप्तछ यो तमाल-सरि नै कान्ती भएको तम, ।
तस्मात् सुन्दर, कृष्ण ! छोड झट नै बाटो' सुनी गोपिनी-
लाई टम्म अँगालि, रम्न कसिने, श्रीकृष्ण पालून् जगत् ॥'

बहुनायकनिष्ठ रतिको जस्तै—

'प्यारी तिनै त भुवनत्रयमा म ठान्छू
जस्का निमित्त छ फिका पनि सञ्जि ! गाला ॥'

अनुभयनिष्ठ रतिको जस्तै—मालतीमाधवमा नन्दनको मालतीमा अनुराग।

'जहाँ पछि गएर रति उभयनिष्ठ हुन्छ, परन्तु पहिले एउटैमा थियो त्यहाँ पनि रति एकनिष्ठ रहुन्जेल रति रसाभास नै छ' यो लोचनकार(श्रीअभिनवगुप्तपादाचार्य)को मत छ। त्यसमा उदाहरण जस्तै—रत्नावलीमा परस्परमा दर्शन भएपछि सागरिकाको वत्सराजमा पहिले प्रेम।

प्रतिनायकनिष्ठ रतिमा जस्तै—हयग्रीववधमा हयग्रीवको जलक्रीडा वर्णनको अवसरमा।

नीचपात्रनिष्ठ रतिको जस्तै—

'जघनस्थल बेह्रि पत्र-वल्ली, गिरि-मल्ली-फुल बोटलेर भिल्ली ।
गिरिमा नगिचै अगाडि बस्ती पतिबाटै निज-केशमा घुसार्थी ॥'

पश्वादियोनिनिष्ठ रतिमा शृङ्गाराभास जस्तै—

'मल्ली प्रशस्तै रहने वनीमा वल्ली अरूमा प्रियलाइ डाक्ती ।
प्रवाहि-वीणा सरि बोल भङ्गी-सङ्गीत गर्थी रति-निति भृङ्गी ॥'

कारिकाको पशु आदिको आदिपदबाट तापसादिनिष्ठ रतिको ग्रहण छ ।

रौद्राभासको उदाहरण जस्तै—

'राता नेत्र विशाल चञ्चल गरी, कम्पाइ माथा अती,
छोडी कर्णकनै, लिई निज-धनुर्बाणै अघी कृष्णको ।
धूँवाई कटुकोक्तिले, अभय भै, बोल्दै भुजा-विक्रम,
ठोक्तै कांध पनी, युधिष्ठिरकनै हान्नै गए अर्जुन ॥'

भयानकाभासको उदाहरण जस्तै—

'दिनेशको झैं उसको त दर्शन
न खप्न सक्ता चलनेत्र भैकन ।
पसेर ओडारमहाँ हिमाद्रिको
डराउँदै कौशिक[1] काट्तथे दिन ॥'

स्त्री, नीच आदिमा नै भयानक रसको पुष्टि हुन्छ । यसै गरी अन्यत्र पनि जान्नू ।

भावाभास त लज्जा इत्यादि वेश्यादिमा हुँदा हुन्छ ॥ २६६ ॥

अर्थ स्पष्टै छ ।

भावको शान्ति, उदय, सन्धि, मिश्रित, भैकन ॥
भावादि शान्ति, उदय, सन्धि, मिश्रित, हुन्छ लौ ॥ २६७ ॥

क्रमैले उदाहरण जस्तै—

'सुमुखि ! रिस हटाऊ, हेर पर्छू म पाऊ,
अघि यसरि त तिम्रो कोप कैल्ह्यै उठेन ।
यति पति कहँदैमा हेरि तेर्सो प्रियाले
नयन-जल खसालिन् बोलिनन् केहि कत्ति ॥'

यस श्लोकमा आँसु खसाल्नाले ईर्ष्याभावको शान्ति देखाइएको छ, यसैले यो भावशान्तिको उदाहरण हो ।

'चरण परनू हड्की त्याग्दा पराङ्मुख भै, जाने,
'युवति-रमणाचारी !' भन्दै रिसाइ फिराइने ।
पति, हिंडन लाग्दा, सुस्कार्दै स्तनै-तिर हात दी
नयन-जलले भिज्ने आँखा सखीजनमा गरिन् ॥'

यहाँ विषादको उदय छ ।

---

१. लाटोकोसेरा ।


'नयन दुवै तृप्त गरी मानस-वृत्तिले पनि दुष्प्राप्य ।
मदिराक्षीको[1] रूप उ मन मेरो खुस, दिक पनि पार्छ ॥'

यहाँ हर्ष र विषाद दुवै भावहरूको संन्धि छ ।

'यो[2] बेकाम र चन्द्रको कुल कहाँ ? के फेरि तो देखिनिन् ?
दोषै हर्न पढ़ें, अहो ! मुख थियो राम्रो रिसाए पनि, ।
के भन्लान् जन पुण्यवान्हरु, ? भइन् ती स्वप्नमै दुर्लभ,
शान्ती ले मन !, को छ धन्य तरुनो त्यो ओष्ठको चूमने ? ॥'

यस श्लोकमा पहिलो वाक्यवाट वितर्क, दोस्रोवाट उत्कण्ठा, तेस्रोवाट मति, चौथोवाट स्मरण, पाँचौंबाट शङ्का, छैटौंबाट दैन्य, सातौंवाट धैर्य, आठौंबाट चिन्ता, प्रतीत हुन्छ। अनेक सञ्चारी भावहरूको मिश्रण हुनाले यो भावशवलताको उदाहरण हो ।

इति साहित्यदर्पणको अनुवादमा रसादिनिरूपण नामक
तृतीय परिच्छेद ।



१. खञ्जनपक्षी जस्ता नेत्र हुने तरुणीको वा दृष्टिविशेष भएकी तरुणीको :—

'आघूर्णमानमध्या या क्षामा चाञ्चिततारका ।
दृष्टिर्विकसितापाङ्गा मदिरा तरुणे मदे ॥'

२. यो श्लोक उर्वशीको विरहले मर्न ठिकठाक भै सो कामवाट हटेका पुरूरवा राजाको उक्ति हो ।

चतुर्थ परिच्छेद

—:०:—

अब काव्यका भेदहरू कहिन्छन्—

ध्वनि त्यस्तै गुणीभूत-व्यङ्ग्यले काव्य हो दुई ॥

ती दुईमध्ये—

वाच्यातिशयि भै व्यङ्ग्य-ध्वनि उत्तम काव्य हो ॥ १ ॥

जुन काव्यमा व्यङ्ग्य अर्थ वाच्य अर्थभन्दा वढ़ी चमत्कार गर्दछ, त्यसलाई ध्वनि भन्दछन्, त्यो उत्तम काव्य हुन्छ। यहाँ 'ध्वनि' पद 'ध्वन्यते अस्मिन्' यस्तो व्युत्पत्तिले अधिकरण-प्रधान छ।

ध्वनिका पनि भेद दुई लक्षणा र अभिधा-मूल कहिन्छन् ॥
अविवक्षित-वाच्य तथा विवक्षितान्यपर-वाच्य पनि ॥ २ ॥

यिनका मध्यमा पहिलो अविवक्षितवाच्य ध्वनि, लक्षणा-मूलक हुनाले नै यसमा वाच्य अर्थ अविवक्षित अर्थात् बाधित रहन्छ, किनभने लक्षणा, मुख्य अर्थ(वाच्य)को बाधमा नै हुन्छ, यो पहिले नै भनिसकिएको छ।

विवक्षितान्यपरवाच्य ध्वनि अभिधा-मूलक छ, यसैले उसमा वाच्य (अभिधेय) अर्थ विवक्षित हुन्छ। अभिधेय अर्थ विवक्षित रहेन भने त त्यो ध्वनि अभिधामूलक हुनै सक्तैन। परन्तु विवक्षित भएमा पनि यहाँ अभिधेय अर्थ अन्य-परक अर्थात् व्यङ्ग्यअर्थलाई मुख्यतया द्योतन गर्नामा तत्पर रहन्छ। यसैले यसलाई विवक्षितान्य-परवाच्य भनेका हुन्। यस ध्वनिमा वाच्य अर्थले आफ्नू स्वरूपको प्रकाश गरेर नै व्यङ्ग्य अर्थको प्रकाश गर्दछ।

जस्तै—बत्तीले आफ्नो स्वरूपलाई प्रकाशित गरेर नै घटलाई प्रकाशित गर्दछ। अभिधामूलक ध्वनिको विषय धेरै हुनाले पछि उल्लेख गरिन्छ।

अविवक्षितवाच्य ध्वनिका भेद—

अर्थान्तर जुटी वाच्य तिरस्कृत अती हुँदा ॥
दुवै-थरी हुन्छ ध्वनि अविवक्षितवाच्यमा ॥ ३ ॥

अविवक्षितवाच्य ध्वनि पनि वाच्य अर्थान्तरमा संक्रमित भएमा अर्थान्तर-संक्रमित-वाच्य र वाच्य अत्यन्त तिरस्कृत भएमा अत्यन्ततिरस्कृत-वाच्यको भेदले दुई प्रकार छ। जहाँ शब्दको मुख्य अर्थ प्रकरणमा स्वयं बाधित हुनाले आफ्नो विशेष स्वरूप अर्थान्तरमा परिणत हुन्छ, त्यसलाई अर्थान्तरसंक्रमितवाच्य भन्दछन्।

उदाहरण जस्तै—

'कदली कदली, करभः[१] करभः, करिराजकरः करिराजकरः ।
भुवनत्रयमा पनि छैन तुला यहि ऊरु दुई युवतीजनको ॥'

यहाँ दोस्रो पटक आएका 'कदली' इत्यादि पदहरूले मुख्य अर्थलाई बुझाएमा पुनरुक्त दोष आउने हुनाले मुख्यार्थमा बाधित भएर जाड्यगुणविशिष्ट कदली आदिको बोधन गर्दछन्, यसैले अर्थान्तरमा संक्रमित छन्। कदली कदली (केरा जड केरा हो) इत्यादि अर्थ हुन्छ। यहाँ प्रयोजनवती लक्षणा छ। जडता आदि गुणहरूको अधिकता व्यङ्ग्य छ। यही लक्षणाको प्रयोजन हो।

जहाँ शब्द, आफ्नो मुख्य अर्थलाई बिलकुलै छोड़ेर अर्थान्तरमा परिणत हुन्छ, त्यहाँ वाच्यको अत्यन्त तिरस्कार भएको हुनाले अत्यन्ततिरस्कृतवाच्य ध्वनि हुन्छ।

जस्तै—

'न प्रकाशतछ यो चन्द्र ऐना निःवास-अन्ध झैं ॥'

यहाँ 'अन्धः' पदको अर्थ (नेत्र नभएको) भन्ने मुख्य अर्थ ऐनामा बाधित भएको हुनाले त्यसबाट लक्षणाद्वारा 'अप्रकाश' रूप अर्थ बुझाउँदछ। यो पनि प्रयोजनवती लक्षणा हो। यहाँ अप्रकाशत्वको आधिक्य व्यङ्ग्य छ। यो ध्वनि अर्थान्तरसंक्रमितवाच्य हो भन्न सकिन्न, किनभने यहाँ अन्धत्व र अप्रकाशकत्वमा व्याप्य-व्यापकभाव नहुनाले सामान्यविशेषभाव छैन।

'घुम धार्मिक ! निर्धक्क, कुकुर त्यो आज मारिएको छ ।
गोदावरीतीर-कुञ्ज-वसने त्यो मत्त सिंहैले ॥'

यहाँ 'घुम धार्मिक' यसबाट भ्रमणको विधान प्रकरणमा अनुपयुक्त हुनाले निषेधमा परिणत हुन्छ र विपरीत लक्षणा हो भन्ने नसंझनू, किनभने विपरीत लक्षणा त्यहीं हुन्छ, जहाँ विधि वा निषेध बोलनासाथै तुरुन्त विपरीत भएर निषेध या विधिरूपमा परिणत हुन जान्छ। परन्तु जहाँ विधि या निषेध प्रकरणादिको पर्यालोचन गरिसकेपछि विपरीत अर्थमा परिणत हुन्छ, त्यहाँ अभिधामूलक ध्वनि नै मानिन्छ, लक्षणा मानिन्न।

यही कुरा भनिएको छ—

'कहीं बाध्य हुदै ख्याति, ख्यातको कहिं बाधन ।
पहिलो लक्षणा नै हो, पछिल्लो अभिधा उ हो ॥'

यहाँ पहिलो (अर्थान्तरसंक्रमितवाच्य) मा मुख्य अर्थको आफ्नो विशेषरूप अर्थान्तरमा संक्रमण (प्रवेश) मात्र हुन्छ, तिरोधान हुँदैन यसैले जहत्स्वार्था लक्षणा

१. नारीदेखि कान्छी औंली डुप्पोतकको भाग।

हुन्छ। दोस्रो(अत्यन्ततिरस्कृतवाच्य)मा मुख्य अर्थ अत्यन्त तिरस्कृत हुने हुनाले जहत्स्वार्था लक्षणा हुन्छ।

विवक्षिताभिधेय त्यो पनी छ दुइ भेदमा ॥
असंलक्षक्रम व्यङ्ग्य, लच्यक्रम पनी हुँदा ॥ ४ ॥

विवक्षितान्यपरवाच्य ध्वनि पनि असंलक्षक्रमव्यङ्ग्य र संलक्ष्यक्रम व्यङ्ग्यको भेदले दुई प्रकार छ।

पैह्लोमा रस-भावादि एउटा मात्र गण्य छ ॥
एकैको पनि बेगिन्ति हुँदा भेद अनन्त छन् ॥ ५ ॥

जस्को लक्षण पहिले बताइसकिएको छ, त्यो भाव आदि असंलक्ष्यक्रम हुन्छ। यी रस, भाव आदिको प्रतीति विभावादि-ज्ञान-पूर्वक नै हुने हुनाले कार्य-कारणका पौर्वापर्य(अघिपछि)को क्रम त अवश्य रहन्छ परन्तु त्यो अतिचाँड़ो हुन जानाले लक्षित (जानिने) हुँदैन। जस्तो सय कमलका पत्रहरू खप्ट्याएर सियोले छेडदा सियो पार पुगेको थाहा हुन्छ। हुन त सियोले क्रमैले १। १ गरेर सब पत्रहरूलाई छेडेको छ, परन्तु छिट्याईको कारणले प्रत्येकलाई छेडेको काम भिन्न भिन्नै प्रतीत हुँदैन। त्यस्तै यहाँ पनि जान्नू।

यी पूर्वोक्त निर्वेदादि भावहरू र रसादिहरूमध्ये एकका भेद पनि अनन्त हुनाले गनि सकिंदैनन्, यसैले असंलक्ष्यक्रम व्यंग्य ध्वनिको एउटामात्र भेद मानिएको हो। जस्तो—एउटा संभोग शृङ्गारकै एक भेदमा परस्पर आलिङ्गन, अधरपान, चुम्बन, इत्यादि अनेक भेद छन्। फेरि तिनमा पनि विभावादिका अनन्त विचित्रताहरू छन्, र यो एउटा नै गनेर सकिंदैन भने सब रसहरूका भेद गनेर कसरी सकनू ?

शब्दार्थोभयशक्तिले अनुस्वानित व्यंग्यमा ॥
ध्वनि लच्यक्रमव्यंग्य विद्वान्‌ले तीन मान्दछन् ॥ ६ ॥

व्यंग्य अर्थको क्रम लक्षित हुनाले नै यो ध्वनिलाई अनुरणनरूप (घंटा बजाउँदा पछि आउने सानु शब्दजस्तो) भनेको हो। यो अनुस्वानरूप व्यंग्य अर्थ कहीं शब्दबाट, कहीं अर्थबाट, कहीं शब्द-अर्थ दुवैबाट प्रतीत हुन्छ र यसका तीन भेद हुन्छन्। यसैले गर्दा यिनीहरूले युक्त भएको संलक्ष्यक्रमव्यंग्य नामक ध्वनिकाव्यका पनि तीन भेद हुन्छन्।

ती तीनमध्ये—

वस्त्वलंकार भै रूप, शब्दशक्तिज हो दुई ॥

यहाँ अलङ्कारको भिन्नै ग्रहण गरिएको हुनाले 'वस्तु' पदबाट अलंकार-रहित वस्तुको ग्रहण हुन्छ।

ती दुईमध्ये—शब्दशक्तिबाट उत्पन्न भएको वस्तुस्वरूप व्यंग्यको उदाहरण जस्तै—

'पथिक ! यहाँ छैन सस्तर सबतिर पत्थरिलो गाउँमा ।
उत्थित पयोधर देखी यदि बस्छौ त बस ।।'

यहाँ 'सत्थर, पओहर' पदका शक्तिले यो अर्थ स्पष्ट हुन्छ—'परदारगमनको निषेध गर्ने शास्त्रको यहाँ केही जोर चल्दैन, उपभोग गर्न समर्थ छौ र उन्नत स्तनहरूलाई देखेर बस्न चाहन्छौ भने बस भन्ने वस्तु (कुरा) बुझिन्छ ।

शब्दशक्तिबाट अलंकाररूप व्यंग्य जस्तै—'दुर्गालंघितविग्रह' इत्यादि ।

यहाँ उमा नामकी रानीका पति राजा भानुदेवको वर्णन प्रकृत छ, परन्तु दुर्गा आदि शब्दहरूबाट पार्वतीका पति शंकर पनि प्रतीत हुन्छन् । यो अप्रकृत अर्थ असम्बद्ध नहोस् भनेर यी दुवै(राजा र शिव)को उपमेयोपमान-भाव कल्पित गरिन्छ, यसैले यहाँ उमावल्लभ (राजा) उमावल्लभ(शिव)का सदृश छन् यो उपमालंकार व्यंग्य छ ।

अर्को उदाहरण जस्तै—

'तिमी, असत्का अहित, समित्मा[१] अमित, प्रभो !
साधुका यशले फेरी सहितै, हर्षदायि छौ ।।'

यहाँ विरोधको वाचक अपि (पनि) शब्द नहुनाले 'समित् अमित्' र 'अहित सहित'मा विरोधाभास अलंकार व्यंग्य छ । हुन त अलंकार अर्कोलाई शोभा गराउने हुन्; तथापि 'ब्राह्मण-श्रमणक'[२] न्यायले व्यंग्यदशामा पनि अलंकार कहलाउँछन् ।

वस्त्वलंकारका अर्थ दुई छन्–सम्भवी स्वतः, ।। ७ ।।
कविप्रौढोक्तिले सिद्ध, तन्निबन्धादिले छ नै ।।
वस्त्वलंकाररूपी यो छ-थरीबाट व्यञ्जित, ।। ८ ।।
अर्थशक्त्युद्भव हुने, व्यंग्यका बाह भेद छन् ।।

स्वतः सम्भवी (काव्यभन्दा बाहिर लोकमा पनि देख्न सकिने), कविको प्रौढोक्ति(बोलीको चतुर्‍याईं)ले कल्पित (बाहिर नदेखिने), नाटकादिमा कविकल्पित पात्रहरूका प्रौढोक्तिले कल्पित (औचित्यले हुन नसक्ने) पनि ।

तीमध्ये क्रमैले उदाहरण, जस्तै—

'दृष्टी देउ छिमेकिनी ! छिन यही हाम्रो घरैमा पनि
ज्यादा यो शिशुका पिता बिरसिलो प्यूँछन् न कूवा-जल ।

१. लडाईंमा । २. संन्यासी दशामा ब्राह्मणत्व नरहे तापनि दशान्तरमा रहेको ब्राह्मणत्वलाई व्यपदेश गरी (अरोप गरी) बोल्नु हो ।

एक्ली छू त पनी म जान्छु दगुरी खोल्सी तमाला कुल
मेरा अङ्ग छियाछिया गरिरहुन् तीखा नल-ग्रन्यिले ।।'

यहाँ सव पदार्थ स्वतः सम्भवी(लोकप्रसिद्ध)बाट यो कहने स्त्रीका शरीरमा भावी परपुरुषको उपभोगले उत्पन्न हुने नखक्षतादिको गोपन (वस्तु) व्यक्त हुन्छ ।

'दिशा दक्षिणमा तेज भन्दै लाग्दछ सूर्यको ।
त्यहीं नै रघुको तेज सह्य भो न त पाण्डचको ।।'

सूर्यको तेजभन्दा पनि रघुको प्रताप वढ़ी छ, यो व्यतिरेक अलङ्कार यहाँ स्वतः सम्भवी वस्तुबाट प्रकाशित हुन्छ ।

'वंशी नाश्ने, आइ-लाग्ने त्यस्लाई दूरबाट नै ।
हेरे केसरिले हात्तीलाई झैं बलरामले ।।'

यहाँ हात्ती र सिंहको उपमा(अलंकार)बाट यो वस्तुरूप अर्थ व्यक्त हुन्छ—'सिंहसमान वलभद्रले छिनैमा वंशी विदारण गर्नेलाई विदारण गर्नेछन्' । यहाँ व्यञ्जक अर्थ (उपमा अलङ्कार) स्वतः सम्भवी छ ।

'गाढ कान्तदशनक्षत-व्यथा-दुःखबाट रिपुका कलत्रको ।
ओष्ठ-विद्रुम छुटाउँथे जुन युद्धमा डसि रिसैं निजाधर ।।'

यो श्लोकमा 'जो आफ्नो ओठ टोकिरहेको छ, त्यसले आर्काका ओठको दुःख कसरी हटाउला ?' यो स्वतः सम्भवी विरोधालंकार छ । उसबाट 'यता ओठ टोके र उता शत्रु मारिए' भन्ने समुच्चयालंकार व्यंग्य छ ।

रच्तैन वसन्त खालि तर दिन्छ पनि युवतिजन-लक्ष्य हुने ।
नवीन आम्र-आदिका नवपल्लव-पत्री, शर स्मरलाइ ।।

यहाँ वसन्त वाण वनाउने, कामदेव लड़ाका, युवतीहरू तारो, फूल वाण, छन् । यो वस्तु कविको प्रौढ़ोक्तिबाट नै सिद्ध छ, लोकमा सिद्ध छैन । यसबाट कामोदीपन-समयरूप वस्तु व्यञ्जित हुन्छ ।

'राती विमल-चन्द्रका किरणहरूले प्रकाशिने वीर !
उजिल्याउँछ सब भुवन तपाइँको कीर्ति फैलिई सतत ।।'

यहाँ कवि प्रौढ़ोक्तिसिद्ध वस्तु(कीर्तिप्रकाशन)बाट कीर्ति चन्द्रमाभन्दा धेरै समय प्रकाश गर्दछ—यो व्यतिरेकालंकार व्यंग्य छ ।

'झरे पौलस्त्य मुकुटबाट तत्क्षणमा मणि ।
मानौं राक्षसलक्ष्मीका आँसु नै भूमिमा अनि ।।'

यहाँ मणिको रूपलाई छिपाएर आँसुको स्वरूप देखाउनाले अपन्हुति अलंकार

बनिरहेछ, त्यसबाट राक्षसलक्ष्मीको भावी विनाश (वस्तुरूप) सूचित हुन्छ। राक्षसलक्ष्मीका आँसु कविकल्पित हुन्, स्वतः सम्भवी होइनन्।

'चुल्ठीमा नव-मल्लिका-कुसुम, सेतो पद्म हातैमहाँ,
हारै कण्ठमहाँ, पयोधरमहाँ श्रीखण्डको लेपन।
यौटा नै त्रि-कलिङ्गभूमितिलक[१] ! त्वत्कीर्तिराशी पुग्यो
नानाभूषण भावमा सुरपुरी-स्त्रीका शरीरैमहाँ ॥'

यहाँ कीर्तिमा हारादिको आरोप गर्नाले रूपकालंकार हुन्छ। त्यो कवि-प्रौढ़ोक्ति-सिद्ध छ। यसबाट 'तिमी पृथ्वीमा रहेर पनि स्वर्गनिवासीहरूको उपकार गर्दछौ' यो विभावना अलंकार व्यंग्य छ।

'शिखरिमा कहिले कुन नामको
तप गऱ्यो शुकले कुन कालमा ?
सुमुखि ! त्यो अधरै-सरि लाल यो
चुसछ बिम्बफलै जसले गरी ॥'

यहाँ यो वक्ता कविकल्पित कुनै कामुकपात्र हो। यसको प्रौढ़ोक्तिले सिद्ध त्यस वस्तुबाट यो व्यंग्य निस्कन्छ—'तिम्रो अधर ठूलो पुण्यबाट प्राप्य छ'।

'सुभगे ! कोटि संख्यामा पुगी मदन-बाणले।
चैत्रमा पञ्चता छोडे, पञ्चता भो वियोगिको ॥'

यहाँ वक्ता कविनिबद्ध छ। त्यसको प्रौढ़ोक्ति छ—'कामदेवका बाण आजकल पाँचका ठाउँमा करोड़ौं भएका छन् र यसले गर्दा वियोगीहरूको मरण भयो।' यसबाट 'बाणहरूको पञ्चता मानौं तिनीहरूबाट हटेर वियोगीहरूमा पुगेको छ'—यो उत्प्रेक्षा अलंकार व्यंग्य छ। पञ्चताको अर्थ पाँच संख्या र मरण पनि हुन्छ।

'मल्लिका-कलिमा चण्डी ! गुँज्ने भ्रमर शुभ्दछ।
कामको साइत हुँदा शंख फुक्ने-सरी भई ॥''

यहाँ कविनिबद्ध वक्ताको प्रौढ़ोक्तिले उत्प्रेक्षा अलंकार बनेको छ, त्यसबाट यो वस्तु व्यक्त हुन्छ—'कामोन्मादको समय आइसकेको छ, हे अभिमानिनी ! अझ पनि तँ मान छोड्दिनस्।'

'हजार महिला अटने तिम्रो हृदयमा उनी अटिनन् र।
अरु काम न गरी दिनहुँ अङ्ग सानो पनि गर्छिन् सानो ॥'

---

१. हे तैलङ्ग देशका भूषण !

यहाँ 'नअटाई' यो कविनिबद्ध वक्ताको प्रौढ़ोक्तिले सिद्ध काव्यलिङ्ग अलङ्कार-द्वारा—'शरीर सानु गर्दा पनि तिम्रो हृदयमा अटिनन्' भन्ने विशेषोक्ति अलङ्कार व्यक्त हुन्छ।

कविकल्पित नायक-तुल्य, कवि त स्वयं अनुरागादिले युक्त हुँदैन, यसैले कविको प्रौढ़ोक्तिभन्दा कविनिबद्ध वक्ताको प्रौढ़ोक्ति अधिक चमत्कारक हुन्छ र त्यसलाई भिन्नै बताउनु परेको हो।

यी उदाहरणहरूमा जहाँ अलङ्कार व्यंग्य छ त्यहाँ रूपण, उत्प्रेक्षण, व्यतिरेचन आदिको प्रधानता सहृदयहरूका अनुभवले सिद्ध छ र यी सबै रूपक, उत्प्रेक्षा, व्यतिरेक आदि अलङ्कारहरूका निमित्त हुन्, यसैले उक्त स्थानहरूमा अलङ्कारहरूको नै प्रधानता मानिन्छ, रूप्य वस्तुहरूको मानिन्न।

यौटा शब्दार्थशक्त्युत्थ

उभयशक्तिबाट उत्पन्न हुने ध्वनिको केवल एउटा नै भेद हुन्छ।

जस्तै—

'हिममुक्त-चन्द्र-रुचिरै[1], सपद्मक[2],
द्विज-मत्तकृत्[3], जनित-मीनकेतन[4]।
हुनगो प्रसादितसुरै[5], महोत्सव,
प्रमदाहरू - तिर धेर माधव[6]॥'

यस श्लोकमा श्रीकृष्ण, वसन्तऋतु समान छन्, यो उपमा अलंकार व्यंग्य छ। यसैले यहाँ व्यंग्य अर्थको प्रतीतिमा शब्द र अर्थ दुई नै कारण छन् र यो ध्वनि उभयशक्त्युद्भव मानिन्छ।

त्यस्ले ध्वनि अठार छ॥ ९॥

अविवक्षितवाच्य ध्वनिका अर्थान्तरसंक्रमित वाच्य, अत्यन्त तिरस्कृत वाच्य, यी दुई भेद। विवक्षितान्यपर वाच्यमा असंलक्ष्यक्रम व्यंग्यको एकै भेद। संलक्ष्यक्रम व्यंग्यमा शब्दमूलक दुई, अर्थमूलक बाह्र, उभयमूलक एक। यसरी सबै मिलेर ध्वनिका भेद अठार हुन्छन्।

यीमध्ये—

शब्दार्थशक्ति वाक्यैमा, अरु छन् पद, वाक्यमा॥

---

१. निर्मल चन्द्र झैं इच्छा गरिने वा हिममुक्त चन्द्रले दीप्यमान। २. पद्मा(लक्ष्मी)ले सहित वा कमलयुक्त। ३. ब्राह्मणहरूलाई वा कोइलीहरूलाई मातेका गर्ने। ४. प्रद्युम्नलाई जन्माउने वा सुरतको अभिलाषा उत्पन्न गर्ने। ५. देवतालाई प्रसन्न राख्ने वा मदिरा स्वच्छ राख्ने। ६. श्रीकृष्ण र वसन्त।

तिनीहरूका मध्यमा अर्थान्तरसंक्रमित वाच्यध्वनि पदगत जस्तै—

'धन्य त्यही छ तरुनो, आँखा त्यसैका आँखा हुन् ।
युवजन-मोहनमूर्ति होलिन् जसको अगाडि यी सुमुखी ॥'

यहाँ दोस्रो आँखा पदले भाग्यवत्ता आदि गुणहरूले युक्त आँखाहरूलाई लक्षणाले बुझाउँदछ ।

त्यही ध्वनिको वाक्यगत जस्तै—

'म भन्दछू तिमीलाई यहाँ विद्वत्-समाज छ ।
आफ्नो भलो-बुद्धि लिई यस्मा त्यै स्थिति पार लौ ॥'

यहाँ जस्लाई भन्नु छ त्यो अगाड़ि नै खड़ा छ, तापनि 'तिमीलाई' भन्नाले त्यही शिष्य अरुदेखि भिन्न भन्ने लक्षित हुन्छ । यस्तै-'भन्दछु' भन्नाले कर्ताको ज्ञान हुनसकन्यै थियो, फेरि म भन्नाले वक्तामा हितचिन्तकको विशेषता लक्षित हुन्छ । यस्तै 'विद्वानको समूह' यसैवाट वक्ताले भन्ने सिद्ध छ तापनि 'भन्दछु' भन्नाले 'उपदेश गर्छु' यो कथनको विशेषता लक्षित हुन्छ । यी सबै लक्षणाहरूले लक्षित अर्थहरूको अतिशय व्यंग्य छ । यसबाट यो अभिप्राय निस्कन्छ-'मेरो उपदेश तिम्रो निमित्त अत्यन्त हितकर छ, तिमीले त्यो अवश्य मान्नुपर्दछ' । यसरी यो वाक्यगत अर्थान्तरसंक्रमितवाच्य ध्वनिको उदाहरण हो, किनकि यहाँ अनेक पदहरूमा लक्षणा छ ।

अत्यन्त तिरस्कृतवाच्य ध्वनिको पदगत जस्तै-'प्रकाशदैन यो चन्द्र' इत्यादि । त्यसैको काव्यगत जस्तै-'अति गऱ्यौ उपकार म के भनौं' इत्यादि । अरुहरूका वाक्यगत उदाहरण अघि गइसकेका छन् ।

असंलक्ष्यक्रम व्यंग्यध्वनिको पदगत जस्तै—

'त्यै लावण्य, त्यही कान्ति, रूप, बोली सबै त्यही ।
अघी थियो सुधावर्षी, अहिले भो महाज्वर ॥'

यहाँ लावण्यादिका अलौकिकताको द्योतक 'त्यो' आदि शब्दहरूको नै प्राधान्य छ । अरू शब्द उसका उपकारकमात्र छन् । यसैले ध्वनि व्यवहार उनै 'त्यो' पदहरूको कारणले नै हुन्छ र यो पदगत ध्वनि हो ।

त्यही कुरा ध्वनिकारले भनेका छन्—

'एकाङ्गमा लगाएको भूषाले महिला सरी ।
कविको पदले द्योत्य ध्वनिले शुभ्छ भारती ॥'

यसै गरी भावादिहरूमा पनि पदगतध्वनिको उदाहरण जान्नू ।

※ 'भुक्ति[1] औ मुक्तिको[2] कर्ता; एकान्त-उपदेशक[3] ।
सदागम[4] भई, कस्को चित्तानन्द गरोइन ? ।।'

यहाँ 'सदागम' शब्दले अभिधाद्वारा सत्शास्त्र अर्थलाई बुझाएर नगिचै खड़ा भएको उपनायकका प्रति सत्पुरुष समागमरूप अर्थ(वस्तु)को व्यञ्जन गर्दछ ।

प्रश्न—यहाँ 'सदागम' पदको वाच्य (सत्शास्त्र) र व्यंग्य (सत्-पुरुषसङ्ग) अर्थहरूमा उपमानोपमेयभावलाई व्यंग्य किन नमान्ने ? सदागम सदागमजस्तै हुन्छ ।

उत्तर--यहाँ सदागम शब्दका यी दुवै अर्थहरूमा उपमानोपमेयभावको विवक्षा छैन । द्व्यर्थक पद त खालि रहस्य छिपाउनाका निमित्त बोलिएको मात्र हो । प्रकरणादिको राम्री अवलोकन गरेपछि सत्शास्त्रको कथन प्रकृतमा एकदम असम्बद्ध हुन जान्छ । खालि दोस्रो अर्थ नै उपयुक्त हुन्छ ।

अलौकिकी बुद्धि हुने, सारा पृथ्वी धरीलिने[5] ।
पुरुषोत्तम राजा ती शुभ्छन् जगतमा कुनै ।।

यहाँ पुरुषोत्तम नामक राजा पुरुषोत्तम(विष्णु)को सदृश छन्, यो उपमा ध्वनित हुन्छ। यी पूर्वोक्त दुवै 'भुक्तिमुक्ति र अलौकिकी' शब्दशक्तिमूलक संलक्ष्यक्रमव्यंग्यध्वनिका भेद हुन् ।

\+ 'सायं स्नान गऱ्यो र चन्दन घस्यौ राम्रो गरी अङ्गमा
पौंचे अस्त पहाडमा रवि, यहाँ निःशङ्क भो आगम, ।
तिम्रो कोमलता छ अद्भुत, तिमी केले गल्यौ हालमा,
तिम्रा नेत्र त निर्निमेष अहिले अत्यन्त छन् चञ्चल ।।'

यहाँ अर्थ स्वतःसम्भवीले यो कुरा व्यञ्जित हुन्छ—'तिमी परपुरुषको सङ्गले थाकेकी छौ' त्यो पनि अरु पदहरूभन्दा 'हालमा' पदको अर्थबाट अत्यन्तै स्पष्टरूपसँग प्रकाशित हुन्छ र यो पदगत ध्वनि छ ।

'तदप्राप्ति-महादुःख-ले[6] सारा पाप नाशदी ।
तच्चिन्ताको ठुलो हर्ष-ले पुण्य-चय फेंकदी, ।।'

※ मानिस धेरै भएको स्थानमा उपनायक आइपुग्दा पुराणादि शास्त्रका प्रशंसाको छलले हर्षसूचन गर्ने नायिकाको यो उक्ति हो । १. स्वर्गादि भोगको । २. अपवर्गको । ३. तत्वोपदेश गर्ने । ४. सत्शास्त्र पुराणादि । व्यंग्यार्थ—सुरतोपभोग दिने र गृहकर्म त्याग गराउने, एकान्तला धेरै लीला सिकाउने, सज्जन तपाईंजस्ताको आगमन । ५. धारण गर्ने र पालन गर्ने । + बाटोमा उपनायकले भोग गरिएर न्वाई आएकी सँगिनीप्रति ठटेउली सँगिनीको यो उक्ति हो । ६ श्री कृष्णलाई नपाउनुरूप ठूलो आन्तरिक दुःखले ।

'संझदी, ती जगद्-हेतु परब्रह्मस्वरूपको ।
समाधि ली, मुक्त भइन् अर्की गोपाल-कन्यका ।।'

यस उदाहरणमा 'सारा' र 'चय' यी दुई पदहरूले दुई अतिशयोक्ति अलंकार प्रतीत हुन्छन् । भगवानका वियोगको दुःख र उनका स्मरणको आल्हाद यी दुवैलाई अनेकजन्मभोग्य पाप-पुण्यका फल(सुख-दुःखहरू)सँग अभिन्नरूपले बोधन गरिए-को छ । यसैले यहाँ पदगत अलंकार-ध्वनि छ ।

यहाँ व्यंजक (वाक्यार्थ) कविको प्रौढ़ोक्ति नभैकन पनि हुन सक्तछ । यस किसिमले विरहिणीको दशा लोकप्रसिद्ध छ र यहाँ व्यंजक अर्थ स्वतः सम्भवी छ ।

'देख्ती असंख्य-पथगा; त्वद्‌दान-जलकी नदी,
राजन् ! त्रिपथगा[1] आत्मा छिप्छिन् श्रीशिवमाथमा ।।'

यो मेरो हो । यहाँ 'देख्ती' लाजले लुक्छिन' पदार्थगतहेतुताले कवि प्रौढ़ोक्तिसिद्ध काव्यलिङ्ग अलंकारबाट 'तपाईंजस्तो दाता कोही छैनन्' भन्ने यो व्यतिरेक अलंकार असंख्य पदले व्यंग्य छ । यसै गरी अरू पनि असंलक्ष्यक्रमव्यंग्य-ध्वनिका अर्थशक्तिमूलक उदाहरण जान्नू ।

यस प्रकारसंग सब मिलेर ध्वनिका अठार भेद भए । यीमध्ये उभयशक्त्युद्भव-ध्वनि केवल वाक्यमा मात्र हुने हुनाले एकै प्रकारको छ । बाँकी सत्र, पद र वाक्य दुवैमा हुने हुनाले चौंतीस हुन्छन् । यसैले जम्मा ध्वनि पैंतीस भेद हुन जान्छन् ।

प्रबन्धमा पनी मान्छन् शब्दशक्त्युद्भव ध्वनि ॥१०॥

अघि कहिएको बाह्र प्रकारको अर्थशक्त्युद्भवध्वनि प्रबन्धमा पनि हुन्छ ।

जस्तै महाभारत गृद्धगोमायुसंवादमा—

'गृद्ध-गोमायुले[2] व्याप्त, घोर कंकालले[3] युत ।
सबैलाई भय दिने, श्मशान किन कुर्दछौ ? ।।
मरेको प्रिय वा द्वेष्य यहाँ जो-कोहि आउँछ ।
फिरेको छैन बाँचेर हो यस्तै प्राणिको गति ।।'

मरेको बालकलाई लिएर बसेका मानिसहरूको त्यहाँबाट हटेर जानु, केवल दिनमा मात्र खान समर्थ, गिद्धलाई अभिलषित छ ।

'मूर्ख हो ! सूर्य छन् अैहले-सम्म प्रेम ठुलो गर ।
बहुविघ्न छ यो काल कदाचित् बाँचिहाल्छ की ? ।।

---

१. तीन बाटो गरी जाने (भागीरथी गंगा) । २. गिद्ध र स्यालले । ३. मांसरहित हाड़को समूहले ।

सुनौला-रङ्गको बाल भर्खरैको ठिटोकन ।
सुनेर गिद्धको बोली किन छोड्छौ अशङ्कि भै ।।'

यो बोली रात्रिमा खान समर्थ श्यालको हो । उसलाई तिनीहरूले त्यो मृतक छोड़ेर घर फर्कनु अभीष्ट छैन। यो कुरा यी वाक्यहरूको समुदाय(प्रबन्ध)बाट द्योतित हुन्छ। यहाँ व्यंजक वाक्यार्थ स्वतःसम्भवी छ। यसै गरी अरू एघार भेदहरूका पनि उदाहरण जान्नू।

लक्ष्यार्थ व्यंजकको जस्तै—'लेशै चन्दन छैन ती स्तनमहाँ' इत्यादि। व्यंग्यार्थ व्यंजकको जस्तै—'हेर, निश्चल निस्पन्दा' इत्यादि। यी दुवैमा स्वतःसम्भवी वाच्यार्थ-का लक्ष्य र व्यंग्य अर्थ व्यंजक छन्। यसै गरी अरु एघार भेदहरूका उदाहरण जान्नू।

पदांश, वर्ण, रचनामहाँ छ अस्फुटक्रम ।।

असंलक्ष्यक्रमव्यंग्यध्वनि पदांश, प्रकृति, प्रत्यय, उपसर्ग, निपात, वर्ण, रचना, आदिमा रहनाले अनेक प्रकारको हुन्छ। जस्तै—

'कुना चल्ने, काम्ने, नजरकन छुन्छस् अतिशय,
कुरा गुप्ती-गर्ने सरि गुँजदछस् कान-नजिक ।
भुजा झटकार्दीको अधर रति-सर्वस्व पिउँछस्;
बित्यौं तत्त्वान्वेषी सब, तँ भमरा ! धन्य रहिछस् ।।'

यहाँ 'दुःख पायौं'को ठाउँमा 'बित्यौ-मऱ्यौं' कहनाले दुःखातिशय व्यंग्य छ, यसको व्यंजक 'हन्' धातु (प्रकृति) मात्र छ।

'धरि अङ्गुलि ओठ छोपिएको, नहिं भन्ने विक्रताक्षरै भएको ।
अह ! काँध-तिरै फिराइएको, मुख ठाडो पनि चूमिएन तिन्को ।।'

यहाँ 'पनि' यो निपातले पश्चाताप व्यक्त हुन्छ।

'धिक्कारै यहि हो मलाइ अरि छन्' इत्यादिमा 'अरि' यो बहुवचनको, 'तपस्वी' यो एकवचनको, 'यहि' यो सर्वनामको, 'मार्छ' यो र 'बाँच्तोछ' यो तिङ्को, 'हा' यो अव्ययको, 'ग्राम-ससानु' यो तद्धितको, 'विलुण्ठन' यो उपसर्गको, 'भुजा' यो बहुवचनको पनि यहाँ पदांशहरूमा व्यंजकता छ।

* खानामा अरुची, सबै विषयमा वैराग्य ठूलो, अनी
नासाग्रै-तिर नेत्र, फेरि अरु झन् यो एकतानी मन ।
चुप्पी यो र अनी छ शून्य अहिले ठान्छचौ जगत् जो-जसो,
सङ्गी ! त्यो भन योगिनी कि अथवा छौ की वियोगी तिमी ।।'

* विरहिणीप्रति ठट्टा गर्ने सँगिनीको उक्ति हो।

यहाँ 'खानामा-आहारमा' विषयसप्तमीको, 'सबै र ठूलो' यो विशेषणको, 'चुप्पी यो' त्यसै वेलाको अनुभवतर्फ इशारा गर्ने सर्वनामको, 'ठान्छयौ' यहाँ उपसर्गको, प्रेमसूचन गर्ने 'सङ्गी' यो सम्बोधनको, 'छौ कि' यो ठट्टा सहितको उत्प्रासको, 'कि अथवा' यहाँ दोस्रो पक्ष(वियोगिनीपन)लाई पुष्ट गर्ने 'वा' शब्दको र 'छौ' यो पदको वर्तमानकालको समेत यी सबैले आफ्ना आफ्ना विषयहरूको ध्वनित गर्नु सहृदयहरूबाट नै जान्नु योग्य छ।

वर्ण र रचनाका उदाहरण अष्टम र नवम परिच्छेदमा वताइनेछन्। प्रवन्धमा जस्तै—महाभारतमा शान्त, रामायणमा करुण, मालतीमाधव, रत्नावली आदिमा शृङ्गाररस सम्पूर्ण प्रवन्धको व्यंग्य छ। यस्तै अन्यत्र पनि।

यसरी ध्वनिका भेद छन् एकाउन्न भन्दछन् ॥ ११ ॥
त्रिरूप संकर अनी संसृष्टि एकरूपले ॥
वेदखाग्नीषु (५३०४) भै, जम्मा इषुबाणाग्निबाण (५३५५)छन् ॥ १२ ॥

शुद्ध भेदहरूको एकाउन्न संख्या जोड्नाले भन्ने अर्थ हो।

उदाहरणको दिग्दर्शन—

'अत्युन्नत-स्तन दुई लिइ, चञ्चलाक्षी
ढोकामहाँ बसि, प्रियागम-उत्सवार्थ।
तिन्ले सुपूर्ण-घट, नूतन पद्म-माल्य,
इत्यादि मङ्गल कुरा सहजै गराइन् ॥'

यहाँ उनका 'स्तन-नै पूर्ण घड़ा र लामा चंचल नेत्रको हेराइ नै कमलका नयाँ माला ढोका छन्' भन्ने यी दुई रूपक अलङ्कारहरू र शृङ्गाररसको ध्वनि एकै आश्रय-(शब्द र अर्थ)मा प्रवेश गरेका हुनाले यहाँ संकर छ।

'छन् प्रेरकै उ मदमत्त-अलि-ध्वनीका,
कम्पालु पान्थ-हृदयै, दिन यी मधूका।
निस्तन्द्र-चद्रवदना-वदना-ऽरविन्द-
सौरभ्य-सौहृद-सगर्व[१] हवा बहेका ॥'

यहाँ 'निस्तन्द्र, सौहृद' इत्यादि लक्षणामूलक ध्वनिहरूको संसृष्टि छ।

गुणीभूत व्यंग्यको निरूपण—

ध्वनिभिन्न गुणीभूत व्यंग्यै छ वाच्य भन्दा कमकोमा।

---

१. अतिप्रकाशमान चन्द्रजस्तो वदन भएकी स्त्रीका 'वदनरूप कमलको सुवासका तुल्यताले उत्कृष्ट।

जहाँ व्यंग्य अर्थ वाच्यभन्दा उत्तम छैन अर्थात् वाच्य अर्थको समानै छ वा उभन्दा कमको छ भने त्यसलाई गुणीभूतव्यंग्य (अप्रधान व्यंग्य) काव्य भन्दछन्।

त्यस्मा ता इतराङ्ग, काकाक्षिप्त[1] र वाच्यसिध्यङ्ग[2] ॥ १३ ॥
सन्दिग्ध-प्राधान्य[3], तुल्य प्राधान्य[4], अस्फुट[5], अगूढ[6], ॥
व्यंग्य असुन्दर[7], यस्ता भेदहरू बन्दछन् आठ ॥ १४ ॥

गुणीभूत-व्यंग्य काव्यमा व्यंग्य अर्थ इतराङ्ग (रसादिको अङ्ग) हुन्छ।

जस्तै—

'यो[8] त्यै हो रसना तान्ने, पीन-स्तन समातने ।
नाभि-तिग्रा-जाँघ छुने, सारी खोस्ल्याउने कर ॥'

यहाँ संझिएको शृङ्गाररस, अनुभव गरिरहेका करुणरसको अङ्ग छ।

'त्यो मानिनी प्रणयिनीकन खूसि-पार्ने,
त्वत्-सैन्यसागर-अवाज सुनेर तप्त ।
हा, हा ! कसोरि नृपको रिपुराजधानी-
प्रासादपंक्ति-बिच बस्तछ कामि-लोक ? ॥'

यहाँ प्रियतमालाई मनाउने इच्छाबाट 'औत्सुक्य' र फौजको आवाज सुनेर सन्तप्त हुनाले 'त्रास' यी दुवैको भावसन्धि छ। कामीवर्गको दीनताबाट उत्पन्न करुणरस यो भावसन्धिबाट परिपुष्ट हुन्छ। त्यै करुण, वर्णन गरिरहिएको राजविषयक रतिभाव-(अनुराग)को अङ्ग छ।

'जनस्थानै[9] घूमें कनकमृगतृष्णान्ध मतिले,
कहें वै-देही यो वचन पदमा आँसु खसदै, ।
गरें लंकास्वामी-मुख-तिर सुयोगै गरिकन,
मिल्यो रामत्वै लौ कुशलवसुता मात्र मिलिनन् ॥'

---

१. काकुवशले झट्ट हेर्दा वाच्यजस्तो भान हुने। २. वाच्यको अन्वयबोधमा बीज। ३. वाच्यले वा व्यंग्यले गरेको प्राधान्यमा सन्देह रहने। ४. वाच्य र व्यंग्यको प्राधान्य तुल्य हुने। ५. सहृदयहरूले पनि झट्टै थाहा नपाइने। ६. असहृदयहरूले पनि जानिने। ७. चमत्कार रहित। ८. भूरिश्रवा राजाको लड़ाईंमैदानमा पसारिएको हात देखेर उनकी महारानीको विलाप हो। ९. धनको निमित्त मेहनत गरी धन नपाउने कसैको उक्ति हो। 'जनस्थानै' इत्यादिको अर्थ—रामपक्षमा = जनस्थान नामक दण्डकारण्यको एक ठाऊँ, धनार्थि-पक्ष = मानिसहरू रहेको ठाऊँ। रामपक्ष = सुनका मृगको तृष्णाले अन्धो भएको

यहाँ "मिल्यो रामत्वै' यी नभनेसा पनि 'जनस्थानै घूमें" इत्यादि शब्दहरूको शक्तिले नै रामत्वरूप अर्थ प्रतीत हुन्छ। परन्तु त्यो कहिदिनाले सादृश्यमूलक तादात्म्य(अभेद)को आरोप प्रकट हुन जाँदा त्यसको गोपन हट्न गयो (व्यंग्यजस्तै गुप्त रहेन) र तादात्म्यारोपको हेतु शब्दसादृश्य नै रामत्वप्राप्तिरूप वाक्यार्थको उपपादक हुनाले वाच्य अर्थको अङ्ग हुन गयो।

काकुले आक्षिप्त ध्वनि, जस्तै—

❀ 'संग्राममा कुरु म मथ्तिन की रिसैले ?
दुःशासनी हृदय-रक्त पिउन्न की म ?।
दुर्योधनोरु[1] म त भाँच्तिन की गदाले ?
तिम्रा नरेन्द्र पण[2] पाइ गरुन् मिलाप ॥'

यहाँ 'मथ्न्यैछु-(मान्यैंछु)' 'पिउन्यैछु' 'भाच्न्यैछु' इत्यादि व्यंग्य अर्थ, वाच्य-(निषेध)को साथसाथै प्रतीत हुन्छ।

'भूमि-आकाशमा झल्की वैरिवंश-दवानल।
प्रभु-प्रताप राजेन्द्र ! यो चारै-तिर बल्दछ ॥'

यहाँ प्रतापलाई दवानल (जंगलमा लागेको डढेलो) कहनाले दवानलत्व प्रतापमा आरोप गरिएको छ। बाँस र कुल दुवैलाई कहने श्लिष्ट 'वंश' पदको प्रयोगले शत्रुकुलमा बाँसका जंगलको स्वरूप व्यंग्य हुन्छ। त्यो यस वाच्य दवानलत्व-का सिद्धिको अङ्ग छ। र यो वाच्यसिध्यङ्ग ध्वनि हो।

'उदाउँदा चन्द्र समुद्र झैं ती महेश' यस पद्यमा नेत्रव्यापारको नै प्रधानता छ वा चुम्बनाभिलाष व्यंग्य छ, यसमा सन्देह छ र यो सन्दिग्धप्राधान्य व्यंग्य हो।

'ब्राह्मणातिक्रम[3] त्याग्नु भलो नै छ हजूरको।
जामदग्न्य त हुन् मित्र अन्यथा मन मारलान् ॥'

बुद्धिले, धनार्थिपक्ष = सुनको खोजी र तृष्णाले अन्धो भएको बुद्धिले। रामपक्ष = रावणले सीताहरण गरेपछि 'वैदेहि !' (हे सीता !), धनार्थिपक्ष = 'वै ! देहि' (दिनुहोस्)। रामपक्ष = 'लंकास्वामी(रावण)को मुखमा वाण गरे, धनार्थिपक्ष = मालिक धनीका मुखतर्फ 'लंका' (लामा फड्का) गरें। रामत्वै = राम हुनु। रामपक्ष = 'कुश-लव-सुता' = कुश र लव छोरा हुने सीता (मिलिन्), धनार्थिपक्ष = 'कुशल-वसुता' = बढ़िया धन हुनेको भाव (पना)।

❀ दुर्योधनसित सन्धि गर्न नसहने भीमसेनको सहदेवप्रति यो उक्ति हो। १. दुर्योधन-का तिघ्रा। २. कुशस्थली आदि पाँच गाउँरूप मूल्य। ३. यो श्लोक दिग्विजयमा परशुराम-लाई जित्न इच्छा गर्ने रावणप्रति मन्त्रीको उक्ति हो।

यहाँ व्यञ्जनाबाट यो अर्थ बुझिन्छ—'परशुरामले राक्षसको कुललाई एकदम ध्वंस गरिदिनेछन्' यो व्यंग्य र उक्त वाच्यार्थको यस श्लोकमा तुल्यप्राधान्य छ।

'मिले सर्वस्व-हरण, लडेमा प्राणदण्ड छ।
अल्लावदीन नृपमा न सन्धि छ, न विग्रह ॥''

यहाँ 'अल्लाउद्दीनसँग साम र दान बाहेक अरु कुनै उपाय चल्न सक्तैन' यो कुरा यहाँ व्यंग्य छ। तर यो यत्तिको अस्फुट (गुप्त रहेको) छ—बुद्धिमानहरूको समझमा पनि चाँड़ो फुर्न आउँदैन। यसैले यो अस्फुटव्यंग्य ध्वनि हो।

'तपाईं लोक-गुरु र सद्धर्म-उपदेशिले।
पतिव्रतालाइ बलै यस्तो[1] अरु म के भनौं ?॥'

यस श्लोकमा शाक्यमुनिको पशुस्त्रीसँग जबर्दस्ती उपभोग प्रतीत हुन्छ। तर त्यो वाच्यजस्तै अत्यन्तै स्फुट (स्पष्ट) छ। त्यसैले यो अगूढ़ व्यंग्य मध्यम काव्य हो।

'बेत-कुन्जमा उडने, चराहरूको खलबल सुन्दामा।
घरकाजमा लागने, वधूका अङ्गहरू गल्छन् ॥'

'दत्तसंकेत कुनै पुरुष लतागृहमा पुग्यो' यो यहाँ व्यंग्य छ। त्योभन्दा 'अङ्ग-हरू गल्छन्' यसको वाच्य अर्थ नै अधिक चमत्कारी छ, यसैले यो असुन्दर व्यंग्य ध्वनि हो। यो सहृदयहरूले नै जानिने कुरा छ।

के त भने—दीपक, तुल्ययोगिता, आदि अलङ्कारहरूमा जो उपमा (सादृश्य) आदि अलंकार व्यंग्य रहन्छन्, तिनलाई पनि गुणीभूत व्यंग्य संझनुपर्दछ, किनकि त्यहाँ काव्यको चमत्कार दीपक आदिको कारणले नै हुन्छ।

त्यही कुरा ध्वनिकारले भनेका छन्—

'प्रतीतिमा जहाँ भास्छ अन्यालंकारको पनि।
तात्पर्यमा काव्य छैन, ध्वनिको मार्ग हुन्न त्यो ॥'

लुकेको (व्यंग्य) कुराको रमणीयता जहाँ कुनै अरू शब्दआदिबाट कंती हुन जान्छ भने त्यस्लाई पनि गुणीभूत व्यंग्य नै संझनुपर्दछ।

जस्तै—

'आँखा केशव ! गोपराग[2] रहदा देखें न मैले कहीं
त्यस्ले याहिं लडीछु, नाथ ! पतितालाई[3] उतार्नूहवस्।

---

१. अकर्तव्य। २. 'गो'-गाईहरूको 'पराग' धूलो, हे 'गोप' 'राग' अनुराग वा गोपमा अनुराग। ३. लोटेकीलाई वा पतिको भाव(पना)लाई।

एकै छौ विषमेषुखिन्नमनका[१] सर्वाऽबलाको[२] गति,
गोपीले यति नै सलेश[३] भनिने श्रीकृष्ण रक्षा गरुन् ।।'

यहाँ गोपरागादि शब्दहरूको 'गोपमा राग, हे गोप ! अनुराग' इत्यादि जुन व्यंग्य अर्थ श्लेषले प्रतीत हुन्छ, त्यसलाई 'सलेश' पदले अत्यन्तै स्फुट (स्पष्ट) गरिदिएकोले यो गुणीभूत व्यंग्य हुन गयो, किनकि व्यंग्य अर्थ वाच्यको अङ्ग भयो । 'सलेश' पदलाई नराखेमा अर्को अर्थ छोपिएर नै रहने हुनाले ध्वनिको नै उदाहरण हुन्छ ।

के त भने—जहाँ वस्तु, अलंकार, र रसादिरूप व्यंग्यहरूको प्रधान रसमा गुणीभाव हुन जान्छ त्यहाँ प्रधानरसको कारणले नै काव्यव्यवहार (उत्तम काव्यत्व) जान्नू ।

यो ध्वनिकारले नै भनेका छन्—

'यो प्रकार गुणीभूत व्यंग्यले ध्वनिरूपता ।
लिन्छ रसादितात्पर्य-पर्यालोचनले[४] पछी ।।'

जहाँ त—

'जहाँ मतालू प्रमदाहरूमा आकाशिने, लालमणि प्रकाश[५] ।
अकालमै साँझ पनी बनाई अनङ्ग-नेपथ्यविधान[६] गर्थ्यो ।!'

इत्यादिमा प्रतीयमान शृङ्गारादि, नगरीवर्णन वस्तुमात्रको अङ्ग छ । कुनै प्रधानरसको अङ्ग छैन त पनि त्यो ध्वनि अप्रधान व्यंग्यबाट नै काव्य व्यवहार गरिने हुन्छ । यस विषयमा आफ्ना पूर्वज चण्डीदासको प्रमाण दिन्छन्—'काव्यको परमार्थ, अखण्डबुद्धि(एक ज्ञान)ले संवेद्य (राम्रोसँग जानिने) हुन्छ । तन्मय हुनाले अनेक पदार्थ पनि एक ज्ञानमा नै भासित हुन्छन् । यसैले काव्यार्थको आस्वादका समयमा कुनैको प्रधानता र अप्रधानताको अनुभव हुँदैन । आस्वादका वाद प्रकरणादिको आलोचना गर्दा प्रधानत्व र अप्रधानत्वको प्रतीत हुन्छ तापनि त्यस्ले पहिलेदेखि प्रवृत्त काव्यव्यवहारलाई रोक्न सक्तैन, किनभने त्यो व्यवहार आस्वादमात्रबाट नै हुन जान्छ' ।

कोही 'चित्र' नामक, काव्यको तेस्रो भेद पनि मान्दछन् । जस्तै—

'शब्दचित्र, अर्थचित्र, अव्यंग्य नीच काव्य हो ।'

---

१. विषम जगामा लोटी खिन्न मन भएका वा कामदेवले खिन्न मन भएका । २. सबै निर्धा कमजोरहरूको वा सब अबला (महिला) जनको । ३. सूचना सहित वा श्लेष सहित । ४. रसादिका तात्पर्यको अनुसन्धानले । ५. पद्मराग मणिको प्रकाश । ६. सुरतमा उपयुक्त भेषको रचना ।

यो कुरा भन्नु ठीक छैन। 'अव्यंग्य' पदबाट 'व्यंग्य अर्थले एकदम शून्य' भन्ने अर्थ गर्ने हो भने त्यो काव्य नै हुन सक्तैनथ्यो भन्ने कुरा प्रथम परिच्छेदमा नै भनिसकिएको छ। ईषत् अर्थमा नञ्लाई मानेर 'अव्यंग्य' पदको अर्थ 'ईषत् व्यंग्य' भनी मान्ने हो भने त्यस पदको तात्पर्य के हो? आस्वाद्य वस्तुको अलिकति व्यंग्य हुँदामा 'ईषद् व्यंग्यत्व' विवक्षित हो? वा अनास्वाद्य वस्तुको व्यंग्य भएमा हो? यदि पहिलो पक्ष मान्ने हो भने पहिलेका दुई भेद(ध्वनि, गुणीभूतव्यंग्य)मा नै यसको अन्तर्भाव हुन सक्छ, दोस्रो पक्ष (अनास्वाद्य व्यंग्यत्व) मान्ने हो भने त्यो काव्य नै हुन सक्नेछैन, किनभने आस्वाद्य नै काव्य हुन्छ। यदि अनास्वाद्य नै हो भने त्यो क्षुद्र नै भयो। क्षुद्रता रहँदामा नै अनास्वाद्यत्व हुने हुन्छ।

यही कुरा ध्वनिकारले भनेका छन्—

'प्रधानगुण-भावैले[1] व्यंग्यका यी व्यवस्थित।
दुइटा काव्य हुन्, अन्य जो छ त्यो चित्रकाव्य[2] हो ॥'

इति साहित्यदर्पण अनुवादमा ध्वनिगुणीभूत
व्यंग्यनामक काव्यभेद निरूपण
चतुर्थ परिच्छेद

१. व्यंग्यार्थको प्राधान्यमा ध्वनि, गुणभावमा गुणीभूत व्यंग्यताले। २. काव्यको आभासमात्र पाएको काव्य।

पञ्चम परिच्छेद

यो व्यञ्जना नामक नयाँ वृत्ति किन मानेको हो ? यसको के प्रयोजन छ ? यस्तो प्रश्नमा भनिन्छ—

अभिधा, तात्पर्य तथा लक्षणा-वृत्तिको विश्रान्ति हुँदा ॥
रसादिको बोध निंति चारौं वृत्ति स्वीकृत हुन्छ ॥ १ ॥

अभिधा खाली संकेतित अर्थको बोधन गरेर चुप लाग्दछ, त्यसको वस्तु, अलंकार र रसादिरूप व्यंग्यको बोधनमा सामर्थ्य हुन सक्तैन। काव्यमा वर्णित विभावादिहरूका वाचक पदहरूको रसमा संकेतग्रह छँदैछैन। विभावादिको वर्णन नै रसादिको वर्णन हो भन्न पनि सकिन्न, किनभने रसादि र तिनका विभावादि परस्पर भिन्नभिन्नै हुन्छन्। हुन त 'रस' र 'शृङ्गार' आदि पदहरू रसहरूमा संकेतित छन्, तर जहाँ जहाँ रसको प्रतीति हुन्छ त्यहाँ त्यहाँ न त रसादि पदहरू नै रहन्छन् न शृङ्गारादि पदहरू नै। झन उल्टो जहाँ 'रस' 'शृङ्गार' आदि पदहरूले अभिमत रसको वर्णन गरिन्छ त्यसलाई पछि गएर दोषहरूमा नै गन्नेछौं। कहीं कहीं त शृङ्गाररस यो हो' भनेमा पनि शृङ्गार रसको प्रतीति हुँदैन। किनकि रस त स्वयं-प्रकाश र आनन्दस्वरूप छ। अभिहितान्वयवादी(कुमारिल भट्ट आदि मीमांसकहरू)-ले मानिएको तात्पर्य वृत्ति पनि केवल संसर्ग(कर्तृत्व कर्मत्वादि)लाई बोधन गरेर चुप लाग्दछ, त्यसबाट पनि व्यंग्य अर्थ बुझाउने आशा गर्न सकिंदैन।

यस्तो कोही[1] भन्दछन्—'अभिधाशक्तिको व्यापार (कार्य) बाणको व्यापार-तुल्य ठूलोभन्दा ठूलो हुन सक्तछ-'। यो बाहेक धनिकले पनि भनेका छन्—

'तात्पर्यमा नभै भिन्न व्यञ्जनाको, न हो ध्वनि।
यावत्कार्यप्रसारी[2] भै तात्पर्य तुलिदैन[3] त्यो ॥'

यी दुवैका उपर—'शब्द-कर्म-बुद्धिहरू थन्किए पछि काम गर्न सक्तैनन्' भन्ने न्याय मान्नेहरूले नै डण्डा मार्नेछन्।

अभिधाको कार्यबाट नै व्यंग्यार्थको बोध मान्ने हो भने लक्षणाशक्ति मात्राको पनि के आवश्यकता ? अभिधाको दीर्घदीर्घतर व्यापारबाट नै लक्ष्यार्थका बोधनको पनि काम लिनु। अनि शब्द सुन्नासाथ प्रतीत हुने अर्थ अभिधाबाट बोधित

१. भट्ट-मतको पछिलाग्ने लोल्लट इत्यादि। २. काम लिनुपर्ने जतीमा फैली जान सक्ने। ३. संसर्गमात्रको बोधक हो भन्ने कुरामा नियन्त्रित छैन।

मानेमा 'ब्राह्मण ! तिमीलाई छोरी जन्म्यो' यो सुनेपछि प्रतीत हुने हर्ष र 'तिम्री कन्या गर्भिणी छन्' यो वाक्य सुनेपछि प्रतीत हुने शोक पनि वाच्य किन होबैन ? यसले मीमांसकहरूको मत ठीक छैन।

जो कि फेरि भनिएको छ—'पौरुषेय होस् वा अपौरुषेय सबै वाक्य कार्यपरक नै हुन्छन्, नभएमा प्रमत्तको प्रलापजस्तै बेकार हुन जालान्, यस निमित्त काव्य-शब्दहरूलाई पनि कार्यपरक मान्नै पर्ला। काव्यका श्रोताहरू र वक्ताहरूका प्रवृत्तिको फल अपूर्व आनन्दानुभव बाहेक अरू केही पनि मिल्दैन, यसैले काव्यवाक्यहरूको कार्य अथवा विधेय नै निरतिशय सुखास्वाद मान्नु पर्दछ, किनकि 'शब्द, जुन तात्पर्यको बोध गराउनाका निमित्त प्रयुक्त छ त्यही नै त्यस शब्दको अर्थ हुन्छ भन्ने नियम छ' इत्यादि।

यसमा सोधनुपर्नेछ—'तत्परत्व' भनेको के हो ? तात्पर्यको माने तदर्थत्व हो ? वा तात्पर्यनामक वृत्तिले बोधित हुनु हो ? पहिलो पक्ष मान्दछौ भने कुनै विवाद नै छैन। किनभने व्यंग्य भएमा पनि तदर्थत्वको नाश हुँदैन। दोस्रो पक्ष मान्दछौ भने बताऊ यो तात्पर्य नामक वृत्ति कुनचाहीं हो ? अभिहितान्वयवादी मीमांसकहरूले मानिएको सम्बन्धबोधक वृत्ति हो कि ? अर्कै हो ? पहिलो हो भने उत्तर पहिले नै दिइसकिएको छ, दोस्रो अरु कुनै मानेर त्यसको नाम 'तात्पर्य वृत्ति' भन्ने राखने हौ भने नाममात्रमा विवाद रह्यो, चारौं वृत्ति त तिमीहरू पनि मान्यै भयौ। तिमी तात्पर्य वृत्ति भन्दछौ, हामी व्यञ्जना भन्दछौं। वस्तु ता भिन्न नै सिद्ध भयो।

तेसो भए तात्पर्यशक्तिबाट नै पदार्थहरूको परस्पर सम्बन्ध (विभावादि को संसर्ग) र रसादिको ज्ञान सँगसँगै प्रकाशित भएमा के हानि छ त ? यसको खण्डन गर्छन्—'यो हुन सक्तैन, किनभने विभावादिको संसर्गलाई रसको कारण र रसज्ञान-लाई कार्य मानिएको छ। कार्य र कारण कहिल्यै पनि सँगसँगै हुँदैनन्। यी दुवैको कार्यकारणभाव भरत मुनिले भनेका छन्—'विभाव, अनुभाव र व्यभिचारी भाव-हरूको संयोगबाट (कारणहरूबाट) रसको निष्पत्ति (रसरूप कार्यको सिद्धि) हुन्छ'। यदि विभावादि ज्ञान र रसज्ञानको सहभाव (एकै कालमा उत्पन्न हुनु) मानौं भने कार्यकारणभाव बन्नै सक्तैन। जस्तै—कुनै पशुका सँगै निस्केका दाहिने र बाँयाँ सिङ एउटा, अर्कोको कार्य अथवा कारण हुँदैनन्। जहाँ पौर्वापर्य छ त्यहीं कार्यकारण भाव हुन्छ। उसको विपर्ययमा हुँदैन।

'गङ्गायां घोषः' इत्यादिमा लक्षणाशक्ति खालि तीर आदि अर्थको बोधन गरेर विरत हुन्छ, फेरि त्यसबाट शीतत्व पावनत्व आदि व्यंग्यको बोध हुन सक्तैन। यसैले तात्पर्यादि तीन वृत्तिभन्दा अर्को चारौं वृत्ति पनि मान्नै पर्ला। अवश्य नै मान्नुपर्नेछ। यसैको नाम व्यञ्जना हो।

के त भने—

बोद्धा, स्वरूप, संख्या, निमित्त, कार्य, प्रतीति र काल।
आश्रय र विषयादिको भेदले व्यंग्य छ भिन्न अभिधाको ॥ २ ॥

शब्दहरूको वाच्य अर्थ त केवल पद र पदार्थको नै साधारण ज्ञान राख्ने वैयाकरणहरूलाई पनि ज्ञात हुन्छ, परन्तु व्यंग्य अर्थ केवल सहृदयहरूलाई नै भासित हुन्छ। यसैले बोद्धाका यी दुवै अर्थहरूको भेद सिद्ध हुन्छ। 'घुम धार्मिक'–इत्यादि स्थलमा वाच्यार्थ विधिस्वरूप छ, परन्तु व्यंग्यार्थ निषेधरूप छ। यस्तै—'लेशै चन्दनको छ त्यो स्तनतटी'—इत्यादिमा वाच्यार्थ निषेधरूप छ, परन्तु व्यंग्यार्थ विधिरूप छ। यसैले वाच्यार्थ र व्यंग्यार्थको स्वरूपमा पनि भेद हुन्छ।

'गतोऽस्तमर्कः' (सूर्य अस्ताए) इत्यादिमा वाच्य अर्थ सबलाई एउटै प्रतीत हुन्छ, परन्तु व्यंग्य अर्थ भिन्न भिन्न श्रोताहरूलाई भिन्नभिन्नै रूपले प्रतीत हुन्छन्। जस्तै—कुट्टनीले आएर नायिकालाई 'सूर्य अस्ताए' भन्दा वाच्य अर्थ त उही हुन्छ, तर व्यंग्य अर्थ 'नायक भएको ठाउँमा हिंड'। त्यै वाक्य गोठालोले साथीलाई भन्दा पनि वाच्य अर्थ त उही छ; तर व्यंग्य अर्थ 'गाई जम्मा गर, अब घर जाने बेला भयो'। त्यै वाक्य खेत खन्न जानेकी स्त्रीले भनेमा वाच्य उही छ त पनि व्यंग्यार्थ 'अब स्वामी आउने वेला भयो'। घामले सन्तप्त मानिसले भनेमा 'अब घामको ताप छैन' यसैले संख्या भेदले गर्दा वाच्यार्थभन्दा व्यंग्यार्थ भिन्न हुन्छ।

वाच्य अर्थ केवल शब्दको उच्चारणले नै प्रतीत हुन सक्तछ, तर व्यंग्य अर्थ संज्ञनाको निमित्त निर्मल प्रतिभाको आवश्यकता छ, यसैले निमित्त भेदले पनि वाच्यभन्दा व्यंग्य भिन्न छ।

वाच्य अर्थले केवल वस्तुको ज्ञान हुन्छ, तर व्यंग्य अर्थबाट चमत्कार उत्पन्न हुन्छ, यसैले यी दुवैका कार्यमा पनि प्रतीतिले गर्दा भिन्न छ।

वाच्य अर्थ पहिले प्रतीत हुन्छ, व्यंग्यचाहीं त्योभन्दा पछि, यसैले यी दुवैमा कालको पनि भेद छ।

वाच्य केवल शब्दमा आश्रित रहन्छ, तर व्यंग्यचाहीं शब्दमा, शब्दको कुनै अंशमा, अर्थमा, कुनै अक्षरमा अथवा रचनामा पनि रहन सक्तछ; यसैले यी दुईका आश्रय पनि भिन्न हुन्छन्।

'कसको रिस उठदैन ? देखदा प्रियाको घाइते ओठ।
भमरा भएको कमल सुङ्न नमान्दी ! सहू अहिले ॥'

यहाँ नायिकामा केवल वाच्यार्थ नै उपयुक्त छ र नायकमा केवल व्यंग्यार्थ। यस निमित्त वाच्य र व्यंग्यमा विषय भेद पनि हुन्छ। यी सबै उक्त भेदहरूले गर्दा वाच्यार्थभन्दा व्यंग्यार्थको भिन्नता स्पष्ट छ। अभिधेय नै व्यंग्य हुन सक्तैन।

के त भने—

रसादि पैल्हे न हुँदा कहन्नन् लक्षणा,ऽभिधा ॥
फेरी मुख्यार्थमा बाध नभै आउन्न लक्षणा ॥ ३ ॥

रसन (आस्वादन) व्यापारभन्दा भिन्न रस पदको प्रतिपाद्य कुनै प्रमाण-सिद्ध पदार्थ छैन, जसलाई लक्षणा र अभिधाशक्तिले बोधन गर्न सकोस्। किनभने असिद्ध वस्तुमा लक्षणा र अभिधाको गति हुँदैन।

'गङ्गायां घोषः' इत्यादि स्थलमा जहाँ ती पदहरूका अर्थहरूको सम्बन्ध परस्परमा अनुपपन्न हुन्छ, त्यो अन्वय हुन नसक्नाले लक्षणा हुन्छ।

यही न्याय कुसुमाञ्जलिमा उदयनाचार्यले भनेका छन्—

'नाम सुन्दा अनाकांक्ष वाक्य चाहन्न लौ अरु[1]।
पदार्थान्वय विग्रेमा हुन्छ आक्षिप्त संगति[2] ॥'

परन्तु 'कोठा साम्सुम देखि' इत्यादि पूर्वोक्त रसका उदाहरणमा मुख्यार्थको बाध नहुनाले लक्षणा नभएको हो। 'गंगायां घोषः' इत्यादि स्थलमा शीतत्व पावनत्वादि प्रयोजनलाई पनि लक्ष्य (लक्षणाले बुझिने) मान्दछौं भने तीरलाई गंगापदको मुख्यार्थ र त्यसलाई अन्वयमा बाधित मान्नुपर्लो, किनकि मुख्य अर्थको बाध भएमा नै लक्षणा हुन्छ। परन्तु यहाँ त्यस्तो नहुनाले लक्षणाबाट प्रयोजनको ज्ञान हुन सक्तैन। यदि त्यै प्रयोजनलाई लक्ष्य मान्ने हो भने त्यसबाट पनि अर्को प्रयोजन ध्वनित हुनुपर्छ। यसो हुँदा अनवस्था दोष आउनेछ।

प्रयोजन(शीतत्वादि)ले विशिष्ट तीरमा 'गङ्गा' पदको लक्षणा हुन्छ भन्नु पनि ठीक छैन, किनभने कारण भएको ज्ञानका विषय (तीर) र त्यसका प्रयोजन(शीतत्वादि)को ज्ञान एकै चोटि हुन सक्तैन। पहिले लक्ष्यार्थको र पछि त्यसका प्रयोजनको। यसैले एकै शक्तिबाट एकै कालमा दुवैको ज्ञान हुन सक्तैन।

मीमांसकहरू नीलो वस्तु प्रत्यक्ष हुँदा त्यसमा 'ज्ञातता' नामक धर्मको उत्पत्ति र नैयायिकहरू ज्ञानका बाद 'अनुव्यवसाय' मान्दछन्। यी दुवै मतमा कारणभूत प्रत्यक्षज्ञान हुनेवित्तिकै फलीभूत ज्ञान (ज्ञातता वा अनुव्यवसाय) मानिन्छ, एकैसाथ होइन। किनभने कार्यकारणभावमा पौर्वापर्यको नियम आवश्यक छ। त्यस्तै कारणीभूत लक्ष्य अर्थको ज्ञान र त्यसको फलस्वरूप व्यंग्य अर्थ(प्रयोजन)-को ज्ञान एक कालमा हुनै सक्तैन।

रसादि व्यंग्यको बोध हुँदैन अनुमानले ॥
रस प्रतीति हेतूको भै आभास न हो स्मृति ॥ ४ ॥

व्यक्तिविवेककार(श्रीमहिमभट्ट)ले—"विभाव, अनुभाव आदिबाट जो रसादिको प्रतीति मानिएको छ, त्यो पनि अनुमानकै अन्तर्गत हुन सक्छ, किनभने विभाव, अनुभाव र सञ्चारीहरूको प्रतीति रसादिका प्रतीतिको साधन मानिन्छ, तिनै विभावादिहरू रत्यादिभावहरूका कारण, कार्य र सहकारी हुन्छन् अनि अनुमान

१. अर्थान्तर। २. मुख्यार्थ संबन्धित्व ग्रहण गर्नाले अन्वयबोध।

द्वारा रत्यादिहरूको ज्ञान गराउँदै रसादिहरूलाई निष्पन्न गर्दछन्। अनुमानद्वारा प्रतीयमान तिनै रत्यादिहरू आस्वादस्वरूपमा पुगेर रस कहलाउन लाग्दछन्। रसको प्रतीतिमा क्रम त अवश्य नै रहन्छ, परन्तु शीघ्रताको कारणले त्यो स्पष्ट अनुभव हुँदैन, यसैले यसलाई असंलक्ष्यक्रम भनिएको हो।" यो जो भने यहाँ यो कुरा सोध्नु छ—'शब्द अथवा अभिनयबाट बोधित विभावादिका ज्ञानको द्वारा जो रामादिमा रति आदिको अनुमान हुन्छ, त्यसैलाई तपाईं रस मान्नु हुने की ? या त्यसको भावनाको द्वारा सहृदय पुरुषहरूका हृदयमा भावित स्वयंप्रकाश वा आनन्दस्वरूप कुनै अलौकिक चमत्कारलाई ? यिनमा पहिलो पक्ष मान्ने हो भने हाम्रो कुनै विवाद छैन। फरक यत्ति छ—हामी रामादिका हृदयमा रहेका अनुरागादिको ज्ञानलाई रस मान्दैनौं। यसैले हाम्रो संमत रस तपाईंको पूर्वोक्त कथनले पनि अनुमानगम्य सिद्ध हुन सक्दैन। दोस्रो पक्ष मान्ने हो भने त्यसमा व्याप्तिग्रह हुँदैन, हेतुको आभासताले गर्दा त्यो अनुमानले सिद्ध हुन सक्तैन। यसैले अलौकिक चमत्काररूप रस तपाईंको अनुमानगम्य हुँदैन।

अरु यो पनि उनै(महिमभट्ट)ले भनेका छन्—'जहाँ जहाँ यस प्रकारका विभाव, अनुभाव, सात्विक र सञ्चारीहरूको कथन अथवा अभिनय हुन्छ, त्यहाँ त्यहाँ शृङ्गारादि रसहरूको आविर्भाव हुन्छ, यसरी व्याप्ति र पक्षधर्मता सुगम नै छ'।

उनको भनाई यो हो—

'खोल्दा अर्थान्तरै तिम्रो सामग्री इष्ट हेतु जो।
अनुमान हुदा हामी त्यही साधक मान्दछौं॥'

यो कुरा पनि हाम्रो विरुद्ध छैन। किनभने पूर्वोक्त व्याप्तिबाट विभावादि सामग्रीद्वारा रामादिगत अनुरागादिको नै ज्ञान हुन सक्तछ। हामीले त्यो ज्ञानलाई रसरूपले आस्वाद्य मानेकै छैनौं। हामी त केवल स्वप्रकाशमा विश्रान्त सान्द्र आनन्दले व्याप्त चमत्कारलाई नै रस मान्दछौं उसको त्यस किसिमले अनुमान हुनै सक्तैन। त्यस कारण यहाँ तपाईंको जुन कुरा सिद्ध गर्न चाहना थियो त्यसबाट अरू वस्तु नै सिद्ध हुन जानाले हेत्वाभास हुन गयो।

जोकि—'धुम धार्मिक !' इत्यादि पूर्वोक्त श्लोकमा प्रतीयमान (व्यंग्य) वस्तु र

'जलकेलि-तरल-कर पिहित[1], राधिका वदनबाट हटाइ।
कोक-मिलन-अमिलनको[2] कौतुकी श्रीकृष्णले जगत् पालून्॥'

इत्यादिमा मुखको चन्द्रमासँग अभेद प्रतीत हुन्छ र यहाँ रूपकालंकार व्यंग्य छ। यसलाई अनुमानबाट नै सिद्ध गर्दछौं। यसरी त्यो सिद्ध हुन्छ—पक्ष र सपक्षमा

१. छोपिएको। २. चखेवासँगै रहनु र छुट्टिनुको (दिन र रात पार्नुको)।

रहने, विपक्षमा नरहने, हेतुबाट साध्यको ज्ञानलाई अनुमान भन्दछन्। प्रकृतमा पनि यो मान्नै पर्दछ—वाच्य अर्थसँग असंवद्ध अर्थ त व्यंग्य हुँदैन, यस्तो नमानेमा अतिव्याप्ति हुनेछ अर्थात् जुनसुकै वाच्यबाट जे पनि व्यंग्य निक्लन लागला र कुनै व्यवस्था रहोइन। यस निम्ति बोध्य (व्यंग्य) र बोधक (व्यंजक) अर्थहरूको परस्परमा कुनै सम्बन्ध अवश्य नै मान्नुपर्ला। यसैले बोधक अर्थ लिङ्ग (हेतु) र बोध्य अर्थ लिङ्गी (साध्य) सिद्ध भयो। 'घुम धार्मिक' यहाँ वैपरीत्य सम्बन्ध छ। औ बोधक(घुमनुरूप वाच्य अर्थ)को पक्ष(धार्मिक)मा सत्त्व त भनिएकै छ। सपक्षसत्व र विपक्ष व्यावृत्तत्व चाहीं भनिएका छैनन् त पनि सामर्थ्यबाट जानिन्थै छन्। यसरी यी तीन धर्महरूले युक्त भ्रमणविधिरूप वाच्य अर्थ लिङ्ग (हेतु) छ। त्यसबाट भ्रमणनिषेधरूप व्यंग्य अर्थ जो यहाँ लिङ्गी (साध्य) छ त्यसको ज्ञान अनुमान नै सिद्ध हुन्छ। यसैले व्यञ्जनाशक्तिलाई बेग्लै मान्नाको कुनै आवश्यकता छैन। यसको खण्डन—यो त्यस्तो होइन। प्रकृत श्लोक 'घुम धार्मिक' इत्यादिमा कुकुर नरहनाले घरमा घुमफिर गरेकोबाट गोदावरीको तीरमा नघुमनाको अनुमान हुन्छ, किनकि वहाँ सिंह वसेको छ। यो भन्नु ठीक छैन। किनभने यो हेतु अनैकान्तिक छ अर्थात् यो हेतु होइन हेत्वाभास हो। भययुक्त स्थानहरूमा पनि गुरु अथवा मालिकको आज्ञाले यद्वा कुनैको प्रेममा परेर डरपोक पुरुषहरूको पनि भ्रमण हुन्थै गर्दछ। त्यसैले उक्त हेतु यस साध्यको साधक हुन सक्तैन। गोदावरीको तीरमा सिंह वताउने एक वेश्या छ, त्यो कुनै सत्यवादिनी होइन, यसैले त्यसको वचन ठीक छ या छैन यस्तो सन्देह पनि रहिरहने भयो र उक्त सन्दिग्ध व्याप्तिबाट व्याप्य उक्त हेतु पनि सन्दिग्ध हुनाले असिद्ध पनि छ।

'जलकेलि-तरल' इत्यादि श्लोकमा जो यो अनुमान गरिएको छ—'आफ्नो दर्शनबाट कोक(चखेवा)हरूको वियोग र अदर्शनबाट मिलन गराइदिनाले राधाको मुख चन्द्रमा प्रतीत हुन्छ—यो भन्नु पनि ठीक छैन। किनभने कुनै तर्साउने मानिस या बाज इत्यादि पक्षी पनि यस्तो हुन सक्तछ जसलाई देख्नेबित्तिकै चखेवा चखेवी यताउता उड़ेर छुट्टिएका हुन्छन् र जब त्यो देखिंदैन त्यहाँसम्म साथै रहने हुन्छन्, यसैले यो हेतु पनि अनैकान्तिक छ। 'यस प्रकारको वस्तु (पक्ष) यस प्रकारका वस्तुको बोधन गर्दछ (साध्य) यस प्रकारको वस्तु हुनाले (हेतु) यस्तो अनुमान गर्दामा पनि हेत्वाभास नै हुन्छ। किनकि यहाँ जो हेतु (एवंविधार्थत्वात्—यस्तो वस्तु हुनाले) छ, त्यसबाट अनिष्ट अर्थ पनि लिन सकिन्छ। कुनै वस्तुको विशेषरूपले निर्देश गर्न सकने शब्द त्यस्का नभै जतासुकै लगाउन सकिने हुनाले यो पनि सत् हेतु हुँदैन। हुन सक्तैन।

यस्तै—'दृष्टी देउ छिमेकिनी ? छिन यहीं हाम्रो घरैमा पनि' इत्यादि पूर्वोक्त श्लोकमा नलग्रन्थिहरूले शरीरमा छियाछिया हुनु र एक्लै खोलाको तीरमा जानाले यो श्लोक कहने स्त्रीको परपुरुष अनुमित हुन्छ। एक्लै नदीमा जानु र त्यहाँ नलका काँढ़ाहरूले अङ्गमा घाउ लाग्नु उस्को सङ्गले नै पर्न सक्तछन् भन्नु पनि ठीक छैन। किनभने यस श्लोकमा नदीतर्फ जानाको कारण स्वपतिका उपर स्नेह बताइएको

छ। नदीतर्फ जानु परपुरुषको प्रेमले नै हुन सक्तछ, आफ्ना पतिको प्रेमले हुन सक्तैन यो भन्न सकिंदैन। यसैले यो श्लोकको हेतु पनि पहिलेको जस्तै अनैकान्तिक छ।

अरु—'लेशै-चन्दनको छ त्यो स्तनतटी' इत्यादिमा दूतीको त्यस कामुकसँग सम्भोग अनुमित हुन्छ भनी जो भन्दछौ त्यो, श्लोकको प्रतिपाद्य दूतीलाई अनुमान हुन्छ की ? या त्यस वखत नगीचमा रहेका अरु मानिसले दूतीका कामुकोपभोगको अनुमान गरिलिन्छन् की ? अथवा यस काव्यार्थको भावनाद्वारा सहृदयहरूलाई यो अनुमान हुन्छ ? पहिलेका दुई मतहरूमा कुनै विवाद छैन। परन्तु तेस्रो पक्ष मान्ने हो भने जहाँ त्यस प्रकारको व्यंग्य अभिप्रेत छैन र तिमी न्वाउन गैछौ त्यस्कहाँ गैनछयौ भन्ने अभिप्राय छ, त्यहाँ व्यभिचार होला। शब्दहरूबाट सव ठाउँमा यस्तै अर्थ बोधित हुन्छ भन्ने नियम नहुँदा व्याप्तिग्रह कसरी होला ? तिमी भनौला कि वक्ताको अवस्था अथवा मुख आदिको अवस्थाबाट हेतुलाई विशेषित गरौंला र संभोगरूप अर्थ अनुमित हुन्छ, यो पनि ठीक भएन, किनभने यस प्रकारका व्याप्तिको अनुसन्धान हुनै सक्तैन।

यो बाहेक यस प्रकारका काव्य कविहरूका अलौकिक प्रतिभाबाट नै उत्पन्न हुन्छन्, तिनका निमित्त सदा प्रामाणिक अर्थात् वस्तुतत्वको अनुगामी हुनु नै आवश्यक छैन। यसैले ती काव्यहरूमा कहिएका हेतुहरूको प्रामाण्य पनि सन्दिग्ध छ। यस निम्ति यस्ता स्थलहरूमा हेतु सन्दिग्धासिद्ध पनि रहला। अतः उसबाट अनुमान हुन सक्तैन। व्यक्तिवादी(व्यञ्जनाशक्ति मान्नेहरू)ले 'अधम = धूर्त' पद साथै रहनाले नै यी चन्दनादि नहुनु आदि पदार्थहरूको व्यञ्जकत्व मानेको हो। कविका यस भनाई मात्रले त त्यसको प्यारो अधम हुन सक्तैन। त्यस्को प्यारो धूर्त छ वा छैन यो सन्देह् वनि नै रहनेछ। यस्तो सन्दिग्ध दशाका हेतुबाट तपाईं कसरी अनुमान गर्न सक्नुहोला ?

यो पूर्वोक्त सन्दर्भबाट व्यंग्य अर्थहरूको अर्थापत्ति प्रमाणद्वारा बोधित हुनु पनि खण्डित भयो, किनभने अर्थापत्ति प्रमाण पनि व्याप्तिज्ञानको आश्रय गरेर नै प्रवृत्त हुन्छ औ जहाँ व्यभिचार तथा सन्देह वनिरहन्छन् त्यहाँ व्याप्तिज्ञान हुन सक्तैन, यसैले त्यहाँ अर्थापत्ति प्रमाण टिक्न सक्तैन। जस्तै—'जो बाँच्तछ त्यो कहीं अवश्य रहन्छ, चैत्र बाँचेको त छ, परन्तु यस गोष्ठी(समाज)मा छैन'। यसबाट चैत्र गोष्ठीमा नभएको प्रत्यक्ष सिद्ध छ, अतः चैत्रको गोष्ठीबाहिर हुनु ज्ञात हुनु ज्ञात हुन्छ। यसरी व्याप्ति नहुँदा अर्थापत्ति प्रमाणको गति हुँदैन। यसैले व्यंग्य अर्थ अर्थापत्तिगम्य छैन, किनकि त्यहाँ व्यभिचार र सन्देह आदि दोषहरू रहनाले व्याप्तिग्रह हुन सक्तैन।

फेरि कपड़ाहरू वेचदा चोर औंलो उठाउनाले जस्तै दश संख्याको बोध हुन्छ, त्यस्तै सूचनबुद्धिले पनि रसको ज्ञान हुन सक्तैन। सूचनबुद्धि पनि लौकिक संकेत आदिको अपेक्षा गर्दछ। जहाँ पहिलेदेखि संकेत गरिरहेको छ त्यहीं चोर

औंलो उठाउनाले दशको ज्ञान हुन्छ। यसैले त्यो पनि एक प्रकारको अनुमान नै हो। रस अनुमानगम्य नहुनाले यस प्रकारका बुद्धिको विषय पनि हुन सक्तैन।

जो 'वासना नामक संस्कारबाट उत्पन्न हुने हुनाले रसको ज्ञान एक प्रकारको स्मृति हो' भन्दछन्, त्यो पनि ठीक छैन किनभने प्रत्यभिज्ञामा व्यभिचरित हुनाले यो पनि हेत्वाभास छ र रसलाई स्मृति पनि भन्न सकिंदैन।

'दुर्गालंघित' इत्यादिमा महिमभट्टले—'शब्दशक्ति-मूलक ध्वनिको उदाहरणमा दोस्रो अर्थ प्रतीत नै हुँदैन' यो जो भने, त्यस्तो अनुभवसिद्ध पदार्थको अपलाप गर्ने उहाँ महोदयको 'गजनिमीलिका' (आफ्नो अगाड़ि पड़िरहेको चीजलाई पनि नदेख्नु) नै हो।

यस प्रकारसंग पहिलो अनुभवसिद्ध रसादिरूप अर्थको अपलाप हुन सक्तैन, यसैले त्यसको बोधन गर्नलाई चौथो वृत्ति मान्नु आवश्यक छ। यो बाहेक अनेक ठाउँहरूमा उनै शब्दहरूको उही स्वरूपमा अवस्थित रहनाले ती ती अर्थहरूको ज्ञान हुन्छ, अन्यथा हुँदैन, त्यहाँ चौथो वृत्ति नभै काम चल्न सक्तैन। यसरी रसादिरूप व्यंग्य अर्थ न त अनुमान र अर्थापत्ति आदि प्रमाणहरूले जान्न सकिन्छ, न अभिधा, लक्षणा, तात्पर्य नामका तीन वृत्तिहरूमध्ये कुनैबाट बोधित हुन सक्तछ, यसैले चौथो वृत्ति मान्नै पर्छ भन्ने कुरा सिद्ध भैसक्यो। यो वृत्ति व्याप्ति आदिको अनुसन्धान विना पनि प्रवृत्त हुन्छ, यसैबाट सब पूर्वोक्त विषय स्वच्छ भयो।

त्यसो भए यो वृत्तिको नाम के हो ? भन्ने प्रश्नमा भनिन्छ—

यस्लाई व्यञ्जना वृत्ति भनी विद्वान् बताउँछन् ॥
रसको वृत्तिमा कोही रसना वृत्ति मान्दछन् ॥ ५ ॥

यस कुराको विवेचना रसनिरूपणको समयमा राम्रोसँग भइसकेको छ।

इति साहित्यदर्पण अनुवादमा व्यंजना-
व्यापारनिरूपण नामक
पञ्चम परिच्छेद।

षष्ठ परिच्छेद

पूर्वोक्त प्रकारले ध्वनि र गुणीभूत व्यंग्य यी दुई विभागमा काव्यलाई विभाग गरेर अब दृश्य र श्रव्य नामक दुई विभागमा फेरि काव्यको विभाग गरिन्छ—

दृश्य, श्रव्य हुँदा भेद काव्यका छन् दुई थरी ॥
खेलिने दृश्य हो

यसलाई रूपक भनेको कारण—

त्यस्को रूपारोप छ रूपक ॥ १ ॥

नट(अभिनेता)मा रामादि(नाटकका पात्र)को स्वरूप आरोपित गरिन्छ, यसैले दृश्य काव्यलाई रूपक पनि भन्दछन्।

खेल(अभिनय)को लक्षण—

अवस्थाका नक्कलको खेल चार थरी छ त्यो ॥
शरीर, बोलि वा भेष[1], स्तम्भ-स्वेदादिले[2] पनि ॥ २ ॥

अङ्गहरू तथा वचनादिहरूद्वारा नाटकीहरूले राम युधिष्ठिरादिका अवस्थाको जो अनुकरण (नक्कल) गर्दछन्, त्यसलाई अभिनय (खेल) भन्दछन्।

रूपकका भेद—

नाटक अनि प्रकरण, भाण, व्यायोग, समवकार, डिम ॥
ईहामृगा,ऽङ्क, वीथी, प्रहसन, छन् रूपक दश भेद ॥ ३ ॥

अरु पनि—

नाटिका, त्रोटकं, गोष्ठी, सट्टकं, नाट्यरासक ॥
प्रस्थान, उल्लाप्य, काव्य, प्रेंखणं, रासकं, अनि ॥ ४ ॥
संलापक, श्रीगदित, शिल्पकं र विलासिका ॥
दुर्मल्लिका, प्रकरणी, हल्लीश अनि माणिका ॥ ५ ॥
अट्ठारलाई विद्वान्ले उपरूपक मान्दछन् ॥
विशेष छोडी, सबको चिह्न नाटक-तुल्य हो ॥ ६ ॥

---

१. पोसाक इत्यादिको रचना। २. कम्पन-पसिना इत्यादिले।

सब भनेको प्रकरणादि रूपक र नाटिकादि उपरूपक सबैको भन्ने हो।

तीमध्ये—नाटकको लक्षण—

होस् नाटक ख्यात-वृत्त, पंचसन्धि-समन्वित ॥
विलास-ऋद्धयादि-गुणी[1], नाना ऐश्वर्यले युत ॥ ७ ॥
सुख-दुःख हुने, त्यस्तै धेरै रस बहाउने ॥
पाँचदेखी दश तक त्यस्मा अंक बताउँछन् ॥ ८ ॥
प्रख्यातवंश, राजर्षि, धीरोदात्त, प्रतापि र ॥
दिव्य, दिव्या-ऽदिव्य तथा गुणी होस् पनि नायक ॥ ९ ॥
शृङ्गार औ वीर यस्मा एउटै रस मुख्य होस् ॥
अङ्ग होउन् अरु रस, होस् निर्वहण अद्भुत ॥ १० ॥
कार्य गर्ने चार, पाँच मुख्य पुरुष नै रहुन् ॥
गोपुच्छाग्र सरी यस्को निबन्ध पनि मान्य छ ॥ ११ ॥

ख्यातवृत्त (रामायणादिमा प्रसिद्ध चरित्र) जस्तै—श्रीरामचन्द्रको कथा। सन्धिहरू पछि बताइनेछन्। नाना ऐश्वर्य (ठुलठुला सहायकहरूले युक्त। सुख-दुःखका घटनाहरू श्रीराम, युधिष्ठिरादिका कथाहरूमा स्पष्ट छन्। राजर्षि जस्तै—दुष्यन्तादि। दिव्य श्रीकृष्णादि। दिव्यादिव्य जो दिव्य (अलौकिक) भए ता-पनि आफुलाई अदिव्य (मनुष्य) संझने जस्तै—श्रीराम। 'गोपुच्छाग्र-सरी' यस्को नाटकमा क्रमैले उत्तरोत्तर अंकहरूलाई छोटो छोटो गराउनुपर्छ भन्ने अर्थ कुनै कुनै गर्दछन्। अरू कुनै भन्दछन्—'जस्तो गाईका पुच्छरमा केही रऊँ छोटा हुन्छन्, केही लामा, यस्तै नाटकमा केही कार्य मुखसन्धिमा नै समाप्त हुनुपर्दछ, केही पछि गएर प्रतिमुख सन्धिमा, यस्तै प्रकार केही अझ पर गएर समाप्त हुनु पर्दछ' इत्यादि।

अंकको लक्षण—

प्रत्यक्षनेतृ-चरित[2], रस-भाव - समुज्ज्वल, ॥
अगूढ शब्दार्थ तथा शूक्ष्म-गद्य मिसावट ॥ १२ ॥
कहीं वाक्यार्थ टुटूतामा, जोडने बिन्दु क्यै रहोस् ॥
नहोस् धेरै कार्य पनि बीजसंहृति ता नहोस् ॥ १३ ॥
नाना विधानले युक्त, धेरै पद्य नराखिने ॥
आवश्यकी कार्य-बाधा नपारेर बनाइने, ॥ १४ ॥

---

१. नायकमा हेर्नु, हिँड्नु, बोल्नु, धैर्य लिनु, गम्भीर रहनु इत्यादि विशेष गुण भएको। २. नायकको चरित्र प्रत्यक्षैजस्तो भान हुने।

धेरै समय लागेर कथापूर्ण हुने, नहोस् ॥
नेता नगिच होस्, पात्र तिन चार पनि रहुन् ॥ १५ ॥

अंकमा प्रत्यक्ष नदेखाउने चिज—

चिच्याहट, युद्ध, भय, राज्य-देशादि-विप्लव ॥
विवाह, भोजन, रत, शाप, मृत्यु, मलक्रिया ॥ १६ ॥
दाँतले टोकिने, नंग्याउने, लाज हुने, अरू ॥
शयना,ऽधरपानादि, नगरादिक-रोधन ॥ १७ ॥
स्नानानुलेपनादीले शून्य, औ छोट्करी हवस् ॥
रानी, चाकर साराको, मन्त्री, व्यापारिको पनि ॥ १८ ॥
युक्त होस् भाव-रसका साक्षात् चित्र-चरित्रले ॥
हुन्छ निष्क्रान्ति सम्पूर्ण पात्रको अंक-अन्त्यमा ॥ १९ ॥

विन्दु आदि पछि वताइनेछन् । आवश्यकी भनेको संध्यावन्दनादि ।

अंकको प्रसङ्गमा गर्भांकको पनि लक्षण—

अङ्कको भित्र घुसने, रङ्ग-द्वारा-ऽऽमुखादि[1] भै ॥
सवीज, फलवान्, अङ्क गर्भाङ्क कहलाउँछ ॥ २० ॥

जस्तै वालरामायणमा रावणप्रति (कञ्चुकी)—

'धेर कानले सुनिने, धेर नेत्रहरूले पनि देखिने ।
भवदर्थ निबद्ध सरी नाट्य छ सीतास्वयंवरण ॥'

इत्यादिले रचना गरिएको यो सीतास्वयंवर नामक गर्भाङ्क हो ।

नाटक वनाउने तरीका—

त्यस्मा पैल्हो पूर्वरङ्ग[2], सभापूजा र त्यसपछि ॥
कविवंशादि-कथन, अनी आमुख आउँछ ॥ २१ ॥

त्यसमा भनेको नाटकमा हो ।

जो नाट्यवस्तुको पैह्ले रङ्गविघ्नादि-शान्तिमा ॥
सूत्रधारादिले गर्छन् पूर्वरङ्ग कहिन्छ त्यो ॥ २२ ॥
प्रत्याहारादि नै अङ्ग यस्का धेरै भए पनि ॥
अवश्य नै गर्नुपर्छ नान्दी विघ्नोपशान्तिमा ॥ २३ ॥

१. सूत्रधारले गरिने मङ्गलपाठ र प्रस्तावना कविनामादि । २. नाट्यशालामा विघ्नशान्ति गर्ने नान्दीपाठादि कर्तव्य कर्मविशेष ।

नान्दीको लक्षण—

देव, द्विज र राजा आशीर्वचनले युत ॥
स्तुति प्रयोग गर्नाले नान्दी यो नाम पाउँछ ॥ २४ ॥
मङ्गल्य, शंख, चन्द्रा-ऽब्ज, कोक, कैरव, वर्णन ॥
पद बाह्र तथा आठ पदले युक्त हुन्छ त्यो ॥ २५ ॥

आठ पाउको जस्तै अनर्घराघवमा—'निष्प्रत्यूहम्' इत्यादि। यहाँ दुई श्लोक हुनाले अष्टपदा नान्दी भयो। बाह्र पदको नान्दी ग्रन्थकारका पिताजीको पुष्पमालामा—

'शिव शिर-बिच स्वर्णदी[1] धरेमा
अरुणमुखेन्दुरुची[2] हुने भवानी।
पछि पति पदमा नुहे छँदामा
स्मितसरसा सबको बनुन् समृद्धि ॥'

यस्तै अन्यत्र पनि जान्नू।

यी पूर्वोक्त श्लोकहरूमा अरू कुनैको मतानुसार भनिएको हो। वास्तविक यो नान्दी होइन, पूर्वरङ्गको रङ्गद्वार नामक अङ्ग हो भनी अरू भन्दछन्।

जो भनिएको छ—

'यस्मा पैल्ह्यै अभिनय उतारिन्छ यसो हुँदा।
रङ्गद्वार वाक्य-अङ्गा-ऽभिनयात्मक हुन्छ यो ॥'

पूर्वोक्त लक्षणको नान्दी यो रङ्गद्वारभन्दा पनि पहिले नटहरूले नै गरिन्छ, यसैले भरत मुनिले यहाँ त्यसको विशेष लक्षण गर्नुभएको छैन। श्रीकालिदासादि महाकविहरूका प्रबन्धमा पनि—

'भन्दछन्—'जो रहि एक ढाक्छ नभ-भू[3] यो विश्व' वेदान्तमा,
जस्मा ईश्वर[4] यो अरू नकहने शब्दै छ सार्थाक्षर, ।
जो खोजिन्छ मुमुक्षुले मनमहाँ प्राणादि रोकीकन,
ती स्थाणु[5] स्थिरभक्तिबाट मिलने तिम्रो गरुन् मङ्गल ॥'

यो श्लोकमा नान्दीको पूर्वोक्त अष्टपदा र द्वादशपदा भन्ने लक्षण मिल्दैन, यसैले यो नान्दी होइन, रङ्गद्वार हो। भनिएको पनि छ—'रङ्गद्वारदेखि लिएर कविले नाटकको रचना गर्नुपर्दछ' इत्यादि। यसै हुनाले प्राचीन पुस्तकहरूमा

१. स्वर्गकी गङ्गा (भागीरथी)। २. मुखचन्द्रको कान्ति लाल गरेकी। ३. आकाश-पृथिवी। ४. रक्षा गर्ने शील भएको। ५. शिव।

'नान्द्यन्ते सूत्रधारः' यो वाक्यको पछिवाट—'भन्छन् जो रहि एक ढाक्छ' इत्यादि श्लोक लेखिएको देखिन्छ। जहाँ उक्त वाक्य उक्त श्लोकभन्दा पछाड़ि देखिन्छ त्यहाँ यो अभिप्राय हो—'नान्दीको पछि सूत्रधारले यो श्लोक भन्यो'—अव यहाँदेखि म नाटकरचना प्रारम्भ गर्छु। यो कविको अभिप्राय सूचित गरिएको छ। इत्यादि।

गरेर नै पूर्वरङ्ग सूत्रधार हटोस् अनि ॥
पसी स्थापक उस्तै त्यो काव्यको स्थापना गरोस् ॥ २६ ॥
दिव्य-मर्त्यमहाँ त्यस्तै मिश्र-दिव्यहरूमहाँ ॥
सूचोस् त्यो वस्तु वा बीज, मुख, पात्रहरू पनि ॥ २७ ॥

काव्य(नाटकादि)का अर्थको स्थापना गर्ने हुनाले यसलाई स्थापक भनेको हो। 'उस्तैको' अर्थ सूत्रधारकै समान गुण र आकार भएको भन्ने हो। आजकल पूर्वरङ्गको ठिकठिक प्रयोग हुँदैन र एउटै सूत्रधारले सब काम गर्ने चलन छ। त्यो स्थापकले वर्णनीय वस्तु दिव्य भएमा देवताको रूप भएर, मर्त्यलोकको भएमा मनुष्य-को रूप धारण गरेर, मिश्र वस्तु भएमा मनुष्य वा देवतामा कुनैको रूप लिएर, त्यो सूचना गर्नुपर्दछ।

वस्तु भनेको इतिहास हो, जस्तै उदात्तराघवमा—

'पित्राज्ञा धरि माथमा वन गए श्रीराम माला-सरी,
भक्तीले गरि राज्य नै भरतले आमा-सँगै छोडियो, ।
ती सुग्रीव-विभीषणादिहरुले पाए ठुलो उन्नति,
सेखीवाल दशानन-प्रभृति ती वैरी सबै मारिए ॥'

बीज जस्तै रत्नावलीमा—

'अर्को द्वीपदेखि वा जलधिको माझ, दिगन्तदेखि पनि ।
ल्याई झट्ट मिलाउँछ, दैव यदि अनुकूल छ भने त ॥'

यहाँ डुङ्गा टुटेमा पनि समुद्रबाट निस्केकी रत्नावलीको दैववशले वत्सराजको घरमा आउनु र यौगन्धरायणको व्यापारादि यो सब रत्नावली-प्राप्तिको बीज हो।

मुख भनेको श्लेषादिद्वारा प्रकृत कथालाई सूचित गर्ने वचनविन्यास हो।

जस्तै—

'पाएर त्यो प्रकट निर्मल चन्द्र-हास[1]
आयो शरत-समय यो त विशुद्ध-कान्त[2] ।

---

१. चन्द्रको प्रकाश र खड्ग पनि। २. निर्मल जल भएको र पवित्र कान्ता (सीता) भएको।

नाशेर गाढ-तमको[1] घन-काल[2] उग्र[3],
श्रीराम, रावण-सरी कृत-बन्धु-जीव[4] ॥'

पात्र जस्तै—शाकुन्तलमा—

'ज्यादै म हरिएँ तिम्रो यो राम्रो गीत-रागले ।
यिनी दुष्यन्त नृपति दौडने मृगले-सरी ॥'

काव्यार्थ सूचने, राम्रा श्लोकले रङ्ग दङ्-गरी ॥
त्यस्ले कहोस् नाटक र कविको नामगोत्र नै ॥ २८ ॥
कुनै ऋतु पनी प्रायः भारती वृत्ति लीकन ॥

त्यस्ले भनेको संस्थापकले हो । प्रायः शब्दको अभिप्राय कहीं ऋतुको वर्णन हुँदैन पनि भन्ने हो । जस्तै—रत्नावलीमा ।

भारती वृत्तिको लक्षण—

भारती संस्कृतमयी वाणी नै हो नराश्रयी ॥ २९ ॥

संस्कृतमा धेरै बोलचाल र नरले कहिने, नारीले होइन, यसलाई भारती भन्दछन् ।

त्यस्का प्ररोचना, वीथी, हास्य, आमुख, अङ्ग हुन् ॥
श्रोतालाई प्रशंसाले खिचनाले हो प्ररोचना ॥ ३० ॥

प्रस्तुत नाटकहरूमा प्रशंसाद्वारा आकर्षित गर्ने हुनाले प्ररोचना भनेको हो ।

जस्तै रत्नावलीमा—

'छन् श्रीहर्ष कवीन्द्र, यो परिषदै ज्यादा गुणग्राहि छ,
राम्रो वत्सकथा छ हामि सकलै यो नाट्यमा दक्ष छौं ।
चाहेको फल दान गर्न सकने प्रत्येक हुन्छन् भने
मेरो भाग्य ठुलो हुँदा गुणहरूको संघ सारा जुट्यो ॥'

वीथी र प्रहसनका लक्षण पछि बताइनेछन् ।

नटी, विदूषक तथा पारिपार्श्विक जो हुनन् ॥
ती सूत्रधारका साथ जहाँ संलाप गर्दछन् ॥ ३१ ॥

---

१. गाढ़ अन्धकारको र अज्ञानको । २. वर्षा समय र मन मैला भएको । ३. भयङ्कर र शिवको उपासना गर्ने । ४. बन्धूक पुष्प फुलेको र युद्धमा मरेका वानरादिहरूमा जीवन दान गर्ने ।

विचित्रका स्वकार्योत्थ, प्रस्तुताक्षेपि-वाक्यले[1] ॥
भन्छन् आमुख त्यस्लाई अनी प्रस्तावना पनि ॥ ३२ ॥

यहाँ सूत्रधारको तुल्य हुनाले स्थापकलाई नै सूत्रधार भनेको हो । त्यसको सेवक त्योभन्दा कम गुणको नट पारिपार्श्विक हो ।

उद्घातक, कथोद्घात, प्रयोगातिशयै, अनि ॥
प्रवर्तका,-ऽवगलित, पाँच प्रस्तावना यि हुन् ॥ ३३ ॥

तीमध्ये—

अगतार्थ पदैलाई तदर्थगतिमा जन ॥
मिलाउँछन् अरु पद उद्घातक कहिन्छ त्यो ॥ ३४ ॥

जस्तै मुद्राराक्षसमा सूत्रधार—

*'क्रूरग्रह केतु-सँगै चन्द्र असम्पूर्ण-मण्डलै अहिले ।
दबाउन खोज्छ बलले—'

यसपछि '(नेपथ्यमा आवाज आयो) अरे यो को हो, जो म जीवित रहँदैमा चन्द्रगुप्तलाई जित्न चाहन्छ ?' ।

यहाँ हुन त सब पदहरू अन्यार्थक छन्—सूत्रधारको अभिप्राय चन्द्रग्रहणसँग छ, चन्द्रगुप्तलाई दबाउनसँग छैन, तथापि चाणक्यले आफ्नो हृदयमा रहेको अर्थ-अनुसार तिनीहरूलाई अर्कै अर्थमा जोड़ेर रङ्गस्थलमा प्रवेश गरिएको छ ।

त्यो सूत्रधारको वाक्य लिई वा अर्थ तेसको ॥
पात्रप्रवेश यदि होस् त्यो उपोद्घात भन्दछन् ॥ ३५ ॥

वाक्य जस्तै रत्नावलीमा—'अर्को द्वीपदेखि वा' इत्यादि श्लोकलाई सूत्रधारले पढ़ेपछि 'नेपथ्यबाट 'ठिक हो' यसमा के सन्देह ?' भन्दै 'अर्को द्वीपदेखि वा' इत्यादि त्यही श्लोक पढ़दै यौगन्धरायणले प्रवेश गरेको छ ।

वाक्यार्थलाई लिएर जस्तै वेणीसंहारमा—

'वैरीहरू[2] प्रशम[3] भै, रिपुता डढाई
श्रीकृष्ण साथ सब पाण्डव हर्ष पाउन् ।

---

१. प्रस्तुत कुरा सूचना गर्ने वाक्यले । *केतु सहितको क्रूरग्रह (राहुले) अहिले असम्पूर्ण मण्डल भएको चन्द्रमालाई जबर्दस्तीसँग तिरस्कार गर्न चाहन्छ । श्लेषार्थ—मलयकेतु सहित कूटव्यवहारमा आग्रह गर्ने (अमात्य राक्षस) अहिले अस्वाधीन राजमण्डल भएको चन्द्रगुप्तलाई मित्रादिको बल लिएर जित्न चाहन्छ । २. दुर्योधनादि । ३. शान्ति लिने वा मर्ने ।

रक्त प्रसाधित-धरा[१], क्षत-विग्रही[२], ती
स्वस्थै[३] बनुन् सकल कौरव नै सभृत्य ॥'

यो सूत्रधारले पढ़ेका वाक्यको अर्थलाई लिएर—'(नेपथ्यमा) अरे दुरात्मा, वाह्यातको मङ्गल पढ़ने ! म जीउँदो छँदैमा कसरी धृतराष्ट्रका छोराहरू स्वस्थ रहन्छन् ?' अनि सूत्रधार हटेपछि भीमसेनको प्रवेश ।

यदि प्रयोग यौटामा प्रयोगान्य भईकन ॥
पात्रप्रवेश होस् त्यस्ले, प्रयोगातिशयै उ हो ॥ ३६ ॥

जस्तै कुन्दमालामा—'(नेपथ्यमा) माननीया ! यतातिर उत्रनुहोस् । सूत्रधार—यो को हो ? माननीया भनेर मलाई मद्दत गर्ने जस्तो सिद्ध गर्छ । (देखेर) साह्रै दुःखलाग्दो घटना पो रहेछ ।

'लङ्केशको भवनमा बसिथिन् भनेर
लोकापवाद-भय-विह्वल, रामबाट ।
निर्वासिता[४] नगरदेखि र गर्भिणी, यी
सीताजिलाइ वन लक्ष्मण लान लाग्छन् ॥'

यहाँ नाट्यप्रयोगको निमित्त आफ्नी स्त्रीलाई बोलाउन चाहने सूत्रधारले 'सीताजीलाई वन' इत्यादिबाट सीता र लक्ष्मणको प्रवेश सूचना गर्दै आफू निस्केर आफ्नो प्रयोगबाट उत्कृष्ट प्रयोग देखाएको छ ।

प्रवृत्त काल ली सूत्रधार जो गर्छ वर्णन ॥
तदाश्रयी पात्रको त्यो हो प्रवेश प्रवर्तक ॥ ३७ ॥

जस्तै—'पाएर त्यो प्रकट निर्मल चन्द्र-हास' इत्यादि । '(अनि यथानिर्दिष्ट राम प्रवेश गर्दछन्) ।

जस्मा एकत्र जम्मा भै साधिन्छ अरु कार्य नै ॥
प्रयोगमा, त्यो विद्वान्ले अवलगित भन्दछन् ॥ ३८ ॥

जस्तै शाकुन्तलमा—सूत्रधार नटीलाई 'ज्यादै म हरिएँ तिम्रो' इत्यादि । यसपछि राजाको प्रवेश भएको छ ।

यस्मा वीथ्यङ्ग धेरै नै यथासंभव योज्य छन् ॥

यो प्रस्तावना वा आमुखमा उद्घातक र अवलगितका अरू वीथ्यङ्गहरू पछि बताइनेछन् ।

---

१. अनुरागले पृथ्वी वश गर्ने वा रक्तले पृथ्वी सिंगार्ने । २. झगड़ा सकेका वा छिन्न-भिन्न शरीर भएका । ३. आरामयुक्त वा स्वर्गमा रहेका (मरेका) । ४. निकाला गरिएकी ।

नखकुट्ट ता भन्दछन्—

नेपथ्योक्त र आकाश-वाणी जो सुनियो जहाँ ॥ ३९ ॥
लिएर त्यो पनी गर्नू आमुखम् नाटकादिमा ॥
यिनै आमुखको एक कुनै भेद प्रयोगनू ॥ ४० ॥
त्यस्तै अर्थ तथा पात्र सूचदै सूत्रधार त ॥
प्रस्तावनान्त्यमा निस्कोस् कथा अनि उतारनू ॥ ४१ ॥

वस्तु भनेको कथानक हो।

यो कथालाइ विद्वान्ले दुई भाग लगाउँछन् ॥
आधिकारिक हो एक, प्रासङ्गिक छ अन्य त ॥ ४२ ॥
फलमा हक जस्को छ अधिकारी छ त्यो जन ॥
त्यस्को कथा त कविको आधिकारिक बन्दछ ॥ ४३ ॥

फलमा भनेको प्रधान फलमा हो। जस्तै वालरामायणमा रामचरित।

त्यस्को प्रसङ्गमा जुट्ने, प्रासङ्गिक कथा उ हो ॥

यो आधिकारिक कथाको साधक कथालाई प्रासङ्गिक भन्दछन्। जस्तै सुग्रीवादिको कथा रामचरितको उपकारक छ।

पताकास्थानक जुटोस् विचारी नाट्यवस्तुमा ॥ ४४ ॥
जहाँ एक चिताएमा अर्को तद्वत् प्रयुक्त छ ॥
पदार्थ आगन्तुकले, पताकास्थान हुन्छ त्यो ॥ ४५ ॥

पताकास्थानका भेदहरू—

गुणीमा उपचारैले अकस्मात् अर्थ जूरनू ॥
पताकास्थानक यही पैल्हो हो भनि भन्दछन् ॥ ४६ ॥

जस्तै रत्नावलीमा—'यिनी वासवदत्ता पो रहिछन् भन्ने संझेर राजाले जब घाँटीको पाशो फुकाउन लागेथे, त्यसै वेला उसको वोलीले यी सागरिका रहिछन् भनी पहिचानेर 'मेरी प्यारी सागरिका किन् ?' इत्यादि भन्न लागे—

'नगर नगर यस्तो साहसै, लौ पुग्यो यो,
सुमुखि ! झट तिमीले यो लता-पाश छोड।
चलित पनि त रोक्नै जीव यो जीवितेशा !
क्षणभर धर मेरो घाँटिमा बाहु-पाश ॥'

यहाँ फलप्राप्तिरूप अर्थसम्पत्ति छ। त्यो पहिलेको भन्दा ज्यादै गुणवती छ।

बोली अतिशय क्लिष्ट, नानाबन्ध-समाश्रित ॥
पताकास्थानक यही दोस्रो हो भनि मान्दछन् ॥ ४७ ॥

जस्तै वेणीमा—

'रक्तप्रसाधित-धरा, क्षत-विग्रही, ती
स्वस्थै बनुन् सकल कौरव नै सभृत्य ॥'

यहाँ रक्तादिशब्दहरूका रुधिरादि पनि अर्थ छ र शरीरादि पनि, यसैले यस श्लेषबाट बीजभूत अर्थ(कौरवहरूको नाश)को प्रतिपादन हुन्छ र नायकको मङ्गल प्रतीत हुन्छ। अतः यो दोस्रो पताकास्थान भयो।

अर्थको सूचना गर्ने, अव्यक्तार्थ, विनम्र र ॥
श्लिष्ट प्रत्युत्तर हुने, यो तेस्रो भनि मन्दछन् ॥ ४८ ॥

जो कुनै दोस्रो अर्थको सूचना गर्ने, झट्टै अर्थ नखुल्ने, पछिबाट विनय(विशेष निश्चय)ले युक्त वचन र जसमा उत्तर पनि श्लेषयुक्त नै दिइएको होस् त्यो तेस्रो पताकास्थान हुन्छ।

जस्तै वेणीसंहारको दोस्रो अङ्कमा—कञ्चुकी—महाराज ! भाँचियो, भाँचियो। राजा—कस्ले ?। कञ्चुकी—भीमले। राजा-कस्को ?। कञ्चुकी - हजुरको। राजा—अरे, यो के बोल्छस् ?। कञ्चुकी—(डराउँदै) महाराज ! भीमले हजुरको भाँचियो भनेको होइन र ?। राजा—धिक्कार नालायक बुढ़ा ! आज तेरो यो बौलट्टी के हो ?। कञ्चुकी—महाराज ! बौलट्टी होइन। साँच्ची नै—

भाँच्ता हजुरको भीम हावाले रथको ध्वजा।
घण्टीको शब्दले रोए-झैं गरी भूमिमा खस्यो ॥'

यहाँ पूर्वोक्त प्रश्नोत्तरको श्लेषद्वारा दुर्योधनको भावी ऊरूभङ्गरूप प्रस्तुत कार्य सूचित हुन्छ।

द्व्यर्थी वचनविन्यास, श्लेषी, औ काव्ययोजित ॥
प्रधानार्थान्तरै सूच्ने, पताकास्थान तुर्य[1] हो ॥ ४९ ॥

जस्तै रत्नावलीमा—

उद्दामोत्कलिले[2] फिका रुचि लिने, जृम्भा[3] लिने छिन्छिन,
श्वासोच्छ्वास[4] निरन्तरै[5] गरि ठुलो आयास[6] फैलाउने[7]।

१. चौथो। २. निस्केका कलिले वा ठूलो उत्कण्ठाले। ३. केही प्रकाश भएको वा विरहले गर्दा हाईहाई गर्ने। ४. बढी हावा वा धेरै सास फेर्नु। ५. अटूट वा गाढ़ा। ६. यताउती फेंक्नु वा खेद। ७. गर्ने वा सूच्ने।

आद्योद्यान-लता यिनी, समदना[१] नारीकनै अंकि झैं,
हेर्दै, कोप लिएर लालमुख ती देवीजिको[२] पारुला ॥'

यहाँ पछि हुने कुरा सूचित गरिएको छ। यी पताकास्थानक चार कुनै सन्धिमा मङ्गलार्थक र कुनैमा अमङ्गलार्थक हुन्छन्। तर सबै सन्धिहरूमा हुन सक्छन्, काव्यकर्ताको इच्छाअनुसार धेरै पटक पनि आउन सक्छन्। कसैले यो भनिएको छ—'मुखसन्धिदेखि लिएर चार सन्धिहरूमा पैह्ला, दोस्रा, इत्यादि क्रमैले हुन्छन्'—तर यसलाई अरूअरू मान्दैनन्, किनभने यिनीहरू अत्यन्तै उपादेय छन्, सबै सन्धिहरूमा आवश्यकताअनुसार अनियमसित यी सबै हुन उचित छ।

प्रधानको वा रसको जो कथा त अयोग्य छ ॥
विरुद्ध त्यो त्यागिदिनू, गर्नू वा अरु कल्पना ॥ ५० ॥

अनुचित इतिहास जस्तै—रामचन्द्रले छल गरी वालीलाई मार्नु। त्यो कुरा उदात्तराघवमा छोड़ि नै दिएको छ र महावीरचरितमा त बदलिदिएको छ (वाली रामलाई मार्न आएको थियो र रामले उसलाई मारिदिए इत्यादि)।

अदर्शनीय अङ्कैमा, जो भन्नूसम्म योग्य छ ॥
दिनद्वयादिको वृत्त वर्ष-पर्यन्तको, अरू ॥ ५१ ॥
लम्बे कथा पनी सूच्नू अर्थोपक्षेप विज्ञले ॥

अङ्कमा अदर्शनीय कथा युद्धादि कथा हो।

वर्ष भन्दा बढी वृत्त वर्ष भन्दा कमी हवस् ॥ ५२ ॥

भरतमुनिले भनेका छन्—

'अङ्कच्छेदमा गरनू मासकृत वा वर्ष-संचित वृत्त।
त्यो सब नगरनू कहिले वर्षभन्दा पछिको पारी ॥'

यसो हुनाले श्रीरामचन्द्रले चौध वर्षको वनवासमा विराधादिको जो वध गर्नुभयो, त्यो सब नाटकमा वर्ष, मैह्ना, दिन, प्रहर इत्यादिमा नै देखाइने हुँदा विरुद्ध हुँदैनन्।

दिनावसानको कार्य दिनमा सकिएन त ॥
अर्थसूचित नै गर्नू अङ्कच्छेद गरेर त्यो ॥ ५३ ॥

अर्थोपक्षेपकहरूको निरूपण—

अर्थोपक्षेप छन् पाँच विष्कम्भक प्रवेशक, ॥
चूलिका-ऽङ्कावतरण त्यस्तै अङ्कमुखै पनि ॥ ५४ ॥

१. मदनवृक्ष वा कामदेव सहित भएकी। २. वासवदत्ताको।

वृत्तमा रहने सारा कथांशादि-निदर्शक ॥
संक्षिप्तार्थक, विष्कम्भ अङ्कको आदिमा रहोस् । ५५ ॥
एक मध्य, दुई मध्य, पात्रले संप्रयोजित ॥
शुद्ध हो त्यो, त्यो छ मिश्र नीच-मध्यम-कल्पित ॥ ५६ ॥

तीमध्ये शुद्ध जस्तै—मालतीमाधवको पंचम अंकमा कपालकुण्डलाद्वारा । मिश्र (संकीर्ण) जस्तै—रामाभिनन्दमा क्षपणक र कापालिकद्वारा ।

प्रवेशक—

प्रवेशक नीच बोली नीचपात्र-प्रयोजित ॥
अङ्क-द्वयान्तमा राख्नू, विष्कम्भक-सरी अरू ॥ ५७ ॥

अङ्कद्वयान्त भन्नाले यसको प्रथमाङ्कमा निषेध छ । जस्तै—वेणीसंहारको अश्वत्थामांक(चौथो)मा राक्षसहरूको जोड़ी ।

चूलिका—

पर्दाको भित्र बस्नेले सूच्ने वस्तु छ चूलिका ॥

जस्तै –महावीरचरितमा चतुर्थांकको आदिमा—'(नेपथ्यमा) हे विमान चढ़ने (देवताहरूहो) नाचगान इत्यादि मङ्गलहरू गर्नुहोस् । श्रीरामले परशुराम-लाई जित्नुभो' यस्तो नेपथ्यमा पात्रहरूले सूचना गरे ।

अङ्कावतार—

अङ्कान्तमा पात्रबाट सूचिने अविभागले ॥ ५८ ॥
जहाँ अङ्क उतारिन्छ हुन्छ अङ्कावतार त्यो ॥

जस्तै—अभिज्ञान शाकुन्तल पंचम अङ्कको अन्त्यमा उसका पात्रहरूद्वारा सूचना गरिएको षष्ठ अङ्क पहिलेदेखि नै उसको अङ्ग जस्तै अवतीर्ण भएको छ ।

अङ्कमुख—

जहाँ यौटै अङ्कमा छ सूचना सब अंकको ॥ ५९ ॥
बीजार्थ स्थापना गर्ने, त्यो अंकमुख भन्दछन् ॥

जस्तै—मालती माधवमा प्रथम अंकको आदिमा नै कामन्दकी र अवलो-किताले भूरि-वसु इत्यादि भाविभूमिकाको छरिएका कथा-प्रबन्धको पनि हुनु सूचना दिइएको छ ।

अङ्कमुखको दोस्रो लक्षण—

अङ्कान्तपात्रले छिन्नाङ्कको अर्थादि सूच्नु हो ॥ ६० ॥

अङ्कान्तमा प्रविष्ट पात्रहरूले जस्तै—महावीरचरित द्वितीय अङ्कको अन्त्यमा–'(प्रवेश गरेर) सुमन्त्र—माननीय वसिष्ठ-विश्वामित्रहरू परशुरामसहित यहाँ-हरूलाई बोलाउनु हुन्छ । अरू—माननीयहरू कहाँ ? सुमन्त्र—महाराज दशरथको समीपमा । अरूहरू—त्यसो भए त्यहीं नै जाऊँ ।' यो अंकको अन्त्यमा छ । '(अनि बसेका वशिष्ठ-विश्वामित्र-परशुरामहरू प्रवेश गर्दछन्)' यहाँ पूर्व अङ्कको अन्त्यमा प्रविष्ट सुमन्त्र पात्रले शतानन्द–जनक-कथा-विच्छेद भएमा पहिलेका अङ्कमुखको सूचना गरेकोले अंकास्य छ । यो धनिकको मतानुसार अङ्कास्यको लक्षण हो । अरू अरू त भन्दछन्–'अंकास्य त अंकावतारको नै अन्तर्गत हुन सक्तछ' ।

वृत्त, नीरस, विस्तार, आवश्यक त्यजीकन ॥
जब देखाइने हुन्छ शेष, आमुखकै पछि ॥ ६१ ॥
विष्कम्भ गर्नू, सूच्नू ता आमुखैमा गरीदिनू ॥

जस्तै—रत्नावलीमा यौगन्धरायणले गरियो ।

जब ता वृत्त सरस सुरूदेखी प्रवृत्त छ ॥ ६२ ॥
आमुखाक्षिप्त अङ्कैको आदिमा नै गरीदिनू ॥

जस्तै—शाकुन्तलमा ।

विष्कम्भकादिले मृत्यु नभन्नू अधिकारिको ॥ ६३ ॥
अन्योन्यले तिरोधान नगर्नू रस-वस्तुको ॥

रस शृङ्गारादि हो । यही धनिकले भनेका छन्–

'धेरै नै रसले वृत्तलाई टाढ़ा नपारनू ।
रसलाई पनी त्यस्तै वस्त्वलंकार-रूपले ॥'

बीज, बिन्दु, पताका र प्रकरी, कार्य, पाँच छन् ॥६४॥
अर्थका साधनोपाय, गर्नू योग यथाविधि ॥

अर्थका साधनोपाय भनेको प्रयोजन सिद्धिका हेतु हुन् ।
तीमध्ये बीज—

गरेर थोरै उद्देश्य जो फैलिन्छ अनेक भै ॥ ६५ ॥
फलको पहिलो हेतुलाई बीज बताउँछन् ॥

जस्तै—रत्नावलीमा वत्सराजको रत्नावली-प्राप्तिमा हेतु अनुकूल दैवले युक्त यौगन्धरायणको व्यापार (काम) ; अथवा वेणीसंहारमा द्रौपदीका केशसंयमको हेतु भएको, भीमसेनको क्रोधले युक्त, युधिष्ठिरको उत्साह ।

अवान्तर कथा छुट्ता जोड्नमा हेतु बिन्दु हो ॥ ६६ ॥

जस्तै—रत्नावलीमा अनङ्गपूजा सकिई कथा पूरा भैसकेकोमा—'उदयनको

चन्द्रमाको जस्तो देखिन्छ' यस्तो सागरिकाले सुनेर '(खुसी हुँदै) ए ! यिनै ती राजा उदयन हुन् ?' इत्यादि सागरिकाको सहर्ष कथन नै कथाका अविच्छेदको हेतु छ ।

व्यापी, प्रासङ्गिककथा पताका नाम पाउँछ ॥

जस्तै—रामायणमा सुग्रीवादिको, वेणीमा भीमसेनादिको, शाकुन्तलमा विदूषकको कथा ।

पताका-नेतृको हुन्न स्वकीय-फलमा हक ॥ ६७ ॥
गर्भ, सन्धि विमर्शैमा हुन्छ त्यस्को समाप्ति त ॥

जस्तै—सुग्रीवको राज्यप्राप्ति । भरतमुनिले यो जो भने—

'विमर्श वा गर्भदेखी पताका त समाप्त छ ॥'

यहाँ पताका शब्दबाट पताका-नायकको फल विवक्षित छ । पताका त कहिं कहिं निर्वहण सन्धिपर्यन्त पनि चलेको देखिन्छ, यो व्याख्या श्रीअभिनवगुप्त पादाचार्यले गरेका हुन् ।

प्रासङ्गिक प्रदेशस्थ वृत्त हो प्रकरी उ त ॥ ६८ ॥

जस्तै—कुलपति अङ्कमा रावण र जटायुको संवाद ।

प्रकरी नेतृको हुन्न स्वकीय-फलमा हक ॥
मुख्य साध्य छ जो, जस्को निंति सुरु गरिन्छ र ॥ ६९ ॥
जस्को सिध्यर्थ सामग्री जम्मा हुन्छ उ कार्य हो ॥

जस्तै—रामचरितमा रावणको वध ।

फलार्थिले सुरु गर्ने कार्यका पाँच अङ्ग छन् ॥ ७० ॥
आरम्भ, यत्न, प्रत्याशा, नियताप्ति, फलागम ॥

तीमध्ये—

फलसिध्यर्थ उत्कण्ठालाई आरम्भ भन्दछन् ॥ ७१ ॥

जस्तै—रत्नावलीनाटिकामा कुमारी रत्नावलीलाई अन्तःपुरमा राखनाका निमित्त यौगन्धरायणको उत्कण्ठा । यस्तै नायक-नायिकाहरूको उत्सुकता पनि ग्रन्थान्तरबाट जान्नू ।

फलाप्तिमा छिटो-सङ्ग लागीपर्नु प्रयत्न हो ।

जस्तै—रत्नावलीमा—'तथापि अर्को दर्शनोपाय नहुनाले जसरी भए पनि चित्र लेखेर आफ्नो इच्छा पूर्ण गर्नेछु—' इत्यादिद्वारा रत्नावलीको चित्र-लेखन । यो वत्सराजसँग समागमका निमित्त छिट्टै लागीपर्नु प्रयत्न छ । अरु जस्तै—रामचरितमा समुद्रबन्धनादि पनि ।

हुनू-नहुनु शंकामा प्राप्त्याशा प्राप्ति संभव(हो) ॥ ७२ ॥

जस्तै—रत्नावली तृतीय अंकमा वेष परिवर्तन र अभिसरणादि संगमका उपाय र वासवदत्तारूप प्रतिबन्धकको आशंका पनि रहेकोले समागमरूप फलको प्राप्ति अनिश्चित हुँदा प्राप्त्याशा छ।

रुकाव हट्‌ता पक्का नै पाउनू नियताप्ति हो ॥

अपाय (विघ्न) हट्‌नाले अवश्य नै फल पाउनु। जस्तै—रत्नावलीमा—'राजा—महारानीलाई प्रसन्न पार्नुबाहेक यसमा अरु उपाय देख्तिन—' यहाँ महारानीरूप विघ्नलाई प्रसन्न पारेर हटाउनाले मनोरथ फलको प्राप्ति सूचना गरियो।

फलागम अवस्था हो समग्र फल पाउनु ॥ ७३ ॥

जस्तै—रत्नावलीमा चक्रवर्तित्वरूप अरू लाभसहित रत्नावलीको लाभ। यस्तै—अन्यत्र पनि जान्नू।

पाँचोटा यी अवस्थाले यथाक्रम मिलाउँदा ॥
कथाका भाग पाँचोटै हुन्छन् औ सन्धि पाँच छन् ॥ ७४ ॥

सन्धिको लक्षण—

एकान्वयीमा हो सन्धि अन्तरैकार्थ-मेलन ॥

एक प्रयोजनमा अन्वय हुने कथांशहरूका अवान्तर (भित्रि) संबन्धलाई सन्धि भन्दछन्।

सन्धिका भेदहरू—

मुखं, प्रतिमुखं, गर्भ, विमर्श, उपसंहृति ॥ ७५ ॥
सन्धिका पाँच छन् भेद क्रमैले यो छ लक्षण ॥

कार्यसहितको लक्षण—

नानार्थ-रसले युक्त, बीज उत्पत्ति भैकन ॥ ७६ ॥
प्रारम्भले युक्त हुन्छ जहाँ त्यो मुखसन्धि हो ॥

जस्तै—रत्नावलीको प्रथम अङ्कमा।

फलप्रधानोपायी र मुखसन्धि-निवेशित, ॥ ७७ ॥
लक्ष्या,-ऽलक्ष्य छ उद्भेद जहाँ प्रतिमुखं छ त्यो ॥

जस्तै—रत्नावलीमा वत्सराज र सागरिका(रत्नावली)को समागमको हेतु, यी दुवैको परस्पर प्रेम, जो प्रथम अङ्कमा सूचित गरिएको थियो, त्यो सुसंगता र विदूषकले जाने, यसैले त्यो प्रेम केही लक्ष्य भयो फेरि वासवदत्ताले चित्रको वृत्तान्तबाट केही तर्क गरेकीले अलक्ष्य पनि भयो।

फलप्रधानोपायी र अघि उद्भिन्नको कुनै ॥ ७८ ॥
ह्रासान्वेषी, समुद्भेद जहाँ धेरै छ गर्भ हो ॥

फललाई भित्र राखनाले यसलाई गर्भ भन्दछन्। जस्तै—रत्नावलीको द्वितीय अङ्कमा—'सुसंगता—सखी ! अहिले तिमी अभागिनी छौ जो यसरी पतिको बाहुलीले समातिंदा पनि रिस छोड्दिनौ' यो उक्तिमा उद्भेद छ। त्यही वेला वासवदत्ताको प्रवेश हुनाले ह्रास भएको छ। तृतीय अङ्कमा—'उनको कुरा बुझनालाई गएको वसन्तकले किन अवेर गऱ्यो' यस्तो राजाको उक्तिले खोजीको सूचन भयो। 'विदूषक—ओहो आश्चर्य ! कौशाम्बीको राज्यलाभले पनि मेरा प्रिय वयस्य(साथी)लाई त्यत्तिको सन्तोष होवैन, जत्तिको मवाट प्यारो वचन सुनेर हुनजाला' यस उक्तिमा फेरि उद्भेद छ। फेरि पनि वासवदत्ताले जान्दा ह्रास हुनगयो। सागरिकाको संकेत स्थानमा जानाले अन्वेषण (खोजी) र लतापाश बनाउनामा त्यही अनुरागको उद्भेद भएको छ।

विमर्श—

जहाँ मुख्यफलोपाय गर्भभन्दा बढी छ र ॥ ७९ ॥
शापादिले विघ्नयुक्त छ, विमर्श भनिन्छ त्यो ॥

जस्तै—शाकुन्तल चतुर्थ अङ्कको आदिमा—'अनसूया—प्रियंवदे ! हुन त गान्धर्वविवाहले कल्याण प्राप्त गरिसकेकी, प्यारी संगिनी, शकुन्तला अनुरूप भर्तृभागिनी भइन् भनेर मेरो मन शान्त छ, तथापि अहिलेसम्म पनि चिन्ता नै गर्नुपरिरहेछ' यहाँदेखि लिएर सप्तम अङ्कमा देखाएको शकुन्तलाको प्रत्यभिज्ञानपर्यन्त जति कथा छ, त्यो सब शकुन्तलाको विस्मरणरूप विघ्नले आलिङ्गित (युक्त) छ।

निर्वहण—

छरिएका मुखाद्यर्थ बीजयुक्त उहीं उहीं ॥ ८० ॥
एकार्थमा लगिन्छन् ती जहाँ निर्वहणं छ त्यो ॥

जस्तै—वेणीसंहारमा—'कञ्चुकी—(नगिच गएर खुसि हुँदै) महाराज, वृद्धि हवस्। यहाँ भीमसेन दुर्योधनको रगतले सब शरीर लाल पारेर नचिह्निने हुनुभएको छ—' यहाँ मुखादिसन्धिहरूमा आफआफना ठाउँमा रहेका द्रौपदीका केशसंयमनादि रूप बीजहरूलाई एक कुरामा जोडिएको छ। अथवा शाकुन्तल सप्तम अङ्कमा शकुन्तलाको परिज्ञानपछिको सब कथा निर्वहणसन्धिको उदाहरण छ।

यी सन्धिका अङ्गहरू—

उपक्षेप, परिकर, परिन्यास, विलोभन ॥ ८१ ॥
युक्ति, प्राप्ति, समाधान, विधान, परिभावना ॥
उद्भेद, करणं, भेद, मुखमा बाह्र अङ्ग छन् ॥ ८२ ॥

उद्देशसहितको लक्षण—

काव्यार्थको समुत्पत्ति, उपक्षेप भनिन्छ त्यो ॥

काव्यार्थ भनेको—इतिहासरूप प्रकृत अर्थ—जो प्रस्तुत अभिधेय छ त्यो हो। जस्तै वेणीसंहारमा—भीम—

'लाक्षागृहानल--विषान्न--सभाप्रवेश-
द्वारा लुटेर धन-जीवन खास हाम्रो।
तानेर पाण्डववधू--परिधान--केश
छन् स्वस्थ कौरव म जीवित नै छँदामा ॥'

उत्पन्न अर्थ-विस्तार जान्नू परिकरै भनी ॥ ८३ ॥

जस्तो त्यहीं नै—

'बढाए बैरोद्ये म - सित कुरुले बालपनमा,
न त्यसमा छौ हेतू नृपति र किरीटी[1], तिमि दुई[2]।
जरासन्धी छाती सरि उ त बढ्यो, हेर रिसले,
म भीमैले सन्धी विघटन गरें, जोर तिमिले ॥'

हो निष्पत्ति परिन्यास

जस्तो त्यहीं नै—

'छिट्टै भुजा गरि घुमाइ ठुलो गदाले,
तिम्रा दुवै गरि धुलो उ सुयोधनैको।
ज्यादै घना रगतले गरि लाल हात
तिम्रा फुनेछ सब केश त, देवि! भीम ॥'

यहाँ पूर्वोक्त तिनमा इतिहासरूप काव्यको वर्णनीय अर्थ(वस्तु)लाई संक्षेपले निर्देशन गर्नु उपक्षेप कहलाउँछ—त्यसैको फैलावटलाई परिकर भन्दछन्—यसभन्दा पनि बढ़ी निश्चयरूपमा त्यही कुरालाई हृदयमा दृढ़ राखनु परिन्यास कहिन्छ। यही यिनको भेद हो। यी अङ्ग यही क्रमले हुन्छन्। अरू अङ्गहरू भिन्न क्रमले पनि हुन सक्तछन्।

हो गुणाख्या विलोभन ॥

जस्तो त्यहीं नै—'द्रौपदी—नाथ! रिसाएका हजुरले गर्न नसकिने के छ र ?' अथवा मेरो चन्द्रकलाको चन्द्रकलावर्णनमा—'तारुण्यको विलास' इत्यादि।

---

१. अर्जुन। २. नकुल र सहदेव।

शकुन्तलामा—'घाँटी फर्काइ राम्रो' इत्यादि श्लोकबाट मृगको जो वर्णन गरिएको छ, त्यसको बीजरूप वस्तुसँग केही सम्बन्ध छैन र त्यो सन्धिको अङ्ग होइन। यसै गरी अरू अङ्गहरूमा पनि जान्नू।

अर्थ निश्चय गर्नू हो युक्ति

जस्तै—वेणीसंहारमा सहदेव र भीमको संवादमा—'सहदेव—आर्य ! महाराजको यो सन्देश हजुरले बेठिकजस्तो ठान्नुभयो कि ?'। यहाँदेखि लिएर भीमको वचनतक।

'लोकमा शत्रुको नाश तिमोलाई लजाउँछ।
न लजाउँछ रानीको सभामा केश-कर्षण ॥'

प्राप्ति सुखागम (हो) ॥ ८४ ॥

जस्तो त्यहीं नै—'संग्राममा कुरु म मथ्तिन की रिसैले' इत्यादि। 'द्रौपदी—(सुनेर खुसी हुँदै) नाथ ! अघि नसुनिएको यो वचन छ, त्यो फेरि पनि भन्नुहोस्'।

बीजार्थ आउनालाई समाधान बताउँछन् ॥

जस्तो त्यहीं नै—(नेपथ्यमा) ए विराट-द्रुपदादि हो ! सुन—

'जो सत्यव्रत-भङ्ग-भीरु मनले मन्दै गरे यत्नले,
जो बिसौं भनि चाहियो शम लिई त्यै वंशको खातिर।
जूवा-काठ[1] मिलेर औ नृपसुता-केशां-ऽम्बरै तान्नुले,
क्रोध ज्योति उ, भूपको कुरुवनीमा[2] दन्कदै बल्दछ ॥'

यहाँ 'छन् स्वस्थ कौरव म जीवित नै छँदामा' यो भीमसेनको उक्तिमा जुन बीजको स्थापना गरिएको थियो त्यही यहाँ प्रधान नायक युधिष्ठिरबाट मान्य भएकोले समाधान छ। बीजको सम्यक् आधान(राम्ररी स्वीकार)लाई समाधान भन्दछन्।

सुख-दुःखादिले मिश्र अर्थ नै हो विधान त ॥ ८५ ॥

जस्तै बालचरितमा—

'बाबू ! उत्साह-अति र यो बालपन देखदा।
हर्ष, विस्मातले मेरो मन छोप्तछ लौ सँगै ॥'

अथवा जस्तै मेरो प्रभावतीमा—'नयन दुवै तृप्त गरी—' इत्यादि।

आश्चर्यकारी वचन बोल्नु हो परिभावना ॥

---

१. जूवारूपी दाउरा। २. कौरवरूपी वनमा।

जस्तै वेणीसंहारमा—पहिले द्रौपदीलाई युद्ध हुन्छ की हुन्न ? भन्ने सन्देह थियो, पछि लडाईका बाजाको शब्द सुनेर उनले भीमसेनसँग भनिन्—'नाथ ! अहिले यो प्रलयकालका मेघको गर्जनजस्तो, अति ठूलो, लडाईंको नगारा बारम्बार ठोकिए-को हो की ?'—

बीजार्थ उब्जनु नै हो उद्भेद

जस्तो त्यहीं नै—'द्रौपदी—नाथ ! फेरि पनि हजुरले आश्वासन दिइरहन योग्य छु' । यो सुनेर—भीम—

'फेरी तिरस्कार-युक्त, लाजले झ्याउरो मुख, ।
नपारी कुरु-निःशेष, भीमलाई नदेख्तछचौ ॥'

करणै उ हो ॥ ८६ ॥

प्रस्तुतार्थ-समारम्भ

जस्तै त्यहीं नै देवि ! अहिले हामीहरू कुरुकुलको संहारका निंति जान्छौं ।

भेद हो संघ फूटनु ॥

जस्तै त्यहीं नै–'यसै कारणले आजदेखि म तपाईंहरूसँग भिन्न छु । कोही त 'भेद'लाई प्रोत्साहन मान्दछन् ।

प्रतिमुख सन्धिका अङ्गहरूको निरूपण–

विलास, परिसर्पं र विधुतं, तापनं, अनि ॥ ८७ ॥
नर्म, नर्मद्युति अनि त्यस्तै प्रगमनं पछि ॥
विरोध र प्रतिमुख अनि त्यो पर्युपासन ॥ ८८ ॥
पुष्प, वज्र, उपन्यास, वर्णसंहार, चौध छन् ॥

तीमध्ये–

रतिभोगार्थको इच्छा विलास कहलाउँछ ॥ ८९ ॥

रति नामक भावको हेतुभूत जो भोग (विषय) अर्थात् स्त्री वा पुरुष त्यस निंति चेष्टा या अभिलापलाई विलास भन्दछन् । जस्तै शकुन्तलामा—

'हो, प्रिया सुलभ छैनन्, मन ! तँ तिन्को भावदर्शनमा छस् ।
काम असफल भए पनि स्व-स्व-कामनाले रति गर्छ ॥'

इष्टका नाशको खोजी परिसर्प बताउँछन् ॥

जस्तै शाकुन्तलमा—'राजा—यो लताकुञ्जमा शकुन्तला हुनुपर्छ । किन भने -

'अगाडिमा हलुको र नितम्ब-भारले पछाडिमा गाढ ।
बालुकामय द्वारमा उस्को नवपद-चिह्न देखिन्छ ॥

हो विधुतं प्रार्थनाको अस्वीकार अगाडिमा ॥ ९० ॥

जस्तै त्यहीं नै—'अन्तःपुरको विरहमा उत्सुक राजर्षिले तिमी दुवैलाई रोकनाले पुग्यो—'। कोही अरतिलाई विधुत भन्दछन्।

उपाय क्यै नसुझ्नु तापनं हो बताउँछन् ॥

जस्तै रत्नावलीमा—'सागरिका—

'दुर्लभ छ जनानुराग, लाज छ ठुलो, परवश छ आत्मा।
प्रिय सखि ! छ विषम प्रेम, मरणै शरण छ केवल एक ॥'

हास्यको बोलि हो नर्म

जस्तै रत्नावलीमा—'सुसंगता—सखि ! जस्को निमित्त तिमी आयौ उ त तिम्रो टाढ़ामा रहेको छ। सागरिका—(रिसाउँदै) कस्को निंति म आएकी हुँ र ?। सुसंगता—अरु शंका नगर, चित्रको होइन—'।

झल्का नै परिहासको ॥ ९१ ॥

हो नर्मद्युति

जस्तै त्यहीं नै—'सुसंगता—सखि ! अहिले तिमी अभागिनी हौ जो तिमी यसरी मालिकले हातमा समातिंदा पनि रिस छोड्दिनौ। सागरिका—(आखिभौं चढ़ाउँदै मुस्कुराएर) सुसंगते ! अझसंम पनि हँसीठट्टाबाट अघाएकी छैनौ—'। कोही त दोष छिपाउने हँसीलाई नर्मद्युति भन्दछन्।

उत्कृष्ट वाक्यै प्रगमनं उ हो ॥

जस्तै विक्रमोर्वशीमा—'उर्वशी—जय जय महाराज ! राजा—मैले लौ कस्को जितें र तिमीले जय भन्या ?' इत्यादि।

विरोध हो दुःख मिल्नू

जस्तै चण्डकौशिकमा—'राजा—साँच्चि नै मैले अन्धाले झैं विचार नगरी दन्केको आगोमा पाउ राखें।'

क्रुद्धलाई फुल्याउनु ॥ ९२ ॥

पर्युपासन हो

जस्तै रत्नावलीमा—'विदूषक—श्रीमान् ! रिसानी नहवस्। उनी केरावारी-को बंगलातिर गएकी छन्' इत्यादि।

पुष्प विशेष गरि बोल्नु हो ॥

जस्तै त्यहीं नै—'(राजा रत्नावलीको हातमा छोएर खुशी हुन्छन्) विदूषक-

श्रीमान् वयस्य ! यिनी अपूर्व लक्ष्मी हजुरले पाउनुभयो। राजा—वयस्य (साथी !) साँचो हो।'

'श्री हुन् यी, बाहुली यिन्को हो कल्पद्रुम-पल्लव ।
न होस् ता कसरी बग्छ पसिना रूपमा सुधा ॥'

निष्ठुरी वाक्य हो वज्र

जस्तै त्यहीं नै—राजा—यहाँ रहेको मलाई तिमीले कसरी जान्यौ। सुसंगता—खाली हजुरलाई मात्र होइन तसविर साथसाथै। यसैले अब झट्टै गएर देवी(बड़ा-महारानी)लाई विन्ति गर्दछु।'

हो उपन्यास शान्त्वना ॥ ९३ ॥

जस्तै त्यहीं नै—'सुसंगता—मालिक ! शङ्का नगरिबक्सियोस्। मैले पनि मालिकनीको अनुग्रहबाट यिनीहरूसँग खेलिसकेकी छु। त्यसैले कानको गहनाले के हुन्छ र ?। यसभन्दा पनि मेराउपर ज्यादै ठूलो अनुग्रह यो छ जो मैले यहाँ चित्रमा लेखिएँ भनेर मेरी प्यारी संगिनी सागरिका रिसाएकी छन्, उनीलाई नै प्रसन्न गराइबक्सियोस्।

कोही त—

'युक्तिले युक्त जो अर्थ त्यो उपन्यास भन्दछन् ॥'

त्यहीं नै उदाहरण दिन्छन् पनि—'साँच्चि नै अति मुखाले छ त्यो गर्भदासी'।

समग्र-वर्णको[1] मेल वर्णसंहार मान्दछन् ॥

जस्तै महावीरचरित तृतीय अङ्कमा—

'परिषद छ ऋषीको, वीर छन् यी युधाजित्,
नृपति-सचिव-साथै छन् बुढ़ा लोमपाद ।
यजन गरि-रहेका, ब्रह्मवादी, पुराना,
प्रभु पनि जनकैका, माग्दछन् भीख तिम्रो ॥'

यहाँ ऋषि, क्षत्रिय इत्यादि वर्णहरूको मेल छ।

श्रीअभिनवगुप्त पादाचार्य त—'वर्णशब्दले नाटकका पात्रहरू लक्षित हुन्छन्। पात्रहरूको मेललाई वर्णसंहार भनेको हो' भनी व्याख्यान गर्दछन् र रत्नावलीको द्वितीय अङ्कमा उदाहरण दिन्छन् पनि—'योभन्दा पनि मेराउपर ज्यादै ठूलो अनुग्रह यो छ'—यहाँदेखि लिएर 'हातमा समातेर यिनलाई प्रसन्न गराउनुहोस्—। राजा—उनी कहाँ छन् कहाँ ?' इत्यादि। यहाँ राजा, विदूषक, सागरिका र सुसंगताको मेलन छ।

१. धेरै जातिको।

गर्भसन्धिका अङ्गहरू—

अभूताहरणं, मार्ग, रूपो-दाहरण, क्रम, ॥ ९४ ॥
संग्रह, अनुमानै र प्रार्थना, क्षिप्ति, तोटक, ॥
अधिबल र उद्वेग, छन् विद्रव, त गर्भमा ॥ ९५ ॥
तिन्मा छलाश्रयी वाक्य अभूताहरणं छ यो ॥

जस्तै अश्वत्थामाङ्कमा—

'अश्वत्थामा हत' यहि पृथासूनुले[1] स्पष्ट बोलो
वाक्यान्तेमा 'गज' पनि झिनो बोलियो सत्यवाक्य ।
पुत्रस्नेही पिताले[2] यहि सुनि, नृपको मानि विश्वास खास
शस्त्रास्त्रादी र आँसू पनि रणबिचमा साथसाथै त्यजेथे ॥'

तत्त्वार्थ भन्नु हो मार्ग

जस्तै चण्डकौशिकमा—'राजा—भगवन् !

'रानी र छोरो बेच्नाले मिलेको धन यो लिनोस् ।
बाँकी तिर्छू आफुलाई बेचो चण्डालमा पनि ॥'
रूप हो बोलि तर्कको ॥ ९६ ॥

जस्तै रत्नावलीमा—'राजा—

'स्वभावात् हो मन चल, दुर्लक्ष्य[3] पनि, त्यस्कन ।
कामले कसरी बेध्यो[4] एकैचोटी सबै शर ? ॥'
उत्कर्ष-युक्त बोली नै उदाहरण भन्दछन् ॥

जस्तै अश्वत्थामाङ्कमा—

'जो जो शस्त्रादि धर्ला निजभुजबलले पाण्डवी ती चमूको[5],
जो जो पाञ्चालगोत्री[6] शिशु, तरुण, बुढो, गर्भमा नै रहोस् वा ।
जो जो तत्-कर्म-साक्षी[7], रणबिच घुमदा हुन्छ जो जो त वैरी,
क्रोधान्धो भै त्यसैको खुद म जगतका कालको काल बन्छु ॥'

भावका तत्वको प्राप्ति क्रम हो

---

१. युधिष्ठिरले । २. द्रोणाचार्यले । ३. नदेखिने । ४. भेदन गऱ्यो । ५. सेनाको ।
६. द्रुपद राजाका वंशको । ७. त्यो (पिता द्रोणाचार्यको मारणरूप) काममा साछी ।

जस्तै शाकुन्तलमा—'राजा—बहुतै राम्रो मौकामा प्यारीलाई एकटक दृष्टिले हेरिरहेछु। जस्तो कि—

'श्लोक रचदा यिनीको यौटा भौं माथि उठने, वदनले।
पुलकाञ्चित[1] कपोल भै बताउँछ ममा अनुराग ॥'

हुन्छ संग्रह ॥ ९७ ॥

सामदानार्थले युक्त

जस्तै रत्नावलीमा—'राजा—वेस हो, साथी ! तिमीलाई यो बकस।' (यसो भनेर बाला दिन्छन्)।

तर्कना अनुमान हो ॥

जस्तै जानकीराघव नाटकमा—'राम—

'साधारणै हिंडि धराकन कम्प गर्ने,
हेराइले जगतको शिर नम्र पार्ने,।
सौवर्णकान्ति सरि झल्झल देह धर्ने,
तिन्लाइ सूर्य-सुत फेरि अधृष्य[2] सूच्छ ॥'

रति-हर्षोत्सवादीको याचना प्रार्थना उ हो ॥ ९८ ॥

जस्तै रत्नावलीमा—'प्रिये सागरिके !

'चन्द्रै हो मुख, उत्पलै[3] नयन हुन्, यी हात नै पद्म हुन्,
केराथाम समान जाँघ दुइ छन्, बाहू मृणालै[4] सरी।
हे आल्हादकराङ्गि[5] ! यस्कन छिटो निःशंक अङ्गाल्नुले
सारा अङ्ग अनङ्गदग्धकन[6] लौ आऊ निभाऊ प्रिये !॥'

यो प्रार्थना नामक अङ्ग, यसबाट नै गतार्थ छ भनेर निर्वहणसन्धिमा प्रशस्ति नामक अङ्गलाई नमान्नेको मतानुसार यहाँ भनिएको हो। प्रशस्ति मान्नेहरू यसलाई मान्दैनन्, अन्यथा सन्धिहरूका अङ्ग पैंसट्ठी पुग्न जान्छन् (नाट्यशास्त्रानुसार पाँच सन्धिमा चौसट्ठी नै अङ्ग हुनुपर्दछ)।

रहस्यार्थ प्रकटनू क्षिप्ति हो

---

१. रोमाञ्च भएको। २. कसैले दबाउन नसकिने। ३. कमलै। ४. कमलनाल। ५. मनोरञ्जन गर्ने अङ्ग भएकी हे प्यारी !। ६. कामदेवले डढ़ाएकोलाई।

जस्तै अश्वत्थामाङ्कमा—

'केशग्रहण यौटोकै यो घोर परिणाम छ।
यो दोस्रोमा[1] त पृथ्वीमा नाशिन्छन् लौ प्रजा सब ॥'

त्यो छ तोटक ॥

रुष्ट बोली

जस्तै चण्डकौशिकमा—'कौशिक—ओः अझसम्म पनि सुवर्ण दक्षिणा किन ठिक (तैयार) भएन ?।'

अधिबल छलले वस्तु खोज्नु हो ॥ ९९ ॥

जस्तै रत्नावलीमा—'काञ्चनमाला—स्वामिनी ! यो त्यै चित्रशाला हो। वसन्तकलाई सूचना गर्छु' इत्यादि ।

राजादिबाट उत्पन्न भय, उद्वेग भन्दछन् ॥

जस्तै वेणीमा—

'आए यौटै रथ चढी खोजी गर्दै तपाइँको।
ती कर्णारि किरीटी र वृकर्मा[2] वृकोदर ॥'

शंका-भय-त्रासबाट हुने हड्बडि विद्रव (हो) ॥ १०० ॥

'कालान्तक-करालास्य[3], क्रोधी, रावणलाइ नै।
देखी वानर-सेनामा कुनै संभ्रम नै भयो ॥'

विमर्शसन्धिका अङ्गहरू—

अपवाद र संफेट, व्यवसाय, द्रव, द्युति, ॥
शक्ति, प्रसङ्ग, औ खेद, प्रतिषेध, विरोधन, ॥ १०१ ॥
प्ररोचना र आदान, छन् छादन, विमर्शमा ॥
अपवाद दोष भन्नु

जस्तै वेणीमा—'युधिष्ठिर—पाञ्चालक ! कहीं त्यस दुरात्मा कुरुकुलका अधमको पाइलो फेला पऱ्यो ?। पाञ्चालक—खाली पाइलो मात्र होइन, त्यही नै देवीको चुल्ठी तान्ने पापमा मूलकारण दुरात्मा फेला पऱ्यो ।'

संफेट रीस-बोलि हो ॥ १०२ ॥

---

१. द्रोणाचार्यको केशग्रहणमा। २. ब्वाँसोको जस्तो काम गर्ने (हिंसक)। ३. प्रलयकालको यमराजझैं भयङ्कर मुख भएको।

जस्तै त्यहीं नै—'राजा-अरे रे वायुका छोरा (भीम) ! बुढ़ा राजा(धृतराष्ट्र) का अगाड़ि के तैंले आफ्नो निन्दनीय कर्मको पनि तारिफ गर्छस् ? अरे, सुन्—

'तानीई केशमा स्त्री तँ[1] र तँ-पशु[2] औ भूप[3], भाई दुईकी[4],
प्रत्यक्षै भूपतीका[5], म[6] भुवनपतिको हुक्मले द्यूतदासी[7]।
त्यस्तो वैरीपनामा, भन खतम भए, के गरे भूप तिन्ले ?
बाहूको शक्तिले नै अतिमद[8] मकनै बेगरै जीत, सेखी ॥'

—भीम—(रिसाउँदै) अरे पापी ! राजा—अरे पापी !' इत्यादि ।

व्यवसाय त त्यो जान्नू प्रतिज्ञा-हेतु-सम्भव ॥

जस्तै—त्यहीं नै—'भीम—

'मार्ने सबै कुरू, मत्त त्यो दुःशासन-रक्तले ।
दुर्योधनोरु नै भाँच्ने, भीम यो नति गर्दछ ॥'

द्रव हो गुरुमा छेड शोकाऽऽवेगादिले हुने ॥१०३॥

जस्तै त्यहीं नै—'युधिष्ठिर—भगवन्, कृष्ण र सुभद्रका दाज्यू !—

'ज्ञाति-प्रीती[9] मनबिच न भो, क्षत्रिको धर्म[10] भो न,
गाढा मैत्री पनि न गनियो भाइको[11] अर्जुनैले ।
तुल्यै हो त्यो पनि हजुरका शिष्यमा[12] स्नेह-बन्ध[13],
के हो चाला हजुर विमुखै, यो अभागी ममा त ॥'

गराउनू डर-त्रास द्युति हो

जस्तै त्यहीं नै—दुर्योधन प्रति भीमको उक्ति—

'चान्द्री[14] निर्मल वंशको म' कहदै अद्यापि लिन्छस् गदा,
त्यो दुशासन-रक्त मदिरा-मत्तू मलाई भनिस् ।
सेखीले मधुकैटभारि हरिमा[15] उद्धचाइँ-चाला[16] गरिस्,
त्रासैले नृपशू[17] ! त्यजेर रण त्यो लुक्छस् हिलोमा अव ॥'

---

१. भीमसेन । २. अर्जुन । ३. राजा (युधिष्ठिर)। ४. नकुल र सहदेवकी । ५. सभामा जम्मा हुने राजाहरूका । ६. दुर्योधन । ७. जूवामा जितिएकी कमारी । ८. अति-पराक्रमी ।९. तपाईं बलराम र म चन्द्रवंशका हुनाले बन्धुको प्रेम । १०. प्यारोमा पक्षपात न गर्ने धर्म । ११. कृष्णको । १२. भीम र दुर्योधनमा । १३. प्रेमको गाँठो । १४. चन्द्र-सम्बन्धी । १५. श्री कृष्णमा । १६. बाँधने चेष्टा । १७. नरपशु ।

शक्ति हो त्यही ॥

विरोधको प्रशमन

जस्तो त्यहीं नै—

आप्तैले युद्धमा ती हत-जनहरुका देहलाई जलाऊन्,
दु:खैले आँसु काढ़ी जल-अँजुलि दिउन् बन्धुलाई स्वबन्धु ।
खोजून् लौ ज्ञाति-देहैकन मृतहरुमा गिद्धले खाइएका,
अस्ताए सूर्य, वैरी पनि सँग, अब ती रोकियून् सैन्य सारा ॥

पितृनाम प्रसङ्ग हो ॥ १०४ ॥

जस्तै मृच्छकटिकमा—'चाण्डाल—यो सागरदत्तको छोरो, आर्य विश्वदत्तको नाती, चारुदत्त मार्नाको निमित्त वध्यस्थान(भाचाखुसी)मा लगिन्छ। यसले वेश्या वसन्तसेनालाई सुनको लोभले मार्‍यो' ।

चारुदत्त—

'अघि कति-शय गर्दै यज्ञ, बन्ने पवित्र,
सदन-बिच त मेरो वेदले नाम लिन्थे ।
अब मरणदशा यो आइपर्दा त, पापी
जनहरु त्यहि नामै घोषणामा फलाक्छन् ॥'

यहाँ चारुदत्तको वध र यज्ञादिको अभ्युदयका प्रसङ्गमा गुरु(पितृहरू)को कीर्तन भएकोले यो प्रसङ्ग नामक अङ्ग छ ।

मन-श्चेष्टा-समुत्पन्न श्रम हो खेद भन्दछन् ॥

मनबाट उत्पन्न जस्तै मालतीमाधवमा—

'दुखछ हृदयै गाढ़ोत्कण्ठी, न फुट्छ दुई भई,
धरछ विकृती देहै मोह, न छोड्दछ चेतना ।
जलदछ तनू भित्रैभित्रै, न बन्दछ भस्म ता,
चुटदछ विधी[1] मर्मच्छेदी, न चुँड्दछ जीवन ॥'

यस्तै शारीरिक चेष्टाको पनि उदाहरण जान्नू ।

अभीष्टवस्तु विच्छेद हुनु नै प्रतिषेध हो ॥ १०५ ॥

जस्तै मेरो प्रभावतीमा विदूषकप्रति—'प्रद्युम्न—सँगी ! किन तिमी यहाँ एक्लै

---

१. दैव ।

रहन्छौ। प्यारी संगिनीहरूले पछि लागिएकी मेरी प्रियतमा प्रभावती कहाँ छन् ?। विदूषक—असुरपतिले बोलाएर कहीं लगिइन्। प्रद्युम्न—(लामू सास फेरेर)।

'हा पूर्णचन्द्रमुखि, मत्तचकोरनेत्रे !
हा सुन्दरी ! मकन छोडि गयौ कहाँ नी !!
हे ज्यान ! जा तँ पनि झट्ट छ काम के र ?
त्यो मर्मघाति विधि नै कृतकृत्य होओस् ॥'

बुझाउनू कार्य-नाश, विरोधन बताउँछन् ॥

जस्तै वेणीमा—'युधिष्ठिर—

'तर्दै भीष्म-महोदधी, कठिनले द्रोणाग्नि साँसुँ गरी,
कर्णै सर्प विषालु शान्त गरदै, शल्यै पनी मारदै।
ठूलो साहसि भीमले गरि छिटो थोरै रहेमा जय,
हामी जीवत-संशयै[1] परिगयौं त्यो बोलिले नै सब ॥'

प्ररोचना त्यही जान्नू उपसंहार-सूचक ॥ १०६ ॥

जस्तै वेणीमा—'पाञ्चालक—म चक्रपाणि देवताको साथमा छु। (नगीच गएर) सन्देह छैन।

'पूर्णै हुन् जल राखि रत्नकलशी राज्याभिषेकार्थमा,
कृष्णाका[2] चुलठी फुका जुन थिए कोरेर ती बाटियुन्।
राम[3] क्षत्रिय-वृक्ष-नाशि[4] भुजमा धर्दा तिखो बन्चरो,
भीम क्रोध लिएर युद्ध-बिचमा घुम्दा छ के संशय ? ॥'

कार्यसंग्रह आदान (हो)

जस्तै वेणीमा—हे स्यमन्त पंचकतर्फ जानेहरूहो !

'वैरीको रक्त पोती जिउ भरि घुमने, दैत्य वा भूत हैन,
आफ्नो ठूलो प्रतिज्ञा-जलनिधि[5] तरने, हूँ रिसाहा म क्षेत्री।
हे हे राजन्ययोधा ! समर-अनलले[6] खाइ बाँच्ने जतीको,
यो त्रासैले पुग्यो लौ, हत गज-तुरगैको लुक्यौ बीच केले ? ॥'

यहाँ सम्पूर्ण शत्रुहरूको वध कार्य संग्रहग रिएकोले आदान हो।

---

१. जीवनको सन्देहमा। २. द्रौपदीका। ३. परशुराम। ४. क्षत्रियरूप वृक्षलाई नाश गर्ने। ५. प्रतिज्ञारूपी समुद्र। ६. युद्धरूपी आगोले।

त्यो हो छादन भन्दछन् ॥
अपमानादि सहनु कार्यसिध्यर्थ होस् जहाँ ॥ १०७ ॥

जस्तै त्यहीं नै—अर्जुन—आर्य !

'नमोठो बोलि यो बक्छ गर्न सक्तैन कामले ।
सय भाई मरी दुःखी, यस्को बक्बकले छ के ॥'

निर्वहणसन्धिका अङ्गहरू—

सन्धि, विबोध, ग्रथन, निर्णय, परिभाषण, ॥
कृति, प्रसाद, आनन्द, समय, उपगूहन, ॥ १०८ ॥
भाषणं, पूर्वको वाक्य, काव्यसंहार, यो अनि ॥
प्रशस्ति, यति संहारमहाँ अङ्ग त चौध छन् ॥ १०९ ॥

तोमध्ये—

बीजोत्थान त हो सन्धि

जस्तै वेणीमा—'भीम—श्रीमती यज्ञवेदिसम्भवा[1] ! मैले भनेको तिमीले संझेकी छौ 'छिट्टै गरीकन घुमाइ गदा' इत्यादि । यहाँ मुखसन्धिमा कहेका बीजलाई फेरी उत्थान गरेकोले सन्धिनामक अङ्ग छ ।

कार्य खोज्नु विबोध हो ॥

जस्तै त्यहां नै—'भीम—श्रीमान्‌बाट मलाई एकछिन छोड़िदिनुहोस् । युधिष्ठिर—अब अरु के बाँकि छ र । भीम—धेरै बाँकी छ । पहिला यो दुर्योधनको रगतले भिजेको हातले द्रौपदीको दुःशासनले तानेको केशपाश सँभाल्दछु । युधिष्ठिर—तिमी जाऊ । वेचारीले चुल्ठी सँभालेको अनुभव गरून् ।' यहाँ केश सँभालनुरूप कार्यको खोजी हुनाले विबोध छ ।

कार्यको साँचनू नै हो ग्रथनम्

जस्तै त्यहीं नै —'भीम—पाञ्चाली ! म जीवित रहेसम्म दुःशासनले लुछेको चुल्ठी आफना हातले न सँभाले । पख, खूद मैले नै सँभाल्नेछु ।' यहाँ रोकिएकोले ग्रथन छ ।

अनि निर्णय ॥ ११० ॥

अनुभूतार्थ भन्नू हो

जस्तो त्यहीं नै—'भीम—महाराज अजातशत्रो ! अझसम्म पनि दुर्योधन अधर्मी । मैले त त्यो दुरात्माको—

---

१. यज्ञको वेदिबाट उत्पन्न भएकी (हे द्रौपदी !) ।

'पृथ्वीमा देह फेकें, रगत पनि त लौ चन्दनै-तुल्य लाएँ,
राजामा राजलक्ष्मी पनि जलधि सिमा भूमिका साथ राखें ।
युद्धाग्नीमा डढाएँ कुरुकुल सहितै मित्र, योधा र भृत्य,
त्यो यौटा नाम भन्नोस् क्षितिप[१] यहि छ लौ शेष दुर्योधनेको ॥'

भन्दछन् परिभाषण ॥

निन्दाले युक्त बोली हो

जस्तै शाकुन्तलमा—'राजा—श्रीमती ! अब यहाँ श्रीमती के नामका राजर्षिकी पत्नी ? । तापसी—धर्मपत्नीलाई त्याग गर्ने त्यस्को कस्ले नाम लेला ?' ।

लब्धार्थ-शम हो कृति ॥ १११ ॥

जस्तै वेणीमा—'कृष्ण—यहाँ-माननीय व्यास-वाल्मीकि आदिहरू अभिषेक लिएर खड़ा रहनुभएको छ ।' यहाँ राज्याभिषेकको मङ्गलप्राप्तिबाट स्थिरता सूचित हुनाले कृति छ ।

सेवा-आदि हो प्रसाद

जस्तै त्यहीं नै—भीमले द्रौपदीका केश सँभालनु ।

आनन्द छ शुभागम ॥

जस्तै त्यहीं नै—'द्रौपदी—हजुरको अनुग्रहले यो काम बिर्सियो फेरि पनि विन्ति गर्नेछु ।

हो दुःख हट्नु समय

जस्तै रत्नावलीमा—'वासवदत्ता—(रत्नावलीलाई अङ्कमाल गरेर) शान्त्वना लेऊ बहिनी ! शान्त्वना लेऊ ।'

हुन्छ त्यो उपगूहन ॥ ११२ ॥

जस्मा होस् अद्‌भुतै लाभ

जस्तै मेरो प्रभावतीमा नारदलाई देखेर प्रद्युम्न (आकाशतिर हेरेर)—

'धरी विद्युल्लेखाकन[२] कुसुल-माला-सरि गरी
सुवासैले भौंरा वरपर घुमी गान गरिने ।
दिशा पारी सेता शशि-सरि उजेला स्वरुचिले
झर्‍यो की कैलासै यहि गगनदेखी छ कुन यो ? ॥'

सामदानादि भाषण (हो) ॥

---

१. पृथ्वीपालक (राजा) । २. बिजुलीको रेखालाई ।

जस्तै चण्डकौशिकमा—'धर्म—हुन्छ आऊ, धर्मलोकमा वस ।

देखाउनु यथोक्तार्थ पूर्ववाक्य कहिन्छ त्यो ॥ ११३ ॥

जस्तै वेणीमा—'भीम—बुद्धिमतिके ! कहाँ छन् ती भानुमती ? (दुर्योधनकी रानी) । अब पाण्डवहरूकी रानी (द्रौपदी)लाई तिरस्कार गरून् ।'

पाउनू वरदानादि काव्यसंहार भन्दछन् ॥

जस्तै सबै नाटकहरूमा—'अब फेरी तिमीलाई म के प्यारो उपकार गरौं ? ।'

राजा-देशादिको शान्ति प्रशस्ति कहलाउँछ ॥ ११४ ॥

जस्तै -प्रभावतीमा—

'राजाले सुत झैं गरेर अहिले देखून् सदा स्वप्रजा,
बाचून् ती सदसद्विवेक-चतुरा साधू गुणग्राहि नै ।
सस्यस्वर्ण-समृद्धि[1] नै अधिक हुन् यो भूमि-घेरा भरी
श्रीनारायणमा तिनै जगतको एकाग्र भक्ती रहोस् ॥'

यहाँ अन्तमा उपसंहार र प्रशस्तिको स्थिति यही क्रमले हुन्छ । 'यी अङ्गहरूका मध्यमा मुखसन्धिमा—उपक्षेप, परिकर, परिन्यास, युक्ति, उद्भेद र समाधानको प्रधानता; प्रतिमुखमा—परिसर्पण, प्रगमन, वज्र, उपन्यास र पुष्पको; गर्भमा—अभूताहरण, मार्ग, त्रोटक, अधिवल, र क्षेपको; विमर्शमा—अपवाद शक्ति, व्यवसाय, प्ररोचना र आदानको, प्रधानता हुन्छ । शेष अङ्गहरूको यथासम्भव स्थिति हुन्छ –' यस्तो कोही मान्दछन् ।

यस्को चौसट्ठि नै अङ्ग हो भनी विज्ञ भन्दछन् ॥
त्यस्को सन्धि अनियत हुँदामा पनि राखनू ॥ ११५ ॥
रसानुगुणता हेरी, रसैको हुन्छ मुख्यता ॥

जस्तै वेणीसंहार तृतीय अङ्कमा—दुर्योधन र कर्णको संवादमा मुखसन्धिको अङ्गभूत सम्प्रधारण देखाएको छ । यस्तै अन्यत्र पनि जान्नू । जो रुद्रटादिहरूले यी सबै यथास्थान नियत हुनुपर्छ भनेका छन् त्यो लक्ष्यको विरुद्ध छ (उदाहरणहरूमा यस्को विपरीत देखिन्छ) ।

अङ्गका फलहरू—

इष्टार्थ-रचना, ऽऽश्चर्यलाभ, वृत्तान्त-विस्तर, ॥ ११६ ॥
रागप्राप्ति, प्रयोगैमा गोप्यको गोपनीयता ॥
प्रकाश्यको प्रकाशनू, हो अङ्गको छ-थरी फल ॥ ११७ ॥

---

१. धान्यादि र सुवर्णको सम्पत्ति ।

जस्तो हीनाङ्ग पुरुष कार्यमा असमर्थ छ ॥
त्यस्तै हीनाङ्ग भै काव्य प्रयोगार्थ अयोग्य छ ॥ ११८ ॥
सन्ध्यङ्ग सम्पन्न गरून् नायक, प्रतिनायक, ॥
ती न हुन् त, पताकादि, नभए ती अरू पनि ॥ ११९ ॥

सन्धिका अङ्गहरू प्रायः प्रधान पुरुषहरूले नै प्रयोग गर्न योग्य हुन्छन्। किन्तु उपक्षेप, परिकर र परिन्यास यी तीनमा वीजभूत अर्थ अत्यन्त थोरै रहेकोले यिनको अप्रधान पुरुषहरूद्वारा नै प्रयोग ठिक हुन्छ।

रसव्यक्ति विचारेरै यी अङ्गहरु राखनू ॥
मर्यादा शास्त्रको भन्नलाई मात्र न होस् उ त ॥ १२० ॥

जस्तै कि, वेणीमा दुर्योधनको भानुमतीका साथ श्रृङ्गार देखाइएको छ, त्यो त्यस्तो समयमा अत्यन्तै अनुचित हुन्छ।

अविरुद्ध पनी वृत्त, रसाभिव्यक्तिमा बढी[1] ॥
त्यो, बुद्धिमान्‌ले बदलोस् अथवा नकहोस् पनि ॥ १२१ ॥

यिनीहरूको उदाहरण सत्प्रवन्धहरूमा स्पष्ट नै छ।

वृत्तिहरूको वर्णन—

श्रृङ्गारमा कैशिकी होस्, रौद्र-वीभत्स-वीरमा ॥
सात्वत्यारभटी वृत्ति, सबैमा वृत्ति भारती ॥ १२२ ॥
यी चार वृत्ति नै हुन्छन् मातृका सर्व-नाट्यका ॥
हुन् नायकादि-व्यापार विशेषै नाटकादिमा ॥ १२३ ॥

तीमध्ये कैशिकी—

जस्मा छ नेपथ्य-विधान रम्य, स्त्री धेर औ नृत्य र गीत धेर ॥
कामोपभोग-प्रचुरोपचार, विलासले युक्त, उ कैशिकी हो ॥ १२४ ॥
नर्म र नर्मस्फूर्ज, नर्मस्फोट औ नर्मगर्भ पनि ॥
छन् चार अङ्ग यस्का
विलासको खेल हो नर्म ॥ १२५ ॥
जनलाई प्रीति गर्ने त्यो पनी छ तिनै-थरी ॥
शुद्धहास्य र श्रृङ्गार-भयले युक्त हास्यको ॥ १२६ ॥

तीमध्ये केवल हास्यले गरिएको नर्म जस्तै रत्नावलीमा—'वासवदत्ता—

---

१. अधिक।

(फलेक देखाएर) यो अर्को पनि तिम्रो सामनेमा लेखिएको, श्रीमान् वसन्तकको शिप यही हो कि ? ।'

श्रृङ्गारहास्यले जस्तै शाकुन्तलमा—राजाप्रति 'शकुन्तला—असन्तुष्ट भएर के गर्नेछन् त ? राजा—यो । (अगि सर्छन् , शकुन्तला मुख फिराउँछिन्) ।'

सभयहास्यले जस्तै रत्नावलीमा—चित्र देखाएको वेलामा—'सुसंगता—यो वृत्तान्त मैले चित्रको साथै जानिएको छ । अब महारानीकहाँ गएर विन्ति गर्दछु ।'

यो वाक्यसम्बन्धी नर्मको उदाहरण हो । यस्तै भेष र चेष्टा सम्बन्धी नर्मको पनि जान्नू ।

नर्मस्फूर्ज, नयाँ भेट, सुखारम्भ, भयान्त छ ॥

जस्तै मालविका संकेतस्थानमा आउँदा—'नायक—

'त्यजन सुन्दरि संगमको डर, प्रणय-उन्मुख छू अघिदेखि नै ।
सरस आँप-सरी बनने ममा तिमि लता बनि वेष्टन लौ गर ॥'

'मालविका—'स्वामि ! महारानीको डरले आफूलाई पनि प्यार गर्न सक्तिन' इत्यादि ।

नर्मस्फोट—

हो नर्मस्फोट श्रृङ्गार थोरै औ भाव थोरको ॥ १२७ ॥

जस्तै मालतीमाधवमा—

'हिंडाइ अलसी, शून्यै दृष्टी, शरीर असुन्दर,
श्वसित छ अती, यो के हो ? वा अरू छ कुनै यहाँ ?
घुमछ भुवनमा कामाज्ञा, विकारि छ यौवन,
ललित मधुरै ती चेष्टा त फेंक्छन धीरता ॥'

यहाँ अलस्याईको हिंड़ाई इत्यादि भावलेशहरूबाट माधवको मालतीमा केही अनुराग सूचित हुन्छ ।

छिपेर वस्ने नेताको कार्य ता नर्मगर्भ हो ॥

जस्तै त्यहीं नै सँगिनीको रूप धारण गर्ने माधवबाट मालतीलाई मरणको उद्योगदेखि रोकनु ।

सात्वती—

सत्व, शौर्य, त्याग, दया, ऋजुता-युक्त, सात्वती ॥ १२८ ॥
सहर्ष, क्षुद्र श्रृङ्गार, विशोक र छ साद्भुत ॥
उत्थापक र सांघात्य, संलाप, परिवर्तक ॥ १२९ ॥

सात्वतीका यिनै चार विशेष कहलाउँछन् ॥
हो उत्थापक वैरीमा बोली उत्तेजनात्मक ॥ १३० ॥

जस्तै महावीर चरितमा—

* 'आनन्दार्थ र विस्मयार्थ अथवा दुःखार्थ मैले तँ ता,
हेरिन्छस्, न वितृष्ण छन् नयन यी देख्ता तँलाई यहाँ ।
त्यो माङ्गल्यसुखी म भैन विषयै, धेरै कुरा के भनौं ?
जागोस् विस्मृतजामदग्न्य विजयी[1] बाहूमहाँ लौ धनू ॥'

हो संघभेद सांघात्य मन्त्रार्थ-दैवशक्तिले ॥

मन्त्रशक्ति र अर्थशक्तिले जस्तै मुद्राराक्षसमा—राक्षसका सहायकहरूलाई चाणक्यको बुद्धिद्वारा फुटालनु । दैवशक्तिले जस्तै रामायणमा रावणसँग विभीषण-को विरोध ।

संलाप हो गभीरोक्ति नानाभाव-समाश्रित ॥ १३१ ।

जस्तै वीरचरितमा—'राम—हो लौ, यो त्यै बन्चरो हो, जो गणहरू सहित कार्तिकेयलाई जितनाले प्रसन्न भएका भगवान शङ्करले हजारौं वर्षका पुराना शिष्य तपाईंलाई दिनुभएको थियो । परशुराम—हो, राम दाशरथी ! यो उनै गुरुजीको प्यारो परशु (बन्चरो) हो' इत्यादि ।

प्रारब्धभिन्नको कार्य गर्नु हो परिवर्तक ॥

जस्तै वेणीमा—'भीम—सहदेव ! जाउ तिनी गुरुको पछि लाग । म पनि शस्त्रास्त्रको भँडारमा पसेर हतियार सहित हुन्छु । अथवा मैले द्रौपदी सल्लाह लिनु-पर्ने नै भएकी छन् ।

आरभटी—

मायेन्द्रजाल-संग्राम-क्रोधोद्भ्रान्तादि-चेष्टित ॥ १३२ ॥
वध-बन्धादिले युक्त हुन्छ आरभटी यही ॥
वस्तूत्थापन, संफेट, संक्षिप्ति, अवपातन, ॥ १३३ ॥
अङ्ग आरभटीका छन् चार यी विज्ञ भन्दछन् ॥
मायादिले उत्थ वस्तु वस्तूत्थापन हो उ त ॥ १३४ ॥

---

* यो श्लोक रामचन्द्रप्रति बालीको उक्ति हो । १. परशुरामलाई जितेको बिर्सने ।

जस्तै उदात्तराघवमा—

'आकाशै भरने घनान्ध-तमले जेता पनि सूर्यका,
सारा उज्ज्वल ती प्रकाश जितछन् कस्तो अकस्मात् अहो !
मुर्कट्टाहरुको गलारगतले डाहा हुँदा पेटमा,
फेंक्छन् लौ मुखबाट अग्नि बहुतै रोएर ती श्याल ता ॥'

रिसाई दुइले हान्नू संफेट कहलाउँछ ॥

जस्तै मालतीमाधवमा—माधव र अघोरघण्टको ।

संक्षिप्त वस्तु रचनू शिल्प वा अरु हेतुले ॥ १३५ ॥
नेता बदलिनू, हट्नू, पनी संक्षिप्ति भन्दछन् ॥

जस्तै उदयनचरितमा काठको हात्तीद्वारा धोका दिएर उदयनलाई पक्रनु । दोस्रो जस्तै—बाली हटेपछि सुग्रीवलाई राज्यलाभ हुनु । तेस्रो जस्तै—परशुरामको औद्धत्य हटेपछि शान्त भएर 'ब्राह्मण जात शान्ति लिने—' इत्यादि भन्नु ।

प्रवेश-त्रास-निष्क्रान्ति-हर्ष-विद्रव-जन्य ॥ १३६ ॥
अवपातन ता भन्छन्

जस्तै कृत्यरावण षष्ठ अङ्कमा—'(खड्ग हातमा लिएको पुरुष प्रवेश गरेर)' यहाँदेखि लिएर निष्क्रमण पर्यन्त ।

कहियो अघि भारती ॥

नाटकका उक्तिका भेदहरू—

सुनाइँदैन जो बात स्वगतम् त्यो भनिन्छ लौ ॥ १३७ ॥
बेरोक सबले सुन्ने प्रकाशम् भनि भन्दछन् ॥
त्यो रहस्यं छ यौदाको मुख फर्की कहिन्छ जो ॥ १३८ ॥
त्रिपताका कर गरी हटाई अरु, वृत्तमा ॥
सल्लाह आपसी जो हो त्यो एकान्त जनान्तिकं ॥ १३९ ॥
के भन्दछौ ? नाट्य-बीच विना पात्र भनिन्छ जो ॥
सुने झैं गरि त्यो बात हुन्छ आकाश-भाषितं ॥ १४० ॥

जो कुरा जोसँग छिपाउनु छ त्यसको बीचमा हातका अरु औंला ठड्याई, बुढ़ी औंलो र साहिंली औंलो निहुराई (त्रिपताका) हात गरेर अर्को मानिससँग जो वार्तालाप गरिन्छ त्यो जनान्तिक हो । अर्कोतिर फर्केर अर्को मानिससँग कुरा गर्नु अपवारित हो । अरु स्पष्टै छ ।

दत्ता, सिद्धा र सेना यो वेश्याका नाममा रहोस् ॥
बनियाँको दत्त हवस्, नाम चेटी र चेटको ॥ १४१
वसन्तादिकमा वर्ण्य वस्तुको नामले रहोस् ॥

वेश्या जस्तै—वसन्तसेना। बनियाँ—विष्णुदत्तादि। चेट—कलहंसादि। चेटी—मन्दारिका इत्यादि।

नाम राख्नू नाटकको गर्भितार्थ-प्रकाशक[1] ॥ १४२ ॥

जस्तै—रामाभ्युदय इत्यादि।

नायक-नायिका-नाम रहोस् प्रकरणादिमा ॥

जस्तै—मालतीमाधव इत्यादि।

नाटिका-सट्टकादीमा नायिका होस् विशेषण ॥ १४३ ॥

जस्तै—रत्नावली नाटिका, कर्पूरमञ्जरी सट्टक इत्यादि।

प्रायः ण्यन्त हुने 'साधि' 'गमि' को स्थान पाउँछ ॥

जस्तै—शाकुन्तलमा—ऋषी, हरूले 'गच्छावः' को ठाउँमा 'साधयावः' प्रयोग गरिएको छ।

नाटकमा पात्रहरूका परस्पर व्यवहारमा उपयोग गरिने शब्दहरूको निर्देश—

राजा, स्वामी, देव, यस्तो भृत्यले, भट्ट नीचले ॥ १४४ ॥
राजर्षिले सँगी यस्तो औ विदूषकले पनि ॥
राजन् यस्तो त ऋषिले पिता-कुल[2] चिन्हाउँदै ॥ १४५ ॥
विप्रले नाम-कुलले[3], अरूले विप्र आर्य यो ॥
वयस्य वा नाम तोकी राजाले त विदूषक ॥ १४६ ॥
परस्परै आर्य, आर्या नटी वा सूत्रधारले ॥
पारिपार्श्विकले भन्नू भाव यो सूत्रधारमा ॥ १४७ ॥
सूत्रधा-ले मारिष यो, नीच हण्डे परस्पर ॥
वयस्य श्रेष्ठले, हंहो मध्यले, आर्य भाइले ॥ १४८ ॥
देवर्षि, संन्यासिलाई भगवान् सबले भनून् ॥
भनोस् रानी र केटीमा भवती यो विदूषक ॥ १४९ ॥

---

१. भित्रि अर्थलाई प्रकाश गर्ने। २. दाशरथी, पाण्डव, रघुनन्दन इत्यादि। ३. विश्वामित्र, कौशिक इत्यादिले।

आयुष्मन् रथिमा सूत, वृद्धमा तात अन्यले ॥
भाई, शिष्य र छोरोमा वत्स, पुत्रक, तात र ॥ १५० ॥
नाम वा गोत्रले भन्नू, नीचले आर्य मन्त्रिमा ॥
अमात्य वा सचिव यो विप्रले भन्नुपर्दछ ॥ १५१ ॥
साधुलाई तपस्वी र प्रशान्त विज्ञले भनोस् ॥
सुनामधन्य भगवन् शिष्यादिहरूले भनोस् ॥ १५२ ॥
गुरुलाई उपाध्याय, महाराज र भूपमा ॥
स्वामी यो, युवराजा त कुमार, भर्तृदारक ॥ १५३ ॥
कुमारलाई नीचोले भद्र, सौम्यमुखादि नै ॥
दुनियाँले राजपुत्री भनियून् भर्तृदारिका ॥ १५४ ॥
श्रेष्ठ-मध्य-नीच जन स्त्रीलाई पतिलाइ झैं ॥
वेश्याको अज्जुका, प्रेष्या हञ्जे, सदृशकी हला ॥ १५५ ॥
अम्बा भनिन्छे कुट्टनी, पूज्य ज्यादै-बुढी पनि ॥
समयागत पाखण्डीलाई त्यै-चिह्नले भनोस् ॥ १५६ ॥
शकादिलाइ ता भन्नू भद्र-दत्तादि-नामले ॥
जस्को जो काम वा शिल्प विद्या वा जाति नै हवस् ॥१५७॥
त्यही नाम गरी भन्नू, अरू जान्नू यथोचित ॥

भाषाहरूको विभाग—

होओस् संस्कृत भाषा नै विद्वान् उत्तम मध्यको ॥ १५८ ॥
सूरसेनीमा प्रयोग त्यस्तै स्त्रीजनको पनि ॥
यिनीका गीतहरुमा महाराष्ट्री गराउनू ॥ १५९ ॥
राजान्तः पुरचारीले भाषा ता मागधी भनोस् ॥
राजपुत्र, श्रेष्ठ, चेट यिनले अर्ध-मागधी ॥ १६० ॥
विदूषकादिको गौडी, धूर्तको त अवन्तिज ॥
पौर-योधा-जुवाडीको वैदर्भी बोलि राखनू ॥ १६१ ॥
शकादिको, शबरको शाबरी बोलि नै रहोस् ॥
उत्तरीको त बाल्हीक, द्राविडी द्रविडादिको ॥ १६२ ॥
अहीरको होस् आभीरी, चाण्डाली पुक्कसादिको ॥
आभीरी शाबरी होउन् काष्ठपात्रोपजीविको ॥ १६३ ॥

लोहादि-धातुजीवीको पैशाची होस् पिशाचवाक् ॥
चेटी उत्तम-मध्याको पनि होस् सौरसेनिका ॥ १६४ ॥
बालको, षण्ढको त्यस्तै बालग्रह-विचारिको ॥
उन्मत्तको आतुरको त्यै नै होस् कहिं संस्कृत ॥ १६५ ॥
ऐश्वर्यले उमालीने दारिद्र्यैले सताइने, ॥
भिक्षु, वल्कलधारीको भाषा प्राकृतमा रहोस् ॥ १६६ ॥
उच्च सन्यासिनी स्त्रीको संस्कृतैमा प्रयोग होस् ॥
रानी, मन्त्रिसुता, वेश्याको पनी कोहि भन्दछन् ॥ १६७ ॥
जो देशको नीचपात्र त्यस्को त्यै देश-बोलि होस् ॥
कार्यले उत्तमादीको भाषा बदलियोस् पनि ॥ १६८ ॥
रानी, सखी, बाल, वेश्या, अप्सरा र जुवाडिको ॥
चातुर्य सूच्न बिचमा दिनू संस्कृत नै पनि ॥ १६९ ॥

यिनका उदाहरणहरू नाटकहरूमा स्पष्ट छन्। भाषाका लक्षणहरू श्रीपिता-ज्यूका भाषार्णवमा छन्।

यस्मा लक्षण छत्तीस, नाट्यालंकृति ता अनि ॥
तेत्तीस, वीथ्यङ्गहरू तेह, त्यस्तै प्रयोगमा ॥ १७० ॥
लास्याङ्ग दश, यी राख्नू रसपुष्टचर्थ जो मिलुन् ॥

जो पाउन सकिन्छ प्रयोग गर्नु भन्ने हो। यस्मा = नाटकमा हो।

तीमध्ये लक्षण छत्तिस—

भूषणा,-ऽक्षरसंघात, शोभो, दाहरणं, अनि ॥ १७१ ॥
हेतु, संशय, दृष्टान्त, तुल्यतर्क, पदोच्चय, ॥
निदर्शन, अभिप्राय, प्राप्ति, त्यस्तै विचार, नै ॥ १७२ ॥
दिष्टो, पदिष्ट, र गुणातिपाता,-ऽतिशयै, पनि ॥
विशेषण, निरुक्ती, र सिद्धि, भ्रंश, विपर्यय, ॥ १७३ ॥
दाक्षिण्य, औ अनुनय, माला,-ऽर्थापत्ति, गर्हण, ॥
पृच्छा, प्रसिद्धि, सारूप्य, संक्षेप, गुणकीर्तन, ॥ १७४ ॥
लेश, मनोरथा,-ऽनुक्तसिद्धि, औ प्रियवाक्य, यी ॥
हुन् लक्षण

तीमध्ये—

अलंकार गुण-योग छ भूषण ॥ १७५ ॥

जस्तै—

'मुग्धे ! तिम्रो मुखश्री त हेप्तछन् अरविन्दले ।
कोष[1]-दण्ड[2] हुने यिन्को दुष्करै पनि के छ र ? ॥'

हो त्यो अक्षरसंघात चित्रार्थाऽक्षर-वर्णना ॥

जस्तै शाकुन्तलमा—'राजा—तपाईंहरूकी सँगिनीलाई शरीरको सन्तापले पीड़ा गरेको त छैन की ? । प्रियंवदा—अहिले थोरै औषधीले शान्त हुनेछ ।'

जहाँ सिद्धार्थका साथै अप्रसिद्धार्थ आउँछ ॥ १७६ ॥
श्लेष, शूक्ष्म, विचित्रार्थ हुने, शोभा कहिन्छ त्यो ॥

जस्तै—

'सद्वंशमा[3] हुने, शुद्ध[4], कोटिदाता[5], गुणी[6], पनि ।
धनु-जस्तै अतिक्रूर[7], प्रभु वर्ज्य छ सन्तको ॥'

जहाँ तुल्यार्थले युक्त, वाक्यले वक्तृ-भाव भै ॥ १७७ ॥
इष्टार्थ सूचिने हुन्छ त्यो उदाहरणं छ लौ ॥

जस्तै—

'मृत-कान्त[8] पछेट्नूले तिमीले ता भलो गऱ्यौ ।
विना सूर्य दिनश्री के ? विना चन्द्र निशा छ के ? ॥'

संक्षेपले अर्थ सूच्ने इष्ट वाक्य त हेतु हो ॥ १७८ ॥

जस्तै वेणीमा भीमप्रति—'चेटी—यस्तो मैले भनें—'भानुमति ! तपाईंहरूका केशहरू नफुकेमा कसरी देवीका केशहरू सँभालिइन्छन् ? ।'

अज्ञाततत्व वाणीमा अनिश्चय छ संशय ॥

जस्तै—ययाति विजयमा—

'यी हुन् महेन्द्रकी लक्ष्मी, हुन् कि यी यक्षकन्यका ? ।
अथवा यै विषयकी देवी, वा हुन् कि पार्वती ? ॥'

---

१. बीजकोष र मुलुकीखाना । २. कमलनाल र चतुर्थोपाय (दण्ड) । ३. बढ़िया कुलमा वा असल बाँसमा । ४. पवित्र वा कीरा नलागेको । ५. करोड़ौं दिने वा दुवैतिर टुप्पी भएको । ६. शौर्यादि गुण भएको वा ताँदो बाधिने । ७. अतिकुटिल वा अतिकठिन (ज्यादै कड़ा) । ८. मरेको पति ।

हेतुदर्शन दृष्टान्त हो यथार्थ सधाउन ॥ १७९ ॥

जस्तै – वेणीमा—'सहदेव—आर्य, यो कुरा हुनु त्यस्को उचितै छ किनभने त्यो दुर्योधनकी स्त्री हो ।' इत्यादि ।

प्रकृतार्थैंबाट तर्क जो हो त्यो तुल्यतर्क हो ॥

जस्तै त्यहीं नै—

'धेरैजसो नै देखिन्छन् सपना ती शुभाशुभ ।
सयौं पुगिन् यिनी मानौं सभ्राता मकनै छुँदी ॥'

अर्थानुरूप पदको हो समूह पदोच्चय ॥ १८० ॥

जस्तै शाकुन्तलमा—

'अधर[1] छ पल्लव-राग[2], कोमलविटपानुकारि[3] छन् बाहु ।
कुसुम-सरि छ लोभनीय यौवन ती अङ्गमा-मिलने[4] ॥'

यहाँ पद र अर्थहरू दुवैमा नै समान सुकुमारता छ ।

प्रसिद्ध अर्थको जस्मा गरिने हुन्छ कीर्तन ॥
परपक्ष निरासार्थ[5] त्यो निदर्शन भन्दछन् ॥ १८१ ॥

जस्तै—

'भो,[6] शत्रुबधमा राजन् ! क्षात्रधर्मोक्त धर्मले ।
हेर्नोस् विमुख[7] बालीमा रामले हानियो शर ॥'

अभिप्राय छ सादृश्यबाट अद्भुत-कल्पना ॥

जस्तै शाकुन्तलमा—

'स्वभावले सुन्दर यो शरीरले कडा तपस्या-क्लम साध्न[8] इच्छु छन् ।
अवश्य नीलोत्पलपत्र-धारले समित्-लता[9] काट्न ऋषी[10] तयार छन् ॥'

प्राप्ति हो केहि अंशाले अनुमान कुनै जहाँ ॥ १८२ ॥

---

१. तल्लो ओठ । २. पालुवाजस्तो लाली भएको । ३. वृक्षको हाँगादेखि माथिको कोमल हाँगा तुल्य । ४. अङ्गमा जुटेको (मुख कान्तिले चहकिलो, नेत्रमा चञ्चलता, घाँटीमा तीन रेखा हुनु, छातीमा स्तन उठनु, नाभि गहिरो हुनु, नितम्बको मध्यभागमा खाल्टा पर्नु, नितम्बको दुवै पट्टीको भाग चारकुने हुनु, जाँघ-तिघ्रा-घुँडा-पिडौंला मासुले पुष्ट हुनु, हिंड़ाइ हाँसको जस्तो हुनु इत्यादि) । ५. अर्को पक्ष हटाउनालाई । पुग्यो (केही काम छैन) । ७. सुग्रीवतर्फ मुख गरी लड़ाइँ गर्न लागेको । ८. सिद्ध गर्न । ९. समिधाको लहरा । १०. कण्व ऋषि ।

जस्तै मेरो प्रभावतीमा—'यो सबैतिर घुमने भमराले मेरी पियारी प्रभावतीलाई जानेको होला'।

विचार युक्तिवाक्यैले हो अप्रत्यक्ष-साधन ॥

जस्तै मेरो चन्द्रकलामा—'राजा—अवश्य नै यिनीभित्र मदनविकार छिपेकी छन्। किनभने—

'हाँस्छिन् मन नलगाई देखिछन् ता पनी देख्तिनन् केहि।
कुरा गरदा सखीले असमञ्जस[1] उत्तरा दिन्छिन्॥'

देश-कालानुसारैको वर्णना दिष्ट भन्दछन्॥ १८३॥

जस्तै वेणीमा—सहदेव—

'बिजुली-सरि यो ज्योति दाज्यै क्रुद्ध हुँदा बढ्यो।
त्यो, वर्षाकालले जस्तै कृष्णाले झन् बढाउलिन्॥'

शास्त्रानुसारले राम्रो बोलनू उपदिष्ट हो॥

जस्तै शाकुन्तलमा—

'गर्नू चाकरि मान्यको, प्रियसखी-वृत्ती लिनू सौतिमा,
हेलाँ नै पतिको भए पनि रिसैले लौ न टेढी हुनू,।
बन्नू सेवकमा दयालु, सहनू जस्तो परे ता पनि,
यस्तो भै गृहिणी-पदै[2] त कुलका छोरीहरू पुग्दछन्॥'

गुणातिपात हो कार्य विपरीत गुण-प्रति॥ १८४॥

जस्तै मेरो चन्द्रकलामा चन्द्रप्रति—

'यदि हर्छौ तमलाई पकडन्छन् सबले पाऊ।
पशुपतिको शिर बस्छौ, तै पनि हा! स्त्रीको जीवन हर्छौ॥'

सामान्यगुणको वृद्धि गुणातिशय हो उ त॥

जस्तै त्यहीं नै—'राजा—(चन्द्रकलाको मुख देखेर)।

'दुई भित्रै राम्रा कुसुम-युत नीलाब्ज रहने,
गला राम्रो धर्ने, उपर भमरा धेर जुटने,।

---

१. अयोग्य। २. सतीले पाउने पद (स्वर्गादि)।

विना-दोषासङ्गै[1] पनि सब कलाले[2] भरपुर,
कसोरी यो तिम्रो सुमुखि ! अकलङ्की शशि[3] जुट्यो ! ।।'

कही सिद्धार्थ धेरै, हो विशेषोक्ति विशेषण ।। १८५ ।।

जस्तै—

'तृष्णा[4] हर्ने र विमल[5], द्विजावास[6], जन प्रिय[7] ।
रह पद्माकरै[8], हो त्यो जला(डा)शय[9], तिमी बुध[10] ।।'

पूर्व सिद्धार्थ कहनू निरुक्ति भनि भन्दछन् ।।

जस्तै वेणीमा—

'मार्ने सबै कुरू, मत्त त्यो दुःशासन-रक्तले ।
दुर्योधनोरु नै भाँच्ने, भीम यो नति गर्दछ ।।'

धेरैको कीर्तनै सिद्धि हो त्यो इष्टार्थसिद्धिमा ।। १८६ ।।

जस्तै--

'जो वीर्य कूर्मराजाको, शेषको जो छ विक्रम ।
पृथ्वी-रक्षणमा राजन् ! एकै हजुरमा छ त्यो ।।'

दृप्तादिले भ्रंश हो त्यो वाच्यको उलटो कही ।।

जस्तै वेणीमा—कञ्चुकीप्रति—'दुर्योधन—

'सब सेवक, मित्र, बान्धव, सुत, भाई सँग मार्छ झट्पट ।
म सुयोधनलाइ कंचुकी ! रणमा सैन्य लिएर पाण्डव ।।'

विचार उल्टिनू हो त्यो सन्देहैले, विपर्यय ।। १८७ ।।

जस्तै—

'अदाता लोक ठानेर सन्तोष जुनले लिए ।
राजा तपाईं रहँदा छैनन् ती त्यो मती लिने ।।'

---

१. दोषरहित र रात्रिसँग सम्बन्ध नहुँदै । २. कलाशास्त्रहरू र सोह्रौं कलाले पनि । ३. चन्द्रमा । ४. धनेच्छा र तीर्खा । ५. पापले र हिलोले रहित । ६. ब्राह्मण र पक्षीको स्थान । ७. जनले प्यार गरिने । ८. लक्ष्मी नै हात भएको र कमलको आधार भएको । ९. जल भएको वा जाड्य(अज्ञान)को स्थान । १०. विद्वान् । ११. सब सेवक इत्यादि = चाँडै मार्दैन भन्नु इष्ट थियो,चाँडै मार्दछ यस्तो उल्टो पर्न गयो ।

दाक्षिण्य चेष्टा-बोलीले पर-चित्त बुझाउनू ॥

बोलीले जस्तै—

'सजाऊ यो पुरी लङ्का, बन्यौ राजा विभीषण ! ।
रामले च्यापिनेको त सिद्धि हर्दैन विघ्नले ॥'

यस्तै चेष्टाले पनि जान्नू ।

पियारा वाक्यले अर्थ साध्नू अनुनयै छ त्यो ॥ १८८ ॥

जस्तै वेणीमा—अश्वत्थामाप्रति, 'कृप—दिव्यास्त्र प्रयोगमा अद्वितीय, परशुरामतुल्य-पराक्रम भएका, तिमीमा के कुरा सम्भव छैन ? ।'

माला हो इष्टसिध्यर्थ अनेकार्थ जनाउनू ॥

जस्तै शाकुन्तलमा—'राजा—

'ठन्डा, थकाइ हरने, कण-साथ हावा
हम्कौं कि पद्म-दलको म बनाइ पङ्खा ।
या काखमा चरण राखि ति पद्म-ताम्र
दाबौं कि सुन्दरि ! तिमी जुन चाह गर्छ्यौ ॥'

हो अर्थापत्ति अन्यार्थ अर्थान्तर कही हुने ॥ १८९ ॥

जस्तै वेणीमा—'द्रोण अश्वत्थामालाई अङ्गराज्यमा अभिषेक गर्न चाहन्छन् भनी कह्ने कर्णप्रति, राजा—ठीक छ अङ्गराज ! ठीक । नभए कसरी

'किरीटिले वध्यमान[1] जयद्रथकनै दिई ।
अभीति[2], ती अतिरथी[3] नछोड्न[4], अरु के भनौ ?'

दोष उद्घोषणा गर्दै भर्त्सना गर्हणं छ त्यो ॥

जस्तै त्यहीं नै—कर्णप्रति, 'अश्वत्थामा—

'बेकम्मा गुरु-शापले[5] गरि छ की तेरो-सरी अस्त्र यो ?
ऐल्हे नै डरले त्यजेर रण नै तैं-तुल्य आएँ म की ? ।
जन्में की स्तुतिवंश पाठ गरने त्यो सूतको वंशमा ?
गर्छु क्षुद्र अराति-माथि[6] कुभलो यै अस्रले[7], नाऽस्त्रले[8] ॥'

---

१. मार्न लागिएको । २. अभयदान । ३. दशहजार धनुर्धारी महारथीसँग एकलै लड़ाई गर्ने बहादुर (द्रोणाचार्य) । ४. अनास्था नगर्दाहुन् । ५. परशुरामको सरापले । ६. शत्रु उपर । ७. आँसुले । ८. अस्त्रले होइन ।

पृच्छा हो प्रार्थना-युक्त वाक्यले अर्थ खोजनू ॥ १६० ॥

जस्तै त्यहीं नै—'सुन्दरक—श्रीमानहरू हो ! सारथीमात्र साथमा रहेका महाराज दुर्योधनलाई तपाईंहरूले देख्नुभयो वा भएन ? ।'

लोकसिद्धार्थ ठूलोले अर्थ साध्नु प्रसिद्धि हो ॥

जस्तै विक्रमोर्वशीमा—'राजा—

'छन् चन्द्र-सूर्य जसका मातामह-पितामह ।
जो स्वयं गरिए स्वामी उर्वशीले र भूमिले ॥'

सारूप्य हो समानैको उक्तिले क्षोभ-वर्धन ॥ १६१ ॥

जस्तै वेणीमा—दुर्योधनको भ्रान्तिले भीमप्रति युधिष्ठिर—दुरात्मन् ! दुर्योधन घातकी !' इत्यादि ।

संक्षेप हो थोरबाट आफूलाई समर्पण ॥

जस्तै मेरो चन्द्रकलामा—'राजा—प्रिये !

'शिरीष कुसुम-सरि नरम किन अङ्गलाइ पिराउँदछ्यौ व्यर्थ ? ।
(आफूलाई देखाएर)
तिमिलाइ चाहिने फुल जम्मा यो दासले गर्छ ॥'

बखान गुणको जो हो त्यही हो गुणकीर्तन ॥ १६२ ॥

जस्तै त्यहीं नै—'गाँज्छन् खञ्जनलाइ नेत्र' इत्यादि ।

सादृश्यलाइ देखाई वाक्य बोल्नु सलेश हो ॥

जस्तै वेणीमा—'राजा—

'शिखण्डी अघि सारेर वृद्ध भीष्म मराउँदा ।
भो जो पाण्डवको श्लाघा' त्यही हाम्रो हुनेछ लौ ॥'

मनोरथ छ भङ्गीले अभिप्रायार्थ बोलनू ॥ १६३ ॥

जस्तै—

'रत्यर्थ खेलवाडी यो केही मन्मथले ढिलो ।
कादम्ब [2] हेर हेसुभ्रू ! चूम्छ प्यारीकनै त्यहाँ ॥'

१. तारीफ, सह्रानी । २. कालो हाँस ।

अनुक्तसिद्धि विस्तार विशेषार्थोह हो कुनै ॥

जस्तै गृहवृक्षवाटिकामा—

'ती रम्य चन्द्रमा साथ देखिन्छन् विदुषी ! दुई ।
कल्याण नामका खासै हुन् यी तिष्य, पुनर्वसू[1] ॥'

पूज्य-प्रमाणर्थ बोल्नु प्रियोक्ति हर्ष-वाक्य हो ॥ १६४ ॥

जस्तै शाकुन्तलमा—

'खिलेर पैल्हे फुल त्यस्पछी फल, अघी उठी मेघ पछी छ वर्षण ।
निमित्त-नैमित्तिकको[2] छ यो[3] विधि[4], प्रसाद भन्दा[5] अघि नै छ सम्पद ॥'

नाट्यालङ्कारहरूको निरूपण—

आशीस्, आक्रन्द, कपट, अक्षमा, गर्व, उद्यम, ॥
आश्रयो, त्प्रासन, स्पृहा, क्षोभ, तापो, पपत्ति, र ॥ १६५ ॥
आशंसा,-ऽध्यवसायै, र विसर्गो, ल्लेखनामक ॥
उत्तेजन, परीवाद, नीति, अर्थविशेषण । १६६ ॥
प्रोत्साहन, र साहाय्य, अभिमाना,-ऽनुवर्तन, ॥
उत्कीर्तन, तथा याञ्चा, परीहार, निवेदन, ॥ १६७ ॥
प्रवर्तना,-ऽऽख्यान, युक्ति, प्रहर्ष, उपदेशन, ॥
यिनै नाट्यालंकृती हुन् नाट्यशोभा बढाउने ॥ १६८ ॥

आशीस् इष्टवरप्राप्ति (हो)

जस्तै शाकुन्तलमा—

'पतिको प्रेयसी[6] होऊ शर्मिष्ठा झैं ययातिकी ।
सम्राट् पुत्र पनी पाऊ तिमी उन्ले पुरु-सरी ॥'

आक्रन्द त प्रलाप हो ॥

जस्तै वेणीमा—'कञ्चुकी—हा देवि कुन्ति ! राजदरबारकी पताका—' इत्यादि ।

हो त्यो कपट मायाले अर्को रूप जनाउनु ॥ १६९ ॥

---

१. यो श्लोक—बगैंचामा विश्वामित्रको नजीक श्रीराम र लक्ष्मणलाई देख्ता सीताप्रति सखीको उक्ति हो । २. हेतु र फलको । ३. अघी र पछीको । ४. क्रम । ५. हजुर खुस हुनुभन्दा । ६. पियारी ।

जस्तै कुलपति अङ्कमा—

'मृगरूप त्यजी अर्को कपटी रूप पारदै ।
बनाइए राक्षसले[1] युद्धशंकालु लक्ष्मण ।।'

थौरै पनी तिरस्कार न खप्नू नै छ अक्षमा ।।

जस्तै शाकुन्तलमा—'राजा—ओ: सत्यवादी ! हामीले यो बुझिसकेका छौं । के फेरी धोका दिएर यिनलाई पाइन्छ ? शार्ङ्गरव—विनिपात भो' इत्यादि ।

घमण्ड बोलि हो गर्व

जस्तै त्यहीं नै—'राजा—मेरा पनि प्राणीहरूले घरहरू तिरस्कार गरिंदै छन् ।'

कार्यारम्भ छ उद्यम ।। २०० ।।

जस्तै कुम्भाङ्कमा—'रावण—

'देख्छू म शोकविवशै भइ काल जस्तै ।'

कार्यको गुणवत् हेतु लिनु आश्रय भन्दछन् ।।

जस्तै विभीषणनिर्भर्त्सनाङ्कमा—'विभीषण—रामकै आश्रय लिन्छु—'

साधू मान्ने असाधूमा हस्सी उत्त्रासनं छ त्यो ।। २०१ ।।

जस्तै शाकुन्तलमा—'शार्ङ्गरव—महाराज ! अरुसित सम्वन्ध हुँदा हजुरले पहिलेको वृत्तान्त विर्सनुभयो । नत्र त अधर्मदेखि डराउनेले यसरी स्त्रीको त्याग कसरी हुन्थ्यो ?' इत्यादि ।

राम्रो हुनाले चिजको आकांक्षा नै स्पृहा उ हो ।।

जस्तै त्यहीं नै—'राजा—

'यो राम्रो फर्फराइले बेदाग र सुकोमल ।
प्यारीको ओठले दिन्छ आज्ञा की ? यो पिपासुमा[2] ।।'

होच्याउने बोलि गर्नु क्षोभ हो भनि भन्दछन् ।। २०२ ।।

जस्तै—

'तैंले तपस्वि-चाण्डाल ! लुकेरैं मारने गरी ।
न खाली मारियो बाली आत्मा पनि परत्रमा ।।'

अघी अज्ञानले छोडी, पछुतो अनुताप हो ।।

---

१. मारीचले । २. पिउन इच्छा गर्नेमा ।

जस्तै अनुतापाङ्कमा—'राम—

'देवीले म नचूमिएँ तर अती गाली वृथा पारिएँ ।'

अर्थसिध्यर्थमा हेतु राख्नु नै उपपत्ति हो ॥ २०३ ॥

जस्तै वध्यशिलामा—

'जो तिमी मरदा मर्छिन्, तिमी बाँचे उ बाँच्तछिन् ।
चाहन्छौ ता तिनी बाँच्ती, मेरा प्राण लिई बच ॥'

आशंसा त शुभेच्छा हो

जस्तै श्मशानमा—'माधव—

'देखौंला म अनङ्गमङ्गल-गृहै की फेरि तिन्को मुख ? ।'

प्रतिज्ञा-ऽध्यवसाय हो ॥

जस्तै मेरो प्रभावतीमा—'वज्रनाभ—

'छिनैमा यसको छाती यो गदाले फुटाउँदै ।
आज तिम्रा[1] दुवै लोक सहजैमा उखेल्दछु ॥'

आरब्ध कर्म अशुभ-फलदाता विसर्प हो ॥ २०४ ॥

जस्तै वेणीमा—

'एउटा केशकै यस्तो' इत्यादि ।

कार्य-निर्देश उल्लेख (हो)

जस्तै शाकुन्तलमा—राजप्रति 'दुई तपस्वी—हामी दुई जना समिधा ल्याउन जान लागेका छौं । यहीं शकुन्तलाले सहित देवता जस्ता हाम्रा पूजनीय गुरुको मालिनी नदीको तीर नजिकै आश्रम देखिन्छ । नत्र त अर्को काम विग्रन्छ, त्यहाँ पसेर अतिथि-सत्कार लिनुहोस्' इत्यादि ।

हुन्छ उत्तेजनं उ त ॥

स्वकार्यसिद्धिमा अर्कोलाई भन्नु कडा गरी ॥ २०५ ॥

जस्तै—

'इन्द्रजित ! छस् चण्डवीर्य, नामैले बलवान छस् ।
धिक् छद्मरूप[2] ली लड्छस् हामी देखि डराउँदै ॥'

---

१. तिमी दुवैका । २. छलको रूप ।

भर्त्सना हो परीवाद

जस्तै सुन्दराङ्कमा—'दुर्योधन—धिक्कार धिक्कार, सारथी ! यस्तो के गरेको छस्।

'मेरो स्वभाव ननिको, सुतको त पाप[१]
पापै बढाउँछ—' इत्यादि ।

शास्त्रले चल्नु नीति हो ॥

जस्तै शाकुन्तलमा—'दुष्यन्त—तपोवनहरू नम्रभेषले प्रवेश गर्न योग्य छन्।

उक्तार्थको जहाँ हुन्छ उट्कनू नै बराबर ॥ २०६ ॥
खण्डनोक्ति गरी धेरै त्यो हो अर्थविशेषण ॥

जस्तै शाकुन्तलमा राजाप्रति—'शार्ङ्गरव—ओः के भनेको यो ? के भन्न लाग्नुभयो !' महाराज ! तपाईं नै लौकिकाचारमा अत्यन्तै निपुण हुनुहुन्छ। हेर्नुहोस्—

'सती पनी माइत-मात्र बासकी वधूकनै लोक कुतर्क गर्दछ ।
लगिन्छ यस्ले पतिकै समीपमा प्रिया-ऽप्रिया वा महिला स्वबन्धुले ॥'

हो प्रोत्साहन उत्साही बोलिले काम लाउनु ॥ २०७ ॥

जस्तै बालरामायणमा—

'कालरात्री-सरी घोरा हो, छोड्छौ स्त्री भनी किन ? ।
तस्मात् त्रिलोक-रक्षार्थं बाबू ! लौ मार ताडका ॥'

साहाय्य हो हित हुने अर्काको गर्नु मद्दत ॥

जस्तै वेणीमा—कृपाचार्यप्रति—'अश्वत्थामा—त्यसोभए तपाईं पनि राजाको पार्श्ववर्ती हुनुहोस्। कृप—म आजै प्रतीकार गर्न चाहन्छु—' इत्यादि ।

अभिमान छ हंकार

जस्तै वेणीमा नै—दुर्योधन—

'आमा ! कुनै असदृशै[२] कृपणी छ बोली ।'

नम्रतापूर्वक लागनु ॥ २०८ ॥

अनुवृत्ति (छ)

---

१. दुष्कर्म । २. तपाईंलाई नसुहाउने ।

जस्तै शाकुन्तलमा—'राजा—(शकुन्तलाप्रति) तपस्या बढ़ेकै छ की ? अनसूया—अहिले विशेष अतिथिको लाभले—' इत्यादि ।

पूर्व-कार्य भन्नु उत्कीर्तनं छ त्यो ॥

जस्तै बालरामायणमा—

'नागैको यहिं पाश-बन्धन भयो, तिम्रा तिनै देवर
छातीमा गडि शक्ति, झट्ट हनुमान् गै द्रोण ल्याए यहीं ।'

स्वयम् वा दूतमुखले माग याच्ञा कहिन्छ त्यो ॥ २०९ ॥

जस्तै—

'अझै लौ देउ वैदेही, श्रीराम त दयालु छन ।
भकुण्डो-खेल शिरले पार्छौं वानरको किन ? ॥'

कृता-ऽनुचितको सोध परिहार कहाउँछ ॥

जस्तै—

'प्राण-प्रयाण-दुःखार्त[1] भै भने जो अवाच्य नै ।
त्यो क्षमा होस्, विभो ! छोड्छु भाई सुग्रीव पाउमा ॥'

नजानेको काम भन्नु निवेदन कहिन्छ त्यो ॥ २१० ॥

जस्तै राघवाभ्युदयमा—'लक्ष्मण—आर्य ! समुद्रको प्रार्थनाले जान तत्पर हुनुहुन्छ । यो के चाला हो ?—' ।

कामको बढ़िया चाल हुनु नै हो प्रवर्तन ॥

जस्तै वेणीमा—'राजा—कञ्चुकी ! भगवान देवकीनन्दनको स्वीकृति हुनाले भाई भीमसेनको विजय-मङ्गलका निमित्त त्यसमा उचित कार्यहरू आरम्भ गरियून् ।'

पूर्ववृत्तोक्ति आख्यान (हो)

जस्तै त्यहीं नै—

'क्षत्रैबाट[2] पिताजिका शिर-रुऊँ ताने नराम्रो सँग,
मेराछन् रण-शस्त्र ती गहकिला अद्यापि नै झक्मक ।
क्रोधी द्रौणि[3] त गर्छ लौ अब यहाँ श्रीरामले[4] जो गरे,
हो यो देश अराति-रक्त-जलले[5] जस्मा रहै पूरिए ॥'

---

१. प्राण जान लागेको दुःखले दुःखित । २. क्षत्रियैबाट । ३. अश्वत्थामा । ४. परशुरामले । ५. शत्रुका रगतको पानीले ।

अर्थनिश्चय युक्ति हो ॥ २११ ॥

जस्तै त्यहीं नै—

यदि अब रण छोडि मृत्युबाट
भय रहँदैन भने छ जान योग्य ।
यदि मरनु छ जन्तुको[1] अवश्यै,
किन त वृथा यश पार्दछौ धमीलो ? ॥'

प्रहर्ष हो धेर खुसी

जस्तै शाकुन्तलमा—'राजा—अहिले मनोरथ पूर्ण भएको आफूलाई म किन अभिनन्दन नगरौं ? ।'

शिक्षा हो उपदेशन ॥

जस्तै त्यहीं नै—'सखी ! आश्रममा रहने जनले सत्कार नगरिएको विशेष अतिथिलाई छोड़ेर स्वच्छन्दसँग जानु योग्य हुँदैन ।'

यी पूर्वोक्त ३६ लक्षण र ३३ नाट्यालंकार हुनत सामान्य दृष्टिले एकै किसिमका छन्, तथापि बयलगाड़ालाई लिग लिग चलाए झैं गरी प्राचीन परम्पराअनुसार मैले पनि भिन्न भिन्न वर्णन गरेको छु । यिनका मध्यमा केही गुण, अलंकार, भाव र सन्धिका अङ्गहरूमा अन्तर्भूत हुन सक्तछन् तापनि नाटकमा यिनको अवश्यकर्त्तव्यता हुनाले विशेषतासँग पृथक् कथन गरिएको छ ।

यिनीहरूलाई भरतमुनिले पनि भन्नुभएको छ—

'पंचसन्धि, चतुर्वृत्ति, चतुःषष्ठचङ्गले युत, ।
षट्त्रिंश-लक्षणोपेत, गुणालंकार-शोभित, ॥
महारस, महाभोग[2], उदात्त-रचनाचित, ।
महापुरुष-सत्कार[3], साध्वाचार[4], जनप्रिय, ॥
सुश्लिष्ट-सन्धिको योग, सुप्रयोग, सुखाश्रय, ।
मृदुशब्द गरी योग कविले रच्नु नाटक ॥'

यस्तो मुनिले भन्नुभएकोले नाटकमा यी सब अवश्य नै कर्तव्य छन् । वीथीका अङ्गहरू पछि बताइनेछन् ।

---

१. प्राणधारी जीवको । २. उच्च भावादि वा सहाय भएको । ३. धीरोदात्त नायकको गुणवर्णन भएको । ४. अनिन्दित वैदिक कर्म भएको ।

लास्याङ्गहरूको निरूपण—

गेयपद, स्थितपाठ्य, आसीन, पुष्पगण्डिका ॥ २१२ ॥
प्रच्छेदक, त्रिगूढं, औ सैन्धवं र द्विगूढक॥
उत्तमोत्तमकं, फेरी उक्तप्रत्युक्त, नै पनि ॥ २१३ ॥
लास्यमा यी दश-थरी कहे अङ्ग मनीषिले ॥

तीमध्ये—

वाद्य भाण्ड अघी राखी आसनीमा वसे पछि ॥ २१४ ॥
फोस्रो गाना गेयपद (हो)

जस्तै—गौरीमन्दिरमा वीणा बजाउने 'मलयवती—

'उत्फुल्ल कमल रज झैं गौरकान्ति धरदी, हे गौरि !
मेरो मनोरथ पुगोस् भगवति ! तिम्रो कृपाबाट ॥'

स्थितपाठ्य त हुन्छ त्यो ॥
जसमा मदन-सन्तप्ता, बसी प्राकृत पढ्दछे ॥ २१५ ॥

अभिनवगुप्तपादाचार्य ता जन्दछन्—'यो उपलक्षण मात्र हो। क्रुद्ध र भ्रान्त-(स्त्री-पुरुष)हरूको प्राकृत-पठन पनि स्थितपाठ्य हुन्छ।'

शोकचिन्ता लिने स्त्रीले वाद्य-सामग्रि-शून्य भै ॥
शृङ्गार केही न गरी बस्नु आसीन भन्दछन् ॥ २१६ ॥
वाद्य-मिश्रित गाना र छन्द नाना प्रकारको ॥
स्त्री वा पुरुषको उल्टो चेष्टा[1] हो पुष्पगण्डिका ॥ २१७ ॥
पति अन्यासक्त ठानी प्रेम-विच्छेद-शोकले ॥
वीणा बजाउँदै स्त्रीको गाना प्रच्छेद मान्दछन् ॥ २१८ ॥
स्त्रीवेषधारी नरको मृदु नाट्य त्रिगूढ हो ॥

जस्तै मालतीमा —'मकरन्द—यो म त मालती बने।

जो कुनै भ्रष्टसंकेत[2], स्पष्ट-वीणादि-युक्त भै ॥ २१९ ॥
गाउँछ प्राकृती भाषा जहाँ सैन्धव हुन्छ त्यो ॥
पूर्णसप्तस्वरी, गीत, मुख-प्रतिमुखा-ऽन्वित[3], ॥ २२० ॥
द्विगूढ रस-भावाढ्य, (हो)

१. अभिनय। २. संकेतस्थानमा नआउने नायक। ३. उक्ति-प्रत्युक्ति-सहित।

उत्तमोत्तमकम्[1] उ हो ॥
कोप-प्रसादले युक्त, आक्षेपी र रसोत्तर, ॥ २२१ ॥
हाव-हेला हुने, चित्र-श्लोकबन्ध-मनोहर, ॥
उक्ति-प्रत्युक्तिले युक्त, भर्त्सना-युक्त, अप्रिय, ॥ ॥ २२२ ॥
विलासयुक्त-गीतार्थ, उक्तप्रत्युक्त[2] हो यही ॥

उदाहरणहरू स्पष्ट नै छन्।

पताकास्थान सबले, दश अङ्गादिले पनि ॥ २२३ ॥
जब यो युक्त भो, विद्वान् 'महानाटक' भन्दछन् ॥

यो भनेको नाटक हो। जस्तै—बालरामायण।

प्रकरणको लक्षण—

होस् प्रकरणमा वृत्त[3], कवि-कल्पित[4], लौकिक[5], ॥ २२४ ॥
अङ्गी शृङ्गार, नेता ता विप्र, मन्त्री तथा वणिक् ॥
सविघ्न-धर्मकामार्थ-युक्त, धीर प्रशान्त होस् ॥ २२५ ॥

विप्र नायक जस्तै मृच्छ कटिकमा। अमात्य नायक मालती माधवमा। वणिक् नायक पुष्पभूषितमा।

कुलीन नायिका यस्मा, कहीं वेश्या, कहीं दुवै ॥
त्यस्ले तिनै भेद हुन्छन्, त्यस्मा भेद तृतीय त ॥ २२६ ॥
जुवाडे, धूर्त, इत्यादि विट-चेट समूह होस् ॥

कुलस्त्री पुष्पभूषितमा। वेश्या ता रङ्गवृत्तमा। दुवै पनि मृच्छकटिकमा। प्रकरणमा नकहिएका कुराहरू नाटककै तुल्य जान्नू।

भाणको निरूपण—

भाण[6] होस् धूर्त-चरित,[7] नानावस्थान्तरै-हुने[8] ॥ २२७ ॥
यस्मा एकांकमा यौटै सिपालु, विट, विज्ञले ॥
प्रकाशोस् रङ्गमा आफैं-अनुभूत र अन्यले ॥ २२८ ॥

---

१. कोप-प्रसाद इत्यादिले युक्त पाँच विशेषण भएको। २. उक्ति-प्रत्युक्तिले युक्त चार विशेषण भएको। ३. वर्णन गरिने नायक चरित। ४. कविले कल्पना गरिएको पुराणादिमा प्रसिद्ध नभएको। ५. लोकको चरित्रमा मात्र प्रसिद्ध। ६. भारती वृत्ति प्रधान भएको। ७. धूर्त नायकको चरित्र। ८. धेरै अवस्था (कार्य) भित्र पर्न आउने।

सम्बोधनोक्ति-प्रत्युक्ति गरोस् आकाश-वाक्यले ॥
सूचोस् ती वीर-शृङ्गार शौर्य-सौभाग्य-उक्तिले ॥ २२९ ॥
उब्जाउन् कथा त्यस्मा वृत्ति होस् प्राय भारती ॥
सन्धी मुख-निर्वहण दश लास्याङ्ग हुन् पनि ॥ २३० ॥

यहाँ आकाशभाषितरूप अर्काको बोली पनि आफैले नै अनुवाद गर्दै सवाल-जवाफ गर्नुपर्दछ र शृङ्गार-वीर रसहरू पनि सौभाग्य र शूरताको वर्णनले सूचना गर्नुपर्दछ। यसमा धेरैजसो भारती वृत्ति रहन्छ, कहीं-कहीं कैशिकी पनि हुन्छ। लास्याङ्ग गेयपदादि पहिले कहिएका छन्। उदाहरण—'लीलामधुकर' हो।

व्यायोगको निरूपण—

ख्यातवृत्त[1] छ व्यायोग[2] थोरै स्त्रीजन-युक्त र ॥
विमर्श-गर्भले हीन, धेरै पुरुष-आश्रित ॥ २३१ ॥
एकाङ्की अनि स्त्री-भिन्न कुरामा रण मच्चिने ॥
कैशिकी वृत्ति-रहित, त्यस्मा प्रख्यात, नायक ॥ २३२ ॥
राजर्षि अथवा दिव्य[3] होस् धीरोद्धत त्यो पनि ॥
हास्य-शान्त र शृङ्गार-भिन्न मुख्य रहुन् रस ॥ २३३ ॥

जस्तै—'सौगन्धिकाहरण'।

समवकारको निरूपण—

कथा समवकारैमा होस् देवा-ऽसुर-आश्रित ॥
विमर्श सन्धि नरहोस्, तीन अङ्क, अघी रहून् ॥ २३४ ॥
दुई सन्धी, अनी दोस्रो-तेस्रोमा एक एक होस् ॥
उदात्त[4] बाह नेता हून् प्रख्याती देव-मानव ॥ २३५ ॥
तिन्का त फल भिन्नै छन्, वीर मुख्य सबै रस ॥
कैशिकी वृत्ति नरहोस्, नहून् बिन्दु, प्रवेशक, ॥ २३६ ॥
वीथ्यङ्ग त्यसमा हुन्छन् पाएसम्म त तेह नै ॥
गायत्र्युष्णिक् आदि यस्मा छन्द हुन्छन् अनेकन ॥ २३७ ॥
त्रिशृङ्गार, त्रिकपट, हुन्छ कार्य त्रिविद्रव, ॥
प्रथमाङ्की वस्तु ता होस् निष्पाद्यै बाह नाडिले ॥ २३८ ॥

---

१. पुराणादिमा चरित भएको। २. धेरै मानिस जम्मा हुने। ३. स्वर्गादिमा रहने। ४. धीरोदात्त। ५. सिद्ध गरिने।

दोस्रोमा चारले, त्यस्तै तेस्रोमा दुइले पनि ॥

नाडिका दुइघड़ी समय हो। बिन्दु र प्रवेशक नाटकमा कहिएका छन् तापनि यसमा रहँदैनन्।

तीमध्ये—

धर्मार्थ कामले तीन शृङ्गार, कपटै पनि ॥ २३९ ॥
स्वाभाविक, कृत्रिम र दैवजन्य, छ विद्रव[१] ॥
अचेतन, चेतन र चेतना-ऽचेतनीकृत, ॥ २४० ॥

यिनमा शास्त्रमर्यादालाई उल्लङ्घन नगरेर प्रवृत्त हुने धर्मशृङ्गार हो। धनका निमित्त प्रवृत्त हुने अर्थशृङ्गार हो। जो हँसि खेलवाड़को छ त्यो कामशृङ्गार हो। कामशृङ्गार यसको प्रथम अङ्कमा नै हुन्छ। अरू दुई शृङ्गारको त केही नियम छैन भन्दछन्। चेतन र अचेतन हात्ती आदि हुन्। धेरै किसिमका वस्तु (चिज) निबद्ध हुने हुनाले समवकार भनेको हो। जस्तै—समुद्रमन्थन।

डिमको निरूपण—

मायेद्रजाल-संग्राम-क्रोधोद्भ्रान्तादि-चेष्टित, ॥
ग्रहणादिकले[२] व्याप्त, डिम[३] प्रख्यात वृत्त छ ॥ २४१ ॥
त्यस्मा अङ्गी रौद्ररस, अङ्ग हुन्छन् अरू रस ॥
चार हून् अङ्क, हुन्नन् लौ विष्कम्भक प्रवेशक ॥ २४२ ॥
हून् नेता देव-गन्धर्व-यक्ष-राक्षस-सर्प र ॥
भूत-प्रेत-पिशाचादि सोह्र अत्यन्त उद्धत ॥ २४३ ॥
वृत्ति हून् कैशिकी-हीन, सन्धि हून् निर्विमर्श नै ॥
शान्त, हास्य र शृङ्गार-भिन्न षड्रस दीप्त छन् ॥ २४४ ॥

यसको उदाहरण 'त्रिपुरदाह' हो भनी भरत मुनिले भन्नुभएको छ।

ईहामृगको निरूपण—

ईहामृग मिश्रवृत्त, चतुरङ्की कहिन्छ यो ॥
यस्मा मुख, प्रतिमुख औ निर्वहण सन्धि छन् ॥ २४५ ॥
नर-दिव्य अनियम छन् नेता-प्रतिनायक ॥
धीरोद्धत दुवै, दोस्रो गुप्त भै पाप गर्दछ ॥ २४६ ॥

---

१. गर्भ सन्धिको अङ्ग। २. सूर्य-चन्द्र ग्रहण, उल्कापात इत्यादिले। नायकसमूहबाट कार्य हुने।

विराजु दिव्यस्त्रीलाई हरने चाहको पनि ॥
शृङ्गाराभास यसमा देखाउनु अलीकति ॥ २४७ ॥
पताकानेतृ दश हून् दिव्य-मर्त्य ति उद्धत ॥
रिसले युद्ध छिड्ने भै, बहानाले उ टर्दछ ॥ २४८ ॥
महात्मा वधमा योग्य भए पनि न वध्य छन् ॥
एकाङ्की देव नेता हो भन्छन् कोही, अरू सुधी ॥ २४९ ॥
दिव्यस्त्री-निंति रण र षट् नेता पनि मान्दछन् ॥

मिश्र भनेको ऐतिहासिक र कल्पित हो। दोस्रो प्रतिनायक हो। पताकानायक दश ता नायक र प्रतिनायक समेत हुन्। यहाँ मृगकै तुल्य अलभ्य नायिकालाई नायकले चाहना गरेको हुनाले ईहामृग भनेको हो। उदाहरण जस्तै—कुसुमशेखरविजयादि।

अङ्कको निरूपण—

उत्सृष्टिकाङ्क यौटै होस्, नेता प्राकृत[1] हून् नर ॥ २५० ॥
करुण स्थायि रस होस्, धेरै स्त्रीको रुवाइ होस् ॥
प्रख्यात इतिहासैमा कविले नै बढाइयोस् ॥ २५१ ॥
भाण झैं सन्धि-वृत्यङ्ग-जीत हार यहाँ रहून् ॥
वाझावाझ र दिग्दारी बोली धेरै पनी हउन् ॥ २५२ ॥

अङ्क नाटकमा पनि हुन्छन्, तीवाट भिन्न देखाउनाका निमित्त कोही यसलाई उत्सृष्टिकांक भन्दछन्। अरु कुनै यसमा सृष्टि उत्क्रान्त (विपरीत) रहने हुँदा उत्सृष्टिकांक भनेको हो भन्दछन्। जस्तै—शर्मिष्ठाययाति।

वीथीको निरूपण --

एकाङ्क हुन्छ वीथीमा, नेता कल्पित एक नै ॥
आकाश-वाक्य उक्तीले चित्र-प्रत्युक्ति-युक्त छ ॥ २५३ ॥
सूचिन्छ धेर शृङ्गार, केही केही अरू रस ॥
मुख-निर्वहणै सन्धि, बीजप्रकृति छन् सब ॥ २५४ ॥

नायक उत्तम-मध्यम वा अधम। यसमा शृङ्गारको अधिकताले गर्दा कैशिकी वृत्ति प्रधान रहन्छ।

हुन्छन् यस्का तेह अङ्ग भनी विद्वान् बताउँछन् ॥
उद्घात्यका,ऽवलगित, प्रपञ्च, त्रिगतं, च्छल ॥ २५५ ॥

---

१. साधारण।

वाक्केलि, औ अधिबल, गण्डा,-ऽवस्यन्द, नालिका ॥
असत्प्रलाप, व्याहार, अनी मार्दव हुन् यिनै ॥ २५६ ॥

यिनका मध्यमा उद्घात्यक र अवलगित ता प्रस्तावनाको प्रकरणमा उदाहरण सहित देखाइएका छन्।

परस्पर झुठो बोली हो प्रपञ्च हसाउने ॥

जस्तै विक्रमोर्वशीमा—बुर्जोमा बसेका विदूषक र चेटीको परस्परमा वचन।

सुन्दा तुल्य भई धेरै अर्थ त्रिगत भन्दछन् ॥ २५७ ॥

जस्तो त्यहीं नै—राजा—

'क्षितिभृत्[1] सबका नाथ ! देखिइन् सर्व-सुन्दरी ।
तिमीले विरही मैले स्त्री यो राम्रो वनान्तमा ॥'

(नेपथ्यमा त्यस्तै प्रतिध्वनि) राजा—'कसरी देख्यौ ? इत्यादि ।

यहाँ प्रश्नवाक्यलाई नै उत्तर संझिएको छ। कोही (दशरूपककार) 'यो त्रिगत, नट-नटी-पारिपार्श्विकले नै गर्न योग्य छ' भन्दछन्।

प्रिय-जस्तो अप्रियले[2] लोभ्याई छल्नु हो छल ॥

जस्तै वेणीमा—'भीम र अर्जुन—

'जूवाको जाल रच्ने, जतुमय-गृह[3] नै पोलने, त्यो-घमण्डी,
राजा, दुःशासनादी सय अनुज[4] हुने, कर्णको खास मित्र ।
कृष्णाको केश-सारी हरन चतुर, हुन् पाण्डवै दास जस्का,
काहाँ दुर्योधनै त्यो छ ? भन, न-रिसले हेर्न आयौं दुवै यी ॥'

अरू त भन्छन् छल हो कसैको केहि कार्य ली ॥ २५८ ॥
त्यो जो वचन बोलिन्छ वञ्चना-हास्य-रोषको ॥
वाक्केलि हो हस्सि बोली द्वि-त्रि-प्रत्युक्तिले हुने ॥ २५९ ॥

दुई तीन उक्ति-प्रत्युक्ति भन्ने उपलक्षण मात्र हो। धेरैमा पनि हुन्छ।

---

१. प्रश्न पक्षमा—पर्वत, उत्तर पक्षमा—राजा पुरूरवा। प्रश्न पक्षमा—मैले विरही (स्त्री) तिमीले देखिइन् ?, उत्तर पक्षमा— तिमीले विरही स्त्री मैले देखिइन्। २. अप्रिय वाक्यले। ३. लाहाले बनेको घर। ४. भाईहरू।

जस्तै—

'भिक्षो ! यो किन मांस-सेवन गऱ्यौ ? के स्वाद रक्सी विना ?,
रक्सीमा पनि चाह ?, शुद्ध छ उ ता वेस्सेहरू साथ ली।
रण्डी निंति धनै कहाँ छ कसरी ? चोरी र जूवा गरी,
चौर्य-द्यूत पनो छ सामिल अहो ! बाटो छ के भ्रष्टको ॥

कोही भन्दछन्—'आरम्भ गरिएको वाक्य साकांक्ष नै रहेर समाप्त हुन्छ भने वाक्केलि हो—'। अरू भन्दछन्—'अनेक प्रश्नहरूको एउटै उत्तर हुन्छ भने वाक्केलि हुन्छ—'।

हो अधिबल अन्योन्य चढदो बोलि सेखिले ।

जस्तै प्रभावतीमा—'**वज्रनाभ**—

'छिनैमा यसको छाती यो गदाले फुटाउँदै ।
आज तिम्रो दुवै लोक सहजैमा उखेल्दछु ॥'

प्रद्युम्न—अरे रे कुलाङ्गार असुर ! यो धेरै वड़बड़ाई के हुन्छ र ? हेर् मेरो ता—

'आज प्रचण्ड भुजदण्डमहाँ रहेको
कोदण्डबाट[1] झरने शर धेर पर्दा।
पृथ्वी क्षणै दितिज-शोणित[2] सेचिने र
होस् मांसभक्षिहरुले अति लोभिएको ॥'

गण्ड प्रस्तुत-सम्बन्धी, छिद्दो, भिन्नार्थ बोलि हो ॥ २६० ॥

जस्तै वेणीमा —'**राजा**—

'तिम्रो त सुन्दरि ! पछीतक जाँघ अड्न
पर्याप्त ऊरु दुइ छन् अतियोग्य मेरा ॥'

यसपछि '(प्रवेश गरेर) **कञ्चुकी**—महाराज ! भाँचियो भाँचियो'। यहाँ कञ्चुकीका उक्तिको सम्बन्ध रथका ध्वजाको भङ्ग(खसनु)सँग छ, तथापि प्रकृत ऊरु(तिम्रा)को भङ्गसँग सम्बद्ध हुनजान्छ।

अवस्यन्दित हो व्याख्या बदल्नु स्वरसोक्तको[3] ॥

जस्तै छलितराममा—'**सीता**—जात ! भोलि गुरुका साथ अवश्य नै जानु-

---

१. धनुबाट। २. दैत्यको रक्त। ३. स्वरसोक्त वाक्यको।

पर्दछ—त्यहाँ राजालाई राम्रो नम्रता देखाउन योग्य छ। लव—के हामी दुवै भाईले राजाको कृपापात्र हुनुपर्दछ ? सीता—उहाँ तिमी दुवैका पिता हुनुहुन्छ। लव—रघुपति के हाम्रा पिता हुनुहुन्छ र ? सीता—(शंका मान्दै) अर्को कुनै शंका नगर, तिम्रामात्र पिता हुनुहुन्न, सारा पृथ्वीको पनि पिता हुनुहुन्छ।'

प्रहेलिका नै हाँसोले युक्त भै हुन्छ नालिका ॥ २६१ ॥

गोप्य अर्थ गर्नेलाई प्रहेलिका भन्दछन्।

जस्तै रत्नावलीमा—'सुसंगता—सखी ! जस्को निंति तिमी यहाँ आएकी छौ, त्यो यहीं रहेको छ। सागरिका—कस्को निंति म आएको हूँ र ? सुसंगता—चित्रफलकको निंति होइन र ?' यहाँ तिमी राजाको निमित्त आएकी भन्ने कुरा लुकाइएको छ।

असत्प्रलाप हो वाक्य असम्वद्ध र उत्तर ॥
नमान्ने मूर्खको साम्नु हुन्छ जो हितवाक्य नै ॥ २६२ ॥

तीमध्ये पहिलो जस्तै मेरो प्रभावतीमा—प्रद्युम्न (आँपको लतालाई देखेर खुसी हुँदै) ओहो ! कसरी यहीं नै—

'अलिकुल-मञ्जुलकेशी[1], अतिपरिमलकी[2], रसालु[3] औ दुबली।
पल्लव-मृदुलबाहुकी[4], छिन् पिक-कलभाषिणी[5], प्रिया मेरी ॥'

यस्तै असम्वद्ध उत्तरमा पनि जान्नू। तेस्रो जस्तै वेणीमा—दुर्योधनप्रति गान्धारीको वाक्य।

हास्य-क्षोभ हुने बोली हो व्याहार परार्थमा[6] ॥

जस्तै मालविकाग्निमित्रमा—'(नाट्यप्रयोगका समाप्तिमा मालविका निस्कन चाहन्छिन्) विदूषक—हुँदैन जान, उपदेशबाट पवित्र भएर जानुहोला। (यो कुरा उठाएपछि) गणदास—(विदूषकप्रति) आर्य ! तपाईंले देख्नुभएको क्रमभेद भन्नुहोस्। विदूषक—पहिले ब्राह्मणपूजा हुन्छ, त्यो श्रीमती यहाँले लंघन गर्नु भो। (मालविका हाँस्तछिन् ,' इत्यादि हस्सी र क्षोभ गर्ने बोलीद्वारा विदूषकले राजालाई पवित्र नायिकाको दर्शन गराउन व्याहार गरेको छ।

दोषै गुण, गुणै दोष जहाँ छन्, हुन्छ मार्दव ॥ २६३ ॥

क्रमैले जस्तै—

'प्रिय[7] ! जीवन-काठिन्य, निःस्नेहत्व, कृतघ्नता, ।
फेरी तपाईं-देख्नाले मेरा यी गुणमा पुगे ॥'

---

१. भ्रमराको पंक्ति नै राम्रो कपाल भएकी। २. ज्यादै सुवास आउने। ३. रसिली। ४. पालुवा नै नरम बाहुली भएकी। ५. मयूर नै राम्रो बोली बोल्ने। ६. नायकादिको निमित्त। ७. यो श्लोक प्रवासी पति घर आउँदा स्त्रीको उक्ति हो।

'तिन्को[1] त्यो रूप-सौन्दर्य, यौवन श्री - सुभूषित ।
सुखैको स्थान हो, मेरो दुःखैको निंति भो अब ॥'

यी अङ्गहरू नाटकादिमा पनि हुन सक्तछन्, परन्तु वीथीमा यिन्को आवश्यक विधेयता सूचन गर्नाको निमित्त यहाँ स्पष्टसँग उदाहरण दिइएका हुन्। जस्तै वीथी (दुकान)मा अनेक रत्नहरू मालारूपले रहन्छन् त्यस्तै यहाँ रसहरू यथाक्रम रहनाले यसलाई वीथी भनेको हो ।

उदाहरण जस्तै – मालविका ।

प्रहसनको निरूपण—

भाण झैं सन्धि-सन्ध्यङ्ग-लास्याङ्ग-अङ्कले युत, ॥
वृत्त प्रहसनं हुन्छ निन्द्यको, कवि-कल्पित, ॥ २६४ ॥

यसमा न आरभटी हुन्छ, न त विष्कम्भक र प्रवेशक पनि ।

अङ्गी हास्यरसै हुन्छ, वीथ्यङ्गस्थिति हुन्न वा ॥

यसमा—

सन्यासी, तपसी, विप्र आदि यस्मा छ नायक ॥ २६५ ॥
यौटै चतुर नेता भै, हास्य त्यो शुद्धहास्य हो ॥

जस्तै—कन्दर्पकेलि ।

लिई अधृष्ट नेता त हास्यसंकीर्ण मान्दछन् ॥ २६६ ॥

जस्तै—धूर्तचरित ।

धेरै ती धृष्टको वृत्त भन्छन् संकीर्ण कोहि त ॥
त्यो द्वितीयाङ्कको हुन्छ, अथवा एक-अङ्कको ॥ २६७ ॥

जस्तै—लटकमेलकादि ।

भरतमुनिले त भन्नुभएको छ—

'वेश्या, चेट, नपुंसक, विट, धूर्त, बन्धकी, पनि जहाँ हुन्छन् ।
अविकृत वेष, पहिरन, चेष्टा, गरनूछ संकीर्ण ॥'

भन्छन् विकृत ता जस्मा षण्ढ, कञ्चुकि[2], तापस[3] ॥
भुजङ्ग[4], चारण[5], भट[6] आदिको वेष-वाक् युत ॥ २६८ ॥

---

१. यो श्लोक विरही नायकको उक्ति हो । २. चोबदार । ३. संन्यासी । ४. गुण्डो । ५. चेवा गर्ने । ६. सिपाही ।

यो संकीर्णको नै अन्तर्गत हुनाले यसलाई मुनिले पृथक् नवताउनु भएको हो।

उपरूपकको निरूपण। तीमध्ये—

नाटिका कल्पितकथा, स्त्री धेरै, चार अङ्कको, ॥
प्रख्यात, धीरललित, त्यस्मा होस् भूप नायक ॥ २६९ ॥
होस् अन्तःपुरसम्बद्धा, सङ्गीतासक्त भै, अनि ॥
नवानुरागिणी, कन्या, नृपवंशज, नायिका ॥ २७० ॥
तिन्मा नेता प्रेमि रहोस् देवीको त्रास-शंकित, ॥
देवी होउन् पनी जेठी, चतुरी, नृपवंशकी, ॥ २७१ ॥
सदा तिनी मानिनी, होस् दुईको भेट तद्-वश[1], ॥
वृत्ति होस् कैशिकी, स्वल्प विमर्श सन्धि नै रहून् ॥ २७२ ॥

दुईको भनेको नायक र नायिकाको हो। जस्तै—रत्नावलीविद्धशालभञ्जिका इत्यादि।

त्रोटकको निरूपण—

सप्ता-ऽष्ट नव-पञ्चा-ऽङ्की, दिव्य-मानव-आश्रित ॥
भन्छन् त्रोटक त्यस्लाई प्रत्यङ्के होस् विदूषक ॥ २७३ ॥

यहाँ प्रत्येक अङ्कमा विदूषक रहने हुनाले प्रधान रस शृङ्गार रहन्छ। सात-अङ्कको जस्तै—'स्तंभितरंभ'। पाँच अंकको—'विक्रमोर्वशी।

गोष्ठीको निरूपण—

साधारणै नौ दश वा जनबाट सुशोभित ॥
गोष्ठी होस् कैशिकी वृत्ति, उच्चवाक्यादि-शून्यको ॥ २७४ ॥
विमर्श-गर्भले हीन, पाँच छ स्त्रीहरू रहून् ॥
काम-शृङ्गारले युक्त, एकांकैबाट निर्मित ॥ २७५ ॥

जस्तै—रैवतमदनिका।

सट्टकको निरूपण—

सबै प्राकृतको पाठ्य, अप्रवेशक, सट्टक ॥
विष्कम्भक पनी हुन्न, रस अद्भुत धेर छ ॥ २७६ ॥
अङ्क नामै जवनिका, अरू होस् नाटिका-सम ॥

---

१. देवीको अधीन।

जस्तै—कर्पूरमञ्जरी ।

नाट्यरासकको निरूपण—

नाट्यराशक एकाङ्की, धेरै ताल-लयादिको, ॥ २७७ ॥
नेता उदात्त रहने, पीठमर्दोपनायक, ॥
हास्य अङ्गी सशृङ्गार, नेत्री वासकसज्जिका, ॥ २७८ ॥
मुख-निर्वहणै सन्धि, दश लास्याङ्ग छन् पनि ॥
कोही सन्धि प्रतिमुख चाहन्नन् केवलै यहाँ ॥ २७९ ॥

तीमध्ये दुई सन्धि भएको जस्तै—नर्मवती । चार सन्धि भएको जस्तै—विलासवती ।

प्रस्थानकको निरूपण—

प्रस्थानमा दास नेता, नीच होस् उपनायक, ॥
दासी होस् नायिका, वृत्ति कैशिकी, भारती पनि ॥ २८० ॥
मद्यपान हुँदा उद्दिष्टार्थ[1] पूर्ण पनी हुनु ॥
द्वि अङ्की, लय-तालादि-विलास बहुतै हुनु ॥ २८१ ॥

जस्तै—शृङ्गारतिलक ।

उल्लाप्यको निरूपण—

उदात्तनायक अनी एकांकी, दिव्यवृत्त छ ॥
हास्य - शृङ्गार - करुण - रसले, शिल्पकाङ्गले ॥ २८२ ॥
युक्त, उल्लाप्य संग्राम - अस्त्र - गीत-मनोहर, ॥
नायिका चार हून् त्यसमा, त्र्यङ्की हो कोहि भन्दछन् ॥ २८३ ॥

शिल्पकाङ्गहरू पछि बताइनेछन् । जस्तै—देवीमहादेवम् ।

काव्य नामक उपरूपकको निरूपण—

काव्य आरभटी-हीन, एकांकी, हास्य-संकुल, ॥
खण्डमात्रा - द्विपदिका भग्नतालादिले[2] युत ॥ २८४ ॥
वर्णमात्रा - छगणिका छन्द, शृङ्गार-भावित, ॥
उदात्त हून् स्त्री र नेता, हून् पैल्हा सन्धि, अन्त्य होस् ॥ २८५ ॥

---

१. उद्देश गरिएको कार्य । २. गीतका भेदहरू ।

जस्तै—यादवोदय।

प्रेङ्खणको निरूपण—

गर्भा-ऽवमर्शले हीन, नीच-नेता, छ प्रेङ्खण ॥
असूत्रधार, एकाङ्की, अविष्कम्भ - प्रवेशक, ॥ २८६ ॥
संग्राम - रोषोक्ति - युत, सर्ववृत्ति - समाश्रित, ॥
नेपथ्यमा पाठ्य हुन्छ नान्दी त्यस्तै प्ररोचना[१] ॥ २८७ ॥

जस्तै—वालिवध।

रासकको निरूपण—

रासकं हो पञ्च - पात्र, मुख - निर्वहणान्वित, ॥
बहुभाषा - विभाषाको, भारती-कैशिकी - युत, ॥ २८८ ॥
असूत्रधार, एकाङ्की, सवीथ्यङ्ग, कलान्वित, ॥
श्लिष्ट नान्दी हुने, ख्यात नायिका, मूर्ख नायक, ॥ २८९ ॥
उत्तरोत्तरमा उच्च-भाव - विन्यासले युत ॥
यस्मा सन्धि प्रतिमुख पनी कोही वताउँछन् ॥ २९० ॥

जस्तै—मेनकाहितम्।

संलापकको निरूपण—

हून् संलापकमा अङ्क तीन वा चार, नेतृ त ॥
पाखण्ड होस् , करुण र शृङ्गारै भिन्न होस् रस ॥ २९१ ॥
पुर-संरोध, छल र हून् संग्राम र विद्रव, ॥
नरहून् त्यसमा वृत्ति भारती, कैशिकी पनि ॥ २९२ ॥

जस्तै—मायाकापालिक।

श्रीगदितको निरूपण—

प्रख्यातवृत्त, एकाङ्की, प्रख्यात श्रेष्ठ नायक, ॥
प्रसिद्ध नायिका, गर्भ-विमर्शैले विवर्जित, ॥ २९३ ॥
भारती वृत्ति धेरै र, श्री भन्ने शब्दले युत, ॥
भन्छन् श्रीगदितं नाम विद्वान्ले उपरूपक ॥ २९४ ॥

---

१. भारतीको रङ्गविशेष।

जस्तै—क्रीडारसातल ।

यस्मा त वसने श्रीले गाऊन् केही पढ्न् पनि ॥
एकाङ्की, भारती प्रायः गर्नू कोही त भन्दछन् ॥ २९५ ॥

उदाहरण तर्क गर्नू ।

शिल्पकको निरूपण—

रहून शिल्पकमा अङ्क चार औ वृत्ति चार नै, ॥
अशान्त-हास्य रस र, रहोस् ब्राह्मण नायक, ॥ २९६ ॥
होस् श्मशानादिको आख्या, नीच होस् उपनायक, ॥
सत्ताइस यिनै अङ्ग रहन्छन् यसका पनि ॥ २९७ ॥
आशंसा - तर्क - सन्देह - तापोद्वेग - प्रसक्ति र ॥
प्रयत्न - ग्रथनोत्कण्ठाऽवहित्था - प्रतिपत्ति नै ॥ २९८ ॥
विलास - आलस्य - वाष्प-प्रहर्षाऽऽश्वास-मूढता ॥
साधनानुगमो[1]च्छ्‌वास-विस्मय-प्राप्ति नै अनि ॥ २९९ ॥
लाभ - विस्मृति - संफेट - वैशारद्य - प्रबोधन ॥
चमत्कृति पनी यिन्को स्पष्ट छन् चिह्न भन्दिन ॥ ३०० ॥

संफेट र ग्रथनको लक्षण भनिसकिएको छ। बाँकी रहेकाको लक्षण नामबाटै स्पष्ट छ। उदाहरण जस्तै—कनकवतीमाधव ।

विलासिकाको निरूपण—

बहुश्रृङ्गार, एकाङ्की, दश-लास्याङ्ग - संयुत, ॥
विदूषक - पीठमर्द - विटले पनि शोभित, ॥ ३०१ ॥
विमर्श-गर्भ सन्धीले हीन, औ नीच नायक, ॥
स्वल्पवृत्त, सनेपथ्य, बताइन्छ विलासिका ॥ ३०२ ॥

कोही विलासिकाको स्थानमा विनायिका भन्दछन्। 'त्यस्को ता दुर्मल्लिकामा अन्तर्भाव हुन्छ' यस्तो अरू भन्दछन् ।

दुर्मल्लिकाको निरूपण—

दुर्मल्ली चार-अङ्की होस् कैशिकी-भारती-युत ॥
अगर्भ, नागर-नर, नीच - नायक - संयुत, ॥ ३०३ ॥

---

१. साधनलाई पछ्याउनु ।

त्रिनाली[1] अङ्क प्रथम विट-क्रीडा रहून् यहाँ, ॥
पञ्चनाली द्वितीयाङ्क विदूषक - विलास होस् ॥ ३०४ ॥
छ नालीको तृतीयाङ्क पीठमर्द - विलास होस् ॥
दश नाली चतुर्थाङ्क नगरीजन-खेल होस् ॥ ३०५ ॥

जस्तै—विन्दुमती ।

प्रकरणिकाको निरूपण—

नाटिका हो प्रकरणी, सार्थवाहादि-नायक[2] ॥
नेताकी समवंशीय, हुन्छे यस्मा त नायिका ॥ ३०६ ॥

उदाहरण खोज गर्नू ।

हल्लीशको निरूपण—

हल्लीश हुन्छ एकांकी, स्त्री सप्ता-ऽष्ट दश वा रहून् ॥
उदात्तवाक्, एक नट, कैशिकी वृत्ति-उज्ज्वल, ॥ ३०७ ॥
मुख - निर्वहणै सन्धी, धेरै ताल-लयादिको ॥

जस्तै—केलिरैवतक ।

भाणिकाको निरूपण—

भाणिका रम्य-नेपथ्य, मुख-निर्वहणान्वित ॥
कैशिकी-भारती-वृत्ति-युक्त, एकाङ्क-निर्मित, ॥ ३०८ ॥
उदात्तनायिका नीच नेताकी, अङ्ग सातको ॥
उपन्यास र विन्यास, विबोधन र साध्वस ॥ ३०९ ॥
समर्पण, निवृत्ती र संहार, यति सात हुन् ॥
प्रसङ्गले कार्य-कथा[3] हो उपन्यास भन्दछन् ॥ ३१० ॥
निर्वेद-वाक्यको व्याख्या विन्यास कहलाउँछ ॥
विबोध हो भ्रान्तिनाश, मिथ्याभन्नुछ साध्वस ॥ ३११ ॥
कोप पीडा हुँदा गाली गर्नु नै हो समर्पण ॥
दृष्टान्त राखनुलाई नै हो निवृत्ति बताउँछन् ॥ ३१२ ॥
समाप्ति कार्यको बन्नु संहार भनि भन्दछन् ॥

---

१. छघडी । २. बनियाँ, पुरोहित, अमात्य आदि नायक भएको । ३. कार्यको कीर्तन ।

उदाहरणहरू स्पष्ट नै छन् ।जस्तै—कामदत्ता ।

यी सब रूपक, उपरूपकहरूको प्रकृति हुनता नाटक नै हो तथापि औचित्यानुसार यथासंभव नाटकका अङ्गहरूको स्थिति यिनीहरूमा गर्नुपर्दछ । जहाँ नाटकोक्त अङ्गहरूको फेरी कथन गरिएको छ त्यहाँ ती अङ्गहरूको अवश्यकर्तव्यता जान्नू ।

श्रव्यकाव्यहरूको निरूपण—

श्रव्य हो सुनिने काव्य, पद्य गद्य दुई थरी ॥ ३१३ ॥

तीमध्ये पद्यमय—

छन्दबद्ध त हो पद्य त्यो एक्लो हुन्छ मुक्तक ॥
दुईले युग्मक तथा सन्दानितक तीनले ॥ ३१४ ॥
कलापक छ चारैले तथा कुलक पाँचले ॥

तीमध्ये मुक्तक जस्तै मेरो—

'नित्यानन्द, अनन्त, अव्यय, अजन्मालाइ योगी पनि
साक्षात् गर्न उपास्त छन् दिनदिनै ध्यानैकता ली ठुलो ।
धन्यै हुन् मथुरापुरी-युवति ती त्यो ब्रह्म-साथै सदा
अङ्गालछन् अनि बोल्दछन् अनि अतीतान्छन् र चूम्छन् पनि ॥'

युग्मक जस्तै मेरो—

'हातको माझमा गाला राखी बस्छचौ प्रिये ! किन ? ।
पति प्रेमी नम्र बन्दा कोप गर्नू अयोग्य हो ॥
यस्तो सुलोचनालाई भन्न इच्छा गरें जब ।
आँपमा त्यै बखतमा भौंराको भो मृदु-ध्वनि ॥'

यसै गरी अरु अरु उदाहरणहरू पनि जान्नू ।

सर्गबन्ध महाकाव्य त्यस्मा नायक देव होस् ॥ ३१५ ॥
सद्वंश, क्षत्री वा योटै धीरोदात्त-गुणान्वित, ॥
एकवंशीय, राजा वा कुलीन बहुतै रहून् ॥ ३१६ ॥
एकै अङ्गी हुन्छ रस श्रृङ्गार-वीर-शान्तमा ॥
अङ्ग हुन्छन् सब रस, सबै नाटक-सन्धि भै ॥ ३१७ ॥
होस् वृत्त इतिहासैको अर्कै वा सज्जनाश्रित ॥
पुरुषार्थ चार हुन्छन् तीमध्ये एक हो फल ॥ ३१८ ॥

पैल्हे नमस्क्रिया, आशिस्, वस्तु-निर्देश वा रहून् ॥
कहीं खलादिको निन्दा, सन्तको गुण-कीर्तन ॥ ३१९ ॥
एक वृत्त रहोस् वृत्त, अन्त्यमा भिन्नवृत्त होस् ॥
सर्ग छोटा-न-लामा हून् आठ भन्दा बढी यहाँ ॥ ३२० ॥
नानाथरी वृत्त हुने कहीं देखिन्छ सर्ग ता ॥
सर्गान्तमा भावि-सर्ग-कथाको सूचना रहोस् ॥ ३२१ ॥
सन्ध्या-सूर्य-शशी-रात्री-प्रदोष-ध्वान्त-वत्सर, ॥
प्रातर्-मध्याह्न-मृगया-शैलर्तु-वन-सागर, ॥ ३२२ ॥
सम्भोग वा विप्रलम्भ मुनि-स्वर्ग-पुराऽध्वर ॥
विवाह-रण-यात्रा र मन्त्र-पुत्रोदयादि नै ॥ ३२३ ॥
जो मिले छन् वर्णनीय साङ्गोपाङ्ग तिनै, यहाँ ॥
नाम ता वृत्त, कविको नेता वा अरुको रहोस् ॥ ३२४ ॥
यस्को सर्गान्तमा मिल्ने कथाले सर्गनाम होस् ॥

सन्धिका अङ्गहरू यहाँ यथासम्भव राख्न योग्य छन्। अन्त्यमा अरु वृत्तहरू भन्ने बहुवचनको विवक्षा छैन, एक दुई इत्यादि जो भिन्न वृत्त भए पनि हुन्छ। जलक्रीड़ा, मधुपानादि साङ्गोपाङ्ग हुनुपर्दछ। महाकाव्यको उदाहरण जस्तै—रघुवंश, शिशुपालवध, नैषध, इत्यादि हुन्। अथवा मेरो जस्तै—राघवविलासादि।

यही नै आर्षमा सर्ग हुन्छन् आख्यान-नामका ॥ ३२५ ॥

यही भनेको महाकाव्य हो। जस्तै—महाभारतमा।

भाषाले रचिने त्यस्मा सर्ग आश्वास भन्दछन् ॥
छन्द, स्कन्धकले यो छ कहीं गलितले[1] पनि ॥ ३२६ ॥

जस्तै—सेतुबन्ध। अथवा जस्तै मेरो—कुवलयाश्वचरित।

सर्ग हुन्छन् कुडवक अपभ्रंश-निबन्धमा ॥
त्यस्तै अपभ्रंश-योग्य छन्द हुन्छन् अनेकन ॥ ३२७ ॥

जस्तै—कर्णपराक्रम।

भाषा-विभाषा-नियमबाट[2] बन्ने काव्य त सर्गमा ॥
पद्य एकार्थमा मिल्ने, सन्धि सामग्रि-युक्त होस् ॥ ३२८ ॥

---

१. छन्दविशेषले। २. संस्कृतादि र अपभ्रंशादिको नियमबाट।

जस्तै—भिक्षाटन । आर्यविलास पनि ।

खण्डकाव्य त काव्यैको एकदेशानुसारि[1] होस् ॥

जस्तै—मेघदूत इत्यादि ।

कोष ता श्लोकको संघ होस् अन्योन्याऽनपेक्षक ॥ ३२९ ॥
वर्णमालाक्रम[2] रही रच्ता हुन्छ मनोरम ॥

सजातीयको एकस्थानमा विन्यास हुने वर्णमाला क्रमलाई (व्रज्या) भन्दछन् ।

जस्तै—मुक्तावली इत्यादि ।

गद्यकाव्यहरूको निरूपण—तीमध्ये गद्य—

वृत्तले शून्य हो गद्य, वृत्तगन्धि र मुक्तक ॥ ३३० ॥
अनी उत्कलिकाप्राय, चूर्णकं, छ चतुर्विध ॥
पैह्लो समास-रहित, दोस्रो वृत्त कतै हुने ॥ ३३१ ॥
तेस्रो समास लामो र चारौं साना समासको ॥

मुक्तक जस्तै —'गुरु वचनमा विशाल उरमा' इत्यादि ।

वृत्तगन्धि जस्तै मेरो—'समरकण्डूल कडा भुजदण्डले कुण्डलीकृतकोदण्ड ताँदोको टंकारले वैरिनगरलाई बिउँझाउने–' इत्यादि ।

यहाँ 'कुण्डलीकृत कोदण्ड–' यो अनुष्टुप् वृत्तको पाउ छ ; 'समर कण्डूल—' यो पनि पहिलेका दुई अक्षर रहित त्यसैको पाउ छ ।

उत्कलिकाप्राय जस्तै मेरो नै—'हरवखत फिजिने तिखा शरले समरमा रहेको महान शत्रुको बललाई छिन्नभिन्न गर्ने–' इत्यादि ।

चूर्णक जस्तै मेरो-–'गुणरत्न–सागर, जगदेकनागर, कामिनीमदन, जनरञ्जन —'इत्यादि ।

कथामा वस्तु सरस गद्यले नै बताउनू ॥ ३३२ ॥
यस्मा हुन्छ कहीं आर्या, कहीं वक्त्रा-ऽपवक्त्रक[3] ॥
पैह्ले पद्य-नमस्कार अनी दुष्ट-चरित्र होस् ॥ ३३३ ॥

जस्तै—कादम्बर्यादि ।

आख्यायिका कथा-झैं होस् कविको वंश-कीर्तन ॥
अरू कवीको पनि होस्, वृत्त पद्य कहीं कहीं ॥ ३३४ ॥

---

१. थोर बहुत लक्षण-रहित । २. अकारदेखि लिएर हकार पर्यन्त अक्षरको सिलसिला ।
३. छन्दविशेष ।

कथाका भागको नाम आश्वास भनि राखियोस् ॥
आर्या, वक्त्रा,-ऽपवक्त्रादि जो कुनै छन्दले पनि ॥ ३३५ ॥
आश्वासमा अन्यबाट कहीं भाव्यर्थ[1] सूचियोस् ॥

जस्तै—हर्षचरितादि ।

'त्यहाँ पनी अनियम देखियो अन्य-वाक्यले ।'

यस्तो दण्डी आचार्यको वचन हुनाले कोही 'आख्यायिका नायकको मुखबाट नै निबद्ध हुनुपर्दछ—'भन्दछन् । यो कुरा ठीक होइन । आख्यानादि पनि कथा र आख्यायिकाको नै अन्तर्भूत छन् र बेग्लै भनिएका छैनन् । यो दण्डिले नै भनिएको छ—

'छिप्तछन् यसकै भित्र बाँकी आख्यान-जाति त ॥'

यिनीहरूको उदाहरण—पञ्चतन्त्रादि हो ।

गद्यपद्यमयको निरूपण—

गद्यपद्य हुने काव्यलाई चम्पू बताउँछन् ॥ ३३६ ॥

जस्तै—देशराजचरित ।

गद्यपद्यमयी राज-स्तुति विरुद भन्दछन् ॥

जस्तै—विरुदमणिमाला ।

करम्भक छ नानाका भाषाले जो छ निर्मित ॥ ३३७ ॥

जस्तै मेरो —षोडशभाषामयी प्रशस्तिरत्नावली ।

यस्तै काव्यका सब भेदहरू पनि उद्देशमात्रमा प्रसिद्ध र उक्त भेदहरूभन्दा वढी नहुनाले तिनैमा अन्तर्गत जान्नू ।

इति साहित्यदर्पण अनुवादमा दृश्यश्रव्यकाव्य निरूपण नामक
षष्ठ परिच्छेद ।

१. पछि हुने कुरो ।

सप्तम परिच्छेद

प्रथम परिच्छेदमा काव्यलक्षणको अवसरमा दोष, गुण, रीति तथा अलंकार-हरूका स्थितिको क्रम देखाइएको थियो। अब यहाँ दोषहरूको वर्णन क्रमप्राप्त हुनाले पहिले दोषहरूको सामान्य लक्षण गरिन्छ—

रसापकर्षी हुन् दोष

यसको अर्थ पहिले नै कहिसकिएको छ।

दोषका भेदहरू—

ती पाँच-थरि मान्दछन् ॥

पद-पदांश - वाक्या-ऽर्थ - रसमा पनि आउँदा ॥ १ ॥

अर्थ स्पष्टै छ।

तीमध्ये—

दुःश्रव, त्रिविधाऽश्लील, अयोग्यार्था,-ऽप्रयुक्तता, ॥
ग्राम्या,-ऽप्रतीत, संदिग्ध, नेयार्थ, निहतार्थता, ॥ २ ॥
अवाचकत्व, क्लिष्टत्व, विरुद्धमतिकारिता, ॥
अविमृष्टविधेयांश - भाव नै पद - वाक्यका, ॥ ३ ॥
पदांश-पदमा हुन्छन् दोष यी, पद-मात्रमा— ॥
निरर्थका,-ऽसमर्थत्व, च्युतसंस्कारता, त छन् ॥ ४ ॥

कठोर अक्षर हुनाले कानमा खड्कनेलाई दुःश्रव (श्रुतिकटु) भन्दछन्।
जस्तै—

'अनङ्गवश यी दुब्ली कार्तार्थ्य[1] कहिले लिनिन् ॥'

अश्लील (असभ्य अर्थ बुझाउने) लाज, घिन, अमङ्गलको व्यञ्जक (प्रकट गर्ने) हुनाले तीन प्रकारको छ।

---

१. कृतार्थता। यहाँ त, थ, मा र, को योगले पारुष्य छ।

क्रमैले उदाहरण—

'दृप्तारि-जयमा[1] राजन् ! तिम्रो साधन[2] हो ठुलो !'
'विस्तारै चल्दथ्यो वायु तन्वी ! तिम्रो विनाशमा ।'

यहाँ साधन (लिङ्ग)–वायु (अपान वायु) विनाश (अदर्शन-मरण) शब्दहरू अश्लील छन् ।

'शूरा देवत्वमा पुग्छन् पशु भै रण-यज्ञमा ।'

यहाँ पशुपदले कातरता प्रकट गर्ने हुनाले अनुचितार्थत्व दोष छ ।

अप्रयुक्तत्व भनेको व्याकरण-कोषादिबाट प्रसिद्ध भए पनि कविसंप्रदाय(काव्य-को चलन)मा अप्रयोग (बेचलती) हुन्छ भने अप्रयुक्तत्व दोष हुन्छ । जस्तै—

'भाति पद्मः सरोवरे (शुभ्छ पद्म तलाउमा) ।'

यहाँ पद्मशब्द पुलिङ्गमा प्रयोग छ ।

ग्राम्यत्व जस्तै—

'हर्छ तिम्रो कटी[3] मन ।'

यहाँ कटी शब्द ग्राम्य (गँवारले प्रयोग गरिने) हो ।

जो कुनै ठाउँमा मात्र प्रसिद्ध छ, त्यसलाई अप्रतीत भन्दछन् । जस्तै—

'योगले दलिताशय ।'

यहाँ योगशास्त्रमा मात्र आशयशब्दले वासनानामक संस्कारलाई बताउने हुनाले अप्रतीतत्व दोष छ ।

'वन्द्या आशीर्वाद-धारा कानमा गरि होस् कृपा ।'

यहाँ वन्द्या यो वन्दी भएमा भन्ने हो वा वन्दनीया भन्ने हो ? यसमा सन्देह हुनाले सन्दिग्धत्व दोष छ ।

नेयार्थत्व—रूढ़ि या प्रयोजन यी दुई हेतु नभैकन लाक्षणिक शब्दको प्रयोग गरिन्छ भने नेयार्थत्व दोष हुन्छ । कविको अशक्ति (व्युत्पत्तिरूप सामर्थ्यको अभाव) ले लक्ष्य अर्थ प्रकट हुनु नेयार्थत्व कहलाउँछ ।

जस्तै—

'गऱ्यो तिम्रो सुमुखले चरणाघात पद्ममा ।'

यहाँ चरणाघात (लात मार्नु) शब्दले जितिलिनु लक्ष्य छ ।

---

१. बढ़ेको वैरीको विजयमा । २. सेना । ३. श्रोणी, नितम्ब, इत्यादि नै चतुरहरूले गरिन्छ ।

प्रसिद्ध र अप्रसिद्ध दुवै अर्थका वाचक शब्दको अप्रसिद्ध अर्थमा प्रयोग गर्नाले निहतार्थत्व दोष हुन्छ । जस्तै—

'यमुना - शम्बर ढाक्तथ्यो अकास ।'

काव्यमा शम्बर शब्दको प्रयोग शम्बर नामक दैत्यलाई कहँदा हुन्छ, यहाँ जलको निमित्त प्रयोग भएकोले निहतार्थ छ ।

'गानमा कान दिन्छ त्यो ।'

यहाँ 'आदत्ते' भनेमा आ-पूर्व 'दा' धातु दिनु अर्थको नहुनाले अवाचकत्व दोष छ ।

अथवा जस्तै—

'अँध्यारी नै पनी रात्री तपाईं आइ भो दिन ।'

यहाँ दिनशब्द प्रकाशमयरूप अर्थको अवाचक छ ।

अभिधेय अर्थको प्रतीति(ज्ञान)मा व्यवधान (रोकावट) हुनु क्लिष्टत्व दोष हुन्छ । जस्तै—

'लक्ष्मी-निवास-जनु-कारण छन् प्रसन्न ।'

यहाँ लक्ष्मीको वासस्थान 'कमलको' उत्पत्तिमा कारण 'जलहरू' स्वच्छ छन् भन्ने अर्थ हो । अर्थमा क्लिष्टता छ ।

'भूत्यर्थ हुन् भवानीश'

यहाँ भवानीश (भवका पत्नीका पति) शब्दबाट पार्वतीको कुनै दोस्रो पति प्रतीत हुन्छ । यसैले यहाँ विरुद्धमतिकारिता दोष छ । यो पदले विरुद्ध बुद्धि पैदा गरिदिन्छ ।

जहाँ विधेय अंशको विमर्श (मुख्यरूपसँग परामर्श) हुँदैन, त्यहाँ अविमृष्टविधेयांशत्व दोष हुन्छ । जस्तै—

'स्वर्गग्राम-ससानु-लूटन-वृथा-फुल्ने भुजा काम के ।'

यहाँ व्यर्थता विधेय हो–'वृथोच्छूनैः' यो पद राखेमा वृथालाई तत्पुरुष समासमा राखनाले वृथात्व अप्रधान भइरहेछ ।

अथवा जस्तै—

'म रामानुजको सामु के टिक्लान् तिनि राक्षस ।'

यहाँ म रामको भाई हुँ यस्तो भन्नुपर्नेमा राम-अनुज समासमा पर्न गएकोले विधेयाविमर्श दोष छ ।

अथवा जस्तै—

'आसमुद्र-क्षितीश ती ।'

यहाँ समुद्रपर्यन्त हुनु विधेय हो, यसैले 'आसमुद्र'को 'क्षितीश'सँग समास नभई 'आसमुद्रं' बेगलै रहनु पर्दथ्यो, सो नभएकोले यहाँ पनि विधेयाविमर्श दोष छ ।

अथवा जस्तै—

'पर्छ सुभ्रु ! जसमाथि कटाक्ष षष्ठबाण सरि पञ्चशरैको ।'

यस वाक्यमा षष्ठत्व उत्प्रेक्ष्य छ त्यै विधेय छ र 'षष्ठ' यो विना-समासको बोलनु पर्दथ्यो । बाणका साथ षष्ठको समास गरिदिनाले त्यस्को प्रधानता नभई विधेयाविमर्श दोष छ ।

अथवा जस्तै—

'अघी त्यो ता क्षणै नाथ ! हजूरैले अमुक्त थी ।'

यहाँ नञ् (अमुक्तको अ) प्रसज्यप्रतिषेध हुनाले विधेय नै राखनुपर्दथ्यो र समास नगरी 'न मुक्त' बेगलै पद राखनुपर्दथ्यो । सो नगरेकोले विधेयाविमर्श दोष छ ।

जो भन्दछन् पनि—

'अप्राधान्य विधीमा र प्राधान्य छ निषेधमा ।
प्रसज्यप्रतिषेधै हो क्रियासङ्गी जहाँ छ नञ् ॥'

जस्तै—

'नवजलद[1] हो तैयारी यो न, दृप्तनिशाचर[2] ।' *

उक्तोदाहरण 'अमुक्त थी' यसमा तत्पुरुष समास गरेर नञ्लाई उपसर्जन वनाइएको हुनाले पर्युदासताको प्रतीति हुन्छ, निषेधको प्रधान रूपले भान हुँदैन । जुन कुरा भन्दछन् पनि—

'जहाँ प्राधान्य विधिमा अप्राधान्य निषेधमा ।
भो, पर्युदास नञ् हो त्यो पदउत्तर-योग भै ॥'

त्यसैले—

'नतर्सेर गरे रक्षा, आर्जे धर्म अरोगि भै ।
अलोभि भै लिए द्रव्य, भोगे सुख असक्त भै ॥'

---

१. नयाँ मेघ । २. बढ़ेको राक्षस । * गन्धर्वले उर्वशी हरण गरिएमा तिनको विरहमा पुरूरवा राजाको नवजलदमा निशाचरत्व प्रतीतिको यो वर्णन हो ।

यहाँ नतर्सनु इत्यादि उद्देश्य गरेर आत्म-रक्षा आदि विधेय हुनाले नञ (अ) पर्युदास हो, प्रसज्य होइन। यस कारण समासमा त्यसको उपसर्जन गर्नु उचित नै भएको छ।

प्रश्न—जस्तै 'अश्राद्धभोजी ब्राह्मण' (श्राद्ध नखाने बाहुन) 'असूर्यंपश्या राज-दाराः' (सूर्यलाई नहेर्ने रानी) इत्यादिमा प्रतिषेधार्थ नञका साथ समास हुन्छ त्यस्तै 'अमुक्त' यहाँ पनि प्रसज्यप्रतिषेध नञ मान्नमा हानि के छ?

उत्तर—उक्त दृष्टान्तहरूमा प्रसज्यप्रतिषेध छैन, कारण भोजन, दर्शन आदि क्रियांशहरूका साथ नञको सम्बन्ध भएको हुँदोहो त त्यस्तो हुन सक्ने थियो, परन्तु त्यस्तो यहाँ छैन। यहाँ कर्ता (प्रत्ययार्थ) का साथ नञको सम्बन्ध हुन्छ, त्यही प्रधान छ। जो भन्दछन् पनि—

'श्राद्धभोजनशीलै ता खासै कर्ता प्रतीत छ।
खाली भोजन ता छैन, कर्तामा इनि गर्नुले ॥'

'अमुक्त' इत्यादि उदाहरणमा त क्रियाकै साथ नञ्को सम्बन्ध छ र त्यहाँ दोष नै हुन्छ। यी क्लिष्टत्व, विरुद्ध मतिकारित्व, विधेयाविमर्श, पददोषहरू समासमा नै हुन्छन्।

वाक्यगत-दुःश्रवत्व जस्तै—

'स्मरार्त्यन्ध लिऊँ कैल्हे कार्तार्थ्यं त्वद्-वियोगमा।'

अश्लील जस्तै—

'अन्यार्थ चोरि लेख्ने त्यो कविले वान्त खान्छ लौ।'

यहाँ 'वान्त' घृणा प्रकट गर्ने अश्लीलता छ।

'राम्री कमल-लालीले आफ्नो देह सिगार्दथी।'

यहाँ वक्रा = वामा अर्थात् सुन्दरी। कमल = पद्म, लाली = रातो अर्थात् रातो-रत्न = लालमणिले। यो वाक्यगत नेयार्थता दोष छ।

'चुलठीको न कसको देखेर अती कुरङ्गनयनाको।
रम्दछ अपूर्व - बन्ध - सिपले लौ मानसै शोभा ॥'

यहाँ चुलठीको शोभा देखेर कसको मानस न रम्दछ। यहाँ दूरान्वय भै सम्बन्ध क्लिष्ट हुनाले वाक्यगत क्लिष्टत्व दोष छ।

'धिक्कारै यहि हो मलाइ अरि छन् उन्मा तपस्वी छ यो।' यहाँ 'यहि नै धिक्कार' यस्तो गरी यहि नै उद्देश्यलाई अगाड़ि राखेर विधेय 'धिक्कार' लाई पछाड़ि राख्नु-पर्दथ्यो। त्यो उद्देश्यविधेयभाव रचनाको उल्टोपाल्टो हुँदा विधेयको प्रधानता प्रतीत हुँदैन। रचना दुई पदको बिग्रेकोले यहाँ वाक्यदोष छ।

'आयो यो त्यसले सुभ्रु ! तिम्रा नेत्र खुसाउँछ ।'

'यत् तत् (यो त्यो) शब्दको नित्य सम्बन्ध हुन्छ', यो न्यायले एउटा नहुँदा दोस्रो साकांक्ष रहन्छ। उक्त पद्यमा प्रकृत 'यो' शब्दको आकांक्षा पूरा गर्नाको निमित्त 'त्यो' शब्दका समानार्थक 'इदम्-एतत्-अदस्' (त्यो) शब्द विधेय नै हुनुपर्दथ्यो। यस श्लोकमा 'यो' शब्दको नगीचै (त्यसले) हुनाले यसबाट विधेयताको भान हुँदैन, उद्देश्यताको प्रतीति हुन्छ। यस्तै 'तत्' शब्द पनि 'यत्' को नगीचैमा रहेको छ भने खाली प्रसिद्धिको बोधक मात्र हुन्छ, विधेयताको बोध हुँदैन। जस्तै—

'जो त्यो आयो सुभ्रु ! त्यस्ले तिम्रा नेत्र खुसाउँथ्यो ।'

'यत्' शब्दसँग केहि दिएर 'तत्' आदि शब्द रहेका छन् भने ता निराकांक्षताको बोधन गर्दछन्। जस्तै—

'आयो त्यो अहिले जस्ले तिम्रा नेत्र खुसाउँछ ।'

यस्तै 'इदम्' आदि शब्दमा पनि जान्नू। जहाँ 'यत्, तत्' शब्दका मध्यमा कुनै एकको आर्थत्व (अर्थको बलले आक्षेप) हुन सक्तछ, त्यहाँ एउटाको मात्र ग्रहण गरेमा पनि आकांक्षा हट्ने हुनाले त्यहाँ कुनै क्षति हुँदैन। जहाँ उत्तर (पछिल्लो) वाक्यमा 'यत्'को ग्रहण हुन्छ त्यहाँ पूर्ववाक्यमा 'तत्' शब्द अर्थको बलले प्राप्य हुन सक्तछ। जस्तै—

'आत्मा जान्दछ जो पाप'

यस्तै—

'जस्लाइ बाच्छो गिरिले बनाई, सुमेरुलाई दुहुने गराई।
महौषधी-रत्नहरू दुहेथे प्रृथूपदिष्टा यिनि भूमिबाट ॥'

इत्यादिमा 'तत्' शब्द नरहे पनि आर्थ छ।

प्रकरणले प्राप्त प्रसिद्ध र अनुभूत वस्तुहरूको निमित्त जहाँ तत् शब्द आउँछ त्यहाँ यत् शब्द आर्थ हुन्छ। क्रमैसँग जस्तै—

'उनले मारियो बाली, त्यसैको पद-ठाउँमा।
राखे सुग्रीव, आदेश सरी नै धातु-ठाउँमा ॥'
'तिनै शशिकलामौलि तिम्रो तादात्म्यमा रहुन्।'
'तो इन्दुसुन्दरमुखीोकन संझदो छु।'

जहाँ यत् शब्द नगिचै रहेमा पनि इदम् इत्यादि शब्दहरूका लिङ्ग र विभक्तिहरू भिन्न हुन्छन् त्यहाँ निराकांक्षता नै सिद्ध हुन्छ। क्रमैसँग जस्तै—

'शुभ्दछिन् मृगशावाक्षी जो यो हुन् लोकभूषण।'
'चन्द्र चम्कन्छ जो, त्यस्ले दग्ध छन् पान्थ-कामिनी।'

कहीं 'यत् र तत्' शब्द यी दुवै नरहेमा पनि अर्थको सामर्थ्यबाट ज्ञान हुन्छ। जस्तै—

'न शोच पृथ्वि ! क्वै छैन मेरो भार हटाउने।
नन्दका घरमा कोही छ बाल अतिपौरखी ॥'

यहाँ नन्दका घरमा 'जो' बालक छ 'त्यस्ले' तिम्रो भार हटाउनेछ यो कुरा प्रतीत हुन्छ।

'जो जो विरह-दुःखे छ मेरो त्यो को हटाउला।'

प्रश्न—यहाँ उद्देश्यमा 'यत् यत्' (जो जो) शब्द दुई पटक आएको छ, 'तत्' (त्यो) शब्द एउटामात्र छ, यसैले एउटा 'यत्' शब्द साकांक्ष हुँदा त्यस्को निंति अर्को एक 'तत्' शब्द चाहिन्छ कि ?

उत्तर – यस्तो नभन। किनभने यहाँ पूर्ववाक्यमा 'यत् यत्' शब्दले वीप्साको द्वारा सम्पूर्ण दुःखहरूको विवक्षा छ त्यही स्वरूपबाट उत्तरवाक्यको 'तत्' (त्यो) शब्दले त्यस्को परामर्श गरेको हुनाले केही साकांक्ष छैन। यसै गरी अरू दोषहरूको पनि वाक्यमा उदाहरण जान्नू।

पदांशमा श्रुतिकटुत्वको उदाहरण जस्तै—

'सिध्यर्थ जाऊ, गर देव-कार्य'
'धातुमत्ता धर्छ गिरि।'

यहाँ मत्ताशब्द प्रमत्त स्त्रीका निमित्त प्रसिद्ध छ र निहतार्थता दोष छ।

'बखानौ के महासेन ! जस्को तारक जेय छ।'

यहाँ 'जय' पदमा 'क्त' प्रत्ययको अर्थमा 'यत्' प्रत्ययको प्रयोग गरेकोले पदांशगत अवाचकत्व दोष छ।

'पाणी पल्लव-पेलव।'

यहाँ 'पेलव' शब्दका पहिलेका दुई-अक्षरबाट[1] लज्जाव्यञ्जक अश्लीलता प्रकट हुन्छ।

'रणमा मारिने वीर वचोबाणत्वमा पुगे।'

यहाँ 'वचोवाण' शब्दमा 'वचस्' शब्दको 'गिर्' शब्दका निमित्त लक्षणाले प्रयोग गरिएको छ। 'गीर्वाण' (देवता) को बोधनमा तात्पर्य छ। तर रूढ़ि वा प्रयोजन नहुँदा लक्षणा हुन नसक्नाले पदांशगत नेयार्थता दोष छ।

त्यस्तै यहीं नै बाणको स्थानमा 'शर' पड़ेमा पनि त्यही नै दोष हुन्छ। यो (गीर्वाण) शब्दमा दुवै पद परिवर्तन सहन सक्तैनन्। 'ज़लधि' आदि शब्दमा

१. 'पेल' यो लाटभाषामा 'वृषण'लाई बताउँछ।

उत्तरपद 'धि' परिवर्तन हुँदैन। 'वाडवानल' इत्यादिमा पूर्वपद बदलिंदैन। यसै गरी अरू पदांश-दोषहरू जान्नू। निरर्थकत्व, असमर्थत्व र च्युतसंस्कारता यी तीन दोष-हरूको उदाहरण पदमा मात्रै संभव छ। क्रमैले जस्तै—

'छोड मान त मानिनि।'

यहाँ 'त' पद निरर्थक छ। खाली छन्दको अक्षर पूर्ति गर्नाका निमित्तमात्र उसलाई राखिएको हो।

'कुञ्ज जान्छिन् कृशोदरी।'

यहाँ गमनरूप अर्थमा 'हन्ति' यस्तो हन् धातुको प्रयोग गरिएको भए त्यस अर्थमा त्यो असमर्थ छ।

'गाण्डीवी कनकशिला-समान छाती
बाहूले स्मरहरको ठडयाम्म हान्थे।'

यहाँ 'आजघ्ने' भनेमा आत्मनेपदको विधान गर्ने 'आङो यमहनः' यस सूत्रमा 'स्वाङ्गकर्मकाच्च' यसको अनुवृत्ति हुनाले आङ्पूर्वक 'हन्' धातु देखी हान्नेवालाको आफनु अङ्गकर्म भएमात्र आत्मनेपद हुनुपर्नेमा हान्ने अर्जुन र हानिने (कर्म) शंकर-को अङ्ग हुनाले व्याकरणको नियमविरुद्ध हुँदा च्युतसंस्कारता दोष छ। व्याकरणानु-सार यहाँ 'आजघान' हुनुपर्दछ।

प्रश्न—'आजघ्ने' स्वयं दुष्ट त छैन व्याकरणानुसार यो रूप सिद्ध छ 'शंकर-को छाती' यो हुँदा दूषित छ, दुई पदहरूको दोष हुनाले यसलाई वाक्यदोष किन नमान्नु ?

उत्तर—यस्तो भन्नु ठिक छैन, शब्द र अर्थमा गुण, दोष तथा अलंकारहरूका स्थितिको निर्णय पूर्वोक्त अन्वय-व्यतिरेकद्वारा हुन्छ। यहाँ यो दोष 'आजघ्ने' यो पदसँग सम्बद्ध छ। किनभने यहाँ अरू पदहरूलाई बदलेर तिनका पर्यायवाचक राखिदिए तापनि यो दोष त जस्ताको तस्तै रहनेछ, तर 'आजघ्ने'लाई बदलेर त्यस्को पर्याय राखिदिएमा उक्त दोष रहँदैन, यसैले यो पददोष नै हो। जस्तै यहाँ आत्मनेपदलाई बदलनाले दोष रहँदैन, त्यस्तै 'हन्' धातुलाई बदलेमा पनि दोष रहँदैन, यस कारणले पदांशदोष भन्न सकिंदैन।

यसै गरी 'पद्मः' इत्यादिमा पूर्वोक्त 'अप्रयुक्तत्व' दोषलाई पददोष जान्नू। प्राकृत आदि शब्दहरूमा पनि तिनका व्याकरणहरूसित विरोध भएमा यसै गरी 'च्युतसंस्कारता' दोष जान्नुपर्दछ।

जुन शब्दको जुन अर्थमा बिलकूलै प्रयोगको अभाव छ त्यस अर्थमा प्रयोग गर्नाले असमर्थत्व दोष हुन्छ। जुन शब्दको जुन अर्थमा बिरालाकोटी प्रयोग हुन्छ, त्यस्तो अर्थमा प्रयोग गर्नाले निहतार्थत्व दोष हुन्छ। निहतार्थत्व अनेकार्थक शब्दहरू-मा नै हुन सक्तछ। जहाँ शब्द एकार्थक वा अनेकार्थक जे होस् त्यस्को त्यस अर्थमा

प्रयोग सर्वत्र हुँदैन भने 'अप्रतीतत्व' दोष हुन्छ । 'अप्रयुक्तत्व' दोष एकार्थक शब्दमा हुन्छ । 'असमर्थत्व' दोष अनेकार्थक शब्दहरूमा हुन्छ । जस्तै—'हन्' धातु गमनार्थमा व्याकरणले बताएको छ । 'अवाचकत्व'का उदाहरण 'दिन' आदि शब्द जो प्रकाश-मयादि अर्थमा कहीं पनि पढ़िएका छैनन् । यस प्रकारसँग पददोषहरूका सजातीय वाक्यदोषहरू देखाइए, तिनका विजातीय वाक्यदोषहरू देखाइन्छन्

वर्णको प्रतिकूलत्व, लुप्ता-ऽऽहत-विसर्गता ॥
अधिक-न्यून-कथित-पदता, हतवृत्तता ॥ ५ ॥
पतत्प्रकर्षता, सन्धि-विश्लेषा,-ऽश्लील,-कष्टता, ॥
अर्थान्तरैकपदता, समाप्तपुनरात्तता ॥ ६ ॥
अभवन्मतसंबन्धा,-ऽक्रमा,-ऽमतपरार्थता,
वाच्याभिधान नहुनु, भग्नप्रक्रमता, अनि ॥ ७ ॥
प्रसिद्धित्याग, अस्थानन्यास पद-समासको, ॥
संकीर्णता, गर्भितता, दोष हुन् वाक्यमा हुने ॥ ८ ॥

वर्णहरूको रचना रसको विपरीत (कोमल रसमा कठोर र कठोरमा कोमल) हुन गयो भने 'प्रतिकूलवर्णत्व' नामक दोष हुन्छ ।

जस्तै मेरो—

'कोल्टा फेर्छिन् फ्याँक्छिन् अङ्गै, कैल्हे मोहायित छिन् अकर्मण्य ।
छाती पिट्तछिन्, लाज र धैर्यबाट हट्छिन् ती ॥'

यहाँ संयोग परेका अक्षर हुने शब्दहरू कोमल रस(शृङ्गार)का विरोधी कठोर छन् । प्राकृत (ओवट्टइ इत्यादि) मा साहित्यकारले आफ्नू कवित्व प्रदर्शनलाई राखिएका हुन् । यस्ता प्रतिकूल वर्णहरू कहीं कहीं एक दुई ठाउँमा प्रयोग भएमा रसभङ्ग हुँदैन ।

'गता निशा इमा बाले !' (गए निशा यिनी बाले !)

यस वाक्यमा सबै ठाउँमा विसर्गको लोप हुनाले 'लुप्तविसर्गत्व' दोष छ ।

विसर्ग 'ओ' भएको 'आहतविसर्गता' दोष हुन्छ । जस्तै—

'धीरो वरो नरो याति' (जान्छ धीर नर श्रेष्ठ)
'पल्लवाकृति-रक्तोष्ठी' (कली झैं लाल-ओठकी)

यहाँ 'आकृति' पद अधिक हुनाले 'अधिकपदता' दोष छ ।

'सदाशिवं नौमि पिनाकपाणिम्' (पिनाकपाणि शिवलाई ढोग्छु)

यहाँ 'पिनाकपाणि' यो विशेषण अधिक छ ।

'कुर्यां हरस्यापि पिनाकपाणेः' (पिनाकपाणी हरको गरौंला)

यहाँ त 'पिनाकपाणि' पद (विशेषण) कामदेवले आफ्नो वीरता सूचित गर्नाको निमित्त भनिएकोले ठिक छ ।

'वाचमुवाच कौत्सः' (श्रीकौत्सले बोलि भने)

यहाँ 'वाचम्' अधिक छ । 'उवाच' भन्नाले नै गतार्थ छ ।

कहीं त विशेषण दिनाका निमित्त अधिक पदको प्रयोग आवश्यक हुन्छ । जस्तै—

'उवाच मधुरां वाचम्' (बोलेथे मधुरो बोली) ।'

कोही त भन्दछन्—'जहाँ विशेषणलाई क्रियाविशेषण बनाउन सकिन्छ त्यहाँ पनि अधिक पदको प्रयोग योग्य हुँदैन । जस्तै—

'उवाच मधुरं धीमान्' (मीठो गरी उनी बोले)

'रहन्छ यदि ता दृष्टि ममा इन्द्रत्वले छ के ? ।'

यहाँ प्रथम चरणमा 'तिम्रो' पद कम भैरहेछ ।

रतिलीलाश्रमै हर्छ सलील वहदै हवा ।'

यहाँ लीलाशब्द दुई पटक आएकोले पुनरुक्त छ । यस्तै—

'खाए बिसै लिइ विकासि-बिस प्रसून ।'

यहाँ दोस्रो पटक आएको विस शब्दको ठाउँमा 'लिइ परिस्फुट तत्प्रसून' यस्तो सर्वनाम 'तत्' शब्दको नै प्रयोग हुनपर्दछ ।

जुन लक्षणानुसार छन्द भए पनि सुन्दा राम्रो लाग्दैन र जुन छन्द रसको विपरीत छ अथवा जस्को अन्तमा गुरु (दीर्घ) हुन नसकने लघु (ह्रस्व) अक्षर रहेको छ, यस्तो तीन किसिमको हतवृत्त हुन्छ । क्रमैसँग जस्तै—

'अपशोच ! सदा यिनको हृदय चिर्दैछ अनङ्ग रिसाहा ।'

'अयि मयि मानिनि ! छोडन मान'

यो छन्द हास्य रसका निमित्त नै अनुकूल छ ।

'विकसित-सहकार-भार-रम्य-परिमल यो अब ता वसन्त आयो ।'

छन्दशास्त्रमा पाउको अन्त्यमा लघु अक्षरलाई पनि गुरु मानिलिने जो व्यवस्था छ, त्यो केवल दोस्रो र चौथो पाउका निमित्त हो । प्रथम र तृतीय पाउमा त वसन्ततिलकादि छन्दहरूको निमित्त मात्र छ । यहाँ 'प्रमुदितसौरभ आगतो वसन्त' (प्रमुदित गन्ध लिने वसन्त आयो) यस्तो पाठ गर्नाले संयोगको पैह्लो अक्षर (रम्यको 'म्य') गुरु हुन सक्तछ ।

अथवा जस्तै—

'अर्कै छन् गुणरत्न-कारण धरा धन्या, छ माटै अरू,
सामग्री पनि छन् जुदा ति, विधिले जेले सृज्यो यो युवा ।
जो देख्ता सब मुग्धचित्त रिपुका, स्त्रीका पनी उज्ज्वल
बाहू और नितम्बबाट खसछन् अस्त्रै र वस्त्रै पनी ॥'

यहाँ संस्कृत श्लोकमा 'वस्त्राणि च' यो रचनामा बन्ध शिथिल छ, 'वस्त्राण्यपि' यस्तो पढेमा त ठिक रहनेछ। यसलाई काव्यप्रकाशकारले 'अप्राप्तगुरुभावान्तलघुत्व' (अन्त्यमा गुरु नपरेको लघु) को उदाहरण मानेका छन्। 'वास्तविक छन्दको अनुसार भएमा पनि सुन्दा नराम्रो (अश्रव्य) लाग्ने छ' भनी अरू भन्दछन्।

'प्रोज्ज्वलज्ज्वलनज्वालाविकटोरुसटाच्छटः ।
श्वासक्षिप्तकुलक्ष्माभृत्पातु वो नरकेसरी ॥'
(वलेका अग्निको ज्वाला-झै जटा फट्फटाउने ।
पाहाड सासले फेंक्ने, जगत् पालुन् नृसिंहले) ॥'

यहाँ क्रमैले अनुप्रासको प्रकर्ष पतित (गिरेको) छ ।

'दलिते उत्पले एते अक्षिणी अमलाङ्गि ! ते ।'
(फुले उत्पल यी ऐल्हे तिम्रा आँखा शुभाङ्गी हे !)

यसरी प्रगृह्यसंज्ञा इत्यादिले गरिएको सन्धिभङ्ग धेरै पटक आउनाले पनि दोष हुन्छ। तर व्याकरणको विरुद्ध एकै ठाउमा मात्र छन्द भङ्ग गरी सन्धिभङ्ग भएमा पनि दोष नै हुन्छ। जस्तै—

'वासवाशामुखे भाति इन्दुश्चन्दनबिन्दुवत् ।'
(इन्द्राशा-मुखमा शुभछ चन्द्र चन्दन-बिन्दु झैं)
'चलण्डामरचेष्टितः'

यसमा सन्धिमा लज्जाव्यञ्जक अश्लीलता प्रतीत हुन्छ।

'उर्व्यसावत्र तर्वाली मर्वन्ते चार्ववस्थितिः'
(रुखको पंक्ति भै पृथ्वी राम्रो छ मरु-अन्त्यमा)

यहाँ सन्धिमा कष्टत्व हुँदा दोष छ।

'कर्पूरतुल्य करले चन्द्र शुभछन् प्रकासदै ।
जगत्, प्रिये ! मान छोड तिम्रो पाउ म पर्दछु ॥'

यहाँ 'जगत्' को सम्बन्ध पूर्वार्द्धमा हुनाले उहीं पढ्नु योग्य थियो। उत्तरार्धमा पढ्नाले 'अर्थान्तरैकपदत्व' दोषको उदाहरण हुन्छ।

'घनान्धकार नाशेर, वियोगीलाइ ताप दी, ।
झर्दछन् चन्द्रका पाऊ, पृथ्वीतल प्रकासदै ॥'

यहाँ तेस्रो पाउमा वाक्यको समाप्ति भएमा फेरी चौथो पाउमा एक विशेषण उठाएकोले '**समाप्तपुनरात्तत्व**' दोष छ।

अभवन्मतसम्बन्ध जस्तै—

'जो हुन् जयश्री स्मरकी, जस्ले लोक छ भूषित, ।
जो एणाक्षी विना प्राण व्यर्थ छन् ,तिनि छन् कहाँ ? ॥'

यहाँ यत् (जो) शब्दयुक्त वाक्यहरू निराकांक्ष हुनाले परस्परमा सम्बन्ध हुन सक्तैन। पूर्वार्धका दुई वाक्यमा 'एणाक्षी' शब्दको सम्बन्ध कविलाई अभिमत छ, किन्तु सो हुन सक्तैन। किनभने तेस्रो वाक्य जसमा 'एणाक्षी' पद छ, त्यो यत् (जो) शब्दयुक्त हुनाले पूर्वोक्त दुई वाक्यमा निराकांक्ष हुँदा 'अभवन्मतसम्बन्धत्व' दोष छ।

'जो विना व्यर्थ छन् प्राण, एणाक्षी ती कहाँ हुनिन् ?'

पूर्वोक्त श्लोकलाई यस किसिमसँग पढ़ेको बखत 'एणाक्षी' शब्द तत् (ती) शब्दयुक्त वाक्यको अन्तर्गत हुन जानाले पूर्वोक्त वाक्यहरूका साथ सम्बन्ध हुन सक्तछ र उक्त दोष हुँदैन। अथवा जस्तै—

'कटाक्षले हेर्दछ्यौ जो तवै धन्वी अनङ्ग छ।'

यहाँ यत् (जो) पदको कालवाचक (तवै) सँग सम्बन्ध हुन सक्तैन, यदि यहाँ 'जो' का ठाउँमा (ता) राखिदिएमा त्यस्को सम्बन्ध हुन सक्तछ।

अथवा जस्तै—

'चन्द्रिका जलको राशि हो, तारागण कैरव।
आकाश-कासार-राज-हंस शुभ्दछ चन्द्रमा ॥'

यहाँ आकाश-कासार शब्दको राजहंससँग समास भै समासमा गुणीभूत राजहंस शब्द, अरू कुनै पदार्थसँग स्वतन्त्र भै सम्बन्ध राख्न सक्तैन। विधेयाविमर्श दोषमा जुन अंशको प्रधानता भै परामर्श हुन सक्तैन त्यही दूषित हुन्छ, किन्तु यहाँ कासार शब्दको अर्थ (तलाउ) जो सबमा प्रधान छ समासभित्र पर्नाले 'जलको राशि' इत्यादि सब पदार्थ (जो उसका अङ्ग हुन्) अङ्ग प्रतीत हुँदैनन्, यसबाट सम्पूर्ण वाक्यका अर्थमा विरोध (दोष) भासित हुन्छ। यही यी दुईको भेद हो। यो श्लोकमा 'व्योम-कासारमा शुभ्छ राजहंस उ चन्द्रमा' यस्तो पढ़े दोष हुँदैन।

'त्यो तिम्रो मातृको कण्ठ काट्ने परशुले सँग।
यो सेखिवाल तर्वार लाज मान्दछ भार्गव ॥'

यहाँ आमाको गला काट्नु परशुरामको निन्दाका निमित्त कहिएको हो, परशु (बन्चरो) को निन्दाको निमित्त नहुनाले त्यसको परशुसँग सम्बन्ध गर्नु उचित हुन्न भनी प्राचीनहरू भन्दछन्। परशुको निन्दाद्वारा यहाँ परशुरामको अत्यन्तै निन्दा प्रतीत हुने हुनाले यस प्रकारको कथन कविका निपुणताको द्योतक छ, दोषी छैन भनी आधुनिक आचार्यहरू भन्दछन्।

अक्रमता जस्तै—

'समय नै गरदो छ बलाऽबल
कहदछन् यहि की सरि देहिमा।
शरद-सुन्दर बोलि त हाँसका
मुजुरका स्वर कर्कश पार्दथे।।'

यहाँ 'समय नै गरदो छ बलाऽबल' यो वाक्यको अर्थलाई 'यहि' शब्दले परामर्श गरेकोले त्यै वाक्यतिर 'यहि' आउनुपर्दथ्यो। त्यहाँ नरहेर 'कहदछन्' शब्द पछिल्तिर राखनाले यहाँ अक्रमता दोष छ।

यस्तै—

'दुवै पुग्यो लौ अब शोचनीयमा कपालिको संगम चाहना गरी।
शशाङ्ककी कान्तिमती कला अनी तिमी जगत्कै पनि नेत्र चन्द्रिका।।'

यहाँ 'तिमी' शब्दकै पछिल्तिर 'पनि' शब्द राखनु उचित थियो, 'जगत्कै' शब्दभन्दा पछि पर्न गएकोले अक्रमता दोष छ।

अमतपरार्थता जस्तै—

'रामकाम-शरले निशाचरी' इत्यादि।

यहाँ शृङ्गाररसको व्यञ्जक दोस्रो अर्थ प्रकृत (बीभत्स) रसको विरोधी हुनाले अनिष्ट छ।

वाच्याभिधान नहुनु जस्तै—

'मेरो व्यतिक्रम-लव के देखी प्यारी ! रुष्ट छयौ ? ।।'

यहाँ 'व्यतिक्रम लव'मा 'पनि' शब्द अवश्य नै रहनुपर्दथ्यो, सो नरहेकोले वाच्यानभिधान दोष छ। न्यूनपदत्व दोषमा वाचक पदको नै न्यूनता लिइन्छ 'पनि' शब्द वाचक होइन, द्योतक हो। 'पनि'को वाचक नहुनाले यी दुईको यो भिन्नता छ। यसै गरी अरू उदाहरणहरूमा पनि जान्नू। अथवा जस्तै—

'चरणानतकान्ताकी तिम्रो कोप छ तै पनि।'

यहाँ 'छयौ' अवश्य नै भन्नुपर्दथ्यो। 'चरणानतकान्ता छयौ' यस्तो कहेमा दोष हुँदैन।

भग्नप्रक्रमता जस्तै—

'यो मन्त्रिमुख्यले भन्दा बोल्थ्यो रावण उत्तर ।'

यहाँ 'भन्दा' भन्नु धातुले प्रक्रम गरेको हुनाले जवाफमा पनि उही धातुको रूप दिनुपर्नेमा 'बोल्थ्यो' बोल्नु धातुको प्रयोग भएकोले 'भग्नप्रक्रमता दोष' छ। 'यस्तो भनेमा मन्त्रीले भन्यो रावणले पनि' यस्तो भनेमा 'कथितपदत्व' दोष पनि हुँदैन। किनभने उद्देश्य प्रतिनिर्देशभाव नभएकोमा त्यो दोष हुन्छ। यहाँ त वचन र प्रतिवचनको 'उद्देश्य प्रतिनिर्देशभाव' छ।

जस्तै—

उदाउँछन् सूर्य लाल, लालै अस्ताउँछन् पनि ।'

यहाँ उत्तर वाक्यमा 'लालै'का ठाउँमा 'रातै' पद राखिदिउँ भने त्यै पदाथ दोस्रो पदले कहँदा आकैं पदार्थजस्तो प्रतीत हुन लाग्दछ र एकाकार प्रतीति (जो यहाँ आवश्यक छ) त्यसलाई दबाइदिन्छ।

अथवा जस्तै—

'हिमवान्‌लाइ भन्दै ती हेरी शम्भुकनै अनि ।
कही यिन्मा सिद्ध कुरा तिन्ले छोड्दा गए पनि ।।'

यहाँ तेस्रो पाउमा 'यिन्मा' शब्दले हिमालयको निर्देश गरिएकोले चौथो पाउमा 'तिन्ले' यहाँ पनि 'यो' शब्दको समानार्थक शब्द रहनुपर्नेमा नरहेको हुँदा 'भग्नप्रक्रमत्व दोष' छ।

अथवा जस्तै—

'उदन्वच्छिन्ना भूः स च पतिरपां योजनशतम् ।'
(समुद्राच्छन्ना भू जलपति छ त्यो योजन शत)

यहाँ समुद्रशब्दले निर्देश गरेर फेरि त्यसैको 'जलपति' शब्दबाट प्रतिनिर्देश गरिएकोले 'भग्नक्रमत्व दोष' छ। 'मिता भूः पत्यापां स च पतिरपां योजनशतम्' यस्तो गरेमा दोष हुँदैन। यस्तै—

'सुकीर्ति निंती, सुख चाहले वा मनुष्य संख्या पनि नाघ्न निंती ।
निरिच्छ उद्योग लिनेहरूका काखै स्पृहाले सरि सिद्धि पुग्छे ।।'

यहाँ 'सुख लाभ निंती' यस्तो गर्नु उचित छ। आदिमा र अन्त्यमा प्रक्रम भएको विचमा 'सुख चाहले वा' हुनाले 'क्रमभङ्गत्व दोष' छ। यहाँ पहिलेका दुई उदाहरण 'यो मन्त्रिमुख्यले भन्दा' र 'कही यिन्मा सिद्ध कुरा' हरूमा प्रकृतिहरूको क्रम भिन्न भएको छ। 'समुद्राच्छन्ना भू' मा पर्यायको, 'सुकीर्ति निंती' श्लोकमा प्रत्ययको क्रमभेद छ। यस्तै अन्यन्त्र पनि जान्नू।

प्रसिद्धित्याग जस्तै—

'मेघको घोर भो रव'।

मेघको शब्दलाई 'रव' भन्दैनन्, 'गर्जित' इत्यादि भन्दछन्। यसैले 'प्रसिद्धि त्याग दोष' छ। जस्तै भनिएको छ—

'नूपुरादिकमा रणित, चराहरूमा त कूजित-प्रभृति।
स्तनित-माणितादि रतिमा, मेघादिमा गर्जित छ मुख्य ॥'

अस्थानस्थपदता जस्तै—

'तत् तीर्थमा हात्ति पुलै गरेको, भागीरथी-पश्चिमवाहिनीको।
तर्दा यिनीले नभ तर्फ हाँस उँड्थे बनी चामरतुल्य खास ॥'

यहाँ 'तत्' पदले गंगाको परामर्श गरेकोले त्योभन्दा पहिले गंगापद आउनुपर्दथ्यो, सो नरहेकोले दोष हुन्छ। यस्तै—

'न जो भलो सुन्छ उ कुत्सित-प्रभु !'

यहाँ 'न' को 'सुन्छ' का सन्बन्ध हुनाले 'सुन्छ' भन्दा अगाड़ि 'न' रहनुपर्दछ, सो नहुँदा दोष छ।

यहाँ 'न' एक पदमात्र अस्थानमा रहेको छ तापनि त्यसले सम्पूर्ण वाक्य आफ्नो अर्थ बुझाउनामा शिथिल भएको हुनाले यो वाक्यदोष हो। यस्तै अन्यत्र पनि जान्नू। यसमा कोही भन्दछन्—'पद शब्दले यहाँ वाचक पदको न ग्रहण हुन्छ र 'नञ'लाई कोही पनि वाचक मान्दैनन्। यो विना विवाद स्वतन्त्रताले अर्थबोधक मानिंदैन, यसैले 'दुवै पुग्यो लौ' यस श्लोकको 'पनि' शब्दजस्तै यस श्लोकमा 'न' शब्द अस्थानमा रहे पनि 'अक्रमत्वदोष' हुन्छ, 'अस्थानस्थपदत्वदोष' होइन—'।

अस्थानस्थसमासता जस्तै—

'अद्यापि स्तनशैल-दुर्गविषम, स्त्रीजातको चित्तमा
वस्नै इच्छु छ मान, धिक् छ कहदै, रातो रिसैले सरी।
झट्टै उद्यत भै पसारि कर टाढा-तकै चन्द्रले
फुल्ने-कैरव-कोषदेखि भमरा-तर्बार खिचतैछ की ? ॥'

यहाँ पूर्वार्धमा क्रोधी चन्द्रमाको उक्तिमा समास गरिएन र उत्तरार्ध कविको उक्तिमा कठोरता द्योतक समास रहेकोले दोष छ।

एउटा वाक्यको पद दोस्रो वाक्यमा घुस्न गयो भने 'संकीर्णपदत्व' दोष हुन्छ। जस्तै—

'चन्द्र छोड मृगाक्षी हे ! हेर मान अकासमा।'

यहाँ 'अकासमा चन्द्रमा हेर, मान छोड' यस्तो सम्बन्ध छ। क्लिष्टत्व एउटै वाक्यमा हुन्छ, यसैले त्यो यो भन्दा भिन्न हो !

एक वाक्यमा दोस्रो वाक्य (पूर्ण) घुस्न गयो भने 'गर्भितता' दोष हुन्छ। जस्तै—

'पाउको छेउमा प्यारो नम्र भै परदा अब।
सगिनी ! भन्दछू तत्त्व, छैन योग्य रिसाउनु ॥'

अर्थका दोषहरू—

अपुष्ट, दुष्क्रम, ग्राम्य, व्याहता,-ऽश्लील, कष्टता, ॥
अनवीकृत, निर्हेतु, प्रकाशितविरुद्धता, ॥ ९ ॥
सन्दिग्ध, पुनरुक्तत्व, ख्याति, विद्याविरुद्धता, ॥
साकांक्षता, सहचर-भिन्नता,-ऽस्थानयुक्तता, ॥ १० ॥
विशेष अविशेषैमा, नियमै अनियममा, ॥
तिन्को विपर्यय, विधि,-अनुवाद अयुक्तता, ॥ ११ ॥
निर्मुक्त-पुनरुक्तत्व, अर्थदोष बताउँछन् ॥

तिनको विपर्यय भनेको विशेषमा अविशेष र नियममा अनियम हो।

जहाँ कुनै पदार्थ मुख्य अर्थको उपकारी हुँदैन त्यहाँ 'अपुष्टत्व दोष' हुन्छ। जस्तै—

'फैलिने व्योममा हेरी चन्द्र छोड रिस प्रिये ! ॥'

यहाँ 'फैलिने' शब्द मानत्यागमा केही पनि उपकार गर्दैन। अधिकपदत्वमा पदार्थका अन्वयको समकालैमा बाधको ज्ञान हुन्छ, तर यहाँ अन्वय भैसकेपछि बाधको प्रतीति हुन्छ र यही भिन्नता छ।

दुष्क्रमता जस्तै—

'देऊ मलाइ घोडा वा राजन् ! हात्ती मदालस।'

यहाँ हात्ती पहिले माग्नु उचित थियो।

'सुत मेरो नगिचमा सुत्छू म पनि हे प्रिये ! ॥'

यहाँ अर्थ **ग्राम्य** (गामाली) छ।

पहिले कुनै वस्तुको उत्कर्ष अथवा अपकर्ष देखाएर पछि त्यसैको विपरीत कथन गर्नाले 'व्याहतत्व' दोष हुन्छ। जस्तै—

'हर्छन् तरुणको चित्त न नवेन्दुकलाहरू।
हेरिन्छिन् जुनले तन्वी यी जगत्-नेत्र चन्द्रिका ॥'

जुनलाई सच्चा चन्द्रमाको नयाँ कलाले आनन्द दिंदैन तिनलाई आनन्दित गर्नाका निमित्त यहाँ सुन्दरीमा चन्द्रिकात्वको आरोप गरिएको हुनाले अर्थ व्याहत छ।

'हान्नै अकडिई उठ्ने, छिद्र खोज्ने, निठल्लुको।
चाँडो गिर्नु भए जस्तै हुन्न त्यस्को त उन्नति ॥'

यहाँ लिङ्गरूप लज्जाव्यञ्जक अश्लील अर्थ प्रतीत हुन्छ।

'गर्छन् वर्षण सूर्यले, न घनले रश्मिस्थ पानीय नै
खासै हुन् रविकी सुता ति यमुना, गङ्गा बढाईदिइन्।
व्यासोक्ती नपत्याउने, श्रुतिविषे श्रद्धा नराख्ने छ को ?
पत्त्याउन्न तथापि मुग्ध हरिणी सूर्यांशुमा पानि ता ॥'

जब यमुना र वर्षा दुवै सूर्यबाट नै उत्पन्न भएका छन् त तिन्को जल पनि सूर्यबाट नै उत्पन्न भएको होला, यसैले सूर्यका किरणहरूमा पानीको ज्ञान हुनु ठिक नै छ, तथापि भ्रान्त हुनाले मृगी तिन्मा पानीको विश्वास गर्दिन। यो अप्रस्तुत अर्थ पनि यहाँ दुर्बोध छ—त्यसबाट मुग्धा नायिकाको नायकप्रति अविश्वासरूप प्रस्तुत अर्थका व्यञ्जना त धेरै टाढ़ाको कुरा छ र यहाँ 'कष्टार्थत्व' दोष छ।

'सदा घुम्छन् खमा[1] सूर्य, सदा हावा वहन्छ र।
शेष धर्छन सदा पृथ्वी, सदा अश्लाघि धीर छ ॥'

यहाँ चारै पाउमा 'सदा' पढ्दा त्यसमा कुनै नयाँ पन छैन र यहाँ **अनवीकृतत्व** दोष छ। यहाँ 'सदा' पदको पर्याय राखिदिएमा पनि कुनै चमत्कार नआई अनवीकृतत्व बनी नै रहने हुनाले यही नै कथितपदत्वसँग भिन्नता छ।

नवीकृतत्व जस्तै—

श्रीसूर्य चढ्छन् हरदं तुरङ्ग, हावा पनी रातदिनै वहन्छ,।
श्रीशेष धर्छन् पृथिवी सदा नै, नरेशको धर्म पनी त यै हो ॥'

'लिने भैथिस् जस्ले[2] द्रुपद-भय भै, योग्य न थिइस्,
प्रभावैले जस्को अविषय त तेरो कुन भयो ?।
त्यजे उन्ले त्यस्तो तँ, बनि सुत-शोकी, न त डरी,
अये शस्त्र ! त्याग्छू तँकन म पनी, होस् शुभ तँमा ॥'

---

१. आकाशमा। २. द्रोणाचार्यले।

यहाँ पहिलो शस्त्रमोचनमा कारण बताएको थियो, दोस्रो अश्वत्थामाको शस्त्रत्यागमा कुनै कारण नबताएकोले, 'निर्हेतुत्व' नामको अर्थदोष छ।

'राजन् ! हजुरका पुत्र राजश्री पाउने बनून् ।'

यहाँ 'तपाईं मर्नुहोस्' भन्ने विरुद्ध अर्थ भासित हुन्छ, किनभने राजा वाचुन्जेल युवराजलाई राजलक्ष्मी मिल्दैन। यसैले यहाँ प्रकाशित विरुद्धत्व' दोष छ।

'अबला वा अचल[1] को सेव्य छन् भन विज्ञ हो ! ।।'

यहाँ प्रकरण केही नहुनाले यो वक्ता 'शान्त छ वा श्रृङ्गारी ?' यस कुराको निर्णय गर्न कठिन छ, यसैले अर्थमा 'सन्दिग्धत्व' दोष छ।

'सहसा नगरोस् कुनै कुरा अविवेकै छ विपत्ति-कारण ।
पुगछन् गुणलुब्ध सम्पती खुद आफैं सुविचार-कारिमा ।।'

यहाँ उत्तरार्धमा दोस्रो पाउको अर्थ नै व्यतिरेकले निर्दिष्ट गरिएको हुनाले 'अर्थपुनरुक्ति' दोष छ।

प्रसिद्धिविरुद्धता जस्तै—

'अनी घुमेथे रणमा सेतो शूल लिने हरि ।'

यहाँ विष्णुले त्रिशूल लिनु प्रसिद्ध छैन। विष्णुको चक्र र शंकरको त्रिशूल प्रसिद्ध छ। यसैले यहाँ 'लौकिकप्रसिद्धिको' विरोध छ।

'छुँदा तिम्रो पाउले भो अशोक अँकुराउने ।'

रमणीहरूको पाउ लाग्नाले अशोकमा फूल फुल्नु नै कवि-संप्रदायमा प्रसिद्ध छ, अँकुराउनु छैन। यसैले यहाँ कविसमयका प्रसिद्धिको विरोध छ।

'नङको खत ओठमा ठिटीको ।'

ओष्ठमा दन्तक्षतको विधान कामशास्त्र (श्रृङ्गारशास्त्र) मा छ, नखक्षतको छैन। यसैले यहाँ 'विद्याविरुद्धता' दोष छ। यस्तै अरु शास्त्रका विरोधको उदाहरण पनि जान्नू।

'शिवका धनुको भङ्ग, क्षत्रीको त्यो समुन्नति, ।
स्त्रीरत्न फेरी कसरी सहोस् भार्गव[2] आज यो ।।'

यहाँ 'स्त्रीरत्न'को अगाडि 'उपेक्षा गर्न' पदको आकांक्षा हुनाले 'साकांक्षता' दोष छ।

'सन्त दुर्गतिमा मग्न, गलितस्तन[3] कामुकी ।
सभामा खल-पूजा त मेरो चित्त दुखाउँछ ।।'

---

१. पर्वत । २. परशुराम । ३. स्तन झोलिएकी ।

यहाँ सन्त र कामुकी (स्त्री) असल हुनाले, तिनका साथमा रहेको खल (मूर्ख) नअसल छ र 'सहचरभिन्नता'को दोष छ।

'आज्ञा इन्द्रशिरोमणि-प्रणति छे, छन् शास्त्र आँखा नयाँ,
भक्ती शंभु पिनाकिमा छ, पद हो लङ्का सुनौला पुरी।
ब्रह्माको कुलमा छ जन्म, अब लौ पाइन्न यस्तो वर,
होस् यो रावण नै नता, किन हुनन् सर्वत्र सारा गुण ?॥'

यहाँ 'होस् यो रावण (संसारलाई रुवाउने) नै नता' यत्तिकैमा समाप्त गरिदिनु उचित थियो। पछिल्लो अंश अस्थानमा प्रयुक्त हुनाले 'अस्थानयुक्तत्व' दोष छ।

'हीराका खानि खासै यी सिन्धुको के बयान छ ?।'

समुद्रका निमित्त सामान्यसित रत्ननिधि नै भन्नुपर्दछ। यहाँ 'हीराका खानि' यो अविशेषमा विशेष कहिएको हुनाले 'अविशेषमा विशेष' दोष छ।

'भुमरी नै नाभि तिम्रो, नेत्र ती नीलपद्म छन्।
तरङ्ग हुन् बली त्यस्ले छचौ लावण्याम्बु-वापिका[१] ॥'

यहाँ 'भुमरी नै' भनि 'नै' शब्दले नियम गर्नु अनुचित छ।

'जान्छन् नीलो चोलि लाई रात्रीमा अभिसारिका।'

यहाँ रात्रीको विशेष काली रात्रीको वाचक तमिस्रा या तमी इत्यादि बोल्नुपर्नेमा सामान्य रात्री बोलेकोले दोष छ।

'आपात-रम्य भोगैमा डूब्नेले के न गर्दछन् !।'

यहाँ 'आपात नै' यस्तो नियम गरी नबोलेकोले दोष छ।

प्रश्न—वाच्यानभिधानको पूर्वोक्त उदाहरण 'मेरो व्यतिक्रमलव' यो श्लोकमा 'पनि' शब्दको अभाव छ र 'आपात-रम्य' यहाँ 'नै' शब्दको अभाव छ भने यी दुवै दोषहरूलाई एकै किसिमको किन नमान्नू ? यिनमा भिन्नता के छ ?। यहाँ कसैले समाधान गरेको छ—'जहाँ नियम वाचक शब्दको अभाव छ त्यहाँ नियम परिवृत्ति नामक दोष हुन्छ। अन्यत्र वाच्यानभिधान दोष हुन्छ—'। यस्तो भन्नु ठिक छैन। त्यही कुरा मानेमा पनि वाच्याभिधानलाई शब्ददोष र नियमपरिवृत्तिलाई अर्थदोष मान्नाको कुनै कारण रहँदैनथ्यो। जब एकै भए दुई दोष किन मान्नुपऱ्यो ?। त्यसो भए यसमा के उपाय छ ? समाधान—'वाच्यानभिधान'मा शब्दोच्चारण गर्नासाथै दोषको प्रतीति हुन्छ र प्रकृत दोषमा अर्थज्ञान भएपछि दोषको ज्ञान हुन्छ, यही यी

१. सुन्दरतारूपी जलकी तलाउ।

दुईको भेद छ। प्राचीन आचार्यहरूले शब्द र अर्थका दोषहरूको विभाग यस प्रकार-सँग मानेका छन्—'जुन दोष शब्द परिवर्तन गर्दा रहन सक्तैन त्यो शब्ददोष र जुन दोष कुनै पर्याय बदल्दा पनि हट्तैन त्यो अर्थदोष हुन्छ। यो विभाग अब यस रूपमा परिणत हुन्छ—'जुन दोष शब्द बदल्दा रहँदैन त्यो शब्ददोष हुन्छ र जुन पदार्थहरूको अन्वयज्ञान भन्दा पहिले नै प्रतीत हुन्छ, त्यसलाई पनि शब्दको नै दोष मान्नुपर्दछ। किन्तु जुन दोष अर्थज्ञान भैसकेपछि भासित हुन्छ त्यो अर्थदोष हुन्छ। यसै गरी 'अनियमपरिवृत्ति' (अनियममा नियम—भुमरी नै नाभि तिम्रो) इत्यादि अर्थदोषका अधिकपदत्व नामक शब्ददोषदेखी भिन्नता जान्नू। अमतपरार्थत्व नामक दोष हुन त पदार्थज्ञान भैसकेपछि भासित हुन्छ, तर त्यो नियमले 'रामकाम-शर' इत्यादि वाक्यहरूमा नै रहन्छ र त्यसलाई वाक्यदोष मानिएको छ। अश्लील-त्वादि त केवल वाक्यमा मात्रै रहने हुँदैनन्।

'यो स्व-पक्ष खुसी पारी पर-पक्ष विनाशला।'

यहाँ विधि अयुक्त छ। 'परपक्षलाई मारेर स्वपक्षलाई आनन्द दिलाउनेछ' यस्तो विधान गर्नु उचित छ।

'चण्डीशचूडाभरण'[1], चन्द्र, लोकतमोपह,।
विरहिप्राणहरण! न पीर मकनै वृथा॥'

यहाँ 'मलाई न पीर' भन्ने विरहीको प्रार्थनामा तेस्रो पाउ 'विरहिप्राणहरण' यो अर्थ अनुवाद गर्न योग्य नहुनाले 'अनुवादायुक्तत्व' दोष छ।

'छोई रागावृताङ्गी[2] जुन असि-छडिले[3] शत्रुको घाँटि माथी,
हात्तीको[4] नै पनी थी उपर र परले देख्तथे जो खसेकी,।
त्यो-धर्ने[5] यो[6] नगन्छन् अरु सब, विदितै होस्, त्यसैले दिइन्छू
भृत्यैलाई' यही श्री-वचन[7] लिइ गइन् अब्धिमा[8] कीर्ति जस्की॥'

यहाँ 'विदितै होस्' यहीं तकले वाक्य पूरा भैसकेकोमा त्यसलाई 'त्यसैले' इत्यादिले फेरि उठाएको हुनाले 'निर्मुक्तपुनरुक्तत्व' दोष छ।

रसका दोषहरूको गणना—

स्वशब्दले रसैको र स्थायि-सञ्चारिको लिनु, ॥१२॥
विरोधी रसका अङ्गी विभावादिकको लिनु, ॥

---

१. महादेवका शिरको गहना। २. रगतले शरीर लिपेकी वा रतिको इच्छाले निश्चल भएकी। ३. तरवाररूपी छड़ीले। ४. हात्तीको वा कामशास्त्रोक्त पुरुषविशेषको। ५. त्यस्तो असि-यष्टि लिने वा असियष्टिमा आसक्त। ६. राजा। ७. लक्ष्मी (ऐश्वर्य) को बोली। ८. समुद्रमा।

गाऱ्हो कल्पनु आक्षेप अनुभाव-विभावमा, ॥१३॥
रस एकासि विस्तार-छेद-दीप्ति गराउनु, ॥
बेवास्ता मुख्यको, फेरी गर्नु व्याख्या अनङ्गिको, ॥१४॥
अङ्गको धेर विस्तार, प्रकृतीको विपर्यय, ॥
अर्था-ऽनौचित्य र अरू, रसका दोष भन्दछन् ॥

रसको स्वशब्द भनेको 'रस' शब्द र 'शृङ्गार' आदि शब्द पनि हो। क्रमैसित जस्तै—

'ती राम्रीलाइ देखेर हाम्रो कोहि उठ्यो रस।'
'चन्द्रमण्डल देखेर डुब्यो शृङ्गारमा मन।'

स्थायिभावको स्वशब्दवाच्यत्व जस्तै—

'देखदा त तिमीलाई तिनीमा रति जन्म भो।'

व्यभिचारिभावको स्वशब्दवाच्यत्व जस्तै—

'भइन् लज्जावती मुग्धा प्यारोले चूमदामहाँ।'

यहाँ 'भइन् मुकुलिताक्षी ती' यस्तो प्रथम पाउमा पढ़ेर अनुभावद्वारा लज्जाको वर्णन गर्नु उचित थियो।

'पातली ! मान नगर जानो यौवन अस्थिर।'

यहाँ यौवनका अस्थिरताको कथन शृङ्गाररसको विरोधी शान्तरसको अङ्ग छ, त्यसैको यो उद्दीपन विभाव हो, यसैले शृङ्गार रसमा त्यसको कथन उचित छैन।

'लोकलोचनानन्दी शिशिर-रुचिले[1] भुवन सेतो पार्दा।
केही कटाक्ष गर्दी, स्मितवदना, ती स्त्री तिर हेर॥'

यहाँ शृङ्गाररसको उद्दीपन विभाव चन्द्रमा र आलम्बन विभाव नायिका 'अनुभावपर्यवसायी' छन् अर्थात् अनुभाव (रतिकाय) लाई कठिनतासँग कल्पना गराउँछन्।

हरदछ रतिलाइ, बुद्धि गिर्छ,
लडदछ भैंतिर, फेरि कोल्टि फेर्छ,।
यहि विषम[2] दशा[3] शरीर उस्को
बल-सित दाब्दछ के गरौं यहाँ लौ॥'

---

१. चन्द्रमाले। २. हटाउन मुश्किल। ३. अवस्था।

यहाँ कुनै वस्तुमा रति (अनुराग) नहुनु इत्यादि दशा जो यस श्लोकमा बताइएको छ, त्यो करुण रसमा पनि हुन सक्तछ, यसैले श्रृङ्गार र करुणका यी सामान्य अनुभावबाट त्यो रमणीलाई कामुकी या विरहिणी संझन कठिन छ।

बेमौकामा रसको विस्तार जस्तै—वेणीसंहारको दोस्रो अंकमा जब अनेकन कौरव वीरहरूको नाश भैरहेको थियो, त्यस बखत दुर्योधनको भानुमती (रानी)सँग श्रृङ्गारका कथाको विस्तार गर्नु।

अस्थानमा विच्छेद जस्तै—महावीरचरितमा राम र परशुराम दुवैको जोस वेगसँग बढ़िरहेको बखत रामचन्द्रका मुखबाट 'कंकण फुकाल्न जान्छु' इत्यादि भन्नु।

बारंबार दीप्ति जस्तै—कुमारसंभवको रतिविलापमा।

अङ्गी (प्रधान)को अननुसन्धान (विस्मृति) जस्तै—रत्नावली नाटिकामा बाभ्रव्यले सागरिकालाई बिर्सनु।

अनङ्ग (अङ्ग नहुने) को कीर्तन जस्तै—कर्पूरमञ्जरीमा राजा र नायिकाले आफुले गरेका वसन्तवर्णनको अनादर गरेर बन्दीका वर्णनको प्रशंसा गर्नु।

अप्रधानको विस्तार जस्तै—किरातको आठौं सर्गमा अप्सराहरूका विलास-हरूको विस्तार गर्नु।

प्रकृतिहरू तीन प्रकारका हुन्छन्, दिव्य, अदिव्य र दिव्यादिव्य। तिनका धीरोदात्तादि भेद पनि पहिले कहिएका छन्। तिनमा पनि उत्तम, मध्यम र अधम पना हुन्छ। यिनका मध्यमा जो जस्तो प्रकृतिको छ त्यसका स्वरूपको ठिकठिक वर्णन नहुनाले प्रकृतिविपर्यय दोष हुन्छ। जस्तै—धीरोदात्त नायक रामको धीरोद्धत जस्तै छलले वालिको वध गर्नु। अथवा जस्तै—कुमारसंभवमा उत्तम देवता श्रीपार्वती र महादेवको संभोग श्रृङ्गार वर्णन गर्नु। यस विषयमा प्राचीन आचार्य मम्मट भन्दछन्—'माता-पिताको संभोग वर्णनजस्तै यो वर्णन अत्यन्त अनुचित छ–'। यो बाहेक देश, काल इत्यादिको विरुद्ध वर्णनलाई पनि अनौचित्यको अन्तर्गत जान्नू। किनभने त्यस्तो भएमा काव्यका असत्यताको भान हुनजानाले शिक्षणीयहरूको चित्त त्यसतर्फ आकृष्ट हुन सक्तैन।

यी बाहेक[१] अलंकार-दोषको छैन संभव ॥ १५ ॥

जस्तै—उपमामा असादृश्य (साधारण धर्मको अप्रसिद्धि) र असंभव (उपमान-को अप्रसिद्धि) अथवा उपमानमा जाति र प्रमाणको न्यूनता वा अधिकता रहेमा, यस्तै अर्थान्तरन्यास अलंकारमा उत्प्रेक्षित अर्थको समर्थन गरिएको भए तहाँ पनि अनुचितार्थत्व दोष जान्नू। क्रमैले उदाहरण—

---

१. उक्त दोषभन्दा भिन्न।

'गाँथ्छू म काव्य-शशि[1] विस्तृत-अर्थ-रश्मि[2] ।'
'बलेका जलधारा झैं खस्छन् हजुरका शर ।'
'चण्डाल-सरि राजा छन् रणमा अतिसाहसी ।'
'कर्पूर खण्ड[3] सरि शुभ्दछ चन्द्र-बिम्ब ।'
'हर झैं नीलकण्ठी यो शोभा लिन्छ मयूर त ।'
'अद्रि[4] झैं स्तन तिम्रा छन् ।'

'जस्ले[5] रवीबाट बचाउँदैछ
छिप्ने दिवाभीत[6]-सरी अँध्यारो ।
क्षुद्रै पनी होस् शरणागतैमा
ममत्व[7] उच्चाहरुको रहन्छ ॥'

उत्प्रेक्षित पदार्थ असत्यरूपबाट नै प्रतीत भैरहने हुन्छ—यो श्लोकमा अन्धकारको भय उत्प्रेक्षित हुनाले असत्य प्रतीतलाई सत्य पदार्थले समर्थन गर्न उत्तरार्धको रचना अनुचित छ । यमक तीन पाउमा रहेर एक पाउमा रहेन भने अप्रयुक्तत्व दोष हुन्छ । जस्तै—

'सहसाभिजनैः स्निग्धैः सह सा कुञ्जमन्दिरम् ।
उदिते रजनीनाथे सहसा याति सुन्दरी ॥'
(हाँसदै प्रेमि जनका साथ ती कुञ्जमन्दिर ।
जान्छिन् चन्द्र उदाएमा हड्बडाएर सुन्दरी)

उत्प्रेक्षामा 'यथा' शब्दको प्रयोग भयो भने अवाचकत्व दोष हुन्छ । जस्तै—

'एष मूर्तो यथा धर्मः क्षितिपो रक्षति क्षितिम् ।'
(मूर्तिधारी धर्म जस्ता राजाले भूमि पाल्दछन्)

यसै गरी अनुप्रासमा वृत्तिविरुद्धत्व (विरोधी रसका लायक अक्षरहरूको रचना) लाई प्रतिकूलवर्णत्वको अन्तर्गत संझनू । जस्तै—

'ओवट्टइ' उल्लट्टइ' (कोल्टा फेर्छिन् फ्याँक्छिन् अङ्ग) इत्यादि ।

उपमामा साधारण धर्म अधिक भएमा अधिकपदत्व र कम भएमा न्यूनपदत्व दोष हुन्छ । क्रमैले उदाहरण जस्तै—

---

१. काव्यरूपी चन्द्र । २. सुन्दर अर्थरूपी किरण फैलाउने । ३. कपूरको टुक्रो । ४. पर्वत । ५ जुन हिमालयले । ६. लाटो कोसेरो । ७. मेरो हो भन्ने भाव ।

'नयन ज्योतिले शुभ्छन् शम्भु भूतिसितद्युति[१] ।
विद्युत्‌ले झैं शरद्-मेघ नीलमेघांश धारने ।।'

यहाँ भगवान् शम्भु उपमेयमा नीलकण्ठको कथन नहुनाले यो श्लोकमा चतुर्थ पाउ अधिक छ ।

'श्रीले अँगालिने, मोती-माला-भूषित, कृष्ण ता ।
बिजुली-साथको, नीलो, मेघ तुल्य सुहाउँछन् ।।'

यहाँ उपमान मेघमा 'बलाका' पनि बढ़ि भन्नुपर्दथ्यो, त्यो विना मोतीमालाको कुनै उपमान नहुनाले न्यूनपदत्व अलंकार दोष छ ।

यस्तै उपमामा नै उपमान-उपमेयका लिङ्ग, वचन, वर्तमान आदि काल, प्रथम-मध्यमादि पुरुष र विध्यादि अर्थहरूमा भेद रहेमा भग्नप्रक्रमता दोष हुन्छ । क्रमैले उदाहरण जस्तै—

'सुधा झैं साफ चन्द्र छ ।'
'ज्योत्स्ना जस्तै सफा कीर्ति ।'

'नौलो शोभा थियो यिन्को जाँदा भेष सफा गरी ।
छोड्दा शिशिरले चित्रा-चन्द्रको योगमा सरी ।।'

यहाँ भूतकालको सम्वन्ध उपमानसँग हुन सक्तैन। चित्रा र चन्द्रमाको शोभा सदाकाल त्यस्तो नै हुन्छ ।

'लता झैं शुभ्दछ्यौ तन्वि ! ।'

यहाँ मध्यमपुरुषको उपमान लता प्रथमपुरुषसँग हुन सक्तैन ।

'तिम्रो छोरो धेर बाँचोस् मार्कण्डेय मुनी सरी ।'

यहाँ चिरञ्जीवी हुने आशीर्वाद मार्कण्डेय चिरञ्जीवी नै हुनाले असंबद्ध छ, उनलाई यो आशीर्वादले के काम ? यहाँ विधिभेद छ ।

उपमामा लिङ्गभेद र वचनको भेद भएमा पनि साधारण धर्ममा एकरूपले सम्वन्ध हुन्छ भने त यो दोष मानिंदैन ।

क्रमैले उदाहरण जस्तै—

'मुख चन्द्र सरी शुभ्छ ।'
'माधुर्य-धारी तद्-वेश[२] अरू स्त्रीले अतुल्यको ।
धर्छ लौ अति नै शोभा तिन्का विभ्रम[३] झैं गरी ।।'

१, विभूतले सेतो कान्ति भएका । २, तिन्को पहिरन । ३, कामदेवका विलासहरू ।

पहिलेका 'सुधा झैं' देखि 'तिम्रो छोरो धेर बाँचोस्' तकका उदाहरणहरूमा साधारण धर्मको अन्वय उपमान र उपमेयका मध्यमा कुनै एउटाकै साथ हुन्छ, दुवैसँग हुँदैन, यसैले त्यहाँ प्रक्रान्तको अनिर्वाह स्फुट (स्पष्ट) हुनाले भग्नप्रक्रमत्व दोष छ। यसै गरी अनुप्रासमा वैफल्य हुनाले अपुष्टार्थत्व दोष हुन्छ। जस्तै—

'अनणुरणन्मणिमेखलमविरलशिञ्जानमञ्जुमञ्जीरम् ।
परिसरणमरुण चरणे ! रणरणकमकारणं कुरुते ॥'

(अयि,[1] लालपाउवाली ! हरबखत मञ्जीर छुन्छुन् गरने, ।
अति मेखलि-मणि बजने, डुलनुले बढ्छ जनको काम) ॥'

पूर्वोक्त संस्कृत श्लोकमा कुनै रस छैन, अनुप्रास मात्र छ र रसपोषक नहुनाले विफल छ।

यस्तै समासोक्तिमा साधारण विशेषणहरूको बलले बुझिने अर्थलाई वाचक शब्दहरूले कथन गर्नु र अप्रस्तुत प्रशंसामा व्यञ्जनाले प्रतीत हुने प्रस्तुत अर्थलाई वाचक शब्दले कथन गरेमा पनि पुनरुक्तत्व दोष हुन्छ। क्रमैले उदाहरण जस्तै—

'अनुरागयुक्त[2] पनि लोचनमा,
वपु पारने सुख अतापकर, ।
वसु-हीन[3] सूर्यकन पार-गरीन्[4],
नभ-वेश्मबाट,परदिक्-गणिका[5]॥'

यहाँ 'परदिक्' यत्तिकैले समासोक्तिको बलबाट पश्चिम दिशाको वेश्यात्व प्रतीत भएकोमा 'गणिका' शब्दको प्रयोग गर्नाले पुनरुक्ति दोष छ।

'डाकेमा चिडियाकनै मश अघी आए नरोकिन्छ त्यो,
माझो वा धुरमा रहोस् तृणमणी माणिक्य बोलिन्छ त्यो ।
जुन्कीरी पनि तेजिलो गिनत्तिमा काँपेर भाग्दैन लौ,
धिक् सामान्य ! विमूढ मालिक-सरो तत्वाऽविचारीकन ॥'

यहाँ प्रस्तुत कुनै अविवेकी प्रभुको व्यञ्जनाले प्रतीत भएकोमा फेरि 'विमूढ मालिक' भनी कहनु अनुचित छ।

यस्तै अनुप्रासको चक्करमा आएर अप्रसिद्ध पदार्थको वर्णन गरिएको छ भने ख्यातिविरुद्धत्व दोष हुन्छ। जस्तै—

---

१. वेश्यामा विरक्त भएका पुरुषको उक्ति हो। २. रातोपना र प्रेमले युक्त। ३. किरण रहित र निर्धन। ४. द्वीपान्तरमा वा छाडी दिइन्। ५. पश्चिमदिशा-वेश्याले।

'चक्रीले[1] चक्रवर्त्तित्व, गोत्रभिद्[2] गोत्र-उन्नति ।
वृषै[3] वृषभकेतूले[4] दिएथे यिनि भूपमा ॥'

पूर्वोक्त दोष, कहीं दोषत्व पैदा गर्दैनन् र कहीं त गुण हुन जान्छन् तिनै स्थल-हरूको निर्देश गरिन्छ—

क्रोधले युक्त वक्ता र हुँदा वाच्य समुद्धत ॥
रौद्रादि रसमा ज्यादा दुःश्रवत्व छ लौ गुण ॥ १६ ॥

मुख्य गुण (माधुर्यादि) रसका नै स्वरूप-विशेष हुन् र रस आत्मरूप हो, हुन त शब्दमात्रमा रहने दुःश्रवत्वलाई मुख्य रीतिले गुण भन्न सकिंदैन, तथापि रस-प्रकर्षका अनुकूल हुनाले तिनीहरूमा गौणरीति (लक्षणा) ले गुणशब्दको प्रयोग जान्नू । क्रमैले उदाहरण जस्तै—

'उन्ले निर्दय-साथ छोडि, गलमा मेरा सबै प्राण छन्,
क्रोधी काम शरै तिखा लिइ अती काट्तैछ मेरो मन ।
प्राणीमाथि कृपालु शम्भु विभुको प्रोज्ज्वल्य नेत्रानल-
ज्वालाले[5] उ त भस्म अब हवस् फेरी समस्तात्मले[6] ॥'

यहाँ विप्रलम्भ शृङ्गार कोमल रस छ त पनि वक्ता कामका उपर कुपित हुनाले उत्तरार्धको श्रुतिकटुत्व यहाँ गुण हुन्छ ।

'माथामा कम्प-साथै खललल गरने स्वर्धुनीका तरङ्ग
माथी फेंक्ने निहूँले छरिकन नभमा लक्ष तारा-समूह ।
माथिलो पाउ बेगै-सित घुमि उठने बेगिलो वायुबाट
ब्रह्माण्डै घुम्ति पार्ने, जन-सुखद बनोस् शम्भुकोउग्र-नाच ॥'

यहाँ उद्धत ताण्डव नाच वाच्य हुनाले दुःश्रवत्व गुण छ, दोष छैन । यी दुवै श्लोक मेरा कृति हुन् ।

रौद्रादि दीप्तरसहरूमा दुःश्रवत्व यी दुवैमा भन्दा अधिक गुण हुन्छ, जस्तै—'छाला लुछ्तै र चुँड्दै प्रथम' इत्यादि । यहाँ बीभत्स रस छ ।

सुरतारम्भ-गोष्ठीमा अश्लीलत्व छ लौ गुण ॥

---

१. विष्णुले । २. इन्द्र । ३. पुण्य । ४. महादेवले । ५. धप्धप् बलेको तृतीय नेत्रका अग्निको ज्वालाले । ६. अघि भौतिक शरीर भस्म भएको हो, अब लिङ्गशरीरले पनि ।

जस्तै—

'दुर्भेद्यमा[1] पसी भित्र हुँडल्दा करि-हस्तले[2]।
ध्वज[3] बढ्दै पुरुषको साधनै-भित्र[4] शुभ्दछ ॥

सुरतारम्भगोष्ठीमा 'द्व्यर्थक पदहरूले गोप्य कुरालाई प्रकाश गर्नु' यो कामशास्त्रको नियम छ । आदिशब्दले शान्ति आदिका कथाहरूमा जान्नू ।

श्लेषादिमा छन् निर्दोष निहतार्था,-ऽप्रयुक्तता, ॥ १७ ॥

जस्तै—

'पर्वतभेदि[5], पवित्र[6], जेता नरकको[7], बहुमत[8]-गहन[9], ।
हरि[10]-सरि, हरि[11]-सरि, हरि[12]-सरि सुरसरित्-जल[13] खस्तछ ढोग ॥'

यहाँ इन्द्रपक्षमा 'पवित्र' शब्द निहतार्थ छ । सिंहपक्षमा 'मतंग' शब्द 'मातङ्ग'का निमित्त अप्रयुक्त छ त पनि श्लेषले गर्दा यहाँ दोष छैन ।

गुणै छ अप्रतीतत्व ज्ञाता-भै[14] वक्तृ-वाच्यमा ॥

जस्तै—

'भन्छन् तिमी प्रकृति[15] छौ पुरुषार्थ-प्रवर्तक ।
त्वद्-दर्शन उदासीन, तिमी नै पर-पूरुष[16] ॥'

परामर्श हुँदा आफैं

आपसे आप जहाँ परामर्श हुन्छ, त्यहाँ पनि अप्रतीतत्व गुण नै हुन्छ । जस्तै—

---

१. मानिस, घोड़ा, इत्यादि घना हुनाले फोर्न नसकिने । २. हात्तीको सूँढ़ले । ३. झण्डा । ४. सैन्यको माझमा । यहाँ संकुचित योनिको माझमा कामशास्त्रोक्त कृत्रिम लिङ्गले प्रवेश गराई, गतागत गर्ने, पुरुषको लिङ्ग शोभित हुन्छ भन्ने यो अर्थ पनि प्रतीति हुनाले अश्लीलता छ । ५. हिमालय भेदन गर्ने । ६. निर्मल (शुद्ध) । ७. पारलौकिक दुःखलाई नाश गर्ने । ८. धेरैले मानिएको । ९. ठुलो वेग हुनाले पस्न नसकिने । १०—१३. गङ्गाजीको जललाई तिमीहरू नमस्कार गर । कस्लाई झैं ?—गोवर्धनोद्धार गर्ने, पवित्र, नरकासुरलाई मार्ने, धेरैले सम्मान गरिने, दुर्बोधतत्व, विष्णुलाई झैं; पर्वतका पखेटा काट्ने, बज्र धारण गर्ने, विजयशील, मनुष्यका अतिपूजित, दुर्जय, इन्द्रलाई झैं; पर्वत भेदन गरी गुफामा बस्ने, 'मृगाणां च मृगेन्द्रोऽहं' देवरूप हुनाले पवित्र, मनुष्यसमूहलाई जित्ने, धेरै हात्तीलाई मार्ने, सिंहलाई झैं । १४. संकेतको अभिज्ञत्व छ भने । १५. प्रधान वाचक (योगशास्त्रमा ने प्रयोग धेरै हुनाले प्रसिद्ध) । १६. परमात्म वाचक (योगशास्त्रमा नै प्रसिद्ध) ।

'कला[1] रहेमा तम-वृद्धि[2] गर्ने, कला हटेमा तमलाइ हर्ने।
स्वच्छै[3], निरालम्बपदाऽवलम्बी[4], त्यो आत्मचन्द्रैकन[5] खोजदैछु ॥'

कहेको पद हो गुण ॥ १८ ॥

विहितानूद्यता, क्रोध, आश्चर्य र विषादमा ॥
लाटानुप्रास, औ दैन्य, अनुकम्पा, प्रसादमा ॥ १९ ॥
अर्थान्तरसंक्रमित-वाच्य, निश्चय, हर्षमा ॥

जस्तै—

'लालै उदाउँछन् सूर्य, लालै' इत्यादि। यहाँ विहितको अनुवाद छ।
'खेद, खेद !! गए कान्त आएनन् सखि ! चैत्रमा'। यहाँ विषाद छ।
'चित्र चित्र !! अनाकाशमा के सुमुखि ! चन्द्र हो ? ।' यहाँ विस्मय छ।
'सुनयने ! नयने निधेहि' (सुनयना ! नयनै लगाऊ) यहाँ लाटानुप्रास छ।
'नजर त्यस्कै नजरै हुन् !' इत्यादिमा अर्थान्तरसंक्रमितवाच्य ध्वनि छ। यस्तै अन्यत्र पनि जान्नू।

सन्दिग्धत्व पनी व्याजस्तुति-पर्यवसायि भै ॥ २० ॥

गुण नै हुन्छ। जस्तै—

* 'पृथुकार्तस्वरपात्र, भूषित निःशेषपरिजन, हे देव !
विलसत्करेणुगहन, हाम्रो अहिले छ समै सदन ॥'

वैयाकरणवक्ता र प्रतिपाद्य हुँदा पनि ॥
कष्टत्व वा दुःश्रवत्व

---

१. पृथिव्यादि तत्व। २. अज्ञानको बढती। ३. कामादि दोष रहित। ४. शिरस्थ अधोमुख कमलकर्णिका नै आधार भएको। ५. आत्मारूपी चन्द्रमालाई। चन्द्रपक्षमा—कलाले हीन भएमा अन्धकारको वढ़तीका निमित्त हुने र कलाले युक्त हुँदा अन्धकारको नाशका निमित्त हुने, सेतो प्रकाश भएको, आकाश नै अवलम्बन हुने, आत्माजस्तो चन्द्रमा। यहाँ योगशास्त्रमा मात्र प्रसिद्ध भएको आत्ममात्रका प्रतीतिको उद्देश्य हुनाले गुणवत्त्व छ।

* राजामा दरिद्रको यो उक्ति हो जस्तै—हे देव ! अहिले तपाईंको मेरो घर समान छ, किनभने—तपाईंको घर धेरै सुवर्णका पात्रहरू भएको छ, मेरो घर बालकहरूका भोकले आर्तस्वरको पात्र छ; तपाईंको घर सब परिवार रत्नादिले सिंगारिएको छ, मेरो घर सब परिवार विछ्यौना नहुनाले भुईंमा सुतने छ; तपाईंको घर विलासपूर्वक हिंड्ने हस्तिनीहरूले दुर्गम छ, मेरो घर प्वालमा रहने मूसा-कमिला इत्यादिका धूलाहरूले व्याप्त छ।

गुण नै हुन्छ । जस्तै—

+ 'दीधीवेवीट् झैं छ कोही अपात्र गुण-वृद्धिको ।
क्विप् प्रत्यय सरी कोही ती[1] हुन्नन् त्यो नगीच भै ॥'

यहाँ दुर्बोध अर्थ हुनाले कष्टत्व छ, तर वक्ता वैयाकरण हुँदा त्यही दोष (कष्टत्व) गुण हुन गएको छ । यस्तै श्रोता वैयाकरण हुँदा पनि कष्टत्व (दुःश्रवत्व) गुण हुन्छ । जस्तै—

'यस्मा संझें उपाध्याय-लाई मैले, न ता अघी ।'

यहाँ 'अस्मार्षम्' = (संझें) दुःश्रवत्व छ; तर वैयाकरण श्रोता हुँदा गुण छ, दोष छैन । यस्तै वक्ता हुँदा पनि गुण नै हुन्छ ।

ग्राम्यत्व अधमोक्तिमा[2] ॥ २१ ॥

गुण नै हुन्छ । जस्तै मेरो—

'यो चन्द्रमाको बिम्ब देखिन्छ है नौनिको डल्लो झैं ।
यी किरण समूह पनी झर्छन् दिशिमा दुग्धधारा झैं ॥'

यो विदूषकको उक्ति हो ।

निर्हेतुता त ख्यातार्थ[3] भन्दा दोष हुँदैन लौ ॥

जस्तै—

'हाल सन्ध्यासमयले चक्रका[4] जोडी फुटाउँदछ ।'

कवि - प्रसिद्धि[5] कहदा ख्यात - वैरुध्य[6] हो गुण ॥ २२ ॥

कविसम्प्रदायका केही प्रसिद्धिहरू—

**छन् पापा-ऽऽकाश मैला, यश छ अतिसफा हास-कीर्त्ती पनी छन्,
छन् राग-क्रोध राता, नद-उदधिमहाँ पद्म-इन्दीवरादि ॥**

+ दी धी वे वीट् इत्यादि । धातुपक्षमा—'दी धी' 'वेवी' धातु र 'इट् आगम' ले तुल्य छ, अर्थात् 'दीधीवेवीटाम्' भन्ने सूत्रले निषेध गरेको हुनाले 'अदेङ् गुणः' 'वृद्धिरादैच्' भन्ने सूत्रहरूले कहिएका 'गुण' र 'वृद्धिको' (शौर्य र अभ्युदय) को अपात्र छ । प्रत्ययपक्षमा—कुनै मानिस 'क्विप्' प्रत्यय तुल्य छ, अर्थात् 'वेरपृक्तस्य' भन्ने सूत्रले 'क्विप्' प्रत्ययको लोपै (नाशै) गरिन्छ, त्यो नगीच रहेमा 'क्ङिति च' भन्ने सूत्रले निषेध गर्नाले गुण र वृद्धि हुन पाउँदैनन् ।

१. ती = गुण र वृद्धि । २. अचतुरको बोलीमा । ३. प्रसिद्ध कुरो । ४. चखेवाका । ५. कविको संप्रदाय । ६. प्रख्यात-विरुद्ध हुनु ।

सारा पानी हुनेमा पनि घुमछ चरा-हाँसको पक्षि-संघ,
प्यूँछन् ज्योत्स्ना[1] चखेवा, घन-समयमहाँ मानसै हाँस जान्छन् ॥२३॥
स्त्री-लात्तीले अशोकै फुलदछ, वकुलै मद्य थुक्ता वधूले,
हुन्छन् हारै युवाका, फुटदछ हृदयै छूटको ताप पर्दा ।
भौंराको ताँति ताँदो, धनु र शरहरू फूल छन् कामको औ
यस्को वाणै परेमा युव-हृदय फुटोस् , स्त्रीकटाक्षै छ त्यस्तै ॥२४॥
फुल्छन् पद्मै दिवामा, कुमुद निशिमहाँ, चन्द्रमा शुक्लमा छ,
गर्जेमा मेघ नाच्छन् मुजुर, फुल अशोकैमहाँ लाग्दैन, ।
हुन्नन् जाई मधूमा[2], कुसुम फल नछन् गन्धसारद्रुमैमा,[3]
यो सारा राखने होस् अरु पनि कविको रीति राखोस् प्रबन्ध ॥२५॥

यिनका उदाहरणहरू आकार ग्रन्थहरूमा स्पष्ट छन् ।

धनु-ज्या आदि शब्दैमा धनु प्रभृति शब्द छन् ॥

आरूढत्वादि बोधार्थ

जस्तै—

'धनु-ताँदो खिची उठ्ने शब्दले नभ ढाकियो ।'

यहाँ 'ताँदो' शब्दले पनि काम चल्न सक्तथ्यो, किन्तु 'धनु-ताँदो' कहनाले धनुमा चढ़िसकेको भन्ने बोधित हुन्छ । आदि शब्दवाट 'तिम्रो कर्णफुली शुभ्छ' । यहाँ कर्णपदले कानमा लगाइराखेको प्रतीत हुन्छ । यसै गरी 'श्रवणकुण्डल' 'शिर-शेखर' इत्यादि जान्नू ।

यस्तै अगाड़ि शब्द नरहेको मालाशब्दले 'फूलको माला' नै वुझाउँदछ तापनि 'पुष्पमाला शुभ्छ तिम्रो' यहाँ पुष्प शब्दले फूलहरूको उत्कृष्टताको बोधन गर्दछ । त्यस्तै 'मुक्ताहार' यहाँ 'हार' शब्दवाट 'मोतीको हार' बोधित हुन्छ, तर 'मुक्ता' राखनाले अरु रत्नहरू नमिसिएको भन्ने बोधन गर्दछ ।

प्रयोक्तव्य[4] यि छन् स्थित[5] ॥ २६ ॥

धनुज्या इत्यादि सत्काव्यमा रहेकाहरूलाई मात्र प्रयोगमा ल्याउनुपर्छ, अप्रयुक्त 'जघनकाञ्ची' 'करकंकण' इत्यादि बनाउन योग्य हुँदैन ।

आनन्दमग्न उक्तीमा पद कम्ती छ लौ गुण ॥

---

१. चन्द्रमाको किरण । २. चैत्रमा । ३. चन्दन वृक्षहरूमा । ४. प्रयोग गर्न योग्य । ५. महाकविका काव्यमा रहेका ।

जस्तै—

'गाढालिङ्गनले स्तनै थिचिइँदा रोमाञ्च धर्दी अनी
पूर्ण स्नेह रसातिरेक हुनगै सारी उछिटचाइँदी ।
भो भो भो प्रिय ! भो मलाइ त पुग्यो यै थोर बोल्दी तिनी
सुप्ता[1] हुन् कि मृता[2] यही मनमहाँ लीना[3] विलीना[4] रहिन् ॥

यहाँ 'नथिच्नुहोस्' भन्ने पद कम छ ।

कहीं न दोष, न गुण

न्यूनपदत्व यही नै छ । जस्तै—

*'बस्छिन् की रिस ली? प्रभाव-पिहिता[5] ?, धेरै रिसाउन्नथिन्,
स्वर्गै-तर्फ उडिन् कि वा ? मन ममा भावार्द्र[6] उन्को थियो ।
सक्तैनन् तिनलाइ हर्न असुरै मेरो अगाडी रही,
ती अत्यन्त नदेखिने हुनगइन्, यो[7] के अचम्मै भयो ॥'

यस श्लोकमा 'प्रभावपिहिता' यसपछि 'होलिन्' र त्यसपछि 'होइन यो, किनभने—' यति पद कम्ती छन्, परन्तु यस वाक्यको व्यंग्य वितर्क नामक संचारी भाव, यो न्यूनताले गर्दा उत्कृष्ट नहुनाले गुण छैन र 'धेरै रिसाउन्नथिन्' इत्यादि वाक्यबाट उत्पन्न ज्ञानद्वारा पूर्ववाक्यका ज्ञानको बोध पनि स्पष्टैसंग हुन जानाले दोष पनि भन्न सकिंदैन ।

बढी पद कहीं गुण ॥ २७ ॥

जस्तै—

दुर्जनले गर्दछ जो-सहजै मनले पनी नसंझने काम ।
त्यो न नजान्दछु, जान्दछु लिंदैन मनले तर निष्ठुरता ॥'

यहाँ 'न नजान्दछु' यसबाट अयोगको व्यवच्छेद हुन्छ । फेरि दोस्रो पटक आएको 'जान्दछु'को 'मै मात्र जान्दछु' यो अर्थमा पर्यवसान हुन्छ, यसैले यसबाट अन्ययोग-व्यवच्छेद हुनाले यहाँ अतिशय चमत्कार हुन्छ ।

समाप्तपुनरात्तत्व न दोष न गुणै कहीं ॥

जस्तै—'अर्कै छन् गुणरत्न-कारण धरा धन्या' इत्यादि ।

---

१. नचलेकीले निदाएकी । २. ज्यादा नै निश्चल हुँदा मरेकी । ३. अति भएमा लयावस्था भएकी । ४. प्रकट हुन नसकेमा विशेष लयावस्थामा पुगेकी । * यो श्लोक उर्वशीलाई नदेख्ता राजा पुरूरवाको उक्ति हो । ५. आफ्नू प्रभावले छिपेकी वा 'प्रभौ' (ममा) 'अपिहिता' (नछिपेर रहेकी) । ६. म-विषयको प्रेमले निश्चल । ७. दैव वा चाला ।

यहाँ पूर्वार्धमा वाक्यसमाप्ति भैसकेको थियो, फेरि पनि उत्तरार्धमा त्यसलाई ग्रहण गरिएको छ। यसबाट यो संझनुपर्दछ—विशेषणमात्रको फेरि उपादान गरियो भने समाप्तपुनरात्तत्व दोष हुन्छ, वाक्यान्तरकै ग्रहण भएमा हुँदैन।

गुणै कहीं गर्भितत्त्व

जस्तै—

'सीमा दिग्गजले विभक्त गरिंदी पृथ्वी गरी आपस,
स्वाधीनता पनि ती- कहेर सब नै रोमाञ्च ली हेर्दछौं।
विप्रैलाइ दिए- भनौं अरु छ के ती रामलाई नमः
जोबाटै उबज्यो कथाद्भुत यही जस्मै बिलायो पनि ॥'

यहाँ 'कहेर सब नै' इत्यादि वाक्य बिचमा पर्नाले चमत्कारातिशय हुन्छ। वक्ताको रोमाञ्चले अद्भुत रसको पुष्टता र उसको परशुराममा भक्ति जानिन्छ।

पतत्प्रकर्षता पनि ॥ २८ ॥

त्यसै गरी कहीं गुण हुन्छ। जस्तै—'छिट्टै भुजा गरि'—इत्यादि। यहाँ चतुर्थ पाउमा कोमल अर्थ छ, यसैले शब्दाडम्बर त्यागनु गुण हुन गएको छ।

स्व-शब्दले कहीं बोल्दा न दोस्छ व्यभिचारिको ॥
अनुभाव-विभावैले रचनू होस् अयोग्य नै ॥ २९ ॥

जहाँ अनुभाव र विभावद्वारा प्रतिपादन गर्दा त्यस भावको स्पष्टसँग प्रतीति हुन सक्तैन, र जहाँ विभाव, अनुभावद्वारा गरिएको पुष्टि नहुनु नै उचित छ, त्यहाँ व्यभिचारी भावलाई त्यसका वाचक शब्दले प्रतिपादन गर्नु दोष हुने हुँदैन। जस्तै—

'भित्री चित्त हतारको, सहजको लज्जा हुँदा फर्कंदी,
बन्धुस्त्रीजनका मिठा वचनले फेरी हुँदी सामुमा,।
देख्ता स्वामि अगाडि साध्वस-रसा, गौरी, नयाँ सङ्गमा
रोमाञ्चै धरदी र हाँसि शिवले श्लिष्टा,[1] गरून् मङ्गल ॥'

यहाँ उत्सुकताको अनुभाव 'हतार' हुन सक्तछ, तर त्यसद्वारा यहाँ प्रतिपादन गरियो भने उत्सुकताको प्रतीति झट्टै हुँदैन। किनभने हड्बड़ी त डरबाट पनि हुन्छ। त्यस्तै मुख फिराउनु रिस इत्यादिले पनि हुन सक्तछ। हुन त त्यो लज्जारूप सञ्चारी भावको अनुभाव हो, तथापि लज्जा शब्द नकहीकन ठिकसँग प्रतीति हुँदैन। साध्वस (भय) र हास्यलाई विभावादिद्वारा पुष्ट गरियो भने तिनीहरू प्रकृति रस (शृङ्गार) का प्रतिकूल हुन जानेछन्। यसैले स्वशब्दले कहनु दोष छैन, वास्तवमा उचितै छ।

---

१. आलिङ्गन गरिएकी।

सञ्चार्यादि विरुद्धैको बाध्यत्वोक्ति त हो गुण ॥

जस्तै—'यो बेकाम र चन्द्रको कुल कहाँ'—इत्यादि ।

यस श्लोकमा वितर्क, मति, शङ्का, धैर्य सब श्रृङ्गारका विरोधी शान्तरसका पोषक छन्, तथापि अभिलाषका अङ्ग औत्सुक्य, स्मृति, दैन्य, चिन्ता नामका भावहरूले तिन्लाई दवाइदिन्छन् र आखीरमा चिन्ता नै प्रधान रहन्छ । यसैले विप्रलम्भ श्रृङ्गाररस पुष्ट हुन्छ ।

विरोधिको स्मरणमा साम्यत्वैले कहे पनि ॥ ३८ ॥
विरोध हुन्न अन्योन्य-अङ्गिमा अङ्गता हुँदा ॥

क्रमैले जस्तै—'यो त्यै हो रसना तान्ने'—इत्यादि ।

यहाँ आलम्बन (पति) को विच्छेद (मरण) हुन जानाले रति रसरूप हुन सक्तैन र स्मर्यमाण रतिका अङ्ग (रसना तान्नु आदि) बाट शोक नै उद्दीपित हुन्छ, यसैले तिनीहरू करुणरसका नै अनुकूल हुन्छन् ।

'सरागकी,[1] स्रुत-घनघर्म-तोयकी,[2] कराहति-ध्वनित पृथूरुपीठकी[3] ।
निरन्तरै दशन-विलंघितोष्ठकी,[4] प्रिया[5] सरी नृप रोषले[6] भिडे ॥'

यहाँ वीररसको सञ्चारी क्रोध वर्णनीय छ, परन्तु वीरको विरोधी संभोग श्रृङ्गार साम्यसित विवक्षित छ । राग, प्रस्वेदादि क्रोधका अनुभावहरू नै श्रृङ्गारका पनि अनुभाव छन् । अनुभावहरूको समानताले श्रृङ्गार विवक्षित छ र दोष छैन ।

'यौटा ध्यान-निमग्न भै मुकुलितप्रायै[7] र दोस्रो अनी
गौरीको वदनाम्बुज-स्तनमहाँ संभोगभावालस[8] ।
तेस्रो हान्न घनू लिने मदनमा क्रोधाग्निले धप्धप,
ध्यानैमा[9] रसभिन्न[10] त्यो गिरिशको पालोस नेत्रत्रय ॥'

यहाँ शान्त, श्रृङ्गार, रौद्र यी तीनै रस परस्पर विरुद्ध छन्, किन्तु यी सबै यहाँ प्रधानभूति भगवान् शंकर-विषयक 'रतिभाव' का अङ्ग छन् र कुनै दोष छैन ।

---

१. मुख लाल भएकी वा अनुराग भएकी । २. पसिना ज्यादै चुहाएकी । ३. हातले ठुलो छाती र पिठ्यूं ठोकेकी वा हातले ठुलो तिंग्रा नै पिर्का ठोकेकी । ४. दाँतले ओठ टोकेकी वा पतिको दन्तदंशनले ओठमा घाउ लागेकी । ५. प्यारी । ६. रीसले । ७. मुकुलित कमलको आकार भएको । ८. चुम्वन र अङ्कमालको अभिप्रायले निश्चल भएको । ९. समाधि समयमा । १०. विरुद्ध धेरै रसलाई प्रकट गर्ने ।

अथवा जस्तै—

'हातैले-फेंकिएको[1], मनपरि-भनिदो[2], तै पनी वस्त्र-तान्दो[3],
केशै-पक्रेर-फेंक्ता[4] पदबिच-परदो[5] भै नता हेरिएको[6], ।
अङ्गाल्दा-छोडियो[7] जो त्रिपुर-युवतिले[8] आँसुका नेत्र-साथै,
हालैको-दोषि[9]कामी-सरि[10]दुरित[11]दहोस् शंभुको त्यो शराग्नि[12]॥'

यस श्लोकमा कविनिष्ठ शिवविषयक भक्ति प्रधानतया व्यज्यमान छ। उसको पोषक यहाँ भगवान् शंकरको त्रिपुरध्वंसका प्रति उत्साह। किन्तु त्यो अनुभाव विभाव-द्वारा पुष्ट भएन र रस (वीर) स्वरूपमा पुग्न नपाई खाली भावरूप नै रह्यो। त्यही भावको पति मरेर आगोको लपेटामा परेका स्त्रीहरूको वर्णनबाट प्रकट भएको करुण रस अङ्ग छ र त्यसको 'कामी-सरी' यस साम्यका बलले आएको श्रृङ्गार अङ्ग छ। यसरी करुण पनि अन्तिम आस्वादको विषय (विश्रान्तिधाम) छैन। त्यो पनि उत्साहकै अङ्ग छ। यस कारण करुण र श्रृङ्गार दुई नै उत्साहपोषित भगवद्विषयक रतिका उपकारक छन् र यिनको यहाँ एकै कालमा रहेमा पनि विरोध छैन, किनभने यी दुवै रतिभावका अङ्ग छन्।

प्रश्न—रस त विभावादिसमूहावलम्बन ज्ञानरूप, पूर्णघन एवं आनन्दस्वरूप मानिएको छ भने त्यस्तो एक रसको त्यै-तुल्य अर्को रससँग विरोध कसरी संभव छ? एक वाक्यमा उक्त स्वरूपहरूको निवेश या एकै वाक्यबाट यस्ता दुई रसको एक समयमा प्रादुर्भाव हुन सक्तैन ता यौटाले दोस्रोलाई बाधन गर्न कसरी सक्तछ? त्यो कुरा यहाँ असंभव छ। दुवै रसको अङ्गाङ्गिभाव पनि हुन सक्तैन। जब दुवै पूर्णरूपमा छन् भने स्वतन्त्रतापूर्वक दुइटा नै भिन्न भिन्नै विश्रान्त हुनेछन्।

उत्तर—कुरा त ठिक छ, यसै कारणले जुन रस प्रधान छैनन्, जुनमा स्वतन्त्रतासँग पूर्णविश्रान्ति हुँदैन र जो पूर्ण रस र पूर्ण भावहरूबाट अपूर्ण हुन्छन् तिन्लाई प्राचीन आचार्यहरू मुख्य रस नभनेर सञ्चारी रसको नामले व्यवहार गर्दछन्। मेरा पितामहका भाई श्रीचण्डीदास त यिनलाई 'खण्डरस' को नाम दिनुहुन्छ। जो भन्नुहुन्छ पनि—

---

१. हातमा जोड़िन आउँदा धकेलिएको वा नाईं'नाईं' भनी हटाइएको। २. क्रूर, निर्दयी इत्यादि भनिएको। ३. कपड़ातिर सल्कन लागेको वा सारी तान्न लागेको। ४. कपालतिर सल्कन लागी वा चुम्बनार्थ केश पक्रन लागी हटाईंदा। ५ पाउतिर पुगेको वा माफ पाउँ भनी पाउमा परेको। ६. आदरपूर्वक नहेरिएको। ७. शरीरमा अँगाल्न आउँदा क्रोध र शोकले हेरी छोडिएको। ८. त्रिपुरका युवतिहरूले। ९. भरखरै अपराध गर्ने। १०. कामुक पुरुषलाई झैं। ११. पाप। १२. त्रिपुर भस्म गर्न छोड़िएको वाणरूपी अग्निले।

अङ्गी[1] बाध्य[2] र संसर्गी[3] अङ्ग होस् त रसादिमा ।
समग्र स्वाद नहुँदा त्यो 'खण्डरस' मान्य छ ॥'

प्रश्न—'पैह्लो करुण-बीभत्स-रौद्र-वीर-भयानकले—' इत्यादि पूर्वाचार्यको नियम हुनाले निम्नलिखित 'कपोलै सीताका—' यो श्लोकमा श्रृङ्गार र वीररसको एकै ठाउँमा कसरी समावेश गरियो ? जस्तै—

कपोलै सीताका करिकलभ-दन्तै-सरिमहाँ[4]
बढी काम ज्यादै, पुलक-युत, त्यो वक्त्र-कमल ।
यहाँ देख्ता, सुन्दा रजनिचर-सेना-कलकल
जटाको ग्रन्थी यो जवर सित कस्छन् रघुसुत[5] ॥'

उत्तर—यहाँ रसहरूको विरोध वा अविरोध तीन किसिमले मानिएको छ । कुनै आलम्वनको एकताले विरुद्ध हुन्छन्, कुनै आश्रयको एकताले, कुनै एकपछि आर्को लगत्तै आउनाले । तिनका मध्यमा वीर र श्रृङ्गारको एक आलम्वन भएमा विरोध हुन्छ । यस्तै हास्य, रौद्र, बीभत्स रसका साथ संभोगश्रृङ्गारको आलम्वन यौटै भएमा विरोध हुन्छ । वीर, करुण, रौद्र, भयानकसँग विप्रलम्भश्रृङ्गारको विरोध पनि यस्तै छ । वीर र भयानक रसको एक आश्रयमा समावेश पार्नु विरुद्ध छ । नैरन्तर्य र विभावहरूको एकताबाट शान्त र श्रृङ्गारको विरोध छ । बीर रसको अद्भुत र रौद्र-संग उक्त तीनै किसीमले विरोध हुँदैन । श्रृङ्गारको अद्भुतसँग र भयानकको बीभत्ससंग कुनै किसिमले पनि विरोध छैन । किन्तु प्रकृत श्लोकमा यस्तो नभई श्रृङ्गारको आलम्वन सीता र वीररसको आलम्वन राक्षसहरू छन् । यसलै विरोध छैन ।

यस कारण वीररस नायकमा रहेको र भयानकरस प्रतिनायकमा रहेको कहियो भने यी दुईको आश्रय भिन्न भिन्न हुनाले कुनै विरोध हुँदैन । 'नागानन्द नाटक' मा शान्तिका पात्र जीमूतवाहनको मलयवतीमा जो अनुराग देखाइएको छ, त्यहाँ 'ओहो गान, ओहो वादन' इत्यादि द्वारा बीचमा अद्भुत रसको निवेश गरिएकोले शान्त र श्रृङ्गारको नैरन्तर्यकृत विरोध छैन । यसै गरी अन्यत्र पनि जान्नू । 'फीका दुब्लो वदन—' इत्यादि श्लोकमा जो पाण्डुता आदिको वर्णन छ, त्यो करुणविप्रलम्भको पनि अङ्ग हुन सक्नाले विरोध छैन ।

गर्दा नकल सारा नै दोषको छैन दोषता ॥ ३१ ॥

---

१. रस । २. विरुद्ध । ३. अविरोधी । ४. हात्तीका बच्चाको दाँतजस्तो सफामा । ५. श्रीराम ।

'सारा' भनेको दुःश्रवत्व इत्यादि सबैको हो। जस्तै—

'को यो ? दुश्च्यवनैलाई ढोग्छु इत्यादि भन्दछ।'

यहाँ 'दुश्च्यवन' शब्द इन्द्रका निमित्त अप्रयुक्त छ तापनि नक्कल गरेको हुनाले दोष छैन।

मनीषीले[1] विचारेर अरू ती दोषको पनि ॥
अदोषता र गुणता जान्नुपर्छ दुवै-थरी ॥ ३२ ॥

दुवै थरी भनेको 'अदोषगुणत्व' पनि हो।

इति साहित्यदर्पण-अनुवादमा दोषनिरूपण नामक
सप्तम परिच्छेद।

०:०:०

---

१. विद्वान्ले।

अष्टम परिच्छेद ।

-:०:-

अवसर प्राप्त गुणहरूको निरूपण—

अङ्गित्व प्राप्त रसका धर्म शौर्यादि झैं गरी ॥

गुण (हुन्)

जस्तै शरीरमा अङ्गित्व (प्रधानता) प्राप्त आत्माको उत्कर्ष हेतु हुनाले शौर्यादिलाई गुण भन्दछन्, त्यस्तै काव्यमा प्रधानभूत रसका धर्म उसकै स्वरूपविशेष माधुर्यादि पनि आफ्ना समर्पक (व्यञ्जक) पदसमुदायमा काव्यत्वव्यवहारको उपयोगी आनुगुण्य सिद्ध गर्दछन् । गुण जुन प्रकारले रसका धर्म मानिएका हुन् त्यो सब प्रथम परिच्छेदमा बताई सकिएको छ ।

मधुरता, ओज, प्रसाद भइ तीन छन् ॥ १ ॥

तीमध्ये —

आल्हाद चित्त पग्ले झैं 'माधुर्य' कहलाउँछ ॥

यो जो कसैले भनेका छन्—'माधुर्य द्रुतिहेतु छ–' यो कुरा ठिक छैन, किनभने द्रवीभाव (द्रुति) आस्वादस्वरूप आल्हाददेखी अभिन्न हुनाले कार्य होइन। कुनै किसिमको आवेश नभएमा अनाविष्ट चित्तको स्वभावसिद्ध कठिनता वीरादि रसहरूमा, क्रोध र पश्चात्ताप इत्यादिले चित्तको दीप्तत्व रौद्रादि रसहरूमा, विस्मय र हास्य इत्यादि उपाधिहरूले चित्तको विक्षेप अद्भुत र हास्यादि रसहरूमा हुन्छ। यी तीनोटै अवस्था नरहेमा रत्यादिका स्वरूपबाट अनुगत, आनन्द उद्बुद्ध हुनाले सहृदय पुरुषहरूको चित्त पग्लेजस्तो हुनु (आर्द्रप्रायत्व) द्रवीभाव या द्रुति कहलाउँछ।

माधुर्यको विषय—

सम्भोग, करुण, विप्र-लम्भ, शान्त, हुँदा बढी ॥ २ ॥

यहाँ सम्भोगादि शब्दहरू उपलक्षण हुन्। यसैले संभोगाभासादिमा पनि माधुर्यको स्थिति जान्नू ।

ट ठ ड ढ त्यजी पैह्ले वर्गान्त्यवर्णले[1] युत, ॥
रण लघू यती वर्ण स्पष्ट-माधुर्य सूच्तछन् ॥ ३ ॥
अवृत्ति वा अल्प-वृत्ति माधुरी रचना पनि ॥

---

१. ककारादि प्रत्येक वर्गका अन्त्याक्षर(ङ, ञ, ण, न, म,)ले ।

जस्तै—

'अनङ्गका जन्महेतु, भङ्गि[1] तिन्का अपाङ्गका[2] ।
सदा गर्छन् तरुणको अन्तःसन्ताप-सन्तति ॥'

अथवा जस्तै मेरो—

'लताकुञ्जै गूँज्ने भ्रमरगण पार्दै खलबल,
शरीरै अङ्गाली स्मर पनि बढाई अतिशय ।
बही हावा मन्दै कमलहरु पारी डगमग,
लिई धूली तिन्को रस दिशदिशामा छरदछ ॥'

चित्तको फैलिने रूप, दीप्तत्वै, ओज मान्य छ ॥ ४ ॥
वीर, बीभत्स, रौद्रैमा क्रमैले हुन्छ यो बढी ॥

यहाँ पनि वीरादि शब्द उपलक्षण हुन्, वीराभास आदिमा पनि यस्को स्थिति जान्नू ।

वर्गको आदि-तेस्रोले, युक्त दोस्रो-चतुर्थ र ॥ ५ ॥
तल माथी दुवैमा वा र ट ठ ड ढ ले युत, ॥
श ष, तिन्को रूप, वर्ण ओजलाई बढाउँछन् ॥ ६ ॥
त्यस्तै समास धेरैको रचना उद्धटाक्षरी ॥

जस्तै—'छिट्टै भुजा गरि घुमाइ गदा'—इत्यादि ।

सुकेको झारमा आगो सरी झट् मन ढाक्छ जो ॥ ७ ॥
प्रसाद गुण हो सारा रचना, रसमा छ त्यो ॥
तद्-व्यञ्जक त सुन्दैमा अर्थबोधक शब्द हुन् ॥ ८ ॥

जस्तै—

'सीयो घुसेर लिइ चोट तँ एकवारै,
हे मोतिहार ! झुलछस् स्तनमा प्रियाको ।
कन्दर्पका शर सयौं घुसि मर्म टुट्ने,
मैं स्वप्नमा पनि नदेख्छु पियारिलाई ॥'

लक्षणबाट यिनमा भन्छन् शब्दगुणत्व छ ॥

१. विक्षेपहरू (हेराई) । २. नेत्रप्रान्तका ।

आत्माका शौर्यादि गुणलाई शरीरमा योग गरे जस्तै भन्ने अर्थ हो ।

श्लेष, समाधि, औदार्य, प्रसाद, शब्दका गुण ॥ ९ ॥
यी ओज भित्र नै पर्छन् भनी प्राचीन भन्दछन् ॥

यहाँ 'ओज' पद लक्षणाले ओजशब्द वाच्य धर्मविशेषलाई बताउँछ । किनभने पूर्वोक्त चित्तविस्ताररूप ओजमा श्लेषादि शब्दका गुणहरूको समावेश हुन सक्तैन ।

जस्तै—

* 'उफ्रेका जल हात्तिका हडबडे होल्र्याङ्गले उद्धत',
सारा पर्वतका गुफाहरुकनै घन्काउने[२] घुन्घुन ।
माथी उठ्तछ यो ध्वनि, श्रुतिपथै[३] फोर्ने[४] गरी, त्यै सरी
धेरै शङ्ख सफा लिएर घुमने उर्लन्छ वेला पनी ॥

यस श्लोकको बन्ध (रचना) विकट छ र बन्धको विकटता ओज नै हो। यसैले श्लेषगुण ओजभन्दा भिन्न छैन । उतार चढ़ावको क्रम समाधि हो । यी दुवैमा विरसता पैदा नगर्ने रचनालाई क्रम भन्दछन् । जस्तै—'छिट्टै भुजा गरि घुमाइ—' इत्यादि । यस श्लोकका तीन पाउमा रचना क्रमैले चढ्दै गएको छ र चौथो पाउमा केही उत्रेको छ । परन्तु त्यो पनि जोड़सँग भनिएकोले ओजकै अनुरूप छ । औदार्य विकटत्वको नाम हो र विकटत्व पदहरूको नाचे जस्तो दशालाई बताउँछन् ।

जस्तै—

'सुचरण बिच पैह्री नर्तकी-नूपुरैको
झुनुनु रणित वन्थ्यो चित्र, माधुर्य उसमा ।'

यो श्लोकमा वामनादि पूर्वाचार्यहरूका मतले रसानुसन्धान नभैकन नै शब्दको प्रौढि (उत्कृष्टता) मात्रले ओजको प्रतीति हुन्छ । ओजमिश्रित शिथिलतालाई प्रसाद मानेको छ । जस्तै—

'जो जो शस्त्रादि धर्ला निज-भुजबलले पाण्डवी ती चमूको—'इत्यादि ।

माधुर्य-व्यञ्जकत्वै जो कहियो असमासको ॥ १० ॥
पृथक्पदत्व माधुर्य त्यसैले हुन्छ स्वीकृत ॥

जस्ते—'सुस्कार्छे अनि भूमिमा गिरदछे, हेर्छे उ तिम्रै पथ 'इत्यादि ।

---

* यो श्लोक प्रलयकालीन समुद्रको वर्णन हो । १. उद्भट वा उब्जेको । २. प्रतिध्वनियुक्त वा जल भरिनाले निःशब्द । ३. शब्दग्रहण सामर्थ्य वा वेदहरू र मार्गहरू । ४. नाश गर्ने ।

अर्थव्यक्ति प्रसादाख्य गुणैले हुनु योग्य छ ॥ ११ ॥
हो अर्थव्यक्ति पदले तुरुन्तै अर्थ सौंपनु ॥

उदाहरण स्पष्टै छन्।

ग्राम्य-दुःश्रवता छोड्दा छन् कान्ति-सुकुमारता ॥ १२ ॥

उज्ज्वलतालाई कान्ति भन्दछन्। त्यो हलो जोतने (गँवार) मानिसले व्यवहार गरिएका पदहरूलाई त्यागिदिनाले लौकिक शोभाले युक्त हुनु नै उज्ज्वलता कहलाउँछ। पारुष्य (कठोरता) नहुनुलाई सुकुमारता भन्दछन्। यी दुवैका उदाहरण स्पष्टै छन्।

कहीं छ दोष, समता मार्गभेदस्वरूपको ॥
नभए, उक्त गुणमा त्यस्को भित्रै प्रवेश छ ॥ १३ ॥

कोमल अथवा कड़ा रचनाले प्रारम्भ गरिएका प्रकरणलाई त्यही रूपमा समाप्त गर्नु 'मार्गभेद' कहलाउँदछ। त्यो कहीं दोष हुन्छ। जस्तै—

'अङ्गै पूर्ण र हात-पेट छिपिने, देहै नधर्ने पनि,
बच्चा सिंह अटोरन लौ अँजुलिमा त्यस्ले हुने के छ र!।
उद्यत् - दुर्धर--मत्तहस्ति-शतको[1] निःसीम - दानार्णव-
स्रोतै-सोस्न-रिसालु[2], यो सँग, पछी कल्पाग्नि[3] नै तुच्छ छ ॥'

यस श्लोकमा पूर्वार्धको रचना कोमल छ, तर उत्तरार्धमा उद्धत अर्थ (क्रूर सिंह) वाच्य हुनाले सुकुमार रचनाको त्याग गर्नु पनि गुण नै छ। जहाँ यस्तो ठाउँ छैन (मार्गभेद गर्न आवश्यक छैन) त्यहाँ यस समताको माधुर्यादि गुणहरूमा नै अन्तर्भाव हुन्छ। जस्तै—'लताकुञ्जै गूँज्ने भ्रमरगण—' इत्यादि।

ओज, प्रसाद, माधुर्य, सौकुमार्य, उदारता, ॥
नरहेमा दोष हुन्छ, अर्थका गुण हुन् यिनी ॥ १४ ॥

पदहरूको साभिप्राय हुनु ओज हो। अर्थको निर्मलतालाई प्रसाद भन्दछन्। उक्तिको विचित्रतालाई माधुर्य मानिएको छ। कठोरता नहुनुलाई सौकुमार्य भन्दछन्। अग्राम्यत्व उदारता मानिएको छ। यी पाँच अर्थगुणहरूबाट क्रमैले अपुष्टार्थत्व, अधिकपदता, अनवीकृतत्व, अमङ्गलव्यञ्जक अश्लीलत्व, ग्राम्यत्वहरूलाई हटाउनाले नै स्वीकृत छन्। यिनका उदाहरणहरू पहिले नै गैसकेका छन्।

---

१. जर्फराउँदै उठेका थामी नसकिने सयौं मत्तहात्तीको। २. अटूट रहेको मदधाराका समुद्रको प्रवाह सुकाउन रिसाएको। ३. प्रलयकालको अग्नि।

स्वभावोक्ति अलंकारबाट अर्थ बुझाउने ॥
रसध्वनिगुणीभूत व्यंग्यको कान्ति नाम हो ॥ १५ ॥

अङ्गीकृत छ भन्ने सम्बन्ध छँदैछ । अर्थव्यक्ति भनेको वस्तुस्वभावको स्पष्टता हो । रसको प्रदीप्ततालाई कान्ति मानिएको छ । उदाहरण स्पष्ट छन् ।

श्लेष वैचित्र्य मात्रै हो, समता हो अदोष नै ॥

क्रम, कौटिल्य, अनुल्वणत्व, उपपत्ति, यतिको संमेलनस्वरूप रचनालाई श्लेष भन्दछन् । तीमध्यमा क्रियाहरूको परम्परा क्रम हो, चतुर चेष्टाहरूको नाम कौटिल्य हो । अप्रसिद्ध वर्णन नराखनु अनुल्वण हो । कार्यसिद्धि गर्ने युक्तिको नाम उपपत्ति हो । यी सबको मेल जसमा छ त्यो रचना श्लेष कहलाउँछ, त्यो श्लेष वैचित्र्यमात्र छ, रसको असाधारण उपकारित्व यसमा छैन र यो गुण हुन सक्तैन । जस्तै—

'देखी आसन एकमै प्रियतमालाई पछाड़ी पुगी—' इत्यादि ।

यसमा दर्शन आदि क्रियाहरू हुन् । दुवै स्त्रीहरूलाई प्रसन्न गर्नु कौटिल्य हो । लोकव्यवहारको नै कथन गर्नु अनुल्वणत्व हो । एउटै आसनमा बसेको हुनु (दुवै स्त्रीको), पछिल्तिरबाट आउनु (नायको), आँखा छोप्नु, केही काँध घुमाउनु, इत्यादि क्रियाहरू उपपादक (साधक) छन् । यहाँ सबैको योग छ । यस श्लेषद्वारा वाच्यअर्थको ग्रहणमा नै बुद्धि व्यग्र रहन्छ, रसास्वाद प्रायः व्यवहित हुन जान्छ र यसलाई गुण मान्दैनन् ।

प्रारम्भ गरिएका प्रकृति-प्रत्यय आदिमा परिवर्तन नगर्नुलाई समता भन्दछन् । यदि तिनमा परिवर्तन गरिदिंदा भिन्न शब्दद्वारा बोधित हुनाले अर्थमा विसंवादिता(भिन्नता)जस्तो आउँदछ । त्यो नवदलिएमा अर्थका विसंवादिताको विच्छेद हुन्छ । उदाहरण स्पष्ट छ ।

समाधि हुन्न गुणता

समाधि दुई प्रकारको छ । अयोनि र अन्यच्छायायोनि पनि । जो अर्थमा बिलकुल नयाँ कल्पना गरिएको छ, त्यो अयोनि हो । जुन अर्थमा अरुका अर्थको छाया लिइएको छ, त्यो अन्यच्छायायोनि हो । अयोनिको उदाहरण जस्तै—

आजै मुण्डित[1] मत्तहूण-चिउँडो[2] जस्तो छ यो सुन्तला[3] ।'

अन्यच्छायायोनि जस्तै—

स्व-नयनका छायाँले जलमा बहुवार छक्किने कोही ।
विचारदछिन् मालिनी नीलकमलमा पनि बाहुलि राख्न ॥'

---

१. खौरेको । २. रक्सी पिएको, चीनदेशमा रहने म्लेच्छको चिउँडो । ३. पाकेर लाल भएको सुन्तला ।

यस श्लोकमा नीलकमल र नेत्रको अत्यन्त प्रसिद्ध तुल्यतालाई नै विशेष चमत्कार बनाइएको छ। यो समाधि असाधारण शोभाको आधायक नहुनाले गुण पनि होइन, किन्तु काव्यको शरीरभूत अर्थमात्रको साधक हुन्छ।

कहीं 'चन्द्र' एकपदको अर्थ वताउनलाई 'अत्रिका नेत्रवाट उत्पन्न ज्योति' यति ठुलो वाक्य वोलिने, कहीं 'ग्रीष्मकालमा शीतल र शीतकालमा उष्ण सुकुमार शरीर हुने सुन्दरी-'यति ठुलो वाक्यार्थ वोल्नुपर्ने ठाउँमा खाली एकपद 'वरवर्णिनी' यत्तिकै बोलिने, कहीं एउटै वाक्यार्थलाई केही विशेषता देखाएर अनेक वाक्यहरूले कहिने यस्तो अर्थको फैलावट, कहीं अनेक वाक्यहरूका प्रतिपाद्य अर्थलाई एउटै वाक्यले कहेर समास (संक्षेप) गरिने पनि यस्ता र प्राचीनसम्मत विचित्रताहरू गुण कहलाउन सक्तैनन्, यिनीहरू खालि वैचित्र्य हुन्, रसका प्रधान उपकारक हुँदैनन्।

छैनन् अर्थगुणै पृथक् ॥ १६ ॥

पूर्वोक्त प्रकारले ओज आदि अर्थगुणहरूलाई भिन्न मान्नाको कुनै आवश्यकता छैन।

इति साहित्यदर्पण-अनुवादमा गुणविवेचन नामक

अष्टम परिच्छेद।

नवम परिच्छेद ।

अब उद्देश्य क्रमको अनुसार अलङ्कारहरूको निरूपण गर्नु पर्दथ्यो, परन्तु यिनमा वक्तव्य धेरै हुनाले तिनलाई छोडेर पहिले रीतिहरूको निरूपण गरिन्छ—

पदसंघटना[1] रीति[2] अङ्ग झैं छ विशेषको ॥
उपकारी[3] रसादीमा

रसादी भनेको शब्द र अर्थरूप शरीर भएका काव्यको आत्मस्वरूप भन्ने अर्थ हो ।

त्यो चारथरि मान्य छ ॥ १ ॥
वैदर्भी[4] अनि गौडी[5] र पाञ्चाली,[6] लाटिका[7] पनि ॥

तीमध्ये—

माधुर्य बोधी वर्णले रचना ललितात्मक ॥ २ ॥
अवृत्ति वा अल्पवृत्ति वैदर्भी रीति भन्दछन् ॥

जस्तै—'अनङ्गका जन्महेतु—' इत्यादि ।

रुद्रट त भन्दछन्—

'असमस्त, एकसमस्त, दशगुणले युक्त, वैदर्भी ।
चवर्गी वर्ण धेर र स्वल्पप्राणाक्षर[8], गरनुपर्छ ॥'

यहाँ दशगुण रुद्रटको मतानुसारका श्लेषादि हुन् ।

ओजका वर्ण धेरैले रच्नु आडम्बरै गरी ॥ ३ ॥
समास धेर हो गौडी

जस्तै—'छिट्टै भुजा गरि घुमाइ—' इत्यादि ।

पुरुषोत्तम ता भन्दछन्—

'धेरै समास-युक्त, सुमहाप्राणाक्षरी छ गौडीया ।
रीति, अनुप्रासादि धेर हुने, शिथिलबन्ध पनि ॥'

---

१. पदहरूको मिलावट । २. गुणहरूको विशेष बोध गराउने । ३. उत्कर्ष पैदा गर्ने । ४-५-६-७. विदर्भ, गौड, पाञ्चाल, लाट, देशमा रहेका कविहरूले मानिएकोले तत् तत् नाम रहेका (हुन्) । ८. अल्प प्राणले उच्चारण गरिने अक्षर (य र ल व) धेरै भएको ।

दुवैका शेष वर्णको, ।।
समस्त-पंचष-पदी,[१] बन्ध पाञ्चालिका उ हो ।। ४ ।।

दुवैका भनेको—वैदर्भी र गौडीका भन्ने हो ।

जस्तै—

'मधुर[२] औ मधुबोधित-माधवी-
मधु-समृद्धि-समेधित-बुद्धिकी[३] ।
मधुकरी[४] दिनहूँ मदको ध्वनि-
मिलित अस्फुट अक्षर बोल्दथी ।।'

भोज त भन्दछन्—

'छ-पाँच पद जोडेको, ओज-कान्ति-समेतको ।
मधुरो, सुकुमारी नै पाञ्चाली वृत्ति मान्दछन् ।।'

लाटी हो वृत्ति वैदर्भी-पाञ्चालीको बिचै हुने ।।

जस्तै—

'रवि उदित छ मुद्रा-खोलने[५] पद्मिनीको,
उदयगिरि-वनीको बाल-मन्दार-पुष्प ।
विरहविकल-चक्रद्वन्द्वको बन्धु, हर्ने
तमकन, कपि[६] जस्तै लाल गाला धरेको ।।'

कोही त भन्दछन्—

मृदुपद-समास-सुन्दर, युक्तवर्णले पनि नअतिधेरै र ।
उचित-विशेषण-पूर्ण, हो वस्तुन्यासको लाटी ।।'

अरु भन्दछन्—

'गौडी आडम्बरो-बन्धा[७], वैदर्भी ललित-क्रमा,[८] ।
हो पाञ्चाली मिश्रभावा,[९] लाटी मृदुपदान्विता ।।'

---

१. पाँच, छ, पदहरूको समास भएको । २. मधुर शब्द भएको वा सुन्दर । ३. वसन्त ऋतुले प्रकाशित वासन्ती पुष्पका मकरन्दको बढतीले स्वर-माधुर्य बढाएकी । ४. भ्रमरी । ५. संकोच हटाउने । ६. वानर । ७. उद्भट रचना भएको । ८. मधुर सिलसिला भएको । ९. गौडी र वैदर्भी मिसिएको ।

वक्त्राद्यौचित्यले काहीं रचनादि त भिन्न छन् ॥ ५ ॥

यो लक्षण-कारिकामा 'वक्त्राद्यौचित्य' को आदि पदले वाच्य र प्रबन्धको ग्रहण हुन्छ। 'रचनादि' को आदि पदले समास र वर्णहरुको ग्रहण हुन्छ।


ती मध्ये वक्ताको औचित्यले बदलिएका रचनाको उदाहरण जस्तै—

'मथ्ता उच्छिट्टिएको जल पहुँचि गुफा, मन्दरध्वनि-युक्त[1],
कोणा[2] ठोकेर गर्जी प्रलय-घन सरी टक्कराई प्रचण्ड,।
कृष्णाक्रोधाग्रचारी[3], कुरुकुल सकने आँधि-उल्का समान,
हाम्रो त्यो सिंहनादै-सरह गरजने, ढोल कस्ले पिट्यो यो ? ॥'

यहाँ वाच्य (रणदुन्दुभिको ताडन) क्रोधको व्यञ्जक छैन, वस्तुतः हर्षको कारण छ। तथापि यो श्लोक बोलने प्रसिद्ध क्रोधी भीमसेन हुनाले रचनाहरू उद्धत गरिएका छन्। वाच्यको औचित्यले रचनाको भेद जस्तै पूर्वोक्त **'माथामा कम्प साथै खललल गरने—'**इत्यादिमा छ। प्रबन्धौचित्यले रचनाको भेद जस्तै नाटकादि-हरूमा रौद्ररसमा पनि लम्वा समास गरिदैनन्, किनभने ती अभिनयका प्रतिकूल पर्दछन्, अनुकूल हुदैनन्। यसै गरी आख्यायिकामा श्रृङ्गाररसमा पनि कोमल रचना कम हुन्छ, किनकि त्यहाँ वक्ता कवि हुन्छ, रागी हुँदैन। कथामा रौद्ररसमा पनि अत्यन्त उद्धत रचनादि हुँदैनन्, किनभने त्यहाँ वक्ता स्वयं क्रोधाविष्ट हुँदैन। यस्तै प्रकारले अरू पनि जान्नू।

इति साहित्यदर्पण-अनुवादमा रीतिविवेचन नामक

नवम परिच्छेद।



१. मन्दराचलको आवाजले युक्त। २. बजाउने सानु छडी। ३. द्रौपदीका क्रोधलेको दूत जस्तो।

दशम परिच्छेद ।

॰ः ० ः॰

अब अवसर प्राप्त अलङ्कारहरूको निरूपण गरिन्छ—

शब्दार्थमा अस्थिर,[1] यी धर्म, शोभा बढाउने, ॥
उपकारी रसादीका, भूषा झैं छन् अलंकृति[2] ॥ १ ॥

जस्तै अङ्गद (बाजू-वाला-इत्यादि) अलंकारहरूले शरीरको शोभा बढाउँछन् र शरीरधारीका उत्कृष्टताको बोधन गर्दछन्, त्यस्तै अनुप्रास-उपमा आदि अलंकारहरूले पनि काव्यका शरीरस्वरूप शब्द-अर्थको शोभा बढाउँदै काव्यका आत्मभूत रसको उपकारी भै उसका उत्कृष्टताको बोधन गर्दछन्। सूत्र कारिकामा अलंकारहरूलाई अस्थिर बताउनाको तात्पर्य—'गुणहरू झैं यिनको नियतरूपले काव्यमा स्थिति आवश्यक छैन' भन्ने हो ।

शब्द र अर्थ यी दुईका मध्यमा पहिले शब्द नै बुद्धिमा उपस्थित हुने हुनाले पहिले शब्दालंकारलाई नै बताउनु पर्ने हो ता पनि प्राचीनहरूले शब्दार्थालङ्कार 'पुनरुक्तवदाभास' लाई पनि शब्दालंकारहरूमा गनेका हुँदा सब भन्दा पहिले त्यही कहिन्छ—

अर्थ जस्को झट्ट हेर्दा पुनरुक्तत्व भास्छ त्यो ।
'पुनरुक्तवदाभास' भिन्नाकार[3] छ शब्दग[4] ॥ २ ॥

उदाहरण जस्तै—

'[5]भुजङ्गकुण्डली व्यक्तशशिशुभ्रांशुशीतगु ।
जगन्त्यपि सदापायादव्याच्चेतोहरः शिवः ॥'

यहाँ 'भुजङ्ग' 'कुण्डली' आदि शब्दहरूको आपातमात्र (हेर्दा झट्टै) ले पौनरुक्त्य भासित हुन्छ, परन्तु पर्यवसान (अन्त) मा 'भुजङ्गरूप कुण्डल रहेको छ जसको' इत्यादि अन्य अर्थको निश्चय हुन्छ। 'पायात, अव्यात्' यी शब्दहरूमा यो क्रियामा रहेको अंलकार छ,'पायात्' यसको 'अपायात्' मा पर्यवसान हुन्छ। 'भुजङ्ग कुण्डली' यी शब्दहरूको मध्यमा पहिलो (भुजङ्ग) नै परिवृत्ति (बदलनु) सहन गर्न सक्तछ, परन्तु 'कुण्डली' शब्दले परिवृत्ति सहन सक्तैन। यसै गरी 'हरःशिवः' यहाँ दोस्रो

---

१. नियत सँग नरहने । २. अलंकारहरू । ३. शब्दपरिवृत्ति सहने र शब्दपरिवृत्ति नसहने (उभयालंकार) । ४. शब्दमा रहने । ५. भुजङ्ग इत्यादि = सर्पको कुण्डल लगाउने, कपूर झैं सेता किरण भएका चन्द्र धारण गर्ने, मनोहर, शिवले जगतलाई नाशबाट रक्षा गरून् ।

(शिव) शब्द बदल्न सकिन्छ, पहिलो सकिँदैन। 'शशि शुभ्रांशु' यिनमा दुवै परिवृत्ति सहन गर्दछन्। 'भाति सदानत्यागः' यहाँ 'सदानत्याग[१]' यी दुवै पदहरू परिवृत्ति सहन सक्तैनन्। यस प्रकार सँग कहीं शब्दपरिवृत्ति सहने र कहीं परिवृत्ति नसहने हुनाले यो उभयालङ्कार मानिएको छ।

शब्द-साम्य 'अनुप्रास' स्वर-वैषम्य भै पनि।

स्वरहरूको समानता मात्रमा विचित्रता हुँदैन र त्यसलाई यहाँ गणना गरिएको छैन। रस-भावादिको अनुगामी प्रकृष्ट रचनाको नाम अनुप्रास हो।

अनुप्रासका विशेष लक्षणहरू—

'छेक' व्यञ्जन धेरैको एकै-जस्तो थरी-थरी ॥ ३ ॥

छेक भनेको 'छेकानुप्रास' हो। 'थरी-थरी' भनेको स्वरूपले समानता र क्रमले पनि समानता भन्ने हो। 'रसः सरः' इत्यादिमा क्रमभेदले समता छ, उही क्रमले समता नहुनाले यी उदाहरण यस अनुप्रासका हुन सक्तैनन्। मेरा पूजनीय पिताजी-को उदाहरण जस्तै—

'लिएर बकुलको गन्ध, अन्ध गरो पदपदमा भ्रमरकन।
आउँछ यो मन्द-मन्द, कावेरी-वारिले पावन, पवन ॥'

यस श्लोकमा 'गन्ध अन्ध' यहाँ संयुक्त 'न्ध' को उही क्रमले एकै चोटी आवृत्ति, 'कावेरी-वारि' यहाँ 'व' 'र' असंयुक्तको आवृत्ति, 'पावन पवन' यहाँ धेरै व्यञ्जन (प–व–न) को एकैपटक आवृत्ति छ। 'छेक' को अर्थ चतुर पुरुष भन्ने हो, उसले प्रयोग गर्न योग्य हुनाले यसलाई छेकानुप्रास भनेको हो।

अनेकको एकबार साम्य, वा धेर बार होस्।
एकको एकबारै वा 'वृत्यनुप्रास' हुन्छ यो ॥ ४ ॥

अनेक व्यञ्जनहरूको एकै किसिम स्वरूपले मात्र समानता, वा अनेकको अनेक पटक आवृत्ति, यद्वा अनेक प्रकारले स्वरूप र क्रम दुवै किसिमबाट धेरै पटक धेरै अक्षरहरूको आवृत्ति, किम्वा एकै अक्षरको धेरै पटक आवृत्ति भएमा पनि हुन्छ।

उदाहरण जस्तै—

* 'टूसाई मधुगन्ध-लुब्ध अलिलै हल्लाइने, आँपमा
कूकू कोकिल-काकली-कललले रन्काइ कर्ण-ज्वर'।
काट्छन् पान्थहरू कथंकथमपि ध्यानावधानै[२] गरी
झट्टै प्राणसमा-समागम-रसोल्लासी बनी वासर[३] ॥'

---

१. सधैं अप्रणामले पर्वत जस्तो। *. टूसाई इत्यादि यो वसन्तवर्णन हो।
२. ध्यानको एकनिष्ठा। ३. वसन्तका दिनहरू।

यहाँ 'रसोल्लासी' मा 'र' 'स' को एकै किसिमले समानता खाली स्वरूपले मात्र मिल्दछ, क्रमले छैन। दोस्रो पाउमा 'क' औ 'ल' को अनेक वार आवृत्ति उही क्रमले सब शब्दमा पहिले 'क' र पछी 'ल' आएकोले स्वरूप र क्रम दुवैले अनेकवार समानता छ। पैल्हो पाउमा 'म' एकवार र 'ध' अनेकवार आवृत्ति भैरहछे, यसैले एकको धेरै पटक आवृत्तिको उदाहरण हो। जुन रचना रस व्यक्त गर्नामा अनुकूल छ, त्यसलाई वृत्ति भन्दछन् र त्यो अनुसार उत्कृष्ट विन्यासलाई 'वृत्यनुप्रास' भन्दछन्।

जव उच्चारदा एकै स्थान तालु-रदादिमा ॥
हुन्छ व्यञ्जनको साम्य 'श्रुत्यनुप्रास' भन्दछन् ॥ ४ ॥

उदाहरण जस्तै—

'दृष्टिले दग्ध कन्दर्प दृष्टिले जो जियाउँछन्।
शिवका ती विजयिनी स्तुत्य छन् वामलोचना ॥'

यहाँ 'जो' 'जियाउँछन्' 'विजयिनी' यिनीहरूमा जकार-यकार एक तालु-स्थानमा उच्चरित हुनाले यो श्रुत्यनुप्रास हो। यस्तै दन्तस्थानीय, ओष्ठस्थानीय, कण्ठस्थानीय वर्णहरूको उदाहरण पनि जान्नू। यो अनुप्रासले सहृदय पुरुषहरूका कानलाई वहुतै आनन्द दिन्छ र श्रुत्यनुप्रास भनेको हो।

उस्तै रही व्यञ्जन जो त्यै-आद्यस्वर-साथमा ॥
आवृत्तिमै अन्त्य-पारी 'अन्त्यानुप्रास' हुन्छ त्यो ॥ ६ ॥

'उस्तै रही' भनेको यथासंभव अनुस्वार-विसर्ग-स्वर-व्यञ्जनवर्ण इत्यादि पहिले जस्तै रहनुपर्छ भन्ने हो। यो प्रायः पाउको वा पदको अन्त्यमा प्रयोग हुन्छ। पाउका अन्त्यको जस्तै मेरो—

'काँसो-फूलै शिर-रउँ बन्छ, बच्चा उँट-सरि जिउ निहुरन्छ।
आँखा कौडि डढे-सरि हुन्छ, मन झन धेरै काम त गुन्छ ॥'

पदका अन्त्यको जस्तै—

'विस्तार हास्ने पुलकैं निकास्ने।'

शदव्दार्थको पौनरुक्त्व तात्पर्यैं मात्र भिन्नमा ॥
'लाटानुप्रास' हो भन्दछन्

उदाहरण जस्तै—

'फुल्ल-राजीव-नयने ! नयनै किन चिम्लिए ?।
हेर, निर्जित-कन्दर्प,[1] कन्दर्प्र-वशको,[2] पति ॥'

---

१. रूपले कामदेवलाई जित्ने। २. कामदेवको अधीन भएको।

यहाँ विभक्त्यर्थको पौनरुक्त्य (आवृत्ति) नभएमा पनि जो प्रातिपदिक (नयन र कन्दर्प) रूप अंश पदका हुन्, तिनले बुझाइने धर्मी रूप मुख्य अर्थ (नेत्र र काम) अभिन्न नै छन्। प्रधानको अभिन्नता हुनाले पहाँ लाटानुप्रास नैं छ।

'आँखा त्यसकै आँखा हुन्।'

यहाँ दोस्रो आँखाशब्दले भाग्यशालित्व आदि गुणहरूले युक्त आँखाहरूको बोधन गर्दछ। शब्द र अर्थ उही हो त पनि तात्पर्यमा विभिन्नता हुनाले यो लाटानुप्रास नै हो।

'रुजु न छ दयिता जसको, दवदहन[1] छ तुहिनदीधिति[2] त्यसको।
रुजु त छ दयिता जसको, दवदहन छ तुहिनदीधिति त्यसको॥'

यहाँ अनेक पदहरूको पौनरुक्त्य छ ता पनि उद्देश्यता र विधेयतारूप सम्बन्धको भिन्नत्व हुनाले लाटानुप्रास नै हो। यस्तो अनुप्रास लाट देशका जनहरूलाई प्रिय लाग्ने हुँदा लाटानुप्रास भनिएको हो।

भो अनुप्रास पाँच यो ॥ ७ ॥

छेक, वृत्ति, श्रुति, अन्त्य, लाट, भन्ने अर्थ स्पष्ट नै छ।

स्वर व्यञ्जनको संघ भिन्नार्थक भईकन॥
त्यही क्रमैले आवृत्ति हो त्यो 'यमक' नामक॥ ८ ॥

यमकका उदाहरणहरूमा कहीं दुवै पद सार्थक, कहीं दुवै पद निरर्थक हुन्छन्। कहीं एकपद सार्थक, एकपद निरर्थक, यसैले 'भिन्नार्थक भईकन' भन्ने लक्षणमा छ। 'त्यही क्रमैले' यो कहनाले 'दमोमोद' इत्यादिलाई यमकका उदाहरणबाट हटाउँछ। यो 'यमकालंकार' का पादावृत्ति, पदावृत्ति, अर्धावृत्ति, श्लोकावृत्ति इत्यादिका पनि अनेक प्रकार हुनाले धेरै भेदहरू हुन्छन्। यहाँ केही थोरै उदाहरण दिइन्छ—

'नवपलाश-पलाशवनी[3] अनि स्फुटपराग-परागत-पङ्कको[4]।
मृदुल-तान्त-लतान्त[5] त देख्तथे उ[6] सुरभी[7] सुरभी[8] फुल-भारले॥'

यस श्लोकमा पदावृत्ति छ। 'पलाश पलाश' र 'सुरभी सुरभी' यहाँ दुवै पद सार्थक छन्। 'लतान्त लतान्त' मा पहिलो 'लतान्त' मा 'ल' मृदुल शब्दमा मिलेकोले निरर्थक छ। 'पराग पराग' मा दोस्रो 'पराग' गतशब्दमा मिलेकोले निरर्थक छ। यस्तै पादावृत्ति आदि यमकहरूका पनि उदाहरण जान्नू।

---

१. डढेको आगो। २. हिमकिरण (चन्द्र)। ३. नयाँ पत्रहरूले युक्त पलाश वृक्षको वन भएको। ३. प्रस्फुरित केसरहरूले सम्बद्ध भएका पङ्कहरू भएको। ५. नरम हुँदा घामले ओइलाएको लताप्रान्त भएको। ६. श्री कृष्ण। ७. वसन्तलाई। ८. सुगन्ध भएको।

'डल-बव-लर-हरू एक छन् यमकादिमा ।'

यस नियम अनुसार 'भुजलता जडता अबलाजन' यो श्लोकमा यमकत्वको हानि हुने भएन ।

'अन्यार्थ वाक्य अर्कोको अर्कै जोड्छ त अन्यले ॥
श्लेष वा काकुले त्यो हो 'वक्रोक्ति' छ दुई-थरी ॥ ९ ॥

श्लेषवक्रोक्ति र काकुवक्रोक्तिले पनि दुई प्रकार छ । क्रमैले उदाहरण—

'के[1] होऊ[2] ? स्थलमै त हामि अब छौं, प्रश्नै विशेषै[3] छ यो,
भन्दछन् के यि ? चरो उ वा फणिपती सुत्छन् जहाँ श्रीहरि ।
वामा[4] छौ तिमि, ओः छली रसिकको कस्तो छ कन्दर्प त्यो,
जस्ले हामि पुमानमा[5] अबुझ झैं स्त्रीको लिंदैछौ भ्रम ॥'

यहाँ 'विशेष' पदमा 'वि=पक्षी (चरो)', 'शेष=नाग' यी दुई अर्थ निक्लन्छन्, पदका अंशलाई भङ्ग (तोड्नु) गरेर दोस्रो अर्थ निकालिएकोले सभङ्गश्लेष छ । 'के' र 'वामा' यहाँ पदभङ्ग गर्नुपर्दैन ।

'कोइलीले कराएको, आँपले रम्य, कालमा ।
अपराधी पति त्याग्दा तिन्को चित्त न दिक्कछ ॥'

यहाँ कुनै संगिनीले 'न दिक्क छ' को 'न' निषेध अर्थ सूचन गर्न कहिएकोमा त्यसलाई आर्की सँगीनीले 'काकु' (गलाको लम्बे आवाज) ले उच्चारण गरेर 'अवश्य नै दिक्क छ' यसरी विधिको स्वरूपमा अर्कै (वदलनु) गरिएको छ ।

एकै-थरी शब्दबाट धेरै भाषाहरूमहाँ ॥
हुन्छ वाक्य जहाँ त्यो त 'भाषासम' कहाउँछ ॥ १० ॥

जस्तै मेरो—

'[6]मंजुल-मणि मञ्जीर, कलगम्भीर विहार-सरसी-तीर ।
चन्दन-समीर धीर र केलिकीर हुँदा पनि सखि ! किन विरसा छचौ ।'

यो श्लोक संस्कृत, प्राकृत, सौरसेनी, प्राच्या, अवन्ती, नागर इत्यादि भाषा-हरूमा एकै किसिमको छ ।

---

१. २. को होऊ ? श्रोताले बुझेको अर्थ—के (जलमा) होऊ (छौ) ? । ३. विशेषै = विशेष विषयको नै, श्रोताले बुझेको अर्थ—वि (पक्षी) शेषै (नागराज नै , । ४. वामा = उल्टो कुरा संझने, श्रोताले बुझेको अर्थ— वामा (सुन्दर स्त्री) । ५. पुरुषमा । ६. मञ्जुल इत्यादि = अभिमानिनी सखी प्रति सखीको उक्ति हो ।

'सरस कविको काव्य'

इत्यादि वाक्यमा 'सरस' पद संस्कृत, प्राकृतमा समान छ ता पनि वाक्यगत समानता नरही वैचित्र्य नहुनाले यहाँ यो अलंकार छैन।

'श्लेष' हो श्लिष्टपदले अनेकार्थ वताउनु ॥
वर्ण-प्रत्यय-वा लिङ्ग-पद-प्रकृतिको-अनि ॥ ११ ॥
विभक्ति-संख्या-भाषा-को श्लेष-ले हुन्छ आठ यो ॥

क्रमैले उदाहरण—

'प्रतिकूलता यदि 'विधौ' छ भने
विफलत्व हुन्छ बहुसाधनता[1]।
अवलम्बनार्थ न भए रविका
खसदा अहो! कर-सहस्र[2] पनि ॥'

यहाँ 'विधौ' यो विधु-विधि (चन्द्र-दैव) शब्दका उकार र इकारको 'औ' र प्रकृतिको 'अ' मिलेर बनेकोले वर्णश्लेष छ।

'चन्द्रमाका किरण र दक्खिनाहा हवा पनि।
कान्ता काख-हुनेका त सब नै छन् सुधाकिर[3] ॥'

यहाँ 'सुधाकिर' क्विप् र क प्रत्ययको श्लेष र एकवचन र बहुवचनमा एकै रूप हुँदा यहाँ वचनश्लेष पनि छ।

'विकसन्नेत्रनीलाब्ज[4], लसत्-तरलहारिणी[5]।
स्तनद्वयी[6] ती तन्वीका आमोद[7] तिमिमा दिऊन्[8] ॥'

यहाँ 'लसत्तरलहारिणी' नपुंसकलिङ्ग द्विवचन र स्त्रीलिङ्ग एकवचन 'विकसन्' यो र 'स्तनद्वयी' यसमा औ 'दत्ताम्' द्विवचन र एकवचनमा समेत सम्बन्ध भै स्त्रीलिङ्ग-नपुंसकलिङ्गको र एक-द्विवचनको पनि श्लेष छ।

'सामर्थ्यकृत्[9] अमित्रै र मित्रका, यी नृपात्मज।
शास्त्र सारा हृदयमा, विद्वान्मा पनि धारलान् ॥'

---

१. समाई अड्न पाउने धेरै सहायता। २. हजारौं किरण वा हातहरू। ३. अमृत वर्षा गर्ने (सुधां किरन्ति किरति च)। ४. खुलेका दुई नेत्ररूपी नील कमलहरू। ५. शोभायुक्त चञ्चल र सुन्दर (नेत्रपक्षमा)। शोभायुक्त चञ्चल हार भएकी (स्तनद्वयीपक्षमा। यहाँ इन र णिन् प्रत्ययको श्लेष छ। ६. दुई स्तन। ७. आनन्द र सुवास। ८. (दत्ताम्) लोट् परस्मैपद द्विवचन र लोट् आत्मनेपद एक वचनको श्लेष। ९. अमित्रको सामर्थ्य काट्ने र मित्रको सामर्थ्य गर्ने।

यहाँ 'वह प्रापणे' 'वच परिभाषणे' धातुको 'धारलान्' र 'सामर्थ्यकृत्' 'कृत् र कृ' धातु यी प्रकृतिहरूको श्लेष छ।

'पृथुकार्तस्वरपात्र' यहाँ पदभङ्ग गर्दा विभक्ति र समास पनि भिन्न हुन जान्छन् र यो पदश्लेष हो, प्रकृतिश्लेष होइन। यसो हुनाले—

'भूरि शिलीमुख[१], लुब्ध[२] द्वारा आकुल पारिने।
वन-वृद्ध-कमलका[३] सदृशै छन् तदीक्षण[४] ॥'

यहाँ 'शिलीमुख' 'लुब्ध' 'वन' 'कमल' आदि शब्दहरू श्लिष्ट छन् त पनि यो पदश्लेष होइन, किनभने यहाँ विभक्तिहरूको भेद छैन।

'[५]हर सर्वस्व साराको ह्वौ भव च्छेदतत्पर।
नयोपकार-सांमुख्य गर्ने ह्वौ तनु-वर्तन ॥'

यहाँ 'हर' पद एकपक्षमा शिवको सम्बोधन हुनाले सुवन्त छ, दोस्रो पक्षमा क्रिया हुनाले तिङन्त छ, यस्तै 'भव' पनि सुवन्त र तिङन्त हुनाले यी दुवै पदमा सुप्-तिङरूप विभक्तिको श्लेष छ। हुन त सुप् र तिङ् विभक्ति पनि प्रत्यय नै हुन् र प्रत्ययश्लेषकै अन्तर्गत हुन सक्तछन् तथापि अरू प्रत्ययहरूबाट साध्य नहुनाले र विशेष चमत्कार हुनाले विभक्तिश्लेषको भिन्नै कथन गरिएको हो।

'[६]महदे सुरसंधं मे तमव समासङ्गमाहरणो।
हर बहुसरणं तं चित्त व्यामोहमवसर उमे सहसा ॥'

यस श्लोकमा संस्कृत र महाराष्ट्री भाषाको भाषाश्लेष छ।

त्यो, सभङ्ग, अभङ्ग र सभङ्गाभङ्ग तीन छ॥ १२ ॥

---

१. धेरै वाणहरूले र भ्रमरहरूले। २. व्याधा र लोभी। ३. जल र वनमा बढेका कमल र मृगविशेषका। ४. तिनका नेत्रहरू।

५. 'हर इत्यादि'—शिव प्रति शिवभक्तको र पुत्र प्रति चोर्नी आमाको उक्ति हो। प्रथमपक्ष—हे शिव ! तपाईं सबको सर्वस्व र संसारको छेदन गर्ने पनि हुनुहुन्छ, नीति र उपकारको संमुख भएको वर्ताव गर्नु भएको छ। दोस्रो पक्षमा—तैँले सबको सर्वस्व हर, धनीलाई मार्न तत्पर हो, उपकारलाई पर सार्, परपीडाकारी जीवनोपाय फैला।

६. संस्कृतको अर्थ—

'उत्सवदात्रि, हे उमे ! सुरेप्सित आगम ममा गर रक्षा।
अवसर परी फैलिने चित्त-व्यामोह पनि हटाउ ॥'

महाराष्ट्रीको अर्थ—

'मलाइ देउ धर्म-रस, हटाउ सबको तमोगुणी आशा।
हरबधू ! छौ तिमि शरण, चित्त-व्यामोह हरोस् झट्ट ॥'

यो तीन भेद पहिले कहिएका आठ भेदमा नै यथासंभव अन्तर्गत हुन जान्छ, उदारहण उसैबाट जान्नू। अथवा जस्तै—

'जस्ले'[1] 'ध्वस्तमनोभवेन वलिजित्-कायः पुरास्त्री' गरे,
औ 'उद्वृत्तभुजङ्गहारवलयोगंगां च' जस्ले धरे।
जस्लाई 'शशिमच्छिरोहर' भनी द्यौता स्तुती गर्दछन्,
पालुन् ती 'स्वयमन्धकक्षयकरस्त्वां सर्वदोमाधवः'॥'

यस श्लोकमा 'ध्वस्तमनोभवेन' इत्यादि पदहरूमा सभङ्गश्लेष छ। 'अन्धक' इत्यादि पदहरूमा अभङ्गश्लेष छ। यी दुवै सभङ्ग र अभङ्गको एकै ठाउँमा संभव हुनाले सभङ्गाभङ्गात्मकश्लेषको ग्रन्थ ज्यादै बढ्न जाँदा बेगला बेगलै उदाहरण दिइएको छैन।

यहाँ कोही भन्दछन्—'सभङ्गश्लेष नै शब्दश्लेषको विषय हो, अभङ्गश्लेष होइन। किनभने यस (सभङ्गश्लेष) मा नै भिन्न स्वर उदात्तादि र भिन्न प्रयत्नहरूले उच्चारण गरिने भिन्न शब्दको जतुकाष्ठ (लाहा र काठ) न्यायले श्लेष (सम्बन्ध) रहन्छ।' अभङ्गश्लेष त अर्थश्लेष नै हो, किनभने यहाँ दुवै पक्षहरूमा शब्दहरूको स्वर पनि अभिन्न रहन्छ र उच्चारणमा पनि प्रयत्न भेद हुँदैन, शब्द पनि एकैनासको हुन्छ, परन्तु एक वृन्त (भेट्नो) मा दुई फल लागे सरह एक शब्दमा दुई अर्थ जुटेका देखिन्छन्। जो जस्को आश्रित छ, त्यो त्यसैको अलङ्कार मानिन्छ, किनभने अलंकार्य र अलंकारहरूमा लोकमा जस्तै मुकुट शिरको अलंकार र बाजू बाहुको अलंकार मानिन्छ, त्यस्तै यो पनि हुनाले अभङ्गश्लेष अर्थालंकार नै हुन्छ।'

यो मतलाई अरूले सहन गर्दैनन्। त्यही भनिन्छ—'यहाँ ध्वनि, गुणीभूतव्यंग्य, दोष, गुण, अलंकारहरूमा कुन शब्दगत र कुन अर्थगत ? यो व्यवस्थाको नियम अन्वय-व्यतिरेकले नै गरिने हुन्छ। 'अन्धकक्षय' इत्यादिमा शब्दको अभेद छ भन्ने

---

१. 'जस्ले' इत्यादिको अर्थ=सर्वदः माधवः सर्वदा उमाधवश्च त्वां (तिमीलाई) रक्षा गरून्। माधवपक्षमा—अभवेन (जन्मरहित) जस्ले अनः (गाडा) ध्वस्तं (भाँचियो) बलिजित् कायः (वलिलाई जित्ने शरीर) पुरा स्त्री (अघी अमृत बाँड्ने बखतमा मोहिनी स्त्रीरूप) गरे, उद्वृत्तभुजङ्गहा (उद्धत अघासुरलाई मार्ने) आरवलयः (शत्रुको फौज तर्फ जाई लाग्ने) अगं (गोवर्धन पाहाडलाई कृष्णरूपले) र गां (पृथ्वीलाई कूर्मरूपले) जस्ले धरे, जस्लाई शशिमच्छिरोहरः (शशीलाई पीडा गर्ने राहुको शिर हरण गर्ने) स्वयं (खूद आफैले) अन्धकक्षयकरः (अन्धक-यादवकुलको संहार गर्ने।

उमाधव (शिव) पक्षमा—कामदेवलाई नाश गर्ने जस्ले वलिलाई जित्ने विष्णुको शरीर अघी त्रिपुरदाहमा अस्त्रमा रहने बनाए, उत्कृष्ट भै रहने सर्परूप हार र बाला लाउने, गंगा र शरीरको अर्धले गौरीलाई पनि जस्ले धरे, शिरमा चन्द्र रहेका र जस्लाई हर भनी देवताहरू स्तुति गर्दछन्, अन्धक भन्ने असुरलाई विनाश गर्ने।

कुरा पनि ठिक होइन, किनभने—'अर्थभेदले शब्दभेद हुन्छ—' भन्ने नियम हुनाले दुई अर्थ भए पछि त्यहाँ शब्द पनि दुइटै हुनुपर्छ, एकनास भए आवृत्ति गर्नुपर्छ ।'

यो बाहेक यहाँ शब्द नै प्रधानातया चमत्कारको कारण छ। विचित्रताको साधन त्यस शब्दको नै कविको प्रतिभा द्वारा विशेषरूपले उट्टङ्कन (अनुसन्धान) भएकोले यो अभङ्गश्लेष शब्दालंकार नै हो। अरू दोस्रै दुई शब्द यहाँ राखि दिएमा यो विचित्रता रहने छैन, किनकी वैचित्र्य नै अलंकार हो। यो अलंकार अर्थका अनुसन्धानको अपेक्षा गर्ने हुनाले अर्थालङ्कार हो पनि भन्न सक्तैनौ, किनभने अनुप्रासादि पनि रसादिपरक हुनाले अर्थानुसन्धानका सापेक्ष हुन्छन्, तिम्रो कथनानुसार त ती पनि अलंकार हुन जालान्, तिनलाई त तिमीले पनि शब्दालंकार नै मानेका छौ। भनौला कि जहाँ शब्द अभिन्न (एकै) प्रयत्नले उच्चारण गरिन्छ त्यहाँ अर्थालङ्कार नै हुन्छ, यो कुरा पनि ठिक हुदैन, किनभने—'प्रतिकूलता यदि 'विधौ' छ भने—' यहाँ विधु-विधि शब्दको भेद भएमा पनि 'विधौ' को उच्चारण अभिन्न प्रयत्नले नै हुने हुँदा यो पनि अर्थालङ्कार नै हुन जाला। यसैले 'अन्धक' 'विधौ' यी दुवै ठाउँमा शब्दालंकार मान्नु नै ठिक छ। जुन ठाउँमा शब्दको परिवर्तन गरेर उसको पर्याय राखदामा पनि श्लेष वनी रहन्छ, त्यहाँ अर्थश्लेष हुन्छ।

उदाहरण जस्तै—

'थोरले नै उँभो जान्छ, उँधो झर्दछ थोरले।
सदृशै छ अहो! चाल तुला कोटि[1] र मूर्खको ॥'

यहाँ 'थोर' इत्यदि शब्द बदलेमा पनि श्लेष रहने हुँदा अर्थश्लेष छ।

'श्लेषको विषय अरू अलङ्कारहरूदेखी अलग रहेको पाउन असंभव छ जहाँ श्लेषालंकार होला त्यहाँ कुनैनकुनै अरु अलङ्कार रहने हुँदा यो अपवाद (वाधक मुख्य) भएर नै अरू अलङ्कारहरूको प्रतीति गरउँदछ' यस्तो कुनै आचार्यहरू भन्दछन्।

तिनीहरू यहाँ यस्तो विचार गर्दछन्—'समासोक्ति र अप्रस्तुत प्रशंसा आदि अलंकारहरूमा त दोस्रो अर्थ अभिधेय न भै व्यंग्य हुँदा तिनीहरूसँग श्लेषको गन्ध मात्र पनि हुन सक्तैन, किनभने यस्का दुवै अर्थ अभिधेय हुनुपर्छन्। 'विद्वन्-मानसहंस'—इत्यादि श्लेषगर्भ रूपकमा 'मानस' शब्दका 'चित्त र तलाउ' यी दुवै अर्थ वाच्य छन् ता पनि त्यहाँ रूपक श्लेषको वाधक हुन्छ, किनभने तलाउरूप अर्थ नै अन्तिम प्रतीतिको विषय हुनाले प्रधान छ र चित्तरूप अर्थ अप्रधान छ। श्लेषमा दुवै अर्थ प्रधान हुनु पर्दछ। 'सन्निहितबालान्धकारा भास्वन्मूर्तिश्च' (अप्रौढ़ अन्धकार जो सँग यस्तो भास्वत् (सूर्यको मूर्ति) यो विरुद्ध अर्थ त क्षण भर मात्र प्रतिभात (झल्का पर्न) आउँछ, स्थिर रहदैन। आखिरमा स्थिर रहने त 'बाल (रऊँ) रूप

---

१. तुलाको डण्डी वा तुलाको माथी रहने जिब्री।

अन्धकार जस्को सन्निहित छ यस्तो देदीप्यमान मूर्त्ति' हुन्छ र अर्थहरूको समकक्षा नहुनाले श्लेष हुँदैन, विरोधाभास नै रहन्छ। यसै गरी 'पुनरुक्तवदाभास' मा पनि दोस्रो अर्थ देखा मात्र परी स्थिर रहन नसक्नाले श्लेष हुँदैन।

त्यसैले 'जस्ले 'ध्वस्तमनोभवेन —'इत्यादि श्लोकमा जहाँ प्रार्थनीय हुनाले शिव र विष्णुरूप दुवै अर्थ प्राकरणिक (प्रकृत) छन्, यहाँ दुवै अर्थको एक धर्ममा युक्त हुनाले तुल्ययोगिता अलंकार र 'भूरि शिलीमुखै लुब्ध' इत्यादिमा अप्राकरणिक (कमल र हरिण) दुवै अर्थको वनवृद्धत्वादिले युक्त हुँदा 'दीपक अलङ्कार' प्राप्त छ ता पनि श्लेष नै मान्नुपर्दछ। यसै गरी—

'स्वेच्छा[1] हुँदा विषय जोड्छ न भोग्छ, देहि
भन्दा त मार्गण सयौं लिइ दुःख दिन्छ।
भै मोह जीवन उखेल्छ अकालमा नै
हो कष्ट पुष्पशर काम, प्रभू कुबुद्धि ॥'

इत्यादिमा प्रकृत (कुबुद्धि प्रभु) र अप्रकृत (कामदेव) को एक धर्म सँग सम्बन्ध हुनाले 'दीपक अलङ्कार' प्राप्त छ र—

'सकलकल[2] हुँदा पुर यो भयो अहिले सुधांशु-बिम्ब सरी।'

यस उदाहरणमा 'उपमा अलंकार' विद्यमान छ ता पनि श्लेषालंकार त यी बिना कहीं रहनै सक्तैन र यी सब श्लेषविना पनि रहन सक्तछन्, फेरी उक्त उदाहरण-हरूमा प्रधानतया श्लेषकै चमत्कार प्रतीत हुन्छ, यसैले यी पूर्वोक्त स्थानहरूमा श्लेषा-लङ्कारकै व्यवहार हुनुपर्दछ। त्यसो नभएमा श्लेषको व्यवहारसर्वथा अभाव हुन जानेछ।

अब यसमा भनिन्छ—'वस्तुतः श्लेषालङ्कार अरू अलङ्कार हरूबाट छुट्टा हुनै सक्तैन' भन्ने कुरा ठिक होइन, किनभने—'जस्ले ध्वस्तमनोभवेन' इत्यादि श्लेषको नै विविक्त उदाहरण हुन्। यहाँ जो 'तुल्ययोगिता' अलङ्कार भनिएको छ त्यो पनि ठिक होइन, कारण त्यसमा दुवै अर्थ वाच्य हुनुको नियम छैन। 'जस्ले ध्वस्त' यसमा माधव र उमाधवका मध्यमा कुनै एकलाई वाच्य मान्दछौं भने अर्को चाहीं व्यंग्य हुन जानेछ र दुवैको वाच्य नरहनाले श्लेषको गन्धै रहोइन।

यो बाहेक—तुल्ययोगितामा यौटै धर्म अनेक धर्मिहरूमा अनुगत भएको

---

१. 'स्वेच्छा' इत्यादि दुर्मति राजाका सेवकको उक्ति हो। कामदेव र दुर्बुद्धि प्रभु संकष्ट-का कारण हुन् जस्तै प्रभु पक्षमा—स्वेच्छाले उपभोगका पदार्थहरू जम्मा गर्ने, विषय अनुभव नगर्ने, सयौं याचकहरूले देहि भन्दा पनि उन्लाई दुःख दिने, अपराधको भ्रमले सर्वस्व गरि-दिने, अकालमै जीवन समेत हरण गर्ने। कामदेवपक्षमा—यथेष्ट विषय (निशाना गर्ने कुरा) भएको, देहीति (शरीरधारी) भन्नलाई पनि योग्यता नभएको, सयौं बाणहरूले दुःख दिने, मोह गराई अकालमा नै ज्यान समेत फ्यौंकीदिने। २, कोलाहल सहित वा सम्पूर्ण कला रहेको।

प्रतीत हुन्छ। प्रकृत 'जस्ले ध्वस्त' मा त अनेक धर्मिहरूमा अनेक धर्महरूको भिन्न भिन्नै सम्बन्ध प्रतीत हुन्छ। 'सकलकल हुँदा—'इत्यादिमा पनि श्लेष, उपमाका आभास-मात्रको उत्पादक होइन। यस्ता स्थलहरूमा श्लेषालङ्कारलाई उपमाको वाधक मान्ने हो भने पूर्णोपमाको कुनै विषय (उदाहरण) नै रहने छैन। 'कमल सरि मुखै मनोज्ञ यो ता—'इत्यादि पूर्णोपमाका उदाहरण रहनेछन् भनौला, यो पनि ठिक होइन। यदि—'सकलकल'—यहाँ शब्दश्लेषले गर्दा उपमा मान्दैनौ ता 'मनोज्ञ' यस पदको शब्द श्लेषले के अपराध गरेको छ र उसलाई उपमाको वाधक मान्दैनौ ?।

'स्फुट अर्थालङ्कार हुन् उपमा र समुच्चय दुवै, किन्तु।
सामान्य शब्द-मात्र लिएर, यहाँ पनि संभव छन्॥'

रुद्रटाचार्यको यस कथनानुसार गुणक्रियासाम्य जस्तै शब्दसाम्य पनि उपमा-को प्रयोजक हुन्छ।

प्रश्न—जहाँ उपमान र उपमेयका गुण-क्रियाहरूको समानता छ त्यहीं नै वास्तविक साधर्म्य रहनाले उपमाको प्रयोजक मान्नु ठिक छ। केवल शब्दमात्रको समानतामा त त्यस्तो हुँदैन, त्यहाँ अर्थको सादृश्य रहदैन। त्यस्तो हुँदा पूर्णोपमाको कहीं उपपत्ति नहुने हुनाले गुण-क्रियाका साम्यलाई नै अर्थश्लेषको विषयवाट हटाएर त्यो ठाउँ पूर्णोपमाको विषय मान्नु ठिक छ। 'सकलकल—'इत्यादिमा जहाँ केवल शब्दसाम्य छ, त्यहाँ पनि उपमा मान्नु ठिक छैन।

उत्तर—यस्तो भन्नु उचित छैन किनभने—'साधर्म्य उपमा—' यही उपमाको लक्षण छ, साधर्म्यमा कुनै किसिमको विशेषता नदेखाइएकोले शब्दकृत साधर्म्यलाई छोड्न सकिदैन र अर्थ शब्दकृत दुइटै साधर्म्य उपमाका प्रयोजक मानिन्छन्। शब्द मात्रको साधर्म्य भएमा अवास्तविक हुनाले साधर्म्य, उपमाको प्रयोजक न हुँदो हो त 'विद्वन् मानसहंस—'इत्यादि ठाउँमा आधारभूत चिन्तादिमा सरोवरत्व आदिको र राजा आदिमा हंसादिको आरोपको प्रयोजक कसरी हुन्छ ?।

यदि वास्तविक साम्यमा नै उपमा मान्ने हो भने 'सकलकल—'मा तिमी वाध्यभूत उपमा कसरी मात्र सकौला ?। यो बाहेक यहाँ साम्यको निर्वाहक श्लेष नै छ, श्लेषको निर्वाहक साम्य छैन, किनभने श्लेष निवन्धको पहिले कुनै प्रकारको साम्य पुर र चन्द्रमामा संभव छैन। यसैले उपमा नै अङ्गी (प्रधान) छ, त्यो नै पछी प्रतीत हुन्छ, पहिले प्रतीत हुने श्लेष उस्को साधन हुनाले अप्रधान छ, अतः 'प्रधान सँग नै व्यवहार हुन्छन्' भने नियमानुसार उपमाकै नामवाट व्यवहार हुनु ठिक छ।

प्रश्न—शब्दालंकारहरूमा अङ्गाङ्गिभाव संकर मानिदैन, यस्तो नियम छ भने यी दुई (श्लेष र उपमा) का अङ्गाङ्गिभाव संकर कसरी होला ?

उत्तर—यो कुरा पनि ठिक छैन, किन भने उक्त नियम जुनमा अर्थका अनु-सन्धानको आवश्यकता पर्दैन तिनै शब्दालंकार अनुप्रासादि हरूमा लागू हुन्छ, भन्ने मानिएकोले यहाँ लागू हुँदैन। यस्तै दीपकादि अलङ्कारहरूमा पनि यिनैको प्राधान्य हुन्छ, श्लेषको हुँदैन।

'सत्-पक्षा[१] मधुरगिरः[२] प्रसाधिताशा[३] मदोद्धतारम्भाः[४] ।
झरदाछन् धार्तराष्ट[५] कालवशात्[६] भूमिको पिठमा ॥'

यो श्लोकमा शरद्वर्णन प्रकृत हुनाले धार्तराष्ट्र आदि शब्दहरूको शक्ति हंसादिमा नियन्त्रित हुँदा दुर्योधनादिरूप दोस्रो अर्थ शब्दशक्तिमूलक वस्तु ध्वनि जान्नू । दुर्योधनादिको मरणादिरूप दोस्रो अर्थ जो यो प्रबन्धको प्रतिपाद्य छ त्यसको यहाँ सूचना मात्र विवक्षित छ । यसैले यहाँ न त वाच्य व्यंग्य अर्थहरूको उपमानो-पमेयभाव व्यंग्य छ न त श्लेष छ । यस प्रकार सँग सब विषय सफा हुन गयो ।

वर्णको पद्म इत्यादि बन्नु आकार 'चित्र' हो ॥

आदिशब्दबाट खड्ग-मुरज-चक्र-गोमुत्रिका इत्यादि चित्रहरूको ग्रहण जान्नू ।

यो चित्रका वर्णहरू ती ती आकारहरूमा लेखेर राखि दिनाले नै चमत्कारक हुन्छन् ता पनि जुन वर्ण श्रोत्राकाश सँग सम्बन्ध हुनाले (—सुनिनाले) चमत्कार पैदा गर्ने हुन्छन् तिनका साथ आकारमा रहेका वर्णहरूको औपचारिक (लाक्षणिक) अभेद मानीलिनाले यसलाई शब्दालंकार भनेका हुन् ।

ती मध्ये पद्मबन्ध जस्तै मेरो—

मारमासुषमा चारुरुचा मारवधूत्तमा ।
मात्तधूर्ततमावासा सा वामा मेऽस्तु मा रमा ॥'
('काम-शोभा सरी शुभ्दी, कान्तिले रति-जीतदी ।
अस्थान धूर्ततमकी, मेरी उल्टी नहून् रमा[७] ॥')

यो अष्टदल कमलबन्ध हो । यसमा ४ दिशाका दलहरूमा निर्गम र प्रवेश (निस्कनु र पस्नु) दुवै हुँदा तहाँका अक्षर दुई पटक पढिन्छन्, आग्नेयादि कोणका दलहरूमा रहेका वर्णहरू १ पटक पढिन्छन्, कर्णिका (माझ)मा रहेको वर्ण सबै सँग पढिन्छ । खड्गबन्धादिहरू पनि यसै गरी ऊहा गर्नू । यी चित्रहरू काव्यभित्रका गाँड जस्ता हुनाले तिनको यहाँ विशेष प्रपञ्च गरिदैन ।

रस हर्ने हुँदा हुन्न अलंकार 'प्रहेलिका' ॥ १३ ॥
वर्णादिको थप-घट उक्ति-वैचित्र्य मात्र हो ॥

---

१. राम्रा पखेटा भएका वा उत्तम सहायक भएका । २. मीठो बोल्ने वा अमधुर रुखो बोली बोल्ने । ३. दिग्दिशामा शोभा बढाउने वा दिग्दशा वश गर्ने, अथवा आशा लिएका वा विजयको ठुलो आशा धरेका । ४. शरत्कालले गरेको चित्तविकार विशेषले उद्धत शब्द गर्ने वा गर्वले उद्धत युद्धको आडम्बर लिने । ५. हंसविशेष वा धृतराष्ट्रका पुत्रहरू । ६. शरत्कालको वशले वा मृत्युकालको वशले । ७. लक्ष्मी । यो चारौं पाउमा यस्तो पाठ पनि हुन सक्तछ— 'मेरी स्त्री हून् नहून् रमा' ।

च्युताक्षर, दत्ताक्षर, च्युतदत्ताक्षर इत्यादि यसका भेद छन् ।उदाहरण जस्तै—

'कोइली सालमा बोल्छन्, यौवनैमा फुल्यो फुल ।
के गरुन् ती कुरङ्गाक्षी वदनैले सताइँदी ।।'

यहाँ 'सालमा' रसालमा भन्नु पर्दथ्यो 'र' छोडिएको छ । 'वनैमा' यहाँ 'यौ' थपिएको छ । 'वदनैले' यहाँ 'म' छोडेर 'व' दिइएको छ । आदिशब्दले क्रियागुप्ति, कारकगुप्ति, इत्यादि जान्नू । ती मध्ये क्रियागुप्ति जस्तै—

पाण्डवानां सभामध्ये दुर्योधन उपागतः ।
तस्मै गां च सुवर्णं च सर्वाण्याभरणानि च ।।'
('पाण्डवैको सभामध्ये दुर्योधन तहाँ पुगे ।
तिन्लाइ गाई, सुन र सम्पूर्ण गहना पनि ।।')

यहाँ 'दुर्योधन' यस ठाउमा 'अदुः यः अधनः' यस्तो गरेर 'अदुः' (दिए) यो क्रियापद गुप्त राखिएको छ । यस्तै अन्यत्र पनि जान्नू ।

शब्दालंकार पछी अब अर्थालंकारहरूको निरूपण अवसर प्राप्त छ र तिनमा पनि प्रधान हुनाले सादृश्यमूलक अलंकारहरूको प्राणस्वरूप (उपजीव्य) उपमा अलंकारको निरूपण गरिन्छ—

'उपमा' दुइको वाच्य[1] साम्य[2] हो एक वाक्यमा ।। १४ ।।

रूपक, दीपक, तुल्ययोगिता, आदिमा सादृश्य व्यंग्य हुन्छ, वाच्य हुँदैन । व्यतिरेकालंकारमा वैधर्म्यको पनि कथन हुन्छ । यस्तै उपमेयोपमा अलंकारमा दुई वाक्य हुन्छन् । अन्वयालंकारमा एउटै पदार्थको सादृश्य निरूपित रहन्छ । यसैले यी सब अलङ्कारहरू भन्दा उपमा भिन्न छ ।

उपमाका भेद—

'पूर्णोपमा' हो सामान्य-धर्म, औपम्यवाचि र ।
उपमेय, उपमान, भएमा वाच्य

दुई पदार्थका तुल्यताको कारणीभूत गुण, क्रिया (मनोज्ञत्व, रमणीयत्व इत्यादि) सामान्यधर्म या साधारणधर्म हुन् । इव, यथा, तुल्य, सदृश, सम, वत् इत्यादि शब्दहरूलाई औपम्य (सादृश्य) का वाचक भन्दछन् ।

प्रकरणमा वर्णनीय मुखादि उपमेय मानिन्छन् । सुन्दरता आदिको निरूपक चन्द्रादि उपमान कहिन्छन् ।

यही अनि ।। १५ ।।

१. अभिधाले बुझाइने । २. गुणक्रियादिरूप समानता ।

'श्रौती' यथा, इव, व, वा, इवार्थ वति, शब्द भै ॥
'आर्थी' तुल्य-समानादि, तुल्यार्थ वति, भै छ त्यो ॥ १६ ॥

हुनत 'यथा' 'इव' आदि शब्द ती तुल्य आदि पदहरूकै समान नै हुन्छन्, जो उपमान-वाचक शब्दकै पछाडि प्रयुक्त हुन्छन् तथापि यिनले श्रवणमात्रबाट नै उपमान र उपमेयमा रहने सादृश्यनामक सम्बन्धको बोधन गर्दछन् र ती रहेमा श्रौती उपमा मानिन्छ। त्यस्तै 'तत्र तस्येव' यस सूत्रले वतिप्रत्ययको योगमा पनि श्रौती उपमा हुन्छ। तुल्य, सम, सदृश इत्यादि पद ता 'कमलले तुल्य मुख' इत्यादि वाक्यमा उपमेय (मुखादि) कै साथ सम्बन्ध देखिन्छन्। 'कमल मुखको तुल्य छ' इत्यादि वाक्यमा ती उपमान (कमल आदि) कै साथ अन्वित रहन्छन्। 'कमल र मुख तुल्य छ' इत्यादि वाक्यमा तिनको सम्बन्ध उपमान र उपमेय यी दुवै सँग रहन्छ, यसैले यी साम्य उक्त सम्बन्धको अर्थानुसन्धानको वादै बोधन गर्दछन् र यी शब्दका हुनाले आर्थी उपमा हुन्छ। यस्तै 'तेन तुल्यं क्रियाचेद् वतिः' यस सूत्रले गरिएको तुल्यार्थक 'वति' प्रत्यय भएमा पनि आर्थीउपमा जान्नू।

दुवै हुन्छन् तद्धित र समास अनि वाक्यमा।

दुवै भनेको श्रौती र आर्थी पनि हो। उदाहरण जस्तै—

'वास[1] छ अम्भोरुहवत् मुखको, घडा-सरी[2] छन् स्तन पुष्ट।
त्वन्मुख मताउँछ मन बाले! शरदिन्दुले जस्तो[3]।'

यहाँ क्रमैले तीन प्रकारको 'श्रौती उपमा' छ।

'मधुर सुधावत्[4] अधर छ, पल्लव-तुल्य छ हात अतिनरम।
चकितमृगी-लोचनले सदृश चल छन् नयन पनी तिनका ॥'

यहाँ क्रमैले तीन प्रकारको 'आर्थी उपमा' छ।

एवं[5] पूर्णोपमा छ भो ॥

अर्थ स्पष्ट नै छ।

'लुप्तोपमा' त्यो सामान्य-धर्मादी[6] एक वा दुई ॥१७॥
तीनै पनी नरहँदा[7] श्रौती-आर्थी छ पूर्ववत् ॥

त्यसको भेद—

धर्मलुप्ता छ पूर्णा झैं श्रौती तद्धितमा त्यजी ॥१८॥

१. सुवास (वासना)। २. इवार्थ (झैं)। ३. यथा। ४. तुल्यार्थ वति प्रत्यय। ५. यसरी। ६. उपमान-उपमेय-इवादि। ७. अवाच्यत्वमा र अप्रयोगमा पनि।

गुणरूप अथवा क्रियारूप साधारण धर्मको अभावमा लुप्तोपमा पनि पूर्णोपमा जस्तै वाक्यगत, समासगत, तद्धितगत छ प्रकारको हुन्छ, तर साधारणधर्मवाचक पद नरहँदा वतिप्रत्यय नहुने हुनाले तद्धितगत श्रौतीको उदाहरण हुँदैन र धर्मलुप्ता उपमा पाँच प्रकारको हुन्छ।

उदाहरण जस्तै—

'मुख तिम्रो चन्द्र जस्तो, बाहू पल्लवले सम।
वाणी सुधा-सरी ओष्ठ बिम्ब-तुल्य, मनोऽश्मवत्[1]॥'

आधार-कर्म-विहित, क्यचमा, क्यङमा, अनि॥
कर्म-, कर्ता-, णमुलमा, यस्तै पाँच प्रकार छ॥१९॥

'धर्मलोप रहँदा लुप्तोपमा' भन्ने अनुवृत्ति यहाँ पनि छ। कलाप व्याकरणमा क्यच्, क्यङ्, णमुल्, का स्थानमा 'यिन्-आयि-णम्' प्रत्यय हुन्छन्। क्रमैले उदाहरण—

'अन्तःपुरीय[2] रणमा, जनता सुतीय[3]
गर्छौ र हेनृप! सदा रमणीय[4] छन् श्रीः।
देख्छन् प्रिया त शशिदर्शम[5], फेरि इन्द्र-
सञ्चारमै[6] चलदछौ भुइँमा क्षितीश!॥'

यहाँ 'अन्तःपुरीय' यसमा सुखविहारस्थानत्व, 'सुतीय' यसमा अतिशय प्रेमपूर्णत्व, साधारण धर्मको लोप छ। त्यस्तै 'रमणीय, शशिदर्शम, इन्द्र-सञ्चार इत्यादिमा पनि जान्नू।

यहाँ यी उपमाहरूको निर्णय गराउने 'यथा-इव' इत्यादि र 'तुल्य-सदृश' इत्यादि पदहरू नरहेकोले श्रौती र आर्थीको विशेष विचार हुँदैन। कोही 'अन्तःपुरीय' इत्यादिलाई औपम्य (साधर्म्य) का प्रतिपादक 'इव' आदि शब्द नरहेकोले 'वाचक-लुप्ता' को उदाहरण मान्दछन्। यो मत ठिक होइन, किनभने क्यङ् आदि प्रत्यय पनि त्यही (औपम्य) अर्थमा हुन्छन्, यसैले ती साधर्म्यका प्रतिपादक छन्। क्यङ् आदि प्रत्ययहरूमा ठिक सँग साधर्म्यको प्रतीत हुदैन, यी प्रत्यय हुनाले स्वतन्त्रता सित आफ्नो अर्थको प्रतिपादक हुँदैनन्, प्रकृतिका अर्थको अपेक्षा गर्दछन्, इवादि पदको पनि अभाव हुनाले यो वाचकलुप्ता नै हो। यसो भन्न पनि ठिक छैन, किन-

१. मन ढुङ्गा जस्तो। २. अन्तःपुरे इव आचरति—'उपमानादाचारे' 'अधिकरणाच्च' अधिकरण पदबाट आचार अर्थमा क्यच् प्रत्यय। ३. सुतम् इव आचरति—कर्मपदबाट आचार अर्थमा क्यच्। ४. रमणी इव आचरति—कर्तृपदबाट आचार अर्थमा 'कर्तुः क्यङ् सलोपश्च' क्यङ् प्रत्यय। ५. शशि नम् इव दर्शनम्—'उपमाने कर्मणि च' दृश् धातुदेखि भावमा णमुल् प्रत्यय। ६. इन्द्र इव संचरणम्— संपूर्वक चर् धातुदेखि भावमा णमुल्।

भने त्यस्तो मान्दा 'कल्पप्' आदि प्रत्यय भएका ठाउँमा पनि वाचकलुप्ता मान्नु पर्नेछ। 'कल्पप्' आदि इवादि तुल्य हुनाले साधर्म्यका वाचक छन् र 'क्यङ्' आदि सादृश्यका द्योतक मात्र हुन्छन् वाचक हुदैनन् यस्तो भन्नु पनि ठिक छैन, किनभने इव आदि शब्दका वाचकत्वको पनि निश्चय केही छैन। सबै आचार्य यो कुरा मान्दैनन्। यदि 'इवादि' लाई वाचक मानेमा पनि 'संपूर्ण पद वाचक हुन्छ' यस मतमा र 'प्रकृति र प्रत्यले आफआफ्ना अर्थलाई भिन्न भिन्नै वोधन गर्दछन्—' यस मतमा 'वति' आदि र 'क्यङ्' आदि प्रत्ययहरूको कुनै भेद हुँदैन, दुवै समान छन्। यस्तो कोही भन्दछन्—'वति' आदि प्रत्यय हरूको इवादि शब्दको अर्थमा विधान हुन्छ र 'क्यङ्' आदि आचारादि अर्थमा हुन्छन्—'यो पनि ठिक छैन। 'क्यङ्' आदि आचार अर्थमा मात्र हुने होइनन्, अपि तु सादृश्यविशिष्ट आचार अर्थमा हुने हुनाले यिनमा कुनै भिन्नता छैन र वाचकलुप्ता हुन सक्तैन, धर्मलुप्ता नै हो। यसरी धर्मलुप्ता उपमा दश प्रकारको हुन्छ।

उपमान लोपमा[1] छ द्विधा वाक्य, समासमा॥

उदाहरण जस्तै—

तिन्को मुखले सदृश राम्रो छैन, न वा लोचन-तुल्य।'

यहाँ मुख र नेत्रको प्रतिनिधि (सदृश) दोस्रो चीज त प्रतीत हुन्छ, परन्तु त्यसको कथन नभएकोले यहाँ उपमानको लोप जान्नू। यही उदाहरणमा 'मुखले सदृश' को ठाउँमा 'मुख जस्तो यो' यस्तो र 'लोचन-तुल्य' को ठाउँमा 'आँखा सरह' यस्तो राखि दिएमा यिनै उदाहरण श्रौतीका पनि हुन सक्ने हुनाले श्रौती र आर्थी भेदले उक्त दुवै (वाक्यगत उपमानलुप्ता र समासगत उपमानलुप्ता) उपमाहरूका चार भेद हुन सक्तछन् ता पनि प्राचीनहरूको रीतिअनुसार दुई भेद मात्र यहाँ वताइएका छन्।

औपम्यवाचि-लोपैमा द्विधा छ क्विप्, समासमा॥२०॥

उदाहरण जस्तै—

'मृगशावाक्षिको[2] वक्त्र छ सुधाकर-सुन्दर[3]।'
'गदहैछ[4] श्रुतिपरुष[5] स्पष्टै बोल्दो महात्मको नजिक।'

'गदहैछ' यहाँ औपम्यवाचि 'क्विप्' को लोप भैरहेछ। यहाँ उपमेयको पनि लोप छ भन्न सकिदैन, किनभने 'बोल्दो' पदले उपमेय (कर्ता) को स्पष्टै निर्देश गरिएको छ।

धर्मोपमान-लोपैमा द्विधा वाक्य, समासमा॥

---

१. लुप्तोपमा। २. मृगका बच्चाका नेत्र जस्ता नेत्र भएकी (स्त्री) को। ३. चन्द्र झैं सुन्दर। ४. गदहा झैं आचरण गर्छ। ५. श्रुतिकटु।

'तिन्को मुखले' इत्यादिमा 'राम्रो' को ठाउँमा 'जगमा' यस्तो पढेमा यी दुइटैको उदाहरण हुन्छ।

धर्म-इवादि लोपैमा छ द्विधा क्विप्, समासमा ॥२१॥

उदाहरण जस्तै—

'विधवछ[1] मुखाब्ज[2] यिन्को' !

यहाँ 'विधवछ' यो आचारार्थक क्विप्को लोप र मनोहरत्वरूप साधारण धर्मको अनुपादानरूप लोप छ। कोही त यहाँ 'आय्' प्रत्ययको लोप छ भन्दछन् (कलाप व्याकरणमा क्विप्को बदला आय् गरी लोप हुन्छ)। 'मुखाब्ज' यहाँ समासबाट साद्दश्यको बोध हुन्छ।

उपमेय-विलोपैमा उपमा एक, क्यच् हुँदा (छ) ॥

जस्तै—

'शत्रु-विक्रम हेर्नामा नेत्रलाई उघारने।
घोर तर्बार ली हात, त्यो सहस्रायुधीय[3] छ ॥

यहाँ 'सहस्रायुध (इन्द्र) जस्तो आफुलाई ठान्दछ' यस विग्रहमा क्यच् प्रत्यय भएको छ र। उपमेय आत्मा (आफु) को अनुपादान रूप लोप छ। यहाँ उपमावाचकको लोप नसंझनु, किनभने उपमावाचकत्व (साद्दश्यविशिष्ट आचारार्थत्व) क्यच्को हुन्छ भन्ने पहिले कहिसकिएको छ। यहाँ कोही भन्दछन्—'सहस्रायुधेन सह वर्तते' यस्तो विग्रहमा समास भै 'सह' को स्थानमा 'स' आदेश भै 'ससहस्रायुध' बन्दछ, अनी त्यो जस्तै आचरण गर्ने भन्ने अर्थमा क्यच् प्रत्यय गरेमा 'ससहस्रायुधीयति' यस्तो पद सिद्ध हुन्छ, यसरी उपमेय शब्दको अनुपादान हुनाले यहाँ उपमेयको लोप नै हो —' यो मत विचार गर्दा ठहर्न सक्तैन, किनभने क्यच् प्रत्यय कर्तामा हुनु शब्दानुशासन (व्याकरण) को विरुद्ध छ।

धर्मोपमेय-लोपे च

(धर्म र उपमेयको लोपमा क्यच् हुँदा पनि एक उपमा हुन्छ)

उदाहरण जस्तै—

'हजुरको यश फैलिदा क्षीरोदोयछन्[4] ति सागर सारा।'

यहाँ 'क्षीरोदम् इव आत्मानम् आचरन्ति' यस विग्रहमा क्यच् हुँदा उपमेय (आत्मा) र साधारण धर्म (शुक्लता) को लोप भैरहेछ।

---

१. विधुसदृश हुन्छ (विधुः इव आचरति)। २. मुख-कमल। मुखम् अब्जम् इव 'व्याघ्राद्यैः कर्मधारय। ३. हजार हतियार लिएको। 'सहस्रायुधं इव आत्मानं मन्यते' कर्मपदबाट आचार अर्थमा 'उपमानादाचारे' क्यच्। ४. क्षीर समुद्र जस्तो आफुलाई आचरण गर्छन्।

त्रिलोपैमा समासग ॥२२॥

उपमान, उपमावाचक, धर्म, को लोपमा समासगत उपमा हुन्छ ।

जस्तै उदाहरण—

शुभ्दछिन् मृगलोचना ।'

यहाँ 'मृगका लोचन तुल्य चञ्चल लोचन छन् जस्का' यस्तो विग्रहमा बहुव्रीहि समास भएर उपमान लोचन, उपमावाचक तुल्य, साधारण धर्मवाचक चञ्चल, पदको लोप भैरहेछ ।

त्यसैले उपमा-भेद हुन्छन् सत्ताइसै यहाँ ॥

छ प्रकारको पूर्णोपमा, एक्काइस प्रकारको लुप्तोपमा, सब मिलेर सत्ताइस प्रकारको उपमा हुन्छ । यी उपमाहरूका भेदहरूमा जुनमा साधारण धर्मको लोप हुँदैन, तिनमा केही विशेष (भेद) देखाइन्छ—

कहीं साधारण गुण[1] एकरूपी छ भिन्न[2] वा ॥२३॥
त्यहाँ बिम्बानुबिम्बत्व-मात्र[3] वा शब्द-मात्रले ॥

एकरूपमा जस्तै उदाहरण—'मधुर सुधावत् अधर छ—' इत्यादि ।

बिम्ब प्रतिबिम्बत्वमा जस्तै—

'भालाले काटिने तिन्का दाह्री-जुङ्गे शिरै झरी ।
पृथ्वी बन्नगइन् चाका माहुरी भुम्मिदी-सरी ॥'

यहाँ 'दाह्री-जुङ्गे' यसको 'माउरी झुम्मिदी' योसँग दृष्टान्तालंकार जस्तै उपमानोपमेयको सादृश्य प्रतिबिम्बित हुन्छ ।

शब्दमात्रले भिन्नत्वमा जस्तै—

'खुला गराई नयन फुलेको नील-उत्पलै-सरी म-तिर ।
बताउँदथिन् कृशाङ्गी मनमा भएको सब अभिप्राय ॥'

यहाँ 'खुला' र 'फुलेको' एकै हुन्, भिन्न धर्म होइनन्, प्रतिवस्तूपमालंकारको जस्तै यहाँ त्यसको दुई शब्दहरूले निर्देश गरिएको छ ।

'एकदेशविवर्तिन्युपमा' हो साम्यको जहाँ ॥२४॥
वाच्यता, गम्यता हुन्छन्

---

१. साधर्म्य । २. भिन्नै साधरण धर्म भएको । ३. सादृश्य सूक्ष्मताले मात्र बुझिने ।

जस्तै—

'उत्पलैले नेत्रले-झैं पद्मैले मुखले-सरी ।
चखेवाले स्तनैलै झैं सरःश्री सर्वदा शुभे ।।'

यहाँ नीलकमल आदिको नेत्र आदिका साथ सादृश्य 'झैं, सरी' शब्दले वाच्य छ र तलाउकी लक्ष्मीहरूको सुन्दरीहरूसँगको सादृश्य गम्य छ ।

कहिन्छ 'रसनोपमा' ।।
अघिल्लो उपमेयैको यदि होस् उपमानता ।।२५।।

जस्तै—

'सेतो हुँदा हाँस शशी-सरी छ, हिँडाइले हाँस-सरी प्रिया छन् ।
पानी प्रिया झैं छ छुँदा सुखालु, आकाश पानी-सरि स्वच्छ भै छ ।।'

यौटामा धेरको साम्य भए 'मालोपमा' छ त्यो ।।

जस्तै—

'तलाउ पद्मले जस्तै, रजनी चन्द्रले सरी ।
जवानीले सरी कान्ता, नीतिले श्री छ सुन्दर ।।'

कहीं उपमान, उपमेय दुइटै प्रकृत देखिन्छन्, जस्तै—

'हाँस चन्द्र सरी शुभ्छ, जल व्योमतलै[1] सरी ।
तारा कुमुद झैं सेता शुभ्छन् शरद आउँदा ।।'
'दर्बारमा यी नृपका शुभ्छन् ती नृप-सम्पती ।
इन्द्रप्रासादमा[2] कल्पवृक्षबाट हुने सरी ।।'

यहाँ उपमेय सम्पती छन्, 'कल्पवृक्षवाट हुने सरी' यस उपमानमा सम्पतीहरूको आक्षेप हुन्छ, सम्पतीको उपमान सम्पती नै हुने हुनाले आक्षेपोपमा भन्न सकिन्छ । यहीं नै 'दर्बारमा' को उत्तर वाक्यमा 'प्रासादमा' पद सँग प्रतिनिर्देश गरिएकोले यसलाई 'प्रतिनिर्देशोपमा' पनि भन्न सकिन्छ । परन्तु यिनका लक्षणहरू लेखिएका छैनन्, किनभने यस प्रकारका विचित्रताहरू हजारौं थरी हुन सक्छन् र अनगिन्ती हुन्छन् ।

उपमानोपमेयत्व एकैमा हो 'अनन्वय' ।।२६।।

एकवाक्यमा भन्ने अर्थ हो ।

---

१. आकाशतल । २. इन्द्रका दर्बारमा ।

जस्तै उदाहरण—

'राजीव झैं भो राजीव, जलै जल सरी भयो ।।
चन्द्र भो चन्द्र झैं स्वच्छ शरत्काल उदाउँदा ।।'

यहाँ राजीवादिलाई अनन्यसदृश (अनुपम) बताउनाका निमित्त काल्पनिक उपमानोपमेयभाव मानिएको छ। यहाँ एकै अर्थका दुई पद 'राजीव झैं भो कमल' यस्तो बोलेमा पनि 'अनन्वयालंकार' नै रहन्छ र 'लटानुप्रास' हुन सक्तैन, किनभने त्यसमा एकनासका शब्द चाहिन्छन्। यही लाटानुप्रास र अनन्वयको विषय विभेद छ। तर औचित्यले गर्दा अनन्वयमा एकै शब्द बोलनु राम्रो संझिन्छ। यही कुरा भनिएको छ—

'हो 'अनन्वय' शब्दैक्य औचित्य रहि गौण छ ।
लाटानुप्रास यस्मा त साक्षात् नै छ प्रयोजक[1] ।।'

पालो भई दुई यिन्को 'उपमेयोपमा' छ त्यो ॥

दुई वाक्यमा क्रमैले उपमान र उपमेय हुँदै गएमा भन्ने अर्थ हो।

जस्तै—

'कमला-सरी बुद्धि, उ सरि कमला, तनु सरि विभा, विभा सरि उ ।
धरणी सरि धैर्य, उ सरि धरणी, शुभछन् सदा नृपति जस्का ।।'

यहाँ यी राजाको श्रीबुध्यादि सदृश अरू केही पनि छैन भन्ने अभिप्राय निस्कन्छ। (अनन्वयमा दोस्रो र यस्मा तेस्रो सदृश वस्तु हट्तछ)।

तुल्यानुभवले वस्तु-स्मृति 'स्मरण' भन्दछन् ॥२७॥

जस्तै—

'राम्रो खञ्जन खेलेको देख्ता यो अरविन्द त ।
राम्रो चञ्चल आँखाको संझन्छु तिनको मुख ।।'

'म सकपटै काहीं केही' इत्यादि पूर्वोक्त श्लोकमा सदृश वस्तुको अनुभवबाट स्मृति नभएकोले यो 'स्मरणालंकार' हुँदैन। राघवानन्द महापात्र ता विरुद्ध वस्तुको अनुभवले उत्पन्न भएको स्मरणलाई पनि स्मरणालंकार मान्दछन्। यसमा उदाहरण पनि उनैको हो। जस्तै—

'शिरीषमृद्वी[2] जब जानकी ती
भोग्थिन् सयौं दुःख पहाड-माथी ।

---

१. विचित्रता दिलाउने। २. शिरीषको फूल झैं मुलायम शरीर भएकी।

तबै तिनीका गृह-सौख्य लाखौं
चिताउँथे आँसु चुहाइ राम ॥'

निरपह्नवमै हुन्छ रूपिता-ऽऽरोप 'रूपक' ॥

'रूपिता' यो पद 'परिणामालंकार' बाट भेद गर्नलाई भनिएको हो। यो कुरा परिणामको प्रकरणमा नै विवेचन गरिनेछ। 'निरपह्नव' यो 'अपह्नुति' बाट भेद गर्न कहिएको हो।

त्यो परम्परित[1], साङ्ग[2], निरङ्ग[3], छ तिनै थरी ॥२८॥

ती मध्ये—

जहाँ कसैको आरोप परारोपण-हेतु छ ।
हो 'परम्परित' श्लिष्टा-ऽश्लिष्ट शब्द-निबन्धन[4] ॥२९॥
प्रत्येक त्यो केवल र मालारूप छ चार नै ॥

ती मध्ये श्लिष्टशब्दनिबन्धन केवलपरंपरित, जस्तै—

'रणमा जगदुद्दण्ड-राजमण्डल-राहु[5] यो ।
बाहुलाई रहोस् स्वस्ति श्रीनृसिंह महीपते ! ॥'

यहाँ राज पदले चन्द्र र नरेश दुवैलाई कहने हुँदा श्लिष्ट छ। यसैले गर्दा राजमण्डलमा चन्द्रमण्डलत्वको आरोप गरिएको छ। यही आरोप बाहुमा राहुका आरोपको कारण छ। श्लिष्टशब्दमूलक मालारूप परम्परित, जस्तै—

'पद्मोदयमहाँ[6] सूर्य, सदागतिमहाँ[7] हवा ।
भूभृत्समूहमा[8] वज्र, एकै छौ तिमि भूमिमा ॥'

यहाँ लक्ष्मीको उदय नै कमलहरूको उदय हो, सज्जनहरूको आगमन नै सदा-गमन हो, राजाहरू नै पर्वत हुन् इत्यादिमा लक्ष्मीको उदयलाई कमलोदयको रूपक दिनु इत्यादि राजामा सूर्यत्वादि आरोपको कारण छ।

अश्लिष्टशब्दमूलक केवलरूपक, जस्तै—

'रक्षा गरुन् घनश्याम, शार्ङ्गज्याघातले[9] कडा ।
त्रैलोक्यवेदिका-स्तम्भ, चारै श्रीहरिका भुजा ॥'

---

१. कार्यकारणभावरूप परम्परा भएको। २. अवयव सहित। ३. निरवयव। ४. श्लिष्ट-शब्द-निबन्धन र अश्लिष्टशब्द-निबन्धन। ५. जगतमा उत्कृष्ट राजसमूहमा राहुरूप भएको। ६. पद्मा (लक्ष्मी) वा पद्म (कमल) को उदयमा। ७. सज्जनको आगमन र सधैं हिंडनेमा। ८. पर्वत र राजाको समूहमा। ९. सिङका धनुको ठक्कर लाग्नाले।

यहाँ त्रैलोक्यमा मण्डप(वेदिका)त्वको आरोप हरिका भुजाहरूमा स्तम्भ-(थाम)त्वका आरोपको कारण छ।

अश्लिष्टशब्दमूलक मालारूपक, जस्तै—

'मनोजभूपाल-सिता-ऽऽतपत्र, श्रीखण्डको छाप हरित्-प्रियाको[1]।
शोभिन्छ त्यो व्योमसरः -सरोज,[2] कर्पूरराशिप्रभ, इन्दुबिम्ब ॥'

यहाँ कामदेवादिहरूमा राजत्वादिको आरोप चन्द्रबिम्बको सितच्छत्रत्व इत्यादि आरोपहरूको कारण छ। 'रणमा जगदुद्दण्ड' इत्यादि पूर्वोक्त श्लोकमा राजाका बाहुमा राहुत्वको आरोप नृपमण्डललाई चन्द्रमण्डलत्व आरोपमा कारण छ यस्तो कोही भन्दछन्।

साङ्ग आरोप अङ्गीको हुँदा हो 'साङ्गरूपक' ॥ ३० ॥
समस्तवस्तुविषय, एकदेशविवर्त्ति, छ ॥

ती मध्ये—

सबै आरोप्य शब्दैले तोकिने पहिला उ हो ॥ ३१ ॥

पहिलो समस्तवस्तुविषय, जस्तै—

'त्यो रावण-खडेरीले सुकेको देव-धान्यमा।
बोली-अमृत वर्षाई कृष्ण-मेघ छिपे तहाँ ॥'

यहाँ कृष्ण (विष्णु) मेघत्वरूपले वर्णन गर्नु नै बोली आदिमा अमृतत्व आदिका आरोपको कारण छ।

आरोप्य आर्थिक हुँदा 'एकदेशविवर्त्ति' हो ॥

जस्तै—

'लावण्य-मधुले पूर्ण मुख यिन्को प्रफुल्ल यो।
लोकलोचन-रोलम्ब-श्रेणिले[3] को नप्यूँदछ ?॥'

यहाँ लावण्यादिहरूमा मधुत्वादिको आरोप त शब्दले नै कहिदिएको छ, मुखमा कमलत्वको आरोप अर्थबलले लभ्य छ, शब्दले कहिएको छैन। यहाँ एकदेशविवर्त्तिनी उपमा हो भन्नु उचित छैन, किनभने प्रफुल्लता आरोप्यमाण कमलमा मुख्य रूपले रहन्छ औ मुखमा गौणरूपले रहन्छ।

'निरङ्ग' हुन्छ आरोप्य अङ्गीको मात्र, त्यो दुई ॥३२॥
माला, केवलरूपी छ

---

१. दिशारूपी स्त्रीको। २. आकाशरूपी तलाउको कमल। ३. जनका नेत्र रूप भ्रमरका पंक्तिले।

ती मध्ये मालारूप निरङ्ग, जस्तै—

'रचना-सिप धाताकी, चन्द्रिका लोक-नेत्रकी ।
क्रीडा-गृहै हुन् स्मरकी, यिनी इन्दीवरेक्षणा ।।'

केवलरूपकको उदाहरण, जस्तै—

'हो स्वामिको उचित नै अपराधि दास–
मा लात हान्नु भनि सुन्दरि ! खेद लिन्न ।
रोमाञ्चका अतितिखा सुइराहरूले
जो खिन्न हुन्छ मृदु पाउ, यहाँ छ खेद ।।

त्यस्ले रूपक आठ छन् ।।

यसैले प्राचीनहरूको मतानुसार उक्तरीतिले रूपकभेद आठ छन्। कहीं परम्परितरूपक पनि एकदेशविवर्ति हुन्छ, जस्तै—

'खड्ग क्ष्मा-सौविदल्लै[1] रणविजयि बनोस् मालवेन्द्र प्रभूको ।'

यहाँ खड्गलाई कञ्चुकी बनाएकोले पृथ्वी रानीस्वरूप हुनु अर्थबाट नै सिद्ध छ, त्यही राज्ञीत्वको आरोप, खड्गमा कञ्चुकीत्वका आरोपको कारण छ। यो भेद पहिले झैं केवल र मालारूपमा पनि हुन सक्छ। उदाहरण खोजनू।

देखिन्छन् कहिं आरोप्य श्लिष्ट, 'रूपक साङ्ग' मा ।।३३।।

तिमध्ये एकदेशविविर्त्ति श्लिष्ट साङ्गरूपक, जस्तै मेरो—

'उदय गिरि-वर-स्तनाग्रमा[2] नै कर[3] धरि, त्यो तम-वस्त्र फेंकिएको ।
विकसित-कुसुमेक्षणै[4] भएको, सुरपतिदिक्-मुख[5] चूम्छ आज चन्द्र ।।'

यही उदाहरणमा 'सुरपति' इत्यादिमा 'हरिदबलामुख चूमियो शशीले'— यस्तो पाठ गरेमा यो समस्तवस्तुविषयक रूपक हुन जानेछ, किनभने दिशाको नायिकात्व र शशीको नायकत्व पनि शब्दोपात्त नै हुन्छ। यहाँ श्लिष्टपरंपरित रूपक हुन सक्तैन। 'भूभृत् समूहमा वज्र' इत्यादिमा शत्रुपक्षका राजाहरूलाई पर्वत नमानेसम्म प्रकृत (वर्णनीय) राजालाई वज्र बताउनु ठिक जँच्न सक्तैन, राजा र पर्वतको सादृश्य प्रसिद्ध नहुनाले असङ्गत छ। त्यसो हो भने 'पद्मोदयमहाँ सूर्य' इत्यादिमा परम्परित रूपक कसरी मानियो त ? तेजस्वी हुनाले सूर्यसँग राजाको सादृश्य त अत्यन्तै प्रसिद्ध छ। यस्तो भन्नु ठिक छैन। त्यही भनिन्छ–राजादि सित तेजस्वितादि हेतुको सूर्यको सादृश्य प्रसिद्ध छ ता पनि यहाँ त्यो विवक्षित छैन। यहाँ त पद्मोदय-

---

१. पृथ्वीरूपी स्त्रीको अन्तःपुर-रक्षक। २. उदयपर्वतरूपी उत्तम स्तनको अग्रभागमा। ३. किरण र हात। ४. फुलेका फूलरूपी नेत्र। ५. पूर्वदिशारूपी स्त्रीको मुख।

लाई नै दुवैको साधारण धर्म बताउनु अभीष्ट छ। त्यो कहीं प्रसिद्ध छैन। यसैले त्यो परम्परित नै हो। यो प्रकृत श्लोकमा त पीनत्व र उन्नतत्व आदि धर्महरूले पर्वतादिका साथ स्तनादिको सादृश्य अति प्रसिद्ध र यसैले यहाँ श्लिष्टपरंपरितरूपक होइन। कहीं समास नभएमा पनि रूपक हुन्छ। जस्तै—

'मुख तिम्रो कुरङ्गाक्षि! कमलै हो, न अन्य हो।'

कहीं उपमानोपमेयहरूमा भिन्न विभक्ति हुँदा पनि रूपक हुन्छ। जस्तै—

'ब्रह्माले भ्रमरश्रेणी भूलताले रचे यहाँ।'

कहीं विरुद्ध धर्महरू हुँदा पनि रूपक हुन्छ। जस्तै—

'सौजन्यै[1] मरु भूमिमा, नभ[2] चरित्रालेख्य[3] भत्तो, गुण-
ज्योत्स्ना[4] कृष्णचतुदर्शी छ, ऋजुतायोग[5] श्व-पुच्छाश्रय[6]।
जस्ले यो कलिमा दुराश्रय[7] पनो राजावली सेवियो,
तिन्को शंभु सुभक्तिको सुलभमा सेवा छ के लौ सिप?॥'

यहाँ केही रूपकहरू शब्दश्लेषमूलक भएमा पनि रूपकविशेष नै हुनाले तिनको अर्थालंकारमा नै परिगणन गरिएको छ। यस्तै पछीका अलंकारहरूमा पनि जान्नू।

'अधिकारूढवैशिष्ट्य[8]' जहाँ भो, रूपकै त्यही ॥

अधिकारूढवैशिष्ट्य नामको रूपक, जस्तै मेरो—

'छ, यो वक्त्रै साक्षात् विरहित-कलङ्काङ्क[9] शशि नै,
सुधाधाराधारी[10] अधर त छ बिम्बै[11] परिणत[12]।
यि नेत्रै हुन् रातौं-दिन अधिक शुभ्ने कुवलय[13],
तनू लावण्यैको जलधि छ नुहाई सुख दिने॥'

यहाँ कलङ्करहितत्वादिले विशिष्टता छ।

आरोप्य विषयात्माले प्रकृतार्थोपयोगि[14] भै ॥ ३४ ॥
'परिणाम' छ त्यो तुल्या-ऽतुल्याधिकरणी द्विधा ॥

आरोप्य वस्तुको आरोप, विषयको रूपमा परिणत हुनाले यसलाई 'परिणाम' भनेको हो।

---

१. हराभरा हुनु। २. आकाश। ३. सुचरित्र नै चित्र। ४. गुणरूपी किरण। ५. सरलता-सम्बन्ध। ६. कुकुरका पुच्छरको घुमाउ। ७. दुःखको आधार भएको। ८. अति विशेषण रहेको। ९. कलङ्कको चिह्न न रहेको। १०. अमृतधाराको आधार। ११. गोलकाँक्री नै। १२. पाकेको (लाल)। १३. कमल। १४. प्रकृतार्थोपयोगिवस्तुमा विषयको तादात्म्यले आरोप भएमा।

जस्तै—

'नजराना गरिन् तिन्ले स्मितैबाट म आउँदा ।
स्तनोपपीड-आश्लेष[1] पनी जूआमहाँ पण ।।'

अरू ठाउँमा भेट र पण (बाजी) वस्त्र-भूषणादिको रूपमा उपयुक्त हुन्छन्, परन्तु यहाँ नाटकको आदर स्मित र जूआमा आलिङ्गनको रूपले नै तिनको उपयोग गरिएको छ । प्रथमार्धमा स्मित र नजरानाको विभक्ति भिन्न भिन्न हुनाले अतुल्याधिकरणी र उत्तरार्धमा आश्लेष र पणको समान विभक्ति हुनाले समानाधिकरणी परिणामालंकारको उदाहरण जान्नू । रूपकमा 'मुखचन्द्र म देख्तछु—' इत्यादिमा आरोप गरिने मुखचन्द्रादि केवल उपरञ्जक (शोभाको उत्कर्ष पैदा गर्ने) मात्र हुन्, परन्तु प्रस्तुत कार्य (दर्शन) मा चन्द्रमाको कुनै उपयोग हुँदैन । प्रकृत उदाहरण 'नजराना गरिन्' इत्यादिमा नजरानाको स्मित आदि विषयका साथ तादात्म्य (एकरूपता) प्रतीत हुन्छ र नायकको सत्कार आदि प्रकृत कार्यमा उस्को उपयोग पनि हुन्छ । यसै कारणले रूपकमा आरोप्य (चन्द्रत्वादि) अवच्छेदक रूपले अन्वित हुन्छन्, परिणाममा तिनी तादात्म्य सम्वन्धले अन्वित हुन्छन् । 'हो स्वामिको उचित नै अपराधि दास' इत्यादिमा रूपक नै हो, परिणाम होइन । रोमाञ्चमा आरोप्यमाण काँढाको स्वरूप छ त्यस्को कार्य पाउ छेड्नु आदि प्रस्तुत छैन । यो कुनै प्रस्तुत कार्यको सिद्धिका निमित्त कहिएको पनि होइन ।

यो परिणामालंकार पनि रूपकालंकार जस्तै अधिकाररूढवैशिष्ट्य हुन्छ । जस्तै—

'जहाँ[2] निशामा त उजेलिकाठ ओडारको भित्र गरी उज्यालो ।
बन्छन् कुसुन्डा वनिता-लिनेका तेलैविनाका सुरत-प्रदीप ।।

यहाँ उजेलीकाठमा दीपकत्व आरोप्य छ, त्यो रमणमा उपयोगी अँध्यारो नाशरूप कार्यमा औषधीरूपले नै उपयुक्त हुन्छ । 'तेलैविनाका' शब्दले दीयोको अपेक्षा उजेलिकाठमा आधिक्य प्रतीत हुन्छ र अधिकारूढवैशिष्ट्य परिणामालंकार हो ।

सन्देहालंकारको निरूपण—

अन्य-शंका[3] प्रकृतमा 'सन्देह' प्रतिभोत्थित (हो) ॥ ३५ ॥
शुद्ध, निश्चयगर्भै र निश्चयान्त छ तीन यो ॥

---

१. स्तन थिचिएको अङ्कमाल । २. जुन हिमालयमा । ३. उपमेयमा कविका प्रतिभाले उठाइएको अरू उपमानको शंका ।

जहाँ संशयमा नै वर्णनको समाप्ति हुन्छ, त्यो शुद्धसन्देह हो। जस्तै—

'हुन् की यौवनवृक्षकी रस भरोद्भिन्ना[1] नयाँ मञ्जरी ?
यद्वा हुन् लहरी तटै पुरि दिने लावण्यका अब्धिनी[2] ? ।
उत्कण्ठोहरूमा किवा समयको[3] बोधै विषे प्रेमका
द्यौता श्रीस्मरकी सुशिक्षण दिने साक्षात् छडी हुन् यिनी ? ॥

जहाँ आदि र अन्त्यमा संशय छ र मध्यमा निश्चय छ, त्यस्लाई निश्चयगर्भ-सन्देहालंकार भन्दछन्, जस्तै—

'यिनी हून् की सूर्य ? उ त हिंडदछन् सात हयले
कि हुन् अग्नी ? सारा दिशि घुमछ नित्यै, न तिनि[4] हुन् ।
यमै हुन् वा साक्षात् महिष चढने ? यी भनि सदा
लडाईंमा देख्ता तिमिकन विचार्छन् प्रतिभट[5] ॥'

यहाँ मध्यमा सूर्यादिका अभावको निश्चय हुन्छ। प्रकृत राजाको निश्चय हुदो हो त अग्नि, यम आदिका विकल्पहरूको उत्थान नै हुने थिएन। जहाँ आदिमा संशय र अन्त्यमा निश्चय छ, त्यो निश्चयान्त सन्देह हो। जस्तै—

'यो हो की सर-बिचमा सरोज सामु ?
यद्वा शुभदछ मुख सुन्दरी प्रियाको ? ।
सन्देहै क्षण लिइ, कोहिले ठमायो
बिब्बोकै[6] भइ वकसङ्गिको[7] परोक्ष[8] ॥'

जुन संशय कविको प्रतिभाले उत्थापित छैन, त्यहाँ यो अलंकार हुँदैन, जस्तै—'मान्छे हो वा खम्बा हो' इत्यादि।

'कटि तिम्रो सरोजाक्षि ! पयोधरभरार्दित ।
छ छैन भन्ने सन्देह कस्को लाग्दैन चित्तमा ? ॥'

यस श्लोकमा अतिशयोक्ति अलंकार नै हो, सन्देहालंकार होइन। किनभने उपमेयमा उपमानको संशय हुनाले नै यो अलंकार हुन्छ।

भ्रान्तिमान् अलंकार निरूपण—

अतद्मा[9] साम्यले तद्[10] हो 'भ्रान्तिमान्' प्रतिभोत्थित ॥ ३६ ॥

---

१. रस भरिएर निस्केकी। २. समुद्रकी। ३. आफ्ना सिद्धान्तको। ४. वायुको अभिमुख भएको दिशामा मात्र फैलिने अग्नि। ५. शत्रुपक्षका लडाका। ६. सूचना गर्ने चेष्टा विशेष। ७. बकुल्ला सँग रहनेको। ८. अपरिचित। ९. त्यो-भिन्न वस्तुमा। १०. त्यही।

जस्तै—

'गोठाला दुध हो भनी घटहरू गाई-निरै गर्दछन,
कान्ता कैरव हो भनी कुवलयै गर्छन पनी कानमा ।
भिल्ली मोति भनी बँगेर टिपछे मुक्ताफलै चाहँदी,
कस्को भ्रान्ति नपार्छ चित्त बिचमा श्रीचन्द्रको चन्द्रिका ।।'

चमत्कारशून्य भ्रान्ति अलंकार कहलाउँदैन । जस्तै—'सिपीमा कसैलाई चाँदी-को भ्रम हुनु । इत्यादि । भ्रान्ति सादृश्यमूलक नभएमा पनि यो अलंकार हुँदैन ।

जस्तै—

'सङ्ग र विरह विचार्दा श्रेष्ठ छ विरहै न सङ्ग हो तिनको ।
सङ्ग हुँदा तिनि यौटी, त्रिभुवन पनि तन्मयै[१] नहुँदा ।।'

उल्लेखालंकार निरूपण—

ग्रहीताको[२] कहीं भेद, कहीं विषयको हुँदा ।।
यौटाको धेर उल्लेख हुनू 'उल्लेख' भन्दछन् ।। ३७ ।।

क्रमैले उदाहरण, जस्तै—

'प्रिय भनि गोपवधूले, बाल बुढाले, अधीश भनि देवले ।
नारायण भक्तले र ब्रह्म चिह्ने योगिले देव ।।'

यहाँ एक नै भगवानमा ती ती प्रियत्वादि गुण (धर्म) पनि थिए, परन्तु गोपीहरूले प्रियतम संझे अरू संझेनन्, त्यस्तै अरूअरूले अरू अरू नै संझे । यो सबको कारण तिनीहरूको आफ्नो आफ्नो रुचि आदि नै थियो । जो भन्दछन् पनि—

'यथारुचि[३], यथार्थित्व[४], यथाव्युत्पत्ति[५] भिन्न छ ।
अनुसन्धानले-साध्य[६] ज्ञानार्थ पनि एकमा ।।'

यहाँ 'प्रिय भनि गोपवधूले' यो श्लोक, भगवानमा प्रियत्वादि धर्म वास्तविक हुनाले र ग्रहीता (ज्ञाता गोपी इत्यादि) को पनि भेद हुनाले मालारूपक होइन । प्रियत्वादि वास्तविक हुनाले नै भ्रान्तिमान पनि होइन । यसलाई 'अभेदमा भेद' रूप अतिशयोक्ति पनि भन्न सकिदैन । जस्तै अतिशयोक्तिको उदाहरण –'अर्कै हो अङ्गलावण्य—'इत्यादिमा लावण्यादि प्रकृत विषय (उपमेय) को अन्यरूपले अध्यवसान गरेकोले अतिशयोक्ति छ । यहाँ त गोपी इत्यादिलाई भगवानमा जो प्रियत्वादि ज्ञान छ त्यो वास्तविक छ, अर्कोमा अर्कोरूपले अध्यवसित छैन ।

१. तिनैको स्वरूप । २. बुझनेको । ३. अभिलाषानुसार । ४. प्रयोजनको अपेक्षा गर्ने हुनु । ५. भावनानुसार । ६. नाना प्रकारका विशेषण ज्ञानबाट उत्पन्न हुने ।

कोही यस्तो भन्दछन्— यो अलंकार नियमले अलंकारान्तरविच्छत्तिमूलक छ (यो रहेका ठाउँमा अर्को अलंकारको चमत्कार मूलमा अवश्य नै रहन्छ) 'प्रिय भनि गोप—' यो उदाहरणमा शिशुत्वादि नियमको अभिप्रायले बोलिएकाले धर्महरूको भेद अध्यवसित हुँदा अतिशयोक्ति छ। यहाँ यो रहेर पनि ज्ञाताहरूको भेदले एकवस्तुमा अनेक प्रकारको ज्ञान हुनु यो एक चमत्कारविशेष यहाँ रहेकोले उल्लेख नामक अलंकारको प्रयोजक छ। वाणकृत हर्षचरितमा श्रीकण्ठनामक जनपदको वर्णनमा 'वज्रको पिंजरा भनी शरणागतहरूले, आकाशको अवकाश भनी वातिकहरूले—' इत्यादि उल्लेखअलंकारको विषय अतिशयोक्ति देखी भिन्नै विषय छ। यहाँ रूपक अलंकारको योग छ। वास्तवमा त 'आकाशको विवर' इत्यादिमा भ्रान्तिमान अलंकार नै हो, रूपक होइन। किनभने रूपकादि अलंकार गौणीलक्षणाको आधार रहदामा नै हुन्छन्। यही कुरा शारीरिक भाष्यको व्याख्या गर्दै 'भामती' मा श्रीवाचस्पति मिश्रले भनेका छन्—

'देखिने गुणको सम्बन्धले अन्यशब्द (सिंहादि) अन्य विषय (माणवकादि) मा प्रयुक्त हुन्छ, जहाँ प्रयोक्ता (कहनेवाला) र प्रतिपत्ता (सुन्नेवाला) को संप्रतिपत्ति (ज्ञान) समान हुन्छ, त्यो गौणशब्द कहलाउँछ। त्यो भेदज्ञानपूर्वक नै हुन्छ–'। यो-'आकाशविवर' मा त वातिकहरूले जो नगरमा आकाशविवरत्वको आरोप गरिएको छ, त्यो भ्रान्तिजन्य नै हो। यही नगरको वर्णनमा 'मुनिहरूले तपोवन भनेर, वेश्याहरूले कामदेवको मन्दिर भनेर' इत्यादिमा परिणामालंकारको योग छ।

'गाम्भीर्यले समुद्रै छौ गौरवैले त पर्वत।'

इत्यादिमा अनेक प्रकारले उल्लेख गर्दामा गाम्भीर्य आदि विषयहरूको भेद प्रयोजक छ। यहाँ उल्लेखालंकारको साथै रूपकालंकारको सम्बन्ध छ। 'वचनमा गुरु,[1] छातीमा पृथु[2] (ठुलो), यशमा अर्जुन[3]' इत्यादिमा रूपक विना पनि उल्लेख देखा पर्दछ, यो यस्को रूपकदेखी भिन्न विषय छ। यहाँ श्लेषमूलक अतिशयोक्ति अलंकार छ।

अपह्नुतिको निरूपण—

रोकी प्रकृत[4], अर्कैको[5] स्थापना[6] हो 'अपह्नुति'॥

यो दुई प्रकारको छ। एउटा कहीं त्यो अपह्नव (प्रकृतको निषेध गरेर पछी आरोप) गर्ने, दोस्रो कहीं आरोप गरेर पछी निषेध गर्ने हुन्छ। क्रमैले उदाहरण जस्तै—

'न हो नभोमण्डल यो, समुद्र, तारा न हुन् ती, फिँज हुन् तिनी त।
न हो शशी यो, घुमदोछ शेष, कलंक यो हैन, मुरारि सुत्छन्॥'

---

१. विशाल र जीव। २. ठुलो र पृथुराजा। ३. सेतो र धनञ्जय। ४. उपमेयलाई। ५. उपमानको। ६. आरोप गर्नु।

'यो शोभिदैछ चरमाचल-चूड-चुम्बी[1]
हिण्डीरपिण्ड–रुचि–शीतमरीचि-बिम्ब[2]।
रात्री-भरी मदन-वह्नि बलाइँदाको
धूवाँ लिई निहुँ गरेर कलंक-चिह्न ॥'

यो मेरो हो।

यस्तै-- 'शोभिन्छ आकाश-शरीर वार्धि[3] ताराहरू छन् त्यहिं फेन-भङ्ग।' इत्यादि पद्यमा 'शरीर' शब्दले प्रकृतको निषेध जान्नू।

अपह्नुतिको भेद—

'गोपनीय कुनै अर्थ बुझाएर कसै गरी ॥३८॥
श्लेष वा अरुले आफैं पानूँ पनि 'अपह्नुति, ॥

श्लेषले जस्तै—

'वर्षाकाल हुँदामा अपतिता[4] भई ठहर्न सकिदैन।
उत्कण्ठित छचौ तरले !, नहिं नहिं सखी ! मार्ग छ चिप्लो ॥' ❀

'अपतिता भई' यहाँ 'पति नभई' यस्तो भनेर पछी 'नलोटने भई' भन्ने अर्थ बदलिएको छ।

अश्लेषले जस्तै—

'यहिं त पूर्वि-हवा जुटि काँपदी
कुन लता रुख-साथ मिलोइन ?।
कि समझ्यौ सखि ! कान्त-रतोत्सव[5]?
अहँ, घनागम-रीति कहें उ त ॥'

वक्रोक्तिमा अर्काका उक्तिको अर्कै अर्थ गरिन्छ, यसमा आफनै उक्तिको, यही यही यी दुईको भेद हो। छिपाउनेवालाले गोपनीय कुरालाई पनि पहिले यहाँ कहि दिनाले यो अंलकार व्याजोक्तिदेखी पनि भिन्न छ।

निश्चयालंकारको निरूपण —

अर्को हटाई, प्रकृत-स्थापना त छ 'निश्चय' ॥ ३९ ॥

यो 'निश्चय' नामक अलंकार हो। अर्को भनेको आरोप्यमाण (उपमेय) हो।

---

१. अस्ताचलको चुचुरामा पुगेको। २. समुद्रका फींजको कान्ति जस्तो कान्ति भएको चन्द्रमाको बिम्ब। ३. समुद्र। ४. पति नहुनु र नलोट्नु। ❀ यो श्लोकको प्रथमार्ध— विरहिणीको, तृतीयपाद—सखीको, चतुर्थपाद—विरहिणीको हो। ५. पति सँगको भोग-विलास।

जस्तै मेरो—

'वदन छ यो न सरोज, नयन यि हुन् न इन्दीवर हुन् ।
यहाँ तरुणीको नजिक भ्रमरा ! व्यर्थै किन घुमछस् तँ ॥

अथवा जस्तै—

'छ विसलतिका-हारै[1] हृद्मा न यो छ भुजङ्गम,
कुवलय-दलै घाँटीमा छन् न यो छ विषद्युति[2] ।
मलयज[3] धुलो हो भस्म न, प्रिया-विरही ममा
शर न गर शंभू ठानी काम ! के रिसले कुंदिस् ॥'*

यो निश्चयान्त 'सन्देहालंकार' पनि होइन । उसमा संशय र निश्चय एउटैमा रहन्छन् । यहाँ संशय त भमरालाई छ, उसैले मुखलाई कमल संझेको छ । निश्चय नायकलाई छ र उ 'न सरोज' भन्दैछ । के त भने भमरालाई पनि संशय छैन, सन्देह भए उसमा प्रवृत्त हुने थिएन । जहाँतक विरुद्ध ज्ञानका दुवै कोटी बराबर रहन्छन् र एक कोटी अधिक हुँदैन त्यहाँसम्म प्रवृत्ति हुँदैन । यसैले भमरालाई संशय छैन । त्यसोभए भ्रान्तिमान अंलकार किन नहुने त ? यहाँ भमरालाई भ्रान्ति रहोस् सहि, परन्तु त्यो चमत्कारक छैन । त्यस प्रकारको नायकोक्ति नै चमत्कारक छ । यो बाहेक चाहे भमरालाई भ्रान्ति नहोस् र त्यो मुखको नजिक नआओस् तापनि नायिकालाई प्रसन्न गर्नाका निमित्त त्यस प्रकारको कथन संभव छ । यो रूपकध्वनि होइन, किनभने मुखको कमलत्वरूपले निर्धारण गरिएको छैन । यो अपह्नुति पनि होइन, अपह्नुतिमा प्रकृतको निषेध गरिन्छ । यसैले यो 'निश्चयालंकार' प्राचीन आचार्यहरूले बताएका अलंकारहरूदेखी भिन्न नै हो । कुनै मानिस सिपीलाई चादी संझेर उठाउन लाग्दा अर्कोले 'यो सिपी हो चाँदी होइन' भनेमा यहाँ अलंकार मानिदैन, किनभने त्यहाँ चमत्कार छैन ।

उत्प्रेक्षा अलंकारको निरूपण—

संभावना हो 'उत्प्रेक्षा[4]' प्रस्तुतैको परात्मले[5] ॥
वाच्या, प्रतीयमान छ, पहिले त्यो दुई थरी ॥ ४० ॥
वाच्या इवादि-योगैमा, दोस्रो हुन्छ आयोगमा ॥
जाति, गुण, क्रिया, द्रव्य उत्प्रेक्ष्य दुइकै पनि ॥ ४१ ॥

---

१. कमलिनीको माला । २. हलाहल विषको कान्ति । ३. चन्दन । * यो विरही पुरुषको उक्ति हो । ४. उच्चकोटिको दृष्टि वा प्रतिभा जस्मा रहन्छ त्यो । ५. उपमानरूपले ।

छ आठ-थरिं प्रत्येक भावा-ऽभावाभिमानले[1] ॥
गुण-क्रियारूप हुँदा निमित्तैको[2], अनी तिनी ॥ ४२ ॥
बत्तीस-थरिका हुन्छन्

तीमध्ये वाच्योत्प्रेक्षाको केहि उदाहरण, जस्तै—

'ऊरू मृगनयनाको चञ्चलचेलाञ्चल[3] शोभिन्छ ।
सपताका सुनको नै स्मरको विजयस्तम्भ[4] सरी ॥'

यहाँ विजयस्तम्भशब्द बहुवाचक हुनाले जात्युत्प्रेक्षा हो ।

'जान्दा चुप्प, क्षमा सक्ता, नसराउनु भैदिंदा ।
यिन्मा[5] विरोधी गुण ता मिले सोदर झैं हुँदा ।'

यहाँ सोदरत्व गुण हो ।

'गङ्गाका जलमा राजन् ! तिम्रो निःशान-निस्वन[6] ।
न्वाए सरी छ शत्रुस्त्री-शर्भपातन-पातकी ॥'

यहाँ न्वाउनु क्रिया हो ।

'सुन्दरीको शुभछ मुख अर्कै पूर्ण शशी सरी ।'

यहाँ चन्द्र एउटै छ र चन्द्रत्व जाति नहुनाले यहाँ द्रव्योत्प्रेक्षा हो, जात्युत्प्रेक्षा होइन। यी पूर्वोक्त चार श्लोक भावाभिमानका उदाहरण हुन्। यिनमा भावरूप पदार्थ उत्प्रेक्ष्य छ ।

अभावाभिमानमा जस्तै—

'यिन्का कपोल-फलक[7] राम्रा हुन् तर खेद छ ।
परस्पर नदेखे झैं यस्तो दुब्लो दुवै भए ॥'

यहाँ 'नदेखे झैं' यो शब्दबाट दर्शनक्रियाको अभाव उत्प्रेक्ष्य छ । यस्तै अन्यत्र पनि जान्नू ।

'गंगाका जलमा' इत्यादि श्लोकमा 'न्वाए सरी छ' यस क्रिया उत्प्रेक्षाको निमित्त पातकित्व छ, यो गुणस्वरूप छ । 'नदेखे झैं' यसमा उत्प्रेक्षाको निमित्त दुब्लो हुनुरूप क्रिया छ । यस्तै अन्यत्र पनि जान्नू । प्रतीयमान उत्प्रेक्षा जस्तै—

---

१. भावाभिमान (जात्यादिरूपभाव संभावना) र भावाभिमान (अजात्यादि अभाव-संभावना) ले । २. संभावनाजनक ज्ञान विषय साधारण धर्मको । ३. चञ्चल सारी भएको । ४. जीतबाजीको खम्बा । ५. दिलीप राजामा । ६. विजययात्राका बाजाको आवाज । ७. गालाका पाटा ।

'कान्ताको स्तन जोडीले मुखै न प्रकटै गऱ्यो ।
त्यो गुणी[1] हारको स्थान दिईन भनि लाजले ।।'

यहाँ 'लाजले झैं' भन्ने लज्जारूप हेतु उत्प्रेक्ष्य छ। यहाँ 'झैं-सरी—' इत्यादि पदहरू नरहेकोले यो प्रतीयमान उत्प्रेक्षा हो। यस्तै अरू उदाहरण पनि जान्नू।

प्रश्न—ध्वनिको प्रकरणमा सब अलंकारहरूलाई व्यंग्य भनिएको छ, फेरी अहिले उत्प्रेक्षालाई विशेषरूपले प्रतीयमान (व्यंग्य) किन भन्नु परेको हो ?

उत्तर—पहिले व्यंग्योत्प्रेक्षाको उदाहरण दिइएको 'महिला सहस्र' मा उत्प्रेक्षा नगरे ता पनि वाक्यार्थको विश्रान्ति हुन जान्छ, परन्तु यहाँ त स्तनहरूमा लज्जा हुनु असंभव छ, यसैले जहाँसम्म 'लाजले झैं' यस रूपमा उत्प्रेक्षा गरिंदैन, त्यहाँ सम्म वाक्यार्थ नै पूरा हुने थिएन। यही व्यंग्योत्प्रेक्षा र प्रतीयमानोत्प्रेक्षाको भेद छ। यहाँ उक्त वाच्योत्प्रेक्षाका सोह्र भेदहरूमा केही अरू विशेष बताइन्छ—

तिन्मा वाच्या-विभेदका ॥

विना द्रव्य, त्रिधा छन् ती स्वरूप-फल-हेतुग ॥ ४३ ॥

पूर्वोक्त वाच्य र प्रतीयमान उत्प्रेक्षाहरूका भेदका मध्यमा वाच्योत्प्रेक्षाका जो सोह्र भेद छन् तिनमा द्रव्यलाई छोडेर जाति, गुण क्रियोत्प्रेक्षाहरूका बाह्र भेदहरूमा प्रत्येकका तीन भेद हुन्छन्। स्वरूपोत्प्रेक्षा-फलोत्प्रेक्षा-हेतूत्प्रेक्षा पनि। यसरी ती बाह्र भेदका छत्तीस भेद हुन्छन्। द्रव्यमा केवल स्वरूपको नै उत्प्रेक्षा हुन सक्तछ, त्यसका पूर्वोक्त चारै भेद छन्, यी सब मिलेर चालीस भेद हुन्छन्। यहाँ स्वरूपोत्प्रेक्षा जस्तै पूर्वोदाहरणमा 'स्मरको विजयस्तम्भ-सरी'। 'सोदर झैं' इत्यादि गुणस्वरूपोत्प्रेक्षाका हुन्। फलोत्प्रेक्षा जस्तै—

'छेडी रावणको छाती रामले हानिने शर।
पाताल-वासिमा प्यारो भन्नगो की तलैतिर ।।'

यहाँ बाणको पाताल-प्रवेशको क्रियारूप फल 'भन्नगो की' उत्प्रेक्षित छ। हेतूत्प्रेक्षा जस्तै—

'यै त्यो स्थली हो तिमिलाइ जस्मा
खोज्दा मिल्यो नूपुर एक उस्मा।
पाऊ छुटेको अति दुःख बाट
मौनी बनेको लिइ छाँटकाँट ।।'

यहाँ दुःखरूप गुण, हेतुरूपले उत्प्रेक्षित छ। यस्तै अन्यत्र पनि जान्नू।

उक्त्यनुक्ति-निमित्तैले द्विधा छन् ती स्वरूपग ॥

---

१. धागो भएको वा विद्या आदि गुण भएको।

पहिलेका चालिस भेदका मध्यमा स्वरूपोत्प्रेक्षाका जो सोह्र भेद छन् तिनमा उत्प्रेक्षाका निमित्त (गुण-क्रियारूप) शब्दबाटै उक्त र आक्षेपबाट लभ्य हुँदा सोह्रका बत्तीस भेद समेत सबै मिलेर छप्पन्न भेद व्याच्योत्प्रेक्षाका हुन्छन्। तिनमा निमित्तका उपादानको उदाहरण जस्तै 'न्वाये सरी छ' यसमा न्वाउनाको निमित्त पातकित्व, शब्दले नै कहिएको छ। निमित्तका अनुपादानको उदाहरण 'अर्कै पूर्ण शशी सरी, यसमा अलौकिक सौन्दर्यको अतिशय, जो मुखमा चन्द्रत्व सम्भावनाको निमित्त थियो, त्यो शब्दले कहिएको छैन। हेतूत्प्रेक्षा र फलोत्प्रेक्षामा त निमित्तको कथन गर्नैपर्दछ। त्यही स्पष्ट गरिन्छ—'पाऊ छुटेको छाँटकाँट' यहाँ उत्प्रेक्षाको निमित्त 'मौनी बन्नु' र 'भन्नगो कि' यहाँ पातालप्रवेश निमित्त छ। यी दुई पदहरूलाई निकालि दियौं भने वाक्य नै असङ्गत हुन जानेछ। प्रतियमानोत्प्रेक्षाका सोह्र भेदहरूमा विशेष भनिन्छ—

प्रतीयमानका भेद सबै छन् फल-हेतु-ग ॥४४॥

जस्तै पूर्वोक्त 'कान्ताको स्तन' यस श्लोकमा लज्जारूप हेतु उत्प्रेक्षित छ। यहाँ पनि निमित्तको अनुपादान हुन सक्तैन, किनभने तुल्यतावाचक शब्द नरहेमा (प्रतीयमान हुन जानाले) अरू न उत्प्रेक्षाको निमित्त नै रहला त्यस बखत श्रोतालाई उत्प्रेक्षाको निश्चय गर्नु नै नसकिने हुन जानेछ। यसमा स्वरूपोत्प्रेक्षा पनि संभव छैन किनभने अर्को धर्मी सँग तादात्म्य संभव भएमा नै स्वरूपोत्प्रेक्षा हुन्छ। त्यो यसमा तुल्यता वाचक शब्दको प्रयोग नरहेर संभाव्यमान वस्तुको वाचकपद, प्रकृत पदार्थको विशेषण राखियो भने उत्प्रेक्षाको प्रतीति हुन सक्तैन, किन्तु अतिशयोक्तिको प्रतीति हुनेछ। जस्तै—'यी राजा दोस्रो इन्द्र छन्' यहाँ तुल्यता बोधक पद छैन राजाको इन्द्र विशेषण दिइएको छ। यसरी प्रतीयमान उत्प्रेक्षाका बत्तीस भेद हुन्छन्।

उक्त्यनुक्ति प्रस्तुतका सबै छन् ती पनि द्विधा ॥

ती उत्प्रेक्षाहरू सबै ८८ को भेदले १७६ हुन्छन्। प्रस्तुतको उक्तिमा जस्तै—'ऊरू मृगनयनाको—' इत्यादि। अनुक्तिमा जस्तै मेरो प्रभावतीमा—प्रद्युम्न—यहाँ अहिले दिगन्तलाई ढाकने यस अन्धकारले—

'लिपे-सरी गाजलले, कस्तूरीले भरिए-जस्तो।
छोपे-सरी तमालले बेह्रे-झैं छ नीलांशुकले[1] भुवन ॥'

यहाँ 'गाजलले लिपनु' आदि उत्प्रेक्ष छन्, तर अन्धकारको व्याप्तत्वरूप विषय यसमा शब्दबाट कहिएको छैन।

अथवा जस्तै—

'पोत्छ की तमले अङ्ग, झार्छ की नभ गाजल ?।
असत्पुरुष-सेवा झैं दृष्टि मेरो छ निष्फल ॥'

---

१. नीलो पछ्यौराले।

यहाँ पनि अन्धकारको व्यापनरूप विषयमा लेपन र वर्षणको उत्प्रेक्षा छ, तर त्यो विषय शब्दोपात्त छैन। यहाँ पहिलो उत्प्रेक्षा (लेपन) को निमित्त अन्धकारको अत्यन्त घनत्व छ, दोस्रो (वर्णन) को अन्धकारको धारारूपले तलतिर झर्नु निमित्त छ। यी दुवै शब्दोपात्त छैनन्। कोही भन्छन्—अन्धकार र आकाश लेपन र वर्षण-रूप क्रियाका कर्ता हुन सक्तैनन्, त्यस्ता अकर्ताहरूलाई कर्ता कहेर तिनमा उक्त क्रियाहरूको कर्तृत्व उत्प्रेक्षित छ। अन्धकारको व्यापन त्यसको निमित्त छ। यस्तै तम र नभ शब्दोपात्त हुनाले यो उक्तविषया, अनुक्त निमित्ता उत्प्रेक्षा हो—' इत्यादि।

विचित्रता बढी हुन्छ अलंकारान्तरोत्थ त्यो ॥ ४५ ॥

ती मध्ये सापह्नव-उत्प्रेक्षा जस्तै मेरो—

'हुताग्निधूम-मलिनाच्ची कान्ताका अश्रुका छलले।
शरीरमा नअटाई लावण्य जलको प्रवाह खस्तछ की ? ॥'

श्लेषहेतु उत्प्रेक्षा जस्तै—

'निस्के पनी संकटशुक्ति-मध्य-बाटै[1] सुमुक्तोत्कर[2] सुन्दरीको।
ठान्छू म यिन्को कमनीय-कम्बुग्रीवामहाँ[3] वास हुँदा गुणी[4] भो ॥'

यहाँ 'गुणी हुनु' को श्लेष 'कम्बुग्रीवामहाँ वास हुनु' यस उत्प्रेक्षाको हेतु छ। 'ठान्छू' यो पद उत्प्रेक्षावाचक छ। यस्तै—

मान्छु, ठान्छु, साँच्चि ज्यादा पक्का की आदी।
मन्ये, शंके, ध्रुवं प्रायः नूनं इत्यादि धेर छन् ॥

कहीं उपमोपक्रम-उत्प्रेक्षा हुन्छ, जस्तै—

'समुद्रको पानि-परै त देखे श्रीकृष्णले नील-पलाश-राशि।
वनावली, धेर तरङ्गबाट सदा तटोत्क्षिप्त[5] सिंवालि-तुल्य ॥

यहाँ 'तुल्य' शब्द उपमावाचक हुनाले सुरुमा उपमा प्रतीत हुन्छ, परन्तु समुद्रका किनारमा सिंवाली हुनु संभव नहुँदा अन्त्यमा सिंवालीको संभावना हुन्छ र उत्प्रेक्षामा पर्यवसान हुनजान्छ। यस्तै विरह वर्णनको पद्य 'केयूरै सरि कंकणे वनदथे' यहाँ र 'हीरणनयनाको कुटिल कटाक्ष कानमा फुलेको नीलकमल बन्दथ्यो' यहाँ पनि जान्नू। 'भ्रान्तिमान' अलङ्कारमा 'गोठाला दुध हो' इत्यादि श्लोकमा भ्रान्त गोठालाहरूलाई विषयभूत चन्द्रिकाको ज्ञान नै छैन, उनले त दुध नै संझेका छन्। चन्द्रिकाको कथन कविले नै गरिएको छ। परन्तु उत्प्रेक्षामा जो सम्भावना गर्दछ

१. कडा सिपीको माझबाटै। २. राम्रो मोतीको माला। ३. राम्रो शंख जस्तो घाँटीमा। ४. धागो रहेको र असल गुण रहेको। ५. तीरमा रहेको।

उसलाई विषयको असली स्वरूप पनि ज्ञात रहन्छ, यही यी दुईको परस्पर भेद छ। 'सन्देहालंकार'मा ज्ञानका दुवै कोटी बराबरी प्रतीत हुन्छन्, यसमा संभाव्य कोटी उत्कृष्ट रहन्छ। 'अतिशयोक्ति'मा उपमेय पहिले ज्ञात हुन्छ, अन्त्यमा फेरी त्यस्को असत्यता प्रतीत हुन्छ, तर यसमा ज्ञानकालमा नै असत्यता ज्ञात रहन्छ र यस्तो भेद छ।

'पोतिए[1] कि तरु-शैल बिछट्टै, घोप्टियो कि नभ नै कि रह्यो वा।
भूमि नै तलतलै लगिइन् कि, छोपिए कि त दिशा तमले नै ॥'

'यहाँ वृक्षादिहरूको गाढान्धकारमा रङ्गिनु आदिको सन्देह गरिएको हुनाले यो सन्देहालंकार हो'—यस्तो कोही भन्दछन्, त्यो ठिक होइन—कारण कुनै एक वस्तुमा अनेक प्रकारका सम कोटी ज्ञान भएमा सन्देह मानिन्छ। यहाँ ता तरु आदि प्रत्येक सम्वन्धि सँग तमोव्याप्तिको निगरण गरेर रञ्जन आदिको उसमा संभावना गरिएको छ। अरू कुनै त—हुन त यहाँ ज्ञानको एक कोटी अधिक छ, दुवै समान बल छैनन्, तथापि रञ्जन, नामन, स्थगन आदि अनेक वस्तुहरूको ज्ञान भएकोले यो पनि एक सन्देहको भेद हो—' भन्दथे, यो मत पनि ठिक छैन। कुनै पदार्थको स्वरूप निगीर्ण गरेर त्यसको अरू पदार्थ सँग तादात्म्यको प्रतीतिलाई नै संभावना भन्दछन्, त्यो कुरा यहाँ स्पष्ट नै छ। 'झैं' शब्दले उत्प्रेक्षा द्योतित भए जस्ते यहाँ 'कि' शब्दले द्योतित भएको छ। यसैले यो उत्प्रेक्षा नै हो। यस्को लागी एक अपूर्व सन्देहको स्वरूप कल्पना गर्नाको कुनै आवश्यकता छैन।

'यही[2] जो चन्द्रैमा जलद-लव-लीला[3] गरदछ,
सबै भन्छन् त्यो नै शशक भनि त्यस्तो म बनिन।
म ता ठान्छू चन्द्रै त्वदरि-विरही[4] ती युवतिका
कटाक्षोल्कापात-व्रण-किण-कलङ्काङ्क[5] तनु हो ॥'

यहाँ 'ठान्छू' शब्दको प्रयोग भएमा पनि उक्त सम्भावना (निगीर्णस्वरूपको अन्य तादात्म्य प्रतीति) न हुनाले यो वितर्क मात्र छ, उत्प्रेक्षालंकार होइन।

अतिशयोक्ति अलंकारको निरूपण—

'अतिशयोक्ति' हो सिद्धत्व[6] भै अध्यवसायको ॥४६॥

उपमेयलाई निगरण गरेर उपमानका साथ त्यसको अभेदज्ञानलाई अध्यवसाय भन्दछन्। उत्प्रेक्षामा उपमेयको अनिश्चित रूपले कथन हुन्छ र त्यसैले त्यहाँ अध्यवसाय साध्य रहन्छ। यहाँ त्यस्को निश्चित रूपले प्रतीति हुनाले अध्यवसाय सिद्ध

---

१. नीलो रङ्गले लिपिए (रँगाइए)। २. वस्तु। ३. मेघखण्डको सादृश्य। ४. तपाईं-का शत्रुका विरहिणी। ५. कटाक्षरूपी उल्कापातका घाउको खतरूपी दाग चिह्न भएको। ६. निश्चयरूपत्व।

हुन्छ। उत्प्रेक्षामा र 'मुख दोस्रो छ चन्द्रमा' इत्यादि अतिशयोक्तिमा विषयको खास स्वरूपलाई दबाई दिनाले मात्र निगरण मानिन्छ। अतिशयोक्तिमा विषय नकहेमा पनि निगरण हुन्छ। जो भनिएको पनि छ—

'कहे विषयको त्यस्तै नकहेमा पनी सुधी।
अधःकरणमात्रैले[1] निगीर्णत्व बताउँछन्॥'

भेदे अभेद, सम्बन्धे असम्बन्ध, र व्यत्यय,॥
पौर्वापर्यात्ययै[2] कार्य-हेतुको, त्यो छ पञ्चधा॥४७॥

व्यत्यय = अभेदमा भेद, असम्बन्धमा सम्बन्ध हो। त्यो = अतिशयोक्ति हो।

तीमध्ये भेदमा अभेद, जस्तै मेरो—

'अह! उपर छ बर्हिको[3] कलाप[4],
तल उसको शुभदोछ अर्धचन्द्र,।
तल कुवलय छन् दुई विलोल
तिलफुल भै त्यसको तलै मुगा छ॥'

यहाँ सुन्दरीका केशपाशादिमा[5] मयूर पिच्छादिको रूपमा अभेदले अध्यवसान गरिएको छ। अथवा—'पाऊ छुटेको अति दुःखबाट मौनी बनेको लिइ छाँटकाँट—' यहाँ अचेतनमा रहने मौनित्वको चेतनगत मौनित्वका साथ अध्यवसान गरिएकोले दुःखलाई हेतुरूपले संभावना गरियो। यसैले दुई भिन्न मौनहरूमा अभेदाध्यवसान गर्नाले यहाँ पनि अतिशयोक्ति हुँदा तन्मूलक नै उत्प्रेक्षा हुन्छ। यस्तै—

'यिन्को यौवनमा ओठ-साथै रागी थिए पति।'

यहाँ ओठको राग रंग हो, पतिको राग प्रेम हो। यहाँ दुवै अर्थहरूको भेदमा पनि अभेदाध्यवसान गरिएको छ।

अभेदमा भेद, जस्तै—

'अङ्ग-लावण्य[6] अर्कै छ, सौन्दर्यैश्वर्य[7] छन् अरु।
हो ती पद्मदलाक्षीको सरसत्व[8] अलौकिक॥'

सम्बन्धमा असम्बन्ध, जस्तै—

'यिन्को सृष्टि हुँदा प्रजापति[9] थिए चन्द्रै कि दिने,
श्रृङ्गारैकरसी[10] खुदै स्मर कि वा मैह्ना कि वा चैत्र नै?।

---

१. केही घटी गराउनाले मात्र। २. अघी उत्पन्न हुनेको पछी र पछी उत्पन्न हुनेको अघी (उल्टो-पाल्टो)। ३. मुजुरको। ४. पिच्छ। ५. चुल्ठी-निधार·आँखा-नाक-ओठमा। ६. शरीरको सौन्दर्य। ७. सौन्दर्य-सम्पत्ति। ८. रस जान्नेपना। ९. ब्रह्मा। १०. श्रृङ्गार मात्र एक रस भएको।

सारा इन्द्रिय वृत्ति रङ्ग हटने, वेदै पढी मूढ ती
यस्तो सुन्दर रूप रच्न कसरी सक्लान् पुराना मुनि[1] ।।'

यहाँ रचनासंग पुराना ब्रह्माजीको सम्बन्ध भएकोमा पनि असम्बन्ध बताएको छ।

असम्बन्धमा सम्बन्ध जस्तै—

'चन्द्रमण्डलमा जुट्तो यदि होस् कमल-द्वय ।
तिन्को रम्याद्धि वदन तब नै उपमीय छ ।।'

यहाँ 'यदि' पदका अर्थबलले चन्द्रमामा कमलहरूको कल्पित सम्बन्धको संभावना गरिएको छ र असम्बन्धमा सम्बन्ध बताइयो। कार्यकारणका पौर्वापर्य नियमको उल्टोपाल्टो दुई किसिमले हुनसक्तछ—एक कारण भन्दा पहिले कार्यलाई कह्नाले, दोस्रो—दुवैलाई साथसाथै कह्नाले। क्रमैले उदाहरण जस्तै—

'पैह्ले नै हरिणाक्षीको उत्कण्ठाकुल[2] चित्त भो ।
पछी खिल्ने वकुल र आँपका कलि शोभिए ।।'
'राज्य-सिंहासन अनि राज-मण्डल[3] जो थियो ।
गम्भीर रघुले दोटै एकै-साथ सँभालियो ।।'

यहाँ कोही भन्दछन्—'अह ! उपर छ' यो श्लोकमा केशपाशादिको लौकिक अतिशय (सौन्दर्यरूपधर्म) अलौकिक सौन्दर्यरूप धर्मका साथ अभिन्नरूपले अध्यवसित भएको छ। केशपाशादिरूप धर्मीको मयूर आदि धर्मीका साथ अध्यवसाय भन्ने हो भने त—'अङ्गलावण्य अर्कै हो—' इत्यादि उक्त उदाहरणहरूमा अतिशयोक्तिको लक्षण नघट्नाले अव्याप्ति होला—' यो भन्नु ठिक छैन। 'अङ्गलावण्य'—इत्यादि उदाहरणमा पनि त अन्य लावण्य अन्यको रूपमा अध्यवसित हुन्छ। त्यै भनिन्छ—त्यहाँ एवार्थ नपढेर इवार्थ पढेमा अध्यवसाय साध्य हुन जानाले उत्प्रेक्षा मानिने हुन्छ। पैह्ले नै 'हरिणाक्षीको' यहाँ वकुलादिको शोभा पहिले हुनु पनि पछी हुनुको रूपमा अध्यवसित भएको छ। यसै कारणले यहाँ पनि 'नै' का ठाउँमा 'झैं' शब्दको प्रयोग गर्नाले उत्प्रेक्षा हुन्छ। यस्तै अन्यत्र पनि जान्नू।

तुल्ययोगिता अलङ्कारको निरूपण—

पदार्थ ती प्रस्तुतको, अरूको हुन्छ वा जब ।।
एकधर्माभिसम्बन्ध तव हो 'तुल्ययोगिता' ।। ४८ ।।

---

१. तपस्वी। २. उत्सुकताले व्याकुल। ३. छिमेकी राजाका राज्यहरू।

अरूको=अप्रस्तुतको। धर्म=गुणक्रियारूप। उदाहरण जस्तै—

'अनुलेपनै[1] र कुसुमै[2] युवती
पतिमा लिएर रिस, दीप गरी।
त्यहि कालको वश अती-सुतने
स्मरलाइ जागृत हुने गरथे॥'

यहाँ सन्ध्याको वर्णन प्रस्तुत छ, यसैले अनुलेपनादि पनि सबै प्रस्तुत नै छन्। यी सबैसँग बोधन क्रियारूप एक धर्मको यहाँ सम्बन्ध छ।

'तदङ्ग-मृदुता[3] देख्ने कस्को भास्तैन चित्तमा।
मालती, चन्द्रको लेखा, कदलीको कठोरता॥'

यहाँ मालती आदि अप्रस्तुत पदार्थहरूमा कठोरतारूप एक गुणको सम्बन्ध बताएको छ।

यस्तै—

'सादरैको दान, बोली, कीर्ति, धर्म र आयुका।
परोपकार, ल्यौ सार असारै[4] कायबाट लौ॥'

यहाँ कर्मभूत दानादिहरूमा सारत्वरूप एक गुण र लिनुरूप एक क्रियाको सम्बन्ध छ।

दीपक अलंकारको निरूपण—

क्रिया अनेकमा होओस् एकै कारक, योग ता॥
अप्रस्तुत प्रस्तुतमा धर्मको, हुन्छ 'दीपक' ॥४६॥

क्रमैले उदाहरण—

'घमण्डले त्यो[5] बलको अझै, अघी-
सरी जगत् पिर्दछ लौ जयेच्छु भै।
सती प्रिया झैं प्रकृती पनि स्थिरा
भवान्तरैमा[6] पनि पाउँछे पति॥'

यहाँ प्रस्तुत निश्चल प्रकृति र अप्रस्तुत पतिव्रता स्त्रीको एक अनुगमनरूप क्रियाका साथ सम्बन्ध वर्णित छ।

---

१. श्रीखण्ड चन्दन। २. सेता फूलहरू। ३. तिन्का अङ्गको कोमलता। ४. सार केही पनि नभएको। ५. शिशुपाल। ६. जन्मान्तरैमा।

'टाढा गए पछि तिमी निज-जीव-नाथ[१]
कन्दर्पको शर बिझेर तपस्विनी[२] त्यो ।
गर्छे पनी उठनु, सुत्नु र खोपि तिम्रो
जानू, सुसाउनु र हाँसनु, फिर्नु झट्टै ॥'

यो रचना मेरो हो। यहाँ एक नायिकाको कर्तारूपले उठनु आदि अनेक क्रिया-हरूका साथ सम्बन्ध छ । यहाँ गुण र क्रियारूप धर्महरूका आदि, मध्य, अन्त्यमा हुनाले तीन भेद हुन सक्छन्, तथापि तिनलाई यहाँ देखाइएको छैन । यस प्रकारका विचित्रताहरू जहाँसुकै हजारौं किसिमका हुन सक्छन् ।

प्रतिवस्तूपमा अलंकारको निरूपण—

'प्रतिवस्तूपमा' हुन्छ वाक्यार्थैं गम्यसाम्यको[३] ॥
सामान्य धर्म यौटा नै देखाएमा पृथक् गरी ॥५०॥

जस्तै—

'छौ धन्य भैमी ! गुणले गरेर
जस्ले खिच्यौ नैषध भूप खास ।
यस्मा ठुलो के स्तुति चन्द्रिकाको
जस्ले गर्‍यो चंचल अब्धिलाई ?'

यहाँ आकर्षण र उत्तरलीकरण (चंचल गर्नु) पनि एकै पदार्थ (क्रिया) हो, परन्तु पुनरुक्ति दोष हटाउनाको निमित्त त्यसलाई दुइ शब्दले कहिदिएको छ ।

यो प्रतिवस्तूपमा मालाको रूपमा पनि देखिन्छ । जस्तै—

'विमल नै छ रवी, छ सफा शशी,
प्रकृति-शोभन नै छ त दर्पण ।
शिवगिरी[४] शिवहास-समान छ,
सहज-सुन्दर[५] नै उ छ सज्जन ॥'

यहाँ तात्पर्यार्थ हेरदा विमल र सफा इत्यादि पदहरूको एकै छ । वैधर्म्यले जस्तै—

'चकोर नै छन् चतुर चन्द्रिकापान-कर्ममा ।
अवन्ती-स्त्री[६] विना छैनन् सिपालु रत-नर्ममा[७] ॥'

---

१. आफ्ना प्राणनाथ । २. वेचारी । ३. प्रतीयमान उपमान र उपमेयभावको । ४. कैलास पर्वत । ५. स्वभावैले सुन्दर । ६. उज्जैनका स्त्री । ७. रतकर्मको मीठो बोलीमा ।

दृष्टान्त अलंकारको निरूपण—

सधर्म वस्तुको छायाँ 'दृष्टान्त' भनि मान्दछन् ॥

'सधर्म' यो प्रतिवस्तूपमामा लक्षण न जाओस् भनेर कहिएको हो। दृष्टान्तमा धर्मसहित धर्मीको प्रतिबिम्बन हुनुपर्दछ, केवल धर्मीको होइन। यो अलंकार पनि साधर्म्य, वैधर्म्यले दुइ किसीमको छ। क्रमैले उदाहरण जस्तै—

'अविदित-गुण[1] पनि सत्कवि-भणितो[2] छर्छ कानमा मधुधारा।
वास नआए पनि लौ खिच्तछ आँखा त मालतीमाला॥'

'तिमि देख्ता मृगाक्षीको खस्कन्छ मदन-व्यथा।
देख्छौं कुमुदको ग्लानि चन्द्रमा नउदाउँदा॥'

'वसन्त शोभा तिर बद्ध-भाव मनै परस्त्री न त ताक्छ हाम्रो।
प्रफुल्ल-मल्ली-मधु तर्फ लट्टू चाहन्छ भौंरा किन वल्लि[3] अर्को॥'

यो श्लोक मेरो हो। यहाँ 'मन अन्यत्र नजानु' र 'अरुलाई नचाहनु' दुवै कुरा एकै हुन्। खाली पुनरुक्ति हटाउन भिन्न शब्दले निर्देश छ र यहाँ प्रतिवस्तूपमा नै हो। यो दृष्टान्तको उदाहरण 'अविदित' मा त मधुरस वर्षाउनु र आँखा खिच्नु यी दुई धर्महरूको समानता नै छ, एकरूपता छैन। यहाँ समर्थन गरिने र समर्थन गर्ने वाक्यहरूमा एक सामान्य र दोस्रो विशेष भए 'अर्थान्तरन्यास' हुन्छ, परन्तु प्रतिवस्तूपमा र दृष्टान्तमा सामान्यविशेषभाव हुँदैन, यही यिनको भेद छ।

निदर्शना अलंकारको निरूपण—

सम्भवी वस्तु-सम्बन्ध वा असम्भवि भै कहीं ॥ ५१ ॥
जहाँ बिम्बानुबिम्बत्व बुझाओस् हो 'निदर्शना' ॥

संभवत् वस्तुसम्बन्ध निदर्शना जस्तै—

'भूमिमा कुन वृथा प्रजाकन ताप पारि, चिर भोग्छ सम्पती।
सूचदै दिवसले यही, रवि पश्चिमाचल पुगे यसै पछि॥'

यहाँ यस प्रकारको बोधन क्रियामा सूर्यको वक्ताको रूप सँग सम्बन्ध हुन सक्तछ, किनभने अस्ताचलको गमन उसमा रहेको छ। उसैबाट उक्त सूचना हुन्छ। वक्तारूपबाट यस सम्बन्ध द्वारा सूर्यको अस्त हुनु र सन्ताप दिने मानिसहरू विपत्तिमा पर्नु यी दुवै क्रियाहरूमा बिम्बप्रतिबिम्बभाव (सादृश्य) प्रतीत हुन्छ। असम्भव वस्तुनिदर्शना एकवाक्यमा हुने र अनेकवाक्यमा हुनेको भेदले दुई प्रकारको छ।

---

१. गुण थाहा नभएको। २. सत्कविको बोली। ३. लता।

एकवाक्यमा हुने जस्तै—

'यिन्को कटाक्ष मार्नू कुवलयमाला-ललित[1] जनाउँदछ ।
अधर किसलय-लीला[2], आनन खासै कलानिधि-विलास[3] ।।'

अर्कोको धर्म अर्कोमा जानु असम्भव हुँदा कुवलयमाला आदिका विलासादि कटाक्षादिमा रहेन नसक्दाले यहाँ वाक्यार्थको सादृश्यमा पर्यवसान हुन्छ र कटाक्ष मार्नुको शोभा नीलकमलका मालाको शोभा समान छ इत्यादि ज्ञान हुन गई कटाक्ष र नीलकमलमालाको बिम्बप्रतिबिम्बभाव प्रतीत हुन्छ ।

अथवा जस्तै—

'तिम्रो प्रयाणमा राजन् । वैरि-स्त्रीहरूले त्यजे ।
पाउले हाँसको चाल, मुखले चन्द्रको द्युति ।।'

यहाँ पाउहरूले असम्बद्ध हाँसको गतिको त्याग विना सम्बन्धका पाउले छोड्न (त्याग्न) सक्तैनन्, यसैले दुवैको सम्बन्ध कल्पना गरेर त्यो चाल अन्यत्र ज्ञान नसकनाले वाक्यार्थ असम्भव हुन जाँदा 'हाँसको चाल' को अर्थ छ 'हाँसका चालको तुल्य चाल' । यस्तो बोधन गर्छ । अनेक वाक्यमा रहने निदर्शनाको उदाहरण जस्तै—

*'स्वभावले सुन्दर यो शरीरले कडा तपस्याक्लम[4] साध्न इच्छु छन् ।
अवश्य नीलोत्पलपत्र-धारले समित्-लता[5] काट्न ऋषी तयार छन् ।।'

यहाँ 'यो त्यो' शब्दहरूले जुन दुई वाक्यहरूको पूर्वार्ध र उत्तरार्धमा निर्देश छ तिनीहरू परस्परमा अन्वित हुननसकनाले यहाँ यो बिम्बप्रतिबिम्बभावमा वाक्यार्थको पर्यवसान—'यी कोमलाङ्गीबाट तप गराउनाको इच्छा, कमलका पातले समीवृक्ष काटनाको इच्छा तुल्य छ-' । यी दुवै इच्छाहरूमा बिम्बप्रतिबिम्बभाव छ ।

अथवा जस्तै—

'संसारी भोग-लिप्साले जन्म यो विफलै गरें ।
काँचको मोलले बेचें मैले चिन्तामणी[6] अहो ! ।।'

यहाँ यी दुवै वाक्यहरूको पर्यवसान हुन्छ—'विषयहरूको लोभले जन्म गुमाउनु त्यस्तै छ, जस्तो चिन्तामणिलाई काँचको मोलमा बेचिदिनु-' यस्तो बिम्बप्रतिबिम्बभाव हुन्छ ।

---

१. कमलका मालाको विलास । २. पालुवाको ढाँचा । ३. चन्द्रमाको आह्लादपना । * शकुन्तलालाई देखदा राजा दुष्यन्तको उक्ति हो । ४. तपस्याको परिश्रम । ५. समिधाको लहरा । ६. जो चितायो उही कुरा दिने मणि ।

यस्तै—

'कहाँ त्यो सूर्यको वंश, कहाँ अल्पज्ञ मन्दधी ।
मोहले तर्न आट्ने हुँ डुङ्गीले दुर्ग[1] वारिधि[2] ॥'

यहाँ 'मेरो बुद्धिले सूर्यवंश वर्णन गर्नु त्यस्तै छ, जस्तो डुङ्गीले समुद्र तर्नु—' यस प्रकारले वाक्यार्थको पर्यवसान हुन्छ । कहीं उपमेयको धर्म उपमानमा असम्भव भएमा पनि यो (निदर्शना) हुन्छ । जस्तै—

'कान्ताका ओष्ठमा मैले भोगें मधुरिमा[3] जुन ।
दाखको रसमा त्यो नै स्वाद पाए रसज्ञले ॥'

यहाँ ओष्ठको मधुरता दाखको रसमा हुन सक्तैन, यसैले यहाँ पनि पहिलेको जस्तै सादृश्यमा पर्यवसान हुन्छ । निदर्शना मालारूपमा पनि हुन्छ । जस्तै—

'शुकवन फेंश्छस् ओतु-वदनमा[4], मृग चितुवाको तीक्ष्ण रदनमा[5] ।
घोडालाई भैंसी-सिङमा, चित्त दिइस् ता कुभोग-पिङमा[6] ॥'

निदर्शनामा जहाँसम्म बिम्बप्रतिबिम्बभावको आक्षेप गरिदैन त्यहाँसम्म वाक्यार्थको विश्रान्ति हुँदैन, तर दृष्टान्तमा वाक्यार्थ पर्यवसित हुनुको पछाडि सामर्थ्यवशले सादृश्यको प्रतीति हुन्छ । यसलाई अर्थापत्ति पनि भन्न सकिदैन, किनभने—'हार यो हरिणाक्षीको—' इत्यादि अर्थापत्तिको उदाहरणमा वाक्यार्थको सादृश्यमा पर्यवसान हुँदैन ।

व्यतिरेक अलंकारको निरूपण—

उपमानैदेखि कमी, बढी, भै उपमेयको ॥ ५२ ॥
व्यतिरेक (छ)

त्यो फेरी—

एक उक्ता-ऽनुक्त हेतु भई त्रिधा ॥
साम्यको नै चार-थरी बुझाई शब्द-अर्थले ॥५३॥
आक्षेपले[7] बाह्रथरी, श्लेषले पनि चौविस ॥
प्रत्येक सब यो मिल्दा अठचालिस भेद छ ॥५४॥

उपमेयको उपमान भन्दा आधिक्य वर्णन गर्दा, उपमेयको उत्कृष्टता र उपमानका हीनताको कारण (दुवैको हेतु) शब्दले कहिदिंदामा, उत्कृष्टताको कारण

---

१. जान नसकिने । २. समुद्र । ३. मधुरोपन । ४. बिरालाको मुखमा । ५. दाँतमा । ६. कुभोगरूप पीङमा । ७. व्यंजनाले ।

नकही नीचताको मात्र कहदामा, नीचताको नकही उत्कृष्टताको मात्र कहदामा, अथवा दुवैको नकहदा यस प्रकारका हेतुको अनुक्तिमा तीन प्रकारको व्यतिरेक हुन्छ। यी चारैमा उपमानोपमेयभावको कथन कहीं शब्दले, कहीं अर्थबलले, कहीं आक्षेपले पनि हुँदा प्रत्येकका तीन भेद बन्न गै बाह्र भेद हुने भयो, त्यसमा श्लेषले र अश्लेषले चौविस भेद भए। यसरी उपमान भन्दा उपमेयको हीनतामा पनि चौविस भेद हुँदा सब मिलेर व्यतिरेकका अठचालिस भेद हुन्छन्।

उदाहरण जस्तै—

'अकलङ्की मुखै तिन्को कलङ्की छैन चन्द्र झैं।'

यहाँ उपमेय (मुख) को उत्कृष्टताको कारण निष्कलङ्कत्व र उपमान (चन्द्र) को हीनताको कारण कलङ्कित्व यी दुवै हेतु यथा (झैं) शब्दको प्रयोग गरेकोले उपमानोपमेयभाव शाब्द छ। यसै उदाहरणमा 'न कलङ्की विधूपम' यस्तो पाठमा आर्थ हुन्छ। 'कलङ्की चन्द्र जित्तछ' यस्तो पाठमा 'झैं तुल्य इत्यादि' पदहरू नरहनाले औपम्य आक्षेपबाट लभ्य हुन्छ। यसैमा 'अकलङ्क' पदलाई निकालेमा उपमेयका उत्कर्षको हेतुको अनुक्ति हुन जान्छ र 'कलङ्की' पदलाई छोड़ेको पक्षमा उपमानमा रहेका हीनताको अनुक्ति हुन्छ। यस्तै दुवै पदलाई छोडेमा दुवै हेतुहरूको अनुक्ति हुनजान्छ। श्लेषमा उदाहरण जस्तै—

'अतिगाढगुणी[1] यिन्का नाशिन्नन् गुण अब्जवत्[2]।'

यहाँ 'इव (झैं)' अर्थमा 'वत्' भएकोले औपम्य शाब्द छ। उत्कर्ष र अपकर्षका कारण दुवै उक्त छन्। 'गुण' शब्द दयादि गुण र तन्तुलाई कहने हुँदा श्लिष्ट छ। अरू भेद पूर्ववत् जान्नू। यी सब उपमान भन्दा उपमेयका आधिक्यका उदाहरण हुन्। न्यूनताका उदाहरणको दिग्दर्शन जस्तै—

'घटिघटीकन पनि शशी फेरिफेरी पनि बढ्छन् सत्य हो।
चुप रहु, खुसाउ सुन्दरि! यौवन ता गएर फिरदैन॥'

यहाँ उपमान (चन्द्र) मा भन्दा उपमेय (यौवन) मा अस्थिरताको आधिक्य वताएकोले उपमेयको हीनता छ। हेतु दुवैका उक्त छन्। औपम्य प्रतीयमान (गम्य) छ। यहाँ कोही भन्दछन्—'उपमान भन्दा उपमेयमा अस्थिरता आधिक्य छ, चन्द्रमामा अस्थिरता छैन, यौवनमा छ, यो पनि निमित्त आधिक्यको उदाहरण हुन सक्तछ। यसैले व्यतिरेकको जो यो लक्षण कोही (अलंकार सर्वस्वकार) ले गरेका छन्— 'उपमेयको आधिक्यमा र विपर्यय (हीनता) मा व्यतिरेक हुन्छ'—यसमा 'विपर्यय कहनु व्यर्थ छ, किनभने उक्त उदाहरणका निमित्त नै यो कहिएको थियो त्यो उक्त रीतिले आधिक्यको नै उदाहरण हुन सक्तछ।' यो भनाई ठिक छैन। किनभने यहाँ अधिकत्वबाट वस्तुको उत्कृष्टता र न्यूनत्वबाट अपकर्ष विवक्षित छ। यस उदाहरणमा

१. अति गाढ़ा गुण भएकी। २. कमलको झैं।

चन्द्रमाको अपेक्षा यौवनको अपकर्ष स्पष्ट नै छ। अथवा यस उदाहरणमा जसोतसो संगति गरे ता पनि—

'[1]सुकीर्तिले लिप्त हनूमदादिले उ मार्ग मैले अरि-हास्यले लियें।'

इत्यादिमा के गर्ने ? यहाँ उपमेय (नल) को अपकर्ष स्पष्ट नै हुनाले लक्षणमा 'न्यूनता' कहनू नै ठिक छ।

सहोक्ति अलंकारको निरूपण—

सहार्थको बलात् यौटै दुवैको वाचि होस् जहाँ ॥
'सहोक्ति' हो मूलभूताऽतिशयोक्ति रहन्छ त ॥५५॥

यहाँ अतिशयोक्ति या त अभेदाध्यवसाय-मूलक हुन्छ या कार्यकारणका पौर्वापर्य-विपययको कारण हुन्छ। अभेदाध्यवसायमा पनि कहीं श्लेषमूलक कहीं अश्लेषमूलक हुन्छ। क्रमेले उदाहरण—

'यिन्को यौवनमा ओठ-साथै रागी थिए पति।'

यहाँ 'रागी' पदमा श्लेष छ (रङ्ग र प्रेम) लाई बताउँदछ।

'कुमुद-कदम साथै कामलाई फुलाई,
घन-तिमिर सँगै त्यो धैर्यलाई हटाई।
कमलदल सँगै लौ चित्त खुंच्याइ हाई !!
प्रतिदिश[2] शशिका ती चन्द्रिका[3] घूमदैछन् ॥'

यो मेरो हो। यहाँ 'फुलाई, हटाई, खुंच्याई' यी पदहरू श्लिष्ट त होइनन्, तर सम्बन्धिको भेद हुँदा औचित्यले अर्थहरूमा भेद हुन्छ।

'यिनि इन्द्रियशून्य, लत्रदी बनिहालिन् पतिलाइ ढालदी।
ठिक तेल-छिटा सँगै जिमी-पुगने, दीप-शिखा हुँदै धिमी ॥'

यो सहोक्ति मालारूप पनि हुन्छ। जस्तो पूर्वोक्त 'कुमुद-कदम्ब' इत्यादि।

'राम लक्ष्मणका साथ घोर जङ्गलमा गए।'

यसमा अतिशयोक्ति मूलमा नहुनाले 'सहोक्ति' पनि छैन।

विनोक्ति अलंकारको निरूपण—

'विनोक्ति' हो विना जस्ले हुन्न साधु, असाधु वा ॥

---

१. यो दमयन्ती प्रति दूत बनाई इन्द्रादिले पठाइएका राजा नलको त्यो प्रयोजन असिद्धि हुने आशंकामा विषादको उक्ति हो। २. हरेक दिशामा। ३. चन्द्रकिरणहरू।

हुनत 'अशोभन हुँदैन' यस्को पनि तात्पर्य—'शोभन हुन्छ' यही हो, परन्तु अभाव द्वारा कहनाको तात्पर्य कुनै वर्णनीयमा जो अशोभनता आउँछ त्यो दोस्रो सँग रहनाले नै उत्पन्न भएको हो, त्यो नहुँदा त्यो अशोभन होइन, स्वभावले नै शोभन छ भन्ने बुझाउनलाई हो ।

जस्तै--

'वर्षाको काल नहुँदा चन्द्र निर्मल देखिए ।
ग्रीष्मोष्म[1] नहुदा राम्रो वनराजि[2] हुँदो भयो ।।'

अशोभन जस्तै—

'मृत-कान्त[3] पछेट्नूले[4] तिमीले ता भलो गऱ्यौ ।
विना सूर्य दिनश्री के ? विना चन्द्र निशा छ के ?।।'

'निरर्थमा गो नलिनीजनू[5] यो, जस्ले न देखी तुहिनांशु-बिम्ब[6] ।
श्रीचन्द्रको बिम्ब पनी वृथा छ देखे फुलेकी नलिनो न जस्ले ।।'

यहाँ एउटा अर्को न हुँदा दुवैको व्यर्थताको कथनले चमत्कार विशेष भएको छ । विना शब्दको प्रयोग छैन त पनि विनाशब्दका अर्थको विवक्षा हुनाले यो 'विनोक्ति' नै हो । यस्तै 'सहोक्ति' पनि सहशब्दका अर्थको विवक्षा भएमा सहको प्रयोग नभएमा पनि हुन्छ ।

समासोक्ति अलंकारको निरूपण—

'समासोक्ति[7]' छ भै तुल्य कार्य-लिङ्ग-विशेषण ।।५६।।
प्रस्तुतैमा अन्य वस्तु-को अवस्था मिलाउनु ।।

यहाँ सम कार्यले प्रस्तुतमा अप्रस्तुतको अवस्थाको आरोप गर्नु हो । जस्तै—

'फयाँकेर यो वसन[8] अम्बुज-लोचनाका
वक्षोज[9] ती कनककुम्भ-विलासिको[10] लौ ।
अङ्गाल्दछस् हठ-सँगै सब अङ्ग यिन्को
छस् धन्य नै तँ मलयाचल-गन्धवाह[11] ।।'

यहाँ हठ कामुक र हावाको कार्य समान छ । प्रस्तुत वायुमा अप्रस्तुत हठ-कामुकको अवस्थाको आरोप छ ।

---

१. ग्रीष्मकालको तातो । २. वनको पंक्ति । ३. मरेको पतिलाई । ४. पछयाउनाले । ५. कमलिनीको जन्म । ६. चन्द्रको बिम्ब । ७. संक्षेपले दुई अर्थ कहनु । ८. कपड़ा । ९. स्तन । १०. सुनको घडा जस्तो शोभा भएकाको । ११. मलयपर्वतको हावा ।

लिङ्गसाम्यको उदाहरण जस्तै—

'जिगीषा[1] पूर्ण न गरी स्त्री-चिन्ता के मनस्विको[2] ।
न जितेर सबै लोक लिन्नन् सन्ध्या दिनेशले ॥'

यहाँ सूर्यको पुंल्लिङ्ग र सन्ध्याको स्त्रीलिङ्ग हुनाले यिनीहरूमा नायक र नायिकाका व्यवहारको आरोप गरिएको छ। विशेषणको साम्य त तीन प्रकारले हुन सक्तछ—श्लिष्ट हुनाले, समानरूप सँग अन्वय हुनाले, उपमा गर्भमा रहनाले पनि। तीमध्ये श्लेष हुनाले जस्तै मेरो—

'विकसितमुखी[3] रागै[4] हुँदा गलत्-तिमिरावृति,[5]
दिनकर-कर-स्पृष्टा[6] ऐन्द्री-दिशाकन[6] देखदै ।
जरठ-लवली[7] झैं लाल भै, अती कलुषान्तर,[8]
पुगछ अपरा[9]-दिक्मा खेदै छ लौ तुहिनद्युति[10] ॥'

यहाँ मुख, रागादि शब्दहरूमा श्लेष छ। यहीं 'तिमिरावृति-को ठाउँमा 'तिमिरांशुका' पाठ गरेमा एक अशंमा आरोपको प्रतीतिहुनजान्छतापनि 'एकदेशविवर्ति रूपक' हुँदैन, 'समासोक्ति' नै रहन्छ, किनभने अन्धकार र वस्त्र यी दुवैको ढाकनू-रूप सादृश्य अत्यन्त स्पष्ट छ, अर्कोको अपेक्षा नगरीकन नै आपसे आप प्रकट हुन जान्छ। यसैले त्यो सादृश्य (रूपकको मूल छ) समासोक्तिलाई हटाउन सक्तैन। जहाँ रूप्य र रूपकको को सादृश्य अस्फुट हुन्छ त्यहाँ दोस्रो अंशहरूमा रूपण (आरोप) नगरेमा त्यो असंगत नै हुन जानाले त्यो आरोप शाब्द नभएमा पनि अर्थबलले आक्षिप्त हुन जान्छ र त्यहाँ एकदेशविवर्तिरूपक नै मानिन्छ। जस्तै—

'रणान्तपुरमा[11] करमा मण्डलाग्रलता[12] गरने जसको त ।
रस-संमुख[13] पनि झट्टै रिपु-सेना पराङ्मुख[14] हुन्छे ॥'

यहाँ रणलाई अन्तःपुरको रूपक दिएको छ, रण र अन्तःपुरमा कुनै स्पष्ट सादृश्य छैन र यो एकदेशविवर्तिरूपक हो, समासोक्ति होइन। जहाँ कुनै ठाउँमा स्पष्ट भएमा पनि धेरैजसो ठाउँहरूमा आरोप शब्द सिद्ध र कुनै एकदेशमा अर्थसिद्ध छ भने त्यहाँ पनि एकदेशविवर्तिरूपक नै जान्नू किनभने यस्ता ठाउँमा रूपकको प्रतीति व्यापक भएर समासोक्तिको प्रतीतिलाई ढाकी दिन्छ।

---

१. जित्ने इच्छा। २. नीति जान्नेको। ३. एक छेऊ खुलेकी र प्रसन्न मुख भएकी। ४. लाली र रतिको इच्छा। ५. अन्धकारको ढकाई नाशिएकी र अन्धकाररूपी कपड़ा (सारी) खुस्केकी। ६. सूर्यका किरण र हातले स्पर्श गरिएकी। ६. पूर्वदिशालाई। ७. पाकेको लवलीफल। ८. मलिन कलङ्क भित्र रहेको र रीसले मन धमिलिएको। ९. आर्की र पश्चिम। १०. चन्द्र। ११. संग्रामरूपी रानीगन्जमा। १२. खड्गलता। १३. लड़ाईंको इच्छाले र सुरतको इच्छाले पनि संमुख भएकी। १४. मुख फर्काएकी र पीठ फर्केकी।

प्रश्न—रण र अन्त:पुरको पनि त सादृश्य स्फुट छ। सुखपूर्वक सञ्चारको योग्य हुनु यी दुईको स्पष्ट साधारण धर्म हो। ठिक हो, सादृश्य स्फुट छ, परन्तु त्यो वाक्यार्थको पर्यालोचन भैसके पछी प्रतीत हुन्छ र त्यसको सापेक्ष छ, निरपेक्ष छैन। जस्तै मुख र चन्द्रमामा स्वत:सिद्ध मनोहरत्व छ त्यस्तै रणमा स्वयंसिद्ध सञ्चारत्व छैन। साधारण्यको उदाहरण जस्तै—

'निसर्ग-सौरभोद्भ्रान्त--भृङ्ग--संगीत-शालिनी[1] ।
-सरोजिनो मुस्कुराई दिननाथ उदाउँदा ॥'

यहाँ 'निसर्ग' इत्यादि पूर्वार्धको विशेषण साधारण छ। पद्मिनी स्त्री र कमलिनीमा समानरूपले अन्वित हुन्छ। यहाँ कमलिनी प्रस्तुत छ। त्यसमा अप्रस्तुत नायिकाका व्यवहारको आरोप साधारण विशेषणको कारणले हुन्छ। तर प्रतीतिमा कारण छ खाली स्त्रीमा नै रहने मुस्कुराउनुरूप धर्मको आरोप। कमलिनीको फुलनुरूप धर्ममा स्मेरत्वको आरोप नै कमलिनीमा नायिकाका अवस्थाको द्योतक छ। औपम्य-गर्भत्व पनि तीन किसीमले हुन सक्तछ—एक उपमागर्भ, एक रूपक (समासोक्ति) गर्भ, एक यी दुवैको सन्देहसंकरगर्भ। तीमध्ये उपमागर्भत्व जस्तै—

'दन्तप्रभापुष्पचिता[2] पाणिपल्लव-शोभिनी[3] ।
केशपाशालिवृन्दैले[4] सुवेषा छिन् मृगेक्षणा ॥'

यहाँ लतामा गहना कपड़ा हुनु संभव छैन 'सुवेषत्व' को कारणले पहिले मुख्यतया नायिकाको प्रतीति हुन्छ र 'दन्तप्रभा: पुष्पाणि इव' 'पाणि: पल्लव इव' 'केशपाश: अलिवृन्दमिव' (फुलहरूले तुल्य दातहरूको कान्तिले युक्त, पालुवाले तुल्य हातले सुशोभित, भ्रमराहरूले सदृश केशहरूले रमणीय) यस्तो उपमित समास भै उपमा प्रतीत हुन्छ। अनी विशेषणहरूको समानताले गर्दा 'मृगेक्षणा' को मृगनयनी नायिकामा लताका व्यवहारको प्रतीति हुन आउँछ। रूपकगर्भत्वमा जस्तै— 'लावण्यमधुले पूर्ण—' इत्यादिमा 'लावण्यम् एव मधूनि' (सुन्दरता नै मह) रूपक समास भैरहेछ। 'दन्तप्रभा—' यस श्लोकमा 'सुवेषा' को ठाउँमा 'परीता' (युक्त) यस्तो पाठ गरेमा यै उदाहरण 'संकर' को हुन जान्छ किनभने अब उपमा र रूपकको सन्देहै हुनाले सन्देहरूप संकर हुन्छ। यहाँ अरू समास पूर्ववत् जान्नू, त्यसैबाट लताको प्रतीति हुन्छ। जो उपमालंकार र संकरालंकारको एकदेशविवर्ति हुनु मान्दैनन् तिनका मतमा आद्य (दन्तप्रभा इत्यादि) र तृतीय (सुवेषाको परीता पढेमा) भेदमा 'समासोक्ति अलंकार' र द्वितीय भेद (लावण्यमधुले) एकदेश विवर्तिरूपकको नै उदाहरण हुन्छ। विचार गरी हेरदा त आद्य प्रकारमा पनि 'एकदेशविवर्ति उपमा' नै मान्नुपर्दछ। नत्र ता —

---

१. स्वाभाविक सुगन्धले गर्दा चकराएका भ्रमरहरूको झंकारले शोभा पाएकी। २. दाँतको कान्तिरूपी फुलहरु लाएकी। ३. हातरूपी पालुवाले शोभा पाएकी। ४. अलकरूपी भमराका पंक्तिले श्रृङ्गारिएकी।

'इन्द्रेनि राता सुपयोधरैले[1] धर्दी, शरद् आर्द्रनखक्षताभ[2] ।
रमाउँदी इन्दु कलङ्किलाई श्रीसूर्यमा ताप अतीव पार्थी ॥'

यहाँ कसरी शरद्मा नायिकाको प्रतीति हुन सकला ? किनभने कुनै पनी नायिकाले आफ्ना पयोधर (स्तन) मा इन्द्रेनीलाई धारण गर्न सक्तिनन्, शरद्को विशेषण अप्रस्तुत नायिकामा अन्वित हुन नसक्नाले यो समासोक्ति होइन एकदेश-विवर्तिनी उपमा नै हो । 'दध्ना जुहोति' (दहीले हवन गर्नू) यो वाक्यमा सामान्य विधिवाट हवन अन्यथा प्राप्त हुनाले लकारको अर्थ विधिको सम्वन्ध दहीका साथ नै जुन किसीमले मानिन्छ, त्यसरी नै प्रकृतश्लोकमा पनि हुन त 'आर्द्र नखक्षताभ' पदमा उपमावाचक 'आभा' शब्द छ तथापि नायिकाको पक्षमा योग्यतानुसार त्यस्को सम्वन्ध इन्द्रेनीको साथ गर्न सकिदा 'इन्द्रेनि समान नखक्षत स्तनमा धारण गर्ने—' भन्ने अर्थ दुवैमा लाग्नाले समासोक्ति नै हो'—यस्तो भन्नु ठिक छैन । किनभने यस्ता ठाउँहरूमा जहाँ निर्वाह नै हुदैन यस प्रकारका कष्ट कल्पना गर्नु भन्दा एकदेशविवर्तिनी उपमा मान्नु नै ठिक छ । अथवा यस श्लोकमा ज्यूँ त्यूँ समासोक्ति मान लौ, तथापि 'नेत्र जस्ता कमलले' इत्यादिमा त उपमा नमानी काम चल्ने छैन । फेरी उपमामा सादृश्यको नै प्रतीति हुन्छ, व्यवहारको हुँदैन । यस्तो व्यवहार मात्रको प्रतीतिमा हुने समासोक्ति उपमामा कसरी हुन सकला ? यही भनेको पनि छ—

'व्यवहार[3] किवा तत्व[4] औपम्यैमा बुझिन्छ जो ।
न हो त्यो त समासोक्ति, एकदेशोपमा उ हो ॥'

यसरी जब उपमा र रूपक यी दुवैमा एकदेशविवर्तित्व सिद्ध भयो भने तन्मूलक संकरालंकारमा पनि समासोक्तिको अप्रवेश उचित नै छ । यसबाट यो सिद्ध हुन्छ— औपम्यगर्भ विशेषणहरूले समासोक्ति हुदैन । श्लिष्ट र साधारण विशेषणहरूको समानतामा दुई प्रकारको र कार्य तथा लिङ्गको समानतामा दुई प्रकारको यसरी चार प्रकारको समासोक्ति हुन्छ । यी सबै भेदहरूमा व्यवहारको आरोप नै यो अलंकारको कारण छ । त्यो कहीं कुनै लौकिक वस्तुमा अर्को कुनै लौकिक वस्तुको नै व्यवहारको आरोप हुन्छ, कहीं शास्त्रीय वस्तुमा अर्को शास्त्रीय वस्तुका व्यवहारको आरोप, कहीं लौकिकमा शास्त्रीयको, कहीं शास्त्रीयमा लौकिकको यसरी चार प्रकार छन् । तिनमा लौकिक वस्तु पनि रसादिका भेदले अनेक प्रकारको हुन्छ । शास्त्रीय पनि तर्क, आयुर्वेद, ज्योतिषशास्त्रादिमा प्रसिद्ध अनेक प्रकारको समासोक्ति छ । दिग्दर्शन मात्र जस्तै—'फेंकेर जो वसन अम्बुजलोचनाको—'इत्यादिमा लौकिवस्तु (वायु) मा लौकिक हठकामुकका व्यवहारको आरोप छ । शास्त्रीयमा शास्त्रीयको जस्तै—

---

१. राम्रा स्तन र मेघले । २. आलो नखक्षतको कान्ति । ३. अप्रस्तुतको साधर्म्य । ४. स्वरूप ।

'एकै स्वरूप सब वृत्तिमहाँ[१] छ तिम्रो
देखेर अव्यय[२] असंख्य[३] भने त जस्ले ।
लोपै गऱ्यौ अब परत्व-हुने-विभक्ति[४]
ठान्छू म लक्षण[५] छ जो तिनको ठिकै छ ।।'

यस श्लोकमा विशेषणहरूको समानता हुनाले प्रस्तुत ईश्वरमा अप्रस्तुत अव्ययका व्यवहारको आरोप गरिएको छ। यी दुवै शास्त्रीय हुन्। यस्तै अन्यत्र पनि जान्नू। रूपकमा अप्रकृत वस्तु आफ्ना स्वरूपले प्रकृतका स्वरूपलाई ढाकेको गर्दछ। परन्तु यहाँ अप्रकृत वस्तु प्रकृतको स्वरूप आच्छादन न गरीकन नै उसलाई पहिलेको अवस्था भन्दा अधिक उत्कृष्ट वनाइ दिन्छ। यसैले 'यहाँ व्यवहारको आरोप हुन्छ, स्वरूपको हुँदैन'—यस्तो पूर्वाचार्यहरू भन्दछन्। व्यङ्ग्योपमा र श्लेषमा विशेष्यको पनि तुल्यता रहन्छ, किन्तु यहाँ विशेषण नै समान रहन्छन्। अप्रस्तुतप्रशंसाभा प्रस्तुत व्यङ्ग्य रहन्छ, यहाँ अप्रस्तुत व्यंग्य रहन्छ, यही यिनको भेद छ।

हो त्यो 'परिकरै' उक्त, साभिप्राय विशेषण ।।५७।।

जस्तै—

[६]'अङ्गराज, सेनापति, द्रोणलाई उपहास गर्ने, ऐ कर्ण! यो दुःशासनलाई भीमसेनबाट वचाऊ—'।

स्वभावात् शब्द-एकार्थ-ले 'श्लेष' बढि बोल्नु हो ।।

शब्दश्लेषबाट हटाउन 'स्वभावात् शब्दएकार्थ' भनिएको हो। श्लेषध्वनिबाट हटाउन 'बढि बोल्नु' भनिएको हो।

उदाहरण जस्तै—

'राम्रा कार्य[७] गराएर, दिक्मा-मलिनता[८] हरी ।
त्यो ठूलो तेजले[९] दीप्त, प्रभाकर[१०] विराज छन् ।।'

यहाँ प्रकरणादिको नियन्त्रण नहुनाले राजा र सूर्य दुवै वाच्य छन्।

---

१. वस्तुहरूमा वा पदार्थान्वयहरूमा पनि। २. अविनश्वर वा अव्ययपदवाच्य। ३. अनन्तरूप वा संख्याको अविशेष बुझाउने। ४. परत्व हुने भेदभाव वा पर रहने 'सु' आदि विभक्ति। ५. विशिष्ट ज्ञान वा सूत्र पनि। ६. यो कर्ण प्रति अश्वत्थामाको उक्ति हो। ७. किरणस्पर्शले पवित्र हुने क्रिया र वेदोक्त कर्महरू। ८. दिग्दिशामा रहनेको मलिन हुनु र दिशामा रहेका अन्धकारको कालोपन। ९. प्रभावले र ज्योतिले। १०. सूर्य र त्यही नामका राजा।

अप्रस्तुतप्रशंसाको निरूपण—

सामान्य भन्दा कहिं होस् विशेष, कहिं व्यत्यय, ॥५८॥
निमित्त कहिं कार्यैले, सम वा समहेतुले, ॥
अप्रस्तुतात् प्रस्तुत नै बुझिएमा त पाँच यो ॥ ५९॥
'अप्रस्तुतप्रशंसा' हो

क्रमैले उदाहरण—

'पाउले कुल्चदा उफ्री शिरमा चढ्न पुग्दछ ।
अपमान हुँदा, मौनी[1] देही भन्दा धुलो ठुलो ॥'

यहाँ अपमान सहने हामी भन्दा धुलो पनि बढिया छ, यो विशेष यहाँ प्रस्तुत छ। परन्तु सामान्य (देही) अभिधान गरिएको छ, त्यसबाट उक्त विशेष गम्य छ।

'यदि माल्य छ प्राण-नाशने, धरि मैले किन लौ म बाँचने ? ।
छ सुधा विष औ विषै सुधा कहिं ता ईप्सित[2] दैवको हुँदा ॥' ❀

यहाँ ईश्वरको इच्छाले कहीं अहित गर्ने पनि हितकारी हुनजान्छन्, कहीं हितकारी पनि अहित गर्न लाग्छन् यो सामान्य यहाँ प्रस्तुत छ, परन्तु विशेष (विष र अमृत) को अभिधान गरिएको छ। उसबाट सामान्य व्यंग्य छ। यसरी यहाँ अप्रस्तुतप्रशंसामूलक अर्थान्तरन्यास छ। दृष्टान्तमा प्रसिद्ध वस्तु नै प्रतिविम्बरूपले गृहीत हुन्छ। यहाँ विषको अमृत र अमृतको विष हुनु प्रसिद्ध छैन र यो दृष्टान्तालंकार होइन।

'इन्दू कज्जल-लिप्त झैं छ, जड[3] झैं दृष्टि मृगीको, अनी
मूगा-लालि मलीनु झैं छ, अतिकालो झैं छ हेमप्रभा, ।
कार्कश्यै[4] पनि कोइलीगलमहाँ भो धेर झैं प्रस्तुत,
सीताका अघि छन् ति हा ! मुजुरका प्वाँखै निकम्मा[5] सरी ॥'

यहाँ चन्द्र आदिमा अञ्जन (गाजल) आदि संभावना गरिएका अप्रस्तुत कार्यहरूबाट सीताका मुख आदिको अतिशय शोभारूप प्रस्तुत कारण प्रतीत हुन्छ।

---

१. चुप्प लाग्ने। २. इच्छा। ❀ इन्दुमती रानीको मृत्युमा अज राजाको विलाप हो। ३. निश्चल। ४. मधुर नहुनु। ५. नीलो र नरम झल्झलाकार नभएका।

‍❋ 'मैले जान्छु भनेपछी युवतिले निःश्वासमुद्रा[१] छिन
छोड्दै, हेरि सिधा मलाइ रसिलो यौटै निजी-नेत्रले।
मेरो प्रेम अबै सबै सँगिनिमा तैंले जुटाई लिनू
यस्तो स्नेह-सुपालितै[२] मृग-शिशूलाई उराठ्तै भनिन् ॥'

यहाँ कसैको परदेश नजानुरूप कार्यमा स्त्रीको मरणसूचक उक्ति कारण छ। तुल्यको प्रस्तुत हुँदा तुल्यको अभिधानमा श्लेषमूलक र सादृश्यमूलक यी दुई प्रकार हुन्छन्। श्लेषमूलक पनि समासोक्तिको जस्तै विशेषण मात्र श्लेष भएमा र श्लेषको जस्तै विशेषण औ विशेष्य समेत श्लिष्ट भएमा पनि हुन्छ। जस्तै—

'आँप यो छ सदामोद[३], वसन्तश्री-समन्वित।
समुज्जवलरुचि,[४] श्रीमान्,[५] प्रभूतोत्कलिकाकुल[६] ॥'

यहाँ केवल विशेषणहरूको श्लेषबाट अप्रस्तुत आँप द्वारा प्रस्तुत अनुरागी नायकको प्रतीति हुन्छ।

'त्यो पुँस्त्वले[७] बदलियोस्[८] यदि, झन्-तलै-वा-
पौंचोस्[९] र माग-गरदा-न-ठुलो-पनी-होस्[१०]।
त्यस्तै पनी सकल-विश्व-उतार्छ-यस्तो-
बाटो[११], कुनै पुरुष-उत्तमले[१२] निकाल्यो ॥'

यहाँ विशेष्य 'पुरुष उत्तम' पद पनि श्लिष्ट छ। परन्तु ज्यादा नै प्रसिद्धिले गर्दा पहिले विष्णुको नै बोध हुन्छ, त्यस पछि प्रस्तुत (राजा) को प्रतीति व्यञ्जनाले हुन्छ।

❋ यो सखा प्रति कसैको उक्ति हो। १. हिक्का गर्नु। २. प्रेमले पालिएको। ३. सधैं सुगन्धी र आनन्दी। ४. उज्वल प्रकाश भएको र राम्रो श्रृङ्गारमा रुचि गराउने। ५. शोभा र भेष रचना भएको। ६. धेरै कोपिलाले व्याप्त भएको र विद्यमान नायिकाको उत्कण्ठाले व्याकुल रहेको। ७. पुरुषपनाले। ८. स्त्री होओस्। ९. पातालै पनि पुगोस्। १०. माग्नाका निमित्त सानु (वाउन्ने) पनि होओस्। ११. संसारलाई उद्धार गर्ने बाटो (दिग्दर्शन)। १२. विष्णु वा यही नामका राजाले। विष्णुपक्षमा—दैत्यले हरण गरेको राज्य उद्धार गर्न मोहिनी स्त्रीको रूप, समुद्रमा डुबेको विश्व उद्धार गर्न वाराहरूप ली पातालगमन, बलि राजले हरण गरिएको राज्य उद्धार गर्न तिन पाइला जमिन माग्न वाउन्नेको रूप गरे। राजपक्षमा—पुरुषार्थबाट हटोस्, नीचो पनि होओस्, माग्नलाई महत्त्वशून्य नै होओस् त पनि स्वराज्य उद्धारका निमित्त यो ढाचा प्रकट गरे।

सादृश्यमात्रमूलक अप्रस्तुतप्रशंसाको उदाहरण जस्तै—

'एक छ कपोत-शिशु[1] लौ, बाज सयौं भोकले पछेट्तैछन् ।
अम्बर[2] छ आवृति-शून्य[3], हरि हरि ! शरणै छ दैव-दया ॥'

यहाँ अप्रस्तुत परेवाबाट कुनै विपत्ति-ग्रस्त प्रस्तुत पुरुष प्रतीत हुन्छ। यो कहीं वैधर्म्यबाट पनि हुन्छ, जस्तै—

* 'धन्य छन् वनमा हावा पद्म छोएर शीतल ।
राम इन्दीवरश्यामलाई[4] छुन्छन् विरोक भै ॥'

यहाँ 'हावा धन्य छ, तर म अधन्य छु' यस्तो वैधर्म्यबाट प्रस्तुतको प्रतीति हुन्छ। यसमा वाच्यार्थसम्भवी, असंभवी र दुवै प्रकारको पनि हुँदा यो तीन किसिमको हुन्छ। तिनमा सम्भवका पूर्वोक्त उदाहरण हुन्।

असम्भवमा जस्तै—

'म कोइली तिमी काग हाम्रो तुल्य छ कालिमा[5] ।
यस्को फरक भन्नेछन् काकलीध्वनि[6] जानने ॥'

यहाँ कुनै प्रस्तुतपुरुषको स्वरूपको प्रतीति नहुँदा सम्म केवल कोईली र कागको उक्तिप्रत्युक्तिको रूपमा यस श्लोकको ज्ञान हुँदैन तिनीहरू यसरी श्लोकमा प्रश्नोत्तर गर्न सक्तैनन्।

उभयरूपको उदाहरण जस्तै—

'भित्र छिद्र[7] अनेकौ छन् काँढा[8] बाहिर धेर छन् ।
केले कमलनालैका भएनन् नाशिने गुण[9] ॥'

यहाँ जहाँसम्म कुनै प्रस्तुत पुरुषका स्वरूपको ज्ञान हुँदैन, त्यहाँसम्म कमल नालका छिद्रहरूको उसका तन्तुहरूको तोडनामा कारण हुनु असंभव छ। तन्तुहरू तोडनामा काँढाहरूको कारणता वन्न सक्तछ, यसैले यो उभयरूप वाच्यार्थको उदाहरण हो। समासोक्तिको जस्तै यहाँ व्यवहारको आरोप आवश्यक हुनाले शब्द-शक्तिमूलकध्वनिदेखि यो भिन्न छ। उपमाध्वनिमा र समासोक्तिमा पनि अप्रस्तुत व्यंग्य रहन्छ, आरोप हुँदैन। ती दुई भन्दा पनि यो भिन्न हो। श्लेषमा दुवै (प्रस्तुत अप्रस्तुत) वाच्य रहन्छन्, यसमा रहन्नन् र भिन्न हो।

---

१. परेवाको बचा। २. आकाश र कपड़ा। ३. ढकना नभएको। * यो श्लोक राजा दशरथको उक्ति हो। ४. नीलकमल झैं नीलो वर्ण भएकोलाई। ५. कालोपना। ६. सूक्ष्म मधुरो ध्वनि जान्नेहरू। ७. प्वाल र दोषहरु। ८. तीखा अवयव र क्षुद्र शत्रुहरु। ९. तन्तु (धागो) र कीर्ति।

व्याजस्तुति अलंकारको निरूपण—

हो 'व्याजस्तुति' नै त्यही ॥
वाच्य निन्दास्तुतीबाट निन्दास्तुति बुझाउँदा ॥ ६० ॥

व्याजस्तुति पदका दुई अर्थ हुन्छन्, एक निन्दाको वहानाले तारिफ र दोस्रो तारिफको वहानामात्र (स्तुतिले निन्दा व्यंग्य हुँदामा) क्रमैले जस्तै—

* 'स्तनयुग-मुक्ताभरणा', कण्टककलिता-ऽङ्ग-यष्टि[2] भै देव ! ।
हजुर रिसाए पनि छन् विश्वस्त[3] अघि झैं रिपुस्त्री त ॥'

यो मेरो हो ।

'व्याजस्तुती घन ! म गर्दछु आज, तिम्रा
ती लोकजीवन-निमित्तक[4] जीवनै[5] छन् ।
तिम्रो छ झन् स्तुति ठुलो बटुवा मराई
श्रीधर्मराज-सहकारि[6] बनी रहेछौ ॥'

पर्यायोक्त अलंकारको निरूपण—

'पर्यायोक्त' छ भङ्गीले गम्यमात्रै बुझाउँदा ॥

उदाहरण जस्तै—

'जस्का सैनिकले हेलैं छोए नन्दनमा अहो !
शची-श्रृङ्गारमा शुभ्ने मञ्जरी पारिजातका ॥'

यहाँ हयग्रीवले स्वर्ग जित्यो भन्ने प्रस्तुत कार्य व्यंग्य छ । विचित्रताको निमित्त सेनाले सहजै सित पारिजातका मञ्जरीहरू छुनुरूप कार्य द्वारा त्यसैकोको यहाँ वर्णन छ र त्यही विजय नै प्रकृत छ ।

प्रश्न—अप्रस्तुतप्रशंसाको एक भेदमा पनी कार्यबाट कारणको प्रतीति हुने हुनाले यहाँ त्यसैको अन्तर्गत किन नमान्नु ?

उत्तर—यो भन्नु ठिक छैन। किनभने उसमा कार्य प्रस्तुत हुँदैन, यस (पर्यायोक्त) मा वर्णनीय (हयग्रीव) को प्रभावातिशय बोधनका निमित्त विजयरूप कारण जस्तै मञ्जरीस्पर्शरूप कार्य पनि प्रस्तुत छ । यसै गरी—

---

* यो श्लोक राजा प्रति कसैको उक्ति हो । १. दुवै स्तनमा मोतीको हार रहेका वा दुवै स्तनबाट मोतीको हार टुटेका । २. रोमाञ्चले युक्त शरीर भएका वा काँढाले शरीर घोचिएका । ३. यिनी हाम्रो बिगार गर्ने होइनन् भनी विश्वास लिएका वा विधवा । ४. लोकलाई वचाउनाका लागि । ५. ज्यानै वा पानी । ६. यमराजको सहायक ।

'यिन्ले गरे शत्रु-विनाश पारी मोती सरी बर्बरि आँसु झारी ।
शत्रु-प्रियाका स्तनमा अपार कैट्ल्यै नटुट्ने अनमोल हार ॥'

यहाँ प्रकृत राजाको शत्रुमारणरूप कारण जस्तै उसको कार्य शत्रु-स्त्रीहरूको आँसु पनि प्रभावातिशयको बोधक हुनाले वर्णनीय हुँदा यहाँ पनि पर्यायोक्त नै छ ।

अर्को जस्तै—

'मैयाँले न पढाउँछिन् नृप ! ममा, रानीहरू चुप्प छन्,
कुब्जा ! ख्वाउ न, मन्त्रि-राजसुतले खान्नन् कि खाना अझै ? ।
यस्तो राज-सुगा त शत्रु-गृहको पर्देशिले छोडदा
हेरी चित्र हरेकलाइ बलभी[1] रित्तो[2] रुङो भन्दछ ॥'

यहाँ 'तपाईंका विजययात्राको तयारी सुनेर शत्रुहरू एक्कासी भागे' यो कारण प्रस्तुत छ र त्यो कार्य (सुगाको त्यो बोली) पनि वर्णनीय हुनाले प्रस्तुत हुँदा यहाँ पनि पर्यायोक्त अलंकार नै छ—' । यस्तो कोही भन्दछन् ।

अरु कोही ता भन्दछन्—'अप्रस्तुत राज-सुगाका वृत्तान्तबाट कुनै प्रस्तुत-प्रभाव राजा बोधित हुने हुनाले यहाँ अप्रस्तुतप्रशंसा अलंकार नै हो –' ।

अर्थान्तरन्यास अलंकारको निरूपण—

विशेषले नै सामान्य, सामान्यैले विशेष वा ॥६१॥
यो कार्य कारणैले वा कार्यले त्यो समर्थित ॥
साधर्म्य, अन्यले[3] 'अर्थान्तरन्यास' छ अष्टधा ॥६२॥

क्रमैले उदाहरण—

'सानो पनी ठुलो काम गर्छ साथी ठुलो मिले ।
खोलो ठुलो नदी मिल्दा हेर, पौचन्छ सागर ॥'

यहाँ पूर्वार्धको अर्थ सामान्य छ, त्यस्को समर्थन उत्तराधंको विशेष घटनाको द्वारा साधर्म्यले गरिएको छ ।

'शब्दार्थ-तुल्यको यस्तो बोली बोलेर माधव[4] ।
चुप लागे, ठुला हेर स्वभावात् थोर बोल्दछन् ॥'

---

१. बुर्जा-कार्नेस । २. राजा सहित कोही नरहेको । ३. वैधर्म्यले । ४. श्रीकृष्ण ।

❀ 'पृथ्वी ! रहू स्थिर, यिनीकन धार शेष !,
हेकूर्मराज ! दुइटै यिनिलाइ थाम ।
हेदिग्गजेन्द्र ! गर तीन ति बोक्न इच्छा,
श्रीरामले शिव-धनुर्गुण[1] जोड्नुहुन्छ ॥'

यहाँ कारणभूत शिवधनु चढाउनु पृथ्वी आदिका स्थिरतादि कार्यहरूको समर्थक छ ।

'सहसा नगरोस् कुनै कुरा—' इत्यादिमा सम्पत्ति पाउनु कार्य हो, हडबड नगर्नु—विचार पूर्वक काम गर्नु उसको कारण हो । यहाँ कार्य कारणको समर्थक छ । यी सब साधर्म्यका उदाहरण हुन् ।

वैधर्म्यको उदाहरण जस्तै—

+ 'यस्तो सेवे पनो त्यो[2] त भुवनत्रय पिर्दछ ।
दुष्ट हट्छ बिगार्नाले न हट्छ उपकारले ॥'

यहाँ उत्तरार्धको सामान्य अर्थ पूर्वार्धका विशेष वाक्यार्थको समर्थक छ । 'सहसा नगरोस्—' यस श्लोकमा विना विचार काम गर्नुलाई आपत्तिको स्थान बताएको छ । त्यो द्वितीय चरणमा बताएको विरुद्ध कार्य समर्थक छ । यस्तै अरू उदाहरण पनि जान्नू ।

काव्यलिङ्ग अलंकारको निरूपण—

'काव्यलिङ्ग' छ त्यो, हेतु हुँदा वाक्य-पदार्थमा ॥

ती मध्ये वाक्यार्थगत जस्तै—

❀ 'तिम्रो नेत्रसमान-कान्ति कमल त्यो पानि भित्रै डुब्यो,
प्यारी ! त्यो मुखको समान शशि ता ती मेघले छोपियो ।
जो तिम्रो गमनानुसारि-गति हुन् ती राजहँसै गए[3],
तिम्रो साम्य-विनोद-मात्र पनि मैमा दैवले हर्दछ ॥'

यहाँ पहिलेका तीन चरणका वाक्यार्थ चौथा चरणका वाक्यार्थको हेतु छन् । पदार्थगत हेतुत्वको उदाहरण जस्तै मेरो—

❀ लक्ष्मणको उक्ति हो । १. शिवका धनुको ताँदो । + ब्रह्मा प्रति तारकासुरको उपद्रव-विषयमा बृहस्पतिको उक्ति हो । २. तारकासुर । ❀ यो वर्षाकालमा स्त्री संझने परदेशीको उक्ति हो । ३. मानसरोवर तर्फ गए ।

'त्वद्वाजिराजि-निर्धूत-धूलीपटल-पङ्किल[1] ।
गंगा नधर्छन् शिरले भारदेखी डरी शिव ॥'

यहाँ पूर्वार्धको समस्त एक पद उत्तरार्धको हेतु छ। अनेक पदगत हेतुत्वको जस्तै मेरो—

'देख्ती असंख्य-बाटोकी, त्वद्दान-जलकी[2], नदी।
राजन ! त्रिपथगा[3] आत्मा[4] छिप्छिन् श्रीउग्रमूर्धमा[5] ॥'

यहाँ कोही कार्यकारणभावमा अर्थान्तरन्यास मान्दैनन्। वाक्यार्थगत काव्यलिङ्गले नै त्यसलाई गतार्थ संझन्छन्। सो ठिक होइन। किनभने हेतु तीन प्रकारको हुन्छ—ज्ञापक, निष्पादक र समर्थक पनि। जहाँ ज्ञापक हेतु छ त्यो अनुमानालंकारको विषय, निष्पादक हेतु हुने काव्यलिङ्गालंकारको र समर्थक हेतुलाई अर्थान्तरन्यासको विषय संझनु। यसो हुनाले कार्यकारणभावको अर्थान्तरन्यास काव्यलिङ्ग भन्दा भिन्न नै हुन्छ। जस्तै—'तिम्रो नेत्रसमान-कान्ति—' यस्को चौथो चरण। यो पूर्वका तीन चरणहरूको साकांक्ष छ, ती विना त्यो असमञ्जस नै छ।

'सहसा नगरोस् कुनै कुरा–' यो श्लोकमा त
'परापकारमा[6] लाग्ने दुष्टका साथ संगति।
भन्छू तपाइँमा तत्त्व कैल्हे पनि नगर्नु है ॥'

इत्यादि वाक्यहरूमा जस्तै केवल उपदेशरूपले पनि वाक्यार्थ निषपन्न हुन सक्तछ। वाक्य निराकांक्ष छ र संपत्तिको वरण सहसा विधानाभावलाई युक्तियुक्त नै गर्दछ। यसैले कार्यकारणभावमा अर्थान्तरन्यास काव्यलिङ्ग भन्दा भिन्न नै हो।

'धर्दैनन् शिरले गङ्गा भारदेखी डरी शिव।
त्वद्वाजिराजि-निर्धूत-धूलीले छिन् हिलो उ लौ ॥'

यहाँ 'लौ' शब्दको प्रयोग गर्नाले 'हिलो' शब्दको जस्तै हेतुता स्पष्ट हुन्छ, कुनै विचित्रता रहदैन, यसैले यो अलंकार पनि यस दशामा रहन सक्तैन, विचित्रता नै अलंकार कहलाउँछ।

अनुमान अलंकारको निरूपण—

'अनुमान' छ विच्छित्त्या[7] साध्यको ज्ञान हेतुले ॥६३॥

---

१. तपाईंका घोडाका फौजले उँडाएका धुलोको थुप्रोले हिलो भएकी। २. तपाईंले दान गर्दा झरेका जलकी। ३. स्वर्ग-मर्त्य-पाताल तीन बाटो गरी हिंड्ने (भागीरथी)। ४. स्वरूप। ५. महादेवको शिरमा। ६. अरूको बिगार गर्नमा।

जस्तै—

❀ 'ठान्छू म यिन्को मन-भित्र भित्र
प्रकाशिदै छन् प्रियवक्त्र-चन्द्र[1] ।
उत्क्रान्ति-रश्मी[2] फिजिएर अङ्ग
फुस्रा र नेत्रोत्पल[3] खुंचिदै छन् ॥'

यहाँ 'वक्त्र चन्द्र' 'नेत्रोत्पल' यो रूपकले (विच्छित्ति) चमत्कार भैरहेछ ।

अथवा जस्तै—

'पर्छ जहाँ अबलाको दृष्टि तहाँ तिखा शरहरू पर्छन् ।
त्यै धनुमा शर चढाई ठान्छू तिन्कै अघो स्मर दौडन्छ ॥'

यहाँ कविको प्रौढोक्तिले चमत्कार हुन्छ । उत्प्रेक्षामा अनिश्चितरूपले प्रतीति हुन्छ, यसमा निश्चितरूपले हुने हुँदा यी दुईको भेद छ ।

हेतु अलंकारको निरूपण—

हेतुको हेतुमान् सङ्ग अभेदोक्ति त 'हेतु' हो ॥

जस्तै मेरो—'तारुण्यको विलास—' यहाँ नायिका वशीकरणको हेतु हो, उसलाई वशीकरण नै कहिदिएको छ । विलास र हासमा अभेदाध्यवसायमूलक 'हेतु अलंकार' छ ।

अनुकूल अलङ्कारको निरूपण—

'अनुकूल' प्रातिकूल्यै आनुकूल्यकरी छ ता ॥६४॥

जस्तै—

+'रिसायौ यदि तन्वङ्गी ! पारेर नङ्को खत ।
बाहुको पाशले बाँध उस्को घाटि त बेसरी ॥'

यहाँ सब अलंकारहरुको भन्दा विलक्षण चमत्कार छ, यसैले यसलाई बेगलै अलंकार मान्नु उचित छ ।

आक्षेप अलंकारको निरूपण—

विशेष-बोधका निंति कहिने इष्ट वस्तुको ॥
निषेध झैं गरी भन्नू हो 'आक्षेप' छ त्यो द्विधा ॥६५॥

---

७. अलंकारादिले गरिएको वैचित्र्यले । ❀ कुनै स्त्रीका विरहको वर्णन हो । १. पतिको मुखरूपी चन्द्रमा । २. माथीतिर आउने किरण । ३. नेत्ररूपी नीलकमल । +नायिका प्रति सखीको उक्ति हो ।

तो मध्ये वक्ष्यमाण विषयमा कहीं त सामान्यरूपले सूचित गरिएका सम्पूर्ण वस्तुको निषेध हुन्छ, कहीं एक अंश कहेर दोस्रो अंशको निषेध हुन्छ। यी दुई भेद छन्। उक्त विषयमा कहीं वस्तुका स्वरूपको निषेध हुन्छ, कहीं त्यसका कथनको हुन्छ। यी पनि दुई भेद छन्। यसरी आक्षेपका चार भेद हुन्छन्।

क्रमैले जस्तै—

'स्मर-शरशत-विधुरा,[१] सँगिनी तिन्को निंतिमा भन्दछु केहि।
क्षण थकाइ मारि, सखे! निर्दय-हृदयमा[२] भन्नु के अथवा?॥'

यहाँ सामान्यरूपले सँगिनीका विरहको वक्ष्यमाण (भनिने) विशेषरूपको विषयमा निषेध छ।

'त्वद्-विरहमा तिनीले फुल्दो नवमालिका[३] देखिन्।
खेद छ ठूलो अहिले, भोः यस्तो बोलि किन बोलौं॥'

यहाँ 'मर्नेछन्' यो वाक्यांश कहिएन।

'बालक! म दूती न हूँ, उन्को प्रिय छौ, न छ मेरो कार्य।
मर्छे उ, तिमिमा अजस, यही धर्माक्षर[४] भन्दछु म॥'

यहाँ दूतीले आफ्नू स्वरूप (वस्तु) को निषेध गरिएको छ।

'तिम्रो विरहमा तन्वी रात काटुन् कसो गरी?
दारुण-व्यवसायीको[५] अगाडी भन्नुले छ के॥'

यहाँ कहिएकै कुराको निषेध छ। पहिलो उदाहरणमा—'सगिनीको मरण अवश्यंभावी छ—' यो विशेषता प्रतीत हुन्छ। दोस्रोमा— 'बात कहन अशक्यता—' प्रतीत हुन्छ। तेस्रोमा—'दूतीको सत्यवादिता' प्रतीत हुन्छ। चौथोमा—'दुःखको आधिक्य' प्रतीत हुन्छ। यसलाई विहितको निषेध भन्न सकिन्न, किनभने यहाँ निषेध आभासित हुन्छ, वास्तविक निषेध छैन।

आक्षेप अलंकारको दोस्रो लक्षण—

अनिष्ट अर्थको त्यस्तै विध्याभास त अन्य[६] छ॥

त्यस्तै भनेको = पहिले जस्तै विशेष बोधनार्थ हो। जस्तै—

'कान्त! जाने भए जानोस् शुभ होस् मार्ग नाथको।
म पनी त्यहिं नै जन्मौं जहाँ हजुर जानु भो॥'

---

१. कामदेवका सयौं बाणले विह्वल भएकी। २. निठुरी मन भएकोलाई। ३. आधा रात बिते पछी फुल्ने वेलीको फूल। ४. यथार्थ वचन। ५. उस्को नजिक पुऱ्याउन नसकिने दृढ निश्चय गरिसकेकाको। ६. निरुक्तरूप भन्दा अर्को आक्षेप।

यहाँ नायिकालाई पतिको प्रवास जानु इष्ट छैन, यसैले गमनको विधि प्रस्खलित भएर निषेधमा विश्रान्त हुन्छ। उत्तरार्धले नायकको विरहमा उसको मरण निश्चितरूपले प्रतीत हुन्छ।

विभावना अलंकारको निरूपण—

'विभावना' विना हेतु[1] कार्योत्पत्ति जहाँ छ त्यो ॥६६॥
उक्ताऽनुक्त निमित्तत्व हुँदा हुन्छ दुई-थरी ॥

विना कारणको जो कार्यको उत्पत्ति वर्णित छ त्यहाँ कुनैनकुनै दोस्रो कारण अवश्य नै रहन्छ। त्यो कहीं उक्त रहन्छ, कहीं अनुक्त, यसरी दुई भेद हुन्छ।

जस्तै—

'अयत्नैले[2] कटी सानु, न तर्सो चलनेत्र र।
भूषा[3] विना देह राम्रो, हुन्छ स्त्रीको जवानिमा ॥'

यहाँ यी सबैको निमित्त (कारण) जवानी उक्त छ। यसै श्लोकमा 'स्त्रीको देह सुहाउँछ'—यस्तो पाठ गरेमा अनुक्त निमित्ता विभावना हुन्छ।

विशेषोक्ति अलंकारको निरूपण—

भै हेतु छ फलाभाव[4] 'विशेषोक्ति' पनि द्विधा ॥ ६७ ॥

यहाँ पनि उक्त, अनुक्त निमित्त रहन्छ। तीमध्ये उक्तनिमित्त को जस्तै—

'धनी पनि निरुन्माद, युवा पनि अचञ्चल।
स्वामी पनि अप्रमत्त, महामहिमशालि[5] हुन् ॥'

यहाँ निमित्त महामहिमशालित्व कहिएको छ। यहीं नै चारौं पाउमा 'कति छन् पृथिवीमहाँ—' यस्तो पाठ पढेमा अनुक्त निमित्त हुन्छ। अचिन्त्यनिमित्तत्व पनि अनुक्तनिमित्तको नै भेद हुनाले त्यसलाई पृथक् गरी कहिएको छैन। जस्तै—

'एकलै तीन जगत जित्छ त्यो कामदेवले।
हरले जसको देह हर्दा न हरियो बल ॥'

यहाँ शरीर हर्दा पनि बल हरण नगर्नुमा निमित्त अचिन्त्य छ। यसमा कार्याभाव कार्यविरुद्ध वस्तुको सत्ता द्वारा पनि वर्णित हुन्छ। विभावनामा पनि कारणाभाव कारणविरोधी वस्तुको सत्ता द्वारा वर्णित हुन्छ। यसो हुनाले–'कौमारीत्व हटाउने वर उही'—इत्यादि श्लोकमा उत्कण्ठाको कारणका विरोधीको वर्णन गर्नाले विभावना छ। त्यसैमा 'वर उही' भनेर उसका विरोधी वस्तुहरूको नवीन नहुनु र

१. प्रसिद्ध कारण। २. परिश्रम विना। ३. शृंगार। ४. फलाभाव-कथन। ५. अति गौरव भएका।

अनुभूत हुनु पनि वर्णन गरिएको छ र विशेषोक्ति पनि छ। यसैले यहाँ विभावना र विशेषोक्तिको संकर छ। यसको शुद्ध उदाहरण खोजनू।

विरोधालंकारको निरूपण—

जात्यादि[1]-चारले जाति, गुण तीन-गुणादिले[2], ॥
क्रिया क्रिया र द्रव्यैले, द्रव्यैले द्रव्य आपस[3] ॥ ६८ ॥
विरुद्धै यदि भासोस् यो हो 'विरोध' दशै-थरी ॥

क्रमैले उदाहरण जस्तै—

❀ 'विरह हुँदा मलय-हवा डढेलो छ, शशि-रुचि-पनि पोल्ने छन्।
अलि-रुत[4] पनि मन चिर्छ, नलिनो-दल पनि ग्रीष्म-रवि छ उन्को ॥'

+ 'सदा मुसल समातदा बहुत गृहकर्म-घटनाले[5] नृपती।
द्विजपत्नीका कठिन कर हजुर हुँदा छन् सरोज-सुकुमार ॥'

= 'अजन्मा भै जन्म लिन्छौ, निष्कर्मी शत्रु मार्दछौ।
जाग्रत् रहे पनी सुत्छौ, साराको नै अगम्य छौ ॥'

÷ 'पतिका काखको सङ्ग विना ती मृगनैनिको।
पूर्ण चन्द्र पनी खास विषज्वालाकुलै भयो ॥'

× 'नयन दुवै तृप्त गरी मानस-वृत्तिले पनि दुष्प्राप्य।
मदिराक्षीको रूप उ मन मेरो खुस, दिक पनि पार्छ ॥'

() 'त्वद्वाजिराजि—' इत्यादि।

'पतिका काखको सङ्ग—' इत्यादि श्लोकमा चारौं पाउमा 'मध्यन्दिन-रवि भयो—' यस्तो पाठ गरेमा सूर्य र चन्द्र दुई द्रव्यहरूको विरोध हुन्छ। यो 'विरह हुदा मलय-हवा—' इत्यादिमा हावा इत्यादि बहुव्यक्तिवाचक हुनाले जातिशब्द हुन् तिनको डढेलो इत्यादि सँग विरोध छ। विरह हेतुक हुनाले समाधान हुन्छ। यो 'अजन्मा भै जन्म—' इत्यादिमा गुण र क्रियाको विरोध छ, भगवान विष्णुको अचिन्त्य प्रभाव हुनाले समाधान हुन्छ। 'त्वद्वाजिराजि—' इत्यादिमा 'शिव पनि शिरले गंगा धर्दैनन्' यो क्रियाका साथ द्रव्यको विरोध छ, यहाँ कविप्रौढोक्तिले समाधान हुन्छ। अरु स्पष्ट नै छ। विभावनामा कारण नहुनाले कार्य नै वाध्य प्रतीत हुन्छ,

---

१. जाति-गुण-क्रिया-द्रव्यले। २. गुण-क्रिया-द्रव्यले। ३. परस्पर। ❀ विरह० इत्यादिका ४ पाउले जात्यादि ४ को विरोध छ। ४. भमराको गुन्जन। + सदा० यस्मा गुणसँग गुणको विरोध। ५. घरको कामकाज गर्नाले। = अजन्मा० यस्मा गुणको क्रियासँग विरोध। ÷ पतिका० यहाँ गुणको द्रव्यका साथ विरोध। × नयन० यस्मा क्रियाको क्रियासँग विरोध। () त्वद्वाजि० यहाँ क्रियाको द्रव्यसित विरोध।

विशेषोक्तिमा कार्य नहुनाले कारण नै वाध्य प्रतीत हुन्छ। परन्तु यहाँ परस्पर दुवैको वाध्यता प्रतीत हुन्छ।

असंगति अलंकारको निरूपण—

कार्य-करणको भिन्न ठाऊँ हुनु 'असंगति'॥ ६९॥

जस्तै—

※ 'ती बाला, मन-मूढ[1] हामि सब छौं, छन् स्त्री उ, छौं कातर,
ती पीनोन्नतिमान्[2] पयोधर दुई धर्छिन्, दुखी हामि छौं।
पक्रिन्छिन् तिनि ता ठुलो जघनले, हामी न चल्ने भयौं,
अर्काका यिनि दोषले अचतुरा[3] बन्छौं, छ यो अद्भुत॥'

यो विरोधालंकारको अपवाद छ। एक ठाउँमा रहेका वस्तुहरूको जहाँ विरोध छ त्यहाँ विरोधालंकार हुन्छ, भिन्न ठाउँमा रहेकाको विरोधमा असंगति नै हुन्छ।

विषम अलंकारको निरूपण—

गुण क्रिया वा यदि हुन् विरुद्धै हेतु-कार्यका॥
आरब्धको वा वैकल्य[4], अनर्थै पनि आउँदा॥ ७०॥
विरूपको[5] संघटना[6] पनी 'विषम' हुन्छ यो॥

क्रमैले उदाहरण जस्तै—

'पाई करस्पर्श तुरुन्त जस्को लडाइँमा छक् छ[7] तमाल-नीला[8]।
त्यो खड्गलेखा[9] शरदिन्दु-पाण्डु, त्रिलोकको भूषण, कीर्ति दिन्छ॥'

यहाँ—'कारणका गुण कार्यका गुणहरूलाई उत्पन्न गर्छन्—' भन्ने यस्तो नियम छ, परन्तु यहाँ कालो तरबारबाट सेतो कीर्ति विरुद्ध गुण उत्पन्न भैरहेछ।

'अतिशय आनन्द यस्तो कुवलयदल-लोचने! तिमी दिन्छयौ।
तिमिले जन्माइ विरह मेरो तपाउँछ शरीर अति॥'

यहाँ आनन्द दिने कारणबाट सन्तापदायी कार्य (विरह) को उत्पत्ति छ।

'यो रत्नाकर[10] अम्भोधि ठानी सेवें धनाशया।
धन टाढै रहोस् वक्त्र नुनिलो पानिले भर्‍यो॥'

※ नायिका नपाउने दुःखीको दोस्त प्रति उक्ति हो। १. अज्ञानी। २. पुष्ट र उच्चा। ३. लाटा। ४. इष्टफल नपाउनु। ५. एक वस्तुमा अत्यन्तै असंभवको। ६. मेलन। ७. आश्चर्य छ। ८. तमालका पात झैं नीलो। ९. तरबारको चिह्नले। १०. रत्नको खानी।

यहाँ केवल धनाशाको मात्र नाश भएन, झन् उल्टो मुखमा नुनिलो पानी भरिनाले केही अनर्थ पनि भयो।

'वन वल्कल पैह्रने कहाँ छ कहाँ श्री त महेन्द्र-वन्दित।
उलटो चलने विधातृको अह! यो दुःखद नै चरित्र छ॥'

यहाँ वन र राजलक्ष्मी यी दुवै विरूप पदार्थहरूको योजना भएको छ। यो मेरो हो।

अथवा जस्तै—

'जुन कृष्णको अतिठुलो सुकुक्षिले[1]
भुवनत्रयै प्रलयकालमा पियो।
उहि पौरका[2] युवतिले त पीइए
मद-लट्ठ, अर्ध, शुभनेत्र, एकले॥'

सम अलंकारको निरूपण—

'सम' हो तुल्यताबाट सन्हानी योग्य वस्तुको॥ ७१॥

जस्तै—

'शरद-ऋतु-शशीमा[3] चन्द्रिका यी जुटीछन्,
जलनिधि गुणिमा नै जह्नुकन्या[4] पुगीछन्।
त्यहिं यसरि गुणीको योगमा हर्ष खोले
नृपति-सुनिनसक्नू लोकले बोलि बोले॥'

विचित्र अलंकारको निरूपण—

'विचित्र' हो विरुद्धैको[5] कृति इष्टफलार्थ भै॥

जस्तै—

'नुहुँदछ उन्नति-निंति[6], छोड्दछ जीवनै बाँचन-निंति।
गर्दछ दुःख सुख-निंति मूर्ख छ को लौ सेवक-भन्दा॥'

अधिक अलंकारको निरूपण—

आश्रया-,ऽऽश्रयिमा एक बढी 'अधिक' हुन्छ त्यो॥७२॥

---

१. पेटले। २. सहरिया। ३. शरत्कालको चन्द्रमामा। ४. जाह्नवी (भागीरथी)। ५. इष्ट विरुद्धैको। ६. ठुलो हुनको लागि।

आश्रय अधिक भएमा जस्तै—

'के अधिक भनौं महिमा यी जलनिधिको जस्मा त भगवान ।
नजानिएरै[1] सुत्छन् पेटैमा राखी भुवनहरू ॥'

आश्रितका अधिकताको जस्तै—

❀ 'युगान्तमा प्राणि सबै अटाउने मुरारिका देहमहाँ जगत् सब ।
विकाश हुन्थे त्यसमा न ता अटे तपोधनाभ्यागममा[2] हुने खुसी ॥

अन्योन्य अलंकारको निरूपण—

'अन्योन्य' दुईकै एक-क्रिया हुनु छ आफुस ॥

जस्तै—

तिमीले शुभ्दछिन् तन्वी उन्ले शुभ्छौ तिमी पनि ।
रात्रिले शुभदछन् चन्द्र चन्द्रैले रात्रि शुभदछ ॥'

विशेष अलंकारको निरूपण—

आधेय होस् अनाधार, एउटै धेरमा रहोस्, ॥ ७३ ॥
यद्वा कुनै कार्य गर्दा अशक्य अरु कार्यको ॥
दैवात् सिद्धि सवस्, यो हो 'विशेष' यसरी त्रिधा ॥७४॥

क्रमैले जस्तै—

'स्वर्ग गए पनि जसका आकल्पै[3] अनन्यगुण[4] वाणीले ।
रमाउँछन् जगतलाई किन छैनन् ती कविहरू वन्द्य[5] ? ॥'

'नदी-किनार, वनमा, गुफामा गिरिको पनि ।
यौटै तिमीलाइ रिपु देख्छन् सामू यमै-सरी ॥'

❀ गृहिणी र अमात्य, सङ्गिनी, प्रियशिष्या सकला, विनोदिनी ।
तिमिलाइ हरेर मृत्युले हरनू बाँकि छ के ? सबै चले ॥'

---

१. समुद्रको एक छेउमा सुतेकोले त्यहाँ रहने अरु जलजन्तुले थाहा नपाईकनै । ❀ नारद ऋषि आउँदा श्रीकृष्णका हर्षातिशयको वर्णन । २. मुनिको आगमनमा । ३. प्रलयकालसम्म । ४. अलौकिक गुण भएका । ५. नमस्कार गरिने । ❀ इन्दुमतीको देहान्तमा अजराजाको विलाप हो ।

व्याघात अलंकारको निरूपण—

'व्याघात' हो कुनैबाट जेले वस्तु जसो गायो ॥
त्यही उपायले अर्को अर्कैं गर्दछ ता यदि ॥ ७४ ॥

जस्तै—'दृष्टिले दग्ध कन्दर्प'—इत्यादि ।

सौकर्यले[1] कार्यलाई उल्टनू[2] पनि हो त्यही ॥

'यहीं बस्नू प्यारी ! म त अतिछिटो क्यै दिनमहाँ
फिरौंला, प्यारी छौ मृदु नसकदी दुःख सहन ।
मृदुत्वै हो हेतू हजुर सँग जानै बढि ममा,
न मृद्वीले[3] सक्ली विरहकृत त्यो खेद सहन ॥

यहाँ नायकले नायिकाको सुकुमारतालाई सँग नजानाको हेतु बताएको थियो परन्तु नायिकाले त्यसैलाई अत्यन्तै सुगमताका साथ जानाको नै हेतु बनाई दिइन् ।

कारणमाला अलंकारको निरूपण—

उत्तरोत्तरमा हेतु छ जहा पूर्वपूर्वको ॥ ७६ ॥
त्यो ता 'कारणमाला' हो

जस्तै—

'विद्वान्को सङ्गले शास्त्र, शास्त्रले हुन्छ नम्रता ।
नम्रताले लोक-राग[4], हुन्न के लोक-रागले ॥'

मालादीपक अलंकारको निरूपण—

'मालादीपक' हो उ त ॥
उत्तरोत्तर सम्बन्ध धर्मीको, एकधर्मले ॥ ७७ ॥

जस्तै—

'तिमी लडाइँमा पुग्दा धनुले शर पाइए ।
तिन्ले शत्रु-शिरै, उस्ले भू[5], उस्ले तिमि,ले[6] यश ॥'

यहाँ प्राप्त गर्नु धर्म हो, त्यो सबमा छ ।

एकावली अलंकारको निरूपण—

पूर्वपूर्व प्रति विशेषणत्वैले पछीपछी ॥
राखिन्छ वा हटाइन्छ यो हो 'एकावली द्विधा ॥ ७८ ॥

---

१. राम्रो तवरसँग । २. विपरीत पार्नु । ३. सुकुमार शरीर भएकीले । ४. लोकको प्रेम । ५. पृथिवी । ६. तिमि = ले (तिमी र तिमीले) ।

क्रमैले उदाहरण जस्तै—

'तलाउ पद्म-फुलदो छ, पद्म ता भृङ्ग-युक्त छ।
भृङ्ग जस्मा गान गर्छन्, गाना कामोदयी[1] छ लौ ॥'

'जलै न हो त्यो न जहाँ छ पङ्कज,
न पङ्कजै हो न जहाँ छ षट्पद[2]।
न षट्पदै हो उ मिठो न गूँज्छ जो,
न गुञ्जितै हो उ न हर्छ जो मन ॥'

कहीं विशेष्य पनि उत्तरोत्तर विशेषणको रूपमा स्थापित र अपोहित[3] हुन्छ।

जस्तै—

'तलाउ हुन्छन् विमल, फुल्छन् तलाउमा धेर कमल।
कमलमा झुम्छन् भ्रमर, हुन्छन् भ्रमरमा सङ्गीत ॥'

यस्तै अपोहनमा पनि जान्नू।

सार अलंकारको निरूपण—

वस्तुको हुनु उत्कर्ष उत्तरोत्तर 'सार' हो ॥

जस्तै—

'राज्यमा सार छ भूमि, भूमिमा सहर, सहरमा भवन।
भवनमा तल्प[4], तल्पमा वराङ्गना[5] काम-सर्वस्व[6] ॥'

यथासंख्य अलंकारको निरूपण—

उद्दिष्टको[7] क्रमैले[8] हो 'यथासंख्य' बताउनु ॥ ७६ ॥

जस्तै—

फुल्छन्[9] काट नखाग्रले, वहदछन्[10] पट्टा लिई ढाक लौ,
क्रीडा-जङ्गल पस्तछन्[11] चुरि-अबाजैले हटाऊ, भनी।
यस्तो बञ्जुल-दक्षिणानिल-कुहूकण्ठादि सांकेतिक[12]
बोली छन् सँगिहे! तपाईं नहुँदा तत्-सङ्गिका[13] आफसी ॥'

---

१. कामदेव उब्जाउने। २. भमरा। ३. निषेध गरिएको। ४. राम्रो बिछयौना। ५. मनोहर स्त्री। ६. कामदेवको सर्वस्वस्वरूप। ७. पहिले कहिएका अर्थको। ८. पछी कहिएका अर्थमा क्रमैसँग। ९. बञ्जुल फुल्छन्। १०. दक्षिणानिल वहदछन्। ११. कुहूकण्ठादि क्रीडाजंगल परतछन्। १२. संकेतले बुझनुपर्ने। १३. तिन्की सगिनीका।

पर्याय अलंकारको निरूपण —

कहीं एक अनेकैमा, अनेकै एकमा कहीं ॥
छ वा गरिन्छ क्रमले त्यो हो 'पर्याय' भन्दछन् ॥८०॥

क्रमैले जस्तै—

* 'क्षणै परेला-बिच, ओठमा, अनी
खसेर उच्च-स्तनमा धुलो बनो ।
अडी उमाका वलिमा[1], ढिलो पुगे
सुनाभिमा, ती प्रथमोद-बिन्दु[2] ली ॥'

'राजन् ! विलासिनी घुम्थे जस्मा श्रोणिभरालस[3] ।
श्याल, ब्वाँसा, काग तहाँ दौडन्छन् शत्रु-पूर्महाँ[4] ॥'

'रङाउने ओठ, स्तनाङ्ग-लेपने,
उता भकुण्डो-तिरबाट रोकिने ।
कुशादि ली घाउ हुने, त्यही कर
गरिन् सुरागी[5] अब अक्ष-सूत्रमा[6] ॥'

'राखे तिम्रा रिपु-स्त्रीले जुन्मा मौक्तिक हार नै ।
तिनै स्तनमहाँ ठूला अश्रुका बिन्दु राख्तछन् ॥'

यिनमा आधार कहीं संहत (मिलित) रूप र कहीं असंहत हुन्छ । कहीं आधेय पनि । जस्तै—'क्षणै परेला-बिच–' यसमा जलबिन्दु क्रमैले अमिलित आधार परेला आदिमा रहेका छन् । 'राजन् विलासिनी–'यसमा मिलित आधार सहरमा आधेय (रहने) श्याल आदि क्रमैले रहेका छन् । यस्तै अरु पनि । यहाँ एक वस्तु अनेकमा क्रमैले जान्छ, एकै समयमा होइन, यसैले यस्को विशेषालंकारसँग भेद छ । बदलिने नहुनाले परिवृत्ति सँग पनि भेद छ ।

परिवृत्ति अलंकारको निरूपण—

'परिवृत्ति' लिनू साटो वढी, सम र कम्तिले (छ) ॥

क्रमैले उदाहरण—

'दिई कटाक्ष कान्ताले मेरो हृदय नै लिइन् ।
मैले त दी हृदय नै मदनज्वर[7] पो लिएँ ॥

---

* पार्वतीका ध्यानावस्थाको वर्णन हो । १. त्रिबलीमा । २. पहिले परेका पानीका बूँदहरू । ३. नितम्बको बोझले अल्सी भएका । ४. शत्रुका सहरमा । ५. राम्रो प्रेम लिएको । ६. जपमालामा । ७. कामज्वर ।

यहाँ पूर्वार्धमा समानका साथ, उत्तरार्धमा कम्तीका साथ सट्टा छ।

'स्वर्गगामि र बुढा, जटायुको निम्तिमा छ अब शोच्नु के यहाँ।
जीर्ण-देह गरि खर्च जौनले कीर्ति इन्दु-कर-झैं सफा लिए॥'

यहाँ अधिक गुण भएको कीर्तिसँग साटफेर छ।

परिसंख्या अलंकारको निरूपण—

कहेका वस्तुको प्रश्न, अप्रश्नैबाट वा कुनै ॥८१॥
त्यस्को अर्को निषेधै भो शब्द वा आर्थ नै भने॥
'परिसंख्या' (छ)

क्रमैले उदाहरण—

'के लोकमा छ गहना? यश, हैन रत्न,
के गर्नु? आर्यकृत धर्म, न गर्नु पाप।
के नेत्र हो? न रुकने मति, हैन नेत्र,
को बुझ्छ सत्-असत-तत्त्व? अरू, तिमी न॥'

यहाँ पहिले प्रश्न गरेर यशलाई भूषण बताई उसबाट अरु रत्नादिलाई शब्द-बाट नै व्यवच्छेद गरिदिएको छ।

'सदा आराध्य के? पुराय, सेव्य के छ? सदागम[1]।
के ध्यानयोग्य हो? विष्णु, के काम्य छ? परंपद॥'

यहाँ पुण्यादिशब्दहरूको व्यवच्छेद्य पापादिक अर्थ सिद्ध छन्। यसमा पनि प्रश्नपूर्वक वाक्य छ। अप्रश्नपूर्वककोमा जस्तै—

'भक्ति हरमा न घरमा, लत शास्त्रमा न युवति-कामास्त्रमा।
चिन्ता यशमा न तनमा, प्रायश देखिन्छ ठुलाको॥'

यहाँ प्रश्न छैन। अरुको व्यवच्छेद अर्थ छ।

'बल आर्त्तभयोपशान्तिमा, बुधको ज्ञानमहाँ बहुश्रुत।
धन ती प्रभुको[2] न खालि भो, गुणवत्ता पनि भो परार्थमा॥'

यो अलङ्कार श्लेषमूलक रहेमा विचित्रता अधिक रहन्छ। जस्तै—'जगत्लाई जितेर पृथ्वीको पालन गर्ने जुन राजाको समयमा तसवीरहरूमा नै वर्णहरूको साङ्कर्य (मिलान) र धनुहरूमा नै गुण (ताँदो) हरूको विच्छेद हुन्थ्यो—'। यहाँ वर्णशब्दले (ब्राह्मणादि जात र सेतो आदि रङ्ग) छन्। गुण = धागो र गुण (दयादाक्षिण्यादि) हुन्।

१. सत्-शास्त्र। २. राजा दशरथको।

उत्तर अलंकारको निरूपण—

उत्तरैले प्रश्नोहा[1] हुनु 'उत्तर' ॥ ८२ ॥
हो, धेरै वा असम्भाव्य उत्तरा हुनु प्रश्नमा ॥

जस्तै मेरो—

'सासू हेर्नै रुचाउन्नन्, गए स्वामी त दूरमा ।
यहाँ बाला एकली छु तिमी बस्छौ कसो गरी ? ॥'

यो उत्तरले परदेशीले बास मागेको प्रश्नको प्रतीति हुन्छ ।

'के विषम हो ? दैवगति, के मिल्न योग्य छ ? जन गुणग्राही ।
के सौख्य हो ? सुभार्या, के दुर्ग्राह्य हो ? मूर्ख जन ॥'

यहाँ अरु हटाउनमा तात्पर्य रहँदैन, यही यसको परिसंख्यासित भिन्नता छ । यसलाई अनुमान पनि भन्न सकिँदैन, किनभने उसमा साध्य र साधन दुवैको निर्देश रहन्छ । यो काव्यलिङ्ग पनि होइन—कारण यहाँ उत्तरा, प्रश्नको उत्पादक हेतु छैन ।

अर्थापत्ति अलंकारको निरूपण—

'अर्थापत्ति' छ दण्डापूपिकाले बुझिनु अरू ॥ ८३ ॥

कसैले भन्यो—'मूसाले लौरो खाएछ—' यसबाट यो कुरा पनि आयो—तेस लौरोमा बाधेको मालपुवा पनि उसले खाएछ । यही तुल्यन्यायले जहाँ अर्थान्तरको अर्थबलबाट सिद्धि हुन्छ, त्यस्लाई 'दण्डापूपिका न्याय' भन्दछन् । यसमा कहीं प्रकृत अर्थबाट अप्रकृत अर्थको प्रतीति हुन्छ, कहीं अप्रकृतबाट प्रकृतको हुन्छ, यसैले दुई भेद हुन्छन् ।

क्रमैले उदाहरण जस्तै—

'हार यो हरिणाक्षीको स्तनमा लुट्पुटाउँछ ।
मुक्तैको[2] पनि यो चाला, के हामी स्मर-किंकर[3] ? ॥'
'अज आँसु खसालि बर्बरी रुनथाले निज-धीरता हरी ।
'पगलन्छ फलाम लौ पुरा अतिसन्तप्त[4] मनुष्य के कुरा ? ॥'

यी उदाहरणमा मुक्तहरुको वशीभूत हुनु र फलाम तातेपछि नरम हुनु अर्थापन्न छ । यहाँ श्लेष हुनाले चमत्कार विशेष हुन्छ । जस्तै—'हार यो हरिणाक्षीको'—इत्यादिमा । यो अनुमान होइन । किनभने तुल्यन्याय हेतुरूप (व्याप्तिरूप) हुँदैन ।

---

१. प्रश्नको कल्पना । २. मुक्त हुनेको र मोतीको । ३. कामदेवका नोकर । ४. ज्यादै सन्ताप लिने र ज्यादै तातेको ।

विकल्प अलंकारको निरूपण—

'विकल्प' तुल्यबलमा विरोध चतुऱ्याइँको (हो) ॥

जस्तै—'शिर निहुराऊ या धनु निहुराऊ, मेरो आज्ञालाई कानमा चढाऊ या ताँदो चढाऊ—'। यहाँ शिर निहुराउनु सन्धि गर्नुको उपलक्षण छ र धनु निहुराउनु लडाईंको। यी दुवै एक समयमा हुन सक्तैनन्, यसैले विरोध छ। त्यसको पर्यवसान एक पक्षको आश्रय गर भन्ने तात्पर्य छ। स्पर्धाले गर्दा वक्तालाई शत्रुको शिरोनमन र धनुर्नमन यी दुवैको संभावना छ र यिनको तुल्यबलत्व छ। यस अलंकारमा उपमागर्भितः निर्देश गर्नामा नै चातुर्य हुन्छ। यस्तै—'कानमा चढाऊ—'इत्यादिमा पनि जान्नु। यसै गरी—

'तिम्रो[1] नेत्र गरुन्[2] भवार्ति-शमन श्रीविष्णुको मूर्ति[3] वा।'

यो श्लोकमा श्लेषले गर्दा चारुता छ। (यहाँ लिङ्गश्लेष र वचनश्लेष पनि छ)।

'देऊ आर्जित त्यो वित्त देव वा द्विजलाइ नै।'

यहाँ चारुता नहुनाले अलंकार पनि छैन।

समुच्चय अलंकारको निरूपण—

'समुच्चय' छ यौटा नै कार्यसाधक भै पनि ॥ ८४ ॥
'खले कपोतन्यायेन' अरू त्यै गरने भए ॥
गुण, क्रिया दुवै साथै हुँदामा वा पृथक् हुँदा ॥ ८५ ॥

जस्तै मेरो—

'भाई, धीर-समीर[4] ! हाय !! जनु[5] भो त्यो चन्दनाद्रीमहाँ[6],
दाक्षिण्यै[7] छ अलौकिकी, परिचयै गोदावरो-वारिले,।
प्रत्यङ्गै तिमि पोल्दछौ यदि ममा बढ्दो डढेलो-सरी
मातेको, मलिनात्म[8], यो वनचरो[9], गर्ला कसो कोइली ? ॥'

यहाँ पोल्नू (दाह) मा एउटा चन्दनाचलरूप कारण रहेमा पनि दाक्षिण्यादि अरू हेतुहरूको उपादान गरिएको छ। यहाँ पहिलेका तीन चरणहरूमा सबै हेतुहरू राम्रा हुनाले सद्योग छ, त्यहीं चतुर्थ चरणमा असद्योग छ।

---

१. दुई नेत्र। २. गरून् (कुरुताम्) एक वा द्विवचन। ३. एक मूर्ति। ४. हे मन्द हावा। ५. जन्म। ६. शीतल शीखण्डको पर्वत। ७. चतुरता वा दक्षिणमा हुनु। ८. कालो शरीर भएको। ९. जङ्गली चरो।

सत्-असत् योगको जस्तै—

'शशी दिवसले धिमा[1], गलितयौवना कामुकी,
तलाउ गतपद्मको, मुख अनक्षरी[2] मूर्तिको[3], ।
धनै बटुलने प्रभू, सतत दुर्गती[4] सज्जन,
नृपाङ्गन-हुने[5] मुढो[6], यति त घोप्तछन् यो मन ।।'

यहाँ कोही भन्दछन्—'शशी आदि शोभन र खल अशोभन हुँदा यहाँ सद्-असद्-योग छ'। अरू भन्दछन्—'शशी आदि स्वयम् शोभन छन्, तर धूसरत्वादि अशोभन हुनाले यहाँ सदसद्योग छ'—यहाँ शशी आदिमा धिमा (फुस्रो) आदि अत्यन्त अशोभन छन्—यही वैचित्र्यविशेष यहाँ चमत्कारी छ र अन्त्यमा सात चिज काँढा बताएर उपसंहार गरिएको छ, यसैले प्रत्येकमा सत् र असत्‌को मान्नुपर्दछ। 'नृपाङ्गन हुने मुढो—' इत्यादि अंश 'भग्नप्रक्रम' नामक दोषको प्रयोजक छ। अरू सबमा विशेष्य असल र विशेषण खराब छ, किन्तु यहाँ विशेष्य (मुढो) नै खराब भै रहेछ। जस्तै खलोमा परेवाहरू एकदम झर्दछन् त्यस्तै यहाँ सब कारण एकै चोटी कार्यक्षेत्रमा उत्रन्छन्; परन्तु समाधि अलंकारमा एक कार्यमा पर्याप्तरूपले कार्यसाधक एक हेतु हुँदामा पनि अकस्मात् दोस्रो आई पर्दछ, यही यिनको भेद छ।

'तरुणि ! नजर लाल छन् तिम्रा, पतिको मुख पनि छ मलिन् ।
मुख नम्र छ सखि ! तिम्रो, पतिको भित्रै बलेछ कामाग्नि ।।'

यहाँ पूर्वार्धमा लालिमा र मलिनतारूप गुणहरूको यौगपद्य (सँगै) छ र उत्तरार्धमा नम्रता (ज्वलनरूप क्रियाहरूको) एककालिकता छ।

दुवैका एककालिकताको जस्तै—

'प्रभुको अरिमा भयो अकस्मात्-
धमिलो[7], श्वेत सरोज-तुल्य नेत्र ।
नृपतीन्द्र ! पऱ्यो पनि तिनैका
तनुमा स्पष्ट विपत्तिको कटाक्ष ।।'
'असी पनी हान्छ फिजार्छ कीर्ति ।'

इत्यादिमा एक अधिकरणमा पनि समुच्चय देखिन्छ। यहाँ दीपक होइन, किनभने उसमा अतिशयोक्ति मूलमा रहेको हुँदैन; किन्तु यहाँ गुण क्रियाका यौगपद्यमा कार्यकारणको पौर्वापर्य उल्टो पाल्टो रहन्छ, यसैले समुच्चयका यी भेदहरूमा अतिशयोक्ति अवश्य रहन्छ।

---

१. फुस्रो। २. बोली नभएको। ३. राम्रो आकारको। ४. दुःख पाएको। ५. राजाको पटांगिनीमा हुने। ६. मूर्ख। ७. रीसले धमिलिएको।

समाधि अलंकारको निरूपण—

'समाधि' कार्य सुकर दैवात् नै आइपर्नु हो ॥

जस्तै—

'मान[1] उन्को फेर्नलाई म पाऊ-पर्न लागदा ।
दैवले उपकारार्थ गर्‍यो यो घन-गर्जित ॥'

प्रत्यनीक अलंकारको निरूपण—

'प्रत्यनीक' छ वैरीको प्रतीकार अशक्तले ॥ ८६ ॥
तत्-सम्बन्धी तिरस्कार गर्दा उत्कर्ष झन् हुनु ॥

तत्-सम्बन्धी = त्यही वैरीको सम्बन्धी कुनै कुरा । जस्तै मेरो—

'बारुले-कट्टिकी तिन्ले मेरो कट्टि जितिन् भनी ।
सिंह फोर्छं हस्ति-कुम्भ[2] तिन्कै स्तन समानका ॥'

प्रतीप अलंकारको निरूपण—

प्रसिद्ध उपमानैको उपमेय बनाउनू ॥ ८७ ॥
यद्वा गर्नू निष्फल नै 'प्रतीप' भनि भन्दछन् ॥

क्रमैले जस्तै—'तिम्रो नेत्रसमान-कान्ति कमल त्यो पानिमा नै डुब्यो-' इत्यादि ।

'त्यो वक्त्रै यदि होस् त के शशि-कथा ?, हा हेम ! त्यो कान्ति के ?,
होस् आँखा यदि पन्छियोस् कमलले, होस् हास्य त्यो के सुधा ? ।
धिक् कन्दर्प-धनू भुइँ यदि रहुन् तिम्रा, बढी के भनौं ?,
साच्ची नै पुनरुक्त-वस्तु-विमुखी[3] ब्रह्माजिको सृष्टि छ ॥'

यहाँ वक्त्रादि उपमानरूपहरूले नै प्रसिद्ध चन्द्रादिको निष्फलता बताएको छ ।

उत्कृष्ट वस्तुको ज्यादै उत्कर्ष कहि, तेसकै ॥ ८८ ॥
उपमानत्वमा, कोही 'प्रतीप' भनि मान्दछन् ॥

जस्तै—

छु म नै गुरु उग्र-घातकीको
भनि हालाहल, बाबु ! सेखि छोड ।

१. अभिमान । २. हात्तीको गण्डस्थल । ३. दोस्रो पटक कहिने चिज नभएको ।

अरु ती तिमि-तुल्य धेर नै छन्
भुवनैमा यहि बोलि दुर्जनैका ॥'

यहाँ प्रथम चरणमा हालाहलको उत्कर्ष कही त्यसैलाई फेरी दुर्जनका वचनको उपमान गरिएको छ। उत्कर्ष न कहेमा यो अलङ्कार हुँदैन। जस्तै—'ब्राह्मण ब्रह्म नै भन्दछ—' इत्यादि।

मीलित अलंकारको निरूपण—

'मीलित' वस्तु नै छिपनु हो कुनै तुल्य-चिह्नले ॥ ८९ ॥

यसमा तुल्यलक्षण वस्तु कहीं स्वाभाविक हुन्छ औ कहीं वाहिरवाट आएको हुन्छ। क्रमैले जस्तै--

'लक्ष्मी-वक्षोज-कस्तूरी-चिह्न[1] श्रीहरि-वक्षमा ।
नीलोत्पलाभा[2] कान्तीले छोप्ता वाणी[3] नदेख्तथिन् ॥'

यहाँ भगवानको श्याम कान्ति स्वाभाविक छ।

'सदैव राता मणि-कुण्डलैका जस्मा प्रभाले सब लाल पारी ।
रिसाइ राता पनि कामिनीका मुखै युवामा शक[4] नै नगर्थे ॥'

यहाँ मणिकुण्डलहरुको लालिमा मुखमा हुनु आगन्तुक हो।

सामान्य अलंकारको निरूपण—

'सामान्य' हो प्रस्तुतको अन्य-साम्य, गुणादिले ॥

जस्तै--

'चुल्ठीमा मल्लिका पैन्ही सफा चन्दन लेपने ।
अभिसारी सुखे-जान्छन् नचिह्नी चन्द्रिकामहाँ ॥'

मीलितमा उत्कृष्ट गुण भएको वस्तुमा निकृष्ट (कम) गुण भएको वस्तु छिप्तछ, यसमा दुवै वस्तुहरुको समान गुण हुनाले तिनको भेद प्रतीत हुदैन।

तद्‌गुण अलंकारको निरूपण—

स्वगुण त्यागि उत्कृष्ट-गुणग्रह छ 'तग्दुण' ॥ ९० ॥

---

१. लक्ष्मीका स्तनमा घसेका कस्तूरीको चिह्न। २. नीलकमलको कान्ति भएको। ३. सरस्वती। ४. शंका।

जस्तै—

'ती[1] बोले वदनच्छद्म-पद्म-पर्यन्त[2] झूमने ।
पारी भ्रमरमा श्वैत्य[3], खुलेका दन्त-अंशुले[4] ॥'

मीलितमा प्रकृत वस्तुको अरू वस्तुले आच्छादन हुन्छ, किन्तु यहाँ दोस्रो वस्तुको गुणले प्रकृत वस्तु आक्रान्त प्रतीत हुन्छ, वस्तुले हुँदैन र यही भेद छ ।

'तद्रूप' अलंकारको निरूपण—

'तद्रूप' हो अन्य-गुण न लिनू हेतु भै पनि ॥

जस्तै—

'हाय ! गाढा रागले[5] नै मेरो छाती भरिन्छ लौ ।
गुण-गौर[6] ! रहेकै छौ रङ्गाउन्नौ तिमी किन ? ॥'

अथवा जस्तै—

'गाङ्ग[7] अम्बु छ सफा, छ यामुन[8] गाजलै-सरि, दुई-तिरै डुबी ।
राजहंस ! त्यहि नै छ शुभ्रता[9] बढ्छ त्यो नत कबै न घट्तछ ॥'

पहिलो श्लोकमा अतिरक्त हृदयको सम्बन्धले गुणगौर नायकको रक्त हुनु प्राप्त छ, परन्तु भएन । यसमा अप्रस्तुतप्रशंसा भएमा पनि गङ्गा यमुनाको अपेक्षा प्रस्तुत हंसको ती दुवैसँग सम्बन्ध हुँदामा पनि जस्तै रङ्ग भएन । यहाँ हेतु हुँदामा पनि गुणहरूको ग्रहण नगर्नाले विशेष चमत्कार छ र त्यही विशेषमूलक नै यो दोस्रो अलंकार हो । वर्णान्तरको उत्पत्ति नहुनाले यो विषमालंकार पनि होइन ।

सूक्ष्म अलंकारको निरूपण—

आकार वा इङ्गितले जानिने सूक्ष्म अर्थ ता ॥ ६१ ॥
भङ्गी[10] कुनैले सूचिन्छ जहाँ त्यो 'सूक्ष्म' मान्य छ ॥

सूक्ष्म = स्थूलबुद्धि भएको जनले अज्ञेय । यसमा आकारले जस्तै—

'वक्त्रस्यन्दी[11] स्वेदबिन्दूहरूले[12] कुंकुंधर्सा[13] घाँटिमा देखि कोही ।
पुंस्त्वै[14] तिन्को सूचदो संगिनी ता हाँस्तै लेख्थिन् पाणिमा खड्गचिह्न[15] ॥'

यहाँ कुनैले आकार (कुंकुंधर्सा) बाट जानिएको कसैको सूक्ष्म अर्थ (विपरीत रति) हातमा पुरुषचिह्न (खड्ग) लेखनाले सूचित गरिएको छ ।

---

१. बलराम । २. मुखको छल भएका कमलको वरिपरि । ३. सेतोपना । ४. दाँतका किरणले । ५. अनुरागले वा रङ्गले । ६. हे यशले सफेद भएका । ७ गङ्गाजीको । ८. यमुनाजीको । ९. सेतोपना । १०. रचना । ११. मुहारबाट खसेको । १२. पसिनाका थोपाले । १३. पाउडरका धारा । १४. पुरुषत्व । १५. तरबारको चिह्न ।

इङ्गितले जस्तै—

'संकेतकाल चाहेको, गुण्डो देख्ती छटेलले ।
प्रफुल्ल-नेत्रमा[1] सूच्तै लीलाकमल छोपियो[2] ॥'

यहाँ गुण्डोको आँखिभुईं इत्यादि नचाउनुरूप इङ्गित (चेष्टा) ले उस्को संकेतकाल जान्नाको इच्छा जानेर सन्ध्याकालमा हुने कमलको खुंचनुवाट त्यो सूचना गरिएको छ ।

व्याजोक्ति अलंकारको निरूपण—

'व्याजोक्ति' हो निहूँबाट छिपनू प्रकट-वस्तुको ॥ ६२ ॥

जस्तै—

'शैलेन्द्र-प्रतिदत्त[3] नौली दुलही, श्री पार्वतीको भुजा-
स्पर्शैले पुलकै[4] उठी, विधि[5] सबै चुक्ने हुँदा आकुल ।
ओः चीसो छ हिमालको कर[6] यहाँ भन्ने, बनी सस्मित[7],
शैलान्तःपुर-मातृवर्ग[8] सबले देख्ने, बचाउन् शिव ॥'

यो पहिलो अपह्नुति होइन, किनभने यहाँ विषय (उपमेय) को कथन छैन । दोस्रो अपह्नुति सँग यसको भेद त्यसैको प्रस्तावमा (पहिलो गोप्य वस्तुलाई कहेर पछि स्वयम् भन्दछ इत्यादि) बताई सकिएको छ ।

स्वभावोक्ति अलंकारको निरूपण—

'स्वभावोक्ति' दुरूहार्थ-स्व-क्रिया-रूप उक्ति हो ॥

दुरूह अर्थात् कविले मात्र जानिने जो वालक आदिका चेष्टाहरू या स्वरूपलाई वर्णन गर्नु हो ।

जस्तै मेरो—

'पुच्छैले[9] भूमि ठोकी अनि दुइ अघिका पाउले खोस्रने र
आफैंमा आँफु छिप्ती[10] द्रुत[11] गरि नभमा उफ्रने विक्रमैले ।
छोड्दै हुङ्कारघोष प्रतिदिश सब नै जन्तुमा त्रास पार्ने,
क्रोधै ली त्यो पस्यो लौ प्रतिवन[12] चितुवा लाल आँखा उठाई ॥'

---

१. खुलेका आफ्ना आँखामा । २. खुंच्याएर राखियो । ३. हिमालयले दिइएकी । ४. रोमाञ्चै । ५. शास्त्रको विधान । ६. हात । ७. मुसुक हाँसेका । ८. हिमालयराजाका अन्तःपुरका स्त्रीसमूह । ९. पुच्छरले । १०. लुकाई (सानु गराई) । ११. छिटो । १२. हरेक वनमा ।

भाविक अलंकारको निरूपण—

'भूत वा भाविको ज्यादै त्यो अद्भुत पदार्थको ॥ ९३ ॥
जस्मा प्रत्यक्ष देखे झैं भनिन्छ त्यो छ 'भाविक' ॥

जस्तै—

'योगीन्द्र[1] मुनि हुन् ठूला महात्मा कुम्भ-सम्भव[2] ।
जस्ले चुलुकमा[3] देखे दिव्य[4] ती मत्स्य, कच्छप ॥'

अथवा जस्तै—

'त्यहीं थियो गाजल यो, देख्छु तिम्रै सुनेत्रमा ।
पछी शृङ्गारले युक्त साक्षात् गर्दछ आकृति ॥'

यसलाई प्रसाद गुणको अन्तर्गत भन्न सकिन्न, किनभने भूत र भविष्यत्को प्रत्यक्षै झैं भासित हुनमा प्रसाद गुण हेतु छैन । यो अद्भुत रस पनि होइन्, कारण यो (भाविक) विस्मयको हेतु हो र अद्भुत रस विस्मयस्वरूप हुन्छ । अतिशयोक्ति पनि यो होइन, किन कि यसमा अध्यवसाय छैन । भूत र भविष्यत् वस्तु ठिक उही वास्तविकरूपमा प्रकाशित हुनाले यो भ्रान्तिमान पनि होइन । स्वभावोक्ति पनि यो होइन, त्यस्मा लौकिक सूक्ष्म स्वरुप वर्णित रहन्छ, त्यही त्यस्को स्वरूप छ, तर यसमा त वस्तुको प्रत्यक्ष हुनु विशेष छ । यदि कहीं स्वभावोक्तिमा पनि यो चमत्कार देखिन्छ ता यी दुवै (भाविक र स्वभावोक्ति) अलंकारहरूको संकर जान्नू ।

* 'अनातपत्रै[5] पनि देखिंदैछ यो
चौतर्फ ढाके-सरि आतपत्रले[6] ।
अचामरै[7] यो हमकिन्छ सर्वदा
विलासका-चामरबाट[8] को छ यो ? ॥'

यहाँ भाविक अलंकार छैन । किनभने यहाँ साक्षात् (आँखैबाट) प्रत्यक्ष भैरहेछ । वर्णनले गर्दा वस्तुको प्रत्यक्षै झैं भान हुँदामा यो अलङ्कार हुन्छ । जस्तै— 'त्यहीं थियो गाजल यो–' इत्यादि पहिले उदाहरण दिसकिएको छ ।

---

१. योगीहरुमा श्रेष्ठ । २. यज्ञको घडाबाट जन्मेका अगस्त्य । ३. आचमन निमित्त हत्केलोमा लिएको समुद्रको पानीमा । ४. विष्णुका अवतार । * सेतो छाता र नेत्रको वर्णन हो । ५. छाता नभएको पनि । ६. छाताले । ७. चमर नभएको । ८. विलासपूर्वकका परेलाका झिंक्याईबाट ।

उदात्त अलंकारको निरूपण —

लोकातिशय-सम्पत्ति बखान्नू त 'उदात्त' हो ॥ ९४ ॥
त्यो होस् प्रस्तुतको अङ्ग, महान्को वा चरित्र नै ॥

क्रमैले उदाहरण—

+ 'जस्मा सबै मेघ तलै गरेका, सेता सफा मार्बल भित्तिकाको ।
ज्योत्स्ना परेका जलले गरेर केलीवनीलाइ[१] बढाउँदैछ ॥'
'सुपद्मको आसनमा बसेका ब्रह्माजिले स्तोत्र जपी रहेका ।
युगान्तमा लोक सबै खिचेका सुत्छन् यसैमा[२] जलाशायि[३] नोका ॥'

रसवत्, प्रेय, ऊर्जस्वि, समाहित, अलंकारहरूको निरूपण —

रस, भाव, तदाभास, भावप्रशम, यी पनि ॥ ९५ ॥
गुणीभूतत्वमा पुग्दा अलंकार कहाउँछन् ॥
'रसवत्', 'प्रेय', 'ऊर्जस्वि', 'समाहित' पनी क्रमात् ॥ ९६ ॥

तदाभास=रसाभास र भावाभास हो । तिनमा रस यदि कुनैको अङ्ग भएमा रसवत् अलंकार हुन्छ, जस्तै—'यो त्यै हो रसना तान्ने—' इत्यादि । यहाँ शृङ्गार करुणको अङ्ग छ । यस्तै भाव कसैको अङ्ग भएमा प्रेय अलंकार हुन्छ । अत्यन्त प्रिय हुनाले यसलाई प्रेय भनेको हो ।

जस्तै मेरो—

'चिम्लेर नेत्र अलसी गरि नानि चाल्दी,
मत्-कण्ठबन्धन तिरै भुज सुस्त पार्दी ।
आएर धेर पसिना सब अङ्ग ढाक्ती,
तिन्लाइ संझि दिनहूँ न छ भित्र शान्ति ॥'

यहाँ स्मरणाख्य भाव विप्रलम्भ शृङ्गारको अङ्ग छ । अनौचित्य सित प्रवृत्तिमा ऊर्जस् (बलात्कार) जहाँ रहन्छ, त्यसलाई ऊर्जस्वी भन्दछन् । जस्तै—

'सारा कलामा आसक्त, निजस्त्री वनमा त्यजी ।
त्वद्वैरि-वनिता सङ्ग भिल्लले[१] रति गर्दछन् ॥'

यहाँ शृङ्गाराभास राजविषयक रतिको अङ्ग छ । यस्तै भावाभासमा पनि जान्नू । समाहित भनेको परीहार (हट्नु) हो । जस्तै—

+ नगरीको वर्णन हो । १. विहारको वनलाई । २. समुद्रमा । ३. जलमा सुकला गर्ने विष्णु । ४. कुसुन्डाले ।

'अविरल[२] करवाल-कम्प[३] र भ्रुकुटी-तर्जन, गर्जनू पनि ।
अघिको सब वैरिको मद[४] उ गयो झट्ट नृपाल-देखिदा ॥'

यहाँ मद नामक भावको प्रशम राजविषयक रतिभावको अङ्ग छ ।

भावोदय, भावसन्धि, भावमिश्र, अलंकारको निरूपण—

भावको उदय - सन्धि - मिश्रतामा छ नाम त्यै ॥

नाम त्यै=भावोदय, भावसन्धि, भावमिश्र (भावशवल) नामका अलंकार हुन्छन् भन्ने अर्थ हो । क्रमैले उदाहरण—

'रक्सी पिउन लागेका, मित्रका साथका अरि ।
सुनी त्यहीं नै त्वन्नाम[१] पौंचेथे विषमा दशा ॥'

यहाँ त्रासादि राजविषयक रतिभावका अङ्ग छन् ।

जन्मान्तरैका[२] पतिको अङ्गको सङ्ग चाहदी ।
सखी-समीप लज्जालु पालुन् श्रीपार्वती सदा ॥'

यहाँ उत्कण्ठा र लज्जाको सन्धि छ—त्यो देवताविषयक रतिको अङ्ग छ ।

'कोही देख्ला ! हट चपल हे !, के छिटो ?, हूँ कुमारी,
हस्तालम्बै[३] गर, अहह[४], भो भूल जान्छौ-कहाँछौ[५] ?,
यस्तो पृथ्वीपति, हजुरका जङ्गली[६] शत्रुका ती
कन्या, कोहीकन फल टिपी ल्याउँदी, यो कहन्छिन् ॥'

यहाँ कन्याका वाक्यहरूमा क्रमैले शंका, असूया, धैर्य, स्मरण, श्रम, दैन्य, विबोध, औत्सुक्य यी आठ भावहरूको शबलता (मिश्रण) हुन्छ । यो राजविषयक रतिभावको अङ्ग छ । यहाँ कोही भन्दछन्—'वाच्य वाचक (शब्द अर्थ) को शोभा उत्पन्न गर्ने, रसादिको उपकारक नै अलंकार हुन् । यहाँ रसादि त शब्द र अर्थका उपकार्य छन्, उपकारक होइनन्, यसैले तिनीहरू अलंकार हुन सक्तैनन्—' । अरु कोही भन्दछन्—'रसवदादिहरूलाई पनि प्रधान रसको उपकारक हुनाले अलंकार शब्दको लाक्षणिक (गौण) प्रयोग प्राचीन आचार्यहरूको प्रसिद्धिको अनुसार मान्नै पर्दछ—' । फेरी अरू भन्छन्—'खाली रसादिको उपकार गर्नाले नै प्रधान अलंकारत्व हुन्छ, रूपकादि त प्रधानतया अर्थादिका उपकार हुन्छन् र त्यै द्वारा 'अजागलस्तन-न्याय' ले अलंकार कहिएका छन्—' । प्रामाणिक आचार्यहरूको कथन छ—'अङ्गभूत

---

१. निरन्तर । २. तरवार चलाउनु । ३. आँखीभौं टेढ्याउनु । ४. घमण्ड । ५. तपाईंको नाम । ६. अघिल्लो जन्म (सतीदेवी जन्म) का । ७. हातमा समातनु । ८. अपशोच छ । ९. जान्छौ कहाँ, कहाँ छौ । १०. भागी जङ्गलमा रहेका ।

रसादि आफ्ना व्यञ्जक शब्द र अर्थबाट उपकृत भएर प्रधान रसका व्यञ्जक शब्द र अर्थहरू द्वारा नै प्रधान रसको उपकार गर्ने हुनाले मुख्य वृत्तिबाट नै उनमा अलंकार पदको प्रयोग हुन्छ। समासोक्तिमा त नायिका आदिका व्यवहारको आरोप नै अलंकार कहलाउँछ, त्यसबाट उत्पन्न हुने आस्वादलाई अलङ्कार भन्दैनन्, किनभने त्यो उक्त लक्षणको अनुसार अलंकार होइन—' यस्तो मान्दछन्। यसैले ध्वनिकारले भनेका छन्—

'मुख्य वाक्यार्थ वा अन्तै[1] जहाँ अङ्ग रसादि छन्।
त्यो काव्यमा अलंकार रसादि छ म मान्दछु ॥'

यदि रसादिको उपकार गर्नाले मात्र अलंकार हुनु मान्ने हो भने ता शब्द र अर्थ पनि अलंकार हुन जालान्। यस्तै जो कसैले भनेका थिए—'रसादिहरूको प्रधानतामा रसवदादि अलङ्कार हुन्छन् औ यदि तिनीहरू अप्रधान छन् भने दोस्रो उदात्त अलंकार हुन्छ—' त्यो मत पनि परास्त हुने भयो।

संसृष्टि र संकर अलंकारको निरूपण—

यिनै जब अलंकार मिसियुन् त परस्पर ॥ ९७ ॥
तब भिन्नै अलंकार हुन्छन् 'संसृष्टि' 'संकर' ॥

लौकिक अलंकारहरू (गहनाहरू) परस्पर मिलाउँदा जस्तो सुन्दर देखिने हुन्छन् त्यस्तै काव्यालंकारहरूमा पनि दुईको मिलानमा बेगलै सौन्दर्यका 'संसृष्टि र संकर' नामक अलंकार हुन्छन्।

ती दुई मध्ये संसृष्टि अलंकार—

'यिन्को अन्योन्य बेवास्ता गर्ने 'संसृष्टि' हो उ त ॥ ९८ ॥

यिन्को = शब्द-अर्थ-अलंकारहरूको हो। जस्तै—

'देवः पायादपायान्नः स्मेरेन्दीवरलोचनः[2]।
संसारध्वान्तविध्वंसहंसः[3] कंसनिषूदनः[4] ॥'

यहाँ 'पायादपायात' मा यमक र उत्तरार्धमा वृत्त्यनुप्रास हुँदा यी दुई शब्दालंकारको संसृष्टि छ। दोस्रो पाउमा उपमा र दोस्रो अधर्मा (संसार इत्यादिमा) रूपक हुनाले यी दुई अर्थालंकारहरूको संसृष्टि छ। यसरी यहाँ शब्दालंकार र अर्थालंकारहरूको संसृष्टि छ।

---

१. रस। २. फुलेको कमल जस्ता नेत्र भएका। ३. संसाररूपी अन्धकार नाशने सूर्य। ४. कंसलाई मार्ने। श्रीकृष्णले हामीलाई नाशबाट रक्षा गरून्।

संकर अलंकार—

अङ्गाङ्गित्वे[1], -काश्रयित्व[2], -सन्दिग्धत्व[3] हुँदा पनि ॥
ती अलंकारको, हुन्छ 'संकर' त्यो छ लौ त्रिधा ॥ ६६ ॥

अङ्गाङ्गिभावमा जस्तै—

'तान्दा[4] अतीव, खसने भुजगेन्द्र-भोग-
निर्मोक-पट्ट-निहुँ[5] पारि समुद्रको त ।
त्यो मन्थदुःख-शमनार्थ[6] सरी बनेर
मन्दाकिनी[7], वहदथिन्[8] पनि पाउ-नेर[9] ॥'

यहाँ निर्मोकपट्ट (काँचुली) को अपह्नव गरेर मन्दाकिनीको आरोप गरिएकोले अपह्नुति छ र त्यस्ले मन्दाकिनीको वास्तविक जो पाउनेर वेष्टन (समीपस्थिति) त्यही चरणमूल वेष्टन (पाउदावनु) हो, यसरी श्लेषलाई उत्थापित गर्दछ र त्यस्को अङ्ग छ । यो श्लेष पनि पादमूल वेष्टन नै चरणवेष्टन हो, यो अभेदाध्यवसायरूप अतिशयोक्तिको अङ्ग छ । यो अतिशयोक्ति 'मानौं मन्थदुःख समनार्थ' यस उत्प्रेक्षाको अङ्ग छ, यो उत्प्रेक्षाले पनि समुद्र र गंगामा पति-पत्नीको व्यवहारलाई सूचित गर्ने हुनाले समासोक्तिको अङ्ग छ । यसरी यहाँ यी अलंकारहरूको अङ्गाङ्गिभाव हुनाले संकरालंकार छ ।

अथवा जस्तै—

'अनुरागी[10] छ त्यो सन्ध्या दिवसै छ अगाडिमा ।
ओः दैवगति आश्चर्य तै पनि हुन्न संगम[11] ॥'

यहाँ समासोक्ति, विशेषोक्तिको अङ्ग छ ।

सन्देहसंकर जस्तै—

'यो लौ आकाशमा शुभ्छ गाढा-तम[12] हटाउने ।
अत्यन्त नयनानन्द गर्ने श्रीचान्द्र-मण्डल ॥'

यहाँ मुखलाई चन्द्रस्वरूपबाट अध्यवसाय गरेकोले अतिशयोक्ति हो की ?, 'यो' पदले मुखको निर्देश गरेर चन्द्रत्वको आरोप गर्नाले यहाँ रूपक हो की ?, अथवा 'यो' भनेको मुख र चन्द्र दुवै प्रकृत छन् र तिनमा एक धर्म (नयनानन्दकरत्वादि)

---

१. अङ्गाङ्गिभावमा । २. एकाश्रयमा रहदामा । ३. सन्देहमा । ४. समुद्रमन्थनको समयमा नेती बनाई देवता र दैत्यहरुले तान्दा । ५. वासुकीका शरीरको काँचुलीको छल । ६. मन्थन गर्दाका दुःखको शमनका लागि । ७. भागीरथी । ८. बग्दथिन् वा पाउ दाब्न रहन्थिन् । ९. एकछेउमा र पाउको नजीक । १०. लाल र सुरतको अभिलाषा गर्ने । ११. भेट वा रति । १२. बेसरी ढाक्ने अन्धकार र कामदेवले गरेको अज्ञान ।

को सम्बन्ध हुनाले तुल्ययोगिता हो की ?, या त चन्द्रमा अप्रकृत हुनाले दीपक हो की ?, यद्वा विशेषणको समताले गर्दा अप्रस्तुत मुख बुझिने भै समासोक्ति हो की ?, अथवा अप्रस्तुत चन्द्रमाबाट प्रस्तुत मुखको व्यन्जन हुनाले अप्रस्तुत प्रशंसा हो की ?, किंवा कामोद्दीपक समयको वर्णन चन्द्रवर्णन द्वारा गरिएकोले पर्यायोक्त हो की ?, यसरी यहाँ धेरै अलंकारहरूको सन्देह हुनाले सन्देहसंकर छ।

अथवा जस्तै—'मुखचन्द्र हेर्दछु' यहाँ मुख चन्द्रमा तुल्य छ यस्तो अर्थ छ र उपमा हो की ? अथवा मुख चन्द्र नै हो यस्तो अर्थ छ र रूपक हो ? यसरी यहाँ पनि सन्देहसंकर छ। कुनै एक पक्षको साधक या बाधक युक्ति मिल्दछ भने त सन्देह हुँदैन। जस्तै—'मुखचन्द्र चूम्दछ—' यहाँ चुम्बन मुखमा नै हुन सक्तछ र उपमाको साधक छ। चन्द्रमामा हुन सक्तैन र रूपकको बाधक छ। 'मुखचन्द्र प्रकास्त छ—' यहाँ प्रकाशनरूप धर्म चन्द्रमाभा प्रधानता सँग रहने हुँदा रूपकको साधक छ, किन्तु मुखमा पनि गौण रीतिले रहन सक्नाले उपमानको बाधक छैन।

'राजनारायण[1] तिमीलाई लक्ष्मी अँगाल्दछिन्।'

यहाँ पति सदृश पुरुषमा पतिव्रता स्त्रीको आलिङ्गन हुन सक्तैन, यसैले लक्ष्मीको आलिंगन नारायण सदृश राजामा असम्भव छ र यहाँ उपमाको बाध छ। नारायणका स्वरूपको आरोप नै यहाँ हुँदा यो रूपक हो। यस्तै—

'मुखाम्बुज[2] मृगाक्षीको[3] चललोचन शुभ्दछ।'

चंचल नेत्र मुखमा नै हुन सक्छन्, यसैले यही उपमासमास यहाँ सिद्ध हुन्छ। कमलमा नेत्र हुँदैनन्, यसैले रूपकको बाध छ। यस्तै 'सुन्दरं वदनाम्बुजम्—' इत्यादिमा साधारण धर्म (सौन्दर्य) को कथन हुनाले 'उपमितं व्याघ्रादिभिः सामान्याप्रयोगे—' यस सूत्रले उपमासमास हुन नसक्ता उपमाको बाध छ र यहाँ 'मयूरव्यंसकादयश्च' यस सूत्रले रूपकसमास नै भएको छ।

एकाश्रयानुप्रवेशको उदाहरण जस्तै मेरो—

'कटाक्षैले केही क्षण यदि उनी ईक्षण[4] गरुन्
तबै सारा ढाक्ने विषय-अतिआनन्द[5] फुरछ।
सरोमाञ्चै बढ्ने, कुच-कलशमा वस्त्र हटने,
परीरम्भारम्भै[6], कुन सदृश होला युवतिको ?॥'

यहाँ 'कटाक्षैले केही क्षण' इत्यादिमा 'क्ष' अक्षर दुईमा छेकानुप्रास र तिनीहरू सँग तेस्रो 'ईक्षण' को 'क्ष' मिलाउनाले वृत्यनुप्रास हुन्छ। यी दुवै अनुप्रास एक आश्रय 'क्ष' मा अनुप्रविष्ट छन्। यसै गरी यहाँ उत्तरार्धमा वृत्यनुप्रास र अर्थापत्ति

---

१. राजारूपी नारायण र यही नामका राजा। २. मुखरूपी कमल। ३. मृगनयनीको। ४. हेर्नु। ५. विषयको ब्रह्मानन्द। ६. अङ्कमालको आरम्भ।

अलंकारको संकर छ। अथवा जस्तै 'संसारध्वान्तविध्वंस-'यहाँ रूपक र अनुप्रास एक आश्रयमा प्रविष्ट छन्। अथवा—'कुरवका रवका' यहाँ दुई यमक छन् एक 'रवका रवका' दोस्रो 'वकार र वकार' यी दुवै समान अक्षरहरूमा प्रविष्ट छन्

अथवा जस्तै—


'नूतन-पयोधर-नील[1], पथिक-श्यामायित[2], यी दिनहरूमा ।
हड्बडिले गल खोल्ने मुजुरहरुको नर्तन हुन्छ ॥'

यहाँ—'पहिअसामाइएसु' यस प्राकृत पदलाई 'श्यामायित' अर्थ गरेमा 'क्यङ्' प्रत्ययले उपमा बोधित हुन्छ र 'पथिकसामाजिक' यो अर्थ गरेमा रूपक हुने हुनाले यहाँ दुईको संकर छ। दुवै एकाश्रयमा अनुप्रविष्ट छन्।

श्रीचन्द्रशेखर - महाकविचन्द्र - सूनु -
श्रीविश्वनाथ-कविराजकृत-प्रबन्ध ।
'साहित्यदर्पण'[3] यही बुधवर्ग हेरी
साहित्य तत्व[4] सब नै सुख-साथ जानून् ॥१००॥
'जहाँतकै चन्द्रसमानना[5] श्री[6]
श्रीविष्णुको अङ्ग सिंगार गर्छिन् ।
तहाँतकै सत्कवि - मोदकारी प्रबन्ध
यो होस् भुवन - प्रसिद्ध ॥१०१॥

इति आलंकारिकचक्रवर्ति-सान्धिविग्रहिक महापात्र-
श्रीविश्वनाथ कविराजकृत- साहित्यदर्पणको
छायानुवादमा

दशम परिच्छेद ।



१. नयाँ मेघले नीलो भएको। २. बटुवालाई नीलो जस्तो पार्ने। ३. साहित्यको ऐना जस्तो। ४. सार। ५. चन्द्रसमान आह्लादकारी मुख भएकी। ६. लक्ष्मी।


रायल नेपाल एकेडेमी